गण्डकी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा
प्रस्तुत

# प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव प्रतिवेदन

# २०८२

प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति

जेठ २०८२

कास्की, पोखरा

**गण्डकी प्रदेश**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा**
**प्रस्तुत**

# प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव प्रतिवेदन

# २०८२

प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति

जेठ २०८२

कास्की, पोखरा

# विषयसूची


विषय पृष्ठ

गण्डकी प्रदेशको संक्षिप्त विवरण (Province Profile) .................................................. ५

अध्ययनको खाका ................................................................................ १

अध्याय-१ : पृष्ठभूमि ................................................................................ २७

अध्याय-२ : प्रदेश सरकारको कार्य विभाजन ................................................................ ३०

अध्याय-३ : पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड ...................................................... ३८

अध्याय-४ : मुख्यमन्त्री तथा मन्त्रिपरिषद् ................................................................ ४७

अध्याय-५ : अर्थ ................................................................................ ५१

अध्याय-६ : उद्योग तथा पर्यटन ................................................................................ ५९

अध्याय-७ : उर्जा,जलस्रोत तथा खानेपानी ................................................................ ७६

अध्याय-८ : कृषि ................................................................................ १०१

अध्याय-९ : भौतिक पूर्वाधार ................................................................................ १५३

अध्याय-१० : वन तथा वातावरण ................................................................................ १८२

अध्याय-११ : सामाजिक विकास, युवा तथा खेलकुद ...................................................... २०८

अध्याय-१२ : स्वास्थ्य ................................................................................ २३६

अध्याय-१३ : अन्य निकाय ................................................................................ २७९

## अनुसूचीको विवरण

अनुसूची - १ : विवरण प्राप्त भएका निकाय

अनुसूची - २ : विवरण सङ्कलन फारामको नमूना

अनुसूची - ३ : मिति २०८२/०१/१५ मा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूको उपस्थितिमा प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाब समितिका पदाधिकारीसँगको अन्तरक्रियामा उपस्थित महानुभावहरूको विवरण

अनुसूची - ४ : स्थलगत अवलोकन र छलफल गरिएका निकाय र अधिकारीको विवरण

## तालिकाको विवरण

तालिका - ४.१ : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संक्षिप्त विवरण

तालिका - ५.१ : आर्थिक मामिला मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ५.२ : प्रदेश लेखा नियन्त्रक कार्यालयको संक्षिप्त विवरण

तालिका - ६.१ : उद्योग तथा पर्यटन मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ६.२ : पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको संक्षिप्त विवरण

तालिका - ६.३-१ र ६.३-२ : पर्यटन तथा उद्योग कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ७.१ : उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ७.२ : खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ७.३-१ र ७.३-२ : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ७.४ : खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ७.५ भूमिगत जलस्रोत तथा सिंचाई कार्यालयको संक्षिप्त विवरण

तालिका - ८.१ : कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ८.२ : कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र सहकारी रजिष्ट्रारको कार्यालयको संक्षिप्त विवरण

तालिका - ८.५-१ : माटो तथा मल परीक्षण प्रयोगशाला/कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र/कृषि विकास र बागबानी स्रोत केन्द्रहरूको संक्षिप्त विवरण

तालिका- ८.५-२ : बाली संरक्षण प्रयोगशाला/गुणस्तर नियन्त्रण केन्द्र/किट विकास केन्द्रको संक्षिप्त विवरण

तालिका - ८.६-१ र ८.६-२ : कृषि ज्ञान केन्दहरूको संक्षिप्त विवरण

तालिका - ८.७ : पशु सेवा तालिम केन्द्र र मत्स्य विकास केन्द्रको संक्षिप्त विवरण

तालिका - ८.८-१ र ८.८-१ : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको संक्षिप्त विवरण

तालिका - ८.९ : पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको संक्षिप्त विवरण

तालिका - ९.१ : भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ९.२ : पूर्वाधार विकास निर्देशनालयको संक्षिप्त विवरण

तालिका - ९.३-१ र ९.३-२ : पूर्वाधार विकास कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ९.४ : यातायात व्यवस्था कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ९.५ : ग्रामिण सडक सञ्जाल सुधार आयोजनाको संक्षिप्त विवरण

तालिका - ९.६ : शहरी विकास तथा भवन कार्यालयको संक्षिप्त विवरण

तालिका - ९.६ : शहरी विकास तथा भवन कार्यालयको संक्षिप्त विवरण

तालिका - १०.१ वन तथा वातावरण मन्त्रालयको संक्षिप्त विवरण

तालिका - १०.२ : वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संक्षिप्त विवरण

तालिका - १०.३-१ : डिभिजन वन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - १० ३-२ : डिभिजन वन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - १०.४ : भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - ११.१ : सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको संक्षिप्त विवरण

तालिका - ११.२ : शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रको संक्षिप्त विवरण

तालिका -११.४ : प्रदेश संग्रहालय, रोजगार सूचना केन्द्र, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्की र पर्वतको संक्षिप्त विवरण

तालिका - ११.५-१ र ११.५-१ : सामाजिक विकास कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - १२.१ : स्वास्थ्य मन्त्रालयको संक्षिप्त विवरण

तालिका - १२.१ : स्वास्थ्य मन्त्रालयको संक्षिप्त विवरण

तालिका - १२.२ : स्वास्थ्य निर्देशनालय र सो सरहका निकायको संक्षिप्त विवरण

तालिका - १२.३-१ र १२.३-१ : प्रदेश जनस्वास्थ्य कार्यालयहरूको संक्षिप्त विवरण

तालिका - १२.४-१ र १२.४-१ : प्रदेश अस्पतालहरूको संक्षिप्त विवरण

तालिका - १२.५-१ र १२.५-१ : प्रदेश आयुर्वेद चिकित्सालयको संक्षिप्त विवरण

तालिका -१३.१ : प्रदेश नीति तथा योजना आयोग/मुख्य न्यायाधिवक्ताको कार्यालय/गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान/प्रदेश लोक सेवा आयोगको संक्षिप्त विवरण

तालिका - १३.२.१ : मनकामना विकास समिति/त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समितिको संक्षिप्त विवरण

तालिका - १३.२.२ : गण्डकी प्रज्ञा प्रतिष्ठान/गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान/प्रदेश खेलकुद परिषद्को संक्षिप्त विवरण

तालिका - १३.२.२.४ : गण्डकी विश्वविद्यालयको संक्षिप्त विवरण

तालिका - १३.३ : ताल संरक्षण तथा विकास प्राधिकरणको संक्षिप्त विवरण

# गण्डकी प्रदेशको सङ्क्षिप्त विवरण
## (Province Profile)

| क्र. स. | क्षेत्र | सूचक | संख्या र एकाई |
|---|---|---|---|
| १ | भौगोलिक | क्षेत्रफल | नेपालको भूभागको १४.६७ प्रतिशत, २१,९७४ वर्ग कि.मि. |
| | | भौगोलिक विभाजन | हिमाल, पहाड, तराई |
| | | नदी र खोला नाला | ५ मुख्य नदी |
| | | तलतलैया | २९० वटा |
| | | वन क्षेत्र | ३७.८ प्रतिशत |
| | | संरक्षण क्षेत्र | ५ वटा |
| | | कृषियोग्य जमिन | ४,८७,८२३ हेक्टर |
| | | ७००० मिटर माथिका हिमाल | २ वटा |
| २ | जनसंख्या | कुल जनसंख्या | २४,६६,४२७ |
| | | महिला | १२,९५,५९४ |
| | | पुरुष | ११,७०,८३३ |
| | | शहरी जनसंख्या | ६५.८ प्रतिशत |
| | | ग्रामिण जनसंख्या | ३४.२ प्रतिशत |
| | | जनघनत्व | ११५ प्रति वर्ग कि.मि |
| | | भाषा | ६ वटा |
| | | धर्म | १० थरी |
| | | जाति | १०७ जनजाति |
| ३ | प्रशासनिक | जिल्ला | ११ जिल्ला |
| | | प्रशासनिक संरचना संख्या | ९ वटा मन्त्रालय |
| | | स्थानीय तह | ८५ वटा |
| | | गाँउपालिका | ५८ वटा |
| | | नगरपालिका | २७ वटा |
| | | वडाको संख्या | ७५९ वटा |
| ४ | भौतिक पूर्वाधार | | |
| | सडक | पक्की सडक[1] | ६९९ कि.मी. |
| | | कच्ची सडक[2] | ११०२९ कि.मी |

[1] वारै महिना यातायात संचालनमा आउने
[2] मैसामी रुपमा यातायात संचालनमा आउने

| | | | |
|---|---|---|---|
| | | जम्मा सडक | ११,७२८ कि.मी |
| | | झोलुङ्गे पुल | २०७० वटा |
| | | सडकमा पहुँच भएको जनसंख्या | ९९ प्रतिशत |
| | | सवारी दर्ता | २३१७० वटा |
| | | जनसंख्याको पहुँच | ९४.२५ प्रतिशत |
| | | शौचालयको सुविधा प्राप्त जनसंख्या | ८० प्रतिशत |
| | सिंचाई | आयोजना संख्या | ५ वटा |
| | | कुल सिचिंत क्षेत्रफल | २,७२,६३० हेक्टर |
| | विद्युत / उर्जा | केन्द्रीय विद्युत पुगेको क्षेत्र | ९७.६ प्रतिशत |
| | | विद्युत उपभोग गर्ने जनसंख्या | ९७.६ प्रतिशत |
| | दूरसंचार | मोवाइल फोन प्रयोगकर्ता | ९,८५,२४९ |
| | | इन्टरनेट सेवा प्रयोगकर्ता | ६४.११ प्रतिशत |
| | | दूरसंचार सेवाको पहुँच | ७७.८ प्रतिशत, जनसंख्या |
| ५ | सामाजिक पूर्वाधार | | |
| | स्वास्थ्य | औषत आयु | ७१.१ वर्ष |
| | | शिशु मृत्यु दर | २३ प्रति हजार |
| | | मातृ मृत्यु दर | १६१ जना प्रति लाख |
| | | प्रजनन दर | १.४ प्रति महिला |
| | | खोपमा पहुँच | ९० प्रतिशत |
| | शिक्षा[3] | विद्यालय संख्या | ६४४ वटा |
| | | विद्यार्थी संख्या | ३,१३,१७४ |
| | | छात्र | १,५७,०४३ |
| | | छात्रा | १,५६,१३१ |
| | | विद्यालय छोडेका विद्यार्थी संख्या | ४ प्रतिशत |
| | | शिक्षक संख्या | २५२२८ |
| | | उच्च शिक्षालय | १५२ |
| | | सक्षरता प्रतिशत | ८१.७ (२०७८ जनगणना) |
| ६ | आर्थिक | घरेलु र साना उद्योगको संख्या | ७८,०८४ |
| | | अद्यौगिक उत्पादनको योगदान | ३.२९ प्रतिशत (राष्ट्रिय गार्हस्थ उत्पादनमा ) |
| | | प्रदेशको गार्हस्थ उत्पादन | ४२९१८ लाख (२०७९।८०) |
| | | राष्ट्रिय गार्हस्थ उत्पादनमा योगदान | ८.९० प्रतिशत |
| | | प्रति व्यक्ति आम्दानी | १४९९ अमेरिकी डलर |

**स्रोत : दोस्रो पञ्च वर्षिय योजना - आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६), गण्डकी प्रदेश नीति तथा योजना आयोग,२०८१ श्रावण**

[3] शिक्षा विकास निर्देशनालयको २५ अप्रिल २०२५ को पत्रानुसार

# कार्यकारी सारांश

**पृष्ठभूमि :** प्रदेश सभाबाट २०७४ फागुन ४ गते पहिलो गण्डकी प्रदेश सरकारको गठन भएको थियो । यसरी गण्डकी प्रदेश सरकार स्थापना भएको मितिदेखि २०८२ सम्म आईपुग्दा करीब ८ वर्ष व्यतित भइसकेको छ । प्रदेश सरकारको काम कारवाहीको समीक्षा गर्ने यो उपयुक्त समयान्तर हो । आजको मितिसम्म प्रदेश सरकारको प्रशासकीय संरचना भनेको चार थरीका १७४ संरचनाहरूको समष्टि हो । प्रदेश सरकार गठन भएको ८ वर्ष भइसकेको सन्दर्भमा हालसम्मको कार्यानुभव र वर्तमानको कार्य वातावरण समेतलाई दृष्टिगत गरी प्रदेशका प्रशानिक संरचनाको पुनरावलोकन समीचीन भएको छ । प्रदेशको कुल आयमा प्रदेश राजस्व आम्दानीको हिस्सा सालाखाला २० प्रतिशतभन्दा पनि कम देखिन्छ भने प्रत्येका वर्ष खर्च औसतमा १५ देखि २० प्रतिशतसम्म बढ्दै गएको देखिएको छ। कर्मचारीको संख्यामा हुने परिवर्तनले प्रदेश सरकारको आर्थिक दायित्व प्रत्यक्ष प्रभावित हुन्छ । प्रदेश सरकारको आकार निरन्तर रूपमा बढ्दै गएको छ । फलस्वरूप प्रदेश सरकारले आफनो औचित्य स्थापित गर्ने कार्य चुनौतिपूर्ण बन्दै गएको छ । यसको लागि विहङ्गम प्रशासनिक पुनर्संरचना अत्यावश्यक भएको र वर्तमान समय उपयुक्त र सान्दर्भिक छ ।

**प्रदेश सरकारको कार्य विभाजन :** समग्र प्रदेशको जिम्मेवारीको विन्याससँगै गण्डकी प्रदेश सरकारको जिम्मेवारी संवैधानिक, कानुनी र प्रशासनिक गरी विशेषतः पाँच किसिमका व्यवस्थाबाट निर्क्यौल गरिएको छ ।नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी  प्रदेश सरकार, गण्डकी प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी प्रदेश सरकारको कार्य विभाजन गरेको छ । यो व्यवस्था अनुसार गण्डकी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित नौ मन्त्रालयहरू रहेका छन् । कार्य विभाजन नियमावली अनुसार गण्डकी प्रदेश सरकारको दायित्वमा पर्ने ७१ विषय क्षेत्रहरू मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यजिम्मेवारीमा परेका छन् । आर्थिक मामिला मन्त्रालयको जिम्मेवारीमा २२ वटा विषय कार्यहरू समाविष्ट
छन् । उद्योग तथा पर्यटन मन्त्रालयको कार्यजिम्मेवारी अन्तरगत ३६ वटा विषय क्षेत्रहरू समावेश छन् । उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको कार्यजिम्मेवारीमा १३ वटा विषय क्षेत्र समाविष्ट छन् । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारीमा ३४ विषय क्षेत्रहरू समवेश छन् । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको कार्यजिम्मेवारीमा विभिन्न १७ विषय क्षेत्र समावेश छन् । वन तथा वातावरण मन्त्रालयको कार्य जिम्मेवारीमा विभिन्न २८ विषय क्षेत्र समावेश छन् । कार्य विभाजन नियमावली अनुसार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्यजिम्मेवारीमा ३८ विषय क्षेत्र समाविष्ट छन् । स्वास्थ्य मन्त्रालयको कार्यजिम्मेवारीमा २१ विषय क्षेत्र समाविष्ट छन् ।

**पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड :** पुनरावलोकन खाली पुनरावलोकनका लागि गरिदैन । पुनरावलोकनका निष्कर्षहरूले पुनर्संरचनाको माग गर्दछन् । मूल्य, मान्यता, आधार र मापदण्ड बिनाको पुनरावलोकन र पुनर्संरचनाले अराजकता श्रृजना गर्दछ । यही दृष्टिकोणबाट गण्डकी प्रदेश सरकारले अगाडि बढाएको प्रशासनिक संरचनाहरूको पुनरावलोकन गरेर पुनर्संरचना गर्ने प्रयोजनको निश्चित प्रकृया र मापदण्डलाई मुख्य आधार बनाइएको छ ।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**को नेतृत्व प्रमुख सचिवले गर्ने व्यवस्था छ । कार्यालयमा प्रमुख सचिव सहित ८३ कर्मचारीको दरबन्दी रहेको छ । जसमा अधिकृत ५०, सहायक १ र सहयोगीको संख्या ३२ रहेको छ । कार्यालयमा ६९ पद पूर्ति भएको छ ।  विगत पाँच आर्थिक वर्षमा यो कार्यालयको लागि कुल ४ अरव ९४ करोड ३६ लाख  रकम विनियोजन गरिएको थियो भने कुल २ अरव ३८ करोड ६४ लाख रकम खर्च भएको

थियो । विगत पाँच वर्षको अवधिमा विशेष गरी विकास आयोजना अनुगमनको लागि विशेष कक्षको स्थापना, जनतासँग मुख्यमन्त्री कार्यक्रम, हेलो मुख्यमन्त्री कक्षको स्थापना, गण्डकी प्रदेशको आधार तथ्यांक प्रकाशन, मन्त्रालयगत PLMBIS सफ्टवेयर संचालन, स्थानीय तह योजना तर्जुमा दिग्दर्शनको तर्जुमा र हर्पन खोला, सेती नदी र काली गण्डकी नदीमा विपद् जोखिम न्यूनीकरणको लागि पूर्व सूचना प्रणाली जडान गर्ने जस्ता कार्य सम्पन्न भएका थिए । चालु आर्थिक वर्षको लागि ७१ करोड ९७ लाख रकम विनियोजन गरिएको छ । जनशक्तिको ठूलो दरबन्दी रहेको , कामको तुलनामा कार्यालयको दरबन्दी बढी भए जस्तो देखिन्छ । यहाँ महाशाखा र शाखाको संख्या पनि धेरै देखिन्छ । प्राप्त सुझाव अनुसार कार्यालयको पुनर्संरचना उपयुक्त हुन्छ । पुनर्संरचना गर्दा कर्मचारीको पुनर्वितरण आवश्यक हुन्छ । त्यसकारण यो कार्यालयले कर्मचारीको पुल बनाउने र व्यवस्थापन गर्न आवश्यक हुन्छ ।

**आर्थिक मामिला मन्त्रालय**मा प्रदेश सचिवको नेतृत्वमा ३७ जना जनशक्तिको दरबन्दी रहेकोमा हाल २६ जनाको दरबन्दी पूर्ति रहेको छ । यस मध्ये १० जना अधिकृत, ६ जना सहायक र १० जना कार्यालय सहयोगी छन् । पाँच वर्षमा करिब १ अरव रकम विनियोजन गरिएकोमा चालुतर्फको हिस्सा ८८.१३ र पूँजीगततर्फको हिस्सा ११.६७ प्रतिशत रहेको थियो । साधारण खर्चतर्फ विनियोजनको ४० प्रतिशत र पूँजीगततर्फ विनियोजनको ३७ प्रतिशत मात्र खर्च हुन सकेको छ । प्रमुख काममा वार्षिक रूपमा गरिने नीति तथा कार्यकम, बजेट, विनियोजन र आर्थिक विधेयक निर्माण, अर्धवार्षिक र वार्षिक समीक्षा, राजस्व परिचालन सम्बन्धी, आर्थिक सर्भेक्षण र कार्यक्रम कार्यान्वय सम्बन्धी कार्यविधिहरू निर्माण देखिन्छ । चालु आर्थिक वर्षको लागि मन्त्रालयको कामको लागि करिब १७ करोड १५ लाख विनियोजन गरिएको छ । मन्त्रालयले आफूलाई आर्थिक अनुशासनको आदर्श संरचनाको रूपमा स्थापित गर्नु आवश्यक हुन्छ । मन्त्रालयको संरचना केही भद्दा देखिएको छ । मन्त्रालयमा प्रविधिको प्रयोगलाई जोड दिई अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा प्रत्येक महाशाखा र शाखामा एक एक अधिकृत रहने गरी ७ अधिकृतस्तरको दरबन्दी कायम गर्ने, अभिलेख व्यवस्थापनको लागि अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने निर्णय गर्न उपयुक्त हुन्छ ।

**लेखा नियन्त्रक कार्यालय**मा अधिकृत ९, सहायक ४ र सहयोगी ६ गरी १९ जनशक्तिको दरबन्दी रहेको छ । यसमध्ये अधिकृत १ र सहायक १ गरी दुई जनाको दरबन्दी रिक्त छ । विगत पाँच वर्षमा कार्यालयको लागि १७ करोड ५ लाख विनियोजन गरिएको थियो भने १३ करोड ४७ लाख खर्च भएको थियो । विगत पाँच वर्षको अवधिमा विशेष गरी संचित र अन्य सरकारी कोषको हिसाब,निकाशा र वित्तीय हस्तान्तरण, विनियोजन, राजस्व, धरौटी र सार्वजनिक कोषको अभिलेख आन्तरिक लेखा पीक्षण र एकीकृत वित्तीय विवरण निर्माणको कम सम्पन्न भएको छ चालु आर्थिक वर्षमा कुल ३ करोड ७६ लाख विनियोजन भएको छ । कार्यालयलाई प्रविधिको प्रयोगमा जोड दिई अधिकृतमुखी बनाउने,सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने, रिक्त दरबन्दी खारेज गर्ने र सहयोगी दरवन्दी खारेज गरी अवकास दिन उपयुक्त हुन्छ ।

**प्रदेश लेखा एकाई कार्यालय** ११ जिल्लाका संघीय सरकार मातहतका जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई नै प्रदेश एकाई कार्यालयको समेत जम्मिवारी दिइएको छ । यी कार्यालयको लागि विगत चार वर्षमा चालुतर्फ २ करोड ९७ लाख रकम विनियोजन गरिएको थियो भने चालु वर्षमा ७७ लाख विनियोजन गरिएको

छ । संविधानले सरकारहरू बीच सहकार्य र समन्वयलाई जोड दिएको सन्दर्भमा यस प्रकार रकम दिएर काममा परिचालन गर्नु उपयुक्त देखिदैन । यस विषयमा संघीय सरकारको अर्थ मन्त्रालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध गर्नु उपयुक्त हुन्छ ।

**उद्योग तथा पर्यटन मन्त्रालयमा** प्रदेश सचिवको नेतृत्वमा कुल २७ जनाको कर्मचारी दरबन्दी रहेकोमा ५ रिक्त रहेको छ। तीन वर्षमा लागि १ अरव ६९ करोड विनियोजन गरिएकोमा १ अर्व ३३ करोड खर्च भएको थियो। यो खर्चबाट मन्त्रालयले विशेष गरी पर्यटक पदमार्ग र पर्यटकीय पूर्वाधार निर्माण, उद्यमशिलता तालिम, प्रविधि हस्तान्तरण र बजार अनुगमन जस्ता कार्य गरेको थियो। चालु आर्थिक वर्षको ६५ करोड १० लाख विनियोजन गरिएको छ। मन्त्रालयमा हाल विद्यमान जनशक्तिको अवस्थालाई नियाल्दा भद्‌दा देखिन्छ। मन्त्रालयमा महाशाखा र महाशाखा अन्तरगत एकभन्दा बढी शाखाहरू राख्दा संरचना बोझिलो छ। मन्त्रालयलाई अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा एक एक जना अधिकृत रहने गरी दुई महाशाखा र दुई शाखा कायम गरी ५ अधिकृत दरबन्दी कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालन गर्ने निर्णय आवश्यक छ।

**पर्यटन उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा** अधिकृत १०, सहायक ५ र सहयोगी ४ गरी १९ जनाको दरबन्दी रहेकोमा ११ पदमात्र पूर्ति भएको छ। विगत पाँच वर्षमा कार्यालयको लागि कुल ३५ करोड २३ लाख विनियोजन गरिएको थियो भने २१ करोड ७६ लाख रकम मात्र खर्च भएको थियो। यस अवधिमा प्रदेश भित्रका उद्योगहरूको विवरण संकलन, उपभोक्ता सचेतना कार्यक्रम, उद्यमशिल प्रशिक्षण, पर्यटन दिवस मनाउने र बजार अनुगमन गर्ने जस्ता कार्यहरू सम्पन्न भएका थिए। चालु आर्थिक वर्षको लागि कार्यालयलाई ७ करोड ५ लाख विनियोजन गरिएको छ। कार्यालयमा काम पर्याप्त छैन। रकम उपयोग गर्ने क्षमता पनि सीमितता छ। कामको मात्रा पनि कम भएको र दोस्रो तहको कार्यालयहरूको उपादेयता पनि कम रहेकाले यस्तो निकायले गरी आएको केही काम मन्त्रालयवाट र केही काम तलका कार्यालयबाट गराउने गरी निर्देशनालय खारेज गर्न उपयुक्त हुन्छ।

**पर्यटन तथा उद्योग कार्यालय** ११ वटा छन्। जनशक्तिको अवस्था हेर्दा यी कार्यालयहरूमा सबैभन्दा धेरै १७ र थोरैमा ९ दरवन्दी छ। विगत पाँच वर्षको अवधिमा यी कार्यालयहरूको लागि सबैभन्दा कम म्याग्दीको लागि २ करोड ५८ लाखदेखि सबैभन्दा बढी कास्कीको लागि १९ करोड ४७ लाखसम्म रकम विनियोजन भएको थियो। चालु खर्चतर्फ सबैभन्दा बढी ६ करोड ७५ लाखदेखि सबैभन्दा कम ७५ लाखसम्म रहेको छ भने पूँजीगत खर्चतर्फ सबैभन्दा बढी ७ करोड ८९ लाख र सबैभन्दा कम १ करोड ४७ लाख रहेको छ। यस अवधिमा कार्यालयहरूले मुख्य रूपमा उद्योग, फर्म दर्ता र नवीकरण, प्रविधि हस्तान्तरण अन्तरगत उद्योगी व्यवसायीहरूलाई मेसिनरी औजारहरू हस्तान्तरण, उद्यमशिलता तालिम संचालन, पर्यटन पूर्वाधार निर्माण, पर्यटन प्रवर्धन र प्रचार प्रसार, अनुगमन तथा मूल्यांकन जस्ता गतिविधि संचालन गर्दै आएका छन्। चालु आर्थिक वर्षको लागि यी कार्यालयहरूको निम्ति २ करोड २५ लाखदेखि ६ करोड सम्म विनियोजन गरिएको छ। कार्यालयमा उद्योग दर्ताको काम न्यून मात्रामा रहेको, तालिमको कार्य अन्य संघ संस्थामार्फत गरिने, प्रविधि हस्तान्तरणको कार्य वर्षको एकपटक मात्र गरिने र पर्यटन पूर्वाधारको कार्य अरु निकायबाट झन् प्रभावकारी र गुणस्तरीय रूपमा गराउन सकिने सन्दर्भमा जिल्लास्तरमा नियमित उपस्थिति रहने गरी कार्यालय राख्न सान्दर्भिक देखिदैन। यसकारण तनहुँ, बागलुङ र कास्की जिल्लाबाहेक अन्यत्र जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालय खारेज गर्ने, तनहुँ बागलुङ र कास्की जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालयलाई कार्य क्षेत्र तोकी पर्यटन तथा उद्योग डिभिजन कार्यालयमा परिवर्तन गर्ने उपयुक्त हुन्छ।

**उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा** सचिवको नेतृत्वमा ३४ जना कर्मचारीको दरबन्दी रहेको छ। अधिकृतको दरबन्दी २३ र सहयोगीको दरबन्दी १० छ। श्रृजित ३४ दरबन्दी मध्ये २८ पद मात्र पूर्ति छ। विगत पाँच आर्थिक वर्षको अवधिमा मन्त्रालयको लागि ३० अरव १८ करोड रकम विनियोजन गरिएको थियो भने कुल अरव १२ करोड ५८ लाख रकम खर्च भएको थियो। यो रकमबाट मन्त्रालय र मातहतका निकायले सिंचाई योजना निर्माण, तटवन्ध निर्माण, उज्यालो गण्डकी प्रदेश अभियान, विद्युत काठे पोल प्रतिस्थापन र एक घर एक

धारा अभियान जस्ता कार्यक्रमहरू संचालन गरेका थिए। चालु आर्थिक वर्षको लागि ११ करोड ७४ लाख रकम विनियोजन गरिएको छ। मन्त्रालयको संरचना चाहिने भन्दा भद्दा रहेको छ। यसलाई छिटो छरितो र कार्यममूलक बनाउन उपयुक्त हुन्छ । मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने,सचिवको नेतृत्वमा चार महाशाखा र चार शाखामात्र कायम गरी जम्मा ८ अधिकृत दरबन्दी कायम गर्ने, प्रशासनतर्फ २ अधिकृतको दरबन्दी मात्र कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउन उपयुक्त हुन्छ।

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**को संख्या ४ रहेको छ। यी कार्यालय प्रत्येकको कार्य क्षेत्रमा २/२ जिल्ला पर्दछ । यी कार्यालय प्रत्येकमा १८ जनाको दरबन्दी रहेको छ । दरबन्दीको वितरण हेर्दा अधिकृततर्फ थोरैमा ७ र बढीमा १३ जनासम्म, सहायकमा थोरैमा २ देखि बढीमा ८ सम्म रहेको देखिन्छ भने सहयोगीको दरबन्दी ३ रहेको छ। विगत पाँच आर्थिक वर्षमा सबैभन्दा बढी रकम विनियोजन गोरखामा ४ अरव १७ करोड थियो भने थोरै तनहुँमा ३ अरव १४ करोड थियो । यसरी विनियोजन गरिएका रकम मध्ये चालुतर्फ सबैभन्दा धेरै गोरखाले ६ करोड ४७ लाख र सबैभन्दा थोरै तनहुँले ३ करोड ९ लाख खर्च गरेका थिए । यो रकमबाट विशेषतः खानेपानीका आयोजनाहरूको विस्तृत अध्ययन सर्भेक्षण, आयोजना कार्यान्वयन, पूराना आयोजनाहरूको मर्मत सभार, क्षतिग्रस्त खानेपानी आयोजनाको पुनर्स्थापना, निजी धारा वितरण र मुहान मर्मत र खुला दिसामुक्त क्षेत्र जस्ता कार्यकमहरू संचालन भएका थिए। चालु आर्थिक वर्षमा यी डिभिजन कार्यालयहरूमा सबैभन्दा धेरै ४ अरव ५३ करोड स्याङजा र सबैभन्दा थोरै ३ अरव ७७ करोड बागलुङको लागि रकम विनियोजन गरिएको छ। दुइ जिल्लाको कठीन र विभाजित जिम्मेवारी रहने गरी र नयाँभन्दा पुराना आयोजनाको स-सानो रकमको मर्मत सम्भारको कार्य गर्ने गरी ठूलो संख्यामा प्राविधिक जनशक्तिको उपस्थिति उपयुक्त नभएकोले यस प्रकारका चारवटै डिभिजन कार्यालय खारेज गरेर नयाँ संरचना मार्फत जिल्लास्तरमा खानेपानी तथा सरसफाइको निर्माण र मर्मत सम्भार सेवा दिन उपयुक्त देखिन्छ।

**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय** ८ वटा छन्। कास्कीमा १४ जनाको दरबन्दी रहेको छ भने गोरखा, तनहुं र नवलपुर प्रत्येकमा १२।१२ जनाको र लमजुङ, बागलुङ, स्याङजा र पर्वत प्रत्येकमा ११।११ जनाको दरबन्दी रहेको छ। यो दरबन्दी संरचनामा सबैभन्दा धेरै अधिकृतको संख्या कास्कीमा १० छ भने थोरै स्याङजामा ६ रहेको छ, बाँकी जिल्लाहरूमा यी दुईको बीचमा वितरण भएको छ । सबैमा ३ जना कार्यालय सहयोगको दरबन्दी रहेको छ । यी कार्यालयमा १ देखि ३ वटासम्म पदहरू पूर्ति हुन सकेका छैनन् । विगत पाँच आर्थिक वर्षमा १२ करोड १३ लाखदेखि २ अरव २९ करोड सम्म रकम विनियोजन गरिएको थियो । यसरी विनियोजित रकमबाट कार्यालयले २२ करोड ६४ लाखदेखि २ अरव ६ करोड २५ सम्म खर्च गरेका थिए। यो पाँच वर्षको अवधिमा विशेष गरी सिंचाई योजनाको मर्मत सम्भार, नदी र पहिरो नियन्त्रण, विस्तृत अध्ययन सर्भेक्षण, सिंचाइ योजना कार्यान्वयन, आपतकालीन बाढी पहिरो व्यवस्थापन र पुनर्स्थापना, सौर्य उर्जा प्रविधि जडान र जलस्रोत व्यवस्थापन जस्ता कार्यहरू सम्पन्न भएका थिए। चालु आर्थिक वर्षमा यी कार्यालयको लागि ११ करोड २५ लाखदेखि ३२ करोड ५५ लाखसम्म विनियोजन गरिएको छ। कामको प्रकृतिलाई दृष्टिगत गर्दा इन्जिनियरिङको अतिरिक्त विषेशज्ञतासमेत आवश्यक नपर्ने भएकोले जिल्लास्तरमा भौतिक पूर्वाधार निर्माण र सम्भारको नयाँ र एकीकृत संरचना निर्माण गरी उसैबाट हाल यी डिभिजन कार्यालयले गरी आएको काम गराउने गरी यी डिभिजन कार्यालय खारेज गर्न उपयुक्त हुन्छ।

**खानेपानी, जलस्रोत तथा सिंचाइ विकास सव डिभिजन कार्यालयले** खानेपानी, सिंचाई र उर्जाको काम गर्दछन्। यी कार्यालय मनाङ, मुस्ताङ र म्याग्दीमा छन्। म्याग्दीको कार्यालयमा १४ जनाको दरबन्दी छ भने बाँकी दुईमा ११/११ जनाको दरबन्दी छ। म्याग्दीमा अधिकृतको दरबन्दी ९ रहेको छ भने बाँकीमा ३।३ छ।

सहायकतर्फ म्याग्दीमा २ मात्र छन् भने बाँकी दुईमा ५।५ रहेको छ। सहयोगीको दरबन्दी भने तीनवटै कार्यालयमा बराबर ३।३ रहेको छ । म्याग्दीमा १२ पद पूर्ति भएको छ भने बाँकी दुईमा ८/८ पद पूर्ति भएको छ । विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि ६५ करोड १५ लाखदेखि ९१ करोड ६२ लाखसम्म विनियोजन गरिएको थियो । यो रकमबाट कार्यालयले ४९ करोड ५ लाख देखि ७३ करोड ६४ लाखसम्म खर्च गरेका थिए । यो रकमबाट मुख्य रूपमा उर्जा सम्बन्धी योजना, खानेपानी योजना, सिंचाई योजना र नदी नियन्त्रण योजना कार्यान्वयन भएका थिए। चालु आर्थिक वर्षमा यी कार्यालयको लागि १० करोड ५० लाखदेखि १८ करोड ५२ लाखसम्मको रकम विनियोजन गरिएको छ । जिल्लामा यस्तै स–साना काम गर्ने निकाय हुँदा हुँदै यी सव डिभिजन कार्यालयको उपादेयता नदेखिएकोले जिल्लास्तरमा एक एकीकृत भौतिक पूर्वाधार निर्माण र सम्भारको संरचना निर्माण गरी यिनीहरूबाट हुँदै आएको काम त्यही नयाँ संरचनाबाट गराउने गरी यी सव डिभिजन कार्यालयहरू खारेज गर्न उपयुक्त हुन्छ ।

**भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय** गण्डकी प्रदेशभित्रको एक मात्र तराईको जिल्ला नवलपुरमा छ । कार्यालयमा ११ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ७, सहायक १ र सहयोगी ३ जनाको दरबन्दी छ। कुल दरबन्दीमा ६ दरबन्दी मात्र पदपूर्ति भएको छ। पूर्ति हुनेमा अधिकृत ३ र सहयोगी ३ रहेको छ। विगत पाँच वर्षमा यो कार्यालयको लागि १ अरव १० करोड रकम विनियोजन गरिएको थियो। कार्यालयले यस अवधिमा कुल ८८ करोड ७५ लाख खर्च गरेको थियो। यो अवधिमा विशेष गरी स्यालो र डिप ट्युववेल निर्माण, भूमिगत आयोजना पहिचान, स्यालो र डिप टयूववेल मर्मत र अन्वेषण टयूववेल निर्माणको कार्यहरू भएको थियो। चालु आर्थिक वर्षमा १९ करोड ५६ लाख रकम विनियोजन गरिएको छ। यो कार्यालयले गरिआएको काम जिल्लास्तरमा नयाँ निर्माण गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भारको संरचनाबाट नै गराउने व्यवस्था गरी यो कार्यालयलाई खारेज गर्न उपयुक्त हुन्छ।

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा** सचिवको नेतृत्वमा ६० कर्मचारीको दरबन्दी रहेको छ। दरबन्दी संरचना अनुसार मन्त्रालयमा अधिकृतको २९, सहायकको १७ र सहयोगीको १४ दरबन्दी रहेको छ। मन्त्रालयमा खाली ४५ पद पूर्ति मध्ये अधिकृत २२ सहायक १० र सहयोगी १३ पद पूर्ति भएको देखिन्छ। गत पाँच वर्षको अवधिमा मन्त्रालयको लागि १२ अरव ६ करोड विनियोजन गरिएको थियो। विनियोजन मध्ये ६ अरव ७५ करोड खर्च भएको थियो। यो रकमबाट मन्त्रालयले विशेष गरी साना सिंचाई पूर्वाधार विकास, मोडल फार्महरू स्थापना, ६६,४५६ पशु वस्तुमा कृतिम गर्भाधान, १६,५७७ नमूना परीक्षण र वतावरणमैत्री नमूना गाउँ कार्यक्रम जस्ता कार्यहरू गरेको थियो। चालु आर्थिक वर्षमा मन्त्रालयको लागि १७ करोड १३ लाख रकम विनियोजन गरिएको छ । यो मन्त्रालय कर्मचारी दरबन्दीको हिसावले ठूलो छ । भूमि व्यवस्था सम्बन्धमा कुनै पनि काम भएको छैन। मन्त्रालयमा सहयोगी कर्मचारीको संख्या धेरै छ। मन्त्रालयमा दरबन्दी अनुसार पदपूर्ति भएको छैन,महाशाखा र शाखाको संख्या पनि धेरै छ । मन्त्रालयलाई प्रविधिमा आधारित र अधिकृतमुखी संरचना बनाउने, सचिवको नेतृत्वमा ४ महाशाखा र ४ शाखा रहने, महाशाखा र शाखा प्रत्येकमा १।१ जना अधिकृत रहने गरी कुल ९ अधिकृत दरबन्दी मात्र कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने निर्णय हुन उपयुक्त हुन्छ।

**कृषि विकास निर्देशनालय**मा १९ दरबन्दी रहेको छ । दरबन्दी संरचना अनुसार अधिकृत १०, सहायक ४ र सहयोगीको संख्या ४ रहेको छ । निर्देशनालयको दरबन्दी मध्ये १७ पद पूर्ति भएको देखिन्छ । बितेको पाँच आर्थिक वर्षमा निर्देशनालयको लागि ८९ करोड ४३ लाख रकम विनियोजन गरिएकोमा ६३ करोड ११ लाख खर्च भएको थियो । यो रकमबाट विशेष गरी कोल्ड रुम निर्माण, बिउ प्रशोधन केन्द्र स्थापना, तन्तु प्रजनन प्रयोगशाला निर्माण, अलैंची भण्डारण भवन निर्माण र कृषि मेला महोत्सव जस्ता कार्यहरू भएको थियो। चालु

आर्थिक वर्षको लागि निर्देशनालयको लागि ६ करोड ४८ लाख विनियोजन गरिएको छ। मन्त्रालय र जिल्लास्तरको संरचनाको बीचमा रहेको तर उत्तरदयित्वको हिसाबले सीमित रहेकोले अनुगमन र सुपरीवेक्षणको काममा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संलग्नता र उत्तरदायित्व बढाएर र भौतिक निर्माणको काम भौतिक निर्माणसँग सम्बन्धित जिल्लाको कार्य क्षेत्र भएका भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयबाट गर्ने कृषि विकास निर्देशनालय खारेज गर्न उपयुक्त हुन्छ।

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**मा कुल १६ जनाको दरबन्दी रहेको छ। संरचना अनुसार अधिकृतमा ६, सहायकमा ५ र सहयोगीमा ५ पद वितरण भएको छ। अधिकृततर्फ ५, सहायकतर्फ ३ र सहयोगीको सबै पद पूर्ति भएको छ। विगत पाँच वर्षको अवधिमा निर्देशनालयलाई ४९ करोड २६ लाख विनियोजन गरिएकोमा ३२ करोड ८० लाख रकम खर्च भएको थियो । यसवाट विशेष गरी कार्यविधि तथा मापदण्डको तयारी, दूध चिस्यान केन्द्र विस्तार, पशु वधशाला निर्माण, पशु हाट बजार निर्माण र आकस्मिक सेवा टेवा कार्यक्रम जस्ता गतिविधि संचालन भएको थियो । चालु आर्थिक वर्षको लागि निर्देशनालयलाई ९ करोड २० लाख विनियोजन गरिएको छ। नीति निर्माण र जिल्लास्तरका निकाय बीच अत्यन्त सीमित भूमिकाको यो निकायबाट भईरहेका कामहरू अन्यत्रबाट हुने व्यवस्था मिलाई निर्देशनालय खारेज गर्न उपयुक्त देखिन्छ।

**सहकारी रजिष्ट्रारको कार्यालय**मा १० दरबन्दीको व्यवस्था छ। दरबन्दीमा अधिकृत ७, सहायक १ र सहयोगी २ पद रहेको छ। कार्यालयमा १ सवारी चालक बाहेक सबै पदहरू पूर्ति भएको देखिन्छ। विगत पाँच वर्षमा कार्यालयको २ करोड विनियोजन गरिएमा १ करोड ५४ लाख खर्च भएको थियो। यसवाट विशेष गरी सहकारी संघ संस्था एकीकरण, सहकारी संघ संस्था दर्ता, नियमन र अनुगमन, अन्तरक्रिया र विनियम संशोधन र पुनर्लेखन जस्ता कार्य गरेको थियो। चालु आर्थिक वर्षमा कार्यालयको कुल ३ करोड ३ लाख रकम विनियोजन गरिएको छ। यो संरचनालाई निरन्तर ता दिन र सहकारीको नियमनलाई प्रभावकारी बनाउन मन्त्रालय मातहत विभिन्न भौगोलिक क्षेत्रमा कार्यरत निकायलाई स्पष्ट मापदण्ड निर्माण गरी सोही आधारमा परिचालन गर्न उपयुक्त हुन्छ।

**अन्य प्रादेशिक निकायमा माटो तथा मल परीक्षण प्रयोगशाला, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, कृषि विकास स्रोत केन्द्र, बागवानी स्रोत केन्द्र, प्रदेश बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र, बाली संरक्षण प्रयोगशाला र व्यावसायिक किट विकास केन्द्र** गरी ७ निकाय रहेका छन्। यिनीहरूमा थोरैमा १० देखि धेरैमा १४ सम्म दरबन्दी छ। अधिकृत दरबन्दी थोरैमा ३ देखि धैरैमा ७ सम्म वितरण भएको छ भने सहायकको दरबन्दी पनि थोरैमा २ देखि धेरैमा ७ सम्म रहेको देखिन्छ। त्यसै गरी सहयोगीतर्फ थोरैमा ३ र बढीमा ५ रहेको देखिन्छ। दुई निकाय बाहेकका सबै निकायमा दरबन्दी अनुसार पदपूर्ति हुन सकेको छैन। सबैभन्दा कम पदपूर्ति भएको निकायमा ७ जना पूर्ति भएको छ भने बढी पूर्ति भएकोमा ११ जना पूर्ति भएको छ। विगत पाँच आर्थिक वर्षमा यी निकायको लागि १० करोड ३७ लाखदेखि १२ करोड ९६ लाखसम्म रकम विनियोजन भएको थियो भने ८ करोड ४१ लाखदेखि १२ करोड ६८ लाख सम्म खर्च भएको थियो। यसवाट खास गरी माटो परीक्षण र चुन वितरण, विभिन्न विषयमा किसिमका तालिम, मौरी घार वितरण, उन्नत बिउ उत्पादन र वितरण, रोग सर्भेक्षण र नियन्त्रण, विभिन्न किसिमका अनुदान वितरण र वाली संरक्षण जस्ता कार्यहरू भएका थिए। चालु आर्थिक वर्षमा १ करोड ३२ लाखदेखि ४ करोड ६० लाखसम्म रकम विनियोजन गरिएको छ। यी सात निकाय मध्ये कामको आधारमा परीक्षण र प्रमाणीकरणको काममा समानता रहेका **बाली संरक्षण प्रयोगशाला, माटो र मल परीक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई** एकीकरण गर्न उपयुक्त हुन्छ। त्यसै गरी बिउ र विरुवा उत्पादन र वितरणमा संलग्न **कृषि विकास स्रोत केन्द्र र वागवानी विकास स्रोत केन्द्रलाई** एकीकरण गरी संचालन गर्न उपयुक्त हुन्छ। त्यसै गरी **कृषि व्यवसाय प्रवर्धन सहयोग र तालिम केन्द्रलाई** वन

अनुसन्धान तथा तालिम केन्द्र र पशु विकास तालिम केन्द्रसँग एकीकरण गरी कृषि, पशु विकास, वन तालिम तथा अनुसन्धान केन्द्रको रूपमा संचालनमा ल्याउन उपयुक्त हुन्छ । विशिष्टिकृत **व्यवसायिक किट विकास केन्द्र**लाई हालकै रूपमा थप प्रभावकारी बनाएर संचालन गर्नु उपयुक्त हुन्छ ।

**जिल्ला कृषि ज्ञान केन्द्र**को संख्या ११ रहेको छ । दरबन्दी संरचना अनुसार थोरैमा ९ देखि धेरैमा १३ जनासम्मको दरबन्दी रहेको देखिन्छ । केद्रमा अधिकृत दरबन्दी अन्यभन्दा बढी रहेको देखिन्छ । कुल दरबन्दी भित्र अधिकृतको दरबन्दी २ देखि ७ सम्म वितरण भएको छ भने सहायकमा २ देखि ६ र सहयोगीमा २ देखि ३ सम्म वितरण भएको छ । यी निकायमा पदपूर्तिको संख्या ६ देखि ११ जनासम्म वितरण भएको छ । पूर्ति भएको पदमा अधिकृत तर्फ २ देखि ७ पदसम्म सहायकमा १ देखि ५ सम्म र सहयोगी तर्फ दरबन्दी अनुसारका सबै पद पूर्ति भएको अवस्था छ । गएको पाँच वर्षमा केन्द्रको लागि १४ करोड २० लाखदेखि ६८ करोडसम्म बजेट विनियोजन गरिएको थियो । यस अवधिमा केन्द्रले ८ करोड १३ लाख देखि ४६ करोड ४६ लाखसम्म खर्च गरेका थिए । यसबाट केन्द्रहरूले विशेष गरी साना सिंचाई, विभिन्न बाली उत्पादन र प्रवर्धन कार्यक्रम, कृषि वीमा, व्याज अनुदान, बाली र पशुपक्षी संरक्षण, कृषि तथ्यांक संकलन, बाँझो जग्गा खेती, कृषि फर्म स्थापना, ग्रीन हाउस निर्माण, खाद्य सुरक्षा र पोषण, रैथाने बाली संरक्षण, खेती विस्तार, कृषि आधुनिकीकरण, जलवायु मैत्री गाउँ र फलफूल खेती जस्ता कार्यहरू गरेका थिए । चालु आर्थिक वर्षमा केन्द्रको लागि ३ करोड २० लाखदेखि ८ करोड १९ लाखसम्म रकम विनियोजन गरिएको छ । आवश्यक परेको बेलामा सहयोग र सल्लाह दिने र सीमित काम गर्नको लागि दुई वा दुइभन्दा बढी जिल्लाको कार्य क्षेत्र भएको सक्षम संरचना स्थापना गरी जिल्लास्तरका ज्ञान केन्द्रहरूलाई खारेज गर्न उपयुक्त हुन्छ ।

**पशु सेवा तालिम केन्द्र**मा ११ दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ४, सहायक ४ र सहयोगी ३ दरबन्दी रहेको छ । केन्द्रमा १ पदमा बाहेक सबै १० पद पूर्ति भएको छ । विगत पाँच वर्षमा केन्द्रको लागि १३ करोड ९९ लाख रकम विनियोजन गरिएकोमा १० करोड ७२ लाख खर्च भएको थियो । यसवाट केन्द्रले विशेष गरी कृतिम गर्भाधान तालिम, बाख्रा पालन तालिम, घाँसको नर्सरी व्यवस्थापन, ट्याङ्की निर्माण र आवासको व्यवस्थापन जस्ता कार्य सम्पन्न गरेको थियो । चालु आर्थिक वर्षमा केन्द्रको लागि २ करोड ४२ लाख रकम विनियोजन गरिएको थियो । कृषि व्यवसाय प्रवर्धन सहयोग र तालिम केन्द्र, वन अनुसन्धान तथा तालिम केन्द्र र पशु विकास तालिम केन्द्रसँग एकीकरण गरी कृषि, पशु विकास, वन तालिम तथा अनुसन्धान केन्द्रको रूपमा संचालनमा ल्याउन उपयुक्त हुन्छ ।

**मत्स्य विकास केन्द्र**मा १० जना कर्मचारीको दरबन्दी रहेको छ । यो दरबन्दीमा अधिकृत १, सहायक ६ र सहयोगी ३ को दरबन्दी रहेको छ । दरबन्दी मध्ये ६ पद पूर्ति भएको छ, यसमा अधिकृत १, सहायक ३ र सहयोगी २ पद रहेको छ । विगत पाँच वर्षमा केन्दको लागि कुल १० करोड ४३ लाख रकम विनियोजन गरिएकोमा ७ करोड ६४ लाख खर्च भएको थियो । यस अवधिमा खास गरी मत्स्य मोडेल फार्म स्थापना, महामारीजन्य रोग नियन्त्रण, मत्स्य यान्त्रिकरण सहयोग, नयाँ मत्स्य पोखरी निर्माण र माछाका भुरा वितरणको कार्य भएको थियो । चालु आर्थिक वर्षमा केन्द्रको लागि ३ करोड १० लाख रकम विनियोजन गरिएको छ । केन्द्रलाई मत्स्य सम्बन्धी गतिविधिको मुख्य केन्द्रको रूपमा स्थापित गरी प्रदेशभरको मत्स्य विकासको कार्य क्षेत्र तोक्न उपयुक्त देखिन्छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको** संख्या जिल्लागत रूपमा ११ रहेको छ । यी केन्द्रमा न्यनतम् ७ देखि अधिकतम् १४ सम्म दरबन्दी रहेको छ । यो दरबन्दीमा अधिकृत १ देखि ९ जनासम्म, सहायक १ देखि ६ जनासम्म र सहयोगी २ वा ३ जना दरबन्दी रहेको छ । दरबन्दी अनुसारको पदपूर्तिमा व्यापक विविधता रहेको

छ, न्यूनतम् ३ देखि ११ सम्म पदहरू पूर्ति भएको देखिन्छ। विगत पाँच वर्षको अवधिमा केन्द्रको लागि ७ करोड ७९ लाखदेखि ४६ करोड ६३ लाख सम्म बजेट विनियोजन गरिएमा ५ करोड ५५ लाखदेखि  ३५ करोड ५५ लाखसम्म रकम खर्च भएको थियो। यो पाँच वर्षको अवधिमा खर्च फेस हाउस सुधार, कृतिम गर्भाधान, मत्स्य पोखरी निर्माण, व्यावसायिक फर्म स्थापना, पूर्ण खोप कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण, गाई भैंसी विकास कार्यक्रम, फर्मको यान्त्रीकीकरण, कृषक क्षमता अभिवृद्धि, पकेट क्षेत्र प्रवर्धन र घाँस स्रोत केन्द्र स्थापना जस्ता कार्यहरू सम्पादन गरेका थिए। चालु आर्थिक वर्षमा यी केन्द्रको लागि कुल १ करोड ८९ लाख  देखि ८ करोड ५३ लाखसम्म बजेट विनियोजन गरिएको छ। अस्पातलमा जोडिएका पशु सेवा विज्ञ केन्द्रलाई जिल्लास्तरमा नराखी एकभन्दा बढी जिल्ला हेर्ने गरी कृषिसँगै राख्न उपयुक्त हुन्छ। भेटिरिनरी अस्पताललाई यथावत राखी पशु सेवा विज्ञ केन्द्र छुट्याई खारेज गर्ने निर्णय उपयुक्त हुन्छ।

**पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना** २०७९ सालमा एसियन डेभलपमेन्ट बैंक लगायतका दाताको ऋण र अनुदान सहायता उपयोग गर्ने गरी सुरु भएको थियो। नवलपुर बाहेक बाँकी १० जिल्ला कार्य क्षेत्र भएको यो अयोजनाको लागि कुल ११ जनाको दरबन्दी स्वीकृत छ। दरबन्दी संरचनामा अधिकृत ७, सहायक २ र सहयोगी २ रहेको छ। अधिकृततर्फ ७ मध्ये ६, सहायकमा २ मध्ये १ र सहयोगीको सबै पद पूर्ति छ। विगत तीन वर्षको अवधिमा आयोजनको लागि ४४ करोड ८९ लाख रकम विनियोजन गरिएकोमा करिब ४ करोड ९४ लाख मात्र खर्च भएको थियो। यसवाट भौतिक संरचना निर्माण, फार्म पूँजीगत सूधार, ३४.४५ हेक्टरमा कागती तथा सुन्तला वगैचा निर्माण र १४५५ रोपनीमा विभिन्न फलफूल वगैचा निर्माणको लागि संझौता, अगुवा कृषक र परामर्शदाता छनोट गर्ने जस्ता काम भएको थियो। चालु आर्थिक वर्षमा आयोजनाको लागि २२ करोड ६३ लाख रकम विनियोजन गरिएको छ। दाताको सहायाता परिचालनको लागि संरचना गरिएकोले आयोजनाको कार्यान्वय क्षमता बढाउनको लागि आवश्यक जनशक्ति र साधन स्रोत अवश्यकता अनुसार उपलब्ध गराउन आवश्यक भए पनि हाल आयोजनालाई यथावत संचालन गर्न उपयुक्त हुन्छ।

**भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयमा** सचिवको नेतृत्वमा ३४ जना कर्मचारीको दरबन्दी रहेको छ। दरबन्दीमा अधिकृत २३, सहायक १ र सहयोगी १० दरबन्दी कायम गरिएको छ। यस मध्ये २५ पद पूर्ति भएको छ। अधिकृत १४, सहायक १ र सहयोगी १० पद पूर्ति भएको छ। विगत पाँच वर्षमा मन्त्रालयको लागि ३ अरव २१ करोड ५६ लाख रकम विनियोजन गरिएकोमा ७४ करोड ५६ लाख रकम खर्च भएको थियो। यो यस अवधिमा विशेष गरी सडक, सडक पुल र झोलुङ्गे पुलको डीपीआर बनाउने, वातावरणीय असरको अध्ययन, कार्यालय भवन निर्माण एवं मर्मत सम्भार र समस्याग्रस्त आयोजनाको समस्या समाधान गर्ने जस्ता कार्यहरू गरेको थियो। चालु आर्थिक वर्षमा मन्त्रालयको लागि ७ करोड ४९ लाख रकम विनियोजन गरिएको छ। नीतिगत, समन्वयात्मक र सहजीकरण, तथा अनुगमन गर्ने दायित्व भएको यो मन्त्रालय विद्यमान दरबन्दीको हिसाबले भद्दा देखिन्छ। मन्त्रालयमा हाल ३ महाशाखा र ७ शाखा रहेको छ। मन्त्रालयमा प्रविधिको प्रयोगलाई जोड दिई अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा प्रत्येक महाशाखा र शाखामा एक एक अधिकृत रहने गरी ७ अधिकृतस्तरको दरबन्दी कायम गर्ने, मन्त्रालयमा प्रशासनिक अधिकृतको सख्या २ मा सीमित गर्ने रअभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने निर्णय हुन उपयुक्त हुन्छ।

**पूर्वाधार विकास निर्देशनालय**मा २१ जना कर्मचारीको दरबन्दी रछ। दरबन्दी अधिकृततर्फ ११, सहायकमा ५ र सहयोगी ५ गरी वितरण भएको छ। दरवन्दी मध्ये १३ पद पूर्ति भएको छ। यसरी पूर्ति भएको पदमा अधिकृत ४, सहायक ४ र सहयोगी ५ पद रहेको छ। बितेको पाँच वर्षमा निर्देशनालयको लागि २ अरव ३२ करोड ६७ लाख रकम विनियोजन गरिएकोमा १ अरव ७ करोड ८५ लाख रकम खर्च भएको थियो। यस अवधिमा विशेष गरी सडक पुल संझौता, सडक पुलको डीपीआर, झोलुङ्गे पुलको उपकरण खरीद र हस्तान्तरण, पुल निर्माण

र सडक निर्माण दिशानिर्देश तयार गर्ने जस्ता कार्यहरू सम्पादन भएको थियो । चालु आर्थिक वर्षमा निर्देशनालयको लागि ३९ करोड ८८ लाख रकम विनियोजन गरिएको छ।:नीति निर्माण एवं निर्णय गर्ने मन्त्रालय र कार्यस्थलमा कार्यक्रम कार्यान्वयन गर्ने जिल्लास्तरका पूर्वाधार कार्यालय रहेको सन्दर्भमा बीचको तहको रूपमा रहेको निर्देशनालयको भूमिका औचित्यपूर्ण नदेखिएकोले पूर्वाधार विकास निर्देशानालय खारेज गर्ने निर्णय उपयुक्त हुन्छ ।

**पूर्वाधार विकास कार्यालय** प्रदेशका सबै जिल्लामा छ । कार्यालयमा दरबन्दीको संख्या ११ देखि २४ सम्म छ । दरबन्दीमा अधिकृत १ देखि १२ सम्म, सहायक १ देखि १३ सम्म र सहयोगी २ देखि ४ सम्म वितरण भएको छ । कार्यालयहरूमा ६ पददेखि १७ पदसम्म पूर्ति भएको देखिन्छ । पूति पद मध्ये अधिकृततर्फ १ देखि ९ सम्म, सहायकमा पनि १ देखि ९ सम्म र सहयोगीमा २ देखि ४ पदसम्म पूर्ति भएको देखिन्छ । विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि कुल ८५ करोड ८३ लाख देखि ६ अरव २४ करोडसम्म विनियोजन भएको थियो भने कार्यालयले ६१ करोड ६७ लाखदेखि ४ अरव १९ करोड ६४ लाखसम्म खर्च गरेका थिए । यो रकमबाट विशेष गरी सडक निर्माण, सडक पुल निर्माण, झोलुगे पुल निर्माण, सडक मर्मत र स्तर उन्नती, सडक पुल मर्मत र सरकारी भवन मर्मत सभार जस्ता कार्य संम्पन्न भएका थिए । चालु आर्थिक वर्षमा कार्यालयको लागि ५६ करोड २२ लाखदेखि १ अरव ९० लाखसम्म रकम विनियोजन गरिएको छ । गण्डकी प्रदेश अन्तरगतका अरु जिल्लामा रहेका कार्यालयहरूवाट पनि पूर्वाधार निर्माणका काम भईरहेका छन् । यी कामको प्रकृति हेर्दा उच्चस्तरीय विशिष्टता आवश्यक पर्ने कामको संख्या एकदम कम छ । हाल भईरहेका काम इन्जिनियरिङ विषय अध्ययन गरेका र केही हदसम्म कार्यानुभव भएका जनशक्तिबाट नै सम्पादन हुन सक्दछ । यस अवस्थामा प्रदेश सरकार मार्फत गरिने सम्पूर्ण भौतिक पूर्वाधार निर्माण र सम्भारको काम एकीकृत रूपमा एकै ठाउँबाट गराउन सक्दा प्रभावकारी र कम खचिर्लो पनि हुन्छ । प्रदेश सरकार मातहत संचालन हुने सम्पूर्ण भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको कामको लागि पर्याप्त जनशक्ति सहितको एक संरचना निर्माण गरी हाल विद्यमान भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको कार्य गर्ने सबै संरचना खारेज गर्न उपयुक्त हुन्छ ।

**यातायात व्यवस्था कार्यालय** ५ वटा छन् । कास्कीमा रहेका २ कार्यालय मध्ये एकले सवारी सम्बन्धी र अर्कोले सवारी चालक अनुमति पत्रसम्बन्धी मात्र काम गर्दछन् भने बाँकी तीन कार्यालयले सवारी र सवारी चालक अनुमति पत्रसम्बन्धी दुवै किसिमका काम गर्दछन् । यी कार्यालयमा कर्मचारी दरबन्दीका संख्या १५ देखि ३३ सम्म रहेको छ । यो संरचना भित्र अधिकृतको पद २ देखि २१ सम्म, सहायकको २ देखि १२ सम्म र सहयोगीको ३ देखि ५ सम्म रहेको छ । यी कार्यालयमा पदपूर्ति ९ देखि २३ जना सम्म छ । पूर्ति भएको पदमा अधिकृतको १ देखि १६ सम्म, सहायकको १ देखि ७ सम्म रहेको छ । सहयोगीको दरबन्दी भने सबै कार्यालयमा पूर्ति छ । बितेको पाँच वर्षमा यी कार्यालयको लागि ४ करोड ८ लाखदेखि १८ करोड ७७ लाखसम्म रकम विनियोजन गरिएकोमा ५० लाख ६८ हजारदेखि १६ करोड २७ लाखसम्म खर्च भएको थियो । मुख्य रूपमा सवारी दर्ता र जाँच पास, सवारी नवीकरण, चालक अनुमति पत्रको परीक्षा संचालन, अनुमति पत्र वितरण र नवीकरण, सवारी वर्कशप, कारखाना वा प्रशिक्षण केन्द्रको निरीक्षण अनुगमन, सवारीको रुट इजाजत र सवारी कर लगायतका राजस्व संकलनको कार्य भएका थिए । चालु आर्थिक वर्षमा यी कार्यालयको लागि १ करोड ९१ लाखदेखि ४ करोड ४१ लाखसम्म रकम विनियोजन गरिएको छ । प्रत्यक्ष सेवा प्रवाहमा संलग्न यातायात कार्यालयहरूमा १६ अधिकृत र १२ सहायकको दरबन्दी रिक्त रहेको छ । यस सन्दर्भमा भईरहेको संरचनालाई निर्धारित दरबन्दी अनुसार जनशक्ति आपूर्ति गरी निरन्तरता दिनुपर्ने देखिन्छ ।

**ग्रामिण सडक सञ्जाल सुधार आयोजना**मा कुल १२ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ६, सहायक १ र सहयेगी ५ दरबन्दी रहेको छ । दरबन्दी मध्ये ९ पद पूर्ति भएको छ । पूर्तिमा अधिकृततर्फ ५, सहायकतर्फ

१ र सहयोगीतर्फ ३ पद पूर्ति भएको छ । वितेको दुई आर्थिक वर्षमा आयोजनाको लागि ७१ करोड ९९ लाख विनियोजन गरिएकोमा कुल १२ करोड ३९ लाख खर्च भएको थियो । यो रकमबाट आयोजनाले ३ वटा सडकको ठेक्का लगाएको थियो भने १ वटा सडकको वोलपत्र आह्वान गरेको थियो । चालु आर्थिक वर्षमा आयोजनाको लागि ८८ करोड ३ लाख विनियोजन गरिएको छ । आयोजनाको काममा प्रभावकारिता देखिदैन तर दाताको शर्तको रूपमा स्थापना गरिएको निकाय भएकोले हाललाई निरन्तता दिन उपयुक्त हुन्छ ।

**शहरी विकास तथा भवन कार्यालय**मा १२ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ८, सहायक १ र सहयोगीको संख्या ३ रहेको छ । कार्यालयमा स्वीकृत १२ मध्ये ७ पद पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा अधिकृत ४ र सहयोगी ३  पद रहेको छ । विगत पाँच वर्षमा कार्यालयको लागि १ अरव ७८ करोड ५ लाख रकम विनियोजन गरिएकोमा १ अरव ४२ करोड रकम खर्च भएको थियो । यो रकमबाट विशेष गरी सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार, सरकारी कार्यालयहरूलाई प्राविधिक सहयोग र शहरी सडक निर्माणको काम सुरु गर्ने जस्ता कामहरू भएका थिए । चालु आर्थिक वर्षमा कार्यालयको लागि २८ करोड रकम विनियोजन गरिएको छ । जिल्लाको कार्य क्षेत्र रहने गरी सम्पूर्ण भौतिक पूर्वाधार निर्माण र सम्भारको लागि एकीकृत कार्यालयको रूपमा भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय रहने र यो कार्यालयमा भवन निर्माण सम्बन्धी इन्जिनियर र सव इन्जिनियरहरू रहने भएकोले यो संरचना अब सान्दर्भिक नभएकोले खारेज गर्न उपयुक्त हुन्छ ।

**वन तथा वातावरण मन्त्रालय**मा प्रदेश सचिवको नेतृत्वमा ३४ जना विभिन्न विधाका कर्मचारी दरबन्दीको व्यवस्था रहेकोमा ६ दरबन्दी रिक्त रहेको देखिन्छ । अधिकृततर्फ १४ दरबन्दी मध्ये १३ जना पूर्ति रही १ पदमात्र रिक्त छ भने सहायकतर्फ ५ पद रिक्त रहेको छ । सहयोगी कर्मचारीको सबै दरबन्दी पूर्ति रहेको छ । विगत पाँच वर्षमा मन्त्रालयको लागि ६९ करोड ३१ लाख रकम विनियोजन गरिएकोमा २३ करोड ३१ लाख खर्च भएको थियो । यो रकमबाट विशेष गरी शहरी, राष्ट्रिय र सामुदायिक वन विकास कार्यक्रम, पन्चासे संरक्षण क्षेत्र व्यवस्थापन, जडिबुटी र गैरकाष्ठ वनपैदावार खेती विकास र विस्तार, वन क्षेत्रका चुनौति व्यवस्थापन, विपद जोखिम न्यूनीकरण र प्रकोप व्यवस्थापनका कार्यहरू भएको थियो । यस आर्थिक वर्षमा मन्त्रालयको लागि ५ करोड २३ लाख बजेट विनियोजन गरिएको छ । मन्त्रालयमा अधिकृत र सहायक कर्मचारी दुबैको संख्या धेरै छ । सहयोगीको संख्या पनि अत्यधिक छ । शाखाको संख्या पनि धेरै देखिन्छ । मन्त्रालयको खर्च गर्न सक्ने क्षमता भने सीमित छ । मन्त्रालयको वर्तमानको संरचना भद्दा र कम प्रभावकारी देखिएको छ । मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा तीन महाशाखा र तीन शाखा मात्र कायम गरी जम्मा ७ अधिकृत दरबन्दी कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने निर्णय सान्दर्भिक हुन्छ ।

**वन निर्देशनालय**मा २९ जनाको दरबन्दी रहेकोमा अधिकृत ११ सहायक १२ र सहयोगी ६ जनाको दरबन्दी रहेको छ । अधिकृत १०, सहायक ८ र सहयोगीको सवै पद पूर्ति भएको देखिन्छ । हाल ५ दरबन्दी रिक्त रहेकोमा अधिकृत १ र सहायक४ पद छ । विगत पाँच आर्थिक वर्षमा कार्यालयको लागि २० करोड ३५ लाख विनियोजन भएकोमा १३ करोड ७६ लाख खर्च भएको थियो । उपलब्धि नियाल्दा ५ पटक योजना तर्जुमा तथा योजना तर्जुमा गोष्ठी भएको, पञ्चासे वन क्षेत्रको संरक्षणको लागि भौतिक पूर्वाधार निर्माण गरिएको, विकास आयोजनाहरूले ओगटेको वन क्षेत्र र वन्य जन्तुले पुऱ्याएको क्षतिको अनुगमन गरिएको, भू तथा जलाधार व्यवस्थापनको कार्य तथा कटान भएका रुखमा टाँचा लगाउने काम गरिएको देखिन्छ । चालु आर्थिक वर्षको लागि कार्यालयको निम्ती ५ करोड ३२ लाख विनियोजन गरिएको छ नीति निर्माण गर्ने मन्त्रालय र कार्यान्वयन गर्ने डिभिजन र सव डिभिजन कार्यालयहरू भएको अवस्थामा र अनुगमन, समन्वय र सहजीकरण गर्नु पर्ने ११ जिल्ला मात्र रहेको

सन्दर्भमा मन्त्रालय र फिल्ड तहका संरचना को बीच दोश्रो तहको संरचना सान्दर्भिक नदेखिएकोले वन निर्देशनालय खारेज गर्ने ।

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा** १० जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ३, सहायक ४ र सहयोगीको संख्या ३ रहेको छ । अधिकृत ३ मध्ये २, सहायक ४ मध्ये ३ र सहयोगी ३ मध्ये २ पद पूर्ति भएको देखिन्छ । केन्द्रको लागि वितेको पाँच आर्थिक वर्षमा १० करोड ८ लाख रकम विनियोजन गरिएको ८ करोड ८३ लाख खर्च भएको थियो । यसवाट विशेष गरी विभिन्न ११ अध्ययन अनुसन्धान र विभिन्न १२ किसिमका तालिमहरू संचालन गरेको थियो । चालु आर्थिक वर्षको लागि २ करोड ३६ लाख विनियोजन गरिएको छ । यसरी सानो दरबन्दी भएको र थोरै मात्र काम गर्ने छुट्टै संरचना बनाउदा चालु खर्च बढी हुन जाने हुन्छ । त्यस कारण यस्ता संरचनाको चालु खर्च कम गरी दक्षता हासिल गर्नको लागि समान किसिमको काम गर्ने अर्को संरचनामा गाभ्नु उपयुक्त हुन्छ । कृषि र वनको घनिष्ठ सम्बन्ध रहेकोले यो केन्द्रलाई कृषि सम्बन्धी तालिम प्रदान गर्ने प्रादेशिक संरचनामा गाभ्नु सान्दर्भिक हुन्छ ।

**डिभिजन वन कार्यालय** ११ वटा छन् । डिभिजन वन कार्यालय मातहत प्रत्येक जिल्लामा बढीमा ९ वटासम्म सबडिभिजन कार्यालयहरू रहेका छन् । सबैभन्दा धेरै दरबन्दी नवलपुरमा ११३ रहेको छ भने मुस्ताङमा १७ दरबन्दी छ । अधिकृतको दरबन्दी सबैभन्दा धेरै १५ देखि थोरै १ जनको मात्र दरबन्दी छ । सहायकतर्फ धेरै २६ र थोरै १ जनाको दरबन्दी रहेको छ । त्यसै गरी सहयोगीतर्फ वन रक्षकसमेत धेरैमा ७२ र थोरैमा ९ जना रहेको छ । सहयोगीको कुल दरबन्दीमा वन रक्षको संख्या ३१५ रहेको छ । वन रक्षकको दरबन्दी सबैभन्दा धेरै ६५ र थोरै ५ जनामात्र रहेको छ । कार्यालय सहयोगीको दरबन्दी सबै जिल्लामा ४ रहेको छ । अधिकृत १०६ र सहायक ६८ पद पूर्ति भएकोछ । वन रक्षक बाहेकका सबै कार्यालय सहयोगीको पदपूर्ति भएको पाइन्छ । वन रक्षकतर्फ १३२ पद रिक्त रहेको देखिन्छ । विगत पाँच वर्षमा यी डिभिजनलाई तोकिएको जिम्मेवारी पूरा २ अरव ५० करोड ९० लाख रकम विनियोजन गरिएकोमा १ अरव ५७ करोड ७६ लाख खर्च भएको थियो । यसवाट वन अपराध अनुसन्धान र तहकिकात, सामुदायिक वनको नियमन, डढेलो नियन्त्रण, विरुवा उत्पादन र वितरण, काठ दाउरा उत्पादन र वितरण, पोखरी, पार्क र उद्यान निर्माण, जडिबुटी खेती विस्तार, वन संरक्षण, विकास र सम्वर्धन, वन्यजन्तु मानव द्वन्द्व तथा घाइते वन्यजन्तुको उद्धार र व्यवस्थापनको काम गरेका थिए । चालु आर्थिक वर्षको लागि ५० करोड ९६ लाख रकम विनियोजन गरिएको छ । जनशक्ति पनि दरबन्दी अनुसार नभएका, खर्च गर्ने क्षमता पनि कमजोर रहेका र कानुनी रूपमा पनि कुनै बाधा अवरोध नहुने कुरालाई दृष्टिगत गर्दा जिल्लागत कार्य क्षेत्र रहेका डिभिजन वन कार्यालयहरू खारेज गरी एकभन्दा बढी जिल्लाको कार्य क्षेत्र भएका सुदृढ डिभिजन वन कार्यालय बनाउने र भईरहेका सव डिभिजन कार्यालयहरूलाई सुदुढ गर्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**भू तथा जलाधार व्यवस्थापन कार्यालय** तनहुँ र पर्वत दुई जिल्लामा छन् । तनहुँको कार्य क्षेत्रमा ५ जिल्ला र पर्वतको कार्यक्षेत्रमा ६ जिल्ला पर्दछन् । यी दुवै कार्यालयमा कुल ३४ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत १४, सहायक १० र सहयोगी ५ दरबन्दी रहेको छ । दुवै कार्यालयमा पदपूर्तिको अवस्था समान १२ रहेको छ । यस मध्ये अधिकृततर्फ तनँहुमा ४ पदपूर्ति भई २ पद खाली रहेको छ भने पर्वतमा ७ पदपूर्ति भई १ पद खाली रहेको छ । त्यसै गरी सहायक तनहुँमा ४ पदपूर्ति भई २ पद रिक्त रहेको छ भने पर्वतमा ३ पद पूर्ति भई १ पद रिक्त रहेको छ । त्यसै गरी कार्यालय सहयोगीतर्फ तनहुँमा ४ पदपूर्ति भई १ रिक्त रहेको छ भने पर्वतमा २ पद पूर्ति भई २ पद नै रिक्त रहेको छ । विगत पाँच वर्षमा तनहुँको कार्यालयको लागि ८९ करोड ६५ लाख र पर्वत ८३ करोड ९५ लाख रकम विनियोजन गरिएको थियो भने खर्च क्रमशः तनहुँमा ७९ करोड ८८ लाख र पर्वतमा ६६ करोड खर्च भएको थियो । यी रकमवाट कुवा, पोखरी तथा वस्ती संरक्षण, जलाधार क्षेत्र संरक्षण, गल्छी पहिरो नियन्त्रण, खोला किनार संरक्षण र नदी उकास तथा जग्गा संरक्षण जस्ता कामहरू

सम्पन्न भएका थिए । चालु आर्थिक वर्षमा तनहुँको लागि १० करोड ७८ लाख र पर्वतको लागि १० करोड ५७ लाख रकम विनियोजन गरिएको छ । कार्यालयहरूलाई जलाधार क्षेत्र तोकी सोही अनुसारको जिम्मेवारी भएको कार्यालयको रूपमा स्थापित गर्ने र तोकिएको जलाधार क्षेत्रमा मात्र यिनीहरूको गतिविधि सीमित गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**मा सचिवको नेतृत्वमा ५१ कर्मचारीको दरबन्दी रहेको छ । यो दरबन्दी संरचनामा २० अधिकृत, १३ सहायक र १८ सहयोगीको व्यवस्था छ । मन्त्रालयमा, ४२ पद पूर्ति भएको छ । पूर्तिमा अधिकृत १८, सहायक ८ र सहयोगी १६ पद पूर्ति भएको देखिन्छ । विगत पाँच वर्षमा मन्त्रालयको लागि ७ अरव ४९ करोड बजेट विनियोजन ५ अरव ५ करोड खर्च भएको थियो । यो रकमबाट विशेष रूपमा प्रदेश शिक्षा नीति निर्माण, विद्यार्थीलाई छात्रवृत्ति एवं अन्य राहत सहयोग, विद्यालयको स्तरोन्नती लगायत विशेष कक्षा संचालनको लागि सहयोग, साक्षर गण्डकी प्रदेश घोषणा र सक्षम महिला समानान्तर पाइला कार्यक्रम आदि सम्पन्न भएको थियो । चालु आर्थिक वर्ष मा मन्त्रालयको लागि ४ अरव ३५ करोड विनियोजन गरिएको छ । मन्त्रालयमा अधिकृत कर्मचारीहरूको संख्या अत्यधिक छ । मन्त्रालयमा रहेका १६ जना कार्यालय सहयोगीको संख्या असाधारण छ । मन्त्रालयमा चालु खर्चको हिस्सा अत्यधिक रहेको र यो वृद्धि हुदै गईरहेको छ । यस अवस्थामा मन्त्रालयको संरचनालाई चुस्त र छरितो बनाउन उपयुक्त हुने देखिन्छ । मन्त्रालयको काम कारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा पाँच महाशाखा र पाँच शाखा मात्र कायम गरी महाशाखा वा शाखामा एक एक जना अधिकृत मात्र रहने गरी जम्मा ११ अधिकृतको दरबन्दी कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने निर्णय सान्दर्भिक हुन्छ ।

**शिक्षा विकास निर्देशनालय**मा ३५ जना कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी संरचनामा अधिकृत १६, सहायक १४ र सहयोगी ५ पदको व्यवस्था छ । दरबन्दी मध्ये २७ पद पूर्ति भएको छ । पूर्ति रहेको पदमा अधिकृत १३ जना, सहायक १० जना र सहयोगी ४ जना रहेका छन् । विगत पाँच वर्षको अवधिमा निर्देशनालयको लागि ३४ करोड ५१ लाख रकम विनियोजन गरिएकोमा ९ करोड २४ लाख रकम खर्च भएको थियो । यो रकमबाट विशेष गरी एकीकृत शैक्षिक सूचना प्रणाली व्यवस्थापन, माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन, स्थायी अनुमति पत्र परीक्षा संचालन, परम्परागत विद्यालय लगायतका विद्यालय सुधार र विद्यार्थी छात्रवृत्ति जस्ता कार्य सम्पन्न भएको थियो । चालु आर्थिक वर्षमा निर्देशनालयको लागि १३ करोड ३९ लाख रकम विनियोजन गरिएको छ । निर्देशनालयको मुख्य काम भनेको विद्यार्थी र शिक्षकको परीक्षा व्यवस्थापन र एकीकृत शैक्षिक सूचना प्रणालीको संचालन हो । यो दुई काम अन्य निकायवाट गराउने व्यवस्था मिलाएर शिक्षा विकास निर्देशनालय खारेज गर्ने निर्णय उपयुक्त हुन्छ ।

**शिक्षा तालिम केन्द्र**मा १९ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ८, सहायक ५ र सहयोगी ६ दरबन्दी रहेको छ । केन्द्रका सबै पदहरू पूर्ति भएको छ । केन्द्रलाई विगत पाँच वर्षमा १४ करोड ३४ लाख विनियोजन गरिएकोमा ११ करोड ३० लाख खर्च भएको थियो । यो रकमबाट विभिन्न किसिमका तालिम संचालन गरेको थियो । आर्थिक वर्ष २०८१/८२ मा केन्द्रको लागि ३ करोड २ लाख रकम विनियोजन गरिएको छ । प्रदेशभित्र ठूलो संख्यामा शैक्षिक संस्थाहरू रहेकोले व्यवस्थापन समितिका पदाधिकारी, कर्मचारी र शिक्षकहरूको संख्या ठूलो हुने भएकोले यिनीहरूको क्षमता विकासको लागि तालिम केन्द्रको अपरिहार्यता रहेको छ । शिक्षा विकास निर्देशनालय खारेज गर्न प्रस्ताव गरिएको सन्दर्भमा शिक्षक तालिम केन्द्रलाई परीक्षा व्यवस्थापन तथा शिक्षक तालिम केन्द्र नामकरण गरी थप जिम्मेवारी सहित संचालन गर्न उपयुक्त हुन्छ ।

**प्रदेश संग्रहालय**मा १० जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ३, सहायक ५ र सहयोगी २ रहेका छन् । संग्रहालयका ८ पद पूर्ति भएको छ । पूर्ति भएका पदमा अधिकृत ३, सहायक ३ र सहयोगी २ रहेका

छन् । विगत पाँच वर्षको अवधिमा संग्रहालयको लागि १७ करोड ८३ लाख रकम विनियोजन गरिएको १२ करोड २ लाख खर्च भएको थियो । यसवाट विशेष गरी सामग्री संकलन, संरक्षण सम्बन्धी कार्यक्रम र संग्रहालयको स्तरोन्नती गर्ने काम भएको थियो । चालु आर्थिक वर्षमा संग्रहालयको लागि २ करोड ७६ लाख रकम विनियोजन गरिएको छ । प्रदेशको संस्कृति र परम्पराको संरक्षण र प्रवर्धनको लागि प्रदेश संग्रहालयको आवश्यकता रहेकोले यो संरचनालाई निरन्तरता दिन उपयुक्त हुन्छ ।

**रोजगार सूचना केन्द्र**मा कुल ४ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत १, सहायक २ र सहयोगी १ रहेको छ । केन्द्रका २ पद पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा सहायक १ पद र सहयोगी १ पद रहेको छ । बितेको पाँच वर्षमा केन्द्रको लागि २ करोड ९८ लाख विनियोजन गरिएको थियो । यस अवधिमा केन्द्रले कुल ९१ लख ९९ हजार खर्च गरेको थियो । यसवाट केन्द्रले बेरोजगारको लगत संकलन, वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रम, रोजगारदातासँग अन्तरक्रिया र सूचनामूलक स्टल संचालन गर्ने जस्ता कामहरू गरेको थियो । चालु आर्थिक वर्षमा केन्द्रको लागि ६५ लाख ६१ हजार विनियोजन गरिएको छ । सूचना केन्द्रको सीमित मात्र भूमिका रहने भएकोले केन्द्रलाई छुट्टै निकायको रूपमा संचालन गर्नु वाञ्छनीय नभएकोले केन्द्रले गरी आएको काम पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालयबाट गराउने गरी रोजगार सूचना केन्द्र खारेज गर्न उपयुक्त हुन्छ ।

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र** कास्कीमा २०४२ साल र पर्वतमा २०४९ सालमा स्थापना भएका थिए । कास्कीको केन्द्रमा १० र पर्वतको केन्द्रमा १३ जनाको दरबन्दी रहेको छ । कास्कीमा अधिकृत ३, सहायक ५ र सहयोगी २ को दरबन्दी छ भने पर्वतमा अधिकृत ३, सहायक ८ र सहयोगीको दरबन्दी २ छ । कास्कीको केन्द्रमा ८ पद पूर्ति रहेको छ भने पर्वतमा ११ पद । पूर्ति पदमा कास्कीमा अधिकृत २, सहायक ४ र सहयोगी २ छन् भने पर्वतमा अधिकृत २, सहायक ७ र सहयोगी २ छन् । बितेको पाँच वर्षमा कास्की र पर्वतको लागि क्रमशः १५ करोड २७ लाख र १० करोड ९० लाख रकम विनियोजन गरिएको थियो । यो अवधिमा कास्की र पर्वतको खर्च क्रमशः ११ करोड ३४ लाख र ९ करोड १९ लाख रहको थियो । यी केन्द्रले यस अवधिमा विशेष गरी विभिन्न किसिमका व्यवसायिक तथा सीपमूलक तालिम संचालन गरेका थिए । चालु आर्थिक वर्षमा कास्की र पर्वतको लागि क्रमशः २ करोड ८० लाख र १ करोड ३५ लाख विनियोजन गरिएको छ । दक्षता तथा प्रभावकारिता अभिवृद्धिको लागि पर्वतको केन्द्रलाई प्रकरण पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालय बागलुङमा र कास्कीको केन्द्र लाई पर्यटन तथा उद्योग डिभिजन कार्यालय कास्कीमा समाहित गर्न उपयुक्त हुन्छ ।

**सामाजिक विकास कार्यालयहरू**मा चार किसिमको दरबन्दी संरचना देखिन्छ, दुई जिल्लामा ७, एक जिल्लामा ८, सात जिल्लामा ९ र एक जिल्लामा १० छ । यो दरबन्दी संरचना अनुसार अधिकृत दरबन्दी १ देखि ६ सम्म, सहायक १ देखि ५ सम्म र सहयोगी २ र ३ दरबन्दी रहेको देखिन्छ । पदपूर्ति ३ देखि १० पदसम्म रहेको छ । विगत तीन वर्षको अवधिमा कार्यालयको लागि ८ करोड ५४ लाखदेखि ४९ करोड ३६ लाखसम्म विनियोजन गरिएको थियो । यस अवधिमा कार्यालयहरूले चालुतर्फ १ करोड ५४ लाखदेखि ७ करोड ९ लाखसम्म र पूँजीगततर्फ ४ करोड १९ लाखदेखि ३५ करोड ८० लाख सम्म खर्च गरेका थिए । यसवाट विशेषत:विभिन्न सचेतनामूलक कार्यक्रम,विद्यालय र सामुदायिक भवन निर्माण, खेल मैदान निर्माण, सांस्कृतिक सम्पदाको संरक्षण, विभिन्न लक्षित वर्गको कार्यक्रम, दिवस र सांस्कृतिक कार्यक्रम आयोजना गर्ने जस्ता कार्य भएका थिए । चालु आर्थिक वर्षमा कार्यालयलाई ३ करोड २७ लाख देखि ३४ करोड ८ लाखसम्म रकम विनियोजन गरिएको छ । सामाजिक विकास कार्यालयबाट भइरहेको भौतिक निर्माण र मर्मत संभारको काम प्रदेश सरकार मातहतका पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यालयहरूबाट गराउने र समाज कल्याणका काममा स्थानीय सामाजिक संघ

सस्था परिचालन गर्ने व्यवस्था मिलाई ११ जिल्लामा रहेका सामाजिक विकास कार्यालय खारेज गर्ने निर्णय हुन उपयुक्त हुन्छ ।

**स्वास्थ्य मन्त्रालयमा** सचिवको नेतृत्वमा ३३ जनशक्तिको दरबन्दी रहेको छ । यसमा २२ अधिकृत, १ सहायक र १० कार्यालय सहयोगी दरवन्दी छ । मन्त्रालयमा पदपूर्तिको अवस्था भने राम्रो देखिदैन । रिक्त रहेको ८ पद सबै नै अधिकृत दरबन्दीको छ । विगत तीन वर्षमा ८ अरव ५३ करोड रकम विनियोजन गरिएकोमा ५ अरव ७९ करोड खर्च भएको थियो । यो रकमबाट मन्त्रालय र मातहतका निकायबाट नियमित सेवा वाहेक सर्पदंश उपचार केन्द्र र उच्च उचाईको विरामी उपचार केन्द्रको स्थापना र संचालन, स्वास्थ्य संस्थाहरूमा औषधिको आपूर्ति, स्वास्थ्य उपचार सम्बन्धी नीति निर्माण, स्वास्थ्य बीमा कार्यक्रम, डायलाइसिस् सेवा र विद्यालय नर्स जस्ता कामहरू संचालन गरिएको थियो । चालु आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायको लागि २ अरव ७६ करोड विनियोजन गरिएको छ । मन्त्रालयको संरचना भद्दा छ । मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने, सचिवको नेतृत्वमा तीन महाशाखा र तीन शाखा मात्र कायम गरी महाशाखा वा शाखामा एक एक जना अधिकृतमात्र रहने गरी जम्मा ७ अधिकृत दरबन्दी कायम गर्ने र अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउन उपयुक्त हुन्छ ।

**क्षयरोग नियन्त्रण केन्द्र**मा २३ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ४, सहायक १३ र सहयोगी ६ पद रहेको छ । केन्द्रमा अधिकृत ३, सहायक १० र सहयोगी ६ गरी १९ पद पूर्ति छ । विगत पाँच वर्षमा केन्द्रको लागि कुल १८ करोड १८ लाख रकम विनियोजन गरिएकामा १३ करोड १८ लाख खर्च भएको थियो । यो रकमबाट वितेको पाँच वर्षमा वहिरङ्ग सेवा (६४३८ जना) जेनएक्सपर्ट र एच आई भी परीक्षण सेवा (४३२६ वटा ) र वि एस एल ल्याबको स्थापना गरिएको थियो । चालु आर्थिक वर्षमा केन्द्रको ४ करोड ९३ लाख रकम विनियोजन गरिएको छ । प्रयोगशाला सेवा बाहेक अन्य कामको लागि केन्द्रबाट प्रदान भईरहेको विशिष्टिकृत सेवालाई निरन्तरता दिई अन्य उपयुक्त निकायमा केद्रलाई समायोजन गर्दा खर्च बचाई सेवामा अवरोध नआउने अवस्था श्रृजना गर्न सकिन्छ । केन्द्रले गर्ने मुख्य काम प्रयोगशाला मार्फत नै गराउनुपर्ने हुनाले केद्रबाट प्रदान हुँदै आएको विशिष्टिकृत सेवा अवरुद्ध नहुने गरी केन्द्रलाई प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा गाभेर संचालन गर्न उपयुक्त हुन्छ ।

**जनरल तथा सरुवा रोग अस्पताल** कोभिडको महामारी फैलिएको बेला उपचार र रोकथामको लागि स्थापना भएको थियो । केन्द्रको लागि स्वीकृत दरबन्दी रहेको छैन । विगत पाँच वर्षमा अस्पतालको लागि कुल ४३ करोड २८ लाख रकम विनियोजन गरिएमा २४ करोड ६१ लाख खर्च भएको थियो । यो रकमबाट बितेको पाँच वर्षमा विशेष गरी कोभिडका विरामीको पहिचान र उपचार, कोभिड विरुद्ध खोप सेवा, आकस्मिक उपचार सेवा, निःशुल्क होमोडायलाईसिस् सेवा, र स्वास्थ्य बीमा जस्ता गतिविधि संचालन भएको थियो । चालु आर्थिक वर्षमा अस्पतालको लागि ७ करोड २२ लाख रकम विनियोजन गरिएको छ । कोभिड महामारीको बेला स्थापना भएको यो अस्पातालबाट हाल डायलाइसिस सेवा बाहेक अन्य खासै गतिविधि संचालन भएको देखिदैन । अस्पतालको लागि छुट्टै दरबन्दीको व्यवस्था पनि हालसम्म गरिएको छैन । हालअवस्था समान्य भई सकेकोले यस अस्पतालले हाल दिइ अएको सेवा अन्य अस्पतालमा स्थानान्तरण गरेर यो अस्पताललाई खारेज गर्न उपयुक्त हुन्छ ।

**जनस्वस्थ्य प्रयोगशाला**मा १४ दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ९, सहायक २ र सहयोगी ३ पद रहेको छ । यस मध्ये अधिकृत ८, सहायक २ र सहयोगी ३ गरी १३ पद पूर्ति छ । विगत पाँच वर्षमा प्रयोगशालाको लागि १८ करोड ४८ लाख रकम विनियोजन गरिएकोमा ११ करोड १४ लाख खर्च भएको थियो । यस अवधिमा प्रयोगशालाले विशेष गरी निजीस्तरमा स्थापना भएका प्रयोगशालको दर्ता र अनुगमन, ११ जिल्लाबाट प्राप्त नमूना परीक्षण, विभिन्न किसिमका तालिम र पीसीआर ल्याब स्थापना र संचालन जस्ता कार्य गरेको थियो ।

चालु आर्थिक वर्षमा प्रयोगशालाको लागि ६ करोड १७ लाख रकम विनियोजन गरिएको  छ । क्षयरोग नियन्त्रण केन्द्र, जनस्वास्थ्य प्रयोगशालामा गाभी  प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग नियन्त्रण केन्द्र नामकरण गरी दुवै सेवा यहीवाट प्रदान गर्न उपयुक्त हुन्छ ।

**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**मा १७ दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ९ सहायक २ र सहयोगी ६ पद छ । केन्द्रमा अधिकृत ८, सहायक २ र सहयोगी ६ गरी १६ पद पूर्ति रहेको छ । विगत पाँच वर्षमा केन्द्रको लागि कुल ७३ करोड ३८ लाख विनियोजन गरिएको थियो । यसबाट केन्द्रले पाँच वर्षमा ४७ करोड ३९ लाख खर्च गरको थियो । यस अवधिमा विशेष गरी औषधि र उपकरण खरिदको योजना, खरिद र प्रदेशभरका स्वास्थ्य संस्थामा वितरण, एच आईभी पिडीतको लागि पौष्टिक आहार खरिद र वितरणको कार्य भएको थियो । चालु आर्थिक वर्षमा केन्द्रको लागि २२ करोड २ लाख विनियोजन गरिएको छ । प्रदेश सरकार मातहतका सम्पूर्ण स्वास्थ्य संस्थामा औषधि आपूर्ति गर्ने यो निकाय हालकै संरचनामा अझ प्रभावकारीढंगबाट संचालन गर्नु उपयुक्त हुन्छ । केन्द्रको काम कारवाहीलाई प्रभावकारी पार्न वार्षिक खरिद योजनासहित आपूर्तिको तालिका बनाउन लगाई सोही अनुसार उत्तरदायी बनाएर परिचालन गर्नु पर्दछ ।

**स्वास्थ्य निर्देशनालय**मा  ३२ दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत २६, सहायक ० र सहयोगी ६ पद रहेको छ । निर्देशनालयमा अधिकृत २२ र सहयोगी ६ गरी २८ पद पूर्ति रहेको छ भने अधिकृत ४ पद रिक्त रहेको छ । विगत पाँच वर्षमा निर्देशनालयको लागि ११ करोड २९ लाख विनियोजन गरिएको थियो । यसवाट निर्देशनालयले पाँच वर्षमा ७ करोड ७९ लाख खर्च गरेको थियो । यो रकमवाट विशेष गरी विभिन्न स्थानमा विभिन्न किसिमका स्वास्थ्य शिविर, आधुनिक र वैकल्पिक स्वास्थ्य सेवाको एकीकरण, सरकारी र गैरसरकारी संस्थासँग समन्वय, निजी अस्पताल, डेन्टल क्लिनिक र इमेजिङ सेन्टर संचालनको स्वीकृति र नवीकरण र स्वास्थ्य सूचना प्रणालीको संचालन र व्यवस्थापन जस्ता कार्यहरू सम्पादन भएको थियो । चालु आर्थिक वर्षमा निर्देशनालयको लागि १२ करोड ८५ लाख विनियोजन गरिएको  छ । यसको मुख्य काम भनेको अनुगमन र सुपरीवेक्षण हो । त्यो काममा पनि विद्यमान प्रशासनिक व्यवस्थाले यो निकाय प्रभावकारी छैन । भद्दा संरचना भएको कारण यो निकायको संचालनमा वर्षेनी ठूलो परिमाणको चालु खर्च भईरहेछ । यी सब कारणहरूवाट यो निकायको उपादेयता पुष्टि हुदैन । त्यसकारण अन्य निकायको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन क्षमता सुदृढ गरेर यो निकायलाई खारेज गर्न उपयुक्त हुन्छ ।

**स्वास्थ्य तालिम केन्द्रमा** १५ दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत १२ र सहयोगी ३ पद छ । केन्द्रमा व्यवस्थित सबै दरबन्दी पूर्ति भएको छ । विगत पाँच वर्षमा तालिम केन्द्रको लागि कुल ४६ करोड ८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल २९ करोड ८३ लाख रकम खर्च गरेको थियो । यस अवधिमा केन्द्रले विशेष गरी विभिन्न किसिमका तालिम, कोभिड हेल्थ डेस्क, वार्षिक योजना तर्जुमा, प्रशिक्षार्थी छनौट, तालिम हल निर्माण, र अनुगमन तथा सुपरीवेक्षण जस्ता कार्यहरू गरेको थियो । चालु आर्थिक वर्षमा केन्द्रले विनियोजित रकम मध्ये हालसम्म १० करोड ७३ लाख रकम खर्च गरेको छ । प्रत्येक वर्ष स्वास्थ्य तालिम केन्द्रले श्रावण महिनामा कुल स्वास्थ्य जनशक्तिको २० प्रतिशतलाई अनिवार्य तालिम दिने गरी तालिमको कार्ययोजना बनाई मन्त्रालयबाट स्वीकृत गराउने र मन्त्रालयले कार्ययोजना बमोजिम भए नभएको अनुगमन गरेर केन्द्रलाई उत्तरदायी बनाउने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

**प्रदेश जनस्वास्थ्य कार्यालय** ११ वटा छन् । यी कार्यालयमा कर्मचारी दरबन्दीको संख्या ११ देखि १५ सम्म छ । यो संरचनामा अधिकृतको संख्या  १  देखि १० सम्म र सहायकको १ देखि ८ सम्म छ । सहयोगीको दरबन्दी सबैमा समान ३ छ । यी कार्यालयमा ७ देखि १५ वटासम्म पदपूर्ति भएको देखिन्छ । यसरी पूर्ति भएको पदमा अधिकृत १ देखि ९ पद, सहायक १ देखि ८ र सहयोगीका सबै पद पूर्ति छ । विगत पाँच वर्षको अवधिमा यी

कार्यालयको लागि ५ करोड ८१ लाखदेखि ४४ करोड ४४ लाखसम्म बजेट विनियोजन गरिएकोमा ९ करोड ३५ लाखदेखि ३० करोड १५ लाखसम्म खर्च भएको थियो । यस अवधिमा कार्यालयले विशेष गरी कोभिड लगायतका महामारी नियन्त्रण, नियमित खोप, पोषण सम्बन्धी कार्यक्रम, मातृ शिशु कार्यक्रम, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य, टी वी र एच्आईभी परीक्षण, हात्तीपाइले रोग म्यापिङ, विभिन्न तालिम, परिवार नियोजन र किशोर किशोरी सेवा, उच्च भेगीय स्वास्थ्य कार्यक्रम र निजी स्वास्थ्य संस्था दर्ता र अनुगमन जस्ता काम गरेका थिए । चालु आर्थिक वर्षमा यी कार्यालयलाई ३ करोड २८ लाखदेखि ७ करोड ४ लाखसम्म रकम विनियोजन गरिएको छ । अस्पताल संचालनको जिम्मेवारी प्रदेशको र स्थानीय तहमा रहेका स्वास्थ्य चौकी संचालनको जिम्मेवारी स्थानीय तहमा रहेको सन्दर्भमा जिल्ला जनस्वास्थ्य कार्यालयको भूमिका एकदम साँघुरिएको छ । यी निकाय प्रत्यक्ष स्वास्थ्य सेवा दिने भूमिकामा छैनन् । यी निकायबाट भईआएको अत्यावश्यक कोल्ड चेन कायम गर्ने र स्थानीय स्वास्थ्यकर्मीको सम्पर्क निकायको काम जिल्लाका अरु स्वास्थ्य निकायबाट हुने व्यवस्था मिलाई यी निकायलाई खारेज गर्न उपयुक्त हुन्छ ।

**प्रदेश अस्पताल** ११ वटा छन् । यी अस्पतालमा १९ देखि ७८ सम्मको दरबन्दी रहेको छ । यो दरबन्दी संरचनाभित्र अधिकृत २ देखि ३२ सम्म, सहायक ५ देखि ३६ सम्म र सहयोगी ७ देखि १२ पदसम्म रहेको छ । यसरी वितरित दरबन्दीमा १६ देखि ६८ पदसम्म पूर्ति भएको छ । यसरी पूर्ति भएका पदमा अधिकृत २ देखि २४ पदसम्म, सहायक २ देखि ३६ पद सम्म र सहयोगी ७ देखि १२ पदसम्म पूर्ति भएको देखिन्छ । विगत पाँच वर्षमा यी अस्पतालको लागि कुल २० करोड ३७ लाखदेखि ९३ करोड ८८ लाखसम्म रकम विनियोजन गरिएको थियो । विनियोजित रकम मध्ये अस्पतालले ११ करोड ७१ लाखदेखि ७० करोड ५९ लाखसम्म खर्च गरेका थिए । यसबाट विशेषतः डेन्टल, आँखा, एक्सरे, आई सी यु, सी सी यु, ओ पी डी, डायलाईसिस् जस्ता विविध सेवाको सुरु र विस्तार, फोहर मैला व्यवस्थापन, अक्सिजन प्लान्ट निर्माण, मेसिनरी औजार खरिद, प्रयोगशाला भवन निर्माण, स्वास्थ्य शिविर संचालन, अस्पताल भवन निर्माण जस्ता कार्य सम्पन्न भएका थिए । चालु आर्थिक वर्षमा अस्पतालको लागि कुल ६ करोड ७० लाखदेखि ५८ करोड ६२ लाखसम्म रकम विनियोजन गरिएको छ । अस्पतालहरूमा बेड विस्तारले अतिरिक्त जनशक्ति र आर्थिक भार श्रृजना गर्ने हुनाले अक्युपेन्सी दरसमेतलाई समेटेर बेड विस्तार मापदण्ड बनाई सोही अनुसार मात्र विस्तार गर्नु आवश्यक हुन्छ । सबै अस्पतालको सेवालाई बढाउदै लैजाने भन्दा पनि केही अस्पताललाई रिफेरल अस्पताल तोकी त्यहाँ विस्तारित र निश्चित सेवा प्रभावकारी ढङ्गबाट प्रदान गर्न उपयुक्त हुन्छ । स्वास्थ्य सेवाको महत्व दर्शाउन र टाढा रहेका, स्वास्थ्य समस्या भएका तर अत्यावश्यक नभइ सेवा नलिएकाहरुलाई सेवा दिन अस्पतालहरूले नियमित रूपमा कार्यतालिका बनाएर स्वास्थ्य शिविरहरू संचालन गर्नु उपयुक्त हुन्छ । इन्टर्न चिकित्सकको सेवा बारेमा उपयुक्त नीति बनाएर मात्र कार्यान्वयन गर्नु राम्रो हुन्छ ।

**प्रदेश आयुर्वेदिक चिकित्सालय** ११ वटा छन् । कास्कीमा रहेको गण्डकी आयुर्वेद अस्पतालमा २९ कर्मचारी दरबन्दी छ भने अन्य बाँकी चिकित्सालयमा ६ वा ७ दरबन्दी छ । कास्कीमा अधिकृत दरबन्दी ९ छ भने बाँकीमा १ देखि ४ सम्म छ । सहायक कास्कीमा १५ छ भने बाँकीमा १ देखि ४ छ । सहयोगी दरबन्दी २ देखि ५ सम्म छ । चिकित्सालयमा ४ देखि ७ पदसम्म पूर्ति भएको छ । कास्कीमा २३ र बाँकी १० वटा कार्यालय मध्ये २ वटामा कुनै पद रिक्त रहेको छैन भने अरु ८ वटामा १ देखि ३ पदसम्म रिक्त रहेको छ । विगत पाँच वर्षमा चिकित्सालयको लागि ४ करोड ९३ लाखदेखि ८ करोड १८ लाखसम्म रकम विनियोजन गरिएको थियो । यस अविधिमा चिकित्सालयले कुल ३ करोड ७४ लाखदेखि ९ करोड ५४ लाखसम्म खर्च गरेका थिए । यसबाट विशेष गरी रोगको उपचार, निदान तथा परामर्श सेवा, औषधि वितरण, पूर्वकर्म र पञ्चकर्म उपक्रम सेवा, विद्यालय आयुर्वेद तथा योग शिक्षा, जेष्ठ नागरिक आरोग्य सेवा, स्वस्थ्य जीवन शैली प्रवर्धन, भान्सा सुधार, क्षमता अभिवृद्धि तालिम र जडिबुटी पहिचान जस्ता कार्यहरू सम्पादन गरेका थिए । चालु आर्थिक वर्षमा यी

चिकित्सालयलाई १ करोड २२ लाखदेखि २ करोड ९१ लाखसम्म रकम विनियोजन गरिएको छ । आयुर्वेद चिकित्सालायहरू अत्यन्त न्यून जनशक्तिमा संचालित छन् । स्वीकृत दरबन्दी अनुसारका पदहरू पनि पूर्ति हुन सकेका छैनन् । यिनीहरूको सेवा पनि खास प्रभावकारी नभएको मात्र हैन सेवामा एकरुपता पनि छैन । आयुर्वेद चिकित्सालाई एक वैकल्पिक विधिको रूपमा प्रतिस्पर्धी रूपमा विकास गर्न आयुर्वेद चिकित्सालयहरूलाई सम्बन्धित प्रदेश अस्पतालमा आयुर्वेद उपचार कक्ष स्थापना गरी संचालन गर्न उपयुक्त हुन्छ ।

**गण्डकी प्रदेश नीति तथा योजना आयोगमा** २३ दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ११, सहायक ४ र सहयोगी ८ पद छ । दरबन्दीका १७ पद पूर्ति भएको छ । विगत पाँच वर्षमा आयोगको लागि २४ करोड ३७ लाख रकम विनियोजन गरिएको थियो । यसबाट आयोगले १४ करोड ७८ लाख खर्च गरेको थियो । यसबाट आयोगले विशेष गरी नीति तथा योजना सम्बन्धी दस्तावेज प्रकाशन, आयोजना बैंक निर्माण, विकास कार्यक्रमको अनुगमन मूल्यांकन, विभिन्न अध्ययन अनुसन्धान, मध्यकालीन खर्च संरचना सम्बन्धी निर्देशिका निर्माण र दोस्रो पञ्च वर्षिय योजना तर्जुमा जस्ता कामहरू गरेको थियो । चालु आर्थिक वर्षमा अयोगलाई ९ करोड ५६ लाख विनियोजन गरिएको छ । आयोगको विकास आयोजना अनुगमनमा संलग्नता बढाउनु पर्दछ । त्यसै गरी आयोजनाको सुपरीवेक्षण गर्ने र मूल्यांकन गर्ने क्षमतालाई विस्तार गर्नु आवश्यक छ ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय** प्रदेश सरकारलाई कानुनी राय परामर्श दिन, प्रतिरक्षा गर्न, प्रतिनिधित्व गर्न तथा अन्य कार्य गर्नको लागि स्थापना भएको हो । कार्यालयमा मुख्य न्ययाधिवक्ता लगायत ११ जनाको दरबन्दी छ । दरबन्दीमा अधिकृत ७, सहायक १ र सहयोगी ३ पद छ । विगत पाँच वर्षमा कार्यालयको लागि ९ करोड ३३ लाख विनियोजन गरिएको थियो । यसबाट कार्यालयले ६ करोड ३३ लाख खर्च गरेको थियो । यस अवधिमा कार्यालयले ४३८ थान रिट निवेदनमा प्रतिरक्षा, कानुन व्यवसायी दक्षता अभिमुखीकरण कार्यक्रम र अभिलेखको डिजिटाइजेसन, स्थानीय तहको क्षमता अभिवृद्धि र विभिन्न समूहहरूसँग अन्तरक्रिया जस्ता काम सम्पादन गरेको थियो । चालु आर्थिक वर्षमा कार्यालयको लागि २ करोड ४८ लाख विनियोजन गरिएको छ । यो कार्यालयमा कार्यबोझको तुलनामा अधिकृत कर्मचारीको दरबन्दी बढी देखिएकोले घटाउन उपयुक्त हुन्छ ।

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**मा कार्यकारी निर्देशक लगायत २० कर्मचारी दरबन्दी छ । दरबन्दीमा अनुसार अधिकृत १२ सहायक ४ र सहयोगीको ४ पद छ । प्रतिष्ठानमा ८ पद पूर्ति भई १२ पद रिक्त रहेको छ । बितेको पाँच वर्षमा प्रतिष्ठानको लागि ६३ करोड ८८ लाख रकम विनियोजन गरिएको थियो । यस अवधिमा प्रतिष्ठानले २३ करोड ८२ लाख रकम खर्च गरेको थियो । यो रकमबाट विभिन्न प्रशिक्षण कार्यक्रम, अध्ययन अनुसन्धान, सबाल केन्द्रीत सम्वाद, ज्ञान व्यवस्थापन र संस्थागत र मानव संसाधनको विकास जस्ता कार्यहरू सम्पादन भएको थियो । यो आर्थिक वर्षमा प्रतिष्ठानको लागि ९ करोड ५९ लाख रकम विनियोजन गरिएको छ । प्रतिष्ठानमा रिक्त रहेका अधिकृत पद यथाशिघ्र पूर्ति गर्ने र कर्मचारीको पूर्व निर्धारित संख्यालाई अनिवार्य रूपमा व्यवस्थापकीय तालिम दिने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

**प्रदेश लोक सेवा आयोगमा** ४९ कर्मचारीको दरबन्दी छ । दरबन्दीमा अधिकृत १४, सहायक २२ र सहयोगी १३ पद छ । दरबन्दी मध्ये ३३ पद पूर्ति भएको छ । बितेको पाँच वर्षमा आयोगको लागि कुल ४८ करोड ११ लाख रकम विनियोजन गरिएकोमा ३२ करोड ८३ लाख खर्च भएको थियो । यसबाट आयोगले प्रदेश र स्थानीय तहको लागि उपयुक्त उम्मेदवार छनोट गरी उपलब्ध गराएको थियो । आयोगले पाठ्यक्रम निर्माण, माग संकलन र विज्ञापन, प्रश्नपत्र निर्माण, परीक्षा संचालन, उम्मेदवार सिफारिस, बढुवा समितिमा संलग्नता जस्ता गतिविधि संचालन गरेको थियो । यो आर्थिक वर्षमा आयोगको लागि १२ करोड ५८ लाख रकम विनियोजन गरिएको छ । आयोगमा रिक्त रहेका सबै दरवन्दी पूर्ति गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

**त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम** विकास समितिमा कार्यकारी निर्देशक मात्र रहेको अन्य कर्मचारी नरहेको देखिन्छ । लेखासम्बन्धी कामको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय र प्राविधिक काम नगरपालिकाको सहयोगमा वा निजी क्षेत्रबाट प्राप्त गर्ने गरिएको छ भने एक सहयोगी कन्टिन्जेन्सी रकमबाट राखिएको छ । यो समितिको लागि विगत दुई वर्षमा ३ करोड ४९ लाख रकम विनियोजन गरिएको देखिन्छ । विकास समितिले यस मध्ये ३ करोड ३७ लाख खर्च गरेको देखिन्छ । यो रकमबाट समितिले विशेष गरी त्रिवेणी क्षेत्रका मन्दीर,गुम्वा, विहार, गेट र शौचालय निर्माण तथा मेलापर्वको व्यवस्थापन गर्ने काम गरेको देखिन्छ । यस आर्थिक वर्षको लागि समितिलाई १ करोड ८ लाख रकम विनियोजन गरिएको छ । त्रिवेणी धाम क्षेत्रमा पूर्वाधार निर्माणको कार्य गुरु योजना बनाएर प्रदेश सरकारकै भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय मार्फत निर्माण गर्ने र सांस्कृतिक र सामाजिक गतिविधिमा प्रदेशले सहयोग गर्नको लागि स्थानीय सामाजिक संघ सस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्ने व्यवस्था मिलाइ हालको त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समिति विघटन गर्न उपयुक्त हुन्छ ।

**मनकामना विकास समिति**मा कार्यकारी निर्देशक सहित १६ कर्मचारी दरबन्दी छ । समितिमा १ अधिकृत, ७ सहायक र ७ सहयोगीको दरबन्दी छ । यस मध्ये १४ पद पूर्ति भएको । विगत पाँच वर्षमा समितिको लागि ५ करोड २४ लाख रकम विनियोजन गरिएकोमा ४ करोड ६८ खर्च भएको थियो । यो रकम विशेषतः सिंढी निर्माण, मन्दिर परिसरका पूर्वाधार निर्माण, मन्दिर प्रवेशद्वार निर्माण र प्रचार प्रसार कार्यमा खर्च भएको थियो । यस आर्थिक वर्षमा समितिको लागि ६१ लाख रकम विनियोजन गरिएको छ । मनकामना क्षेत्रको धार्मिक र सांस्कृतिक विकासको लागि स्थानीय संघ सस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्ने र गुरु योजना अनुसार पूर्वाधार निर्माण भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय गोरखावाट गराई हालको मनकामना विकास समिति विघटन गर्ने ।

**गण्डकी प्रज्ञा प्रतिष्ठानको** संगठन तथा व्यवस्थापन सर्भेक्षण हुन नसक्दा कर्मचारीको दरबन्दी स्वीकृत छैन । पदाधिकारी बाहेक प्रतिष्ठानमा कर्मचारीको रूपमा कार्यालय सहयोगी ३ जना छन् । विगत तीन वर्षमा प्रतिष्ठानको लागि ८ करोड ९९ लाख विनियोजन गरिएकोमा ६ करोड ८० लाख ७ खर्च भएको थियो । यो रकमबाट विशेष गरी श्रव्य-दृश्य कक्ष निर्माण, मगर र व्राम्हण संस्कृतिको पुस्तक प्रकाशन, स्रष्टाको बायोग्राफी निर्माण, जाति अनुसन्धान र गण्डकी नाट्य दर्पण पुस्तक प्रकाशन गरिएको थियो । चालु आर्थिक वर्षमा प्रतिष्ठानको लागि २ करोड ३६ लाख रकम विनियोजन गरिएको छ । प्रदेशको कला, संस्कृति, भाषा र साहित्यको संरक्षण र विकासको लागि सामाजिक संघ, संस्था परिचालन गर्ने नीति अवलम्वन गरी हालनियुक्त पदाधिकारीको अवधि सकिएपछि नयाँ नियुक्ति नगरी प्रतिष्ठान विघटन गर्न उपयुक्त हुन्छ ।

**गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान**मा १६ दरबन्दी छ । यसमा अधिकृत ९, सहायक ३ र सहयोगी ४ पद छ । स्वीकृत दरबन्दी मध्ये ८ पद पूर्ति भएको छ । विगत तीन वर्षको अवधिमा प्रतिष्ठानको लागि ९९ करोड १८ लाख रकम विनियोजन गरिएको थियो । प्रतिष्ठानले यो रकमबाट ५ करोड ५१ लाख खर्च गरेको थियो । यस अवधिमा प्रतिष्ठानले परामर्शदाता छनोट,पाठ्यक्रम निर्माण, तालिम संचालन र प्रचार सामग्री निर्माण गरेको थियो । चालु आर्थिक वर्षमा प्रतिष्ठानको लागि ९ करोड ११ लाख विनियोजन गरिएको छ । कोरियन सहयोग नियोग (कोइका) को सहयोग प्रतिवद्धता अनुरुप यस प्रकारको संरचना निर्माण गरिएको देखिएकोले यो संरचनालाई निरन्तरता दिन उपयुक्त हुन्छ ।

**प्रदेश खेलकुद परिषद**मा १७ दरबन्दी छ । यो दरबन्दीमा अधिकृत ६, सहायक ७ र सहयोगी ४ पद छ । दरबन्दी मध्ये १२ पद पूर्ति भएको छ । विगत तीन वर्षको अवधिमा परिषद्को लागि ३० करोड ६ लाख रकम विनियोजन

गरिएकोमा २२ करोड ७६ लाख रकम खर्च भएको थियो । यसबाट मुख्य रूपमा अभिमुखीकरण तालिम, रनिङ सिल्ड प्रतियोगिता, दौड प्रतियोगिता, शिक्षक अभिमुखीकरण र खेलाडी उत्पादन जस्ता कार्य भएको थियो । चालु आर्थिक वर्षमा परिषदलाई १० करोड ९४ लाख रकम विनियोजन गरिएको छ । खेलकुदका भौतिक पूर्वाधार निर्माणमा सम्बन्धित भौतिक पूर्वाधार निर्माण र सम्भार कार्यालयलाई परिचालन गर्ने, खेलाडीको उत्पादन, विकास, कल्याण र खेलकुद प्रतियोगिताहरू आयोजना गर्न यस क्षेत्रमा कार्यरत सार्वजनिक र निजी क्षेत्रसँग सहकार्य गर्ने र ठूला खेलकुद प्रतियोगिता आयोजना गर्दा आवश्यकता अनुसार आवधिक संरचना बनाएर गर्ने नीति अख्तियार गरेर प्रदेश खेलकुद परिषद् खारेज गर्न उपयुक्त हुन्छ ।

**गण्डकी विश्वविद्यालय**मा शिक्षण कार्यमा संलग्न हुने ४७ र अन्य ८४ गरी १३१ जनाको दरबन्दी छ । यो दरबन्दीमा प्राध्यापक ४९, शिक्षण सहायक १०, प्रशासनिक १५ र सहयोगीको संख्या २७ रहेको छ । दरबन्दी मध्ये ७५ पद पूर्ति भएको छ । विगत तीन वर्षको अवधिमा विश्वविद्यालयको लागि ७० करोड ७२ लाख रकम विनियोजन गरिएकोमा ६४ करोड ५१ लाख रकम खर्च भएको थियो । यस अवधिमा मुख्य रूपमा विभिन्न भवन र ल्याब निर्माण, जग्गा प्राप्ति र संरक्षण, विभिन्न विषयको पाठ्यक्रम निर्माण, विभिन्न विषयको शैक्षिक कार्यक्रम संचालन र मेसिनरी औजार खरिद जस्ता काम भएको थियो । चालु आर्थिक वर्षमा विश्वविद्यालयलाई १५ करोड रकम विनियोजन गरिएको छ । विश्वविद्यालयलाई अरु विश्वविद्यालयले संचालनमा नरहेका तर गण्डकी प्रदेशका युवाहरूको रोजगारीको अवसरको हिसावले महत्वपूर्ण रहेका शैक्षिक गतिविधिमा संलग्न गराउने र मनासिव गण्डकी प्रदेशलाई प्राविधिक जनशक्ति उत्पादनको एक प्रमुख केन्द्रको रूपमा स्थापना गर्नको लागि ५ वर्षभित्र वहुउद्देश्यीय प्राविधिक विश्वविद्यालयमा रुपान्तरण गर्न उपयुक्त हुन्छ ।

**ताल संरक्षण तथा विकास प्राधिकरण**मा ८ दरबन्दी छ । दरबन्दीमा अधिकृत २, सहायक ४ र सहयोगी २ पद छ । यहाँ रहेका ८ दरबन्दी मध्ये ६ पद पूर्ति भएको छ । बितेको चार आर्थिक वर्षमा प्राधिकरणको लागि ९ करोड ९३ लाख रकम विनियोजन गरिएकोमा ७ करोड १० लाख खर्च भएको थियो । यो रकमबाट मुख्य रूपमा फेवा तालको संरक्षण तथा सौन्दर्यीकरण तथा पदमार्ग निर्माण, २० भन्दा बढी दह,पोखरी र तालहरूको संरक्षण मर्मत संभार र सौन्दर्यीकरण, प्रदेशभित्रका ताल र हिमतालहरूो भौगोलिक सूचना प्रणाली तयार गरी प्रमाणीकरण, सीमसार पुनर्भरणको योजना निर्माण र ताल सूचना वोर्ड र प्रणाली स्थापना गर्ने जस्ता कार्य भएको थियो । चालु आर्थिक वर्षमा प्राधिकरणको लागि १ करोड ८२ लाख विनियोजन गरिएको छ । वन प्राविधिकको सल्लाह सम्बन्धित सव डिभिजन वा डिभिजनमा कार्यरत जनशक्तिबाट प्राप्त गरी भौतिक निर्माणको काममा सम्बन्धित जिल्लाको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयलाई र प्रचार प्रसारको काममा पर्यटन, उद्योग तथा समाज कल्याण डिभिजनलाई परिचालन गर्ने व्यवस्था मिलाएर यस प्राधिकरणलाई खारेज गर्न उपयुक्त देखिन्छ ।

# अध्ययनको खाका

## १. भूमिका

संवत् २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएसँगै नेपाल एकात्मक शासन व्यवस्था भएको मुलुकबाट संघीय लोकतान्त्रिक मुलुकमा रूपान्तरण भएको छ । राज्यलाई स्थानीय तह, प्रदेश र संघ गरी तीन तहमा पुनर्संरचित गरिएको छ । संविधान जारी भएपश्चात पहिलो पटक २०७४ सालमा र दोस्रो पटक २०७९ सालमा तीनवटै तहको निर्वाचन सम्पन्न भएका छन् । ७५३ स्थानीय सरकार, ७ वटा प्रदेश सरकार र एक संघीय सरकार गरी कुल ७६१ वटा सरकार निर्वाचित प्रतिनिधिहरूको नेतृत्वमा क्रियाशील छन् ।

गण्डकी प्रदेश सरकारको गठन २०७४।११।०४ मा भएको हो । प्रदेशस्तरमा सरकार गठनको तयारीसँगै नेपाल सरकारले आवश्यक प्रशासनिक संरचनाहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरेको थियो । यही संगठन संरचनालाई निर्वाचनद्वारा गठित प्रदेश सरकारले अनुमोदन गरेपछि प्रदेश सरकारको प्रशासनिक आकार निश्चित भएको थियो । गण्डकी प्रदेश सरकार आधारभूत रूपमा यही नेपाल सरकारले स्वीकृति गरेको प्रशासनिक संरचना अनुसार नै संचालनमा छ । यद्यपि, सरकार गठन भई सकेपछि कतिपय नियमित संरचना थपघट भएका छन् भने प्रदेश ऐन, गठन आदेश र प्रदेश सरकारको निर्णयबाट थप संरचनाहरु श्रृजना भई संचालनमा रहेका छन् ।

प्रदेश सरकारले आफना कार्यकारिणी निकायहरु थप घट गर्न सक्ने भए पनि विभिन्न कारण गण्डकी प्रदेशमा संरचनाहरुको संख्या स्थापनाकालमा भन्दा निरन्तर वढी रहको छ । वर्तमानमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित १० वटा मन्त्रालय[4] रहेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय र आर्थिक मामिला मन्त्रालय बाहेकका ६ वटा मन्त्रालय मातहत ७ वटा निर्देशनालय र ९ वटा निर्देशनालय सरहका निकायहरु रहेका छन् । त्यसै गरी डिभिजन कार्यालय २७, जिल्लास्तर कार्यालय ९९, आयोजना २, अन्य कार्यालय १० र प्रदेश ऐन, गठन आदेश, र कार्यकारी आदेशबाट गठन भएका १० समेत गरी कुल १७४ कार्यालय/निकाय संचालनमा छन् । प्रदेश सरकारले यस अगाडि गठन भई अस्तित्वमा रहेका तीन निकाय खारेज गरेको थियो । सञ्चालनमा निकायहरुको विवरण अनुसूची-१ मा संलग्न छ ।

प्रदेश सरकारवाट प्राप्त पछिल्लो तथ्यांक अनुसार यस प्रकारका संरचनामा कुल ३४११ दरबन्दी रहेको छ । यो दरबन्दीमा तीन किसिमका जनशक्ति कार्यरत छन् । प्रदेश सरकारका निश्चित पदमा संघीय निजामती सेवा अन्तरगतका कर्मचारीहरु रहने व्यवस्था छ भने अन्य दरबन्दीमा सघीय सरकारको निजामती सेवाबाट प्रदेश स्थापनाको बेला समायोजन भई आएका र प्रदेश लोक सेवा आयोगवाट सिफारिस भई नियुक्त भएका कर्मचारी कार्यरत छन् । वास्तवमा प्रदेश सरकार यस

[4] संवैधानिक निकाय मुख्य न्यायाधिवक्ताको कार्यालय पनि यसमा समावेश छ ।

प्रकारका तीन बेग्ला बेग्लै कार्य संस्कृति भएका कर्मचारीको कर्म क्षेत्र भएको छ। प्रदेशका प्रशासनिक संरचनाको संख्या र आकार बढेसँगै कर्मचारीको दरबन्दी र पदपूर्तिमा पनि क्रमिक विस्तार भई रहेको छ ।

प्रदेश सरकार संचालनको मुख्य श्रोत भनेको संघीय अनुदान, राजस्व र रोयल्टीको बाँडफाँट, आन्तरिक राजस्व, महशुल र अन्य आम्दानी र प्रदेश ऋण हो। यी सवै श्रोत आर्थिक सामाजिक र अर्थ राजनीतिक कारणले प्रभावित भईरहन्छ। पछिल्लो समय कोभिडपछि देशको अर्थतन्त्रले खासै गति लिन नसक्दा संघबाट प्राप्त हुने र आन्तरिक आम्दानी दुबै दवावमा रहको कारण आयमा उल्लेख्य वृद्धि हुन सकेको छैन। फेरि, प्रदेशभित्र संरचना र सोमा कार्यरत जनशक्तिको निरन्तर विस्तारले प्रदेश सरकारको खर्च प्रत्यक्ष प्रभावित हुन्छ। यस अवस्थामा प्रदेशमा आर्थिक सामाजिक विकासका कामलाई थप गतिशील र दिगो बनाउन प्रदेश सरकारलाई चुनौतिको सामना गर्नु पर्ने अवस्था निर्माण भइरहेको छ। अर्कोतिर, स्थापना भएको लामो कालखण्ड व्यतित भइसकेको सन्दर्भमा प्रदेश सरकारहरुले आफनो अस्तित्वलाई अझ बलियो गरी स्थापित गर्नु पर्ने दायित्व पनि छ।

संविधानले प्रदेश सरकारलाई आफनो कार्य क्षेत्रमा स्वायत्तताको ग्यारेण्टी गरेको छ। स्वायत्तत्ता भनेको निरन्तरताको स्वतन्त्रता मात्र होइन, अरु सरकार भन्दा अलग र प्रभावकारी बन्ने बनाउने अवसर पनि हो। गण्डकी प्रदेश सरकार स्थापना भएको २०८२ सालसम्म आई पुग्दा करिब ८ वर्ष भइसकेको छ। यस पृष्ठभूमिमा प्रदेश सरकारले आफना कामकारवाहीको विहङ्गम समीक्षा गरी भविष्यको लागि उत्तम मार्ग पहिल्याउनु सान्दर्भिक भएको छ। यसरी आत्म समीक्षा गर्दै अगाडि बढने प्रयास अरु सरकारको लागि पनि प्रेरणादायी हुन सक्दछ।

यही सन्दर्भमा गण्डकी प्रदेश सरकारका मौजुदा मन्त्रालयहरू तथा मातहतका नियमित संरचना र प्रदेश ऐन वा गठन आदेश वा अन्य कार्यकारी निर्णयद्वारा गठन भई सञ्चालनमा रहेका संरचना/निकायको औचित्य र प्रभावकारिता अध्ययन गरी आवश्यक सिफारिस गर्नको लागि गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ चैत्र १२ गतेको निर्णय अनुसार नेपाल सरकारका पूर्वसचिव शरद चन्द्र पौडेलको संयोजकत्वमा तीन सदस्यीय **प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति** गठन भएको भएको थियो। प्रस्तुत प्रतिवेदन यही समितिले गरेको अध्ययनको आधारमा तयार गरिएको छ।

## २. समितिको संरचना

(क) शरदचन्द्र पौडेल, संयोजक

(ख) अच्युत लामिछाने, सदस्य

(ग) महेश्वर नरसिंह के.सी.,सदस्य

## ३. अध्ययनको उद्देश्य

गण्डकी प्रदेश सरकारले यो अध्ययनको नतिजाले देहाय बमोजिमका उद्देश्यहरू पूरा हुने अपेक्षा गरेको थियो :-

(क) प्रदेश सरकारका नियमित प्रशासनिक संरचना मन्त्रालय, निर्देशनालय, निर्देशनालय सरहका निकाय, डिभिजन कार्यालय, जिल्लास्तरीय र अन्य कार्यालय र आयोजनाहरुको कार्य क्षेत्र, भूमिका, प्रभावकारिता र आवश्यकताको विस्तृत विश्लेषण गर्ने,

(ख) प्रदेश ऐन वा गठन आदेश वा कार्यकारी निर्णयद्वारा गठन भई संचालनमा रहेका निकायहरूको भूमिका, प्रभावकारिता र आवश्यकताको विश्लेषण गर्ने,

(ग) माथि (क) र (ख) मा उल्लेख भए अनुसारका निकायको दक्षता र प्रभावकारिता अभिवृद्धिका उपायहरू पहिचान गर्ने ।

## ४. अध्ययनको कार्य क्षेत्र

समितिलाई तोकिएको कार्य क्षेत्र (Terms of Reference,TOR) देहाय बमोजिम थियो :

(१) जनशक्ति व्यवस्थापन सम्बन्धी मौजुदा नीति/ऐन/कानुनको अध्ययन तथा विश्लेषण गर्ने,

(२) सेवा प्रवाह प्रणाली चुस्त र कार्यमुखी बनाउन तथ्यपरक अध्ययन तथा विश्लेषण गर्ने,

(३) विद्यमान कार्यप्रणाली र संरचनाको विश्लेषण गर्ने,

(४) प्रदेशका लागि आवश्यक जनशक्ति, दरबन्दी र परिपूर्तिको प्रक्षेपण गर्ने,

(५) गण्डकी प्रदेश सरकारका मौजुदा मन्त्रालयहरू तथा मातहतका नियमित संरचना र प्रदेश ऐन वा गठन आदेश वा अन्य कार्यकारी निर्णयद्वारा गठन भई सञ्चालनमा रहेका संरचना/निकायको औचित्य र प्रभावकारिता अध्ययन गरी सिफारिस गर्ने ।

## ५. अध्ययन अवधि

गण्डकी प्रदेश सरकारले समितिलाई अध्ययनको कार्य सम्पन्न गरी प्रदतिवेदन गर्नको लागि दुई महिनाको समय निर्धारण गरेको थियो ।

## ६. अध्ययनबाट अपेक्षित उपलब्धि

गण्डकी प्रदेश सरकारले यो अध्ययनबाट देहाय बमोजिमको उपलब्धि हासिल हुने अपेक्षा गरेको थियो :

(क) विद्यमान संरचनाहरूको पुनर्संरचनाको खाका तयार हुने ।

(ख) यी निकायको प्रभावकारिता अभिवृद्धिका उपायहरूको पहिचान हुने ।

## ७. अध्ययनको तरिका

यस अध्ययनमा गण्डकी प्रदेश सरकारका मन्त्रालय, मातहतका नियमित संरचना (प्रदेशस्तरका कार्यालय, निर्देशनालय, डिभिजन, जिल्लास्तर कार्यालय, अन्य कार्यालय र आयोजना) र प्रदेश ऐन वा गठन आदेश वा कार्यकारी निर्णयद्वारा गठन भई संचालनमा रहेका निकायहरू प्रत्येकको कार्य क्षेत्र, अधिकार, जनशक्ति, विगत ५ वर्षको विनियोजन र खर्च र सोबाट सम्पन्न कार्यहरू, चालु आर्थिक वर्षको विनियोजन र प्रदेश सरकारको नीति तथा कार्यक्रमबाट निर्धारण गरिएको जिम्मेवारी र अन्य कार्य संचालन तहका समस्याहरूको बारेमा अध्ययन गरिएको थियो । यस क्रममा प्रदेश सरकारका नियमित संरचनातर्फका १६४ र प्रदेश ऐन वा गठन आदेश वा कार्यकारी निर्णयद्वारा गठन भई संचालनमा रहेका १० वटा सहित कुल १७४ निकायको अध्ययन गरिएको थियो ।

अध्ययनको लागि प्राथमिक र द्वितीय तहको सूचना सङ्कलन गर्नुको साथै सान्दर्भिक साहित्यहरूको पुनरावलोकन र विश्लेषण गरिएको थियो । प्राथमिक तहको सूचना सङ्कलनको लागि प्रत्येक निकायको निम्ति विवरण फाराम उपलब्ध गराईएको थियो भने द्वितीय तहको सूचना सङ्कलनको लागि डेस्क अध्ययन, साहित्यको पुनरावलोकन, सरोकारवालासँग छलफल, जिल्लामा रहेका कार्यालयको स्थलगत अवलोकन र छलफल, कार्यदलमा छलफल, विज्ञसँग परामर्श जस्ता विधि अवलम्बन गरिएको थियो । संरचनाहरुको पुनारावलोकनलाई तथ्य र वस्तुपरका बनाउन अग्रिमरूपमा पुनरावलोकन तथा पुनर्संरचनाको मापदण्ड निर्धारण गरिएका थियो । अध्ययनको लागि अवलम्बन गरिएका तरिकाको विस्तृत विवरण निम्नानुसार रहेको छ :-

### ७.१ द्वितीय तहको सूचना सङ्कलन

७.१.१ डेस्क अध्ययनमा उपयोग भएका सामग्री

- नेपालको संविधान
- नेपालको संविधानको अनुसूची-५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीको कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३
- गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४
- अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६
- गण्डकी प्रदेशका कानुनहरू
- आर्थिक वर्ष २०८१/८२ को प्रदेशको नीति तथा कार्यक्रम र
- आर्थिक वर्ष २०८१/८२ को बजेट
- मन्त्रालयगत विगत पाँच आर्थिक वर्षको प्रगति विवरण

- गण्डकी प्रदेशको पहिलो आवधिक योजना र मूल्यांकन प्रतिवेदन
- गण्डकी प्रदेशको दोश्रो आवधिक योजना
- विगत पाँच आर्थिक वर्षको एकीकृत आर्थिक विवरण
- गण्डकी प्रदेश सरकारको कर्मचारी दरबन्दी र पूर्तिको एकीकृत विवरण
- गण्डकी प्रदेश सरकारका ७ वर्ष अनुभव र उपलब्धि पुस्तिका

### ७.१.२ सहित्यको पुनरावलोकन

सङ्गठन व्यवस्थापनका सिद्धान्त र तरिकासँग सम्बन्धीत किताब र लेखहरूको अध्ययन

## ७.२ प्राथमिक सूचना सङ्कलन

मन्त्रालय र मातहतका नियमित संरचना र प्रदेश ऐन, गठन आदेश वा कार्यकारी निर्णयद्वारा स्थापना भएका निकायबाट भौगोलिक अवस्थिति, कार्य क्षेत्र, अधिकारको श्रोत, विगत पाँच वर्ष (पछि स्थापना भएका निकायको हकमा स्थापना भएको आर्थिक वर्षदेखि) को कार्य प्रगति, वित्तीय अवस्था, जनशक्ति, मातहत निकाय, संगठनात्मक अवस्था, समस्या र चुनौति आदिबारे आवश्यक विवरण संकलन गर्न निकायगत हिसाबले विभिन्न ८ प्रकारका विवरण संकलन फारामहरू तयार गरिएको थियो । यसरी तयार भएका फारामहरूको नमूना अनुसूची-२ मा संलग्न छ । यी फाराम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा तालुक मन्त्रालय मार्फत मातहतका कार्यालय एवं प्रदेश ऐन बमोजिम गठन भएका, गठन आदेश वा कार्यकारी आदेश बमोजिम गठन भएका निकायमा पठाइ विवरण सङ्कलन गरिएको थियो । सम्बन्धित निकायबाट प्राप्त विवरणहरुको विद्युतीय रूप संलग्न छ ।

## ७.३. सरोकारवालासँगको छलफल, भेटघाट र स्थलगत अवलोकन

अध्ययनको खाका र अद्यावधिक अवस्थाबारे जानकारी गराउने र सम्बन्धित निकायका अधिकारीहरूबाट ती निकायका कार्य जिम्मेवारी, हालको अवस्था, देखा परेका समस्या र निकायलाई थप प्रभावकारी ढंगले संचालन गर्न गर्नुपर्ने सुधारका क्षेत्रबारे सुझाव प्राप्त गर्ने उद्देश्यले २०८२ साल बैशाख १५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाकक्षमा माननीय मुख्यमन्त्रीज्यूको समुपस्थितिमा प्रदेशका माननीय मन्त्रीज्यूहरू र सचिवज्युहरू लगायत अन्य उच्च अधिकारीहरुसंग छलफल गरिएको थियो । कार्यक्रमको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको थियो । उक्त छलफल कार्यक्रमका सहभागीहरुको विवरण अनुसूची-३ मा संलग्न छ ।

यसैगरी गण्डकी प्रदेश सरकार मातहत जिल्लास्तरमा रहेका कार्यालयहरुले पुऱ्याउदै आएको सेवा, कार्यस्थलको वातावरण र कार्यसम्पादनको समग्र अवस्थाबारे जानकारी प्राप्त गर्न स्थलगत अवलोकन गर्ने उद्देश्यले समितिले २०८२ साल बैशाख २१ गते गोरखा र २०८२ साल वैशाख २२ गते तनहुं जिल्लाका ११ कार्यालयहरूको स्थलगत अवलोकन र सम्बन्धित अधिकारीहरुसग छलफल गरेको थियो । स्थालगत अवलोकन गरिएका कार्यालय र सम्पर्क र छलफल गरिएका अधिकारीको विवरण अनुसूची-४ मा संलग्न गरिएको छ ।

### ७.४ मापदण्ड निर्धारण

समितिले आफनो जिम्मेवारी निर्वाहको लागि वस्तुपरक र पारदर्शीतालाई प्राथमिकतामा राखेर पुनरावलोकनको काम सुरु गर्नु पूर्व नै पुनरावलोकन र पुनसंरचना मापदण्ड निर्धारण गरेको थियो । यही मापदण्डलाई आधार मानेर पुनरावलोकन र पुनसरुचनाको कार्य अगाडि वढाइएको थियो । पुनरावलोकन र पुनर्संरचना मापदण्ड प्रतिवेदनको अध्याय-३ मा दिइएको छ ।

### ७.५ प्रतिवेदनको ढाँचा

प्रतिवेदनलाई विषेशतः तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा प्रदेशको परिचय, पुनरावलोकनको पृष्ठभूमि र प्रदेश सरकारको कार्य जिम्मेवारी, दोश्रो खण्डमा पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड, र क्षेत्रगत सिफारिस, तेश्रो खण्डमा विभिन्न व्यवस्थाद्वारा निर्मित निकायगत सिफारिस समावेश छ ।

## ८. प्रतिवेदनको सीमितता

समितिले आफूलाई तोकिएको अवधिमा प्रदेश सरकार मातहतका नियमित र विभिन्न व्यवस्था अनुसार निर्मित १७४ निकायको तथ्य र वस्तुपरक अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । प्रतिवेदन प्रत्येक निकायको जिम्मेवारी र कार्य सपादनस्तरमा आधारित हुदा हुदै पनि प्रतिवेदनमा देहाय बमोजिमका सीमितता रहेका थिए ।

(क) प्रत्येक निकायवाट प्राथमिक सूचना संकलन गर्नु पर्ने भएको र यी निकायहरु विभिन्न भूगोलमा छरिएर रहेका कारणले र सबै निकायको एकै किसिमको प्रतिक्रिया पनि नभएको कारण विवरण संकलनमा अपेक्षा गरिएभन्दा बढी समय लागेको थियो । फेरि, कतिपय निकायबाट प्राप्त विवरणको गुणस्तर कमजोर रहेदा प्रतिवेदनसमेत प्रभावित भएको छ ।

(ख) प्रतिवेदन तयारीको क्रममा पुनरावलोकन गरिएका निकायका अधिकारी र सरोकारवालाहरुसँग छुट्टा छुट्टै र सघन अन्तरक्रिया सम्भव भएको थिएन ।

(ग) विवरण संकलनको क्रममा जनशक्तिको विस्तृत विवरण संकलन गरिएको भएता पनि अध्ययन गर्ने क्रममा जनशक्तिलाई तह अनुसार अधिकृत, सहायक र सहयोगी तथा वर्ग अनुसार प्राविधिक र प्रशासनिक गरी छुट्याईएको छ । यसबाट जनशक्तिको वास्तविक तह र विषेशज्ञताको (सेवा, समूह वा उपसमूह) क्षेत्र खुल्दैन । यसको कारण जनशक्तिको वितरणमा प्रतिवेदन सुक्ष्म हुन सकेको छैन ।

(घ) प्रतिवेदन प्रदेश सरकारको कार्य क्षेत्रभित्रको जिम्मेवारी दक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्नको लागि उपयुक्त हुने संरचना पहिल्याउन केन्द्रीत छ । यसले कर्मचारीको वृत्ति विकासलाई प्राथमिकतामा राखेको छैन ।

(ङ) समयको सीमितता बीच १७४ वटा निकायको पुनरावलोकन गर्नुपर्ने दायित्वले गर्दा पुनर्संरचनाले उत्पन्न गर्ने कानुनी असजहता र खाडललाई विस्तृत रूपमा प्रस्तुत गर्न सकिएको छैन ।

(च) समयाभावको कारण आवश्यक हुदा हुदै पनि विषेश गरी सहकारी, स्वास्थ्य, र यातायातसँग सम्बन्धित निकायको सेवा प्रवाहको दक्षता र प्रभावकारिताका बारेमा सेवाग्राहीको प्रतिक्रिया लिन सकिएन ।

## ९. प्रतिवेदनको संरचना

यो प्रतिवेदनमा १३ वटा अध्यायहरू छन् । अध्याय सुरु हुनुभन्दा अगाडि अध्ययनको खाका र कार्यकारी सारांश समावेश छ । अध्याय एकमा पृष्ठभूमि, दुईमा प्रदेश सरकारको कार्य विभाजन, अधिकार र कर्तव्य उल्लेख गरिएको छ । अध्याय तीनमा पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड, अध्याय चारदेखि बाह्रसम्म नियमित क्षेत्रगत संरचनाको अध्ययन, अध्याय तेह्रमा विभिन्न व्यवस्थाद्वारा स्थापित संरचनाको अध्ययन समावेश छ । प्रतिवेदनको अन्त्यमा अनुसूची समावेश गरिएको छ ।

# अध्याय-१

# पृष्ठभूमि

१. वि. सं. २०७२ साल असोज ३ गते जारी नेपालको संविधान अनुसार व्यवस्थित संघीय संरचना अनुसार वि.सं. २०७४ सालमा चुनाव भएर माघ २२ गते गण्डकी प्रदेशको विधायिका गण्डकी प्रदेश सभाको गठन भएको थियो । यसरी गठन भएको प्रदेश सभाबाट २०७४ फागुन ४ गते पहिलो गण्डकी प्रदेश सरकारको गठन भएको थियो[5] । यसरी सरकारको गठन भएपछि नै औपचारिक रूपमा गण्डकी प्रदेश सरकारको स्थापना भएको हो । यही घटनालाई स्मरण गर्दै हरेक वर्ष फागुन ४ गते गण्डकी प्रदेश सरकार स्थापना दिवस मनाइने गरेको छ ।

वि.सं.२०७८ मा दोश्रो पटक प्रदेश सभाको निर्वाचन भई बनेको प्रदेश सरकार हाल कार्यरत रहेको छ । यसरी गण्डकी प्रदेश सरकार स्थापना भएको मितिदेखि २०८२ सम्म आईपुग्दा करीब ८ वर्ष व्यतित भइसकेको छ । नेपालको शासकीय इतिहासमा नवीन अभ्यासको रूपमा गठन भएको प्रदेश सरकारको काम कारवाहीको समीक्षा गर्ने यो उपयुक्त समयान्तर हो ।

२. गण्डकी प्रदेशमा अन्य प्रदेशमा जस्तै चार किसिमका संरचनाहरू रहेका पाइन्छ । पहिलो, प्रदेश सरकार स्थापना भई कार्य संचालनलाई सहजीकरण गर्नको लागि तात्कालिक नेपाल सरकारले प्रदेशको केन्द्र लगायत संक्षिप्त व्यवस्थपन सर्भेक्षणको आधारमा प्रदेश सरकारका मन्त्रालय, विभाग,र अन्य निकायहरूको नयाँ संरचना निर्माण गरी दिएको थियो । यसरी संघबाट निर्माण भई हस्तान्तरण भएका सरंचनाको संख्या १०८ रहेको थियो । दोश्रो, प्रदेश सरकार गठन भएर संचालनमा आइसकेपछि संघीय सरकारले विभिन्न मितिमा प्रदेशको कार्य क्षेत्रसँग सम्बन्धित संरचनाहरू प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो । यसरी विभिन्न मितिमा संघबाट प्रदेशलाई हस्तान्तरण भएका संरचनाको संख्या १३ रहेको थियो । तेश्रो, प्रदेश सरकार गठन भइसकेपछि विभिन्न मितिमा प्रदेश सरकारले आफू मातहत रहेका संरचनाहरू थप घट गरेको थियो । चौथौ, यस अवधिमा प्रदेश सरकारले विशेष ऐन वा गठन आदेश वा अन्य कार्यकारी आदेश मार्फत प्रदेशमा नयाँ संरचनाहरू निर्माण गरेको थियो । यसरी थप घट भएका र प्रदेश सरकारले निर्माण गरेका संरचनाको संख्या ५७ रहेको थियो । आजको मितिसम्म प्रदेश सरकारको शासकीय संरचना भनेको यिनै चार थरीका गरी १७४ संरचनाहरूको समष्टि हो । प्रदेश सरकार गठन भएको ८ वर्ष भइसकेको सन्दर्भमा केही संरचना त्यति नै वर्ष पूराना भएका र अन्य हस्तान्तरण भई आएका, थपघट भएका र नयाँ बनेका संरचना अस्तित्वमा रहको अवधि पनि लामो भइ सकेको परिप्रेक्ष्यमा हालसम्मको कार्यानुभव र वर्तमानको कार्य वातावरण समेतलाई दृष्टिगत गरी प्रदेशका प्रशानिक संरचनाको पुनरावलोकन समीचीन भएको छ ।

३. प्रदेश सरकार संचालनको लागि मुख्य कानुनी आधार भनेका नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, योजना हस्तान्तरण पुस्तिका र अन्तरसरकारी वित्त व्यवस्थापन

---

[5] गण्डकी प्रदेश सरकारका ७ वर्ष अनुभव र उपलब्धि, गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पोखरा, २०८१ माघ २२, प्राक्कथन खण्ड

सम्बन्धी कानुन हुन् । नेपालको संविधान, कार्य विस्तृतीकरण र प्रदेश योजनाको स्वरूप आदिबाट श्रृजित कार्यगत दायित्व पूरा गर्नको लागि प्रदेशलाई चाहिने स्रोतको व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको छ । ऐन अनुसार प्रदेशको लागि राजस्व बाँडफाँटबाट प्राप्त रकम, अनुदान, वैदेशिक सहायता, आन्तरिक ऋण तथा प्रदेश राजस्व र दस्तुरबाट प्राप्त रकम मुख्य स्रोत हुन् । प्रदेशको विगत केही वर्षको स्रोतको वितरण चाख लाग्दो छ । एकातिर, प्रदेशको कुल आयमा प्रदेश राजस्व आम्दानीको हिस्सा सालाखाला २० प्रतिशतभन्दा पनि कम देखिन्छ । आर्कोतिर, प्रदेश सरकारको खर्चको प्रवृत्ति हेर्दा प्रत्येका वर्ष बढदै औसतमा १५ देखि २० प्रतिशत सम्म बढदै गएको देखिएको छ[6] । विशेष गरी चालु खर्च निरन्तर बढदै गएको छ भने पूँजीगत खर्चमा संकुचन देखिन थालेको छ । यस अवधिमा प्रदेशको आन्तरिक राजस्वको आकारमा र स्रोतमा खासै वृद्धि भएको देखिदैन । यसले प्रदेश सरकारको स्रोतमा सीमितता रहेको तर खर्चमा लचकता रहेको स्पष्ट देखिन्छ । प्रदेशको दिगो संचालनको लागि यो अवस्था एक टडकारो चुनौति हो । यसले हालकै अवस्थामा प्रदेशका कामकारवाही संचालन हुन नसक्ने कुरालाई संकेत गरेको छ । यसले पनि प्रदेशको कामकारवाहीको मूल्यांकनलाई अत्यावश्यक बनाएको छ ।

४. प्रदेश सरकारमा हाल मुख्यतः तीन किसिमका जनशक्ति कार्यरत छन्[7] । पहिलो हो, प्रदेश सरकारका केही माथिल्ला पदमा संघीय निजामती सेवाका कर्मचारी कार्यरत रहेका छन् । यस्ता कर्मचारी प्रदेश सरकारको निश्चित जिम्मेवारीको लागि संघीय सरकारबाट खटिन्छन् । यिनीहरूको सरुवा पनि संघीय सरकारले नै गर्दछ । दोश्रो हो, प्रदेश सरकार संचालनको लागि संघीय सरकारका रहेका जनशक्तिलाई एक तह माथिको तहमा बढुवा सुविधा दिदा प्रदेश सेवा रोजेर आएका कर्मचारी छन् । यी कर्मचारीको परिचालन प्रदेश सरकारको जिम्मेवारीभित्र पर्दछ । तेश्रो हो, प्रदेश सरकारले गठन गरको प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेका कर्मचारी छन् । यिनीहरूको सम्पूर्ण कर्मचारी प्रशासनको काम प्रदेश सरकारको जिम्मेवारी मा पर्दछ । पहिलो वर्गमा पर्ने कर्मचारीको लागि कार्यरत रहदाको अवस्थाको तलव भत्ता मात्र प्रदेश सरकारको दायित्व हुन्छ भने दोस्रो र तेस्रो वर्गका कर्मचारीको वर्तमानको तलव र सुविधा तथा निवृत्तिपछिको निवृत्तिभरणको दायित्वसमेत प्रदेश सरकारको हुन्छ । यसरी प्रदेशमा कर्मचारीको संख्यामा हुने परिवर्तनले प्रदेश सरकारको आर्थिक दायित्व प्रत्यक्ष प्रभावित हुन्छ । यस अर्थमा प्रदेशमा जनशक्ति व्यवस्थापनको पुनरावलोकनको कार्य पनि  नितान्त जरुरी छ ।

५. नेपालको संविधानले प्रदेशलाई स्वायत्त तहको रूपमा  स्थापना गरेको भए पनि संघीय सरकारमा हुने राजनीतिक परिवर्तनको असर प्रदेश सरकारकमा प्रत्यक्ष परेको देखिएको छ । यसबाट संघीय सरकार जस्तै प्रदेश सरकारहरू पनि अस्थिर भएका छन् । राजनीतिक अस्थिरतामा स-साना दलहरूको महत्व बढछ, उनीहरूको सौदाबाजीको शक्ति बढ्छ । उत्तरायित्व कमजोर भएका साना दलहरू जे जस्तो सुकै गर्न पनि पछि पर्दैनन्, जिम्मेवार सरकार उनीहरूको प्राथमिकतामा पर्दैन । अस्थिर अवस्थामा सरकार निर्माणमा त यी दलहरूको सहयोग बाध्यात्मक बन्न जान्छ । राजनीतिक

[6] विभिन्न आर्थिक वर्षका एकीकृत वित्तीय विवरण। प्रदेश लेख नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

[7] स्थानीय तहले प्रदेशमा पठाई दिएका र प्रदेश संरचनाको पुनर्गठन हुदा फाजिलमा परेको एक वर्ग पनि छ ।

अस्थिरताको अवस्थामा अंकगणित मिलाएर सरकार निर्माण गर्दा हुने सौदाबाजीको अवस्थाले प्रदेश सरकारमा मन्त्रालय र मन्त्रीका संख्या बढन गएको छ। यसरी एक पटक बनेका संरचनालाई सानो बनाउने कार्य राजनीतिक रूपमा  सहज हुदैन। यस कारण प्रदेश सरकारको आकार निरन्तर रूपमा बढदै गएको छ। फलस्वरूप, प्रदेश सरकारले आफनो औचित्य स्थापित गर्ने कार्य चुनौतिपूर्ण बन्दै गएको छ।

६. एकातिर, यसरी प्रदेशको आफ्नो आन्तरिक कारणले प्रदेश संरचनाको पुनरावलोकन अत्यावश्यक भएको छ भने अर्कोतिर, प्रदेशको औचित्य स्थापित हुन नसकेको, ठूलो संख्याको जनप्रतिनिधि र प्रदेश सरकारहरूको बढदो आकारले शासकीय खर्च ह्वात्तै बढाएको, प्रदेशको राजस्व आम्दानीमा खासै सुधार हुन नसकेको, प्रदेशको संरचना राष्ट्रिय ढुकुटीले धान्न नसकिने हुदै गएको आदि कारण देखाएर केही राजनीतिक शक्तिले[8] प्रदेश खारेजीको माग गर्नसमेत थालेको अवस्था छ। यस अवस्थामा प्रदेश सरकारहरूले आफनो भूमिकालाई बलियो र प्रभावकरी बनाउनै पर्ने अपरिहार्य अवस्था श्रृजना भएको छ।

७. वि. सं. २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना भएदेखि नै नेपालका शासकीय संरचनामा थुप्रै राजनीतिक अभ्यास भइसकेको छ। नेपालको संविधानद्वारा व्यवस्थित संघीय गणतन्त्रात्मक व्यवस्था यस अभ्यासको पछिल्लो रूप  हो। प्रत्येक पटकको परिवर्तनसँगै मानिसहरूको विकासको आकांक्षा बढदै गएको छ भने सरकारले ती आकांक्षा पूरा गर्ने गरी सेवा र वस्तु प्रवाह गर्न सकेको अवस्था छैन। यसबाट जनतामा आशाभन्दा निराशा बढदै गएको दृष्टिगोचर हुन थालेको छ। जन असन्तोष व्यवस्थापन गर्न नयाँ नयाँ व्यवस्था अंगिकार गर्नेभन्दा भईरहेको अभ्यासलाई सुधार गर्नेतिर लाग्नु पर्दछ। नयाँ अभ्यासले अर्को एक पटकको लागि आशासहितको अस्थिरता मात्र श्रृजना गर्दछ। पटक पटकको राजनीतिक परिवर्तनले यो कुराको पुष्टि गरिसकेको पनि छ। यस कारणले पनि संघीयतातर्फको यो पछिल्लो अभ्यासलाई असफल हुन दिनु हुदैन। नत्र नेपाल खाली राजनीतिक व्यवस्थापनको अभ्यासको थलोमा परिणत हुन कत्ति बेर लाग्दैन। यस पृष्ठभूमिमा प्रदेशले आफनो औचित्य स्थापित गर्न चुस्त र दुरुस्त दिगोपन सहितको प्रशासनिक संरचना निर्माण गरेर प्रभावकारी काम गरेर आफूलाई जनसमक्ष देखिने बनाउनु पर्दछ। यसको लागि विहङ्गम प्रशासनिक पुनर्संरचना अत्यावश्यक भएको र वर्तमान समय उपयुक्त र सान्दर्भिक छ।

यही पृष्ठभूमिमा वर्तमान गण्डकी प्रदेश सरकारले प्रदेश प्रशासनिक संरचना पुनरावलोकनको कार्यलाई व्यवस्थित रूपमा  अगाडि बढाएको छ।

[8] राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्टिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा नेपाल र स्वतन्त्र रुपमा निर्वाचित केही जनप्रतिनिधिले प्रदेश खारेजीको माग गर्ने गरेका छन्।

## अध्याय-२

## प्रदेश सरकारको कार्य विभाजन

### २.१ पृष्ठभूमि

समग्र प्रदेशको जिम्मेवारीको विन्याससँगै गण्डकी प्रदेश सरकारको जिम्मेवारी संवैधानिक, कानुनी र प्रशासनिक गरी विशेषतः पाँच किसिमका व्यवस्थाबाट निर्क्यौल गरिएको छ । पहिलो, नेपालको संविधानको अनुसूचीमा समाविष्ट एकल र दुई थरिका साझा अधिकारको तीन किसिमको विषय क्षेत्रमा पर्ने कार्यहरूको विश्लेषणको आधारमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण अनुसारका कार्यहरू छन् । दोश्रो, नेपालको संविधानको मौलिक हक र निर्देशक सिद्धान्त सम्बन्धी र संविधानको व्यवस्था अन्तर्गत नेपाल सरकारबाट स्वीकृत विस्तृतीकरण गरिएका कार्यहरू छन् । तेश्रो, राज्यका अन्य जिम्मेवारीमा पर्ने विषय क्षेत्र तथा विद्यमान ऐन कानुन अनुसार सरकारबाट भईरहेका कार्यहरूको नेपाल सरकारबाट स्वीकृत विस्तृतीकरण अनुसारका कार्यहरू छन् । चौथो, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण र बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार बाँडफाँट गरिएका विकास कार्यक्रम र आयोजनाहरूको सञ्चालन छन् भने पाँचौमा अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अन्तर्गत प्रदेशको अधिकार क्षेत्रमा परेका कार्यहरू छन् । यी बाहेक पनि संघीय सरकारले, संवैधानिक वा सरकार मातहतका निकायले आवश्यकता अनुसार प्रदेश सरकारले गर्ने भनी तोकेका कार्यहरू पनि प्रदेश सरकारको जिम्मेवारीमा पर्दछन् ।

### २.२ कार्य विभाजन

यस प्रकार गण्डकी प्रदेशको जिम्मेवारी वा दायित्व अन्तरगत समाहित कार्यहरू सम्पादनको लागि गण्डकी प्रदेश सरकारले नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, गण्डकी प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी प्रदेश सरकारको कार्य विभाजन गरेको छ । पछिल्लो पटक गण्डकी प्रदेश सरकारले मिति २०८१ भदौ १६ गते नियमावलीको अनुसूची -१ अनुसार प्रदेशमा रहने मन्त्रालयहरू तथा अनुसूची -२ अनुसार प्रदेशमा रहने मन्त्रालयहरूको कार्य जिम्मेवारी निर्धारण गरेको छ । यो व्यवस्था अनुसार गण्डकी प्रदेशमा निम्न बमोजिमका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित नौ मन्त्रालयहरू रहेका छन् :

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[9]

२. आर्थिक मामिला मन्त्रालय

[9]प्रदेश सरकार प्रदेश नं ४ (कार्य विभाजन) नियमावली,२०७४ ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पनि मन्त्रालयको हैसियत प्रदान गरेको छ । हेर्नुहोस् प्रदेश सरकारकार, प्रदेश नं ४ (कार्यविभाजन) नियमावली, २०७९, गण्डकी प्रद्रेश सरकारद्वारा प्रकाशित प्रदेश राजपत्र, भदौ १६, २०८१,

३ उद्योग तथा पर्यटन मन्त्रालय

४. उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

५. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

६. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

७. वन तथा वातावरण मन्त्रालय

८. सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

९. स्वास्थ्य मन्त्रालय

## २.३ मन्त्रालय

### २.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्य विभाजन नियमावली अनुसार गण्डकी प्रदेश सरकारको दायित्वमा पर्ने ७१ विषय क्षेत्रहरू यो कार्यालयको कार्यजिम्मेवारीमा परेका छन् । यी जिम्मेवारीमा कार्यालय सम्बन्धी, शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन, सरकारको कार्य विभाजन र कार्य संचालन, नीति र योजना सम्बन्धी, कार्य सम्पादन नियमावली र कार्यान्वयन, मन्त्रालयका कार्यको रेखदेख, निर्णय प्रमाणीकरण, नियम र आदेश सम्बन्धी, विभिन्न गतिविधिहरूको जानकारी र सम्बोधन, मानव अधिकार, सुशासन, भष्टाचार नियन्त्रण, प्रशासन सुधार, संघीय संवैधानिक निकाय तथा सम्पर्क कार्यालय तोकिएका प्रदेशका निकायसँगको सम्पर्क र समन्वय, द्विपक्षीय र वहुपक्षीयस्तरमा भएका सन्धी, सम्झौता वा सहमति कार्यान्वयन, प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन, संसद अधिवेशन आह्वान र अन्त्य, अन्तरप्रदेश परिषद, अन्तरप्रदेश समन्वय, प्रदेश समन्वय परिषद र संघ सस्था तथा स्थानीय तहसँगको समन्वय र अन्तर सम्बन्ध पर्दछन् ।

त्यसैगरी स्थानीय पदाधिकारीको सेवा, सुविधा र कार्यालय व्यवस्थापन सम्बन्धी, निर्वाचन, मानव संसाधन विकास, प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी, संगठन तथा व्यवस्थापन सर्भेक्षण, तालिम, सार्वजनिक सेवा प्रवाह, आवधिक योजना र तथ्यांक, विकास अयोजनाको समन्वय र अनुदानको सदुपयोग, मध्यकालीन खर्च संरचना, दिगो विकास लक्ष्य, विपन्न नागरिक सहायता, शान्ति सुरक्षा र सुव्यवस्था, विशिष्ट, संरचना, स्थल र समारोहको सुरक्षा, सुरक्षा निकायसँगको समन्वय, अपराध अनुसन्धान, सामुदायिक प्रहरी, सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, अन्तर्राष्ट्रिय सीमा व्यवस्थापनमा सहयोग, स्थानीय प्रशासन, निवारक नजरबन्द र स्थानहद सम्बन्धी, उपाधि, सम्मान र विभूषण सिफारिस, सार्वजनिक बिदा, उत्सव र उर्दी, प्रहरी अनुसन्धान व्यूरो, कारागार सम्बन्धी, कैदी बन्दी सम्बन्धी, द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी, विधेयक तर्जुमा र प्रमाणीकरण, कानुन निर्माणमा परामर्श, प्रदेश सभासम्बन्धी, मानव अधिकार

संरक्षण, नागरिक स्वातन्त्रताको रक्षा तथा प्रवर्धन, निःशुल्क कानुनी सहायता सम्बन्धी, फैसला कार्यान्वयन, गैरसरकारी संस्था सम्बन्धी, विपद व्यवस्थापन, कानुन कार्यान्वयन, अपराध र यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति, जग्गा अधिग्रहण सम्बन्धी, पारिवारिक मामिला, सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता सम्बन्धी, विद्युतीय संचार माध्यमको काम यो कार्यालयको जिम्मेवारीमा पर्दछ ।

साथै, छापा र अनलाइन संचार माध्यम, प्रेस सूचना, श्रमजीवी संचारकर्मी सम्बन्धी, प्रेस रजिष्ट्रार सम्बन्धी, तारयुक्त र ताररहित ब्रोडव्याण्ड सम्बन्धी, सइबर सुरक्षा, सूचना प्रविधि सम्बन्धी, टेलिसेन्टर सम्बन्धी, केबुलमा आधारित टेलिभिजन, सूचनाको हक, चलचित्र निर्माण र हल संचालन सम्बन्धी र विपद व्यवस्थापन सम्बन्धी कार्यहरू यो कार्यालयको जिम्मेवारीमा तोकिएको छ ।

यी कार्यहरूको सम्पादन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मातहत प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालय गरी अन्य ५ निकायसमेतबाट गरिन्छ ।

### २.३.२ आर्थिक मामिला मन्त्रालय

यो मन्त्रालयको जिम्मेवारीमा २२ वटा विषय कार्यहरू समाविष्ट छन् । जस अनुसार मन्त्रालयको जिम्मेवारीमा प्रदेशको आर्थिक अवस्था, आर्थिक स्रोत, प्रदेश वित्त, वैदेशिक सहयोग, ऋण र अनुदान, सरकारी सम्पत्तीको विवरण, राजस्व, सहवित्तीयकरण, आर्थिक कार्यविधि, विनियोजन ऐन र बजेट, प्रदेश संचित कोष, पुरक अनुमान, पेश्की र उधारो खर्च, आकस्मिक कोष, र सार्वजनिक खर्च जस्ता विषयहरू पर्दछन् ।

त्यसै गरी सरकारी लगानी र लभांश, सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, आन्तरिक लेखा परीक्षण, विभिन्न शुल्क, कर, दस्तुर र दण्ड जरिवाना सम्बन्धी, प्राकृतिक स्रोतको रोयल्टी, राजस्व चुहावट नियन्त्रण, अन्तरसरकारी वित्त, बीमा, सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी सम्बन्धी, सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र सम्बन्धी र दिगो विकास सम्बन्धी विषयहरू यो मन्त्रालयको कार्य जिम्मेवारीमा पर्दछ ।

यो मन्त्रालयको जिम्मेवारी निर्वाहमा सहयोग गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ भने संघीय सरकारका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले जिल्लास्तरमा प्रदेश मातहतका कार्यालय वा निकायहरूको आर्थिक करोवारको व्यवस्थापनमा सहयोग गर्दछन् ।

### २.३.३ उद्योग तथा पर्यटन मन्त्रालय

यो मन्त्रालयको कार्यजिम्मेवारी अन्तरगत ३६ वटा विषय क्षेत्रहरू समावेश छन् । जसमा पर्यटन विकास तथा पर्यटकीय स्थलको विकास, पर्यटक प्रहरी, पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ गाइड, आदिको नियमन, होमस्टे सम्बन्धी, पर्यटकीय पूर्वाधार,

गन्तव्य तथा उपज सम्बन्धी, पर्यटकीय सेवाको विकास, पर्यटन सेवाको ब्राण्डिङ, पर्यटन क्षेत्र र स्थानीय अर्थतन्त्र बीचको सम्बन्ध, व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी, व्यापार पूर्वाधार सम्बन्धी, तथ्यांक प्रणाली, वौद्धिक सम्पत्ति सम्बन्धी कार्य यो मन्त्रालयको जिम्मेवारीमा पर्दछ ।

साथै, ढुवानी र परिवहन सम्बन्धी, आर्थिक र औद्योगिक विकास सम्बन्धी, व्यापारिक फर्मको नियमन, खानी तथा खनीज पदार्थ सम्बन्धी, भौगर्भिक अध्ययन अनुसन्धान सम्बन्धी, कल कारखाना र औद्योगिकीकरण, उद्योगको नियमन, औद्योगिक विकास र व्यवसायको प्रवर्धन, औद्योगिक क्षेत्रको पूर्वाधार विकास, औद्योगिक र विशेष आर्थिक क्षेत्र सम्बन्धी, वस्तु निर्यात, उपभोक्ता हित संरक्षण, मूल्य, कालोबजारी तथा अभाव नियन्त्रण, नापतौल र गुणस्तर परीक्षण, उपभोक्ता अदालत सम्बन्धी, सार्वजनिक र अत्यावश्यक सेवा र वस्तुको माग र आपूर्ति, बस्तु र सेवामा अनुदान, करार साझेदारी र एजेन्सी सम्बन्धी, कम्पनी स्थापना सम्बन्धी, दामासाही सम्बन्धी, हानिकारक पदार्थ सम्बन्धी विषयहरू यो मन्त्रालयको कार्य जिम्मेवारीमा पर्दछन् । त्यसै गरी इन्धनको गुणस्तर, क्यासिनो र चिठ्ठाको नियमन, घरेलु उद्योग सम्बन्धी, औद्योगिक र व्यपार प्रदर्शनी, श्रममूलक प्रविधि र श्रमिक सम्बन्धी र स्वरोजगार प्रवर्धन सम्बन्धी कार्यहरू पनि यो मन्त्रालय अन्तरगत पर्दछन् ।

मन्त्रालयलाई उल्लेखित जिम्मेवारी निर्वाह गर्नमा सहयोग गर्नको लागि पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र ११ पर्यटन तथा उद्योग कार्यालयहरू गरी १२ निकाय कार्यरत रहेका छन् ।

### २.३.४ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

यो मन्त्रालयको कार्यजिम्मेवारीमा १३ वटा विषय क्षेत्र समाविष्ट छन् । यी विषय क्षेत्रहरूमा उर्जा, विद्युत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप सम्बन्धी, उर्जा, विद्युत, सिंचाई, खानेपानी सेवाको गुणस्तर र शुल्क, निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन, नदी, सीमा नदीको जलउपयोग सम्बन्धी, जलस्रोत उपयोग र नदी संरक्षण, आयोजना सम्बन्धी, मौसम र जलमापन, जल र वायुगुण सम्बन्धी, खानेपानी सरसफाई र स्वच्छता सम्बन्धी, खानेपानी र सरसफाई सेवामा निजी क्षेत्रको सहभागिता, स्वच्छ खानेपानीको उपलब्धता, खानेपानी, सरसफाई तथा स्वच्छतामा पहुँच, खानेपानीको गुणस्तर सम्बन्धी कार्यहरू मन्त्रालयको जिम्मेवारीमा पर्दछन् ।

मन्त्रालयको यी कार्यजिम्मेवारी निर्वाहमा सहयोग गर्न ४ वटा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ९ वटा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, २ वटा खानेपानी जलस्रोत तथा सिंचाई विकास सबडिभिजन कार्यालय र भूमिगत जलस्रोत तथा सिंचाई विकास कार्यालय गरी १६ वटा निकायहरू रहेका छन् ।

### २.३.५ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

यो मन्त्रालयको कार्य जिम्मेवारीमा ३४ विषय क्षेत्रहरू समवेश छन् । यी विषय क्षेत्र अन्तरगत कृषि, पशु र खाद्य नीति सम्बन्धी , कृषि तथा पशुपन्छीजन्य रोग र महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसाय, कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार, कृषि र पशु रोग निदान, प्रयोगशाला, कृषि र पशुजन्य उत्पादन तथा सेवाको गुणस्तर, खाद्य सुरक्षा, कृषि, पशुपन्छी एवं खाद्य सुरक्षा सम्बन्धी अध्ययन, कृषि मल, बिउ र विषादी आपूर्ति, कृषि र पशु प्रसार, कृषि उपजको न्यूनतम समर्थन मूल्य, कृषि र पशुपन्छी बीमा, कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्र, पाराभेटको नियमन रहेका छन् ।

त्यसै गरी सामूहिक, सहकारी र करार खेती, चरन तथा खर्क, कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तु सम्बन्धी, भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भूउपयोग र वर्गीकरण तथा चक्लाबन्दी सम्बन्धी, निजी, सहकारी र सार्वजनिक जग्गाको अभिलेख, जग्गा दर्ता र हस्तान्तरण सम्बन्धी, नक्सा, भौगोलिक सूचना र अभिलेख सम्बन्धी, नापनक्सा नियन्त्रण बिन्दु सम्बन्धी, क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी, भूमिहीन, दलित, मुक्त कमैया, हलिया आदिको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी, सरकारी जग्गा भाडामा दिने सम्बन्धी, सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी,  गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी, गरिबी निवारण सम्बन्धी, सहकारी सम्बन्धी, सहकारी वचत र ऋण परिचालन सम्बन्धी,सहकारी संस्थासँगको समन्वय र सहकार्य, सहकारी क्षेत्रको विकास, गरिबी निवारण सम्बन्धी कार्यक्रम र समन्वय सम्बन्धी विषय क्षेत्रहरू यो मन्त्रालयको कार्य जिम्मेवारीमा पर्दछन् ।

यी कार्यजिम्मेवारी निर्वाह गर्नको लागि मन्त्रालय मातहत कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम निर्देशनालय, पशु तालिम केन्द्र, सहकारी रजिष्ट्रारको कार्यालय, ११ कृषि ज्ञान केन्द्र, ११ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द, मत्स्य विकास केन्द्र, बीउ विजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, कृषि विकास स्रोत केन्द्र, माटो परीक्षण प्रयोगशाला, वागवानी विकास स्रोत केन्द्र, व्यावसायिक किट विकास केन्द्र, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना गरी ३५ वटा निकाय कार्यरत रहेका छन् ।

### २.३.६ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

यो मन्त्रालयको कार्यजिम्मेवारीमा विभिन्न १७ विषय क्षेत्र समावेश छन् । यी विषय क्षेत्रमा प्रदेश लोकमार्ग सम्बन्धी, रज्जुमार्ग, जलमार्ग लगायत वैकल्पिक यातायात प्रविधिको प्रवर्धन सम्बन्धी, सडक निर्माण, मर्मत तथा सम्भार, शहरी विकास, जनता आवास, झोलुङ्गे पुल, सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना, भवन निर्माण प्रविधि, राष्ट्रिय भवन संहिताको कार्यान्वयन र प्रदेश राजधानी र प्रादेशिक सहर विकास सम्बन्धी कार्यहरू पर्दछन् । साथै, सुरक्षित बसोबास र जग्गा एकीकरण, यातायात सम्बन्धी,

सवारी दर्ता र नवीकरण, चालक अनुमति पत्र र नवीकरण, रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र नियमन, वातावरणमैत्री, अपाङ्गतामैत्री, र लैङ्गिकमैत्री यातायात प्रणाली प्रवर्धन र यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी कार्यहरू पर्दछन् ।

मन्त्रालको यो कार्यजिम्मेवारी वहन गर्नको लागि मन्त्रालय मातहत पूर्वाधार विकास निर्देशनालय, यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र, दुई यातायात सेवा कार्यालय, यातायात व्यवस्था कार्यालय, शहरी विकास तथा भवन कार्यालय र ११ पूर्वाधार विकास कार्यालय गरी जम्मा १८ वटा निकायहरू कार्यरत छन् । ADB को ऋण सहयोग र नेपाल सरकारको साझेदारीमा ग्रामीणस्तरका सडकको स्तरोन्नति गरी सहज रूपमा  बजारसम्मको पहुँच अभवृद्धि गरी जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले सन् २०२३ देखि २०२८ सम्मका लागि ग्रामीण सडक सञ्जाल सुधार आयोजना पनि सञ्चालनमा रहेको छ ।

### २.३.७ वन तथा वातावरण मन्त्रालय

यो मन्त्रालयको कार्य जिम्मेवारीमा विभिन्न २८ विषय क्षेत्र समावेश छन् । यी विषय क्षेत्रमा प्रदेशस्तर वन क्षेत्रको नीति सम्बन्धी, वन्यजन्तु र वन पैदावार ओसार पसार सम्बन्धी, वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी, संरक्षण र चरन क्षेत्र व्यवस्थापन, जैविक विविधता पार्क, हात्तिसार तथा चिडियाखाना व्यवस्थापन, जडिबुटी खेती सम्बन्धी, प्राविधिक सूचना र सेवा प्रवाह, वन अतिक्रमण र वन डढेलो नियन्त्रण, वनस्पति उद्यान र हर्वेरियमहरूको व्यवस्थापन, जैविक विविधताको अध्ययन, जलाधार संरक्षण र जल उपयोग सम्बन्धी, भूस्खलन नियन्त्रण, वातावरणीय संरक्षण र स्वच्छता सम्बन्धी, वतावरण सम्बन्धी नीति, वातावरणीय जोखिमको लागि तयारी तथा उद्धार र सूचना प्रणालीको स्थापना, वातावरणीय प्रयोगशाला पर्दछन् ।

त्यसै गरी प्रदूषण नियन्त्रण, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्धन, वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्धन, वातावरण क्षेत्रको अध्ययन, भूपरिधि क्षेत्र र वन क्षेत्र सम्बन्धी, संरक्षण क्षेत्र पहिचान र व्यवस्थापन, नदी उकास र सडक किनारा वृक्षारोपण, गुणस्तरीय बिउ, बिउ वगैचा स्थापना सम्बन्धी, वृक्षरोपण तथा सम्भार सम्बन्धी, जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी, संघ संस्थासँगको सहकार्य र समन्वयको जिम्मेवारी पनि यो मन्त्रालयको कार्य क्षेत्रभित्र पर्दछन् ।

यी कार्य जिम्मेवारी सम्पादन गर्न मन्त्रालय मातहत वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ११ डिभिजन वन कार्यालय, २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय र ताल संरक्षण तथा विकास प्रधिकरण गरी १६ निकाय कार्यरत छन् ।

### २.३.८ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

कार्य विभाजन नियमावली अनुसार यो मन्त्रालयको कार्यजिम्मेवारीमा ३८ विषय क्षेत्र समाविष्ट छन् । जस अनुसार प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी, शैक्षिक परामर्श सेवाको नियमन, पुस्तकालय, संग्रहालय र अभिलेखालय सम्बन्धी, प्रादेशिक शिक्षा, प्राविधिक र व्यावसायिक तालिम र छात्रवृत्ति, मानव संसाधन विकास, शिक्षक सेवा र शिक्षक व्यवस्थापन सम्बन्धी, माध्यमिक तहको परीक्षा व्यवस्थापन, प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्यांक, महिला हकसम्बन्धी, लङ्गैगिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी, महिला सशक्तीकरण तथा लङ्गैगिक समानता सम्बन्धी, बालबालिकाको हकहित संरक्षण सम्बन्धी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त र बालबालिकासँग सम्बन्धित कार्यक्रमहरू, लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी, सामाजिक सुरक्षा सम्बन्धी, रोजगारी प्रवर्धन र स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी कार्य यो मन्त्रालयको जिम्मेवारीमा पर्दछन् ।

त्यसै गरी भाषा, लिपि,संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र कलात्मक दृष्टिकोणले महत्वपूर्ण दरबार सम्बन्धी, संग्रहालय स्थापना, पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी, धर्म परम्परा र गुठी अन्तरगत चलिआएका जात्रा र पर्वहरू, रोजगार प्रवर्धन, सामाजिक सुरक्षा र ट्रेड युनियन सम्बन्धी, श्रम शक्ति र श्रम बजार सम्बन्धी, औद्योगिक विवाद, कार्यस्थल सुरक्षा, विज्ञान र प्रविधिको विकास, वैज्ञानिक अनुसन्धान, विज्ञान संग्रहालाय र प्लानेटोरियम सम्बन्धी, युवा सम्बन्धी, खेलकुद सम्बन्धी, खेलकुद प्रशासन र संघ संस्था, प्रदेश र जिल्ला खेलकुद परिषद, र युवा तथा खेलकुद सम्बन्धी विषय क्षेत्रको जिम्मेवारी रहेको छ ।

यी कार्य जिम्मेवारी वहन गर्न मन्त्रालय मातहत शिक्षा विकास निर्देशानालय, शिक्षा तालिम केन्द्र, प्रदेश संग्रहालय, २ वटा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान (हाल खारेज भएको जानकारी प्राप्त), गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, गण्डकी विश्वविद्यालाय, गण्डकी प्रज्ञा प्रतिष्ठान,२ वटा  विकास समिति, प्रदेश खेलकुद परिषद र ११ सामाजिक विकास कार्यालय र गरी २२ निकाय कार्यरत छन् ।

### २.३.९ स्वास्थ्य मन्त्रालय

नियमावली अनुसार यो मन्त्रालयको कार्यजिम्मेवारीमा २१ विषय क्षेत्र समाविष्ट छन् । यस अन्तरगत स्वास्थ्य सेवा र पोषण सम्बन्धी, प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक सेवा, प्राज्ञिक, व्यावसायिक र पेसागत संघ संस्था नियमन, स्वास्थ्य सेवाको गुणस्तर, औषधिजन्य तथा प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र उद्योगहरूको नियमन, अस्पताल, नर्सिङ होम, निदान केन्द्र, उपचार केन्द्र र स्वास्थ्य संस्था तथा प्रयोगशाला

नियमन, स्वास्थ्य बीमा र सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम, स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन, औषधी निगरानी, औषधीको उचित प्रयोग र सूक्ष्म जीवनिरोधक, प्रतिरोध न्यूनीकरण विषय क्षेत्र पर्दछन् ।

त्यसै गरी खोप र परिवार नियोजन, संवेदनशील औषधी र अन्य स्वास्थ्य सामग्री, स्वास्थ्य सेवा सम्बन्धी अध्ययन अनुसन्धान, जनस्वास्थ्य निगरानी, सूर्तीजन्य पदार्थ, मदिरा, लागुपदार्थजन्य वस्तु सम्बन्धी, आपतकालीन, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, औषधी र औषधीजन्य सामग्रीको वफर स्टक व्यवस्थापन, सरुवा तथा नसर्ने रोग नियन्त्रण, स्वास्थ्यजन्य फोहर व्यवस्थापन सम्बन्धी, आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका स्वास्थ्य उपचार सेवा सम्बन्धी, जनसंख्या, बसाइ सराई र परिवार नियोजन सम्बन्धी र यससम्बन्धी अध्ययन अनुसन्धान यो मन्त्रालयको कार्यजिम्मेवारीमा पर्दछन् ।

मन्त्रालयको जिम्मेवारीमा परेका कार्यहरू सम्पादनको लागि मन्त्रालय मातहत स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, क्षयरोग उपचार केन्द्र, प्रदेश जनरल तथा सरुवा रोग अस्पताल, ११ स्वास्थ्य कार्यालय, ११ प्रादेशिक अस्पताल, २ अञ्चल आयुर्वेद अस्पताल र ९ जिल्ला आयुर्वेद चिकित्सालय गरी ३९ वटा निकाय कार्यरत छन् । बुर्तिवाङ अस्पताल र आँपपिपल अस्पतालको लागि पनि प्रदेश सरकारबाट दरबन्दी स्वीकृत भइसकेको विवरण प्राप्त भएको छ । ती निकायको अरु विवरण प्राप्त भएको छैन ।

## अध्याय-३

## पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड

पुनरावलोकन खाली पुनरावलोकनका लागि गरिदैन । पुनरावलोकनका निष्कर्षहरूले पुनर्संरचनाको माग गर्दछन् । मूल्य, मान्यता, आधार र मापदण्ड बिनाको पुनरावलोकन र पुनर्संरचनाले अराजकता श्रृजना गर्दछ। यसकारण पुनरावलोकन र यसलाई पछ्याउने पुनर्संरचनाको कार्यलाई व्यवस्थित गर्न अग्रिमरूपमा यसका मापदण्ड निर्क्यौल गर्नु नितान्त आवश्यक हुन्छ । यसले नै पुनरावलोकन एवं पुनर्संरचना कार्यलाई वैज्ञानिक (Scientific) र पेशेवर अभ्यास (Professional Exercise) बनाउन मद्दत गर्दछ । यही दृष्टिकोण बाट गण्डकी प्रदेश सरकारले अगाडि बढाएको प्रशासनिक संरचनाहरूको पुनरावलोकन गरेर पुनर्संरचना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको प्रकृया र मापदण्डलाई मुख्य आधार बनाइएको छ ।

### ३.१ प्रक्रिया

(क) उद्देश्य र कामको पुनर्वितरण

(ख) संगठन संरचनाको पुनर्संरचना

(ग) जनशक्तिको पुनर्वितरण

(घ) साधन स्रोतको पुनर्वितरण

(ङ) कानुनी र प्रकृयागत व्यवस्थाको पुनर्संरचना

### ३.२ उद्देश्य

(क) प्रशासनिक संरचनाको संख्या वा आकार घटाउने वा उपयुक्त आकारमा ल्याउने,

(ख) संरचनाहरूबाट सम्पादन हुने कामलाई दक्ष (कम खर्चिलो) र प्रभावकारी (गुणस्तरीय) बनाउने

(ग) चालु खर्च कम गरी पूँजीगत खर्चको लागि थप साधन र स्रोत उपलब्ध गराउने

(घ) कर्मचारीको संख्यालाई निश्चित सीमामा राखी आर्थिक दायित्व कम गर्दै कर्मचारीको उत्पादकत्व बढाउने,

(ङ) प्रदेश सरकारको दीगो संचालनको लागि बलियो आधार तयार गर्ने, र

(च) व्यवस्थित तरिकाले पुनर्संरचना गरी अन्य प्रदेशलाई पुनर्संरचनाको लागि प्रेरित गर्ने ।

### ३.३ रणनीति

निश्चित सार्वजनिक उद्देश्य हासिल गर्नको लागि नै संरचना निर्माण गरिएको हुन्छ । संरचनामा कार्यरत जनशक्ति र साधन स्रोतको नियोजित परिचालनबाट नै पूर्वनिर्धारित उद्देश्य हासिल हुन्छ ।

त्यसकारण  संगठन व्यवहारमा सर्वप्रथम उद्देश्य,उद्देश्य हासिल गर्न आवश्यक काम, काममा दक्षता र प्रभावकारिता हासिल गर्नको लागि आवश्यक विधि र प्रकृयाको निर्धारण त्यसपछि जनशक्ति र साधन स्रोतको परिचालन आउने गर्दछ। यही दृष्टिकोणबाट पुनरावलोकन र पुनर्संरचनाको मापदण्ड यसप्रकार निर्धारण गरिएको छ :

(क) नीतिगत काम गर्ने मन्त्रालय जस्ता संरचनालाई छरितो, मितव्ययी र प्रभावकारी बनाउने,

(ख) प्रत्यक्ष सेवा प्रवाह नगर्ने मुख्यरूपमा  समन्वय, सहजीकरण र सुपरीवेक्षण गर्ने मध्यम तहका कार्यालय खारेज गर्ने,

(ग) प्रदेशको कार्य क्षेत्र ११ जिल्लामा सीमित रहेकाले समन्वय, सहजीकरण र अनुगमनको कार्य मन्त्रालयले र सुपरीवेक्षण र मूल्यांकनको कार्य नीति तथा योजना आयोगले गर्ने व्यवस्था मिलाउने,

(घ) एकै किसिमको काम एकभन्दा बढी निकायबाट भएको अवस्थामा एउटै निकायबाट सम्पादन हुने व्यवस्था गर्ने,

(ङ) विद्यमान निकायबाट भईरहेको कामको लागि अर्को निकाय स्थापना नगर्ने, नवीन कामको लागि कामको जटिलता र संवेदनशिलतालाई विचार गरी अर्को निकायबारे विचार गर्ने,

(च) साना र कम जटिलता भएका भौतिक पूर्वाधारतर्फका सडक, भवन, सिंचाई र खानेपानी, स्कूल कोठा, भवन, पदमार्ग वा अन्य नदि वा पहिरो नियन्त्रण लगायतका सानातिना भौतिक पूर्वाधार निर्माणका काम गर्नको लागि बेग्ला बेग्लै निकायको सट्टा एउटै निकायबाट गर्ने व्यवस्था मिलाउने,

(छ) भौतिक पूर्वाधारका संरचना निर्माण गर्दा वा कायम राख्दा चालु खर्च र पूँजीगत खर्चको अनुपातलाई प्रचलित मान्यतामा सीमित गर्ने,

(ज) भौतिक पूर्वाधारको लागि छुट्टै संरचना निर्माण गर्दा हालको संरचनाले गरी आएकोभन्दा बढी  परिमाणको कामको लागि मात्र गर्ने,

(झ) भौतिक निर्माण सम्बन्धमा स-सानो परिमाणमा काम गरिरहेका निकायलाई निरन्तरता नदिने यस्तो काम भइरहेकै अन्य निकायबाट गर्ने व्यवस्था मिलाउने,

(ञ) ठूलो परिमाणको काम र भौगोलिक क्षेत्र समेटने विशिष्टिकृत कार्यको लागि आवधिक परियोजना निर्माण गर्ने, नियमित संरचना निर्माण नगर्ने,

(ट) आवधिक परियोजनाको अवधि समाप्त भएपछि मात्र आवश्यकता अनुसार संचालनको लागि स्थायी संरचना निर्माण गर्ने,

(ठ) निजी क्षेत्रबाट कम खर्चिलो र प्रभावकारी सेवा लिन सक्ने विषयहरूमा निजी क्षेत्रको संलग्नतालाई प्रवर्धन गर्ने,

(ड) निजी क्षेत्रबाट राम्रोसँग गर्न सकिने कामको लागि संरचनाको निर्माण वा स्रोत वा जनशक्तिको विनियोजन नगर्ने, भईरहेका संरचना र जनशक्तिको पुनर्वितरण गर्ने,

(ढ) चालु खर्च कम गरी पूँजीगत खर्च बढाउनको लागि खर्चका विन्दुसहितका नियमित संरचना निर्माणको कामलाई निरुत्साहित गर्ने,

(ण) अत्यावश्यक बाहेकका प्रवर्धनात्मक र नियमात्मक सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना नगर्ने,

(त) अत्यावश्यक सेवा दिने अस्पतालहरूमा प्राविधिक जनशक्ति थप गर्ने र प्रशासनिक जनशक्ति कम गर्ने,

(थ) अत्यावश्यक सेवामा पहुँच बढाउन नियमित घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा दिने,

(द) सेवाको गुणस्तर महत्वपूर्ण हुने र सेवा उत्पादनमा जटिलता रहने सवारी अनुगमन र चालक अनुमति पत्र जस्ता सेवालाई विस्तार नगर्ने बरु भईरहेकै कार्यालयको क्षमता विस्तार र प्रकृया सरलीकरण गर्ने,

(ध) जटिलता नभएका तर ठूलो संख्यामा सेवा दिनुपर्ने अवस्थामा छुट्टै संरचना स्थापना नगरी न्यूनतम कर्मचारी राखी सेवा केन्द्रज्ञण्बाट सेवा प्रवाह गर्ने,

(न) चालु खर्च कम गर्न एकै किसिमको काम गर्ने र एकै भौगोलिक क्षेत्रमा रहेका कार्यालयहरूलाई एक आपसमा गाभ्ने ।

(प) एकै उद्देश्य भएका वा एकै किसिमको कार्य गर्नको लागि नयाँ निकायहरू नबनाउने, फरक उद्देश्य र फरक कामको लागि मात्र संरचना निर्माण गर्ने ।

(फ) वर्षभरि काम नहुने वा कामको मात्रा कम भएका तालिम केन्द्रहरूलाई एक आपसमा गाभी वहुउद्देश्यीय तालिम केन्द्र बनाएर चालु खर्चलाई सीमित गर्ने ।

(ब) कामको मात्रा कम र संचालन खर्च बढी भएका संरचनाहरूलाई एक आपसमा गाभ्ने वा कामको मात्रा र किसिम थप गर्ने ।

## ३.४ कार्य नीति

(क) नीति निर्माण गर्ने मन्त्रालयमा एक महाशाखा एक शाखाको व्यवस्था गरी शाखा र कर्मचारीको संख्या घटाउने ।

---

[10] यस्ता संरचनामा खर्चको विन्दु रहेको हुदैन, अरु कार्यालयवाट साधन र श्रोत उपलब्ध गराइएको हुन्छ ।

(ख) मन्त्रालयमा संस्थागत स्मरणलाई बलियो बनाउन मन्त्रालयमा आउने र मन्त्रालयबाट बाहिरिने चिठी पत्र तथा मन्त्रालयका श्रृजना हुने अभिलेखको व्यवस्थापनको लागि एक अभिलेख व्यवस्थापन केन्द्र स्थापना गर्ने ।

(ग) मन्त्रालय र नीति तथा योजना आयोगको अनुगमन र मूल्यांकन क्षमता बढाउन आवश्यक जनशक्ति र प्रकृया निर्धारण गर्ने ।

(घ) भौतिक पूर्वाधारका संरचना निर्माण गर्दा वा कायम राख्दा चालु खर्च र पूँजीगत खर्चको अनुपात बढीमा ५ र कम्तीमा ९५ कायम गर्ने ।

(ङ) भौतिक पूर्वाधारको लागि छुट्टै संरचना निर्माण गर्दा कम्तीमा ५० करोड माथिको लागि एक पर्ने गरी  स्थापना गर्ने ।

(च) वर्तमानमा २५ करोडभन्दा कमको काम गरिरहेका यस्ता निकायलाई अरु निकायमा गाभ्ने वा खारेज गरी अरु निकायबाट काम गराउने व्यवस्था गर्ने ।

(छ) ५० करोड भन्दा माथिका, कार्यक्षेत्र धेरै भएका र कार्य विशिष्टताको आवश्यकता पर्ने पूर्वाधार वा सेवा प्रवाह सम्बन्धी कामको लागि आवधिक परियोजनाको रूपमा  संचालन गर्ने नियमित संरचना निर्माण नगर्ने ।

(ज) प्रवर्धनात्मक र नियमात्मक सेवा प्रवाहको लागि कम्तीमा दुई वा दुईभन्दा बढी जिल्लाको लागि मात्र संरचना स्थापना गर्ने र नियमित घुम्ती सेवा मार्फत संरचना नभएको जिल्लामा सेवा प्रवाह गर्ने ।

(झ) संरचना निर्माण गर्दै खर्चका विन्दु थप्ने कार्य नगर्ने बरु भइरहेका खर्चका विन्दुहरूलाई सेवा प्रवाहलाई वाधा नपर्ने गरी घटाउने ।

## ३.५ मापदण्ड

प्रदेश सरकारको जिम्मेवारीमा परेका भौतिक पूर्वाधारको विषय क्षेत्र र सेवा प्रवाहको विषय क्षेत्रका संरचनाको मापदण्ड देहाय अनुसार गर्ने :

### ३.५.१ **भौतिक पूर्वाधार** (सिंचाई, खानेपानी, सडक र भवन एवं अन्य भौतिक निर्माण[11] निर्माणतर्फ

(क) संरचना वा संगठनको लागि छुट्याइएको चालु खर्च र पूँजीगत खर्चको अनुपात कम्तीमा १ र २० हुनु पर्ने । यो अनुपातभन्दा कम भएका संरचनाको पुनर्संरचना (खारेज गर्ने, गाभ्ने वा पूँजीगत खर्च बढाउने) गर्ने ।

[11] भैतिक निर्माण भन्नाले इन्जिनियरिङको ज्ञान र सीप आवश्यक पर्ने निर्माण कार्यलाई लिइएको ।

(ख) जनशक्ति र संरचनाको व्यवस्था

- ४० करोडदेखि ५ अर्बसम्म बजेट रहने कार्यालयमा १ डि ई, ५ इन्जिनियर ( सिंचाई, सडक, भवन, खानेपानी र अन्य विषय क्षेत्रका १।१ जना), १० सव इन्जिनियर (सिंचाई २, भवन २, खानेपानी २ र सडक २, अन्य विषय क्षेत्रका २), २ प्रशासनिक कर्मचारी र ३ सहयोगी कर्मचारी रहने व्यवस्था गर्ने,
- खानेपानी, सडक, सिंचाई, भवन र अन्य सिभिल निर्माणको कामका लागि छुट्टा छुट्टै संरचना नराख्ने, एकै निकायबाट गराउने,
- निजी क्षेत्रबाट दक्षतापूर्वक गर्न सकिने काम भौतिक निर्माणको ड्रइङ, डिजाइन, इष्टिमेट र सुपरीवेक्षणको कार्य निजी क्षेत्रबाट गराउने,
- एउटा जिल्लामा एकभन्दा बढी भौतिक निर्माण कार्यको लागि संरचना नराख्ने,
- भौतिक निर्माणका जटिल र विशिष्टिकृत कामको लागि छुट्टै आवधिक आयोजनाको संरचना निर्माण गरी कार्यान्वयन गर्ने ।

### ३.५.२ सेवा प्रवाहतर्फ

प्रदेश सरकारले प्रवाह गर्नेसेवा (स्वास्थ्य, सहकारी र यातायात) को वर्गीकरण र संरचनाको मापदण्ड

(१) अत्यावश्यक सेवा वर्ग

- नियमित रूपमा २४ सै घण्टा दिनुपर्ने सेवा,
- सेवाग्राहीले अनुरोध गर्ने बित्तिकै उपलव्ध गराउनु पर्ने सेवा,
- समयमा सेवा उपलब्ध नगराउदा सेवाग्राहीमा क्षति पुग्न जाने सेवा,
- राज्यले अनिवार्य गरेका सेवा,
- पटक नतोकिएका सेवा सेवाग्राहीको आवश्यकता अनुसार दिनु पर्ने सेवा,
- सेवा प्रवाह गर्ने निकाय सेवाको लागि उत्तरदायी हुनु पर्ने सेवा,
- अनुगमन र मूल्यांकनको नियमित आवश्यकता भएको सेवा ।

स्वास्थ्यका उपचारात्मक, प्रतिरोधात्मक, प्रवर्धनात्मक र पुनर्स्थापनात्मक सेवा यो वर्गमा पर्दछन् ।

(क) अत्यावश्यक सेवाको मापदण्ड

१. एक वर्षमा एक संरचनाबाट कम्तीमा २० हजार मानिसले सेवा पाएको हुनु पर्ने,

२. एक प्राविधिक कर्मचारीबाट दैनिक कम्तीमा ५ जनाले सेवा पाएको हुनु पर्ने,

३. प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारी बीचको अनुपात २० र ३, ४० र ४ र ४० भन्दा माथि जति नै भए पनि ५ रहनु पर्ने (सहयोगी बाहेक)।

४. चालु खर्च र पूँजीगत खर्चको अनुपात ३ र १ रहनु पर्ने

(ख) स्वास्थ्य शिविरको मापदण्ड

१. वर्षको एक पटकमा नघटने गरी आवश्यकता अनुसार,

२. विशेषज्ञ सेवा उपलव्ध हुनु पर्ने,

३. ५ देखि १० दिनको शिविर हुनु पर्ने,

४. कम्तीमा १००० जनाले सेवा लिएको हुनु पर्ने,

५. एक प्राविधिक जनशक्तिबाट कम्तीमा १०० जनाले सेवा लिएको हुनु पर्ने ।

(२) प्रवर्धनात्मक सेवा वर्ग

- अनिवार्य नभएको तर जनकल्याण वा आर्थिक सामाजिक विकासको लागि राज्यद्वारा उपलब्ध गराइने सेवा,
- सेवाग्राहीको इच्छा र मागको आधारमा उपलब्ध गराइने सेवा,
- सेवापछिको अनुगमनको दायित्व सीमित भएको सेवा,
- सेवाको उपभोगपछिको दायित्व सेवाग्राहीमा निहीत भएको सेवा,
- एक पटक सेवा उपलब्ध गराएपछि लामो समयपछि मात्र पुनः सेवा दिनु पर्ने अवस्थाको सेवा,
- वार्षिक विकास कार्यक्रम अन्तरगतका सेवाहरू,

प्रवर्धनात्मक सेवाको वर्गमा सहकारी दर्ता,कृषिका सल्लाह सेवाहरू, आर्थिक सामाजिक विकासका तालिम कार्यक्रमहरू, उद्योग धन्दा दर्ता, आदि सेवा पर्दछन् ।

(क) प्रवर्धनात्मक सेवाको मापदण्ड

१. एक संरचनाले एक वर्षमा कम्तीमा १५०० वटा महत्वपूर्ण सेवा प्रदान गरेको हुनु पर्ने,

२. सहयोगी कर्मचारी बाहेक कर्मचारी र सेवाको अनुपात १ र ४०० रहनु पर्ने,

३. चालु खर्च र पूँजीगत खर्चको अनुपात कम्तीमा ४ र १ रहनु पर्ने,

४. सबैभन्दा टाढाको सेवाग्राही र संरचना बीचको दुरी १० किलो मिटर वा सार्वजनिक सवारी साधन प्रयोग गरेर ३ घण्टामा पुग्न सकिने हुनु पर्ने ।

(३) घुम्ती सेवा

घुम्ती सेवाको मापदण्ड

१. सेवाको अवधि ५ देखि १० दिनसम्म हुनु पर्ने,

२. एक वर्षमा कम्तीमा २ पटक संचालन हुनु पर्ने,

३. दैनिक ५ देखि १० जनाले सेवा लिएको हुनु पर्ने,

४. बढीमा ३ जना कर्मचारीबाट सेवा प्रवाह हुनु पर्ने ।

(४) नियामक सेवा

- सेवाग्राहीमा कानुनी अधिकार वा दायित्व श्रृजना गर्ने सेवा,
- सेवाग्राहीले प्राप्त अधिकार वा दायित्व तोकिएको शर्त अनुसार उपभोग गरे नगरेको नियमित रूपमा अनुगमन गर्नु पर्ने सेवा,
- एक पटकको सेवा र अर्को पटकको सेवा बीचको अवधि लामो रहेको सेवा ।

सवारी चालक अनुमति पत्र, सवारी साधन दर्ता, सामुदायिक वन व्यवस्थापन, वन संरक्षण आदि सेवा यस वर्गमा पर्दछन् ।

नियामक सेवाको मापदण्ड

१. एक संरचनाले वार्षिक कम्तीमा १२,००० वटा सेवा प्रदान गरेको हुनुपर्ने,

२. सहयोगी कर्मचारी बाहेक कर्मचारी र सेवाको अनुपात १ र १०० रहनुपर्ने,

३. चालु खर्च र पूँजीगत खर्चको अनुपात कम्तीमा ७ र १ रहनुपर्ने,

४. सबैभन्दा टाढाको सेवाग्राही र संरचना बीचको दुरी २०० किलो मिटर वा सार्वजनिक सवारी साधन प्रयोग गरेर १० घण्टामा पुग्न सकिने हुनुपर्ने ।

५. सुरक्षातर्फ प्रति प्राविधिक २ देखि ५ वर्ग किलोमिटर क्षेत्रभित्र पर्ने गरी हुनु पर्ने

(५) सेवा केन्द्र

- दैनिक कम्तीमा २५ देखि ५० वटा सेवा प्रवाह हुने,
- कर्मचारीले कम्तीमा १० देखि २५ वटा सेवा प्रवाह गरेको हुनु पर्ने ।

(६) जनशक्ति व्यवस्थापन

पुनर्संरचना गर्दा जनशक्तिको पुनर्वितरण गर्नु पर्ने हुन्छ । यस प्रयोजनको लागि निम्न नीति अङ्गिकार गर्ने :

- दरबन्दी श्रृजना भई हालसम्म पूर्ति नभएका सम्पूर्ण पदहरू खारेज गर्ने,
- संरचना खारेज वा गाभेको अवस्थामा खारेजमा परेका वा बढी भएका करारमा कार्यरत सहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिले अवकास दिने,
- पुनर्संरचना गर्दा (थप घट वा खारेज) कर्मचारी पुनर्वितरणको लाागि प्रस्ताव गरिएको संख्याभित्र के कुन र कस्तो ज्ञान, सीप र दक्षताको कर्मचारी पठाउने वा राख्ने हो सो कुराको निर्णय सम्बन्धित मन्त्रालयले गर्ने,
- पुनर्संरचना गर्दा बढी हुन आएका कर्मचारी पुलमा राखी खाली भएको ठाँउमा पूर्ति गर्दै जाने,
- पुलमा कर्मचारी रहदासम्म प्रदेश लोक सेवा आयोगवाट तत् तत् पदको पदपूर्ति नगर्ने ।

## ७. कानुनी व्यवस्था

पुनर्संरचनाले कतिपय अवस्थामा विद्यमान कानुनी व्यवस्थामा समायोजनको आवश्यकता पर्दछ । यस प्रयोजनको लागि निम्न नीति अवलम्वन गर्ने:

(१) पुरानो हटेर नयाँ संरचना बनेको अवस्थामा पुराना संरचनावाट भई आएका कामलाई नयाँ संरचनाबाट निरन्तरता दिन अन्तरिम कानुनी व्यवस्था तत्काल मिलाउने,

(२) नयाँ संरचनावाट कानुन बमोजिम काम गराउन आवश्यक कानुन संशोधन गर्ने व्यवस्था पुनर्संरचना गरिएलगत्तै तत्काल सुरु गर्ने,

(३) पुनर्संरचनापछि कानुनी अप्ठ्यारा आउन नदिन सम्बन्धित मन्त्रालयले आवश्यक अन्तरिम व्यवस्था र कानुन संशोधनको प्रकृया तुरुन्तै सुरु गर्ने ।

## ८. सम्पत्ति व्यवस्थापन

पुनर्संचना भएर खारेज भएका, गाभिएका कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन सम्बन्धित मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अध्याय-४

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्

## ४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेशको मुख्य कार्यकारिणी निकायको रूपमा  यो कार्यालय २०७४।११।४ मा स्थापना भएको थियो । गण्डकी प्रदेश कार्यविभाजन नियमावली, २०७४ अनुसार विभिन्न ७१ वटा विषय क्षेत्रको उत्तरदायित्व भएको यो कार्यालयको नेतृत्व प्रमुख सचिवले गर्ने व्यवस्था छ । कार्यालयमा प्रमुख सचिव सहित ८३ कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी संरचना अनुसार कार्यालयमा अधिकृत ५०, सहायक १ र सहयोगीको संख्या ३२ रहेको छ । कार्यालयको संरचनालाई अधिकृत मूलक बनाइएको छ । यहाँ अधिकृत सहायकको अनुपात ५० छ । कार्यालयको जनशक्ति संरचनामा प्राविधिकको संख्या ७  छ भने बाँकी सबै प्रशासनिक दरबन्दी रहेको छ । यसरी यो कार्यालयमा प्राविधिक र प्रशासनिक कर्मचारी दरबन्दी बीचको अनुपात ०.१६ रहेको छ । कार्यालयमा अरु कर्मचारी र कार्यालय सहयोगी बीचको अनुपात १.५६ रहेको छ । यो कार्यालयमा दरबन्दी अनुसार पदपूर्ति भएको छैन । ६९ पद (८३ प्रतिशत) मात्र पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा अधिकृततर्फ ३८ जना र सहयोगीतर्फ ३१ पद छ । रिक्त पदमा अधिकृत १२ र सहायक र सहयोगी १, १ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -४.१ हेर्नुहोस्) ।

**तालिका -४.१**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ सम्म)**

| क्रम | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्या) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ८३ | |
| | अधिकृत | ५० | |
| | सहायक | १ | |
| | सहयोगी | ३२ | |
| | प्राविधिक | ७ | |
| | प्रशासनिक र लेखासमेत (सहयोगी बाहेक) | ४४ | |
| | अधिकृत र सहायकको अनुपात | ५० | |
| | प्राविधिक र प्रशासनिकको अनुपात | ०.१६ | |

| | | | |
|---|---|---|---|
| | अरु कर्मचारी र सहयोगी कर्मचारीको अनुपात | १.५९ | |
| | जम्मा पूर्ति दरबन्दी | ६९ | |
| | अधिकृत | ३८ | |
| | सहायक | ० | |
| | सहयोगी | ३१ | |
| | जम्मा रिक्त दरबन्दी | १४ | |
| | अधिकृत | १२ | |
| | सहायक | १ | |
| | सहयोगी | १ | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ४९४३६३४ | |
| | चालुतर्फको विनियोजन | ३५७७३८४ | |
| | पूँजीगततर्फको विनियोजन | १३६६२५० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.६२ | |
| | चालु खर्च | १६२९५१० | |
| | चालु खर्च र विनियोजनको अनुपात (चालु विनियोजन) | ०.४५ | |
| | पूँजीगत खर्च | ७५६९४२ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात ( पूँजीगत) | ०.५५ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | २.१५ | |
| ४. | विगत पाँचको पाँच मुख्य काम | | |
| | १ | विकास आयोजना अनुगमन विशेष कक्षको स्थापना | |
| | २ | जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन र हेलो मुख्यमन्त्री कक्षको स्थापना | |
| | ३ | गण्डकी प्रदेशको आधार तथ्यांक प्रकाशन | |
| | ४ | मन्त्रालयगत PLMBIS सफ्टवेयर सञ्चालन स्थानीय तह योजना तर्जुमा दिग्दर्शन तर्जुमा | |
| | ५ | हर्पनखोला, सेती र कालीगण्डकी नदीमा जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली जडान | |

| | | | |
|---|---|---|---|
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७१९७३१ | |
| | चालु विनियोजन | ७०००३१ | |
| | पूँजीगत विनियोजन | १९७०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३५.५३ | |

स्रोत : मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच आर्थिक वर्षमा यो कार्यालयको लागि कुल ४ अरव ९४ करोड ३६ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फको हिस्सा ३ अरव ५७ करोड ७३ लाख ( ७२ प्रतिशत) र पूँजीगततर्फ १ अरव ३६ करोड ६२ लाख (२८ प्रतिशत) रहेको थियो । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात २.६२ रहेको थियो। यो पाँच वर्षको अवधिमा कार्यालयबाट कुल २ अरव ३८ करोड ६४ लाख रकम खर्च भएको थियो। यो खर्चमा चालुतर्फको खर्च १ अरव ६२ करोड ९५ लाख (६८ प्रतिशत) र पूँजीगततर्फको खर्च ७५ करोड ६७ लाख (३२ प्रतिशत) रहेको थियो। चालु खर्च र विनियोजनको अनुपात ०.४५ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.५५ रहेको छ। कार्यालयबाट भएको खर्चमा चालु र पूँजीगत खर्चको अनुपात २.१५ रहेको छ। उपलव्ध जनशक्ति र यो रकमबाट कार्यालयबाट विगत पाँच वर्षको अवधिमा विशेष गरी विकास आयोजना अनुगमनको लागि विशेष कक्षको स्थापना, जनतासँग मुख्यमन्त्री कार्यक्रम, हेलो मुख्यमन्त्री कक्षको स्थापना, गण्डकी प्रदेशको आधार तथ्यांक प्रकाशन, मन्त्रालयगत PLMBIS सफटवेयर संचालन, स्थानीय तह योजना तर्जुमा दिग्दर्शनको तर्जुमा र हर्पन खोला, सेती नदी र काली गण्डकी नदीमा विपद् जोखिम न्यूनीकरणको लागि पूर्व सूचना प्रणाली जडान गर्ने जस्ता कार्य सम्पन्न भएका थिए (विस्तृत विवरणको लागि तालिका-४.१ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा कार्यालयको लागि ७१ करोड ९७ लाख रकम विनियोजन गरिएको छ। विनियोजनमा चालुतर्फको हिस्सा ७० करोड (९७ प्रतिशत) र पूँजीगततर्फको हिस्सा १ करोड ९७ लाख (३ प्रतिशत) रहेको छ। चालु र पूँजीगत विनियोजनको अनुपात ३५.५३ रहन गएको छ। यो रकमबाट कार्यालयले गण्डकी सरकारको नीति तथा कार्यक्रमा उल्लेखित लगायत आफनो दायित्व भित्रका जिम्मेवारी पूरा गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -४.१ हेर्नुहोस्)।

### ४.१.१ विश्लेषण :

कार्यालयमा जनशक्तिको ठूलो दरबन्दी रहेको छ। यो कार्यालय पूर्णरूपमा अधिकृतमुखी छ। यहाँ सहायकको दरबन्दी खाली १ मात्र छ। कार्यालयमा अधिकृतको दरबन्दी मात्र ५० जनाको छ भने कर्यालय सहोगीको १५ छ। कार्यालयमा ४ महाशाखा र ८ शाखाहरू छन्। कामको तुलनामा कार्यालयको दरबन्दी बढी भए जस्तो देखिन्छ। यहाँ महाशाखा र शाखाको संख्या पनि धेरै देखिन्छ। कार्यालयमा अझ पनि अधिकृतको १२ दरबन्दी रिक्त रहेको छ। यसले पनि कार्यालयमा अत्यधिक दरबन्दी रहेको पुष्टि गर्दछ। कार्यालयमा शाखाको संख्या र कार्यालय सहयोगीको संख्या घटाउनु वाञ्छनीय देखिन्छ। अरुको लागि पनि दक्ष र प्रभावकारी तथा छरितो संरचना प्रदर्शन गर्नु पर्ने यो कार्यालयले आफैले आफनो पुनर्संरचना गर्नु नितान्त आवश्यक छ, नमूना प्रदर्शनको लागि।

### ४.१.२ सिफारिस :

गण्डकी प्रदेश सरकारले प्रशासनिक संरचनाहरू पुनरावलोकन गराईरहेको परिप्रेक्ष्यमा प्राप्त सुझाव अनुसार कार्यालयको पुनर्संरचना उपयुक्त हुन्छ । त्यसैगरि समितिको सिफारिस अनुसार पुनर्संरचना गर्दा कर्मचारीको पुनर्वितरण आवश्यक हुन्छ । त्यसकारण पुनर्संरचनाको व्यवस्थापनलाई सजिलो बनाउन कर्मचारीको पुल बनाउन आवश्यक हुन्छ । यस्तो पुलमा कर्मचारी सरुवा भएपछि स्वतः दरबन्दी कायम हुने व्यवस्था गर्दा पुलको परिचालन व्यवस्थित हुन्छ ।

### ४.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) प्रदेश प्रशासनिक संरचना पुनरावलोकन, अध्ययन तथा सुझाव समितिको प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यालयको पुनर्संरचनाको प्रस्ताव तयार गरी पेश गर्ने,

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुनर्संरचना गर्दा जगेडामा कर्मचारी राखी वितरण गर्दै लैजानु पर्ने हुनाले अस्थाई व्यवस्थाको रूपमा कर्मचारीको पुल श्रृजना गर्ने । यो पुलमा कर्मचारी सरुवा भएर आएपछि निजलाई पुलमा राख्न आवश्यक दरबन्दी स्वतः श्रृजना हुने र सरुवा भएर गएपछि स्वतः खरेज हुने व्यवस्था मिलाउने,

(ग) यो पुलको व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गर्ने ।

# अध्याय-५

# अर्थ

## ५.१ आर्थिक मामिला मन्त्रालय

प्रदेश सरकार स्थापना भएपछि २०७४ माघ २१ मा स्थापना भएको यो मन्त्रालयमा नियमावली वमोजिम तोकिएको जिम्मेवारी पूरा गर्नको लागि एघारौं तहको प्रदेश सचिवको नेतृत्वमा ३७ जना जनशक्तिको दरबन्दी रहेकोमा हाल २६ जनाको दरबन्दी पूर्ति रहेको छ । यस मध्ये १७ जना अधिकृत र १० जना सहायक कर्मचारी रहेको देखिन्छ । जनशक्तिको संरचना हेर्दा अधिकृतको दरबन्दी सहायकको भन्दा दोब्बर जस्तै देखिन्छ । रिक्ततर्फको दरबन्दीमा पनि अधिकृत तर्फ ७ जना रिक्त देखिन्छ । यो मन्त्रालयमा सहयोगी कर्मचारीको संख्या १० रहेकोमा सबै पद करारमा नियुक्ति गरी पूर्ति गरिएको छ । अन्य कर्मचारी र सहयोगीतर्फको अनुपात हेर्दा करिब तीनभन्दा पनि कम कर्मचारीको लागि एक सहयोगी रहेको देखिन्छ । यो अनुपात २.७ निक्कै धेरै हुन आउँछ (विस्तृत विवरणको लागि तालिका ५.१ हेर्नुहोस्) । फेरि, सहयोगी कर्मचारीको दरबन्दी सबै नै पूर्ति भएको देखिन्छ ।

विगत पाँच वर्षको अवधिमा यस मन्त्रालयले गरेका पाँच महत्वपूर्ण र नगरी नहुने काममा वार्षिक रूपमा गरिने नीति तथा कार्यकम, बजेट, विनियोजन र आर्थिक विधेयक निर्माण, अर्ध वार्षिक र वार्षिक समीक्षा, राजस्व परिचालन सम्बन्धी, आर्थिक सर्भेक्षण र कार्यक्रम कार्यान्वय सम्बन्धी कार्यविधिहरू रहेको देखिन्छ । यी लगायत मन्त्रालयका अन्य कार्यको लागि पाँच वर्षमा करिब १ अरव रकम विनियोजन गरिएकोमा चालुतर्फको हिस्सा ८८.१३ र पूँजीगततर्फको हिस्सा ११.६७ प्रतिशत रहेको थियो । साधारण खर्चतर्फ विनियोजनको ४० प्रतिशत र पूँजीगततर्फ विनियोजनको ३७ प्रतिशत मात्र खर्च हुन सकेको छ । यसले मन्त्रालयको खर्च गर्न सक्ने क्षमता कमजोर रहेको देखाउँछ । चालु आर्थिक वर्षको लागि मन्त्रालयको कामको लागि करिब १७ करोड १५ लाख विनियोजन गरिएको छ (विस्तृत विवरणको लागि तालिका- ५.१ हेर्नुहोस्) । यसबाट विशेष गरी सालवसाली अनिवार्य रूपमा गर्नु पर्ने बजेट र सो सम्बन्धी काम बाहेक इन्भेष्ट गण्डकी, निजी र सहकारीसँग साझेदारी, राजस्व प्रशासन सुधार, आय वृद्धि र अभिलेख प्रणाली सुधारका कामहरू प्रस्ताव गरिएको छ ।

प्रदेशको समग्र आर्थिक अनुशासन कायम राख्न,आयको सीमितता, स्रोत सुनिश्चितताको अभ्यास, वित्तीय हस्तान्तरण भएका आयोजनाको अनुगमन, प्रदेश संरचनाहरू र जनशक्तिमा हुदै गएको वृद्धि जस्ता चुनौति मन्त्रालयले सामना गर्नु परिरहेको छ । यस परिप्रेक्ष्यमा यो मन्त्रालयले आफूलाई आर्थिक अनुशासनको आदर्श संरचनाको रूपमा स्थापित गर्नु आवश्यक हुन्छ । अरुलाई उपदेश दिनुभन्दा पहिला आफू सुध्रिनु पर्दछ ।

## तालिका - ५.१

## आर्थिक मामिला मन्त्रालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्रम | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ३७ | |
| | अधिकृत | १७ | |
| | सहायक | १० | |
| | सहयोगी | १० | |
| | प्राविधिक | ० | |
| | प्रशासनिक र लेखा समेत<br>(सहयोगी बाहेक) | २७ | |
| | अधिकृत र सहायकको अनुपात | १.७ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १०० | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.७ | |
| | जम्मा पूर्ति दरबन्दी | २६ | |
| | अधिकृत | १० | |
| | सहायक | ६ | |
| | सहयोगी | १० | |
| | जम्मा रिक्त दरबन्दी | ११ | |
| | अधिकृत | ७ | |
| | सहायक | ४ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ९९७८०४ | |
| | चालु तर्फको विनियोजन | ८७९४२४ | |
| | पूँजीगततर्फको विनियोजन | ११८३८० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १५.८७ | |
| | चालु खर्च | ३५१९९६ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.४० | |
| | पूँजीगत खर्च | ४४४९५ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.३७ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ७.९१ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |

| | | | |
|---|---|---|---|
| | १ | बजेट कार्यक्रम र सोसँग सम्बन्धित विधेयक ३, ४ पटक | |
| | २ | राजस्व सभाव्यता र परामर्श ५ प्रतिवेदन | |
| | ३ | आर्थिक सर्भेक्षण ३ वटा | |
| | ४ | अर्धवार्षिक र वार्षिक समीक्षा ५ पटक | |
| | ५ | बजेट कार्यान्वयन कार्यविधि ४ वटा | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १७१४९९ | |
| | चालु विनियोजन | १४१५९९ | |
| | पूँजीगत विनियोजन | २९९०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४.७३ | |
| ६. | यस आ व को प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | इन्भेष्ट गण्डकी कार्यक्रम | |
| | २ | आन्तरिक आय अभिवृद्धि | |
| | ३ | निजी र सहकारीसँग साझेदारी | |
| | ४ | डिजिटल अभिलेख प्रणाली | |
| | ५ | राजस्व प्रशासन सुधार | |

स्रोत : प्रदेश आर्थिक मामिला मन्त्रालयबाट २०८२।१।१० मा प्राप्त विवरणबाट संश्लेषण गरिएको ।

### ५.१.१ विश्लेषण :

नीति निर्माण र कार्यान्वयनको अनुगमन गर्ने दायित्व भएको मन्त्रालय कामको संवेदनशिलता समेतलाई दृष्टिगत गरी संरचना केही भद्दा देखिएको छ । लामो समयदेखि ठूलो संख्यामा कर्मचारी पदपूर्ति हुन नसक्दा पनि मन्त्रालयको काम चलिरहेको अवस्थाले पनि यसलाई पुष्टि गर्दछ । त्यसकारण कामको महत्व र संवेदनशिलता समेतलाई दृष्टिगत गरी मन्त्रालयलाई अधिकृतमुखी बनाउन उपयुक्त हुन्छ। त्यसै गरी मन्त्रालयमा कामको बोझको आधारमा तीन महाशाखा र तीन शाखामात्र कायम गर्न उपयुक्त देखिन्छ । त्यसै गरी मन्त्रालयमा दर्ता चलानी, फाइलिङ लगायतका अन्य अभिलेखनको कार्य गर्नको लागि सबै महाशाखा र शाखाको लागि हुने गरी एक एकीकृत अभिलेखन केन्द्र स्थापना गर्दा मन्त्रालयको संस्थागत स्मरणसमेत सुदृढ हुने देखिएको छ । मन्त्रालयमा अन्य कर्मचारी र सहयोगी कर्मचारीको अनुपात अत्याधिक बढी रहेकोले यसलाई निश्चित मापदण्डको आधारमा घटाउनु वाञ्छनीय देखिएको छ ।

### ५.१.२ सिफारिस :

आर्थिक मामिला मन्त्रालयको नीति निर्माण र अनुगमनको मुख्य जिम्मेवारी र कार्यको संवेदनशिलतालाई विचार गरी मन्त्रालयलाई अधिकृतमुखी बनाउन उपयुक्त हुन्छ । मन्त्रालयमा हाल विद्यमान तीन महाशाखा अन्तरगत एक एक शाखा मात्र कायम गर्न ठीक

हुन्छ । यसरी मन्त्रालयमा सचिव लगायत ७ जनामात्र अधिकृतको दरबन्दी कायम गर्दा उपयुक्त हुन्छ । मन्त्रालयमा सहयोगीको अनुपात धेरै रहकोले घटाउने र संस्थागत स्मरण क्षमता सदृढ गर्नको लागि एकीकृत अभिलेख व्यवस्थापन एकाई स्थापित गर्न उपयुक्त हुन्छ । मन्त्रालयमा सहयोगी कर्मचारीको अनुपात अत्यधिक रहेकोले पद अनुसार सवारी साधनको सुविधा पाउनेको लागि एक र अतिरिक्त सवारी साधनको लागि एक सवारी चालक रहने गरी दुई जना र बाँकी ८ कर्मचारीको लागि एक जना सहयोगी पर्ने गरी सहयोगीको संख्या ३ गरी जम्मा ५ जनामात्र सहयोगी दरबन्दी कायम गरी बढी हुन आउने सहयोगी दरबन्दी ५ खारेज गर्ने ।

### ५.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) मन्त्रालयमा प्रविधिको प्रयोगलाई जोड दिई अधिकृतमुखी बनाउने,

(ख) मन्त्रालयमा सचिवको नेतृत्वमा प्रत्येक महाशाखा र शाखामा एक एक अधिकृत रहने गरी ७ अधिकृतस्तरको दरबन्दी कायम गर्ने,

(ग) मन्त्रालयको सबै महाशाखा र शाखाको अभिलेख व्यवस्थापनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(घ) हाल मन्त्रालयमा रहेका १० मध्ये ३ अधिकृत र ४ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(ङ) मन्त्रालयमा २ सवारी चालक र ३ सहयोगीको दरबन्दी कायम गरी बढी हुन आउने ५ सहयोगी दरबन्दी खारेज गर्ने,

(च) रिक्त रहेका ७ अधिकृत र ४ सहायक दरबन्दी खारेज गर्ने,

(छ) उल्लेखित (ङ) अनुसार सहयोगी दरबन्दी खारेज भएकोमा जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने गरी ५ सहयोगीलाई अवकास दिने,

(ज) मन्त्रालयमा कायम रहने दरबन्दी अनुसार कर्मचारी व्यवस्थापनको कार्य मन्त्रालयले गर्ने,

## ५.२ प्रदेश लेखा नियन्त्रक कार्यालय

यो कार्यालयको स्थापना वि. सं २०७५ साल जेष्ठ २ गते भएको हो। यस कार्यालयमा अधिकृत ९, सहायक ४ र सहयोगी ६ गरी १९ जनशक्तिको दरबन्दी रहेको छ। यसमध्ये अधिकृत १ र सहायक १ गरी दुई जनाको दरबन्दी रिक्त छ। बाँकी १७ जना पदपूर्ति भएको छ। अधिकृत र सहायकतर्फको सबै दरबन्दी प्रशासन सेवा, लेखा समूहको रहेको छ । अधिकृत र सहायक कर्मचारीको अनुपात २.२५ अर्थात २.२५ अधिकृतको लागि १ सहायक कर्मचारी पर्दछ। यो अनुपात कार्यालयको कामको सिलसिलामा व्यख्या गर्न नसकिने खालको छ । यहाँ सहयोगी कर्मचारीको संख्या ६ रहेको छ । कार्यालयमा रहेका २.१७ कर्मचारीको लागि १ सहयोगी कर्मचारी पर्न आउछ। यसरी कार्यालयमा

सहयोगी कर्मचारीको संख्या बढी रहेको देखिन्छ । यहाँ कार्यालय सहयोगी तहमा एक जना मात्र स्थायी कर्मचारी रहेको र बाँकी ५ जना सबै करारमा नियुक्त कर्मचारी छन् । कार्यालयमा सवारी चालक पनि दुई जना रहेका छन् । एक कार्यालयको लागि एक सवारीको व्यवस्थालाई दृष्टिगत गर्दा पनि दुईजना सवारी चालकको व्यवस्था उपयुक्त देखिदैन (विस्तृत विवरणको लागि तालिका - ५.२ हेर्नुहोस्) ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले विगत पाँच वर्षको अवधिमा विशेष गरी संचित र अन्य सरकारी कोषको हिसाब ५ पटक, निकाशा र वित्तीय हस्तान्तरणको कार्य ५ पटक, विनियोजन, राजस्व, धरौटी र सार्वजनिक कोषको अभिलेख व्यवस्थापन ५ पटक, आन्तरिक लेखा परीक्षण ५ पटक र एकीकृत वित्तीय विवरण निर्माण ५ पटक गरेको छ । यो प्रमुख काम लगायत अन्य कामको लागि कार्यालयलाई चालुतर्फ १४ करोड ९८ लाख (८७ प्रतिशत) र पूँजीगततर्फ २ करोड ८ लाख (१३ प्रतिशत) गरी जम्मा १७ करोड ५ लाख विनियोजन गरिएको थियो । यसरी चालु र पूँजीगत विनियोजनको अनुपात ७.२० रहेको थियो । विनियोजन मध्ये चालुतर्फ १२ करोड ३३ लाख (८२ प्रतिशत) र पूँजीगततर्फ १ करोड १४ लाख (५४ प्रतिशत) खर्च भएको थियो । चालु र पूँजीगत खर्चतको अनुपात १०.७९ रहेको थियो (विस्तृत विवरणको लागि तालिका-५.२ हेर्नुहोस्) ।

गण्डकी प्रदेश सरकारको यस वर्षको नीति तथा कार्यक्रममा यो कार्यालय सम्बन्धी विषय उल्लेख भएको छैन । चालु आर्थिक वर्षमा कार्यालयको लागि चालुतर्फ ३ करोड ६८ लाख (९७ प्रतिशत) र पूँजीगततर्फ ८ लाख (२ प्रतिशत) गरी कुल ३ करोड ७६ लाख विनियोजन भएको छ (विस्तृत विवरणको लागि तालिका - ५.२ हेर्नुहोस्) ।

**तालिका - ५.२**

**प्रदेश लेखा नियन्त्रक कार्यालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | १९ | |
| | अधिकृत | ९ | |
| | सहायक | ४ | |
| | सहयोगी | ६ | |
| | प्राविधिक | ० | |
| | प्रशासनिक र लेखा समेत<br>(सहयोगी बाहेक) | १३ | |
| | अधिकृत र सहायकको अनुपात | २.२५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ० | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.१६ | |
| | जम्मा पूर्ति दरबन्दी | १७ | |
| | अधिकृत | ८ | |

| | | | |
|---|---|---|---|
| | सहायक | ५ | |
| | सहयोगी | ६ | |
| | जम्मा रिक्त दरबन्दी | २ | |
| | अधिकृत | १ | |
| | सहायक | १ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १७०६२० | |
| | चालु तर्फको विनियोजन | १४९८२० | |
| | पूँजीगततर्फको विनियोजन | २०८०० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ७.२० | |
| | चालु खर्च | १२३३३७ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.८२ | |
| | पूँजीगत खर्च | ११४२५ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.५४ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | १०.७९ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | संचित र अन्य सरकारी कोषको हिसाव ५ पटक | |
| | २ | निकासा र वित्तीय हस्तान्तरणको कार्य ५ पटक | |
| | ३ | विनियोजन, राजस्व, धरौटी र सार्वजनिक कोषको अभिलेख व्यवस्थापन ५ पटक | |
| | ४ | आन्तरिक लेखा परीक्षण प्रतिवेदन ५ पटक | |
| | ५ | एकीकृत वित्तीय विवरण निर्माण ५ पटक | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ३७६२४ | |
| | चालु विनियोजन | ३६८२४ | |
| | पूँजीगत विनियोजन | ८०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४६.०३ | |
| ६. | यस आ व को प्रस्तावित मुख्य पाँच काम[12] | उल्लेख नभएको | |

स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेशबाट प्राप्त विवरणबाट संश्लेषण गरिएको ।

### ५.२.१ विश्लेषण :

कार्यालयलाई अधिकृतमुखी बनाउन खोजिएको छ तर पनि सहायकको दरबन्दी उल्लेख्य छ । कार्यालयको अधिकांश खर्च चालुतर्फ छ । पूँजीगत खर्च कम मात्र छैन, खर्च गर्ने क्षमता पनि कार्यालयको कमजोर छ । आगमि वर्षको लागि त पूँजीगत खर्चको हिस्सा एकदम कम छ । कार्यालयमा कर्मचारी र सहयोगीको अनुपात करिब २ कर्मचारीको लागि एकजना सहयोगी पर्ने गरी  छ । यो उच्च अनुपात हो ।

### ५.२.२ सिफारिस :

कार्यालयको कार्य बोझ र हालको संरचनालाई विचार गर्दा कार्यालयलाई अधिकृतमुखी बनाई हाल कार्यरत ५ सहायक कर्मचारी सबैलाई अन्यत्र सार्न उपयुक्त हुने देखिन्छ । त्यसै गरी कार्यालय सहयोगीतर्फ सवारी चालक १ र अन्य २ जना मात्र राखी बाँकीलाई अवकास दिन उपयुक्त हुन्छ ।

### ५.२.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) कार्यालयलाई प्रविधिको प्रयोगमा जोड दिई अधिकृतमुखी बनाउने,

(ख) कार्यालयमा हाल कार्यरत ८ अधिकृतवाट नै सबै काम लिने व्यवस्था मिलाई हाल कार्यरत ६ सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ग) कार्यालयमा रिक्त रहेको १ अधिकृत र १ सहायक दरबन्दी खारेज गर्ने,

(घ) कार्यालयको लागि सवारी चालक १ र अन्य सहयोगी २ मात्र कायम राखी बाँकी ३ जनालाई अवकास दिने । अवकाश गर्दा जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास गर्ने नीति अनुसार गर्ने ।

## ५.३. प्रदेश लेखा एकाई कार्यालय :

यो कार्यालय मातहत प्रदेशभित्रका ११ जिल्लामा ११ वटा प्रदेश लेखा एकाई कार्यालय रहेका छन् । तर प्रदेश लेखा एकाई कार्यालय छुट्टै छैनन् । संघीय सरकार मातहतका जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई नै प्रदेश एकाई कार्यालयको समेत जम्मिवारी दिइएको छ । प्रदेशको कार्य गर्नको लागि यी संघीय कार्यालयहरूलाई प्रदेश सरकारले वार्षिक रूपमा  एकमुष्ट रकम उपलव्ध गराउने गरेको छ । यी एकाई कार्यालयहरूले प्रदेश मातहतका कार्यालयहरूलाई रकम निकासा गर्ने, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने, प्रदेश कार्यालयहरूको आन्तरिक लेखा परीक्षण गर्ने र जिल्लागत एकीकृत विवरण तयार गर्ने कार्य गर्दछन् । यस प्रयोजनको लागि जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई विगत चार वर्षमा चालुतर्फ २ करोड ४२ लाख (८१ प्रतिशत ) र पूँजीगततर्फ ५५ लाख (१९ प्रतिशत गरी २ करोड ९७ लाख रकम विनियोजन गरिएको थियो । तर दुई आर्थिक वर्षमा यी कार्यालयको लागि पूँजीगतमा रकम

विनियोजन गरिएको थिएन । चालु वर्ष यी कार्यालयको लागि चालुतर्फ ६६ लाख (८५ प्रतिशत) र पूँजीगततर्फ ११ लाख (१५ प्रतिशत) गरी ७७ लाख विनियोजन गरिएको छ ।

**५.३.१ विश्लेषण :**

प्रदेशले संघीय सरकारको कोष तथा लेखा नियन्त्रक कार्यायललाई प्रदेश कोषको काम गरिदिए बापत अतिरिक्त रकम दिएर प्रदेशको काम लगाएको देखिन्छ । संघीय सरकारका कतिपय काम प्रदेश सरकार मातहतका निकायले पनि गरिरहेकै छन् । यस बापत प्रदेशले छुट्टै रकम लिने गरेको छैन । फेरि, संविधानले पनि सरकारहरू बीच सहकार्य र समन्वयलाई जोड दिएको सन्दर्भमा यस प्रकार रकम दिएर काममा परिचालन गर्नु उपयुक्त देखिदैन । अर्को कुरा एकीकृत कोषको अवधारण अङ्गिकार गरिसकिएको सन्दर्भमा सम्पूर्ण सार्वजनिक खर्चको हिसाब किताबको एकीकृत विवरण राख्ने कार्य कोष तथा लेखा नियन्त्रक कार्यालयको भएको सन्दर्भमा पनि यस प्रकार प्रदेशसँग अतिरिक्त रकम लिनु मनासिव देखिदैन ।

**५.३.२ सिफारिस :**

प्रदेशको कोषको हिसाब किताब राख्ने प्रयोजनको लागि जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिचालन गर्ने व्यवस्था मिलाउन संघीय सरकारलाई अनुरोध गर्नु उपयुक्त हुन्छ ।

**५.३.३ निर्णय हुनुपर्ने व्यहोरा :**

संघीय सरकारको अर्थ मन्त्रालयलाई जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदेश कोषको हिसाब किताब राख्ने दायित्वसमेत रहेको स्मरण गराउँदै पत्राचार र सोही अनुसार आवश्यक व्यवस्था मिलाउनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध गर्ने ।

# अध्याय-६

# उद्योग तथा पर्यटन

## ६.१ उद्योग तथा पर्यटन मन्त्रालय

वि. सं. २०७४ सालमा स्थापना हुदा हालको वन तथा वातावरण मन्त्रालयमा समाहित उद्योग र पर्यटन क्षेत्रलाई यसबाट अलग गरी २०८१।५।१७ मा छुट्टै उद्योग तथा पर्यटन मन्त्रालयको रूपमा स्थापना भएको हो । यो मन्त्रालयमा प्रदेश सचिवको नेतृत्वमा कुल २७ जनाको कर्मचारी दरबन्दी रहेकोमा ५ रिक्त रहेको छ । दरबन्दीको संरचना हेर्दा अधिकृत र सहयोगीको संख्या धेरै देखिन्छ भने सहायक कर्मचारीको संख्या कम देखिन्छ। एक जनाभन्दा बढी अर्थात १.१२ अधिकृत कर्मचारीको लागि एक सहायक कर्मचारी उपलव्ध रहेको देखिन्छ । त्यसै गरी मन्त्रालयका अन्य कर्मचारी र सहयोगी कर्मचारीको अनुपात १.७ अन्य कर्मचारीको लागि एक जना सहयोगी कर्मचारी रहेको देखिन्छ। रिक्त दरबन्दीतर्फ अधिकृत सबै पूर्ति रहेको छ भने सहायकमा ५ जना र सहयोगीमा एक जना रिक्त रहेको देखिन्छ (विस्तृत विवरणको लागि तालिका - ६.१ हेर्नुहोस्) ।

आर्थिक वर्ष २०७८।७९ देखि विगत तीन वर्षमा यो मन्त्रालयको कार्य जिम्मेवारी निर्वाह गर्नको लागि १ अरव ६९ करोड विनियोजन गरिएकोमा चालुतर्फ ५७ करोड ६४ लाख (३४ प्रतिशत) र पूँजीगतर्फ १ अरव ११ करोड (६६ प्रतिशत) रहेको थियो । चालु र पूँजीगत खर्चको अनुपात ०.०५१ रहेबाट मन्त्रालयको कुल विनियोजनमा पूँजीगत खर्चको हिस्सा अत्यधिक बढी रहेको देखाउँछ । यो तीन वर्षको अवधिमा खर्चतर्फ चालु खर्च ४० करोड ६८ लाख अर्थात विनियोजनको करिब ५८ प्रतिशत मात्र र पूँजीगततर्फ ९२ करोड ७६ लाख अर्थात विनियोजनको करिब ८२ प्रतिशत खर्च भएको
थियो । यो खर्चबाट मन्त्रालयले विशेष गरी पर्यटक पदमार्ग र पर्यटकीय पूर्वाधार निर्माण, उद्यमशिलता तालिम, प्रविधि हस्तान्तरण र बजार अनुगमन जस्ता कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ६.१ हेर्नुहोस् ) ।

चालु आर्थिक वर्षको लागि यो मन्त्रालयको निम्ती चालुतर्फ २३ करोड ५२ लाख (३६ प्रतिशत) र पूँजीगततर्फ ४१ करोड ५८ लाख (६४ प्रतिशत) गरी कुल ६५ करोड १० लाख विनियोजन गरिएको छ । यसबाट मन्त्रालयले मुख्य रूपमा पर्यटन प्रवर्धन र पूर्वाधार विकास, आन्तरिक उत्पादन, रोजगारी श्रृजना र उद्यमशिलता, औद्योगिक पूर्वाधार र प्रतिस्पर्धात्मक उद्योग विकास, नीतिगत र कानुनी सुधार, उपभोक्ता संरक्षण र मर्यादित व्यवस्थापन जस्ता काम सम्पादन गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका - ६.१ हेर्नुहोस्) ।

## तालिका - ६.१

## उद्योग तथा पर्यटन मन्त्रालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क.सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | २७ | |
| | अधिकृत | ९ | |
| | सहायक | ८ | |
| | सहयोगी | १० | |
| | प्राविधिक | ० | |
| | प्रशासनिक र लेखा समेत<br>(सहयोगी वाहेक) | १७ | |
| | अधिकृत र सहायकको अनुपात | १.१२ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ० | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | १.७ | |
| | जम्मा पूर्ति दरबन्दी | २२ | |
| | अधिकृत | ९ | |
| | सहायक | ४ | |
| | सहयोगी | ९ | |
| | जम्मा रिक्त दरबन्दी | ५ | |
| | अधिकृत | ० | |
| | सहायक | ४ | |
| | सहयोगी | १ | |
| ३. | विगत तीन वर्षको कुल विनियोजन | १६९५८४० | |
| | चालुतर्फको विनियोजन | ५७६४१५ | |
| | पूँजीगततर्फको विनियोजन | १११९४२५ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०५१ | |
| | चालु खर्च | ४०६८५१ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.५८ | |
| | पूँजीगत खर्च | ९२७६१८ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८२८ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.४३८ | |
| ४. | विगत तीन वर्षको पाँच मुख्य काम | | |

| | | | |
|---|---|---|---|
| | १ | ८७ कि मी पदमार्ग निर्माण | |
| | २ | ३५५ वटा पर्यटक पूर्वाधार निर्माण | |
| | ३ | १४२९ जनालाई उद्यमशिलता तालिम | |
| | ४ | ३९९ जनालाई मेसिन औजार हस्तान्तरण | |
| | ५ | २ उद्योग ग्राम निर्माण र २७६ पटक बजार अनुगमन | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६५१०८४ | |
| | चालु विनियोजन | २३५२३३ | |
| | पूँजीगत विनियोजन | ४१५८५१ | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.५६५६ | |
| ६. | यस आ.व को प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | पर्यटन प्रवर्धन र पूर्वाधार विकास | |
| | २ | अन्तरिक उत्पादन, रोजगारी श्रृजना र उद्यमशिलता | |
| | ३ | औद्योगिक पूर्वाधार र प्रतिस्पर्धात्मक उद्योग विकास | |
| | ४ | कानुनी र नीतिगत सुधार | |
| | ५ | उपभोक्ता संरक्षण र मर्यादित व्यवस्थापन | |

**स्रोत : पर्यटन तथा उद्योग मन्त्रालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।**

### ६.१.१ विश्लेषण :

प्रत्यक्ष सेवा प्रवाह नगर्ने खाली नीति निर्माण र अनुगमन गर्ने प्रयोजनको लागि स्थापित मन्त्रालयमा हाल विद्यमान जनशक्तिको अवस्थालाई नियाल्दा भद्दा देखिन्छ। फेरि मन्त्रालयमा अधिकृतको संख्या सहायकको भन्दा बढी छ । समग्र कर्मचारीको संख्यामा सहयोगी कर्मचारीको संख्या निक्कै नै बढी देखिन्छ । फेरि मन्त्रालयमा महाशाखा र महाशाखा अन्तरगत एकभन्दा बढी शाखाहरू राख्दा संरचना बोझिलो देखिएको छ ।

### ६.१.२ सिफारिस :

मन्त्रालयद्वारा सम्पादन हुने कामको प्रकृति र संवेदशिलता समेतलाई दृष्टिगत गरी मन्त्रालयलाई अधिकृतमुखी बनाउन उपयुक्त हुन्छ। हाल मन्त्रालयमा विद्यमान दुई महाशाखा र दुई शाखामात्र कायम गरी प्रत्येकमा महाशाखा/शाखामा एक एकजना अधिकृत दरबन्दी मात्र कायम गर्न उपयुक्त देखिन्छ । अरु कर्मचारी र सहयोगीको अनुपात धेरै रहेकोले यसलाई घटाउन उपयुक्त हुनेछ । विषेश गरी सवारी साधन पाउने हैसियत भएका कर्मचारीलाई मात्र सवारी चालकसहितको सवारी उपलब्ध गराउने र एक चालकसहितको

सवारी साधन जगेडमा राख्न उपयुक्त हुन्छ। मन्त्रालयमा दर्ता चलानी, फाइलिङ लगायतका अभिलेख व्यवस्थापनको कार्य एकीकृत रुपमा गर्न अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संस्थागत स्मरणलाई सुदृढ गर्न उपयुक्त हुन्छ ।

### ६.१.३ निर्णय हुनुपर्ने व्यहोरा

(१) मन्त्रालयलाई अधिकृतमुखी बनाउने,

(२) मन्त्रालयमा सचिवको नेतृत्वमा एक एक जना अधिकृत रहने गरी दुई महाशाखा र दुई शाखा कायम गरी ५ अधिकृत दरबन्दी कायम गर्ने,

(३) मन्त्रालयमा दर्ता चलानी, फाइलिङ लगायतका अभिलेख व्यवस्थापनको कार्य गर्न दुई सहायक कर्मचारीको नेतृत्वमा अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालन गर्ने,

(४) मन्त्रालयमा सवारी चालकको संख्या २, अन्य सहयोगीको संख्या ३ कायम गर्ने,

(५) उल्लेखित (२) अनुसारका व्यवस्था गर्दा बढी हुन आउने ४ अधिकृत र ४ सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(६) रिक्त रहेका ४ सहायक पद खारेज गर्ने,

(७) उल्लेखित (४) अनुसारको व्यवस्था गर्दा बढी हुन आउने ७ कार्यालय सहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने नीति लिने ।

(८) पुलमा सरुवा गर्ने कर्मचारीको निक्यौल सम्बन्धित मन्त्रालयले ७ दिन भित्र गर्ने ।

## ६.२ पर्यटन उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

यो निर्देशनालय २०७५ मंसिर १४ गते स्थापना भएको हो । गण्डकी प्रदेशभर कार्य क्षेत्र रहेको यो निर्देशनलायमा अधिकृत १०, सहायक ५ र सहयोगी ४ गरी १९ जनाको दरबन्दी रहेको छ । निर्देशनालय अधिकृत प्रधान जस्तो देखिन्छ, जहाँ प्रत्येक २ अधिकृतको लागि १ जना सहायकको दरबन्दी रहेको देखिन्छ । यहाँ रहेका कर्मचारीमा ३ जना इन्जिनियरिङ सेवाको दरबन्दी छ । कर्मचारीको संरचना हेर्दा अरु कर्मचारीको तुलनामा सहयोगी कर्मचारीको संख्या अत्यधिक देखिन्छ । करिब ४ जना कर्मचारीको लागि १ जना सहयोगीको दरबन्दी रहेको छ। कार्यालयमा १९ जनाको दरबन्दी रहेको भए पनि ११ पदमात्र पूर्ति भएको छ, जसमा अधिकृत ९ जना र सहायक २ तथा सहयोगीको संख्या ४ रहेको छ (विस्तृत विवरणको लागि तालिका - ६.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा कार्यालयको काम कारवाहीको लागि चालुतर्फ १४ करोड ७१ लाख (४२ प्रतिशत) र पूँजीगततर्फ २० करोड ५२ लाख (५८ प्रतिशत) गरी कुल ३५ करोड २३ लाख विनियोजन गरिएको थियो । पाँच वर्षको अवधिमा यसरी विनियोजन भएको रकमको चालुतर्फ ७ करोड ६१ लाख (३५ प्रतिशत) र पूँजीगततर्फ १४ करोड १५ लाख (६५ प्रतिशत) गरी कुल २१ करोड ७६

लाख रकम मात्र खर्च हुन सकेको थियो । खर्चलाई विनियोजनसँग तुलना गर्दा चालुतर्फ विनियोजनको ५२ प्रतिशत र पूँजीगततर्फ विनियोजनको ६८ प्रतिशत मात्र रकम खर्च भएको थियो । यसरी खर्च भएको रकमबाट यस अवधिमा प्रदेश भित्रका उद्योगहरूको विवरण संकलन, उपभोक्ता सचेतना कार्यक्रम, उद्यमशिल प्रशिक्षण, पर्यटन दिवस मनाउने र बजार अनुगमन गर्ने जस्ता कार्यहरू सम्पन्न भएका थिए (विस्तृत विवरणको लागि तालिका - ६.२ हेर्नुहोस्)।

चालु आर्थिक वर्षको लागि कार्यालयलाई ७ करोड ५ लाख विनियोजन गरिएको छ। जसमा चालुतर्फ ६ करोड ३४ लाख (९० प्रतिशत) र पूँजीगततर्फ ७० लाख (१० प्रतिशत) रहेको थियो । यो रकमबाट कार्यालयले पहिला घरदेश अनि प्रदेश, उद्यमी बनौं स्वदेशमै केही गरौं, खेलकुद पर्यटन, राउण्ड फेवा भ्यू, फेवा र पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं जस्ता कार्यकम संचालन गर्ने लक्ष्य राखिएको छ (विस्तृत विवरणको लागि तालिका- ६.२ हेर्नुहोस्) ।

**तालिका - ६.२**

**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | १९ | |
| | अधिकृत | १० | |
| | सहायक | ५ | |
| | सहयोगी | ४ | |
| | प्राविधिक | ३ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | १२ | |
| | अधिकृत र सहायकको अनुपात | ४ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.२५ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.७५ | |
| | जम्मा पूर्ति दरबन्दी | ११ | |
| | अधिकृत | ९ | |
| | सहायक | २ | |
| | सहयोगी | ४ | |
| | जम्मा रिक्त दरबन्दी | ४ | |
| | अधिकृत | १ | |
| | सहायक | ३ | |
| | सहयोगी | ० | |

| | | | |
|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३५२३७६ | |
| | चालुतर्फको विनियोजन | १४७१३७ | |
| | पूँजीगततर्फको विनियोजन | २०५२३९ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.७१ | |
| | चालु खर्च | ७६१०३ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२१ | |
| | पूँजीगत खर्च | १४१५४६ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४१ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.५३ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | उद्योग संचालन विवरण | |
| | २ | उपभोक्ता सचेतना कार्यक्रम | |
| | ३ | पर्यटन दिवस | |
| | ४ | उद्यमशिलता प्रशिक्षण तालिम | |
| | ५ | बजार अनुगमन | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७०५०० | |
| | चालु विनियोजन | ६३४५० | |
| | पूँजीगत विनियोजन | ७०५० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ९ | |
| ६. | चालु आ व को प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | पहिला घरदेश अनि प्रदेश | |
| | २ | उद्यमी बनौ स्वदेशमा केही गरौं | |
| | ३ | खेलकुद पर्यटन | |
| | ४ | राउण्ड फेवा भ्यू फेवा | |
| | ५ | पोखरा जाऔं प्रकृति र सस्कृति सँग रमाऔं | |

स्रोत : पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट प्राप्त विवरणको संश्लेषण

### ६.२.१ विश्लेषण :

कार्यालय स्थापनाको करिब ६ वर्ष भईसक्दा पनि ठूलो संख्यामा (करिब ४२ प्रतिशत) पद पदपूर्ति हुन सकेको छैन । फेरि, पूर्ति हुन नसकेका पदमा सहायक कर्मचारीको संख्या बढी छ । सहायकतर्फ विशेष गरी इन्जिनियरिङ सेवाका पदहरू पूर्ति हुन नसकेको देखिन्छ । यसले कार्यालयमा काम पर्याप्त नभएको संकेत गर्दछ । कार्यालयमा अन्य कर्मचारीको अनुपातमा सहयोगी कर्मचारी दरबन्दी धेरै मात्र रहेको छैन, सहयोगीतर्फका सबै पदहरू

पूर्ति भएका छन् । निर्देशनालयले कामको लागि रकम उपयोग गर्ने क्षमतामा पनि सीमितता देखिन्छ । चालु खर्चसमेत विनियोजनको आधाभन्दा पनि कम भएको देखिन्छ । मन्त्रालयहरूले आफूले गरेको काममा उल्लेख भएका विषयहरू नै निर्देशनालयको काममा पनि उल्लेख भएको छ ।

### ६.२.२ सिफारिस :

कामको मात्रा पनि कम भएको र दोस्रो तहको कार्यालयहरूको उपादेयता पनि कम रहेकाले यस्तो निकायले गरी आएको केही काम मन्त्रालयवाट र केही काम तलका कार्यालयबाट गराउने गरी निर्देशनालय खारेज गर्न उपयुक्त हुने देखिन्छ । यो निकायले गरी आएको बजार अनुगमनको कार्य संघीय सरकार मातहतको प्रमुख जिल्ला अधिकारीले पनि गर्ने र उपभोक्ताको हितको लागि संघीय सरकार मातहत उपभोक्ता अदालतसमेत गठन भईसकेको सन्दर्भमा निर्देशनालयको यो काम पनि त्यति प्रभावकारी हुने देखिदैन ।

### ६.२.३ निर्णय हुनुपर्ने व्यहोरा

(१) पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने,

(२) उल्लेखित (१) अनुसार गर्दा देहाय बमोजिम कर्मचारीको व्यवस्थापन गर्ने :

(क) निर्देशनालयमा हाल कार्यरत २ अधिकृतलाई मन्त्रालयमा एक महाशाखा र एक शाखा थप गरी सरुवा गर्ने,

(ख) हाल निर्देशानालयमा कार्यरत ९ अधिकृत र २ सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ग) निर्देशनालयमा रिक्त रहेका १ अधिकृत र ३ सहायक पद निर्देशनालय खारेज भएकोले स्वतः खारेज हुने,

(घ) निर्देशनालयमा कार्यरत सम्पूर्ण कार्यालय सहयोगीलाई अवकास दिने,

(ङ) उल्लेखित (१) अनुसार खारेज भएको साबिक पर्यटन, उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

## ६.३ पर्यटन तथा उद्योग कार्यालय

गण्डकी प्रदेशमा जम्मा ११ वटा पर्यटन तथा उद्योग कार्यालयहरू रहेका छन् । यी कार्यालयहरू सबै एउटै मितिमा नखुली विभिन्न मितिमा खुलेका छन् । जनशक्तिको अवस्था हेर्दा यी कार्यालयहरूमा पाँच किसिमका दरबन्दी वितरण देखिन्छ । कास्की कार्यालयमा सबैभन्दा धेरै १७, नवलपुरमा १३, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, लमजुङ र स्याङजा गरी ६ वटा जिल्लामा १० र मनाङ र मुस्ताङमा ९ छन् । गोरखाको कर्मचारी विवरण प्राप्त भएन ।

यी जिल्लाहरूमा अधिकृततर्फ दरबन्दी धेरै रहेका २ जिल्लामा ४ जना, ७ जिल्लामा ३ जना र १ जिल्लामा २ जनाको दरबन्दी रहेको छ। सहायकतर्फ सबैभन्दा धेरै १ जिल्लामा ९ जना छ भने १ जिल्लामा ७ जना, ५ जिल्लामा ५ जना र बाँकी ३ जिल्लामा ४ जनाको दरबन्दी रहेको छ। सहयोगीतर्फ १ जिल्लामा ४ जना , १ जिल्लामा ३ जना र बाँकी ८ जिल्लामा २ जनाको दरबन्दी रहेको देखिन्छ। यी कार्यालयको दरबन्दीमा प्राविधिकतर्फ १ जिल्लामा २ जना र बाँकी १० जिल्लामा १ जनाको दरबन्दी रहेको छ। यसरी यी कार्यालयहरूमा प्रशासनतर्फ ६ देखि ११ जनासम्मको दरले वितरण भएको छ। अधिकृत र सहायकको अनुपात ०.२५ देखि ०.७५ सम्म रहेको छ। त्यसै गरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ०.११ देखि ०.१८ सम्म वितरण भएको छ। कर्मचारी र सहायोगीको अनुपात ३ देखि ४सम्म वितरण भएको छ।

पदपूर्तितर्फ हेर्दा ४ देखि १६ जनासम्म पूर्ति भएको पाइन्छ। यस मध्ये अधिकृततर्फ १ देखि ४ जनासम्म विभिन्न संख्यामा वितरण भएको छ। सहायकतर्फ पनि १ देखि ८ जनासम्म पूर्ति भएको छ। सहयोगीतर्फ केही जिल्लामा ४ र अरुमा २ को दरले पदपूर्ति भएको छ। रिक्त दरबन्दीतर्फ १ जना देखि ५ जनासम्मको पद रिक्त रहेको देखिन्छ। यस मध्ये अधिकृतमा १ जना वा २ जनाको दरले रिक्त रहेको देखिन्छ भने सहायकतर्फ १ जनादेखि ५ जनासम्मको पद रिक्त रहेको छ। सहयोगीको कुनै पनि पद रिक्त छैन।

**तालिका - ६.३-१**

**पर्यटन तथा उद्योग कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | कास्की | तनहुँ | नवलपुर | पर्वत | बागलुङ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १७ | १० | १३ | १० | १० |
| | अधिकृत | ४ | ३ | ३ | ४ | ३ |
| | सहायक | ९ | ५ | ७ | ४ | ५ |
| | सहयोगी | ४ | २ | ३ | २ | २ |
| | प्राविधिक | २ | १ | १ | १ | १ |
| | प्रशासनिक र लेखासमेत ( सहयोगी वाहेक) | ११ | ८ | ९ | ७ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अधिकृत र सहायकको अनुपात | ०.४४ | ०.६ | ०.४२ | १ | ०.६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.१८१८ | ०.१२५ | ०.११ | ०.१४ | ०.१४ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३ | ४ | ३.३३ | ४ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | १६ | ६ | ७ | १० | ८ |
| | अधिकृत | ४ | १ | २ | ४ | ३ |
| | सहायक | ८ | ३ | ५ | ४ | ३ |
| | सहयोगी | ४ | २ | ३ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | १ | ४ | ६ | ० | २ |
| | अधिकृत | ० | २ | १ | ० | ० |
| | सहायक | १ | २ | ५ | ० | २ |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १९४७८० | १६११५८ | ३०९७९ | ५२२९४ ०८०/०८१ को मात्र | १९४४६९ ०७६/०७७ नभएको |
| | चालु तर्फको विनियोजन | ९७७८७ | १५१४८१ | १३७७९ | १०४४४ | ५०११० |
| | पूँजीगततर्फको विनियोजन | ९६९९३ | १५२६० | १७२०० | ४१८५० | १४६३५ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १.००८ | ०.९९ | ०.८० | ०.२४ | ०.३४ |
| | चालु खर्च | ६७५०८ | ३०६३६ | ८०१० | ४५५२१ | ३६६४९ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.३४ | ०.०१९ | ०.२५ | ०.८७ | ०.१८ |
| | पूँजीगत खर्च | ७८९५८ | ६५५५९ | १४१५२ | ३७७४५ | १३७४४ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४९७ | ०.४० | ०.४५ | ०.७२ | ०.७० |
| | चालु खर्च र पूँजीगत | ०.८५४ | ०.४६ | ०.५६ | ०.२० | ०.२६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खर्चको अनुपात | | | | | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १ | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण |
| | २ | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण |
| | ३ | तालिम संचालन | तालिम संचालन | तालिम संचालन | तालिम संचालन | तालिम संचालन |
| | ४ | पर्यटन प्रवर्धन र प्रचार प्रसार | पर्यटन प्रवर्धन र प्रचार प्रसार | पर्यटन प्रवर्धन र प्रचार प्रसार | पर्यटन प्रवर्धन र प्रचार प्रसार | पर्यटन प्रवर्धन र प्रचार प्रसार |
| | ५ | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६००८१ | ४६७८८ | ३५०९० | ४१८३४ | ४८४७४ |
| | चालु विनियोजन | २००८१ | १०७८८ | १३५०९ | ९८३४ | ९९७४० |
| | पूँजीगत विनियोजन | ४००० | २६००० | २१५०० | ३२००० | ३८५०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.५० | ०.४१ | ०.६२८ | ३.०७ | ०.२५ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | |
| | १ | पर्यटन पूर्वाधार विकास | पर्यटन प्रवर्धन | पर्यटन प्रवर्धन | पर्यटन प्रवर्धन | पर्यटन प्रवर्धन |
| | २ | काशेली घर निर्माण | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ | आयात प्रतिस्थापनमा योगदान | वजार अनुगमन | वजार अनुगमन | वजार अनुगमन | वजार अनुगमन |
| | ४ | मर्यादित बजार व्यवस्थापन | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण |
| | ५ | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम | सीपमूलक तालिम |

स्रोत : पर्यटन तथा उद्योग कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षको अवधिमा यी कार्यालयहरूको लागि सबैभन्दा कम म्याग्दीको लागि २ करोड ५८ लाखदेखि सबैभन्दा बढी कास्कीको लागि १९ करोड ४७ लाखसम्म रकम विनियोजन भएको देखिन्छ । यसमध्ये पनि चालुतर्फ सबैभन्दा कम म्याग्दीको लागि १ करोडदेखि सबैभन्दा बढी कास्कीको लागि ९ करोड ६९ लाख र पूँजीगततर्फ सबैभन्दा कम १ करोड ५८ लाखदेखि सबैभन्दा बढी ९ करोड ६९ लाख विनियोजन भएको देखिन्छ । चालु र विनियोजनको अनुपात ०.२४ देखि १.४१ सम्म वितरण भएको छ । त्यसैगरी चालु खर्चतर्फ सबैभन्दा बढी ६ करोड ७५ लाखदेखि सबैभन्दा कम ७५ लाखसम्म रहेको देखिन्छ । पूँजीगत खर्चतर्फ सबैभन्दा बढी ७ करोड ८९ लाख र सबैभन्दा कम १ करोड ४७ लाख रहेको छ । यसै गरी चालु खर्च र विनियोजनको अनुपात ०.१८ देखि ०.९६ सम्म रहेको छ । त्यस्तै पूँजीगत खर्च र विनियोजनको अनुपात ०.४० देखि ०.९९ सम्म रहेको छ । चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.२० देखि २.९४ सम्म रहेको छ ।

यी मानव स्रोत र आर्थिक साधनबाट यस अवधिमा कार्यालयहरूले मुख्य रूपमा  उद्योग, फर्म दर्ता र नवीकरण, प्रविधि हस्तान्तरण अन्तरगत उद्योगी व्यवसायीहरूलाई मेसिनरी औजारहरू हस्तान्तरण, उद्यमशिलता तालिम संचालन, पर्यटन पूर्वाधार निर्माण, पर्यटन प्रवर्धन र प्रचार प्रसार, अनुगमन तथा मूल्यांकन जस्ता गतिविधि संचालन गर्दै आएका छन् ।

चालु आर्थिक वर्षको लागि यी कार्यालयहरूको निम्ति २ करोड २५ लाखदेखि ६ करोड सम्म विनियोजन गरिएको छ । यो विनियोजनमा चालुतर्फ थोरैमा ९१ लाख ८१ हजारदेखि बढीमा ८ करोड ६३ लाखसम्म र पूँजीगततर्फ थोरैमा ४० लाखदेखि बढीमा ५ करोड ६७ लाखसम्म विनियोजन गरिएको देखिन्छ । चालु र पूँजीगत विनियोजनको अनुपात ०.२५ देखि ३.०७ रहेको छ । यसरी प्रस्तावित रकमबाट यी कार्यालयले उद्योगका फर्म दर्ता र नवीकरण, पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्धन र प्रचार प्रसार,सीप विकास तालिम, प्रविधि हस्तान्तरण र उपभोक्ता सचेतना कार्यक्रम जस्ता कार्य गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका - ६.३-१ र ६.३-२ हेर्नुहोस्) ।

**तालिका- ६.३-२**

**पर्यटन तथा उद्योग कार्यालयकहरूको संक्षिप्त विवरण**

**(आ. व. २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | मनाङ | मुस्ताङ | म्याग्दी | लमजुङ | गोरखा[13] | स्याङ्जा |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |

[13] कर्मचारीको विवरण प्राप्त नभएको ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | कुल दरबन्दी | ९ | ९ | १० | १० | - | १० |
| | अधिकृत | ३ | ३ | ३ | २ | - | ३ |
| | सहायक | ४ | ४ | ५ | ५ | - | ५ |
| | सहयोगी | २ | २ | २ | २ | - | २ |
| | प्राविधिक | १ | १ | १ | १ | - | १ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | ६ | ६ | ७ | ७ | - | ७ |
| | अधिकृत र सहायकको अनुपात | ०.७५ | ०.७५ | ०.६ | ०.६ | - | ०.६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.१६ | ०.१६ | ०.१४ | ०.१४ | - | ०.१४ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.५ | ३.५ | ४ | ४ | - | ४ |
| | जम्मा पूर्ति दरबन्दी | ४ | ४ | ७ | ५ | - | ६ |
| | अधिकृत | १ | १ | २ | १ | - | २ |
| | सहायक | १ | १ | ३ | २ | - | २ |
| | सहयोगी | २ | २ | २ | २ | - | २ |
| | जम्मा रिक्त दरबन्दी | ५ | ५ | ३ | ५ | - | ४ |
| | अधिकृत | २ | २ | १ | ० | - | १ |
| | सहायक | ३ | ३ | २ | ५ | - | ३ |
| | सहयोगी | ० | ० | ० | ० | - | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ७८५७४ | ७४०२२ | २५८२२[14] | ९७६०८ | ७७५३३[15] | ९५३६३[16] |
| | चालु तर्फको विनियोजन | ४१८९४ | ४३३१५ | १००२२ | ६२१५२ | १८८७० | ३४२२१ |
| | पूँजीगततर्फको विनियोजन | ३६६८० | ३०७०७ | १५८०० | ३४४५६ | ५८६६३ | ६११४२ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १.१४२ | १.४१० | ०.६३ | ०.६३ | ०.३२ | ०.५६ |
| | चालु खर्च | १९१४० | ५१८३५ | ७५०० | ३५३७४ | १८१७५ | २३७४७ |

[14] आर्थिक वर्ष २०८०/८१ को मात्र प्राप्त भएको ।

[15] आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०८०/८१ को मात्र प्राप्त भएको ।

[16] आर्थिक वर्ष २०७७/७८, २०७८/७९,२०७९/८० र २०८०/८१को मात्र प्राप्त भएको ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२४ | ०.७० | ०.७४ | ०.५६ | ०.९६ | ०.६९ |
| | पूँजीगत खर्च | ३६५४२ | १७५९४ | १४७२१ | ३०९८३ | ४७४७० | ३३७६८ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.९९ | ०.५७ | ०.९३ | ०.९० | ०.८० | ०.५५ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.५२ | २.९४ | ०.५०९ | १.१४ | ०.३८ | ०.६५ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १ | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण | फर्म दर्ता र नवीकरण |
| | २ | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण |
| | ३ | तालिम संचालन | तालिम संचालन | तालिम संचालन | तालिम संचालन | तालिम संचालन | तालिम संचालन |
| | ४ | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार | पर्यटन प्रवर्धन तथा प्रचार प्रसार |
| | ५ | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन | अनुगमन तथा मूल्याङ्कन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २७६८१ | ३०१३२ | २२५१४ | ३७२२९ | ६६४९३ | प्राप्त नभएको |
| | चालु विनियोजन | ९१८१ | ८६३२० | १०५१४ | १०७२९ | ९७९३ | प्राप्त नभएका |
| | पूँजीगत विनियोजन | १८५०० | २१५०० | १२००० | २६५०० | ५६७०० | प्राप्त नभएका |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.४९६२ | ०.४०१ | ०.८७६ | ०.४० | ०.१७ | प्राप्त नभएका |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | पर्यटन पूर्वाधार विकास | | पर्यटन प्रवर्धन | पर्यटन प्रवर्धन | | पर्यटन प्रवर्धन |
| | २ | कोशेली घर निर्माण | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना | उपभोक्ता सचेतना |
| | ३ | आयात प्रतिस्थापन | वजार अनुगमन | वजार अनुगमन | वजार अनुगमन | वजार अनुगमन | वजार अनुगमन |
| | ४ | मर्यादित बजार व्यवस्थापन | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण | प्रविधि हस्तान्तरण |
| | ५ | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम | सीप मूलक तालिम |

स्रोत : पर्यटन तथा उद्योग कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### ६.३.१ विश्लेषण :

कार्यालयहरूको दरबन्दीमा धेरै विविधता हुदा हुदै पनि अपवाद बाहेक सबै कार्यालयहरूमा दरबन्दीको ठूलो हिस्सा रिक्त रहेको देखिन्छ । दरबन्दी संरचना हेर्दा सहायक कर्मचारीको संख्या सबै कार्यालयमा उल्लेख्य रहेको छ । अधिकृत दरबन्दी विशेष गरी प्रविधिक जनशक्तिको पदपूर्ति कमजोर रहेको छ । फेरि, कार्यालयहरूमा चालु खर्चको हिस्सा उल्लेख्य छ । पूँजी निर्माणमा लगाइएको रकममा पनि एकै किसिमको निरन्तरता देखिदैन । कुनै समयमा कुनै कार्यालयमा एकदम थोरै र कुनैमा एकदम बढी रकम विनियोजन भएको देखिन्छ । चालुतर्फको खर्चभन्दा पूँजीगत खर्चको अनुपात राम्रो रहेको अवस्थाले पूर्वाधार निर्माणको काम कार्यालयहरूबाट राम्ररी भएको देखिन्छ ।

कार्यालयले गर्ने कामलाई नियाल्दा कार्यालयहरूले पर्यटन प्रवर्धनको लागि सानातिना पूर्वाधार निर्माणको कार्य तर धेरै संख्यामा गरिरहेका, फर्म दर्ताको काम स्थानीय तहबाट हुने गरेको, खाली वित्तीय संस्थाबाट ऋण लिन चाहनेहरू मात्र उद्योग दर्ता र नवीकरणको लागि कार्यालयमा आउने गरेको देखिएको छ । यस्ता उद्यमीको संख्या अत्यन्त न्यून हुने गरेको छ । सीप विकास तालिम संचालनको लागि कार्यालयहरूले रकम उपलब्ध गराउने र सहजीकरण मात्र गरिरहेका र प्रविधि हस्तान्तण पनि सम्बन्धित उद्यामीले बजारबाट तोकिए बमोजिमको यन्त्र उपकरण किनेर बील पेश गर्ने र कार्यालयबाट भुक्तानी हुने व्यवस्था रहेको छ । स्थलगत अवलोकन गर्दासमेत कार्यालयहरू अन्यन्त न्यून जनशक्तिबाट संचालन भईरहेको र अधिकांश कार्यालयहरूको अहिलेको मुख्य काम भनेको पर्यटनका भौतिक पूर्वाधार निर्माण गर्ने नै देखिएको छ । यसको लागि कार्यालयहरूमा करार अन्तरगत प्राविधिक कर्मचारीको व्यवस्था गरेको देखिन्छ ।

### ६.३.२ सिफारिस :

कार्यालयमा उद्योग दर्ताको काम न्यून मात्रामा रहेको, तालिमको कार्य अन्य संघ संस्थामार्फत गरिने, प्रविधि हस्तान्तरणको कार्य वर्षको एकपटक मात्र गरिने र पर्यटन पूर्वाधारको कार्य अरु निकायबाट झन् प्रभावकारी र गुणस्तरीय रूपमा गराउन सकिने सन्दर्भमा जिल्लास्तरमा नियमित उपस्थिति रहने गरी कार्यालय राख्न सान्दर्भिक देखिदैन । फेरि प्रविधि प्रयोग गरेर वा घुम्ती सेवा मार्फत उद्योग दर्ताको काम, स्थानीय संघ संस्थामार्फत तालिमको काम र प्रविधि हस्तान्तरणको लागि वर्षको एकपटक गर्ने काम अन्यत्रको भौगोलिक उपस्थितिबाट पनि सम्भव हुन्छ ।

### ६.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

(१) तनहुँ, बागलुङ र कास्की जिल्लाबाहेक अन्यत्र जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालय खारेज गर्ने,

(२) तनहुँ बागलुङ र कास्की जिल्लामा रहेका पर्यटन तथा उद्योग कार्यालयलाई देहाय वमोजिमको कार्य क्षेत्र रहने गरी पर्यटन तथा उद्योग डिभिजन कार्यालयमा परिवर्तन गर्ने:

(क) पर्यटन तथा उद्योग डिभिजन कार्यालय तनहुँ- तनहुँ गोरखा, नवलपुर, लमजुङ र मनाङ जिल्ला

(ख) पर्यटन तथा उद्योग डिभिजन कार्यालय कास्की - कास्की, स्याङजा र पर्वत जिल्ला

(ग) पर्यटन तथा उद्योग डिभिजन कार्यालय बागलुङ - बागलुङ, म्यग्दी र मुस्ताङ जिल्ला

(३) उल्लेखित (१) अनुसार गर्दा देहाय बमोजिम कर्मचारीको व्यवस्थापन गर्ने :

(क) तनहुँ, बागलुङ र कास्कीका पर्यटन तथा उद्योग कार्यालयका सबै कर्मचारीलाई सम्बन्धित डिभिजन कार्यालयमा समाहित गर्ने,

(ख) पर्यटन तथा उद्योग कार्यालय खारेजीमा परेका सबै कार्यालयका अधिकृत र सहायक कर्मचारीमध्ये २ अधिकृत र ५ सहायक कर्मचारीलाई पर्यटन तथा उद्योग डिभिजन कार्यालय कास्की, तनहुँ र बागलुङको रिक्त पदमा सरुवा गरी बढी भएका अधिकृत र सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ग) उल्लेखित (१) अनुसार खारेज भएका ८ कार्यालयमा रिक्त रहेका अधिकृत र सहायक पद स्वतः खारेज हुने,

(घ) पर्यटन तथा उद्योग कार्यालय खारेजीमा परेका सबै कार्यालयका सहयोगी कर्मचारीलाई अवकास दिने,

(ङ) खारेजीमा परेका कार्यालयबाट उल्लेखित संख्यामा अधिकृत र सहायक कर्मचारीलाई डिभिजन कार्यालयमा सरुवा गर्ने कार्य सम्वन्धित मन्त्रालयले ७ दिनभित्र गर्ने,

(च) खारेजीमा परेका कार्यालयले गरिआएको काम उल्लेखित डिभिजन कार्यालयबाट हुने अन्तरिम कानुनी व्यवस्था मन्त्रालयले मिलाई आवश्यक कानुन संशोधनको प्रकृया तत्काल सुरु गर्ने,

(छ) उल्लेखित (१) अनुसार खारेज भएका ८ वटा साबिक पर्यटन तथा उद्योग कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अध्याय - ७

# उर्जा, जलस्रोत तथा खानेपानी

## ७.१ उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

वि सं २०७५ सालमा स्थापित यो मन्त्रालयमा सचिवको नेतृत्वमा ३४ जना कर्मचारीको दरबन्दी रहेको छ । यसमध्ये अधिकृतको दरबन्दी २३ अर्थात करिब ६८ प्रतिशत रहेको छ । सहायकको दरबन्दी अत्यन्त न्यून १ मात्र अथवा करिब ३ प्रतिशत मात्र छ । सहयोगीको दरबन्दी १० अर्थात कुल दरबन्दीको करिब ३० प्रतिशत रहेको छ। आनुपातिक हिसावमा २३ अधिकृतको लागि १ जना सहायक कर्मचारी पर्न आउछ। यो मन्त्रालयको प्रकृति प्राविधिक भएकोले यहाँ प्राविधिक कर्मचारीको संख्या अत्यधिक २५ अर्थात ७६ प्रतिशत छ। अनुपातको हिसावले २५ प्राविधिक कर्मचारीको लागि १ जना मात्र प्रशासनिक कर्मचारी पर्न आउछ। कर्मचारी र सहयोगीको अनुपात हेर्दा प्रत्येक २.४ कर्मचारीको लागि १ जना कार्यालय सहयोगी पर्न आउँछ । मन्त्रालयको लागि श्रृजित ३४ दरबन्दी मध्ये २८ अर्थात ८२ प्रतिशत पद मात्र पूर्ति रहेको छ। पूर्ति रहेको पद मध्ये अधिकृतमा १८ वटा अर्थात ५३ प्रतिशत पूर्ति छ भने सहायक पद पूर्ति नै हुन सकेको छैन। सहयोगीतर्फ सबै १० पदहरू पूर्ति भएका छन्। रिक्त दरबन्दीको संरचना हेर्दा कुल रिक्त ६ पदमध्ये ५ अर्थात ८३ प्रतिशत पद अधिकृततर्फ रिक्त रहेको छ भने बाँकी १ पद रहेको सहायकतर्फ १०० प्रतिशत पद रिक्त छ (विस्तृत विवरणको लागि तालिका - ७.१ हेर्नुहोस्) ।

प्रदेश सरकारको उर्जा जलस्रोत र खानेपानीतर्फको जिम्मेवारी निर्वाह गर्नको लागि विगत पाँच आर्थिक वर्षको अवधिमा मन्त्रालयको लागि चालुतर्फ १ अरव ३४ करोड (५ प्रतिशत) र पूँजीगततर्फ २८ अरव ८४ करोड (९५ प्रतिशत) गरी कुल ३० अरव १८ करोड रकम विनियोजन गरिएको थियो। यसरी विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.४ रहन गएको थियो। यसरी विनियोजन गरिएको रकम मध्ये मन्त्रालय र मातहतका निकायले चालुतर्फ ९८ करोड ८० लाख ( ४ प्रतिशत) र पूँजीगततर्फ २५ अरव १३ करोड ७८ लाख (९६ प्रतिशत) गरी कुल २६ अरव १२ करोड ५८ लाख रकम खर्च गरेका थिए। चालुतर्फ खर्च र विनियोजनको अनुपात ०.७३ अर्थात विनियोजनको ७३ प्रतिशत खर्च भएको थियो भने पूँजीगततर्फ खर्च र विनियोजनको अनुपात ०.८९ अर्थात ८९ प्रतिशत रकम खर्च भएको थियो। यो रकमबाट मन्त्रालय र मातहतका निकायले सिंचाई योजना निर्माण, तटवन्ध निर्माण, उज्याले गण्डकी प्रदेश अभियान, विद्युत काठे पोल प्रतिस्थापन र एक घर एक धारा अभियान जस्ता कार्यक्रमहरू संचालन गरेका थिए (विस्तृत विवरणको लागि तालिका - ७.१ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षको लागि मन्त्रालय र मातहतका निकायको लागि चालु ५ करोड ४४ लाख (४६ प्रतिशत) र पूँजीगत ६ करोड ३० लाख (५४ प्रतिशत) गरी कुल ११ करोड ७४ लाख रकम विनियोजन गरिएको छ। यो रकमबाट मन्त्रालयले एक घर एक धारा अभियान, बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने, जग्गा उकास तथा नदी नियन्त्रण, उज्यालो गण्डकी प्रदेश अभियान र गुणस्तरीय

खानेपानी विस्तार गर्ने आदि जस्ता काम गर्ने लक्ष्य निर्धारण गरेको छ (विस्तृत विवरणको लागि तालिका - ७.१ हेर्नुहोस्) ।

**तालिका - ७.१**

**उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्रम | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्या ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ३४ | |
| | अधिकृत | २३ | |
| | सहायक | १ | |
| | सहयोगी | १० | |
| | प्राविधिक | २५ | |
| | प्रशासनिक र लेखासमेत (सहयोगी वाहेक) | ९ | |
| | अधिकृत र सहायकको अनुपात | २३ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | २.७७ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.४ | |
| | जम्मा पूर्ति दरबन्दी | २८ | |
| | अधिकृत | १८ | |
| | सहायक | ० | |
| | सहयोगी | १० | १ स्थायी |
| | जम्मा रिक्त दरबन्दी | ६ | |
| | अधिकृत | ५ | |
| | सहायक | १ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३०१८०६७३ | |
| | चालु तर्फको विनियोजन | १३३५६२८ | |
| | पूँजीगततर्फको विनियोजन | २८८४५०४५ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०४ | |
| | चालु खर्च | ९८८०३४ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७३ | |
| | पूँजीगत खर्च | २५१३७८३४ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८७ | |

| | | | |
|---|---|---|---|
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.३० | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | सिंचाइ योजना निर्माण | |
| | २ | तटबन्ध निर्माण | |
| | ३ | उज्यालो गण्डकी प्रदेश अभियान | |
| | ४ | विद्युत काठेपोल प्रतिस्थापन | |
| | ५ | एक घर एक धारा अभियान | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ११७४४२ | |
| | चालु विनियोजन | ५४४४२ | |
| | पूँजीगत विनियोजन | ६३००० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १ : १.५ | |
| ६. | आ व २०८१/८२ को प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | एक घर एक धारा अभियान | |
| | २ | बाह्रै महिना सिंचाइ गर्ने | |
| | ३ | जग्गा उकास तथा नदी नियन्त्रण | |
| | ४ | उज्यालो गण्डकी प्रदेश अभियान | |
| | ५ | गुणस्तरीय खानेपानीको विस्तार | |

**स्रोत : उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।**

### ७.१.१ विश्लेषण :

यो मन्त्रालयले मुख्यतः उर्जा, खानेपानी, सिंचाई र नदी नियन्त्रण गरी चार किसिमका कामको नीतिगत क्षेत्रमा काम गर्दछ । यो प्राविधिक मन्त्रालयमा अधिकांश प्राविधिक र त्यो पनि अधिकृतस्तरका पद खाली रहेका छन् । प्राविधिक प्रकृतिको मन्त्रालय भईकन प्रशासनिक कर्मचारीको संख्या पनि निकै ठूलो रहेको छ । मन्त्रालयको दरबन्दीको ठूलो हिस्सा कार्यालय सहयोगीले ओगटेको छ । मन्त्रालयको खर्चको ठूलो हिस्सा चालुतर्फ रहेको छ । यस अर्थमा मन्त्रालयको संरचना चाहिने भन्दा भद्दा रहेको संकेत गर्दछ । यसलाई छिटो छरितो र कार्यममूलक बनाउन उपयक्त हुन्छ ।

### ७.१.२ सिफारिस :

नीतिगत कार्य गर्ने निकाय भएकोले अरु मन्त्रालयको लागि प्रस्ताव गरिए जस्तै यो मन्त्रालयलाई पनि अधिकृतमूलक र प्रविधियुक्त बनाउन उपयुक्त हुन्छ (अहिले पनि मन्त्रालयमा सहायकमा १ जनाको मात्र दरबन्दी छ) । त्यसै गरी प्रत्येक महाशाखा, शाखामा एक एकजना अधिकृत रहने गरी चार महाशाखा र चार शाखा राख्न उपयुक्त हुन्छ । मन्त्रालयमा प्रशासनिक कर्मचारी विशेष गरी अधिकृतको संख्यालाई न्यूनतम गराउन

मनासिब हुन्छ । मन्त्रालयमा सहयोगीको संख्या अत्यधिक रहेकोले त्यसलाई घटाउन उपयुक्त हुन्छ । मन्त्रालयको संस्थागत स्मरणलाई सुदृढ गर्नको लागि एकीकृत अभिलेख व्यवस्थापन केन्द्र स्थापना गर्न उपयुक्त हुन्छ ।

### ७.१.३ निर्णय हुनुपर्ने व्यहोरा

(क) मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने,

ख) मन्त्रालयमा सचिवको नेतृत्वमा चार महाशाखा र चार शाखामात्र कायम गरी जम्मा ८ अधिकृत दरबन्दी कायम गर्ने,

(ग) मन्त्रालयमा प्रशासनतर्फ २ अधिकृतको दरबन्दी मात्र कायम गर्ने,

(घ) सबै महाशाखा र शाखाको प्रयोजनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ङ) अभिलेख केन्द्रको लागि हाल विद्यमान एक दरबन्दीमा थप एक सहायकको दरबन्दी श्रृजना गरी दुई दरबन्दी कायम गरी पुलवाट २ सहायक कर्मचारी सरुवा गर्ने,

(ङ) उल्लेखित (ख) र (ग) अनुसार गर्दा बढी हुन आउने १० अधिकृतलाई पुलमा सरुवा गर्ने,

(च) मन्त्रालयमा रिक्त रहेका ५ अधिकृतको दरबन्दी खारेज गर्ने,

(छ) सवारी चालक २ र अन्य सहयोगी ३ जनाको दरबन्दी कायम गरी बाँकी ५ सहायकको दरबन्दी खारेज गर्ने,

(ज) दरबन्दी खारेजमा परेका सहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने नीति अनुसार ५ जना सहयोगीलाई अवकास दिने,

(झ) उल्लेख भए अनुसार मन्त्रालयमा रहने र पुलमा सरुवा हुने कर्मचारीको व्यवस्थापन ७ दिनभित्र मन्त्रालयले गर्ने ।

(ञ) पुलबाट २ सहायक कर्मचारीको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिनभित्र गर्ने ।

## ७.२ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

गण्डकी प्रदेश स्थापनसँगै स्थापना भएका यस्ता कार्यालयहरूको संख्या ४ रहेको छ । यी कार्यालय प्रत्येकको कार्य क्षेत्रमा २।२ जिल्ला पर्दछ । यी कार्यालय प्रत्येकमा १८ जनाको दरबन्दी रहेको छ । यस मध्ये २ कार्यालय स्याङजा र बागलुङमा एकै किसिमको दरबन्दी संरचना छ भने तनहुँ र

गोरखामा फरक फरक छ । दरबन्दीको वितरण हेर्दा अधिकृततर्फ थोरैमा ७ (३९ प्रतिशत) र बढीमा १३ (७२ प्रतिशत) जनासम्म, सहायकमा थोरैमा २ (११ प्रतिशत) देखि बढीमा ८ (४४ प्रतिशत) सम्म रहेको देखिन्छ भने सहयोगीको दरबन्दीमा एकरुपता छ । सहयोगीको दरबन्दी ३ (१७ प्रतिशत) रहेको छ । यी कार्यालयहरू प्राविधिक कर्मचारीमूलक छन् । यी कार्यालयहरूमा प्राविधिक कर्मचारीको संख्या १२ देखि १३ रहेको छ भने प्रशासनिक कर्मचारीको संख्या २ देखि ३ मात्र रहेको छ । यसरी यी कार्यालयमा प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारीको अनुपात ६.५ देखि ५ सम्म वितरण भएको छ । अरु कर्मचारी र सहयोगीको अनुपात चाही ४.३३ देखि ५ सम्म वितरण भएको छ । यी कार्यालयहरूको पदपूर्तिमा भने व्यापक विविधता छ । सबैभन्दा थोरै पदपूर्ति १२ (६७ प्रतिशत) बागलुङमा रहेको छ भने सबैभन्दा धेरै स्याङजामा सबै पद पूर्ति भएको देखिन्छ । बाँकी २ जिल्ला यसैको बीचमा पर्दछन् । पूर्ति भएका पदहरूमा अधिकृततर्फ सबैभन्दा थोरै पूर्ति भएको बागलुङमा ५ छ भने सबैभन्दा धेरै पूर्ति भएको स्याङजामा १३ पद पूर्ति भएको छ । सहायकतर्फ पनि सबैभन्दा थोरै गोरखामा २ पद र सबैभन्दा धेरै तनहुँ र स्याङजा प्रत्येकमा ६, ६ पद पूर्ति भएको छ । कार्यालय सहयोगीको पद भने सबै जिल्लामा पूर्ति भएको छ (विस्तृत विवरणको लागि तालिका ७.२ हेर्नुहोस्) ।

**तालिका - ७.२**

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्रम | विषय | तनहुँ | गोरखा | बागलुङ | स्याङजा |
|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा) | २ जिल्ला | २ जिल्ला | २ जिल्ला | २ जिल्ला |
| २. | कुल दरबन्दी | १८ | १८ | १८ | १८ |
| | अधिकृत | ७ | १३ | ९ | ९ |
| | सहायक | ८ | २ | ६ | ६ |
| | सहयोगी | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | १३ | १२ | १३ | १३ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | ३ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.८७ | ६.५ | १.५ | .१.५ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ६.५ | ५ | ५ | ५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ५ | ४.३३ | ४.३३ | ४.३३ |
| | जम्मा पूर्ति दरबन्दी | १३ | १६ | १२ | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अधिकृत | ७ | ११ | ५ | १३ |
| | सहायक | ६ | २ | ४ | ६ |
| | सहयोगी | ३ | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | २ | २ | ६ | ३ |
| | अधिकृत | ० | २ | ३ | १ |
| | सहायक | ० | ० | २ | द् |
| | सहयोगी | ० | ० | ० | 0 |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३१४७९१३ | ४१७०३२५ | ३९७०५३९ | ३८०५५९१ |
| | चालु तर्फको विनियोजन | ४७६७६ | ८०८८० | ८०१३४ | ७७८२१ |
| | पूँजीगततर्फको विनियोजन | ३१००२३७ | ४०८९४४५ | ३८९०३७८ | ३७२७७७० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.१५ | ०.१९ | ०. ०२ | ०. ०२ |
| | चालु खर्च | ३०९९७ | ६४७४३ | ६०१८० | ६४३९४ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६५ | ०.८३ | ०.७५ | ०.८३ |
| | पूँजीगत खर्च | २७५९०७७ | ३८५२६५४ | ३६२६४५७ | ३३७६८७४ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८८ | ०.९२ | ०.९३ | ०.८९ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०१ | ०.१५ | ०.१६ | ०.१९ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | |
| | १ | खानेपानीको पहुँचमा वृद्धि ९२.८ | विस्तृत अध्ययन सर्भेक्षण | एक घर एक धारा कार्यक्रम | सम्पन्न आयोजना २२९ |
| | २ | खुल्ला दिशा मुक्त क्षेत्र विस्तार | पुराना योजनाहरूको मर्मत संभार | पुराना योजनाको मर्मतसंभार | खानेपानी मुहान मर्मत |
| | ३ | सम्पन्न आयोजना १५० | क्षतिग्रस्त खानेपानी योजनाहरूको पुनर्स्थापना | योजना कार्यान्वयन | रोजगारी ७८१४४९ |
| | ४ | निजी धारा जडान २०५०२ | योजना कार्यान्वयन | क्षतिग्रस्त खानेपानी | निजी धारा जडान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | योजनाहरूको पुनर्स्थापना | २४०६३ |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ४०३९८३ | ३८५८०० | ३७७११९ | ४५३७४६[17] |
| | चालु विनियोजन | ३१७८३ | ३५००० | २०७१९ | |
| | पूँजीगत विनियोजन | ३७२२०० | ३५०८०० | ३५६४०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.००४७ | ०.०९२ | ०.५८ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | |
| | | खानेपानीको पहुँचमा वृद्धि | विस्तृत अध्ययन सर्भेक्षण | एक घर एक धारा कार्यक्रम | एक घर एक धारा कार्यक्रम |
| | | खुल्ला दिशा मुक्त क्षेत्र विस्तार | पुराना योजनाहरूको मर्मत संभार | पुराना योजनाहरूको मर्मत संभार | खानेपानी मुहान मर्मत |
| | | पुराना योजनाहरू को मर्मत संभार | क्षतिग्रस्त खानेपानी योजनाहरूको पुनस्थापना | क्षतिग्रस्त खानेपानी योजनाहरूको पुनर्स्थापना | रोजगारी श्रृजना |

स्रोत : खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट प्राप्त विवरण सश्लेषण गरिएको ।

बजेट विनयोजन र खर्चतर्फ हेर्दा विगत पाँच आर्थिक वर्षमा सबैभन्दा बढी रकम विनियोजन गोरखामा ४ अरव १७ करोड थियो भने थोरै तनहुँमा ३ अरव १४ करोड थियो । यसरी विनियोजन भएको रकममा चालुतर्फ सबैभन्दा कम ४ करोड ७६ लाख तनहुँमा थियो भने सबैभन्दा बढी गोरखामा ८ करोड ८ लाख रहेको थियो । पूँजीगततर्फ सबैभन्दा कम तनहुँमा ३ अरव १० करोड रहेको थियो भने सबैभन्दा बढी गोरखामा ४ अरव ८ करोड रहेको थियो । चालु र पूँजीगत विनियोजनको अनुपात भने ०.०२ देखि ०.१९ सम्म फैलिएको थियो । कार्यालयहरूले यसरी विनियोजन गरिएका रकम मध्ये चालुतर्फ सबैभन्दा धेरै गोरखाले ६ करोड ४७ लाख र सबैभन्दा थोरै तनहुँले ३ करोड ९ लाख खर्च गरेका थिए । पूँजीगततर्फ सबैभन्दा धेरै गोरखाले ३ अरव ८५ करोड र सबैभन्दा थोरै तनहुँले २ अरव ७५ करोड खर्च गरेका थिए । चालु खर्च र विनियोजनको अनुपात ०.६५ देखि ०.८३ सम्म रहेको थियो । त्यसै गरी पूँजीगत खर्च र विनियोजनको अनुपात ०.८८ देखि ०.९३ सम्म रहेको थियो । यो रकमबाट कार्यालयहरूले खानेपानी र सरसफाईमा पहुँच अभिवृद्धि गर्न विशेषतः खानेपानीका आयोजनाहरूको विस्तृत अध्ययन सर्भेक्षण, आयोजना

[17] चालु र पूँजीगत विनियोजन नखुलेको विवरण प्राप्त ।

कार्यान्वयन, पूराना आयोजनाहरूको मर्मत सभार, क्षतिग्रस्त खानेपानी आयोजनाको पुनर्स्थापना, निजी धारा वितरण र मुहान मर्मत र खुला दिसामुक्त क्षेत्र जस्ता कार्यकमहरू संचालन गरेका थिए (विस्तृत विवरणको लागि तालिका - ७.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा यी डिभिजन कार्यालयहरूमा सबैभन्दा धेरै ४ अरव ५३ करोड स्याङ्जा र सबैभन्दा थोरै ३ अरव ७७ करोड बागलुङको लागि रकम विनियोजन गरिएको छ। कुल विनियोजित रकममा चालुतर्फ सबैभन्दा धेरै ३ करोड ५० लाख गोरखा र सबैभन्दा थोरै २ करोड ७ लाख बागलुङको लागि रहेको छ। त्यसै गरी पूँजीगततर्फ सबैभन्दा धेरै तनहुँको लागि ३ अरव ७२ करोड र सबैभन्दा थोरै गोरखाको लागि ३ अरव ५० करोड विनियोजन गरिएको छ । चालु र पूँजीगत विनियोजनको अनुपात ०.००४ देखि ०.५८ सम्म वितरण भएको छ। यो रकमबाट कार्यालयहरूले खानेपानीका आयोजनाहरूको विस्तृत अध्ययन सर्भेक्षण, आयोजना कार्यान्वयन, पूराना आयोजनाहरूको मर्मत सम्भार, क्षतिग्रस्त खानेपानी आयोजनाको पुनर्स्थापना, निजी धारा वितरण र मुहान मर्मत र खुला दिसामुक्त क्षेत्र जस्ता कार्यकमहरू संचालन गरी खानेपानीमा पहुँच वृद्धि गर्ने र रोजगारीका अवसर श्रृजना गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका - ७.२ हेर्नुहोस्)

### ७.२.१ विश्लेषण :

यी कार्यालय प्रत्येकाले दुई जिल्ला हेर्दछन् । यी दुवै जिल्ला पहाडमा रहेका छन् । फेरि खानेपानीका आयोजना कुनै स्थान विशेषमा केन्द्रीकृत पनि हुदैनन्, समान्यतया जिल्लाभर वितरण भएका हुन्छन् । अर्को कुरा खानेपानी नपुगेको ठाउँमा खानेपानी पुऱ्याउने सार्वजनिक लक्ष्य रहने हुँदा त नयाँ नयाँ आयोजना जिल्लाको पनि विकट ठाँउमा संचालन गर्नुपर्ने हुन्छ । सम्बन्धित प्राविधिकको स्थलगत उपस्थिति रहनु पर्ने खानेपानी सम्बन्धी पूर्वाधार निर्माण र सम्भारमा यस प्रकार दुई जिल्लाको जिम्मेवारीले प्राविधिकको उपस्थितिलाई संकुचन गर्दछ । फेरि हाल नयाँ योजना कम तर पुराना योजनाको मर्मत सम्भारमा धेरै रकम विनियोजन हुने गरेको कारणले त काम गर्नुपर्ने योजनाको संख्या पनि धेरै हुन्छ । खानेपानीका योजना विशेष गरी नयाँ योजना संचालन गर्नको लागि जिल्ला जिल्लामा संघीय सरकारका खानेपानीका संरचना पनि छन् । यी कार्यालय दक्ष जनशक्तिको उपलब्धता रहे पनि नयाँ र जटिल आयोजनामा तिनको परिचालन हुन सकेको पनि छैन । यस अर्थमा यी कार्यालय र यहाँ कार्यरत जनशक्तिको प्रभावकारितामा सिमितता रहेको छ। यी कार्यालयलाई यही रूपमा  राखिरहनु प्रभावकारिता र दक्षता दुवै दृष्टिकोणले उपयुक्त देखिदैन ।

### ७.२.२ सिफारिस :

दुइ जिल्लाको कठीन र विभाजित जिम्मेवारी रहने गरी र नयाँभन्दा पुराना आयोजनाको स-सानो रकमको मर्मत सम्भारको कार्य गर्ने गरी ठूलो संख्यामा प्राविधिक जनशक्तिको उपस्थिति उपयुक्त नभएकोले यस प्रकारका चारवटै डिभिजन कार्यालय खारेज गरेर नयाँ संरचना

मार्फत जिल्लास्तरमा खानेपानी तथा सरसफाइको निर्माण र मर्मत सम्भार सेवा दिन उपयुक्त देखिन्छ ।

### ७.२.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) तनहुँ, गोरखा, बागलुङ र स्याङजामा अवस्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खारेज गर्ने,

(ख) हालको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुँ, गोरखा, बागलुङ र स्याङजा प्रत्येकमा कार्यरत खानेपानी उपसमूहका १ इन्जिनियर र ३ सव इन्जिनियर गरी कुल ४ इन्जिनियर र ८ सव इन्जिनियरलाई प्रकरण ९.३.३ अनुसार जिल्लास्तर मा नयाँ निर्माण गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सरुवा गर्ने,

(ग) उल्लेखित (क) अनुसार खारेजीमा परेका कार्यालयवाट (ख) अनुसार सरुवा भएकादेखि बाहेकका साबिक खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा कार्यरत २० अधिकृत र २१ सहायकलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेका कार्यालयमा रिक्त रहेका ६ अधिकृत र ४ सहायक पद स्वतः खारेज हुने,

(ङ) खारेजीमा परेका कार्यालयमा कार्यरत १२ कार्यालय सहयोगीलाई अवकास दिने,

(च) खारेजीमा परेका कार्यालयबाट नयाँ जिल्लास्तरको संरचनामा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिनभित्र गर्ने,

(छ) खारेजीमा परेका कार्यालयवाट (ग) अनुसार पुलमा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयले गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएका तनहुँ, गोरखा, बागलुङ र स्याङजामा अवस्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन ७ दिनभित्र मन्त्रालयले गर्ने ।

## ७.३ जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तरगत सिंचाईको मात्र कार्य गर्ने गरी व्यवस्थित ८ वटा जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय छन् । यी सबै कार्यालयहरू २०७५ सालमा संघीय सरकारबाट हस्तान्तरण भई आएका हुन् । यस अर्थमा यी कार्यालयको संरचना प्रदेश सरकार स्थापना हुनुभन्दा अगाडि भएको देखिन्छ । यी कार्यालयमा तीन किसिमको दरबन्दी वितरण भएको देखिन्छ । सबैभन्दा धेरै दरबन्दी भएको कास्कीमा १४ जनाको दरबन्दी रहेको छ भने गोरखा, तनहुँ र नवलपुर

प्रत्येकमा १२।१२ जनाको दरबन्दी छ । त्यसै गरी बाँकी लमजुङ, बागलुङ, स्याङजा र पर्वत प्रत्येकमा ११।११ जनाको दरबन्दी रहेको छ । यी कार्यालयहरू अधिकृतमूलक देखिन्छन् । यो दरबन्दी संरचनामा सबैभन्दा धेरै अधिकृतको संख्या कास्कीमा १० (७१ प्रतिशत) छ भने थोरै स्याङजामा ६ (५६ प्रतिशत) रहेको छ । बाँकी जिल्लाहरूमा यी दुईको बीचमा वितरण भएको छ । यी कार्यालयहरूमा सहायकको दरबन्दी नगण्य ० देखि २ सम्म वितरण भएको छ । सहयोगी कर्मचारीमा भने सबैमा एकरुपता देखिन्छ । सबैमा ३ जनाको दरबन्दी रहेको छ । यी कार्यालयहरू प्राविधिक कार्यालय भएकोले यहाँ प्राविधिक कर्मचारीको संख्या अत्यधिक छ । प्राविधिक कर्मचारीको संख्या ६ देखि ९ सम्म वितरण भएको छ । यसरी अधिकृत र सहायकको अनुपात ३ देखि १० सम्म वितरण भएको छ भने प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारीको अनुपात २.६६ देखि ५ सम्म वितरण भएको छ । कार्यालयका कर्मचारी र सहयोगी कर्मचारीको अनुपात २.६६ देखि ३ सम्म रही एक किसिमको एकरुपता देखिएको छ । यी कार्यालय मध्ये १ मा बाहेक सबैमा दरबन्दी अनुसार कर्मचारी पूर्ति भएको देखिदैन । यी कार्यालयमा सबैभन्दा धेरै कास्कीमा १३ र थोरै लमजुङमा ८ पद मात्र पूर्ति भएको छ भने बाँकीको पूर्ति यी दुईको बीचमा पर्दछ । यसरी पूर्ति पदमा अधिकृततर्फ ५ देखि १० सम्म छ भने सहायकतर्फ ० देखि २ सम्म रहेको छ । कार्यालय सहयोगीतर्फका सबै पद पूर्ति भएको देखिन्छ । यी कार्यालयमा १ देखि ३ वटासम्म पदहरू पूर्ति हुन सकेका छैनन् । यसरी रिक्त रहेको पदमा अधिकृततर्फ ० देखि ३ वटासम्म र सहायकमा १ वटा पदमात्र रिक्त छ (विस्तृत विवरणको लागि तालिका- ७.३-१ र ७.३-२ हेर्नुहोस्) ।

**तालिका-७.३-१**

**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म**

| क्र. सं. | विषय | लमजुङ | कास्की | गोरखा | तनहुँ[18] | नवलपुर |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | | | | | |
| २. | कुल दरबन्दी | ११ | १४ | १२ | १२ | १२ |
| | अधिकृत | ८ | १० | ८ | ८ | ८ |
| | सहायक | ० | १ | १ | १ | १ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | ६ | ९ | ७ | ७ | ७ |

[18] एक सहायक फाजिलमा रहेको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ८ | १० | ८ | ८ | ८ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ५ | ३.५ | ३.५ | ३.५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | ३.६६ | ३ | ३ | ३ |
| | जम्मा पूर्ति दरबन्दी | ८ | १३ | ११ | ९ | १२ |
| | अधिकृत | ५ | १० | ७ | ६ | ७ |
| | सहायक | ० | ० | १ | ० | २ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ३ | १ | १ | २ | ० |
| | अधिकृत | ३ | ० | १ | २ | ० |
| | सहायक | ० | १ | ० | ० | ० |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ९४७६४४ | २२९२८९० | १४६७५६५ | १२३६०१६ | २३३४९४ |
| | चालु तर्फको विनियोजन | ५५२९६ | ७२८९६ | ५६३३८ | ५५०११ | १३६९४ |
| | पूँजीगततर्फको विनियोजन | ८९०९२४ | २२१९९९४ | ११८९२६९ | ११८१००५ | २१९८०० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.६२ | ०.३३ | ०.४७ | ०.४६ | ०.००६ |
| | चालु खर्च | ४३६२२ | ६१९३६ | ३३२१९ | ४४३५९ | १०८४९ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७९ | ०.८५ | ०.५९ | ०.८० | ०.७९ |
| | पूँजीगत खर्च | ७६१६५९ | २०००६७३ | १११०१६१ | ९६०६२८ | २१५६७५ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८५ | ०.९० | ०.९३ | ०.८१ | ०.९८ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०५७ | ०.०३ | ०.२९ | ०.०४६ | ०.०५ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | निर्माण तथा मर्मत | नढी नियन्त्रण | उत्पादन वृद्धी | नदी नियन्त्रण | मर्मत तथा निर्माण |
| | २ | प्राविधिक अध्ययन | निर्माण र मर्मत | जघु जलविद्युत मर्मत | जलाशय निमार्ण | नदि नियन्त्रण कार्य |
| | ३ | वाढी नियन्त्रण तथा तटबन्ध निर्माण | आपतकालिन वाढी पहिरो व्यवस्थापन एवं पुनस्थापन | सौर्य उर्जा प्रविधि जडान | सिंचाइ योजना निर्माण | विस्तृत सर्बेक्षण |
| | ४ | जलस्रोत व्यवस्थापन | | | | वाढीपहिरो तथा क्षति ग्रस्त संरचना मर्मत |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ११७५४० | ३२५५१० | १६४८०० | | २४९१०० |
| | चालु विनियोजन | १३५०० | १६५०० | १३८०० | २०५५००[१९] | १४१०० |
| | पूँजीगत विनियोजन | १०४०४० | ३०९०१० | १५१००० | | २३५००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १:७.७१ | १:१८।७२ | १:१०.९४ | | १:१६.६६ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | |
| | १ | निर्माण तथा मर्मत | नदी नियन्त्रण | उत्पादन वृद्धि | | सिंचाइ योजना मर्मत तथा निर्माण |
| | २ | प्राविधिक अध्ययन | सिंचाइँ प्रणालीको निर्माण र मर्मत खर्च | जघु जलविद्युत मर्मत | | नदि नियन्त्रण कार्य |
| | ३ | वाढी नियन्त्रण तथा | आपतकालीन वाढी पहिरो व्यवस्थापन | सौर्य उर्जा प्रविधि जडान | | विस्तृत सर्भेक्षण |

[19] चलु विनियोजन मात्र उल्लेख भएको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तटबन्ध निर्माण | एवं पुनस्थापना | | | |
| | ४ | जलस्रोत व्यवस्थापन | | | | आपत्कालीन वाढीपहिरो तथा क्षति ग्रस्त संरचना मर्मत |

स्रोत : जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच आर्थिक वर्षमा कार्यालयहरूको लागि १२ करोड १३ लाखदेखि २ अरव २९ करोड सम्म रकम विनियोजन गरिएको थियो । यसरी विनियोजन गरिएको रकममा चालुतर्फ १ करोड ३६ लाख देखि ७ करोड २८ लाख सम्म विनियोजन भएको थियो भने पूँजीगततर्फ ११ करोड ६२ लाख देखि २ अरव २१ करोड सम्म विनियोजन गरिएको थियो । चालु विनियोजन र पूँजीगत विनियोजनको अनुपात ०.००६ देखि ०.६२ सम्म वितरण भएको थियो । यसरी विनियोजित रकमबाट कार्यालयहरूले २२ करोड ६४ लाखदेखि २ अरव ६ करोड २५ सम्म खर्च गरेका थिए । यस्तो खर्चमा चालुतर्फ १ करोड ८ लाख देखि सम्म र पूँजीगततर्फ २१ करोड ५६ लाख देखि २ अरवसम्म खर्च गरिएको थियो । चालु खर्च र विनियोजनको अनुपात ०.५९ देखि ०.८८ सम्म रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.७६ देखि ०.९५ सम्म रहेको थियो । खर्चतर्फ चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.०३ देखि ०.२९ सम्म रहेको थियो ५( विस्तृत विवरणको लागि तालिका - ७.३-१ र ७.३-२ हेर्नुहोस्) ।

**तालिका - ७.३-२**

**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| **क्र.सं.** | **विषय** | **बागलुङ** | **स्याङ्जा** | **पर्वत**[20] |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | | | |
| २. | कुल दरबन्दी | ११ | ११ | ११ |
| | अधिकृत | ८ | ६ | ८ |
| | सहायक | ० | २ | ० |
| | सहयोगी | ३ | ३ | ३ |

[20] एक सहायक फाजिल दरबन्दीको रहेको

| | | | | |
|---|---|---|---|---|
| | प्राविधिक | ६ | ६ | ६ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ८ | ३ | ८ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ३ | ३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | २.६६ | २.६६ |
| | जम्मा पूर्ति दरबन्दी | ९ | ९ | १० |
| | अधिकृत | ६ | ६ | ६ |
| | सहायक | ० | १ | १ |
| | सहयोगी | ३ | २ | ३ |
| | जम्मा रिक्त दरबन्दी | २ | २ | २ |
| | अधिकृत | २ | १ | २ |
| | सहायक | ० | १ | ० |
| | सहयोगी | ० | १ | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १०५२१४८ | १७०११९४ | १२१३८८ |
| | चालु तर्फको विनियोजन | ५५३४० | ५६७१६ | ५१५०७ |
| | पूँजीगततर्फको विनियोजन | ९९६८८० | १६४४४७८ | ११६२३८ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०५ | ०.०३४ | ०.४४ |
| | चालु खर्च | ४४१८२ | ४९७३९ | ४२९६४ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.८० | ०.८८ | ०.८३ |
| | पूँजीगत खर्च | ७५७९०९ | १५७४७७५ | १०३७५७३ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.७६ | ०.९५ | ०.९२ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०५ | ०.०३ | ०.०४ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १ | आयोजना निर्माण | सिंचाई योजना निर्माण | सिंचाई प्रणाली मर्मत तथा निर्माण |
| | २ | नदी र पहिरो नियन्त्रण | | पहिरो रोकथाम |
| | ३ | लघु जलविद्धुत मर्मत | | नयाँ प्रविधिकव |

| | | | | |
|---|---|---|---|---|
| | | | | अध्ययन तथा सर्बैक्षण |
| | ४ | एकीकृत उर्जा तथा सिंचाइ विशेष कार्य | | वाढी नियन्त्रण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १५३३७५ | २९९९६० | ११४९०० |
| | चालु विनियोजन | १३९५० | १३७०० | १२९०० |
| | पूँजीगत विनियोजन | १३९४२५ | २८६२६० | १०२००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १:९.९९ | १:२.०९ | १:७.९० |
| ६. | यस आ व का प्रस्तावित मुख्य पाँच काम | | | |
| | १ | सिंचाइ योजना निर्माण | सिंचाई योजना निर्माण | मर्मत तथा निर्माण |
| | २ | नदी, पहिरो नियन्त्रण | | पहिरो रोकथाम |
| | ३ | लघु जलविद्युत् मर्मत | | नयाँ प्रविधिको अध्ययन तथा सर्वेक्षण |
| | ४ | एकीकृत उर्जा तथा सिंचाइ विषेश कार्य | | वाढी नियन्त्रण |
| | ५ | मझौला सिंचाई आयोजना निर्माण | | |

स्रोत : जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको

यो रकमबाट यी कार्यालयहरूले पाँच वर्षको अवधिमा विशेष गरी सिंचाई योजनाको मर्मत सम्भार, नदी र पहिरो नियन्त्रण, विस्तृत अध्ययन सर्भेक्षण, सिंचाइ योजना कार्यान्वयन, आपतकालीन बाढी पहिरो व्यवस्थापन र पुनर्स्थापना, सौर्य उर्जा प्रविधि जडान र जलस्रोत व्यवस्थापन जस्ता कार्यहरू सम्पन्न गरेका थिए (विस्तृत विवरणको लागि तालिका -७.३-१ र ७.३-२ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा यी कार्यालयको लागि ११ करोड २५ लाखदेखि ३२ करोड ५५ लाखसम्म विनियोजन गरिएको थियो । यसरी विनियोजन गरिएको रकममा चालुतर्फ १ करोड २९ लाख देखि १ करोड ६५ लाख सम्म विनियोजन गरिएको छ । त्यसै गरी पूँजीगततर्फ १० करोड २० लाखदेखि ३० करोड ९० लाखसम्म विनियोजन गरिएको छ । यस रकमबाट कार्यालयले सिंचाई योजना निर्माण,

सिंचाई योजनाको मर्मत सम्भार, नदी र पहिरो नियन्त्रण, जलविद्युतको मर्मत, एकीकृत उर्जा विशेष कार्यक्रम, नवीन प्रविधिको प्रयोग, अध्ययन सर्भेक्षण गर्ने जस्ता कार्य गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका -७.३-१ र ७.३-२ हेर्नुहोस्) ।

### ७.३.१ विश्लेषण :

जिल्लागत कार्यक्षेत्र भएका जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय नयाँ आयोजना निर्माणमा भन्दा पनि स-सानो रकमका पुराना सिंचाई योजनाको मर्मत सम्भार र नदी, पहिरो तथा बाढी  नियन्त्रण, थोरै संख्यामा लघु जलविद्युत आयोजनाको मर्मत सम्भारमा संलग्न छन् । यस प्रकारको कामको लागि विषेशज्ञतायुक्त भन्दा पनि साधारण इन्जिनियरिङको ज्ञान नै पर्याप्त हुने देखिन्छ । यसले गर्दा इन्जिनियरिङको पनि सिंचाई विधामा विषेशज्ञतायुक्त जनशक्ति भएका यी डिभिजन कार्यालयमा उपलब्ध जनशक्तिको अत्युत्तम र प्रभावकारी परिचालन हुन सकेको छैन । यस अवस्थामा जिल्लास्तरमा यस प्रकारका सिंचाईप्रति प्रतिबद्ध छुटटै संरचना आवश्यक देखिदैन । यस्ता संरचनाले चालु खर्च मात्र बढाउने र कर्मचारीमा कामप्रति नैराश्यता मात्र उत्पन्न गर्ने हुन्छ ।

### ७.३.२ सिफारिस :

यस प्रकार अत्युत्तम रूपमा परिचालन हुन नसकेका र कामको प्रकृतिलाई दृष्टिगत गर्दा इन्जिनियरिङको अतिरिक्त विषेशज्ञतासमेत आवश्यक नपर्ने भएकोले जिल्लास्तरमा भौतिक पूर्वाधार निर्माण र सम्भारको नयाँ र एकीकृत संरचना निर्माण गरी उसैबाट हाल यी डिभिजन कार्यालयले गरी आएको काम गराउने गरी यी डिभिजन कार्यालय खारेज गर्न उपयुक्त हुन्छ ।

### ७.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) लम्जुङ, कास्की, तनहुँ, गोरखा, बागलुङ, स्याङजा, पर्वत र नवलपुरमा अवस्थित जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय खारेज गर्ने,

(ख) हालको जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय लम्जुङ, कास्की, तनहुँ, गोरखा, बागलुङ, स्याङजा, पर्वत र नवलपुर प्रत्येकमा कार्यरत सिंचाई उपसमूहका १ अधिकृतस्तरका इन्जिनियर र २ सव इन्जिनियर गरी कुल ८ इन्जिनियर र १६ सव इन्जिनियरलाई प्रकरण ९.३.३ अनुसार जिल्लास्तरमा नयाँ निर्माण गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सरुवा गर्ने,

(ग) उल्लेखित (कं) अनुसार खारेजीमा परेका कार्यालयवाट (ख) अनुसार सरुवा भएकादेखि बाहेकका साबिक जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयमा कार्यरत २१ अधिकृत र ५ सहायकलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खरेजीमा परेका कार्यालयमा रिक्त रहेका ११ अधिकृत र २ सहायक पद स्वतः खारेज हुने,

(ङ) खारेजीमा परेका कार्यालयमा २४ कार्यालय सहयोगीलाई अवकास दिने,

(च) खारेजीमा परेका कार्यालयवाट नयाँ जिल्लास्तरको संरचनामा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिनभित्र गर्ने,

(छ) खारेजीमा परेका कार्यालयवाट (ग) अनुसार पुलमा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयले गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएका लमजुङ, कास्की, तनहुँ, गोरखा, बागलुङ, स्याङजा, पर्वत र नवलपुरमा अवस्थित साबिकका जलस्रोत तथा सिंचाई डिभिजन कार्यालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

## ७.४ खानेपानी, जलस्रोत तथा सिंचाइ विकास सव डिभिजन कार्यालय

यी कार्यालयको कार्य क्षेत्र खानेपानी, सिंचाई र उर्जा रहेको देखिन्छ । यी कार्यालय गण्डकी प्रदेशको हिमाली भेगका दुई जिल्ला मनाङ र मुस्ताङ अनि म्याग्दीमा गरी तीन जिल्लामा रहेका छन् । म्याग्दीको कार्यालयमा १४ जनाको दरबन्दी छ भने बाँकी दुईमा ११/११ जनाको दरबन्दी छ। दरबन्दी संरचनाको वितरणमा पनि म्याग्दीमा एक थरी र बाँकी दुईमा एक थरी रहेको छ । म्याग्दीमा अधिकृतको दरबन्दी ९ रहेको छ भने बाँकीमा ३/३ छ । सहायकतर्फ म्याग्दीमा २ मात्र छन् भने बाँकी दुईमा ५/५ रहेको छ । सहयोगीको दरबन्दी भने तीनवटै कार्यालयमा बराबर ३।३ रहेको छ । यी कार्यालयमा प्राविधिकको संख्या म्याग्दीमा ९ रहेको छ भने बाँकी दुईमा ६।६ रहेको छ । प्रशासनिक जनशक्तिको दरबन्दीमा भने सबै कार्यालयमा एकरूपता छ, २।२ दरबन्दी छ । यसरी यी कार्यालयमा अधिकृत र सहायकको अनुपात म्याग्दीमा ४.५ रहेको छ भने बाँकी दुईमा ०.५ रहेको छ । त्यसै गरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात म्याग्दीमा ४.५ छ भने बाँकी दुईमा ३ रहेको छ । कर्मचारी र सहयोगीको अनुपात म्याग्दीमा ३.६६ छ भने बाँकी दुईमा ३ रहेको छ । पदपूर्तिको अवस्था नियाल्दा म्याग्दीमा १२ पद पूर्ति भएको छ भने बाँकी दुईमा ८, ८ पद पूर्ति भएको छ । पूर्ति पदमा म्याग्दीमा अधिकृत ७ छ भने मनाङमा ३ र मुस्ताङमा अधिकृत सबै नै खाली रहेको छ । सहयोगीतर्फ भने तीनवटै कार्यालयमा पद पूर्ति भएको छ । मनाङ र म्याग्दीमा २।२ पद रिक्त छ भने मुस्ताङमा ३ पद रिक्त छ । रिक्त पद मध्ये म्याग्दीमा अधिकृतको पद २ रिक्त छ भने मनाङमा सहायकको २ र मुस्ताङमा ३ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -७.४ हेर्नुहोस्) ।

## तालिका - ७.४

## खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालयहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | मनाङ | म्यागदी[21] | मुस्ताङ[22] |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | | | |
| २. | कुल दरबन्दी | ११ | १४ | ११ |
| | अधिकृत | ३ | ९ | ३ |
| | सहायक | ५ | २ | ५ |
| | सहयोगी | ३ | ३ | ३ |
| | प्राविधिक | ६ | ९ | ६ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.६ | ४.५ | ०.६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ४.५ | ३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | ३.६६ | २.६६ |
| | जम्मा पूर्ति दरबन्दी | ८ | १२ | ८ |
| | अधिकृत | ३ | ७ | ० |
| | सहायक | २ | ३ | ३ |
| | सहयोगी | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | २ | २ | ३ |
| | अधिकृत | ० | २ | ० |
| | सहायक | २ | ० | ३ |
| | सहयोगी | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ६५१५४९ | ९१६२५५ | ८७७४८१ |
| | चालु तर्फको विनियोजन | ५१९०२ | ५७९५९ | ५३२०५ |
| | पूँजीगततर्फको विनियोजन | ५९९६४७ | ८५८२९६ | ८२४२७६ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०८७ | ०.०६७ | ०.०६४ |

[21] एक सहायक कर्मचारी फाजिलवाट कार्यरत रहेको ।

[22] एक सहायक कर्मचारी फाजिलवाट कार्यरत रहेको

| | | | | |
|---|---|---|---|---|
| | चालु खर्च | ३४६४७ | ४५५४३ | ३९३२४ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६६ | ०.७९ | ०.७४ |
| | पूँजीगत खर्च | ४५५९१८ | ६९०९२७ | ६९२१४७ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.७६ | ०.८१ | ०.८४ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०७६ | ०.०६६ | ०.०५६ |
| | | | | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १ | उर्जा सम्बन्धी योजना | सिंचाइ सुविधा | खानेपानीको व्यवस्थापन |
| | २ | खाने पानी सम्बन्धी योजना | तटबन्ध निर्माण | सिंचाइ व्यवस्थापन |
| | ३ | नदी नियन्त्रण योजना | धारा जडान | |
| | ४ | सिंचाइ सम्बन्धी योजना | सौर्य उर्जा जडान | |
| | ५ | | संस्थागत विकास तालिम | |
| ५ | आ व २०८१/८२ को कुल विनियोजन | १०५००० | १३८७५० | १८५२४९ |
| | चालु विनियोजन | १२५०० | ३०१०० | १३९९९ |
| | पूँजीगत विनियोजन | ८८००० | १४३८५० | १७१२५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०१३ | ०.२० | ०.०८ |
| ६ | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | |
| | १ | | | |
| | २ | | | |
| | ३ | | | |
| | ४ | | | |
| | ५ | | | |

स्रोत : खानेपानी, जलस्रोत तथा सिंचाई सबै डिभिजन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि ६५ करोड १५ लाखदेखि ९१ करोड ६२ लाखसम्म विनियोजन गरिएको थियो । यसमा चालुतर्फ ५ करोड १९ लाखदेखि ५ करोड ७९ लाखसम्म र पूँजीगततर्फ ५९ करोड ९६ लाखदेखि ८५ करोड ८२ लाखसम्म विनियोजन भएको थियो । यो रकमबाट कार्यालयले ४९ करोड ५ लाख देखि ७३ करोड ६४ लाखसम्म खर्च गरेका थिए । खर्चमा चालु खर्च ३ करोड ४६ लाखदेखि ४ करोड ५५ लाखसम्म रहेको थियो भने पूँजीगत खर्च ४५ करोड ५९ लाखदेखि ६९ करोड २१ लाख सम्म रहेको थियो । अनुपातको हिसाबमा चालु खर्च र विनियोजनको अनुपात ०.६६ देखि ०.७९ सम्म फैलिएको थियो । त्यसै गरी पूँजीगत खर्च र विनियोजनको अनुपात ०.७६ देखि ०.८४ सम्म र चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.०५६ देखि ०.०७६ सम्म रहेको भएको थियो । यो रकमबाट कार्यालयले मुख्य रूपमा उर्जा सम्बन्धी योजना, खानेपानी योजना, सिंचाई योजना र नदी नियन्त्रण योजना कार्यान्वयन गरेका थिए (विस्तृत विवरणको लागि तालिका - ७.४ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा यी कार्यालयको लागि १० करोड ५० लाखदेखि १८ करोड ५२ लाखसम्मको रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा चालुतर्फ १ करोड २५ लाखदेखि ३ करोड १ लाखसम्म र पूँजीगततर्फ ८ करोड ८० लाखदेखि १७ करोड १२ लाख विनियोजन गरिएको छ । यी कार्यालयलाई विनियोजन गरिएको रकममा चालु र पूँजीगतको अनुपात ०.०१३ देखि ०.२० सम्म वितरण भएको छ । यो रकमबाट कार्यालयले नियमित गर्दै आएका सौर्य उर्जा, सिंचाई, खानेपानी र नदी नियन्त्रणको काम गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका- ७.४ हेर्नुहोस्) ।

### ७.४.१ विश्लेषण :

यी तीन सव डिभिजन कार्यालय उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट सम्पादन हुने तीनै विधा उर्जा, खानेपानी तथा सिंचाई र नदी, पहिरो तथा बाढी नियन्त्रणको काम गर्दछन् । यी कार्यालयहरू पनि अधिकांश स-साना रकमका पुराना योजनाहरूको मर्मत सम्भारमा संलग्न छन् । नया योजना नगण्य प्रायः छ । यस अवस्थामा यस प्रकारको साधारण सार्वजनिक निर्माणको कार्य गर्न यस प्रकारको विशिष्टिकृत निकाय उपयुक्त देखिदैन । यस्ता स-साना सार्वजनिक निर्माणको कार्य जिल्लामा रहेका अन्य पूर्वाधार निर्माणका निकाय र स्थानीय तहलेसमेत गरी आएका छन् । यसरी सामान्य निर्माणको कामको लागि पनि छुटटै निकाय बनाउनु भनेको खर्च बढाउने र आफ्नै सम्राज्य विस्तार गर्ने सार्वजनिक प्रशासनको चरित्र मात्र हो । यस सन्दर्भमा यी सव डिभिजन कार्यालय जिल्लाको लागि अपरिहार्य छैनन् ।

### ७.४.२ सिफारिस :

स-सानो पूँजीका साधारण प्रविधि मात्र उपयोग हुने सार्वजनिक निर्माणको कामको लागि जिल्लाभित्र अरु यस्तै निकाय हुँदा हुँदै यी सव डिभिजन कार्यालयको उपादेयता नदेखिएकोले

जिल्लास्तरमा एक एकीकृत भौतिक पूर्वाधार निर्माण र सम्भारको संरचना निर्माण गरी यिनीहरूबाट हुँदै आएको काम त्यही नयाँ संरचनाबाट गराउने गरी यी सव डिभिजन कार्यालयहरू खारेज गर्न उपयुक्त हुन्छ ।

### ७.४.३ निर्णय हुनुपर्ने व्यहोरा

(क) मनाङ, मुस्ताङ र म्याग्दीमा अवस्थित खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालय खारेज गर्ने ।

(ख) हालको खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालय मनाङ, मुस्ताङ र म्याग्दी प्रत्येकमा कार्यरत सिचाई उपसमूहका १ अधिकृतस्तरका इन्जिनियर र १ सव इन्जिनियर गरी कुल ३ इन्जिनियर र ६ सव इन्जिनियरलाई जिल्लास्तरमा प्रकरण ९.३.३ अनुसार नयाँ निर्माण गरिने पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सरुवा गर्ने ।

(ग) उल्लेखित (क) अनुसार खारेजीमा परेका कार्यालयवाट (ख) अनुसार सरुवा भएकादेखि बाहेकका साबिक खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालयमा कार्यरत ४ अधिकृत र ८ सहायकलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेका कार्यालयमा रिक्त रहेका २ अधिकृत र ५ सहायक पद स्वतः खारेज हुने,

(ङ) खारेजीमा परेका कार्यालयमा कार्यरत ९ जना कार्यालय सहयोगीलाई अवकास दिने,

(च) खारेजीमा परेका कार्यालयवाट नयाँ जिल्लास्तरको संरचनामा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिनभित्र गर्ने,

(छ) खारेजीमा परेका कार्यालयवाट (ग) अनुसार पुलमा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयले गर्ने,

ज) उल्लेखित (क) अनुसार खारेज भएका साबिक मनाङ, मुस्ताङ र म्याग्दीमा अवस्थित खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

## ७.५ भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालय

गण्डकी प्रदेशभित्रको एक मात्र तराईको जिल्ला नवलपुरमा यो कार्यालय रहेको छ, यद्यपि यसको कार्य क्षेत्र भने प्रदेशभर रहेको छ । यो कार्यालय २०७५ सालमा संघीय सरकारबाट हस्तान्तरण भई आएको हो । कार्यालयमा ११ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ७, सहायक १ र

सहयोगी ३ जनाको दरबन्दी छ। दरबन्दी संरचना अनुसार कार्यालय प्राविधिक प्रधान र अधिकृतमुखी रहेको छ। प्रशासनिक कर्मचारीको संख्या २ मात्र रहेको छ। दरबन्दी संरचना अनुसार कार्यालयमा अधिकृत र सहायको अनुपात ७, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३ र अरु कर्मचारी र सहयोगीको अनुपात २.३३ रहेको छ। कार्यालयको कुल दरबन्दीमा ६ दरबन्दी मात्र पदपूर्ति भएको छ। पूर्ति हुनेमा अधिकृत ३ र सहयोगी ३ रहेको छ। यहाँ ५ पद रिक्त रहेको छ। रिक्त मध्ये अधिकृत ४ र सहायक १ रहेको छ (विस्तृत विवरणको लागि तालिका - ७.५ हेर्नुहोस्)।

**तालिका - ७.५**

**भूमिगत जलस्रोत तथा सिंचाई कार्यालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | नवलपुर | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ११ | |
| | अधिकृत | ७ | |
| | सहायक | १ | |
| | सहयोगी | ३ | |
| | प्राविधिक | ६ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | |
| | अधिकृत र सहायकको अनुपात | ७ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.३३ | |
| | जम्मा पूर्ति दरबन्दी | ६ | |
| | अधिकृत | ३ | |
| | सहायक | ० | |
| | सहयोगी | ३ | |
| | जम्मा रिक्त दरबन्दी | ५ | |
| | अधिकृत | ४ | |
| | सहायक | १ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ११०१८२४ | |

| | | | |
|---|---|---|---|
| | चालु तर्फको विनियोजन | ९२७७६ | |
| | पूँजीगततर्फको विनियोजन | १००९०४८ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०९ | |
| | चालु खर्च | ५५७९५ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६० | |
| | पूँजीगत खर्च | ८३१८४८ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८२ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०६ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | स्यालो र डिप ट्युववेल निर्माण | |
| | २ | भुमिगत आयोजना पहिचान | |
| | ३ | स्यालो र डिप ट्युववेल मर्मत | |
| | ४ | अन्वेषण टयूववेल निर्माण | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १९५६०० | |
| | चालु विनियोजन | १६२०० | |
| | पूँजीगत विनियोजन | १७९४०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०९ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | स्यालो र डिप ट्युववेल निर्माण | |
| | २ | भुमिगत आयोजना पहिचान | |
| | ३ | स्यालो र डिप ट्यूववेल मर्मत | |
| | ४ | अन्वेषण टयूववेल निर्माण | |

**स्रोत : भूमिगत जलस्रोत तथा सिंचाई सबै डिभिजन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।**

विगत पाँच वर्षमा यो कार्यालयको लागि १ अरव १० करोड रकम विनियोजन गरिएको थियो । यसरी विनियोजित रकममा चालुतर्फ ९ करोड २७ लाख (९ प्रतिशत) र पूँजीगततर्फ १ अरव ९० लाख (९१ प्रतिशत) रहेको थियो । विनियोजनमा चालु र पूँजीगतको अनुपात ०.०९ रहेको थियो ।

कार्यालयले यस अवधिमा चालु खर्च ५ करोड ५७ लाख (६ प्रतिशत) र पूँजीगत खर्च ८३ करोड १८ लाख (९४ प्रतिशत ) गरी कुल ८८ करोड ७५ लाख खर्च गरेको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.६० र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.८२ रहेको थियो । त्यसै गरी चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.०६ रहेको थियो । यो अवधिमा कार्यालयले विशेष गरी स्यालो र डिप ट्युववेल निर्माण, भूमिगत आयोजना पहिचान, स्यालो र डिप टयूववेल मर्मत र अन्वेषण टयूववेल निर्माणको कार्यहरू गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ७.५ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा कार्यालयको लागि चालुतर्फ १ करोड ६२ लाख (८ प्रतिशत) र पूँजीगततर्फ १७ करोड ९४ लाख (९२ प्रतिशत ) गरी कुल १९ करोड ५६ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.०९ रहेको छ । यो रकमबाट कार्यालयले नियमित कार्य, स्यालो र डिप ट्युववेल निर्माण, भूमिगत आयोजना पहिचान, स्यालो र डिप टयूववेल मर्मत र अन्वेषण टयूववेल निर्माणको कार्यहरू गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका - ७.५ हेर्नुहोस् ।

**७.५.१ विश्लेषण :**

भूमिगत जलस्रोतको उपयोग गरी सिंचाई सुविधा पुऱ्याउन सभाव्यता बढी भएको जिल्ला नवलपुरमा स्थापित यो कार्यालयको जनशक्ति तथा साधन स्रोत अत्यन्त न्यून छ । भईरहेका धेरै पद पूर्ति नै हुन सकेका छैनन् । यस अर्थमा यसलाई छुट्टै संरचनाको आकार दिएर काम गराउनु त्यति सान्दर्भिक देखिदैन । यसवाट चालु खर्च बढने मात्र हुन्छ ।

**७.५.२ सिफारिस :**

यो कार्यालयले गरिआएको काम जिल्लास्तरमा नयाँ निर्माण गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भारको संरचनाबाट नै गराउने व्यवस्था गरी यो कार्यालयलाई खारेज गर्न उपयुक्त देखिन्छ ।

**७.५.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) नवलपुरमा अवस्थित भूमिगत जलस्रोत तथा सिंचाई सव डिभिजन कार्यालय खारेज गर्ने,

(ख) हालको भूमिगत जलस्रोत तथा सिंचाई सव डिभिजन कार्यालय नवलपुरमा कार्यरत हाइड्रोलजी/जियोलोजी उपसमूहका १ इन्जिनियरलाई जिल्लास्तरमा प्रकरण ९.३.३ अनुसार नयाँ स्थापना गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सरुवा गर्ने,

(ग) उल्लेखित (क) अनुसार खारेजीमा परेको कार्यालयबाट (ख) अनुसार सरुवा भएकादेखि बाहेकका साबिक भूमिगत जलस्रोत तथा सिंचाई सव डिभिजन कार्यालयमा कार्यरत १ अधिकृत र ३ सहायकलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेका कार्यालयमा रिक्त रहेका ४ अधिकृत र १ सहायक पद स्वतः खारेज हुने,

(ङ) खारेजीमा परेका कार्यालयमा कार्यरत ३ कार्यालय सहयोगीलाई अवकास दिने,

(च) खारेजीमा परेका कार्यालयवाट नयाँ जिल्लास्तरको संरचनामा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिन भित्र गर्ने,

(छ) उल्लेखित (क) अनुसार खारेजीमा परेको कार्यालयवाट (ग) अनुसार पुलमा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयले गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेजीमा परेको कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले गर्ने ।

# अध्याय - ८

# कृषि

## ८.१ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

तीन विधा कृषि, भूमि व्यवस्था तथा सहाकारीको जिम्मेवारी रहेको यो मन्त्रालयको स्थापना २०७४।१०।२३ मा प्रदेश सरकारको स्थापान सँगै भएको थियो । यो मन्त्रालयको संगठन तथा व्यवस्थपन सर्भेक्षण संघीय सरकारले गरेर हालको संरचना निर्माण गरिदिएको थियो । मन्त्रालयमा सचिवको नेतृत्वमा ६० कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी वितरणलाई नियाल्दा मन्त्रालय अधिकृत प्रधान देखिन्छ । दरबन्दी संरचना अनुसार मन्त्रालयमा अधिकृतको २९, सहायकको १७ र सहयोगीको १४ दरबन्दी रहेको छ । यो मन्त्रालय विशेषत प्रविधिक मन्त्रालय हो । यहाँ प्रविधिक जनशक्तिको दरबन्दी संख्या २८ रहेको छ भने प्रशासिनक कर्मचारीको दरबन्दी ५ छ। यसरी वितरण भएको मन्त्रालयको दरबन्दी अनुसार अधिकृत र सहायकको अनुपात १.७ रहेको छ भने प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ५.६ छ । अरु कर्मचारी र सहयोगीको अनुपात ३.२८ रहेको छ । मन्त्रालयमा सबै पद पूर्ति भएको छैन, खाली ४५ (७५ प्रतिशत) पद मात्र पूर्ति रहेको छ। पूर्ति मध्ये अधिकृत २२ (७५ प्रतिशत), सहायक १० (५९ प्रतिशत) र सहयोगी १३ (९३ प्रतिशत) पद पूर्ति भएको देखिन्छ। कुल रिक्त दरबन्दी १५ छ। यस मध्ये अधिकृत ७ (२५ प्रतिशत) सहायक ७ (४० प्रतिशत) र सहयोगी १ (७ प्रतिशत) रहेको छ (विस्तृत विवरणको लागि तालिका - ८.१ हेर्नुहोस्) ।

### तालिका - ८.१

### कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संक्षिप्त विवरण

### (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | मन्त्रालय | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ६० | |
| | अधिकृत | २९ | |
| | सहायक | १७ | |
| | सहयोगी | १४ | |
| | प्राविधिक | २८ | |
| | प्रशासनिक र लेखासमेत (सहयोगी वाहेक) | ५ | |
| | अधिकृत र सहायकको अनुपात | १.७० | |

| | | | |
|---|---|---|---|
| | प्रविधिक र प्रशासनिकको अनुपात | ५.६ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.२८ | |
| | जम्मा पूर्ति दरबन्दी | ४५ | |
| | अधिकृत | २२ | |
| | सहायक | १० | |
| | सहयोगी | १३ | |
| | जम्मा रिक्त दरबन्दी | १५ | |
| | अधिकृत | ७ | |
| | सहायक | ७ | |
| | सहयोगी | १ | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १२०६८५९० | |
| | चालु तर्फको विनियोजन | १०६०३६१४ | |
| | पूँजीगत तर्फको विनियोजन | १४६४९७६ | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ७.२३ | |
| | चालु खर्च | ५८५६८६६ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.५५ | |
| | पूँजीगत खर्च | ९०१८३३ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.६१ | |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ६.४९ | |
| | कुल खर्च | ६७५८६९९.४६ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १. | साना सिंचाई पुर्वाधार विकास | |
| | २ | मोडल फार्महरू स्थापना | |
| | ३ | ६६४५६ मा कृतिम गर्भाधान | |
| | ४ | १६५७७ नमुना परिक्षण | |
| | ५ | वतावरणमैत्री नमुना गाउँ कार्यक्रम | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १७१३३३ | |
| | चालु विनियोजन | १३५१३३ | |

| | | | |
|---|---|---|---|
| | पूँजीगत विनियोजन | ३६२०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.७३ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | बाझो रहन्न खेतवारी अभियान | |
| | २ | रोगको निदान तथा उपचार | |
| | ३ | सिंचाई पूर्वाधार विकास | |
| | ४ | पकेट क्षेत्र सिंचाई विस्तार | |
| | ५ | पशुको पूर्ण खोप कार्यक्रम | |

स्रोत : कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्मको पाँच वर्षको अवधिमा मन्त्रालयको लागि चालुतर्फ १० अरव ६० करोड (८८ प्रतिशत ) र पूँजीगततर्फ १ अरव ४६ करोड ( १२ प्रतिशत ) गरी कुल१२ अरव ६ करोड विनियोजन गरिएको थियो । चालु र पूँजीगततर्फको विनियोजनको अनुपात ७.२३ रहेको थियो । विनियोजन गरिएको रकम मध्ये यस अवधिमा कुल ६ अरव ७५ करोड खर्च भएको थियो । यसमा चालुतर्फ ५ अरव ८५ करोड (८७ प्रतिशत) र पूँजीगततर्फ ९० करोड (१३ प्रतिशत) खर्च भएको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.५५ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.६५ रहेको थियो । यो रकमबाट मन्त्रालयले विशेष गरी साना सिंचाई पूर्वाधार विकास, मोडल फार्महरू स्थापना, ६६,४५६ पशु वस्तुमा कृतिम गर्भाधान, १६, ५७७ नमूना परीक्षण र वतावरणमैत्री नमूना गाउँ कार्यक्रम जस्ता कार्यहरू गरेको थियो । (विस्तृत विवरणको लागि तालिका - ८.१ हेर्नुहोस्)

चालु आर्थिक वर्षमा मन्त्रालयको लागि चालुतर्फ १३ करोड ५१ लाख (७९ प्रतिशत) र पूँजीगततर्फ ३ करोड ६२ लाख (२१ प्रतिशत) गरी कुल १७ करोड १३ लाख रकम विनियोजन गरिएको छ । यसबाट मन्त्रालयले बाँझो रहन्न खेतवारी अभियान, रोगको निदान तथा उपचार, सिंचाई पूर्वाधार विकास, पकेट क्षेत्र सिंचाई विस्तार र पशुको पूर्ण खोप कार्यक्रम संचालन गर्ने लक्ष्य लिएको छ । ( विस्तृत विवरणको लागि तालिका - ८.१ हेर्नुहोस्) ।

### ८.१.१ विश्लेषण :

गण्डकी प्रदेश सरकारका मन्त्रालयस्तरको संरचनामा कर्मचारी दरबन्दीको हिसावले ठूलो मन्त्रालयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पर्दछ । मन्त्रालयको कार्य जिम्मेवारीमा भूमि व्यवस्था परे पनि यस सम्बन्धमा कुनै पनि काम भएको छैन । मन्त्रालयमा

सहयोगी कर्मचारीको संख्या धेरै छ । त्यसै गरी अरु कर्मचारी र सहयोगीको अनुपात पनि कम छ । मन्त्रालयमा दरबन्दी अनुसार पदपूर्ति भएको छैन । अझ पनि करीव २५ प्रतिशत पद पूर्ति भएको छैन । महाशाखा र शाखाको संख्या पनि धेनै छ । मन्त्रालयको खर्च गर्ने क्षमता मात्र कम छैन पूँजी निर्माणमा खासै महत्वपूर्ण भूमिका पनि छैन । यस अवस्थामा नीतिगत, समन्वय र सहजीकरण ,अनुगमन तथा मूल्यांकनको काम गर्ने मन्त्रालय छरितो र प्रभावकारी हुनु नितान्त आवश्यक छ ।

**८.१.२ सिफारिस :**

मुख्य रूपमा नीतिगत र अनुगमन र मूल्यांकनको काम गर्ने मन्त्रालयलाई प्रविधिमा आधारित र अधिकृतमुखी बनाउन उपयुक्त हुन्छ। संरचनालाई छरितो बनाउन कर्मचारीको संख्या पनि घटाउनु आवश्यक छ । मन्त्रालयमा महाशाखा र शाखाको संख्या घटाउनु पर्दछ। त्यसै गरी कर्मचारी र कार्यालय सहयोगीको अनुपात बढाउनु अवश्यक छ । साथै मन्त्रालयको संस्थागत स्मरण सुदृढ गर्न सबै महाशाखा र शाखाले प्रयोग गर्ने गरी एकीकृत अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरेर संचालनमा ल्याउन पनि उपयुक्त हुन्छ।

**८.१.३ निर्णय हुनु पर्ने व्यहोरा :**

(क) मन्त्रालयलाई प्रविधिमा आधारित र अधिकृतमुखी संरचना बनाउने,

(ख) मन्त्रालयमा सचिवको नेतृत्वमा ४ महाशाखा र ४ शाखा रहने, महाशाखा र शाखा प्रत्येकमा १।१ जना अधिकृत रहने गरी कुल ९ अधिकृत दरबन्दी मात्र कायम गर्ने ।

(ग) मन्त्रालयका सबै महाशाखा र शाखाले फाइलिङ, पत्रको दर्ता चलानी र अभिलेखको समुचित भण्डारणको लागि दुईजना सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(घ) उल्लेखित (ख) अनुसार गर्न मन्त्रालमा कार्यरत २२ अधिकृत र १० सहायक मध्ये १३ अधिकृत र ८ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ङ) मन्त्रालयमा रिक्त रहेका ७ अधिकृत र ७ सहायक दरबन्दी खारेज गर्ने,

(च) मन्त्रालयका २ सवारी चालक र ३ अन्य कार्यालय सहयोगी मात्र कायम गरी ९ जना कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (ख) अनुसार महाशाखा र शाखामा रहने अधिकृत तोक्ने ,(घ) अनुसार बढी भएका अधिकृत र सहायकलाई पुलमा सरुवा गर्ने व्यवस्था मन्त्रालयले ७ दिन भित्र मिलाउने,

(ज) उल्लेखित (च) अनुसार बढी भएका ९ जना कार्यालय सहयोगीलाई अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र गर्ने ।

## ८.२ कृषि विकास निर्देशनालय

गण्डकी प्रदेश सरकार स्थापनासँगै संघीय सरकारबाट संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रदेशका लागि बनाइएको निकाय हो यो निर्देशनालय । निर्देशनालयको स्थापना २०७४ साल असोज १० गते भएको थियो । प्रदेशमा समाहित सबै ११ जिल्ला कार्य क्षेत्र रहेको निर्देशनालयमा १९ दरबन्दी रहेको छ । निर्देशनालयलाई अधिकृत प्रधान बनाइएको छ । दरबन्दी संरचना अनुसार अधिकृत १० (५३ प्रतिशत), सहायक ४ (२१ प्रतिशत) र सहयोगीको संख्या ४ (२१ प्रतिशत) रहेको छ । निर्देशनालयमा अधिकृत र सहायकको अनुपात २.५ रहेको छ । यहाँ कृषि सेवाका प्राविधिकहरूको बाहुल्यता रहेको छ । जसको संख्या ११ छ । प्रशासनतर्फ ३ जनाको दरबन्दी छ । यसरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३.६६ रहेको छ । निर्देशनालयका अरु कर्मचारी र सहयोगीको अनुपात २.८ रहेको छ । निर्देशनालयको दरबन्दी मध्ये १७ अर्थात ९० प्रतिशत पद पूर्ति भएको देखिन्छ । यसमा अधिकृतको संख्या ९ (८२ प्रतिशत) सहायकको ३ (७५ प्रतिशत) र सहयोगीको ५ (१००प्रतिशत) रहेको छ । रिक्त रहेका पदमा अधिकृततर्फ २ र सहायकतर्फ १ पद रहेको छ (विस्तृत विवरणको लागि तालिका- ८.२ हेर्नुहोस्) ।

बितेको पाँच आर्थिक वर्षमा निर्देशनालयको लागि चालुतर्फ ८४ करोड ८५ लाख (९५ प्रतिशत) र पूँजीगततर्फ ४ करोड ५८ लाख (५ प्रतिशत) कुल ८९ करोड ४३ लाख रकम विनियोजन गरिएको थियो । यस अवधिममा चालु र पूँजीगत विनियोजनको अनुपात १८.५१ रहेको थियो । विनियोजित रकम मध्येबाट निर्देशनालयले चालुतर्फ ५२ करोड ९ लाख ( ८३ प्रतिशत) र पूँजीगततर्फ ११ करोड २ लाख लाख (१७ प्रतिशत) गरी कुल ६३ करोड ११ लाख रकम खर्च गरेको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.६१ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.२४ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ४७.२६ रहेको थियो । यो रकमबाट निर्देशनालयले विशेष गरी कोल्ड रुम निर्माण, बिउ प्रशोधन केन्द्र स्थापना, तन्तु प्रजनन प्रयोगशाला निर्माण, अलैंची भण्डारण भवन निर्माण र कृषि मेला महोत्सव जस्ता कार्यहरू गरेको थियो (विस्तृत विवरणको लागि तालिका- ८.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षको लागि निर्देशनालयको लागि ६ करोड ४८ लाख विनियोजन गरिएको छ । यस मध्ये चालुतर्फ ६ करोड ३९ लाख (९९ प्रतिशत) र पूँजीगततर्फ ९ लाख (१ प्रतिशत) रहेको छ । चालु वर्षमा चालु र पूँजीगत विनियोजनको अनुपात ७५.२३ रहेको छ । यो रकमबाट निर्देशनालयले कृषि आधुनिकीकरण, कृषि शिक्षा अनुसन्धान, गुणस्तरीय कृषि उत्पादन, मत्स्य स्रोत केन्द्र स्थापना र कृषि कर्जामा व्याज अनुदान दिने जस्ता कार्यक्रम संचालन गर्ने लक्ष्य राखेको छ । (विस्तृत विवरणको लागि तालिका- ८.२ हेर्नुहोस्) ।

### ८.२.१ विश्लेषण :

यो निकाय संघीय सरकारले व्यवस्थापन तथा संगठन सर्भेक्षण गरेर प्रदेश सरकारको लागि आवश्यक छ भनी निर्माण गरेको हो । नीति निर्माण गर्ने मन्त्रालय र कृषि ज्ञान केन्द्रको बीचको तह हो कृषि विकास निर्देशनालय । जिल्लास्तरमा रहने कृषि ज्ञान केन्द्र मूलभूतमा कार्यक्रम कार्यान्वयन गर्ने निकायभन्दा पनि स्थानीय तहमा रहेका कृषि शाखालाई प्राविधिक सहायता पुऱ्याउने निकाय हो । यिनीहरूको कार्यक्रमको अनुगमन गर्ने दायित्व पनि यस अर्थमा औचित्यहीन देखिन्छ । त्यसै पनि प्रदेशको सीमित क्षेत्रभित्र अनुगमन गर्ने कार्य त्यति व्यापक पनि हुदैन । निर्देशनलयबाट सम्पादन भएका कामलाई हेर्दा भौतिक निर्माणका कामको बाहुल्यता छ । यस्तो भौतिक निर्माणको काम इन्जिनियरिङ प्राविधिकको काम भएकोले अरु नै निकायबाट गराउनु पर्ने हुन्छ । निर्देशनालयको खर्च गर्ने विषेश गरी पूँजीगत खर्च गर्न सक्ने क्षमता पनि सीमित देखिन्छ । यसले पनि निर्देशनालयको काममा सीमितता रहेको स्पष्ट पार्दछ । यस अवस्थामा अनुगमन र मूल्यांकन र भौतिक निर्माणको काममा अन्य निकायलाई परिचालन गर्दा निर्देशनालयको सान्दर्भिकता हराउँछ ।

### ८.२.२ सिफारिस :

मन्त्रालय र जिल्लास्तरको संरचनाको बीचमा रहेको तर उत्तरदयित्वको हिसाबले सीमित रहेको कृषि विकास निर्देशनालयबाट भईआएको अनुगमन र सुपरीवेक्षणको काममा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संलग्नता र उत्तरदायित्व बढाएर गर्न उपयुक्त हुन्छ । त्यसै गरी भौतिक निर्माणको काम भौतिक निर्माणसँग सम्बन्धित जिल्लाको कार्य क्षेत्र भएका भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयबाट गराउने व्यवस्था मिलाई कार्य दक्षता र प्रभावकारिता हसिल गर्न कृषि विकास निर्देशनालय खारेज गर्न उपयुक्त हुन्छ ।

### ८.२.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) कृषि विकास निर्देशनालय खारेज गर्ने,

(ख) जिल्लास्तरमा संचालन हुने कृषि गतिविधिको सुपरीवेक्षण र मूल्यांकनमा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको भूमिका वृद्धि गर्ने,

(ग) प्रदेशको कृषि कार्यक्रम अन्तरगत संचालन हुने भौतिक निर्माणको काम कृषि प्राविधिकसँगको परामर्शमा सम्बन्धित जिल्लामा रहको भौतिक निर्माण तथा सम्भार कार्यालयबाट गराउने व्यवस्था मिलाउने ।

(घ) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालयबाट २ अधिकृतलाई मन्त्रालयमा सरुवा गरी एक महाशाखा र एक शाखा स्थापना गरी संचालनमा ल्याउने,

(ङ) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालयमा कार्यरत ७ अधिकृत र ३ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(च) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालयमा कार्यरत ५ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (घ) अनुसार मन्त्रालयमा र (ङ) अनुसार पुलमा सरुवा गर्ने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालयमा कार्यरत ५ कार्यालय सहयोगीलाई (च) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(झ) उल्लेखित (क) अनुसार खारेज भएको कृषि निर्देशनालयको नगद, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन गर्ने काम मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालय खारेज भएको कारण उत्पन्न हुन सक्ने कानुनी समस्या समाधानको लागि अन्तरिम र दीर्घकालिन कानुनी व्यवस्था मन्त्रालयले तुरुन्तै मिलाउने,

(ट) उल्लेखित (क) अनुसार खारेज भएको कृषि विकास निर्देशनालयमा रिक्त रहेका १ अधिकृत र १ सहायकको दरबन्दी स्वतः खारेज हुने ।

**तालिका - ८.२**

**कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र सहकारी रजिष्ट्रारको कार्यालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| **क. सं.** | **विषय** | **कृषि विकास निर्देशनालय** | **पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय** | **सहकारी रजिस्ट्रारको कार्यालय** |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला |
| २. | कुल दरबन्दी | १९ | १६ | १० |
| | अधिकृत | १० | ६ | ७ |
| | सहायक | ४ | ५ | १ |
| | सहयोगी | ५ | ५ | २ |
| | प्राविधिक | ११ | ९ | ० |

| | | | | |
|---|---|---|---|---|
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ३ | २ | ८ |
| | अधिकृत र सहायकको अनुपात | २.५ | १.२ | ७ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३.६६ | ४.५ | ० |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.८ | १.८ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | १७ | १३ | ९ |
| | अधिकृत | ९ | ५ | ० |
| | सहायक | ३ | ३ | ० |
| | सहयोगी | ५ | ५ | १ |
| | जम्मा रिक्त दरबन्दी | २ | ३ | १ |
| | अधिकृत | १ | १ | ० |
| | सहायक | १ | २ | ० |
| | सहयोगी | ० | ० | १ |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ८९४३७५ | ४९२६३४ | २०१६४ |
| | चालु तर्फको विनियोजन | ८४८५०० | ४५५१४४ | १९९१६ |
| | पूँजीगत तर्फको विनियोजन | ४५८०० | ३७४९० | २४८ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १८.५१ | १२.१४ | ८०.३० |
| | चालु खर्च | ५२०९०० | ३०००१८ | १५२४५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६१ | ०.६५ | ०.७६ |
| | पूँजीगत खर्च | ११०२० | २८०१४ | २३९ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.२४ | ०.७४ | ०.९६ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ४७.२६ | १०.७० | ६३.७८ |
| | कुल खर्च | ५३२००० | ३२८०३२ | १५४८४ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १. | कोल्डरुम निर्माण | कार्यविधि तथा मापदण्ड तयारी | सहकारी संघ संस्था एकीकरण |
| | २. | बीउ प्रशोधन केन्द्र स्थापना | दूध चिस्यान केन्द्र विस्तार | सहकारी संघ संस्था दर्ता |
| | ३. | तन्तु प्रजनन् प्रयोगशाला निर्माण | पशु हाट बजार निर्माण | सहकारी संघ संस्था नियमन तथा अनुगमन |

| | | | | |
|---|---|---|---|---|
| | ४. | अलैची भण्डार भवन निर्माण | पशुवधशाला निर्माण | अन्तरक्रिया कार्यक्रम संचालन |
| | ५. | कृषि मेला महोत्सव | आकस्मिक सेवा टेवा कार्यक्रम | विनियम संशोधन पुनर्लेखन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६४८०० | ९३४७८ | ३०३१९ |
| | चालु विनियोजन | ६३९५० | ८३४७८ | २९०३४ |
| | पूँजीगत विनियोजन | ८५० | १०००० | १२८५ |
| | चालु र पुँजीगत विनियोजनको अनुपात | ७५.२३ | ८.३४ | २२.५९ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | |
| | १. | कृषि आधुनिकीकरण | पशुको पूर्ण खोप कार्यक्रम | उल्लेख नभएको |
| | २. | कृषि शिक्षा अनुसन्धान | शित भण्डार निर्माण | उल्लेख नभएको |
| | ३. | गुणस्तरीय कृषि उत्पादन | निजी साझेदारीमा पशु वधशाला स्थापना | उल्लेख नभएको |
| | ४. | मत्स्य स्रोतकेन्द्र स्थापना | जुनोटिक रोग नियन्त्रण | उल्लेख नभएको |
| | ५. | कृषि कर्जामा ब्याज अनुदान | पशु तथ्यांक संकलन | उल्लेख नभएको |

स्रोत : कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशानाय र सहकारी रजिष्टारको कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

## ८.३ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

गण्डकी प्रदेश सरकार गठनसँगै संघीय सरकारले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार स्थापना भई हस्तान्तरण भई आएको निकाय हो यो निर्देशनालय । वीचमा प्रदेश सरकारले संगठन संरचनामा हेरफेर गरेको थियो । पछिल्लो संरचना अनुसार यो निर्देशनालयमा कुल १६ जनाको दरबन्दी रहेको छ। निर्देशनालयमा अधिकृत र सहायकको दरबन्दी बराबर जस्तै छ। दरबन्दी संरचना अनुसार अधिकृतमा ६ (३८ प्रतिशत), सहायकमा ५ (३१ प्रतिशत) र सहयोगीमा ५ (३१ प्रतिशत) पद वितरण भएको छ । अनुपात नियाल्दा १.२ अधिकृतको लागि १ जना सहायक पर्न आउछ । निर्देशनालय प्राविधिक जनशक्ति प्रधान छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी ९ छ भने प्रशासनतर्फ खाली २ मात्र रहेको छ। यसरी प्राविधिक जनशक्ति र प्रशासनिक जनशक्तिको अनुपात ४.५ रहेको छ। यसै गरी निर्देशनालयमा अरु कर्मचारी र सहयोगीको अनुपात १.८ रहेको छ। यसले

प्रति १.८ कर्मचारीको लागि एक सहयोगी पर्न आएको देखाएछ । निर्देशनालयमा दरबन्दी अनुसार पद पूर्ति भएको छैन । यहाँ अधिकृततर्फ ५ (८३ प्रतिशत), सहायकतर्फ ३ (६० प्रतिशत) र सहयोगीको सबै १०० प्रतिशत पद पूर्ति भएको देखिएको छ । यसरी निर्देशनालयमा ३ पद रिक्त रहेकोमा अधिकृतको १ र सहायक २ रहेको छ । (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्)

विगत पाँच वर्षको अवधिमा निर्देशनालयलाई तोकिएका कार्य जिम्मेवारी पूरा गर्न ४९ करोड २६ लाख विनियोजन गरिएको थियो । यसमा चालुतर्फ ४५ करोड ५१ लाख (९२ प्रतिशत) र पूँजीगततर्फ ३ करोड ७४ लाख (८ प्रतिशत) रहेको थियो । चालु र पूँजीगत विनियोजनको अनुपात १२.१४ रहेको थियो । यो विनियोजित रकम मध्ये निर्देशनालयले यस अवधिमा चालुतर्फ ३० करोड (९१ प्रतिशत) र पूँजीगततर्फ २ करोड ८० लाख (९ प्रतिशत) गरी कुल ३२ करोड ८० लाख रकम खर्च गरेको थियो । यसरी खर्च भएको रकममा चालु खर्च र विनियोजनको अनुपात ०.६५ रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.७४ रहेको थियो । यो रकमबाट निर्देशनालयले विशेष गरी कार्यविधि तथा मापदण्डको तयारी, दूध चिस्यान केन्द्र विस्तार, पशु वधशाला निर्माण, पशु हाट बजार निर्माण र आकस्मिक सेवा टेवा कार्यक्रम जस्ता गतिविधि संचालन गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षको लागि निर्देशनालयलाई ९ करोड २० लाख विनियोजन गरिएको छ । यस मध्ये चालुतर्फ ८ करोड ३४ लाख (९१ प्रतिशत) र पूँजीगततर्फ १ करोड ( ९ प्रतिशत) हेको छ । यो रकमबाट निर्देशनालयले खास गरी पशुको पूर्ण खोप कार्यक्रम, शित भण्डार निर्माण, पशु वधशाला स्थापना, जुनोटिक रोग नियन्त्रण र पशु तथ्यांक संकलन जस्ता कार्य गर्ने लक्ष्य लिएको छ (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्) ।

### ८.३.१ विश्लेषण :

कृषि विकास निर्देशनालय जस्तै यो निकाय पनि प्रदेश सरकारको लागि संघीय सरकारद्वरा निर्माण गरिएको हो । विषेश गरी जिल्लास्तरका भेटेरेनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्र र नीति निर्माण गर्ने मन्त्रालय बीचमा रही कार्यक्रमहरू कार्यान्वयनमा समन्वय, सहजीकरण, अनुगमन र सुपरीवेक्षण गर्न स्थापित निकाय हो । संघीयता अनुरुप सविकका स्थानीयस्तरमा रहेका पशुसम्बन्धी सबै निकाय स्थानीय तहमा सरिसकेका छन् , यिनीहरू नै आधारभूत कार्यक्रम कार्यान्वयन गर्ने निकाय हुन् । यिनीहरूलाई सहयोग र सल्लाह दिन जिल्लास्तर निकाय पनि छन् । निर्देशनालयमा मत्स्यको विधा समावेश भएको भए पनि यस सम्बन्धी अन्य निकाय खाली एक मात्र रहेको छ । निर्देशनालयको काम हेर्दा केही भौतिक निर्माण, सूचना संकलन र केही प्रवर्धनात्मक देखिन्छ । सीमित मात्रामा निर्देशनालयबाट भईरहेको काम अन्यत्रबाट हुने व्यवस्था मिलाउन सक्दा यो निकायको आवश्यकता कमजोर हुन जान्छ । हालमा कर्मचारी दरबन्दी पूर्ण रूपमा पूर्ति हुन नसकेको अवस्थाले पनि निर्देशनालयको भूमिका सीमित भएको पुष्टि गर्दछ । यस अवस्थामा यो निकायलाई वर्तमानकै अवस्थामा निरन्तरता दिनु सान्दर्भिक देखिदैन ।

### ८.३.२ सिफारिस :

नीति निर्माण र जिल्लास्तरका निकाय बीच अत्यन्त सीमित भूमिकाको यो निकायबाट भईरहेका कामहरू अन्यत्रबाट हुने व्यवस्था मिलाई यो निर्देशनालय खारेज गर्न उपयुक्त देखिन्छ । भौतिक निर्माणमा प्रदेश सरकारका यस सम्बन्धी निकायलाई परिचालन गर्न सकिन्छ भने अनुगमन र सुपरीवेक्षणको भूमिकामा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संलग्नतालाई बढाएर पूर्ति गर्न सकिन्छ ।

### ८.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय खारेज गर्ने,

(ख) जिल्लास्तरमा संचालन हुने पशुपन्छी र मत्स्य विकास गतिविधिको सुपरीवेक्षण र मूल्यांकनमा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको भूमिका वृद्धि गर्ने,

(ग) प्रदेशको पशुपन्छी र मत्स्य विकास कार्यक्रम अन्तरगत संचालन हुने भौतिक निर्माणको काम सम्बन्धित प्राविधिकसँगको परामर्शमा सम्बन्धित जिल्लामा रहेको भौतिक निर्माण तथा सम्भार कार्यालयबाट गराउने व्यवस्था मिलाउने,

(घ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयवाट १ अधिकृतलाई मन्त्रालयमा र १ अधिकृतलाई मत्स्य विकास केन्द्रमा सरुवा गर्ने,

(ङ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा कार्यरत ३ अधिकृत र ३ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(च) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा ५ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (घ) अनुसार मन्त्रालयमा र (ङ) अनुसार पुलमा सरुवा गर्ने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा कार्यरत ५ कार्यालय सहयोगीलाई (च) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(झ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभत्रि गर्ने,

(ञ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय खारेज भएको कारण उत्पन्न हुन सक्ने कानुनी समस्या समाधानको लागि अन्तरिम र दीर्घकालिन कानुनी व्यवस्था मन्त्रालयले तुरुन्तै मिलाउने,

(ट) उल्लेखित (क) अनुसार खारेज भएको साविक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा रहेको १ अधिकृत र २ सहायकको दरवन्दी स्वतः खारेज हुने ।

## ८.४ सहकारी रजिष्ट्रारको कार्यालय

सहकारी रजिष्ट्रारको कार्यालय वि सं २०७६ साल श्रावण ४ गते छुट्टै संरचनाको रूपमा स्थापना भएको निकाय हो । यस अगाडि यो निकायले गरी आएको काम मन्त्रालयबाट नै हुदै आएको थियो । प्रदेशका ११ जिल्ला कार्य क्षेत्र भएको यो कार्यालयमा कुल १० दरबन्दीको व्यवस्था छ । कार्यालय अधिकृतमूलक रहेको छ । कार्यालयको दरबन्दीमा अधिकृत ७ (७० प्रतिशत), सहायक १ (१० प्रतिशत) र सहयोगी २ (२० प्रतिशत) पद रहेको छ । कार्यालयमा प्रशासकीय कर्मचारी मात्र रहेका छन् । दरबन्दी संरचना अनुसार कार्यालयमा अधिकृत र सहायकको अनुपात ७ र अरु कर्मचारी र सहयोगीको अनुपात ४ रहेको छ । कार्यालयमा १ सवारी चालक बाहेक सबै पदहरू पूर्ति भएको देखिन्छ (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा कार्यालयको लागि चालुतर्फ १ करोड ९९ लाख (९९ प्रतिशत) र पूँजीगत तर्फ २ लाख ४८ हजार (१ प्रतिशत) गरी २ करोड रकम विनियोजन गरिएको थियो । चालु विनियोजनको भार अत्यधिक रहेकोले चालु र पूँजीगत विनियोजनको अनुपात ८०.३० रहेको छ । कार्यालयले आफ्नो जिम्मेवारी निर्वाहको लागि यस अवधिमा चालुतर्फ १ करोड ५२ लाख (९९ प्रतिशत) र पूँजीगततर्फ २ लाख ३९ हजार (१ प्रतिशत) गरी १ करोड ५४ लाख खर्च गरेको थियो । कार्यालयमा चालु खर्च र विनियोजनको अनुपात ०.७६ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.९६ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ६३.७८ रहेको थियो । कार्यालयले यस अवधिमा विशेष गरी सहकारी संघ संस्था एकीकरण, सहकारी संघ संस्था दर्ता, नियमन र अनुगमन, अन्तरक्रिया र विनियम संशोधन र पुनर्लेखन जस्ता कार्य गरेको थिया (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा कार्यालयको लागि चालुतर्फ २ करोड ९२ लाख (९६ प्रतिशत) र पूँजीगततर्फ १२ लाख ८५ हजार (४ प्रतिशत) गरी कुल ३ करोड ३ लाख रकम विनियोजन गरिएको छ । यस वर्ष चालु र पूँजीगत विनियोजनको अनुपात २२.५९ रहन गएको छ । गण्डकी प्रदेश सरकारको यस वर्षको नीति तथा कार्यक्रममा यस सम्बन्धी विषय समावेश नभए पनि कार्यालयको नियमित कामको लागि उक्त रकमको व्यवस्था गरिएको देखिन्छ (विस्तृत विवरणको लागि तालिका - ८.२ हेर्नुहोस्) ।

### ८.४.१ विश्लेषण :

सहकारीको दर्ता र नियमनको लागि यस प्रकारको निकाय आवश्यक रहेकोले यो निकायलाई निरन्तता दिन उपयुक्त हुने देखिएको छ । आवधिक रूपमा गरिने दर्ता र नवीकरणमा भौगोलिक अवस्थिति वाधक नभए पनि नियमित अनुगमनमा यो निकायको क्षमता सीमित हुने देखिन्छ । सहकारीमा वर्तमानमा देखिएको समस्यालाई विचार गर्दा नियमनको मापदण्ड बनाएर मन्त्रालय अन्तरगतका अन्य निकायवाट पनि अनुगमनको काम गराउन मनासिव हुन्छ ।

### ८.४.२ सिफारिस :

यो संरचनालाई निरन्तता दिन उपयुक्त हुन्छ । सहकारीको नियमनलाई प्रभावकारी बनाउन मन्त्रालय मातहत विभिन्न भौगोलिक क्षेत्रमा कार्यरत निकायलाई स्पष्ट मापदण्ड निर्माण गरी सोही आधारमा परिचालन गर्न उपयुक्त हुन्छ ।

### ८.४.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) सहकारीको नियमनलाई नियमितता दिन र प्रभावकारी बनाउन मन्त्रालयले सहकारी नियमन मापदण्ड १ महिना भित्र बनाउने,

(ख) उल्लेखित (क) अनुसार बनेको सहकारी नियमन मापदण्ड अनुसार आअफनो भौगोलिक क्षेत्रभित्र सहकारी संस्थाहरूको नियमित नियमनको लागि प्रकरण ८.६.३ अनुसार स्थापना हुने कृषि तथा पशु सेवा डिभिजन कार्यालयहरूलाई परिचालन गर्ने,

(ग) उल्लेखित (ख) अनुसार कृषि तथा पशु सेवा डिभिजन कार्यालयबाट सहकारीको नियमन गर्ने व्यवस्था मन्त्रालयले मिलाउने ।

## ८.५ अन्य प्रादेशिक निकाय

गण्डकी प्रदेशमा निर्देशनालयस्तर र जिल्लास्तर बाहेकका ७ निकाय रहेका छन् । यी निकायहरू पहिले देखिनै विद्यमान थिए । प्रदेश सरकार गठन भईसकेपश्चात् संघीय सरकारबाट यी निकाय प्रदेश सरकारलाई हस्तान्तरण भएका हुन् । यी निकायमा माटो तथा मल परीक्षण प्रयोगशाला, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, कृषि विकास स्रोत केन्द्र, बागवानी स्रोत केन्द्र, प्रदेश बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र, बाली संरक्षण प्रयोगशाला र व्यावसायिक किट विकास केन्द्र रहेका छन् ।

यी निकायमा विभिन्न किसिमको दरबन्दी संरचना रहको छ । यिनीहरूमा थोरैमा १० देखि धेरैमा १४ सम्म दरबन्दी रहको देखिन्छ । अधिकृत, सहायक र सहयोगी कर्मचारीको वितरणमा यी निकायहरूमा विविधता रहेको छ । अधिकृत दरबन्दी थोरैमा ३ देखि धैरैमा ७ सम्म वितरण भएको

छ भने सहायकको दरबन्दी पनि थोरैमा २ देखि धेरैमा ७ सम्म रहेको देखिन्छ। त्यसै गरी सहयोगीतर्फ थोरैमा ३ र बढीमा ५ रहेको देखिन्छ। यी सबै निकायमा प्राविधिक कर्मचारीको बाहुल्य रहेको छ। यहाँ थोरै प्राविधिक कर्मचारी रहेको निकायमा ५ र बढी रहेकोमा ७ छ। सबै निकायमा २, २ जनाको दरले प्रशासनिक कर्मचारीको दरबन्दी रहेको छ। यी निकायमा अधिकृत र सहायकको अनुपात ०.५ देखि ३ सम्म रहेको छ। त्यसै गरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात १.६६ देखि ३.५ सम्म वितरण भएको छ। यी निकायमा कर्मचारी र सहयोगीको अनुपात १.६६ देखि ३.५ सम्म रहेको छ (विस्तृत विवरणको लागि तालिका -८.५-१ र ८.५-२ हेर्नुहोस्)।

यस प्रकारका दुई निकाय बाहेकका सबै निकायमा दरबन्दी अनुसार पदपूर्ति हुन सकेको छैन। सबैभन्दा कम पदपूर्ति भएको निकायमा ७ जना पूर्ति भएको छ भने बढी पूर्ति भएकोमा ११ जना पूर्ति भएको छ। बाँकी निकायमा यसको वीचमा रहेको छ। पूर्ति पदमा अधिकृत थोरैमा ३ देखि धेरैमा ६ सम्म पूर्ति भएको देखिन्छ भने सहायकमा पूर्ति नै नभएको अवस्थादेखि धेरैमा ६ पदसम्म पूर्ति भएको देखिन्छ। सहयोगीको हकमा १ निकायमा १ जना पूर्ति हुन सकेको छैन भने बाँकी सबै निकायमा पदपूर्ति भएको देखिन्छ। रिक्ततर्फ २ निकायमा रिक्त नै छैन भने बाँकीमा २ देखि ३ पदसम्म रिक्त रहेका छन्। यसमा पनि ४ निकायमा अधिकृतको पद रिक्त छैन भने रिक्त भएकामा १ देखि ३ वटासम्म पद रिक्त रहेका छन्। सहायकतर्फ ३ निकायमा रिक्त रहेको छैन भने बाँकीमा १ देखि २ वटासम्म पद रिक्त रहेका छन् (विस्तृत विवरणको लागि तालिका -८.५-१ र ८.५-२ हेर्नुहोस्)।

### तालिका - ८.५-१

### माटो तथा मल परीक्षण प्रयोगशाला/कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र/कृषि विकास र बागबानी स्रोत केन्द्रहरूको संक्षिप्त विवरण

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क.सं. | विषय | माटो तथा मल परिक्षण प्रयोगशाला | कृषि व्यवसाय प्रर्वधन सहयोग तथा तालिम केन्द्र | कृषि विकास स्रोत केन्द्र | बागबानी स्रोत केन्द्र |
|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला |
| २. | कुल दरबन्दी | १२ | १४ | ११ | ११ |
| | अधिकृत | ३ | ७ | ५ | ६ |
| | सहायक | ६ | २ | ३ | २ |
| | सहयोगी | ३ | ५ | ३ | ३ |
| | प्राविधिक | ७ | ७ | ५ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | २ | ३ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.५ | ३.५ | १.६६ | ३ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३.५ | ३.५ | १.६६ | ३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३ | १.६ | २.६६ | २.६६ |
| | जम्मा पूर्ति दरबन्दी | १२ | ११ | ९ | ९ |
| | अधिकृत | ३ | ६ | ४ | ४ |
| | सहायक | ६ | ० | २ | २ |
| | सहयोगी | ३ | ५ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ० | ३ | २ | २ |
| | अधिकृत | ० | १ | १ | २ |
| | सहायक | ० | २ | १ | ० |
| | सहयोगी | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १०३७८८ | १५०४६० | १२९६४६ | १०९७९८ |
| | चालु तर्फको विनियोजन | ८३२२७ | ११४१५९ | ८८२७६ | ८२००८ |
| | पूँजीगत तर्फको विनियोजन | २०५६१ | ३६३०१ | ४१३७० | ११९५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४.०४ | ३.१४ | २.१३ | ६.८६ |
| | चालु खर्च | ६५८५० | ९२०२२ | ६७८९३ | ७४८२५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७९ | ०.८० | ०.७६ | ०.९१ |
| | पूँजीगत खर्च | १८३०१ | ३४७८५ | ३४५३१ | १०३२२ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८९ | ०.९५ | ०.८३ | ०.८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ३.५९ | २.८४ | १.९६ | ७.२४ |
| | कुल खर्च | ८४१५१ | १२६८०७ | १०२४२४ | ८५१४७ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | |
| | १. | प्रयोगशालामा माटोको नमुना जाँच | आधुनिक मौरी पालन तालिम | मौरी घार वितरण | माहुरी गोला र चरन व्यस्थापन |
| | २. | प्राङगारिक मलको गुणस्तर जाँच | युवा स्वरोजगार तालिम | च्याउ बीउ वितरण | सुन्तलामा उच्च घनत्व प्रविधि |
| | ३. | कृषक पाठशाला संचालन | च्याउ खेती तथा फलफूल तालिम | उन्नत बीउ उत्पादन प्रशोधन | नर्सरी निरिक्षक तालिम |
| | ४. | कृषि चुन वितरण | मागमा आधारित कृषकस्तर तालिम | अनुदानमा मौरी घार वितरण | गोलभेडाको बीउ उत्पादन |
| | ५. | घुम्ती माटो परिक्षण शिविर संचालन | कृषि मेशिनरी औजार मर्मत तालिम | खाद्यान्न बालीको मूल बीउ अनुदान | आलुको पिबिउस दाना उत्पादन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २४५६३ | २५५१५ | ४६०२२ | २०१४४ |
| | चालु विनियोजन | २२११३ | २४१८५ | २१६९७ | १८६४४ |
| | पूँजीगत विनियोजन | २४५० | १३३० | २४३२५ | १५०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ९.०२ | १८.१८ | ०.८९ | १२.४२ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | |
| | १. | माटो अस्पताल संचालन | नभएको | नभएको | फलफूलको सम्भाव्यता |
| | २. | प्राङ्गारिक मलको उत्पादन | | | |
| | ३. | एकीकृत खाद्यतत्व व्यवस्थापन | | | |
| | ४. | कृषि चून प्रयोग | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. | प्राङ्गारिक मलको उपयोगलाई प्राथमिकता | | | |

स्रोत : प्रयोगशाला/तालिम केन्द्र/स्रोत केन्द्रबाट प्राप्त विवरणको संश्लेषण गरिएको ।

विगतको पाँच आर्थिक वर्षमा यी निकायको लागि १० करोड ३७ लाखदेखि  १२ करोड ९६ लाखसम्म रकम विनियोजन भएको देखिन्छ । यसमा चालुको हिस्सा ८ करोड २० लाखदेखि  ११ करोड ४१ लाखसम्म रहेको छ भने पूँजीगतको हिस्सा १ करोड १९ लाखदेखि ४ करोड १३ लाखसम्म रहेको छ । यस प्रकार विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात २.१३ देखि ६.६८ सम्म रहेको छ । यस अवधिमा यी निकायले ८ करोड ४१ लाखदेखि १२ करोड ६८ लाख सम्म खर्च गरेका थिए । खर्चमा चालुको हिस्सा ६ करोड ५८ लाखदेखि ९ करोड २० लाखसम्म र पूँजीगतको हिस्सा १ करोड ३ लाखदेखि ३ करोड ४७ लाखसम्म रहेको देखिन्छ । खर्चमा यी निकायको चालु खर्च र विनियोजनको अनुपात ०.७६ देखि ०.९१ सम्म रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.६२ देखि ०.९५ सम्म रहेको थियो । त्यसै गरी चालु खर्च र पूँजीगत खर्चको अनुपात १.९६ देखि ७.२४ सम्म रहेको थियो । उपलब्ध जनशक्ति र यो आर्थिक साधनबाट यी निकायले विगतको पाँच वर्षको अवधिमा खास गरी माटो परीक्षण र चुन वितरण, विभिन्न विषयमा किसिमका तालिम, मौरी घार वितरण, उन्नत बिउ उत्पादन र वितरण, रोग सर्भेक्षण र नियन्त्रण, विभिन्न किसिमका अनुदान वितरण र वाली संरक्षण जस्ता कार्यहरू गरेका थिए (विस्तृत विवरणको लागि तालिका-८.५-१ र ८.५-२ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा यी निकायको लागि १ करोड ३२ लाखदेखि ४ करोड ६० लाखसम्म रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा चालुतर्फको हिस्सा ८० लाख ८० हजार देखि २ करोड ४१ लाखसम्म रहेको छ भने पूँजीगतको हिस्सा १३ लाख ३० हजार देखि २ करोड ४३ लाखसम्म रहेको छ । चालु बजेटमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.४४ देखि १४.४२ सम्म रहेको छ । यो रकमबाट यी निकायले यस आर्थिक वर्षमा माटो परीक्षण, कृषि चुन वितरण, प्रागरिक मल प्रवर्धन, विभिन्न किसिमका तालिम, अनुदान र औजार वितरण, बिउ उत्पादन र वितरण जस्ता कार्य गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका - ८.५-१ र ८.५-२ हेर्नुहोस्) ।

## तालिका - ८.५-२

## बाली संरक्षण प्रयोगशाला/गुणस्तर नियन्त्रण केन्द्र/किट विकास केन्द्रको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र[23] | बाली संरक्षण प्रयोगशाला | ब्यवसायिक कीट विकाश केन्द्र |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला |
| २. | कुल दरबन्दी | ११ | १० | १० |
| | अधिकृत | ३ | ४ | ३ |
| | सहायक | ५ | ३ | ४ |
| | सहयोगी | ३ | ३ | ३ |
| | प्राविधिक | ६ | ५ | ७ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.६ | १.३३ | ०.७५ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | २.५ | ३.५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | ३.५ | २.३३ |
| | जम्मा पूर्ति दरबन्दी | ११ | ७ | ८ |
| | अधिकृत | ३ | ४ | ३ |
| | सहायक | ५ | १ | २ |
| | सहयोगी | ३ | २ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ० | ३ | २ |
| | अधिकृत | ० | ० | ० |
| | सहायक | ० | २ | २ |
| | सहयोगी | ० | १ | ० |

[23] विगत पाच वर्षको विनियोजन र खर्चको विवरण प्राप्त नभएको ।

| | | | | |
|---|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | प्राप्त नभएको | ११५०१४ | १०९९३२ |
| | चालु तर्फको विनियोजन | प्राप्त नभएका | ९५८८४ | ९५७६२ |
| | पूँजीगत तर्फको विनियोजन | प्राप्त नभएका | १९१३० | ३३७७० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | प्राप्त नभएका | ५.०१ | २.८३ |
| | चालु खर्च | प्राप्त नभएका | ७६९८६ | ७११८७ |
| | चालु खर्च र विनियोजनको अनुपात | प्राप्त नभएका | ०.८० | ०.७४ |
| | पूँजीगत खर्च | प्राप्त नभएका | ११८७२ | २८१०९ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | प्राप्त नभएका | ०.६२ | ०.८३ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | प्राप्त नभएका | ६.४८ | २.५३ |
| | कुल खर्च | प्राप्त नभएका | ८८८५८ | ९९२९६ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १. | गुणस्तरीय बीउ उत्पादन व्यवस्थापन तालिम | बाली उपचार शिविर | मौरी घार वितरणमा ५० प्रतिशत अनुदान |
| | २. | बीउ परिक्षण, प्रशोधन तथा भण्डारण | कृषक पाठशाला संचालन | च्याउ बीउ वितरण |
| | ३. | बीउ बजारीकरण सम्बन्धी तालिम | अभियानमूलक बाली संरक्षण | रेशम बीज कोया उत्पादन |
| | ४. | यथार्थ संकेतपत्र प्रयोजनका लागि बीउ परिक्षण | रोग किराको सर्भे | कृषकलाई मौरी पालन तालिम |
| | ५. | बीउ बाली खेत निरिक्षण | विभिन्न रोग किराहरूको पहिचान | च्याउ घर निर्माणमा सहयोग |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २६१९१ | १३२१७ | २३१३९ |
| | चालु विनियोजन | ८०८० | ९७४७ | २१६३९ |
| | पूँजीगत विनियोजन | १८१११ | ३४७० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.४४ | २.८० | १४.४२ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | |
| | १. | नभएको | जीव नाषक विषादी | नभएको |
| | २. | | पर्यावरणीय कृषि | |
| | ३. | | जैविक विविधता | |
| | ४. | | खाद्य स्वच्छता | |

स्रोत : संरक्षण प्रयोगशाला/गुणस्तर नियन्त्रण केन्द्र/किट विकास केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### ८.५.१ विश्लेषण :

कृषि अन्तरगत प्रकरण ८.५ मा उल्लख गरिए अनुसारका ७ वटा अन्य निकाय थोरै जनशक्ति र स-सानो बजेटमा संचालित छन् । यसरी न्यून साधन र स्रोतमा धेरै निकाय संचालन गर्नुभन्दा कामको आधारमा समानता भएका निकाय बीच एकीकरण गरी प्रशासनिक दक्षता र प्रभावकारिता हासिल गर्न सकिन्छ भने कार्य विशिष्टता भएका निकायलाई यथावत राख्दा उपयुक्त हुन्छ ।

### ८.५.२ सिफारिस :

यी सात निकाय मध्ये कामको आधारमा परीक्षण र प्रमाणीकरणको काममा समानता रहेका बाली संरक्षण प्रयोगशाला, माटो र मल परीक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई एकीकरण गर्न उपयुक्त हुन्छ । त्यसै गरी बिउ र विरुवा उत्पादन र वितरणमा संलग्न कृषि विकास स्रोत केन्द्र र बागवानी विकास स्रोत केन्द्रलाई एकीकरण गरी संचालन गर्न उपयुक्त हुन्छ । त्यसै गरी कृषि व्यवसाय प्रवर्धन सहयोग र तालिम केन्द्रलाई वन अनुसन्धान तथा तालिम केन्द्र र पशु विकास तालिम केन्द्रसँग एकीकरण गरी कृषि, पशु विकास, वन तालिम तथा अनुसन्धान केन्द्रको रूपमा संचालनमा ल्याउन उपयुक्त हुन्छ । विशिष्टिकृत निकायको रूपमा संचालनमा रहेको व्यवसायिक किट विकास केन्द्रलाई हालकै रूपमा थप प्रभावकारी बनाएर संचालन गर्नु उपयुक्त हुन्छ ।

### ८.५.३ निर्णय हुनुपर्ने व्यहोरा :

१. बाली संरक्षण प्रयोगशाला, माटो तथा मल परीक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई एकीकरण गरी प्रयोगशाला र गुणस्तर नियन्त्रण केन्द्रको रूपमा

एकै स्थानबाट सबै सेवा प्रदान हुने गरी संचालन गर्ने । यसको लागि देहाय बमोजिमको व्यवस्था मिलाउनेः

(क) माटो तथा मल परीक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई एकीकरण गरी प्रयोगशाला तथा गुणस्तर नियन्त्रण केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ख) माटो तथा मल परीक्षण प्रयोगशालालाई प्रयोगशाला तथा गुणस्तर नियन्त्रण केन्द्रमा रुपान्तरण गर्ने, र सो प्रयोशालामा कार्यरत सवै जनशक्तिलाई यथावत राख्ने,

(ग) बाली संरक्षण प्रयोगशालमा कार्यरत ४ अधिकृत र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रमा कार्यरत ३ अधिकृतलाई दरबन्दीसहित प्रयोगशाला तथा गुणस्तर नियन्त्रण केन्द्रमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार प्रयोगशाला तथा गुणस्तर नियन्त्रण केन्द्र स्थापना भएपछि र (ख( अनुसार रुपान्तरण गरी सकेपछि बाली संरक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र खारेज गर्ने,

(ङ) उल्लेखित (घ) अनुसार खारेज भएपछि साविक बाली संरक्षण प्रयोगशालामा कार्यरत १ सहायक र बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रमा कार्यरत ५ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(च) उल्लेखित) (घ) अनुसार निकायहरू खारेज भएपछि साबिक बाली संरक्षण प्रयोगशालामा कार्यरत ३ कार्यालय सहयोगी र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रमा ३ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (घ) अनुसार निकायहरू खारेज भएपछि साविक बाली संरक्षण प्रयोगशालामा रिक्त रहको २ सहायक दरबन्दी स्वत खारेज हुने,

(ज) उल्लेखित (ख) अनुसार कार्यालयको रुपान्तरण, (ङ) अनुसार कर्मचारीको पुलमा सरुवा र (च) अनुसार कार्यालय सहयोगीलाई अवकास दिने काम मन्त्रालयले ७ दिनभित्र सम्पन्न गर्ने,

(झ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भएपछि साविक बाली संरक्षण प्रयोगशाला र बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भएपछि साविक बाली संरक्षण प्रयोगशाला र बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रबाट हुदै आएको सम्पूर्ण काम प्रयोगशाला तथा गुणस्तर नियन्त्रण केन्द्रबाट निर्वाध संचालन हुने व्यवस्था मिलाउन अवश्यक सबै व्यवस्था र अन्तरिम र दीर्घकालीन कानुनी व्यवस्था मिलाउने काम मन्त्रालले तुरुन्तै गर्ने ।

२. कृषि विकास स्रोत केन्द्र र वागवानी स्रोत केन्द्रलाई एकीकरण गरी कृषि तथा वागवानी स्रोत केन्द्र स्थापना गरी एकै स्थानवाट सेवा प्रवाह हुने व्यवस्था मिलाउने । यसको लागि देहाय वमोजिम गर्ने :

(क) कृषि विकास स्रोत केन्द्र र वागवानी विकास स्रोत केन्द्रलाई एकीकरण गरी कृषि तथा वागवानी विकास स्रोत केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ख) कृषि विकास स्रोत केन्द्रमा कार्यरत सबै जनशक्तिलाई यथावत राखी कृषि विकास स्रोत केन्द्रलाई कृषि तथा वागवानी स्रोत केन्द्रमा रुपान्तरण गर्ने,

(ग) वागवानी विकास स्रोत केन्द्रमा कार्यरत ४ अधिकृतलाई दरबन्दीसहित कृषि तथा वागवानी विकास स्रोत केन्द्रमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार कृषि तथा वागवानी विकास स्रोत केन्द्र स्थापना भएपछि र (ख) अनुसार रुपान्तरण गरी सकेपछि वागवानी विकास स्रोत केन्द्र खारेज गर्ने,

(ङ) उल्लेखित (घ) अनुसार खारेज भएपछि साविक वागवानी विकास स्रोत केन्दमा कार्यरत २ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(च) उल्लेखित) (घ) अनुसार निकायहरू खारेज भएपछि  साविक वागवानी विकास स्रोत केन्दमा करार सेवामा कार्यरत ३ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (घ) अनुसार निकायहरू खारेज भएपछि साविक वागवानी विकास स्रोत केन्द्रमा रिक्त रहको २ अधिकृत दरबन्दी स्वतः खारेज हुने,

(ज) उल्लेखित (ख) अनुसार कार्यालयको रुपान्तरण, (ड) अनुसार कर्मचारीको पुलमा सरुवा र (च) अनुसार कार्यालय सहयोगीलाई अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(झ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भएपछि साविक वागवानी विकास स्रोत केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भएपछि साविक वागवानी विकास स्रोत केन्दबाट हुदै आएको सम्पूर्ण काम कृषि तथा वागवानी केन्द्रवाट निर्वाध संचालन हुने व्यवस्था मिलाउन आवश्यक सबै व्यवस्था र अन्तरिम र दीर्घकालीन कानुनी व्यवस्था मिलाउने काम मन्त्रालयले तुरुन्तै गर्ने ।

३. प्रदेश अन्तरगतका वन अनुसन्धान तथा तालिम केन्द्र, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र र पशु सेवा तालिम केन्द्रलाई एकीकरण गरी कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी एक ठाउँबाट एउटै व्यवस्थापनको मातहत संचालन गर्ने व्यवस्था मिलाउने । यसको लागि देहाय बमोजिम गर्नेः

(क) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र र पशु सेवा तालिम केन्द्रलाई एकीकरण गरी कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ख) कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्रलाई कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्रमा रुपान्तरण गर्ने । कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्रमा कार्यरत सवै जनशक्तिलाई यथावत कायम राख्ने,

(ग) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत २ अधिकृतलाई दरबन्दी सहित र पशु सेवा तालिम केन्द्रमा कार्यरत ३ अधिकृतलाई दरबन्दीसहित कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्रमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्र स्थापना भएपछि र (ख) अनुसार रुपान्तरण गरी सकेपछि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र पशु सेवा तालिम केन्द्र खारेज गर्ने,

(ङ) उल्लेखित (घ) अनुसार खारेज भएपछि साविक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत ३ सहायक कर्मचारी र साविक पशु सेवा तालिम केन्द्रमा कार्यरत ४ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने । (यस सम्बन्धमा प्रकरण ८.७.१ र १०.२.३ पनि हेर्नुहोस्) ।

(चं) उल्लेखित) (घ) अनुसार निकायहरू खारेज भएपछि साबिक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा कार्यरत २ कार्यालय सहयोगी र साबिक पशु सेवा तालिम केन्द्रमा कार्यरत ३ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (घ) अनुसार निकायहरू खारेज भएपछि साविक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा रिक्त रहको १ अधिकृत,१ सहायक र १ फरेष्ट गार्ड दरबन्दी र पशु सेवा तालिम केन्द्रमा रिक्त रहेको १ अधिकृत दरबन्दी स्वतः खारेज हुने,

(ज) उल्लेखित (ख) अनुसार कार्यालयको रुपान्तरण, (ङ) अनुसार कर्मचारीको पुलमा सरुवा र (च) अनुसार कार्यालय सहयोगीलाई अवकास दिने काम सम्बन्धित मन्त्रालयहरूले ७ दिनभित्र सम्पन्न गर्ने,

(झ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भएपछि साविक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र साबिक पशु सेवा तालिम केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन ७ दिनभित्र सम्बन्धित मन्त्रालयहरूले समन्वयात्मक रूपमा गर्ने,

(ञ) उल्लेखित (ख) अनुसार रुपान्तरण र (घ) अनुसार खारेज भए पछि साविक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र साबिक पशु सेवा तालिम केन्द्रबाट हुदै आएको सम्पूर्ण काम कृषि, वन र पशु सेवा तालिम तथा अनुसन्धान केन्द्रबाट निर्वाध संचालन हुने व्यवस्था मिलाउन अवश्यक सबै व्यवस्था र अन्तरिम र दीर्घकालीन कानुनी व्यवस्था मिलाउने काम सम्बन्धित मन्त्रालयहरूले समन्वयात्मक रूपमा तुरुन्तै गर्ने ।

४. व्यवसायिक किट विकास केन्द्रलाई यथावत संचालन गर्ने ।

## ८.६ जिल्ला कृषि ज्ञान केन्द्र

गण्डकी प्रदेशको कृषि मन्त्रालय मातहत जिल्लाको कार्य क्षेत्र तोकिएका कृषि ज्ञान केन्द्रको संख्या ११ रहेको छ । यो प्रदेशमा संघीय सरकारबाट २०७५ सालमा हस्तान्तरण भई आएका ८ र प्रदेश सरकारले २०७७ सालमा स्थापना गरेका ३ गरी दुई थरी ज्ञान केन्द्र रहेका छन् । ज्ञान केन्द्रको दरबन्दी संरचनामा एकरुपता छैन, विविधता रहेको छ । दरबन्दी संरचना अनुसार थोरैमा ९ देखि धेरैमा १३ जनासम्मको दरबन्दी रहेको देखिन्छ । केद्रमा अधिकृत दरबन्दी अन्यभन्दा बढी रहेको देखिन्छ । कुल दरबन्दी भित्र अधिकृतको दरबन्दी २ देखि ७ सम्म वितरण भएको छ भने सहायकमा २ देखि ६ र सहयोगीमा २ देखि ३ सम्म वितरण भएको छ । यहाँ अधिकृत र सहायकको अनुपात ०.६६ देखि ४ सम्म फैलिएको छ । केन्द्रमा प्राविधिक जनशक्तिको उपस्थितिको बाहुल्यता छ । यहाँ प्रशासनतर्फ खाली १ देखि ३ जनासम्मको दरबन्दी मात्र रहको  छ । प्राविधिक कर्मचारी र प्रशासनिक कर्मचारीको अनुपात १.६६ देखि ८ सम्म फैलिएको छ । कर्मचारी र सहयोगीको अनुपात २.३३ देखि ५ सम्म रहेको छ (विस्तृत विवरणको लागि तालिका -८.६-१ र ८.६-२  हेर्नुहोस्) ।

केन्द्रमा दरबन्दी अनुसार पदपूर्ति भएको छैन, यद्यपि पदपूर्तिमा विविधता छ । यी निकायमा पदपूर्तिको संख्या ६ देखि ११ जनासम्म वितरण भएको छ । पूर्ति भएको पदमा अधिकृत तर्फ २ देखि ७ पदसम्म

सहायकमा १ देखि ५ सम्म र सहयोगी तर्फ दरबन्दी अनुसारका सबै पद पूर्ति भएको अवस्था छ। रिक्त पद तर्फ अधिकृतको १ देखि २ सम्म र सहायक तर्फ १ देखि ३ पदसम्म रिक्त रहेको छ। तर, ७ केन्द्रमा अधिकृत पद रिक्त छैन भने सहायक पद १ केन्द्रमा रिक्त छैन (विस्तृत विवरणको लागि तालिका -८.६-१ र ८.६-२ हेर्नुहोस्)।

**तालिका - ८.६-१**

**कृषि ज्ञान केन्दहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | कास्की[24] | गोरखा | पर्वत | नवलपुर[25] | बागलुङ[26] | मुस्ताङ[27] |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १२ | १३ | १२ | १२ | १२ | १० |
| | अधिकृत | ५ | ५ | ४ | ६ | ४ | ६ |
| | सहायक | ५ | ५ | ५ | ४ | ६ | २ |
| | सहयोगी | २ | ३ | ३ | २ | २ | २ |
| | प्राविधिक | ८ | ८ | ८ | ८ | ८ | ६ |
| | प्रशास्सनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | १ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | १ | १ | ०.८ | १.५ | ०.६६ | ३ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४ | ४ | ८ | ४ | ४ | ३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ५ | ३.३३ | ३ | ५ | ५ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | १० | ११ | ११ | ९ | ११ | ६ |

[24] विगत चार आर्थिक वर्षको मात्र ।
[25] विगत चार आर्थिक वर्षको मात्र ।
[26] विगत चार आर्थिक वर्षको मात्र
[27] विगत चार आर्थिक वर्षको मात्र ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत | ५ | ५ | ३ | ६ | ४ | २ |
| | सहायक | ३ | ३ | ५ | १ | ५ | २ |
| | सहयोगी | २ | ३ | ३ | २ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | २ | २ | १ | ३ | १ | ४ |
| | अधिकृत | ० | ० | १ | ० | ० | २ |
| | सहायक | २ | २ | ० | ३ | १ | २ |
| | सहयोगी | ० | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | २२१८४७ | ६५६७३१ | २४९२१८ | ३६४२१५ | ३१६२४१ | २०९३६२ |
| | चालु तर्फको विनियोजन | २१०७२५ | ५९६१४४ | २१६५६८ | ३३१८७२ | २८७०२३ | १९२५१२ |
| | पूँजीगत तर्फको विनियोजन | ११११२० | ६१५८७ | ३२६५० | ३४३२५ | ३०३०० | १६८५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १८.९५ | ९.६६ | ६.६३ | ९.६६ | ९.४७ | ११.४५ |
| | चालु खर्च | १५१०६८ | ३५०५१९ | १२४०१२ | ९०९१४ | १८६३३८ | १४९९७६ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६८ | ०.५८ | ०.५७ | ०.२७ | ०.६४ | ०.७८ |
| | पूँजीगत खर्च | ९९३३ | ५६०६१ | ३१४३१ | ३१२८५ | ७२५९६ | १६०८७ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८९ | ०.९१ | ०.९६ | ०.९१ | २.४ | ०.९५ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | १५.२० | ६.२५ | ३.९४ | २.९० | २.५६ | ४२.३० |
| | कुल खर्च | १६१००१ | ४०६५८० | १५५४४३ | १२२१९९ | २५८९३४ | १६६०६३ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | मकै उत्पादन कार्यक्रम | साना सिंचाई कार्यक्रम | खाद्यान्न बाली प्रवर्धन | चैते धान प्रवर्धन | बिमा शुल्कमा २५ प्रतिशत अनुदान | रैथाने बाली प्रवर्धन |
| | २ | वायो उपचार प्रणाली | रैथाने बाली संरक्षण | साना सिंचाई कार्यक्रम | फलफुल बाली प्रवर्धन | आलु प्रर्वधन कार्यक्रम | बाली बिमा अनुदान |
| | ३ | साना सिचांइ निर्माण | चैते धान प्रवर्धन | फलफूल बाली विकास | जलवायु मैत्री नमुना गाउ | मकै खेती विस्तार | आलु प्रर्वधन कार्यक्रम |
| | ४ | बाँझो जग्गामा ब्यवसायिक खेती | बेमौसमी तरकारी खेती प्रवर्धन | ग्रीन हाउस निर्माण | शीतोष्ण फलफूल आयोजना | बीउ बीजन आत्मनिर्भर कार्यक्रम | वाझो जग्गामा ब्यवसायिक खेती |
| | ५ | बीउ उत्पादन प्रर्वधन | बाँझो जग्गामा व्यावसायिक खेती | जलवायुमैत्री नमुना गाउँ | बिमा शुल्कमा अनुदान | मुख्यमन्त्री नमुना गाउँ कार्यक्रम | अनुदानमा आधारित मल वितरण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६७७५८ | ६८१८५ | ६६७४८ | ८१२५६ | ७०७७६ | ३६०७५ |
| | चालु विनियोजन | ६६७५८ | ६६६८५ | ६५५४८ | ८०६५६ | ६८०७६ | ३५६७५ |
| | पूँजीगत विनियोजन | १००० | १५०० | १२०० | ६०० | २७०० | ४०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ६६.७५ | ४४.४५ | ५४.६२ | १३४.४२ | २५.२१ | ८९.१८ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १ | स्रोत केन्द्र स्थापना | सिंचाई पुर्वाधार विकाश | नभएको | आलु प्रवर्धन कार्यक्रम | सिंचाई पुर्वाधार विकाश | कार्यक्रम कार्यान्वयन मापदण्ड |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २ | तथ्यांक संकलन | उन्नत प्रविधिको अबलम्बन | | चैते धान प्रर्वधन | खाद्य पोषण सुरक्षामा टेवा | |
| | ३ | रैथाने बाली संरक्षण | पशुपन्छीको संरक्षण र प्रवर्धन | | फलफूल विकास आयोजना | बाली पशुपन्छी संरक्षण प्रवर्धन | |
| | ४ | कृषि शिक्षा | खाद्य पोषण सुरक्षामा टेवा | | ग्रामीण पोषण कार्यक्रम | कृषि कर्जामा ब्याज अनुदान | |
| | ५. | कृषि आधुनिकीकरण | कृषि कर्जा ब्याज अनुदान | | विशेष अनुदान कार्यक्रम | कृषि तथ्यांक संकलन | |

गएको पाँच वर्षमा केन्द्रको लागि १४ करोड २० लाखदेखि ६८ करोडसम्म बजेट विनियोजन गरिएको थियो । यस मध्ये चालुको हिस्सा १२ करोड ६२ लाख देखि ६२ करोड २४ लाखसम्म थियो भने पूँजीगतको हिस्सा १ करोड ५८ लाख देखि ७ करोड ५८ सम्म रहेको थियो । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात ६.६३ देखि १८.९५ रहेको थियो । यस अवधिमा केन्द्रले ८ करोड १३ लाख देखि ४६ करोड ४६ लाखसम्म खर्च गरेका थिए । यस अवधिको खर्चमा चालु खर्चको हिस्सा ९ करोड ९ लाख देखि ४० करोड ९६ लाखसम्म थियो भने पूँजीगत खर्चको हिस्सा १ करोड ५ लाख देखि १२ करोड ४ लाखसम्म रहेको थियो । केन्द्रको खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.२७ देखि ०.७८ सम्म र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.६६ देखि २.४ सम्म रहेको थियो । यस्तो खर्चमा चालु खर्च र पूँजीगत खर्चको अनुपात २.५६ देखि ४२.३० सम्म रहेको थियो । यो रकमबाट केन्द्रहरूले विशेष गरी साना सिंचाई, विभिन्न बाली उत्पादन र प्रवर्धन कार्यक्रम, कृषि वीमा, व्याज अनुदान, बाली र पशुपक्षी संरक्षण, कृषि तथ्यांक संकलन, बाँझो जग्गा खेती, कृषि फर्म स्थापना, ग्रीन हाउस निर्माण, खाद्य सुरक्षा र पोषण, रैथाने बाली संरक्षण, खेती विस्तार, कृषि आधुनिकीकरण, जलवायु मैत्री गाउँ र फलफूल खेती जस्ता कार्यहरू गरेका थिए (विस्तृत विवरणको लागि तालिका -८.६-१ र ८.६-२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा केन्द्रको लागि ३ करोड २० लाखदेखि ८ करोड १९ लाखसम्म रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालुको हिस्सा ३ करोड ६ लाखदेखि ८ करोड ६ लाखसम्म र पूँजीगतको हिस्सा ४ लाखदेखि ४२ लाखसम्म रहेको छ। चालु वर्षमा चालु र पूँजीगत विनियोजनको अनुपात १८.५ देखि १००.८४ सम्म रहेको छ । यो रकमबाट केन्द्रले विगतमा जस्तै साना सिंचाई, विभिन्न बाली उत्पादन र प्रवर्धन कार्यक्रम, कृषि बीमा, व्याज अनुदान, बाली र पशुपन्छी संरक्षण, रोग नियन्त्रण, कृषि तथ्यांक संकलन, खाद्य सुरक्षा र पोषण, रैथाने बाली संरक्षण, प्रांगारिक मल

व्यवस्थापन, खेती विस्तार, कृषि आधुनिकीकरण, जलवायुमैत्री गाउँ र फलफूल खेती जस्ता कार्य सम्पादन गर्ने लक्ष्य लिएका छन् (विस्तृत विवरणको लागि तालिका-८.६-१ र ८.६-२ हेर्नुहोस्) ।

**तालिका-८.६-२**

**कृषि ज्ञान केन्द्रहरुको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं | विषय | म्याग्दी | लमजुङ | स्याङ्जा | तनहुँ | मनाङ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र ( जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १० | ११ | ११ | १३ | ९ |
| | अधिकृत | ३ | ३ | ५ | ७ | २ |
| | सहायक | ४ | ५ | ३ | ३ | ५ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | २ |
| | प्राविधिक | ५ | ६ | ५ | ८ | ५ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | २ | ३ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.७५ | ०.६ | १.६६ | २.३३ | ०.४ |
| | प्राविधिक र प्रशासनिकको अनुपात | २.५ | ३ | १.६६ | ४ | २.५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.३३ | २.६६ | २.६६ | ३.३३ | ३.५ |
| | जम्मा पूर्ति दरबन्दी | ९ | ९ | ९ | १० | ६ |
| | अधिकृत | ३ | २ | ४ | ७ | २ |
| | सहायक | ४ | ४ | २ | २ | २ |
| | सहयोगी | २ | ३ | ३ | ३ | २ |
| | जम्मा रिक्त दरबन्दी | १ | २ | २ | ३ | ३ |
| | अधिकृत | ० | १ | १ | ० | ० |
| | सहायक | १ | १ | १ | १ | ३ |
| | सहयोगी | ० | ० | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३२१५६८ | ४९०६४५ | ६००३६७ | ६८००४३ | १४२०७९ |
| | चालु तर्फको विनियोजन | २९२४३३ | ४४३०१० | ५२४५१५ | ६२२४०३ | १२६२५४ |
| | पूँजीगत तर्फको विनियोजन | २९१३५ | ४७६३५ | ७५८५२ | ५७६४० | १५८२५ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १०.०३ | ९.३० | ६.९१ | ८.२० | ७.९७ |
| | चालु खर्च | १८२३३३ | २४५३१४ | ४०९६८५ | ३३०४८४ | ७०७९० |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६२ | ०.५५ | ०.७८ | ०.५३ | ०.५६ |
| | पूँजीगत खर्च | २६७४० | ४१५१२ | ५४९६३ | १२०४२८ | १०५३० |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.९१ | ०.८७ | ०.७२ | २.०८ | ०.६६ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ६.८१ | ५.९० | ७.४५ | २.७४ | ६.७२ |
| | कुल खर्च | २०९०७३ | २८६८२६ | ४६४६४८ | ४५०९१२ | ८१३२० |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १ | सिंचाई आयोजना संचालन | बिमा शुल्कमा अनुदान | साना सिंचाई कार्यक्रम | साना सिंचाइ विस्तार कार्यक्रम | साना सिंचाई कार्यक्रम |
| | २ | आलु खेती प्रोत्साहन कार्यक्रम | जलवायुमैत्री नमुना गाँउ | चैते धान खेती विस्तार | कृषक पाठशाला संचालन | आलु प्रर्वधन कार्यक्रम |
| | ३ | खाद्य तथा पोषण सुरक्षण | कृषि फर्म स्थापना तथा विस्तार | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | जलवायु मैत्री नमुना गाँउ | जलवायुमैत्री नमुना गाँउ |
| | ४ | रैथाने बाली संरक्षण | मकै बीउ उत्पादन तथा प्रर्वधन | जलवायु मैत्री नमुना गाउँ | फलफुल खेती विस्तार आयोजना | रैथाने बाली संरक्षण |
| | ५ | कृषि आधुनिकीकरण परियोजना | अनुदानमा आधारित मल वितरण | कृषक पाठशाला संचालन | मकै बीउ उत्पादन प्रर्वधन | वाझो जग्गामा ब्यवसायिक खेती |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ४८१८७ | ६११०५ | ८१९०० | ७७६२१ | ३२००२ |
| | चालु विनियोजन | ४८६८७ | ६०५०५ | ७७७०० | ७६४२१ | ३०६०२ |
| | पूँजीगत विनियोजन | ५०० | ६०० | ४२०० | १२०० | १४०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ९७.३७ | १००.८४ | १८.५ | ६३.६६ | २१.८५ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | |
| | १ | रैथाने बाली संरक्षण प्रर्वधन | नभएको | कृषि तथ्यांक संकलन | कृषि स्रोत केन्द्र स्थापना | कृषि तथ्यांक अध्यावधिक |
| | २ | कृषि उत्पादनमा प्रोत्साहन | | रैथाने बाली संरक्षण | रैथाने बाली संरक्षण प्रर्वधन | प्रांगारिक मल व्यवस्थापन |
| | ३ | खाद्य तथा पोषण सुरक्षण | | सिंचाई पूर्वाधार विकास | कृषि तथ्यांक संकलन | बिमामा सहुलियत |
| | ४ | गुणस्तरीय उत्पादन सामाग्री उपलब्धता | | फलफुल विकाश आयोजना | कृषि अनुसन्धान | कृषि कर्जामा ब्याज अनुदान |
| | ५ | तथ्यांक संकलन तथा अध्यावधिक गर्ने | | खाद्यान्न बाली तथा पोषण सुरक्षण कार्यक्रम | बिमा प्रिमियम अनुदान | उन्नत कृषि प्रविधि प्रवर्धन |

स्रोत : कृषि ज्ञान केन्द्रबाट प्राप्त विवरणको संश्लेषण गरिएको

### ८.६.१ विश्लेषण :

संघीय सरकारले व्यवस्थापन तथा सर्भेक्षण गरेर प्रदेश सरकारको लागि स्थापना गरिदिएको कृषि ज्ञान केन्द्रको स्थापना कालमा तयार गरिएको कार्य विवरणमा धेरै काम भए पनि यथार्थमा यस्ता ज्ञान केन्द्रको काम भनेको स्थानीय तहका कृषि प्राविधिज्ञलाई सल्लाह र सहयोग उपलबध गराउने हो । ज्ञान केन्द्रहरू आफैले असाध्यै सीमित मात्र काम गर्दछन् । यिनीहरूले गर्ने काम पनि स्थानीय तहको कृषि शाखासँग मिलेर गर्नु पर्दछ । ज्ञान केन्द्रसँग कार्य क्षेत्रमा काम गर्नको लागि जनशक्तिको अभाव मात्र छैन साधन स्रोतको सीमितता पनि

छ। कृषि गतिविधिको मुख्य जिम्मेवारी स्थानीय तहमा रहेको कृषि शाखामा निहीत छ। यस अवस्थामा स्थानीय तहका कृषि शाखालाई परेको बेलामा सल्लाह र सहयोग उपलबध गराउनको लागि जिल्लास्तरको भौगोलिक सन्निकटता अत्यावश्यक हुदैन। फेरि सबै सल्लाह र सहयोग ज्ञान केन्द्रले मात्र उपलब्ध गराउन पनि सक्दैन, अन्तबाट विषय विशेषज्ञ ल्याउनु पर्ने हुन्छ । ज्ञान केन्द्रले सीमित मात्रामा गर्ने कृषि प्रसारको कामले पनि नियमित उपस्थितिलाई अत्यावश्यक बनाउदैन । व्यावसायिक किसानको लागि कृषि व्यवसायमा समस्या आउनु भनेको उल्लेख्य आथिक क्षति हो। त्यसकारण उनीहरू आफैँ कृषि प्राविधिक राख्दछन् नभए धाएर सल्लाह लिन आउँछन्। यस अवस्थाले गर्दा पनि ज्ञान केन्द्रको लागि भौगोलिक सन्निकटता अपरिहार्य हुदैन । हाल गरिआएको काम यस्ता निकायले केही पर बसेर पनि गर्न सक्दछन्। सीमित भूमिका र भौगोलिक सन्निकटताको आवश्यकता अपरिहार्य नभएको अवस्थालाई विचार गरेर यस प्रकार परेको बेला सल्लाह र सहयोग दिने निकायहरूको संख्या घटाई भौगोलिक दूरी केही बढाउन उपयुक्त हुन्छ।

**८.६.२ सिफारिस :**

आवश्यक परेको बेलामा सहयोग र सल्लाह दिने र सीमित काम गर्नको लागि दुई वा दुइभन्दा बढी जिल्लाको कार्य क्षेत्र भएको सक्षम संरचना स्थापना गरी जिल्लास्तरका ज्ञान केन्द्रहरूलाई खारेज गर्न उपयुक्त हुन्छ। जिल्लास्तरमा सम्पर्क कार्यालय तोकेर ती मार्फत यस्ता निकायको परिचालनलाई गतिशील बनाउन सकिन्छ। संरचनाको अभाव महशुस हुन नपाउने व्यवस्था गर्न पनि वाञ्छनीय हुन्छ।

**८.६.३ निर्णय हुनु पर्ने व्यहोरा :**

(क) तनहुँ, कास्की र बागलुङ जिल्लास्थित कृषि ज्ञान केन्द्र बाहेक बाँकी ८ जिल्लाका कृषि ज्ञान केन्द्र खारेज गर्ने,

(ख) तनहुँ, कास्की र बागलुङ जिल्लास्थित कृषि ज्ञान केन्द्रलाई विनियोजित जनशक्तिलाई यथावत राखी तत् जिल्लामा रहने कृषि र पशु सेवा डिभिजन कार्यालयमा रुपान्तरण गर्ने। यसरी रुपान्तरित कृषि र पशु सेवा डिभिजन कार्यालयको कार्य क्षेत्र देहाय बमोजिम निर्धारण गर्ने:

१. कृषि र पशु सेवा डिभिजन कार्यालय तनहुँ - तनहुँ, गोरखा, मनाङ र लमजुङ र नवलपुर जिल्ला

२. कृषि र पशु सेवा डिभिजन कार्यालय कास्की - कास्की, स्याङजा र पर्वत जिल्ला

३. कृषि र पशु सेवा डिभिजन कार्यालय बागलुङ - बागलुङ, मुस्ताङ र म्याग्दी जिल्ला

(ग) उल्लेखित (ख) अनुसार रुपान्तरित कृषि र पशु सेवा डिभिजन कार्यालयमा तत् तत् जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पशु सेवा विज्ञ केन्द्रको लागि व्यवस्थित दरबन्दीमा रहको १।१ जना अधिकृतलाई दरबन्दीसहित सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेका ८ जिल्लाका साबिक कृषि ज्ञान केन्द्रमा कार्यरत २७ अधिकृत र २३ सहायकलाई पुलमा सरुवा गर्ने ,

(ङ) उल्लेखित (क) अनुसार खारेजीमा परेका ८ जिल्लाका साबिक कृषि ज्ञान केन्द्रमा कार्यरत २० कार्यालय सहयोगीलाई अवकास दिने,

(च) उल्लेखित (ख) अनुसार रुपान्तरण भई स्थापना भएका तनहुँ, कास्की र बागलुङमा रहने ३ कृषि र पशु सेवा डिभिजन कार्यालयमा रिक्त रहेको पदमा पुलबाट ३ सहायक कर्मचारी सरुवा गरी पदपूर्ति गर्ने,

(छ) उल्लेखित (क) अनुसार खारेजीमा परेका ८ जिल्लाका साविक कृषि ज्ञान केन्द्रमा रिक्त रहेका ५ अधिकृत र १३ सहायक पदको दरबन्दी स्वतः खारेज हुने,

(ज) उल्लेखित (घ) अनुसार पुलमा सरुवा गर्ने, (ग) अनुसार तनहुँ, कास्की र बागलुङ जिल्लामा रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पशु सेवा विज्ञ केन्द्रको लागि व्यवस्थित दरबन्दीमा रहको १।१ जना अधिकृतलाई सरुवा गर्ने र (ङ) अनुसार कार्यालय सहयोगीलाई अवकास दिने काम ७ दिनभित्र मन्त्रालयले गर्ने,

(झ) उल्लेखित (क) अनुसार खारेजीमा परेका आठ जिल्लाका साविक कृषि ज्ञान केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (क) अनुसार खारेजीमा परेका ८ जिल्लाका साबिक कृषि ज्ञान केन्द्रबाट सम्पादन भई आएको र (ख) अनुसार कृषि ज्ञान केन्द्रबाट रुपान्तरण भई बनेको कृषि तथा पशु सेवा डिभिजन कार्यालयको काम कारवाहीमा कुनै किसिमको अवरोध आउन नदिन मन्त्रालयले तत्कालै अन्तरिम र दीर्घकालीन कानुनी व्यवस्था मिलाउने ।

## ८.७ पशु सेवा तालिम केन्द्र र मत्स्य विकास केन्द्र

### ८.७.१ पशु सेवा तालिम केन्द्र

वि.सं. २०५२ सालमा स्थापित यो तालिम केन्द्र गण्डकी प्रदेश सरकार स्थापनासँगै संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको थियो । कृषक, उद्यमी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यबाट स्थापित यो केन्द्रमा ११ दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ४, सहायक ४ र सहयोगी ३ दरबन्दी रहेको छ । अधिकृत प्रधान यो केन्द्रमा अधिकांश कर्मचारी प्राविधिक छन्, प्रशासनिक कर्मचारीको दरबन्दी २ मात्र रहेको छ । दरबन्दी संरचनामा

अधिकृत र सहायकको अनुपात १ , प्राविधिक र प्रशासनिक ३ र अरु कर्मचारी र सहयोगीको अनुपात २.६६ रहेको छ। केन्द्रमा १ पदमा बाहेक सबै १० पद पूर्ति भएको छ। पूर्ति हुन नसकेको पद भनेको अधिकृत १ रहेको छ (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस्)

विगत पाँच वर्षमा केन्द्रको लागि चालुतर्फ ९ करोड ७७ लाख (७० प्रतिशत) र पूँजीगततर्फ ४ करोड २१ लाख ( ३० प्रतिशत) गरी कुल १३ करोड ९९ लाख रकम विनियोजन गरिएको थियो। विनियोजनमा चालु र पूँजीगतको अनुपात २.३२ रहेको थियो। विनियोजनबाट पाँच वर्षको अवधिमा चालुतर्फ ७ करोड ५१ लाख (७०प्रतिशत ) र पूँजीगततर्फ ३ करोड २० लाख (३० प्रतिशत) गरी कुल १० करोड ७२ लाख खर्च भएको थियो। यसमा चालु खर्च र पूँजीगत खर्चको अनुपात २.३४ रहेको थियो। त्यसै गरी चालु खर्च र विनियोजनको अनुपात ०.७६ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.७६ रहेको थियो। यसरी खर्च भएको रकमबाट केन्द्रले विशेष गरी कृतिम गर्भाधान तालिम, बाखा पालन तालिम, घाँसको नर्सरी व्यवस्थापन, ट्याङ्की निर्माण र आवासको व्यवस्थापन जस्ता कार्य सम्पन्न गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा केन्द्रको लागि चालुतर्फ २ करोड १२ लाख (८८ प्रतिशत) र पूँजीगततर्फ ३० लाख (१२ प्रतिशत) गरी कुल २ करोड ४२ लाख रकम विनियोजन गरिएको थियो। विनियोजनमा चालु र पूँजीगतको अनुपात ७.०९ रहेको छ। यो रकमबाट केन्द्रले कृषि तथा पशुपन्छी तालिम, कृषि प्रसार सेवाको पहुँच अभिवृद्धि, उन्नत कृषि प्रविधि प्रदर्शन र कृषकसँग विज्ञ कार्यक्रम संचालन गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस्)।

**तालिका - ८.७**

**पशु सेवा तालिम केन्द्र र मत्स्य विकास केन्द्रको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क. सं. | विषय | पशु सेवा तालिम केन्द्र | मत्स्य विकास केन्द्र |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला |
| २. | कुल दरबन्दी | ११ | १० |
| | अधिकृत | ४ | १ |
| | सहायक | ४ | ६ |
| | सहयोगी | ३ | ३ |

| | | | |
|---|---|---|---|
| | प्राविधिक | ६ | ५ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | १ | ०.१६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | २.५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | २.३३ |
| | जम्मा पूर्ति दरबन्दी | १० | ६ |
| | अधिकृत | ३ | १ |
| | सहायक | ४ | ३ |
| | सहयोगी | ३ | २ |
| | जम्मा रिक्त दरबन्दी | १ | ४ |
| | अधिकृत | १ | ० |
| | सहायक | ० | ३ |
| | सहयोगी | ० | १ |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १३९९२४ | १०४३४२ |
| | चालु तर्फको विनियोजन | ९७७८३ | ८८१५१ |
| | पूँजीगत तर्फको विनियोजन | ४२१४१ | १६१९१ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.३२ | ५.४४ |
| | चालु खर्च | ७५१९९ | ६०९८४ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७६ | ०.६९ |
| | पूँजीगत खर्च | ३२०९२ | १५४४५ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.७६ | ०.९५ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | २.३४ | ३.९४ |
| | कुल खर्च | १०७२९१ | ७६४२९ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |

| | | | |
|---|---|---|---|
| | १ | पशु प्रजनन् तथा कृतिम गर्भाधान तालिम | मत्स्य मोडल फार्म स्थापना |
| | २ | तालिम आवास व्यवस्था | महामारीजन्य रोगको नियन्त्रण |
| | ३ | व्यवसायिक बाखापालन तालिम | मत्स्य यान्त्रीकरण सहयोग |
| | ४ | ६० हजार लिटरको खानेपानी टयाङ्की निर्माण | नयाँ मत्स्य पोखरी निर्माण |
| | ५ | एक हप्ते घाँसको नर्सरी व्यवस्थापन | मत्स्य भुरा वितरण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २४२८६ | ३१००० |
| | चालु विनियोजन | २१२८६ | ३०००० |
| | पूँजीगत विनियोजन | ३००० | १००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ७.०९ | ३० |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | ब्यावसायकि कृषि तथा पशुपन्छी तालिम | नयाँ मत्स्य पोखरी निर्माण |
| | २ | कृषि प्रचार सेवाको पहुँच अभिवृद्धि | ताल विशेष मत्स्य प्रवर्धन कार्यक्रम |
| | ३ | उन्नत कृषि प्रविधि प्रदर्शन | कृषक क्षमता अभिवृद्धि |
| | ४ | कृषकसँग विज्ञ कार्यक्रम | कृषि चुन अभियान |
| | | | प्राकृतिक जलाशयमा माछा भुरा छोडने काम |

स्रोत : पशु तालिम केन्द्र र मत्स्य विकास केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

**८.७.१.१ विश्लेषण :**

यस सम्बन्धी विषय प्रकरण ८.५.३ मा उल्लेख भईसकेकोले केही गर्न नपर्ने ।

**८.७.१.२ सिफारिस :**

यस सम्बन्धी विषय प्रकरण ८.५.३ मा उल्लेख भईसकेकोले केही गर्न नपर्ने ।

### ८.७.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

यस सम्बन्धी विषय प्रकरण ८.५.३ मा उल्लेख भईसकेकोले केही गर्न नपर्ने ।

## ८.७.२ मत्स्य विकास केन्द्र

संवत् २०६१ मा स्थापित यो केन्द्र प्रदेश सरकार स्थापनासँगै प्रदेश सरकार मातहत आएको हो । केन्द्रमा १० जना कर्मचारीको दरबन्दी रहेको छ । यो दरबन्दीमा अधिकृत १, सहायक ६ र सहयोगी ३ को दरबन्दी रहेको छ । केन्द्रमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ । यहाँ प्रशासनिक कर्मचारीको दरबन्दी २ जनामात्र रहेको छ । यस अनुसार केन्द्रमा अधिकृत र सहायकको अनुपात ०.१६, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात २.५ र अरु कर्मचारी र सहयोगीको अनुपात २.३३ रहेको छ। केन्द्रको दरबन्दी मध्ये ६ पदमात्र पूर्ति भएको छ, यसमा अधिकृत १, सहायक ३ र सहयोगी २ पद रहेको छ। बाँकी सहायकको ३ पद र सहयोगीको १ पद पूर्ति हुन सकेको छैन (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस् ) ।

विगत पाँच वर्षमा केन्दको लागि कुल १० करोड ४३ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ८ करोड ८१ लाख (८४ प्रतिशत) र पूँजीगततर्फ १ करोड ६१ लाख (१६ प्रतिशत) रहेको थियो । यसरी चालु र पूँजीगत विनियोजनको अनुपात ५.४४ रहेको थियो । उक्त अवधिमा केन्द्रले कुल ७ करोड ६४ लाख खर्च गरेको थियो । यसमा चालु खर्च ६ करोड ९ लाख(८० प्रतिशत) र पूँजीगत खर्च १ करोड ५४ लाख (२० प्रतिशत) रहेको थियो । साथै चालु खर्च र विनियोजनको अनुपात ०.६९, पूँजीगत खर्च र विनियोजनको अनुपात ०.९५ र चालु खर्च र पूँजीगत खर्चको अनुपात ३.९४ रहेको थियो । यो रकमबाट केन्द्रले पाँच वर्षको अवधिमा खास गरी मत्स्य मोडेल फार्म स्थापना, महामारीजन्य रोग नियन्त्रण, मत्स्य यान्त्रिकरण सहयोग, नयाँ मत्स्य पोखरी निर्माण र माछाका भुरा वितरणको कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस्)

चालु आर्थिक वर्षमा केन्द्रको लागि चालुतर्फ ३ करोड (९७ प्रतिशत) र पूँजीगततर्फ १० लाख (३ प्रतिशत) गरी कुल ३ करोड १० लाख रकम विनियोजन गरिएको छ। विनियोजनमा चालु र पूँजीगतको अनुपात ३० रहन गएको छ । यो रकमबाट केन्द्रले नयाँ मत्स्य पोखरी निर्माण, ताल विशेष मत्स्य प्रवर्धन कार्यक्रम, कृषक क्षमता अभिवृद्धि, कृषि चुन अभियान र प्राकृतिक जलासयमा माछा भुरा छोडने काम गर्ने लक्ष्य लिएको छ (विस्तृत विवरणको लागि तालिका - ८.७ हेर्नुहोस्) ।

### ८.७.२.१ विश्लेषण :

प्रकरण ८.३.३ अनुसार पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय खारेज गर्ने र साविक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा कार्यरत मध्ये १ अधिकृत कर्मचारीलाई दरबन्दीसहित यो केन्द्रमा सार्न प्रस्ताव भईसकेको सन्दर्भमा केन्द्रलाई प्रदेशको मत्स्य सम्बन्धी गतिविधिको मुख्य केन्द्र बनाई प्रदेशभरको मत्स्य विकासको कार्यमा संलग्न गराउन उपयुक्त हुन्छ ।

### ८.७.२.२ सिफारिस :

मत्स्य विकास केन्द्रलाई मत्स्य सम्बन्धी गतिविधिको मुख्य केन्द्रको रूपमा स्थापित गरी प्रदेशभरको मत्स्य विकासको कार्य क्षेत्र तोक्न मनासिव हुने देखिन्छ ।

### ८.७.२.३. निर्णय हुनुपर्ने व्यहोरा :

(क) मत्स्य विकास केन्द्रलाई प्रदेशको मत्स्य विकास सम्बन्धी गतिविधिको मुख्य निकाय तोक्ने,

(ख) मत्स्य विकास केन्द्रको कार्य क्षेत्र प्रदेशभर निर्धारण गर्ने ।

## ८.८ भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र

गण्डकी प्रदेशभित्र प्रत्येक जिल्लामा एउटाको दरले रहेका यी केन्द्रहरू मध्ये ७ वटा गोरखा, स्याङजा, तनहुँ, कास्की, बागलुङ, म्यग्दी र लमजुङ २०७५ सालमा स्थापना भएका थिए भने ४ वटा मनाङ, मुस्ताङ, नवलपुर र पर्वत २०७७ सालमा प्रदेश सरकारले स्थापना गरेको थियो । यी केन्द्रको दरबन्दी संरचनामा अन्तर रहेको छ । यी केन्द्रमा न्यूनतम् ७ देखि अधिकतम् १४ सम्म दरबन्दी रहेको छ । यो दरबन्दीमा अधिकृत १ देखि ९ जनासम्म, सहायक १ देखि ६ जनासम्म र सहयोगी २ वा ३ जना दरबन्दी रहेको छ । केही केन्द्र अधिकृतमूलक देखिन्छन् भने केही केन्द्रमा सहायकको दरबन्दी अधिकृत भन्दा निक्कै धेरै रहेको देखिन्छ । पशु उपचार सेवा र सल्लाह सेवा दिने यी केन्द्रमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ । केन्द्रमा प्राविधिक कर्मचारीको संख्या ३ देखि ९ सम्म वितरण भएको छ भने प्रशासनतर्फका कर्मचारीको संख्या सबै केन्द्रमा २ मा सीमित रहेको छ । दरबन्दी संरचना अनुसार केन्द्रमा अधिकृत र सहायकको अनुपात ०.१६ देखि ७ सम्म, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात १.५ देखि ४.५ सम्म र कर्मचारी र सहयोगीको अनुपात २.३३ देखि ४ सम्म रहेको देखिन्छ (विस्तृत विवरणको लागि तालिका-८.८-१ र ८.८-२ हेर्नुहोस्) ।

केन्द्रवीच दरबन्दी अनुसारको पदपूर्तिमा व्यापक विविधता रहेको छ, न्यूनतम् ३ देखि ११ सम्म पदहरू पूर्ति भएको देखिन्छ । पूर्ति भएको पदमा अधिकृतमा १ देखि ७ जनासम्म, सहायकमा १ देखि ५, र सहयोगीमा मुस्ताङ र मनाङमा १, १ पद र बाँकी सबैमा दरबन्दी अनुसारका सबै

पदपूर्ति भएको देखिन्छ । केन्द्रमा ४ वटा पदसम्म रिक्त रहेका छन् । यसरी रिक्त दरबन्दीमा अधिकृत ५ जनसम्म, सहायक ३ जनासम्म र सहयोगीमा १ जना रहेको देखिन्छ (विस्तृत विवरणको लागि तालिका -८.८-१ र ८.८-२ हेर्नुहोस्)।

**तालिका - ८.८-१**

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. स. | विषय | मनाङ[28] | मुस्ताङ[29] | गोरखा | नवलपनुर [30] | पर्वत[31] |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | १ जिल्ला | .१ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | ७ | ७ | १० | १० | १० |
| | अधिकृत | १ | १ | ५ | ४ | ३ |
| | सहायक | ४ | ४ | २ | ४ | ५ |
| | सहयोगी | २ | २ | ३ | २ | २ |
| | प्राविधिक | ३ | ३ | ५ | ६ | ६ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.२५ | ०.२५ | २.५ | १ | ०.६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १.५ | १.५ | २.५ | ३ | ३ |

[28] विगत चार आर्थिक वर्षको मात्र विवरण प्राप्त भएको ।
[29] विगत चार आर्थिक वर्षको मात्र विवरण प्राप्त भएको ।
[30] विगत चार आर्थिक वर्षको मात्र विवरण प्राप्त भएको ।
[31] विगत चार आर्थिक वर्षको मात्र विवरण प्राप्त भएको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.५ | २.५ | २.३३ | ४ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | ३ | ३ | १० | ६ | ६ |
| | अधिकृत | १ | १ | ५ | २ | २ |
| | सहायक | १ | १ | २ | २ | २ |
| | सहयोगी | १ | १ | ३ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | ४ | ४ | ० | ४ | ४ |
| | अधिकृत | ० | ० | ० | २ | १ |
| | सहायक | ३ | ३ | ० | २ | ३ |
| | सहयोगी | १ | १ | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ७८९९५ | ९४५४१ | २२४५९८ | २५५२५१ | १७४३२२ |
| | चालु तर्फको विनियोजन | ७१६०५ | ९०४०६ | २१५०१८ | २५०८१६ | १५५०८७ |
| | पूँजीगत तर्फको विनियोजन | ७३९० | ४१३५ | ९५८० | ४४३५ | १९२३५ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ९.६८ | २१.८६ | २२.६५ | ५६.५५ | ८.०६ |
| | चालु खर्च | ४९५४७ | ६५८१८ | १५८३३० | १७१८३२ | १२९५८२ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६९ | ०.७२ | ०.७३ | ०.६८ | ०.८३ |
| | पूँजीगत खर्च | ५९५३ | ३७६६ | ७९०९ | ४०६६ | १९०५५ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८० | ०.९१ | ०.८२ | ०.९१ | ०.९९ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ८.३२ | १७.४७ | २०.०१ | ४२.२५ | ६.८० |
| | कुल खर्च | ५५५०० | ६९५८४ | १६६२३९ | १७५८९८ | १४८६३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १ | साना व्यवसाय फार्म स्थापना | साना व्यवसाय फार्म स्थापना | पशपन्छी मोडेल फार्म स्थापना | साना व्यवसाय फार्म स्थापना | दुग्ध उत्पादनमा अनुदान |
| | २ | चौरी प्रर्वधन कार्यक्रम | चौरी प्रर्वधन कार्यकम | भैंसी विकास कार्यकम | पशुमा पूर्ण खोप कार्यकम | साना व्यवसाय फार्म स्थापना |
| | ३ | रोगको नमूना संकलन | रोगको नमूना संकलन | पशुहरूमा पूर्ण खोप कार्यकम संचालन | पशु नश्ल सुधार कार्यकम | पशुमा पूर्ण खोप कार्यकम |
| | ४ | घुम्ती गोठ संरक्षण कार्यकम | घुम्ती गोठ संरक्षण कार्यकम | कृतिम गर्भाधान प्रोत्साहन कार्यकम | महामारी रोग नियन्त्रण | पाडा बाच्छी प्रोत्साहन सहयोग |
| | ५ | बाँझोपन निवारण शिविर | बाँझोपन निवारण शिविर | लम्पीस्कीन रोगको उपचार | घरपालुवा कुकुर बन्ध्याकरण | पशुपन्छीमा प्रिमियम अनुदान |
| ५. | आ. व. २०८१/८२ को कुल विनियोजन | १८९९६ | २४६४४ | ७४८०० | ६४५२४ | ४१५०० |
| | चालु विनियोजन | १७९९६ | २३८४४ | ६३००० | ६३०२४ | ४०००० |
| | पूँजीगत विनियोजन | १००० | ८०० | ११८०० | १५०० | १५०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १७.९९ | २९.८० | ५.३३ | ४२ | २६.६६ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | |
| | १ | रैथाने पशुपन्छी संरक्षण | पशुपन्छी संरक्षण, प्रर्वधन | रैथाने पशुपन्छी संरक्षण | रैथाने पशुपन्छी संरक्षण | रैथाने पशुपन्छी संरक्षण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २ | पूर्ण खोप कार्यक्रम | पशुजन्य उत्पादन प्रणाली आधुनिकीकरण | पूर्ण खोप कार्यक्रम | पूर्ण खोप कार्यक्रम | पूर्ण खोप कार्यक्रम |
| | ३ | नश्ल सुधार कार्यक्रम | बाँझो जग्गा उपयोग | नश्ल सुधार कार्यक्रम | नश्ल सुधार कार्यक्रम | नश्ल सुधार कार्यक्रम |
| | ४ | घुम्ती गोठ प्रणाली प्रवर्धन | पूर्ण खोप कार्यकम | घुम्ती गोठ प्रणाली प्रवर्धन | चरन खर्क सुधार | घुम्ती गोठ प्रणाली प्रवर्धन |
| | ५ | जुनोटिक रोगहरूको नियन्त्रण | नश्ल सुधार कार्यक्रम | जुनोटिक रोगहरूको नियन्त्रण | जुनोटिक रोगहरूको नियन्त्रण | जुनोटिक रोगहरूको नियन्त्रण |

स्रोत : भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षको अवधिमा केन्द्रको लागि ७ करोड ७९ लाखदेखि ४६ करोड ६३ लाख सम्म बजेट विनियोजन गरिएको थियो । यस्तो विनियोजनमा चालुतर्फ ७ करोड १६ लाखदेखि ३२ करोड ८१ लाखसम्म र पूँजीगततर्फ ४४ लाखदेखि १७ करोडसम्म विनियोजन भएको देखिन्छ । यसरी विनियोजन भएको रकममा चालु र पूँजीगतको अनुपात १.६९ देखि ५५.२५ सम्म रहन गई व्यापक अन्तर देखिन्छ । यो अवधिमा विभिन्न गतिविधि संचालनको लागि केन्द्रले ५ करोड ५५ लाखदेखि ३५ करोड ५५ लाखसम्म रकम खर्च गरेका थिए । यसरी खर्च भएको रकममा चालुतर्फको हिस्सा ४ करोड ९५ लाख देखि २८ करोड ५४ लाखसम्म र पूँजीगत तर्फको हिस्सा ३७ लाख ६६ हजारदेखि ८ करोड १ लाखसम्म रहन गएको थियो । यसरी गरिएको खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.६८ देखि ०.८६ सम्म र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.२७ देखि ०.९९ सम्म रहेको थियो । यसरी नै चालु खर्च र पूँजीगत खर्चको अनुपात ३.५६ देखि ४२.२५ सम्म रहेको थियो (विस्तृत विवरणको लागि तालिका - ८.८-१ र ८.८-२ हेर्नुहोस्) ।

बितेको पाँच वर्षको अवधिमा यी ११ केन्द्रले उल्लेख भए अनुसार खर्च गरी फेस हाउस सुधार, कृतिम गर्भाधान, मत्स्य पोखरी निर्माण, व्यावसायिक फर्म स्थापना, पूर्ण खोप कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण, गाई भैंसी विकास कार्यक्रम, फर्मको यिनैत्रकीकरण, कृषक क्षमता अभिवृद्धि, पकेट क्षेत्र प्रवर्धन र घाँस स्रोत केन्द्र स्थापना जस्ता कार्यहरू सम्पादन गरेका थिए (विस्तृत विवरणको लागि तालिका - ८.८-१ र ८.८-२ हेर्नुहोस्) ।

## तालिका - ८.८-२

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क.सं. | विषय | कास्की | बाग्लुङ | म्याग्दी | लमजुङ | स्याङ्जा | तनहुँ |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १४ | ११ | १० | १२ | १२ | १३ |
| | अधिकृत | ९ | ७ | १ | ३ | ७ | ४ |
| | सहायक | २ | १ | ६ | ६ | २ | ६ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | ९ | ६ | ५ | ७ | ७ | ८ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ४.५ | ७ | ०.१६ | ०.५ | ३.५ | ०.६६ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४.५ | ३ | २.५ | ३.५ | ३.५ | ४ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.६६ | २.६६ | २.३३ | ३ | ३ | ३.३३ |
| | जम्मा पूर्ति दरबन्दी | ११ | ९ | ७ | ८ | ११ | ११ |
| | अधिकृत | ७ | ६ | १ | २ | ७ | ३ |
| | सहायक | १ | ० | ३ | ३ | १ | ५ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ३ | २ | ३ | ४ | १ | २ |
| | अधिकृत | २ | १ | ० | १ | ० | १ |
| | सहायक | १ | १ | ३ | ३ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहयोगी | ० | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ४६३४१८ | २७८३५८ | २२००९९ | २८१३०७ | २३०१९७ | ४६६३६४ |
| | चालु तर्फको विनियोजन | ३२८१९८ | २४५६०८ | २१०३४३ | २४९२०७ | २२१०४९ | २९३५६९ |
| | पूँजीगत तर्फको विनियोजन | १३५२२० | ३२७५० | ९७५६ | ३२१०० | ९१४८ | १७२७९५ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.४२ | ७.४९ | २१.५६ | ७.७६ | २४.१६ | १.६९ |
| | चालु खर्च | २८५४५८ | १९४९६७ | १६२५९१ | १७७२११ | १५७५३२ | २४०५६३ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.८६ | ०.७९ | ०.७७ | ०.७१ | ०.७१ | ०.८१ |
| | पूँजीगत खर्च | ८०१२९ | २२३१३ | ८८३५ | ३०२३२ | ७६८७ | ४८३७० |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.५९ | ०.६८ | ०.९० | ०.९४ | ०.८४ | ०.२७ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ३.५६ | ८.७३ | १८.४० | ५.८६ | २०.४९ | ४.९७ |
| | कुल खर्च | ३६५५८८ | २१७२८० | १७१४२६ | २०७४४४ | १६५२१९ | २८८९३३ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १ | फ्रेस हाउस सुधार कार्यक्रम | व्यवसाय फार्म स्थापना | व्यवसाय फार्म स्थापना | कृषक क्षमता अभिवृद्धि | दुग्ध उत्पादन प्रोत्साहन | दुग्ध उत्पादन प्रोत्साहन |
| | २ | कृतिम गर्भाधान कार्यक्रम | पूर्ण खोप कार्यक्रम | पूर्ण खोप कार्यक्रम | महामारी जन्य रोग नियन्त्रण | पूर्ण खोप कार्यक्रम | महामारी जन्य रोग नियन्त्रण |
| | ३ | मत्स्य पोखरी निर्माण | कृतिम गर्भाधान कार्यक्रम | कृतिम गर्भाधान कार्यक्रम | पूर्ण खोप कार्यक्रम | पकेट क्षेत्र प्रवर्धन | पूर्ण खोप कार्यक्रम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४ | पूर्ण खोप कार्यक्रम | लम्पीस्कीन रोग नियन्त्रण | घुम्ती गोठ संरक्षण कार्यक्रम | लम्पीस्कीन रोग नियन्त्रण | फार्मको यान्त्रिकी करण | फार्मको यान्त्रिकी करण |
| | ५ | घाँसको स्रोत केन्द्र स्थापना | गाईभैंसी विकास कार्यक्रम | मत्स्य पोखरी निर्माण | कुकुरको बन्ध्याकरण ा | लम्पीस्की न रोग नियन्त्रण | मत्स्य पोखरी निर्माण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७०६८० | ४६७०३ | ३७२८८ | ४६२०० | ५२४०९ | ८५३०० |
| | चालु विनियोजन | ६४१८० | ४५५०३ | २९२८८ | ४५२०० | ४५४०९ | ५७३०० |
| | पूँजीगत विनियोजन | ६५०० | १२०० | ८००० | १००० | ७००० | २८००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ९.८७ | ३७.९१ | ३.६६ | ४५.२ | ६.४८ | २.०४ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १ | रैथाने पशुपन्छी संरक्षण | रैथाने पशुपन्छी संरक्षण | पशुपन्छी संरक्षण, प्रवर्धन | रैथाने पशुपन्छी संरक्षण | रैथाने पशुपन्छी संरक्षण | बाँझो जग्गा उपयोग |
| | २ | पशुजन्य उत्पादन प्रणाली आधुनिकी करण | पूर्ण खोप कार्यक्रम | पशुजन्य उत्पादन प्रणाली आधुनिकी करण | पूर्ण खोप कार्यक्रम | पूर्ण खोप कार्यक्रम | पूर्ण खोप कार्यक्रम |
| | ३ | नश्ल सुधार कार्यक्रम | नश्ल सुधार कार्यक्रम | बाझो जग्गा उपयोग | नश्ल सुधार कार्यक्रम | नश्ल सुधार कार्यक्रम | नश्ल सुधार कार्यक्रम |
| | ४ | पूर्ण खोप कार्यक्रम | घुम्ती गोठ प्रणाली र्प्रधन | पूर्ण खोप कार्यक्रम | घुम्ती गोठ प्रणाली प्रवर्धन | घुम्ती गोठ प्रणाली प्रवर्धन | एक वडा एक उत्पादन कार्यक्रम |
| | ५ | एक वडा एक उत्पादन | जुनोटिक रोग नियन्त्रण | नश्ल सुधार कार्यकम | प्राकृतिक प्रकोपमा सहयोग | प्राकृतिक प्रकोपमा सहयोग | पशु वधस्थल निर्माण |

स्रोत : भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा यी केन्द्रको लागि कुल १ करोड ८९ लाख देखि ८ करोड ५३ लाखसम्म बजेट विनियोजन गरिएको छ। यस मध्ये चालुतर्फको हिस्सा १ करोड ७९ लाखदेखि ६ करोड ४१ लाखसम्म र पूँजीगततर्फको हिस्सा ८ लाख देखि २ करोड ८० लाखसम्म रहेको छ। यसरी चालु विनियोजन र पूँजीगत विनियोजनको अनुपात २.०४ देखि ४५.२ सम्म रहकोछ। यो बजेटबाट यी केन्द्रले रैथाने पशुपन्छी संरक्षण, नश्ल सुधार, पूर्ण खोप, बाँझो जग्गा उपयोग, प्राकृतिक प्रकोप सहयोग, घुम्ती गोठ प्रणाली प्रवर्धन, यान्त्रिकीकरण, एक वडा एक उत्पादन र पशु वधशाला निर्माण जस्ता काम गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका - ८.८-१ र ८.८-२ हेर्नुहोस्)

### ८.८.१ विश्लेषण :

गण्डकी प्रदेशभित्र भेटेरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्र ११ वटा छन्। प्रत्यक्ष पशु सेवाको काम स्थानीय तहमा रहेका शाखाले गर्ने हुनाले अस्पतालमा जोडिएका पशु सेवा विज्ञ केन्द्रको भूमिका खाली स्थानीय तहका प्राविधिज्ञलाई सहयोग र सल्लाह उपलब्ध गराउने तथा केही कार्यकम भए उनीहरूलाई परिचालन गरी सम्पन्न गर्ने रहेको छ। एक जिल्लामा एक भेटेरिनरी अस्पताल उपयुक्त भए पनि पशु सेवा विज्ञ केन्द्रसमेत अस्पतालमा जोडी थप जनशक्तिको व्यवस्था उपयुक्त देखिदैन। कृषि विज्ञ केन्द्र जस्तै अस्पातलमा जोडिएका पशु सेवा विज्ञ केन्द्रलाई जिल्लास्तरमा नराखी एकभन्दा बढी जिल्ला हेर्ने गरी कृषिसँगै राख्न उपयुक्त हुन्छ।

### ८.८.२. सिफारिस :

जिल्लास्तरमा रहेका भेटेरिनरी अस्पताललाई यथावत राखी अस्पतालसँग जोडिएको पशु सेवा विज्ञ केन्द्र र सोको लागि व्यवस्थित कर्मचारीलाई अस्पतालबाट हटाई एकभन्दा बढी जिल्ला हेर्ने संयन्त्रको रूपमा कृषिसँगै जोडेर राख्न उपयुक्त हुन्छ। यस प्रयोजनको लागि जिल्लास्तरमा भटेरिनरी अस्पतालसँग जोडिएका पशु सेवा विज्ञ केन्द्र कर्मचारीसहित अन्यत्र हटाई कृषि र पशु सेवा एकीकृत रूपमा प्रदान गर्ने संयन्त्र बनाउन उपयुक्त हुन्छ।

### ८.८.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) भेटिरिनरी अस्पताललाई यथावत राखी पशु सेवा विज्ञ केन्द्र छुट्याई खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार खारेज गर्दा तनहुँ, कास्की र बागलुङमा रहेका साबिक भेटेरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्रको पशु सेवा विज्ञ केन्द्रको लागि विनियोजित दरबन्दीमा कार्यरत १।१ अधिकृतलाई प्रकरण ८.६.३ अनुसार स्थापना हुने कृषि तथा पशु सेवा डिभिजन कार्यालयमा दरबन्दी सहित सरुवा गर्ने,

(ग) उल्लेखित (क) अनुसार छुट्याएर खारेज गरिएका साबिक भेटेरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्रको पशु सेवा विज्ञ केन्द्रको लागि विनियोजित दरबन्दीमा कार्यरत

कर्मचारी मध्ये (ख) अनुसार सरुवा गरेर बाँकी रहेका कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(घ) अबदेखि जिल्लास्तरमा भेटेरिनरी अस्पतालमात्र रहने,

(ङ) जिल्लास्तरमा कृषिको एकाईको रूपमा भेटेरिनरी अस्पताल मात्र रहने भएकोले जिल्लास्तरमा कृषि र पशु सेवाको सम्पर्क निकायको रूपमा भेटेरिनरी अस्पताललाई तोक्ने र यस विषयको जानकारी स्थानीय तह सवै र अन्य सर्वसाधारणलाई पनि दिने ।

(च) उल्लेखित (ख) अनुसार तनहुँ, कास्की र बागलुङमा १।१ अधिकृतको सरुवा र (ग) अनुसार खारेजीमा परेका साबिक भेटिरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्रको लागि विनियोजित दरबन्दीमा कार्यरत कर्मचारीलाई पुलमा सरुवा गर्ने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(छ) उल्लेखित (क) अनुसार खारेजीमा परेका साबिक भेटेरिनरी अस्पताल र पशु सेवा विज्ञ केन्द्रको पशु सेवा विज्ञ केन्द्रतर्फ रहेको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

(ज) उल्लेखित (क) अनुसार खारेज भएको पशु विज्ञ केन्द्रबाट हुदै आएको सम्पूर्ण काम प्रकरण ८.६.३ अनुसार तनहुँ, कास्की र बागलुङमा स्थापना हुने कृषि तथा पशु सेवा डिभिजन कार्यालयबाट अविच्छिन्न रूपमा संचालन गरी अन्तरिम र दीर्घकालीन कानुनी व्यवस्था मिलाउने काम मन्त्रालयले तुरुन्तै गर्ने ।

## ८.९ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

सात वर्षको समायवधि राखी २०७९ सालमा एसियन डेभलपमेन्ट बैंक लगायतका दाताको ऋण र अनुदान सहायता उपयोग गर्ने गरी यो आयोजना सुरु भएको थियो । नवलपुर बाहेक बाँकी १० जिल्ला कार्य क्षेत्र भएको यो अयोजनाको लागि कुल ११ जनाको दरबन्दी स्वीकृत भएको छ। दरबन्दी संरचनामा अधिकृत ७, सहायक २ र सहयोगी २ रहेको छ । आयोजनाका अधिकांश दरबन्दी प्रविधिकको छ। आयोजनामा अधिकृत र सहायकको अनुपात ३.५ रहको छ। अर्थात तीनभन्दा बढी अधिकृतको लागि एक सहायक कर्मचारी रहेका छन्। पर्ने गरी त्यसै गरी यहाँ प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३.५ र अरु कर्मचारी र कार्यालय सहयोगीको अनुपात ४.५ रहेको छ । अधिकृततर्फ ७ मध्ये ६ पद पूर्ति भएको छ भने सहायकमा २ मध्ये १ मात्र पूर्ति भएको छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - ८.९) ।

## तालिका - ८.९

## पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको संक्षिप्त विवरण

## (आव २०७९।८० देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ११ | |
| | अधिकृत | ७ | |
| | सहायक | २ | |
| | सहयोगी | २ | |
| | प्राविधिक | ७ | |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | |
| | अधिकृत र सहायकको अनुपात | ३.५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३.५ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.५ | |
| | जम्मा पूर्ति दरवन्दी | ९ | |
| | अधिकृत | ६ | |
| | सहायक | १ | |
| | सहयोगी | २ | |
| | जम्मा रिक्त दरवन्दी | २ | |
| | अधिकृत | १ | |
| | सहायक | १ | |

| | | | |
|---|---|---|---|
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन[32] | ४४८९७६ | |
| | चालु तर्फको विनियोजन | उपलव्ध नभएको | |
| | पुजिगत तर्फको विनियोजन | उपलव्ध नभएको | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | चालु खर्च | उपलव्ध नभएको | |
| | चालु खर्च र विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | पुजीगत खर्च | उपलव्ध नभएको | |
| | कुल खर्च र प्रतिशत | ४९३९६ (११ प्रस) | |
| | पुजीगत खर्च र विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | चालु खर्च र पुजीगत खर्चको अनुपात | उपलव्ध नभएको | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | कार्यालयको भौतिक संरचना निर्माण | |
| | २ | फार्म पुजीगत सुधार | |
| | ३ | अगुवा कृषक र परामर्शदाता छनौट | |
| | ४ | ३४.४५ हे. जमिनमा कागती र सुन्तलाको वगैचा निर्माणको लागि संझौता भएको । | |

[32] विनियोजन र खर्च एकमुष्ट राखिएको, चालु र पूँजीगत नछुट्याइएको ।

| | | | |
|---|---|---|---|
| | ५ | १४४५ रोपनीमा विभिन्न फलफूल वगैचा निर्माणका लागि सभ्फौता भएको । | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २२६३७४ | |
| | चालु विनियोजन | १९०६२४ | |
| | पुजीगत विनियोजन | ३५७५० | |
| | | | |
| | चालु र पुजीगत विनियोजनको अनुपात | ५.३३ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | फलफूल नर्सरी र वेर्ना रोपणको विस्तार | |
| | २ | ३४ स्थानीय तहमा पहाडीक्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना कार्यान्वयन | |
| | ३ | टिस्युकल्चर प्रयोगशाला स्थापना | |
| | ४ | स्याउ, ओखर र खुर्पानीको वगैचा स्थापना र विस्तार | |
| | ५ | आप लिची र केराको वगैचा स्थापना र सुदृढीकरण | |

स्रोत : पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनावाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत तीन वर्षको अवधिमा आयोजनको लागि ४४ करोड ८९ लाख रकम विनियोजन गरिएकोमा करिब ४ करोड ९४ लाख (करिब ९ प्रतिशत) मात्र खर्च भएको थियो । यस अवधिमा यो रकमवाट आयोजनाले विषेशतः कार्यालयको भौतिक संरचना निर्माण, फार्म पूँजीगत सूधार, ३४.४५ हेक्टरमा

कागती तथा सुन्तला वगैचा निर्माण र १४५५ रोपनीमा विभिन्न फलफूल वगैचा निर्माणको लागि संभौता, अगुवा कृषक र परामर्शदाता छनोट गर्ने जस्ता काम गरेको थियो (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - ९.८) ।

चालु आर्थिक वर्षमा आयोजनाको लागि २२ करोड ६३ लाख रकम विनियोजन गरिएको छ । यसमा चालुतर्फ १९ करोड ६ लाख (८४ प्रतिशत) र पूँजीगततर्फ ३ करोड ५७ लाख (१६ प्रतिशत) रहेको छ । यो रकमबाट आयोजनाले मुख्य रूपमा फलफूल नर्सरी र बेर्ना रोपण, विस्तार गर्ने, प्रदेशका ३४ स्थानीय तहमा आयोजना कार्यान्वयन गर्ने, स्याउ, ओखर र खुर्पानी जस्ता फलफुलको वगैचा स्थापना र विस्तार, आँप, लिची र केराको वगैचा स्थापना र सुदृढीकरण गर्ने जस्ता कार्य गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि हेर्नुहोस तालिका - ८.९) ।

### ८.९.१ विश्लेषण :

आयोजना स्थापना भई संचालनमा आएको तीन वर्ष मात्र भएको छ । यस अवधिमा आयोजनाको काम सन्तोषजनक देखिदैन । आयोजनाको साधन स्रोत परिचालन गर्ने क्षमता पनि एकदमै कमजोर देखिएको छ । आगामि दिनमा आयोजनाको कार्यान्वयन क्षमता निक्कै बढाउनु पर्ने देखिएको छ ।

### ८.९.२ सिफारिस :

आयोजनाको कार्यान्वय क्षमता बढाउनको लागि आवश्यक जनशक्ति र साधन स्रोत अवश्यकता अनुसार उपलब्ध गराउन आवश्यक भए पनि हाल अयोजनालाई यथावत संचालन गर्न मनासिव हुन्छ ।

### ८.९.३ निर्णय हुनु पर्ने व्यहोरा :

हाल केही नभएको ।

# अध्याय-९

# भौतिक पूर्वाधार

## ९.१ भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय

सडक, पुल, शहरी विकास, यातायात व्यवस्थापन र जनता आवास विधाको दायित्व भएको यो मन्त्रालय २०७५ सालमा स्थापना भएको हो । मन्त्रालयमा सचिवको नेतृत्वमा ३४ जना कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी संरचनामा अधिकृत २३, सहायक १ र सहयोगी १० दरबन्दी कायम गरिएको छ । मन्त्रालय अधिकृत प्रधान छ । यहाँ सहयोगी कर्मचारीको संख्या नभए बराबर छ । मन्त्रालयमा १२ जना प्राविधिकको दरबन्दी छ भने प्रशासनतर्फ ११ जनाको दरबन्दी छ । दरबन्दीको यो वितरण अनुसार अधिकृत र सहायकको अनुपात २३, प्राविधिक र प्रशासनिकको अनुपात १.०९ र अरु कर्मचारी र सहयोगीको अनुपात २.४ रहेको छ । मन्त्रालयमा कायम रहेका सबै दरबन्दी पूर्ति भएको छैन, खाली २५ पदमात्र पूर्ति भएको छ । पूर्तितर्फ अधिकृत १४, सहायक १ र सहयोगी १० पद पूर्ति भएको छ । यसरी मन्त्रालयमा रिक्त हुन आएका ९ पद सबै नै अधिकृत रहेको छ (विस्तृत विवरणको लागि तालिका - ९.१ हेर्नुहोस्) ।

विगत पाँच वर्षको अवधिमा मन्त्रालयको लागि चालुतर्फ ७४ करोड १ लाख (२३ प्रतिशत) र पूँजीगततर्फ २ अरव ४७ करोड ६४ लाख (७७ प्रतिशत ) गरी कुल ३ अरव २१ करोड ५६ लाख रकम विनियोजन गरिएको थियो । विनियोजनमा चालु र पूँजीगतको अनुपात ०.३० रहेको थियो । यो विनियोजनबाट मन्त्रालयले पाँच वर्षको अवधिमा विभिन्न गतिविधिको लागि चालुतर्फ १९ करोड २५ लाख (२६ प्रतिशत) र पूँजीगततर्फ ५५ करोड ३१ लाख (७४ प्रतिशत) गरी कुल ७४ करोड ५६ लाख रकम खर्च गरेको थियो । यो खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.२६ रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.२२ रहेको थियो । त्यसै गरी खर्च तर्फ चालु र पूँजीगत खर्चको अनुपात ०.३५ रहेको थियो । यस अवधिमा मन्त्रालयले विशेष गरी सडक, सडक पुल र झोलुङ्गे पुलको डीपीआर बनाउने, वातावरणीय असरको अध्ययन, कार्यालय भवन निर्माण एवं मर्मत सम्भार र समस्याग्रस्त आयोजनाको समस्या समाधान गर्ने जस्ता कार्यहरू गरेको थियो ( विस्तृत विवरणको लागि तालिका -९.१ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा मन्त्रालयको लागि ७ करोड ४९ लाख रकम विनियोजन गरिएको छ । यो रकममा चालुतर्फको हिस्सा ५ करोड ७९ लाख (७७ प्रतिशत) र पूँजीगततर्फको हिस्सा १ करोड ७० लाख (३३ प्रतिशत) रहेको छ । विनियोजनमा चालु र पूँजीगतको अनुपात ३.४१ रहेको छ । यो रकमबाट मन्त्रालयले अगाडिका वर्षहरूमा गरे जस्तै सडक, सडक पुल र झोलुङ्गे पुलको डीपीआर बनाउने, वातावरणीय असरको अध्ययन, कार्यालय भवन निर्माण र मर्मत सम्भार र समस्याग्रस्त आयोजनाको समस्या समाधान गर्ने जस्ता कार्यहरू गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -९.१ हेर्नुहोस्) ।

## तालिका - ९.१

## भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा) | १८ | |
| २. | कुल दरबन्दी | ३४ | |
| | अधिकृत | २३ | |
| | सहायक | १ | |
| | सहयोगी | १० | |
| | प्राविधिक | १२ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ११ | |
| | अधिकृत र सहायकको अनुपात | २३ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १.०९ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.४ | |
| | जम्मा पूर्ति दरबन्दी | २५ | |
| | अधिकृत | १४ | |
| | सहायक | १ | |
| | सहयोगी | १० | |
| | जम्मा रिक्त दरबन्दी | ९ | |
| | अधिकृत | ९ | |
| | सहायक | ० | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३२१५६०८ | |
| | चालु तर्फको विनियोजन | ७४०११८ | |
| | पूँजीगततर्फको विनियोजन | २४७६४९० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.३० | |
| | चालु खर्च | १९२५७४ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२६ | |

| | | | |
|---|---|---|---|
| | पूँजीगत खर्च | ५५३१६७ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.२२ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.३५ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | सडक, सडकपुल र झुलुङ्गे पुलको डि.पि.आर | |
| | २ | जिल्लामा निर्माण हुने बहुवर्षिय योजनाको वातावरणमा हुने असर वारे अध्ययन | |
| | ३ | जिल्लामा रहेका कार्यालयका भवन मर्मत तथा नयाँ निर्माण | |
| | ४ | समस्याग्रस्त योजनाको समस्या समाधान गर्न निर्देशन दिने | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७४९९३ | |
| | चालु विनियोजन | ५७९९३ | |
| | पूँजीगत विनियोजन | १७००० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.४१ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | सडक, सडकपुल र झुलुङ्गे पुलको डि.पि.आर | |
| | २ | जिल्लामा निर्माण हुने बहुवर्षिय योजनाको वातावरणमा हुने असर वारे अध्ययन | |
| | ३ | जिल्लामा रहेका कार्यालयका भवन मर्मत तथा नयाँ निर्माण | |
| | ४ | समस्याग्रस्त योजनाको समस्या समाधान गर्न निर्देशन दिने | |

स्रोत : भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयबाट प्राप्त विवरणको संश्लेषण गरिएको

### ९.१.१. विश्लेषण :

नीतिगत, समन्वयात्मक र सहजीकरण, तथा अनुगमन गर्ने दायित्व भएको यो मन्त्रालय विद्यमान दरबन्दीको हिसाबले भद्दा देखिन्छ। मन्त्रालयमा हाल ३ महाशाखा र ७ शाखा रहेको छ। त्यसै पनि हालसम्म करिब एक तिहाई पद र यस मध्ये पनि प्राविधिक पद रिक्त रहेबाट यसको पुष्टि हुन्छ। यातायात व्यवस्थापन प्रशासनिक क्षेत्रको काम भए पनि मन्त्रालय मूल

रूपमा प्राविधिक रहेको सन्दर्भमा प्रशासनिक कर्मचारीको संख्या धेरै देखिन्छ । सहायक कर्मचारीको १ मात्र दरबन्दी कुनै आधारमा औचित्यपूर्ण देखिदैन । त्यसै गरी कार्यालयमा सहयोगी र कर्मचारीको अनुपात पनि कम छ ।

### ९.१.२ सिफारिस :

मन्त्रालयलाई प्रविधिमा आधारित वबनाएर छरितो र अधिकृतमुखी संरचना बनाउन वाञ्छनीय हुन्छ । मन्त्रालयका महाशाखा र शाखाको संख्या सीमित गर्न तथा प्रशासनिक कर्मचारीको र कार्यालय सहयोगीको संख्या घटाउन उपयुक्त हुन्छ । मन्त्रालयको अभिलेख व्यवस्था सुदृढ गरी संस्थागत स्मरण राम्रो बनाउन एकीकृत अभिलेख केन्द्र स्थापना गरी संचालनमा ल्याउन मनासिव  हुन्छ ।

### ९.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) मन्त्रालयमा प्रविधिको प्रयोगलाई जोड दिई अधिकृतमुखी बनाउने,

(ख) मन्त्रालयमा सचिवको नेतृत्वमा प्रत्येक महाशाखा र शाखामा एक एक अधिकृत रहने गरी ७ अधिकृतस्तरको दरबन्दी कायम गर्ने,

(ग) मन्त्रालयमा प्रशासनिक अधिकृतको सख्या २ मा सीमित गर्ने,

(घ) मन्त्रालयको सबै महाशाखा र शाखाको अभिलेख व्यवस्थापनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ङ) अभिलेख व्यवस्थापन केद्रको लागि आवश्यक थप १ सहायक कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पुल दरबन्दीबाट ७ दिनभित्र सरुवा गर्ने,

(च) हाल मन्त्रालयमा रहेका १४ मध्ये ७ अधिकृत कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(छ) मन्त्रालयमा २ सवारी चालक र ३ सहयोगीको दरबन्दी कायम गरी बढी हुन आउने ५ सहयोगी दरबन्दी खारेज गर्ने,

(ज) रिक्त रहेका ९ अधिकृत दरबन्दी खारेज गर्ने,

(झ) उल्लेखित (छ) अनुसार सहयोगी दरबन्दी खारेज भएकोमा जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने गरी ५ जना सहयोगीलाई अवकास दिने,

(ञ) मन्त्रालयमा कायम रहने दरबन्दी अनुसार कर्मचारीको व्यवस्थापन र उल्लेखत (ङ) अनुसार पुलमा सार्ने कार्य मन्त्रालयले ७ दिन भित्र गर्ने ।

## ९.२ पूर्वाधार विकास निर्देशनालय

वि सं २०७५ मा प्रदेश सरकारको स्थापनासँगै स्थापित यो निर्देशनालयमा कुल २१ जना कर्मचारीको दरबन्दी रहेको छ। यो दरबन्दीमा अधिकृततर्फ ११, सहायकमा ५ र सहयोगी ५ गरी वितरण भएको छ । निर्देशनालयमा १३ जना प्राविधिक र ३ जना प्रशासनिक कर्मचारीको दरबन्दी रहेको छ । निर्देशनालय अधिकृतमूलक र प्राविधिक कर्मचारीको बाहुल्यता रहेको निकाय हो। यो संरचना अनुसार अधिकृत र सहायकको अनुपात २.२, प्रविधिक र प्रशासनिक कर्मचारीको अनुपात ४.३ र अरु कर्मचारी र सहयोगीको अनुपात ३.६ हुन आउँछ । निर्देशनालयमा दरबन्दी अनुसार पदपूर्ति हुन सकेको छैन। यहाँ खाली १३ पदमात्र पूर्ति भएको छ। यसरी पूर्ति भएको पदमा अधिकृत ४, सहायक ४ र सहयोगी ५ पद रहेको छ । निर्देशनालयमा ८ पद रिक्त रहेकोमा अधिकृततर्फका ७ र सहायकतर्फका १ पद रहेको छ.(विस्तृत विवरणको लागि तालिका - ९.२ हेर्नुहोस् ।

**तालिका - ९.२**

**पूर्वाधार विकास निर्देशनालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | |
| २. | कुल दरबन्दी | २१ | |
| | अधिकृत | ११ | |
| | सहायक | ५ | |
| | सहयोगी | ५ | |
| | प्राविधिक | १३ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ३ | |
| | अधिकृत र सहायकको अनुपात | २.२ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४.३ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.६ | |
| | जम्मा पूर्ति दरबन्दी | १३ | |
| | अधिकृत | ४ | |
| | सहायक | ४ | |
| | सहयोगी | ५ | |

| | | | |
|---|---|---|---|
| | जम्मा रिक्त दरबन्दी | ८ | |
| | अधिकृत | ७ | |
| | सहायक | १ | |
| | सहयोगी | | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | २३२६७०० | |
| | चालु तर्फको विनियोजन | ११५४६६ | |
| | पूँजीगततर्फको विनियोजन | २२११२४७ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १:०.०७३ | |
| | चालु खर्च | १०९१७ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.५० | |
| | पूँजीगत खर्च | १०६७६६४ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४८ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.७३ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | सडक पुलको अध्ययन गरी सम्झौता गरिएको | |
| | २ | २६ वटा सडक पुलको डि.पि.आर सम्पन्न | |
| | ३ | झुलुङ्गे पुल निर्माण कार्यको लागि आवश्यक उपकरणहरु खरिद गरि हस्तान्तरण गरिएको | |
| | ४ | सडक निर्माण दिशानिर्देश तयार गरि राय/सुझावका लागि सिफारिस | |
| | ५ | नवलपुर तथा लम्जुङ्गमा २ वटा पुल निर्माण सम्पन्न भएको | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ३९८८४४ | |
| | चालु विनियोजन | २३४४४ | |
| | पूँजीगत विनियोजन | ३७५४०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०६२ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |

| | | | |
|---|---|---|---|
| | १ | सडक निर्माण, मर्मत तथा स्तर उन्नतीका कार्यलाई तिव्रता दिने | |
| | २ | एक निर्वाचन क्षेत्र एक सडक र पुल नितीलाई अवलम्बन गर्ने | |
| | ३ | कार्य तिव्रताको लागि आवश्यक नीति निमार्ण गर्ने | |

स्रोत : भौतिक पूर्वाधार विकास निर्दशनालयबाट प्राप्त विवरणको संश्लेषण गरिएको ।

बितेको पाँच वर्षको अवधिमा निर्देशनालयको लागि चालुतर्फ ११ करोड ५४ लाख (५ प्रतिशत) र पूँजीगततर्फ २ अरव २१ करोड १२ लाख (९५ प्रतिशत) गरी कुल जम्मा २ अरव ३२ करोड ६७ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात ०.७३ रहेको थियो । यस मध्ये निर्देशनालयले चालुतर्फ १ करोड ९ लाख (१ प्रतिशत) र पूँजीगततर्फ १ अरव ६ करोड ७६ लाख (९९ प्रतिशत) गरी कुल १ अरव ७ करोड ८५ लाख रकम खर्च गरेको थियो । यसरी भएको खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.५० र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.४८ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.७३ रहेको थियो। यस अवधिमा निर्देशनालयले विशेष गरी सडक पुल संझौता, सडक पुलको डीपीआर, झोलुङ्गे पुलको उपकरण खरीद र हस्तान्तरण, पुल निर्माण र सडक निर्माण दिशानिर्देश तयार गर्ने जस्ता कार्यहरू सम्पादन गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ९.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा निर्देशनालयको लागि चालुतर्फ २ करोड ३४ लाख (६ प्रतिशत) र पूँजीगततर्फ ३७ करोड ५४ लाख (९४ प्रतिशत) गरी कुल ३९ करोड ८८ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.०६२ रहेका छ । यो रकमबाट निर्देशनालयले चालु वर्ष सडक निर्माण, मर्मत तथा स्तरोन्नतिलाई तिव्रता दिने, एक निर्वाचन क्षेत्र एक सडक र एक पुल नीति कार्यान्वयन गर्ने र कार्यान्वयनलाई तिव्रता दिने, नीति निर्माण गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका - ९.२ हेर्नुहोस्)।

### ९.२.१ विश्लेषण :

नीति निर्माण एवं निर्णय गर्ने मन्त्रालय र कार्यस्थलमा कार्यक्रम कार्यान्वयन गर्ने जिल्लास्तरका पूर्वाधार कार्यालय रहेको सन्दर्भमा बीचको तहको रूपमा रहेको निर्देशनालयको भूमिका औचित्यपूर्ण देखिदैन । पूर्वाधार कार्यालयहरूको कामको अनुगमन र सुपरीवेक्षण र समन्वय गर्ने प्रयोजनको लागि मात्र छुट्टै निकाय सान्दर्भिक पनि हुदैन । प्रदेशमा ११ जिल्ला रहेको र नीति तथा योजना आयोगकोसमेत उपस्थिति रहेकोले यो कार्य मन्त्रालय र नीति तथा योजना आयोगबाट गराउन सकिने हुन्छ । निर्देशनालको लागि स्वीकृत दरबन्दीको

आधामात्र जनशक्ति कार्यरत रहेको र यसमा पनि अधिकांश अधिकृत पद खाली रहेकोले पनि निर्देशनालयको कामको प्रभावकारिता पुष्टि हुदैन ।

### ९.२.२ सिफारिस :

कमजोर जनशक्तिको उपस्थिति र प्रभावकारी भूमिका निर्वाह गर्ने अवस्था पनि नरहेको पुष्ठभूमिमा अनुगमन, सुपरीवेक्षण र मूल्यांकनको काममा अरु निकायको सक्रियता बढाई निर्देशनालय खारेज गर्न उपयुक्त हुन्छ ।

### ९.२.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) पूर्वाधार विकास निर्देशनालय खारेज गर्ने,

(ख) जिल्लास्तरमा रहेका प्रदेश पूर्वाधार कार्यालय र मन्त्रालय मातहतका अन्य निकायको कामको अनुगमन र सुपरीवेक्षण कार्यमा मन्त्रालय र सुपरीवेक्षण र मूल्यांकनको काममा नीति तथा योजना आयोगको क्षमता थप गरी सक्रिय गराउने,

(ग) साबिक पूर्वाधार विकास निर्देशनालयबाट त्यहाँ कार्यरत २ प्राविधिक अधिकृत मन्त्रालयमा दरबन्दीसहित सरुवा गरी मन्त्रालयमा एक योजना तथा अनुगमन गर्ने प्रयोजनको लागि एक महाशाखा र एक शाखा स्थापना गरी संचालनमा ल्याउने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक पूर्वाधार विकास निर्देशनालयमा कार्यरत २ अधिकृत र ४ सहायक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ङ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक पूर्वाधार विकास निर्देशनालयमा रिक्त रहेका ७ अधिकृत र १ सहायकको दरवन्दी स्वतः खारेज हुने,

(च) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक पूर्वाधार विकास निर्देशनालयमा कार्यरत ५ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) साबिक पूर्वाधार विकास निर्देशनालयवाट उल्लेखित (ग) अनुसार मन्त्रालयमा र (घ) अनुसार पुल दरबन्दीमा सरुवा गर्ने र (च) अनुसार कार्यालय सहयोगीलाई अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक पूर्वाधार विकास निर्देशनालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

## ९.३ पूर्वाधार विकास कार्यालय

गण्डकी प्रदेशका सबै जिल्लामा पूर्वाधार विकास कार्यालय छन् । यी मध्ये पर्वत, म्याग्दी, लमजुङ, कास्की र नवलपुर गरी ५ जिल्लामा २०७५ सालमा र बाँकी ६ जिल्ला गोरखा, मुस्ताङ, मनाङ,

तनहुँ, बागलुङ र स्याङजामा २०७७ सालमा प्रदेश सरकारको निर्णयबाट स्थापना गरिएको थियो । यी कार्यालयको दरबन्दी संरचनामा एकरुपता छैन । यी कार्यालयहरूमा दरबन्दीको संख्या ११ देखि २४ सम्म वितरण भएको छ । दरबन्दी संरचनाभित्र अधिकृत १ देखि १२ सम्म, सहायक १ देखि १३ सम्म र सहयोगी २ देखि ४ सम्म वितरण भएको छ । प्राविधिक प्रकृतिको कार्यालय भएकोले यहाँ प्राविधिकहरूको बाहुल्यता रहेको छ, प्रशासनिक कर्मचारी न्यूनतम् संख्यामा मात्र छन् । प्राविधिक ६ देखि १५ सम्म वितरण भएको छ । प्रशासनिक कर्मचारीको संख्या २ देखि ६ सम्म रहेको छ । यी कार्यालयमा अधिकृत र सहायकको अनुपात ०.१४ देखि ४ सम्म, प्राविधिक र प्रशासनिकको अनुपात २.८ देखि ७.५ सम्म र कर्मचारी र सहयोगीको अनुपात २.३ देखि ५.३ सम्म रहेको छ (विस्तृत विवरणको लागि तालिका-९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

कार्यालयहरूमा पदपूर्तिको अवस्थामा पनि विविधता छ, ६ पददेखि १७ पदसम्म पूर्ति भएको देखिन्छ । पूर्ति पद मध्ये अधिकृततर्फ १ देखि ९ सम्म, सहायकमा पनि १ देखि ९ सम्म र सहयोगीमा २ देखि ४ पदसम्म पूर्ति भएको देखिन्छ । रिक्त पदतर्फ ३ देखि ११ वटासम्म पद रिक्त रहेको देखिन्छ । रिक्त पदमा अधिकृततर्फ १ देखि ६ पदसम्म, सहायकतर्फ १ देखि ५ पदसम्म र सहयोगी तर्फ पर्वतमा १ र मुस्ताङमा ३ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका- ९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि कुल ८५ करोड ८३ लाख देखि ६ अरव २४ करोड सम्म रकम विनियोजन गरिएको थियो । यस मध्ये चालुतर्फ ३ करोड ३४ लाख देखि ९ करोड ७० लाखसम्म र पूँजीगत ८२ करोड २४ लाखदेखि ४ अरव १२ करोड ५० लाखसम्म रकम विनियोजन गरिएको थियो । चालु विनियोजन र पूँजीगत विनियोजनको अनुपात ०.०१ देखि ०.०४ सम्म रहेको थियो । यस अवधिमा कार्यालयले ६१ करोड ६७ लाखदेखि ४ अरव १९ करोड ६४ लाखसम्म खर्च गरेका थिए । यसमा चालुतर्फको हिस्सा २ करोड १५ लाखदेखि ४ करोड ८५ लाखसम्म र पूँजीगततर्फको हिस्सा ५९ करोड ५२ लाखदेखि ४ अर्व १४ करोड ६९ लाखसम्म रहेको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.४७ देखि ०.७ सम्म रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.६३ देखि ०.८७ सम्म रहेको थियो । चालु खर्च र पूँजीगत खर्चको अनुपात भने ०.०१ देखि ०.३६ सम्म रहेको थियो । यो रकमबाट कार्यालयले विशेष गरी सडक निर्माण, सडक पुल निर्माण, झोलुङ्गे पुल निर्माण, सडक मर्मत र स्तर उन्नती, सडक पुल मर्मत र सरकारी भवन मर्मत सभार जस्ता कार्य संम्पन्न गरेका थिए (विस्तृत विवरणको लागि तालिका -९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा कार्यालयको लागि ५६ करोड २२ लाखदेखि १ अरव ९० लाखसम्म रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा चालुतर्फ १ करोड ६७ लाखदेखि १ करोड ९९ लाखसम्म र पूँजीगततर्फ २६ करोड २३ लाखदेखि १ अरव ८८ करोडसम्म रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.००८ देखि ०.०३ सम्म रहेको छ । यो रकमबाट कार्यालयले सडक निर्माण, सडक पुल निर्माण, झोलङ्गे पुल निर्माण, सडक मर्मत

र स्तर उन्नती, सडक पुल मर्मत र सरकारी भवन मर्मत सम्भार जस्ता कार्य सम्पन्न गर्ने लक्ष्य राखेका छन्  (विस्तृत विवरणको लागि तालिका -९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

**तालिका-९.३-१**

**पूर्वाधार विकास कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | गोरखा[३३] | पर्वत[३८] | मुस्ताङ्ग[३९] | म्याग्दी | स्याङ्जा[३८] | नवलपुर[३८] |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | २४ | १६ | ११ | १६ | २४ | उ न |
| | अधिकृत | ७ | १२ | ३ | ४ | १२ | उ न |
| | सहायक | १३ | १ | ६ | ९ | ८ | उ न |
| | सहयोगी | ४ | ३ | २ | ३ | ४ | उ न |
| | प्राविधिक | १५ | ११ | ६ | ११ | १४ | उ न |
| | प्रशासनिक लेखा समेत ( सहयोगी वाहेक) | ५ | २ | २ | २ | ५ | उ न |
| | अधिकृत र सहायकको अनुपात | ०.५३ | ४ | ०.५ | २.२५ | १.५ | उ न |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ५.५ | ३ | ५.५ | २.८ | उ न |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३।८ | ४।३ | ४।५ | ४।३ | ५ | उ न |
| | जम्मा पूर्ति दरबन्दी | १७ | १० | ६ | ११ | १७ | उ न |

33 विगत चार आर्थिक वर्षको आर्थिक विवरण प्राप्त ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत | ४ | ७ | २ | ३ | ० | उ न |
| | सहायक | ० | | १ | ७ | ४ | उ न |
| | सहयोगी | ४ | २ | ३ | ३ | ४ | उ न |
| | जम्मा रिक्त दरबन्दी | ० | ७ | ८ | ६ | ११ | उ न |
| | प्रविधिक | ३ | ६ | ३ | ६ | ६ | उ न |
| | अधिकृत | ३ | ६ | १ | ० | २ | उ न |
| | सहायक | ४ | १ | २ | ० | ४ | उ न |
| | सहयोगी | ० | १ | ३ | ० | ० | उ न |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ५२३५३१३ | उ न | ११५८१२५ | ३२००७३३ | ५३०६१३२ | ५६५२४५४ |
| | चालु तर्फको विनियोजन | ६५८७७ | उ न | ४३२०८ | ७७१४७ | ८१२२५ | ७७१८७ |
| | पूँजीगततर्फको विनियोजन | ५१६०४३६ | उ न | १११४८२७ | ३२२२५८६ | ५२२४९०७ | ५४६४६३७ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०. ०१ | उ न | ०. ०४ | | ०. ०२ | ०.०१४ |
| | चालु खर्च | ४२८४२ | उ न | २६२६५ | ४६८१८ | ४६०४० | १४२०९७ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६५ | | | | | |
| | पूँजीगत खर्च | | उ न | ०.६ | ०.६ ० | ०.५६ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ३८३४९३६ | उ न | ७७२७७९ | २०४५९८८ | ३९८६९३३ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.७४ | उ न | ०.७२ | ०.६३ | ०.७६ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | ०.०१ | उ न | ०.०३ | ०.०२२ | ०.०१ | उ न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | केही पुल निर्माण सम्पन्न भएको | | सडक निर्माण | | सडक तथा सडक पुल निर्माण तथा स्तरोन्नती | |
| | २ | कालो पत्र गर्न बाँकी सडकको कालो पत्र गरेको | | पुल निर्माण | सडक निर्माण | झुलुङ्गे पुल निर्माण | |
| | ३ | | | झुलुङ्गे पुल निमार्ण | पुल निमाण | सरकारी भवन मर्मत संभार | |
| | ४ | | | | सडक तथा पुल मर्मत | | |
| | ५ | | | | | | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १९०५४७६ | ८४३९५० | २७२५९३ | ६१५१४३ | १४००४२० | |
| | चालु विनियोजन | १६७ ०६ | १२५०० | १०२०० | १८००० | २००८६ | |
| | पूँजीगत विनियोजन | १८८८७७ ० | ८३१४५० | २६२३९३ | ५९७१४३ | १३८०३३४ | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.००८ | | ०.०१५ | ०.०३८ | ०.०३ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | ०. ०१४ | | | | |
| | १ | केही पुल निर्माण सम्पन्न गर्ने | | सडक निमाण | सडक निर्माण | सडक तथा सडक पुल निर्माण तथा स्तरोन्नती | |
| | २ | कालो पत्र गर्न बाँकी सडकको | | पुल निर्माण | पुल निर्माण | झुलुङ्गे पुल निर्माण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कालो पत्र गर्ने | | | | | |
| | ३ | | | झुलुङ्गे पुल निर्माण | सडक तथा पुल मर्मत गर्ने कार्य | सरकारी भवन मर्मत संभार | |

स्रोत : पूर्वाधार कार्यालयबाट प्राप्त विवरणको संश्लेषण गरिएको

विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि कुल ८५ करोड ८३ लाखदेखि ६ अरब २४ करोडसम्म रकम विनियोजन गरिएको थियो । यस मध्ये चालुतर्फ ३ करोड ३४ लाखदेखि ९ करोड ७० लाखसम्म र पूँजीगततर्फ ८२ करोड २४ लाख देखि ४ अरब १२ करोड ५० लाखसम्म रकम विनियोजन गरिएको थियो । चालु विनियोजन र पूँजीगत विनियोजनको अनुपात ०.०१ देखि ०.०४ सम्म रहेको थियो । यस अवधिमा कार्यालयले ६१ करोड ६७ लाखदेखि ४ अरब १९ करोड ६४ लाखसम्म खर्च गरेका थिए । यसमा चालुतर्फको हिस्सा २ करोड १५ लाख देखि ४ करोड ८५ लाखसम्म र पूँजीगततर्फको हिस्सा ५९ करोड ५२ लाखदेखि  ४ अरब १४ करोड ६९ लाखसम्म रहेको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.४७ देखि ०.७ सम्म रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.६३ देखि ०.८७ सम्म रहेको थियो । चालु खर्च र पूँजीगत खर्चको अनुपात भने ०.०१ देखि ०.३६ सम्म रहेको थियो । यो रकमबाट कार्यालयले विशेष गरी सडक निर्माण, सडक पुल निर्माण, झोलुङ्गे पुल निर्माण, सडक मर्मत र स्तर उन्नती, सडक पुल मर्मत र सरकारी भवन मर्मत सम्भार जस्ता कार्य सम्पन्न गरेका थिए (विस्तृत विवरणको लागि तालिका -९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

**तालिका-९.३-२**

**पूर्वाधार विकास कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| **क्र. सं.** | **विषय** | **मनाङ[34]** | **कास्की[35]** | **तनहुँ[36]** | **बागलुङ[घठ]** | **लम्जुङ** |
|---|---|---|---|---|---|---|
| १ | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |

34 विगत चार आर्थिक वर्षको आर्थिक विवरण प्राप्त ।

35 विगत वर्षमा भएको आर्थिक विवरण प्राप्त नभएको ।

36 विगत चार आर्थिक वर्षको आर्थिक विवरण प्राप्त ।

37 विगत चार आर्थिक वर्षको आर्थिक विवरण प्राप्त ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कुल दरबन्दी | ११ | १९ | १९ | १८ | २० |
| | अधिकृत | १ | ७ | ७ | ७ | ४ |
| | सहायक | ७ | ९ | ९ | ८ | १२ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ४ |
| | प्राविधिक | ६ | १५ | ८ | १३ | १० |
| | प्रशासनिक र लेखा समेत ( सण्हयोगी वाहेक) | २ | २ | २ | २ | ६ |
| | अधिकृत र सहायकको अनुपात | ०.१४ | ०.२८ | ०.७७ | ०.८७ | १.३ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ७.५ | ४ | ६.५ | १.६ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६ | ५.३ | ५.३ | ५ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | ६ | १५ | १३ | १२ | १३ |
| | अधिकृत | १ | ५ | ५ | ४ | ३ |
| | सहायक | २ | ७ | ५ | ५ | ६ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ४ |
| | जम्मा रिक्त दरबन्दी | ५ | ५ | ३ | ६ | ६ |
| | प्रविधिक | ४ | ५ | ३ | ६ | ४ |
| | अधिकृत | ) | ३ | २ | ३ | १ |
| | सहायक | ५ | २ | १ | ३ | ५ |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३ | विगत पाँच वर्षको कुल विनियोजन | ८५८३७३ | | ६२४७०१० | २२८०३८० | ४२२२१०४ |
| | चालु तर्फको विनियोजन | ३३४२९ | | ८४२०३ | ४९२६८ | ९७०६९ |
| | पूँजीगततर्फको विनियोजन | ८२४९४४ | | ६१६२८०७ | २८३१११२ | ४१२५०३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०४ | | ०.०१ | ०.०१७ | ०.०२ |
| | चालु खर्च | २१५०६ | | ४८५०० | ३२८०३८० | ४५९५३ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६४ | | ०.५७ | ०.७ | ०.४७ |
| | पूँजीगत खर्च | ५९५२६० | | ४१४७९२५ | २२०२०८८ | ३६०९६९३ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.७२ | | ०.६७ | ०.७७ | ०.८७ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०. ०३६ | | ०. ०१ | ०. ०१४ | ०. ०१ |
| ४ | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | उ. न | |
| | १ | सडक निर्माण | | सडक पुल निर्माण | | सडक तथा सडक पुल निर्माण तथा स्तरोन्नती |
| | २ | पुल निर्माण | | जनता आवास किस्ता वितरण | | झुलुङ्गे पुल निर्माण |
| | ३ | ट्र्याक निर्माण | | कृषि सडक अन्तर्गत आयोजना निर्माण | | सरकारी भवन मर्मत संभार |
| | ४ | | | | | आयोजनाको विस्तृत योजना |
| ५ | आ व २०८१/८२ | ५६२२९६ | १७८८५४८ | १४२१२०८ | ६८७३४७ | ६६५६४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | को कुल विनियोजन | | | | | |
| | चालु विनियोजन | १०११४ | १७१४८ | १९९२८ | १७६०० | १९९८६ |
| | पूँजीगत विनियोजन | ५५२१८२ | १७७१४०० | १४०१२८० | ६६९७४७ | ६४५६६० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०१८ | ०.०१ | ०.०१ | | |
| ६ | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | उ न | |
| | १ | | गुणस्तरिय पुर्वाधार निर्माण गर्ने | सडक पुल निर्माण | | सडक तथा सडक पुल निर्माण तथा स्तरोन्नती |
| | २ | पुल निर्माण | दिगो तथा उत्पादनशिल पुर्वाधार निर्माण | जनता आवास किस्ता वितरण | | झुलुङ्गे पुल निर्माण |
| | ३ | ट्र्याक निर्माण | | कृषि सडक अन्तर्गत आयोजना निर्माण | | सरकारी भवन मर्मत संभार |
| | ४ | | | | | आयोजनाको विस्तृत योजना |

स्रोत : पूर्वाधार कार्यालयहरूबाट प्राप्त विवरणको संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा कार्यालयको लागि ५६ करोड २२ लाखदेखि १ अरब ९० लाखसम्म रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा चालुतर्फ १ करोड ६७ लाखदेखि १ करोड ९९ लाखसम्म र पूँजीगततर्फ २६ करोड २३ लाखदेखि  १ अरब ८८ करोडसम्म रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.००८ देखि ०.०३ सम्म रहेको छ । यो रकमबाट कार्यालयले सडक निर्माण, सडक पुल निर्माण, झोलुङ्गे पुल निर्माण, सडक मर्मत र स्तर उन्नती, ट्र्याक निर्माण, सडक पुल मर्मत, कृषि सडकको आयोजना तयार गर्ने, जनता आवास किस्ता भुक्तानी र सरकारी भवन मर्मत सम्भार जस्ता कार्य सम्पन्न गर्ने लक्ष्य छन् भने

गुणस्तरीय र दिगो पूर्वाधार निर्माण गर्ने सोच रहेको छ (विस्तृत विवरणको लागि तालिका -९.३-१ र ९.३-२ हेर्नुहोस्) ।

### ९.३.१ विश्लेषण :

हालको पूर्वाधार कार्यालयले भवन, सडक, पुल,झोलुङ्गे पुल निर्माण र यी पूर्वाधारको संरक्षण र सम्भारको कार्य गरी आएका छन् । यस प्रयोजनको लागि निजी क्षेत्रलाई प्राविधिक सल्लाह र निर्माणका काममा संलग्न गराइएको छ । गण्डकी प्रदेश अन्तरगतका अरु जिल्लामा रहेका कार्यालयहरूवाट पनि पूर्वाधार निर्माणका काम भईरहेका छन् । विशेष गरी खानेपानी, सिंचाई, उर्जाको क्षेत्रमा समर्पित कार्यालयहरू नै छन् भने कतिपय कार्यालयले प्राविधिक जनशक्तिको अतिरिक्ति व्यवस्था गरी भौतिक पूर्वाधार निर्माण र सम्भारको काम गरी आएका छन् । यी कामको प्रकृति हेर्दा उच्चस्तरीय विशिष्टता आवश्यक पर्ने कामको संख्या एकदम कम छ । फेरि, यस्ता किसिमका ठूला कामको लागि आयोजना निर्माण गरेर विषेश व्यवस्था गर्न सकिने नै हुन्छ । हाल भईरहेका काम इन्जिनियरिङ विषय अध्ययन गरेका र केही हदसम्म कार्यानुभव भएका जनशक्तिबाट नै सम्पादन हुन सक्दछ । यस अवस्थामा प्रदेश सरकार मार्फत गरिने सम्पूर्ण भौतिक पूर्वाधार निर्माण र सम्भारको काम एकीकृत रूपमा एकै ठाउँबाट गराउन सक्दा प्रभावकारी र कम खर्चिलो पनि हुन्छ । त्यसकारण प्रदेश सरकार मातहत संचालन हुने सबै किसिका भौतिक पूर्वाधार निर्माण र सम्भारको कामको लागि जिल्लास्तरमा एक संरचना निर्माण गरी सोही निकायबाट सबै काम गराउने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

### ९.३.२ सिफारिस :

प्रदेश सरकार मातहत संचालन हुने सम्पूर्ण भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको कामको लागि पर्याप्त जनशक्ति सहितको एक संरचना निर्माण गरी हाल विद्यमान भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारको कार्य गर्ने सबै संरचना खारेज गर्न उपयुक्त हुन्छ ।

### ९.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) प्रदेश सरकार मार्फत संचालन हुने सम्पूर्ण भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्य एउटै संरचना मार्फत गराउन जिल्लाको कार्य क्षेत्र रहने गरी हाल जिल्लास्तरमा विद्यमान पूर्वाधार विकास कार्यालयलाई अतिरिक्त जनशक्ति सहित भौतिक पूर्वाधार निर्माण र सम्भार कार्यालयमा रुपान्तरण गर्ने,

(ख) जिल्लास्तरमा रहेका भौतिक पूर्वाधार निर्माण र सम्भारमा संलग्न ४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ८ जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, ३ खानेपानी जलस्रोत तथा सिंचाई विकास सव डिभिजन र १ भूमिगत जलस्रोत तथा सिचाई विकास कार्यालय गरी १६ संरचना प्रकरण ७.२.३, ७.३.३, ७.४.३ र ७.५.३ अनुसार खारेज भई सकेका हुने ।

(ग) उल्लेखित (क) अनुसार रुपान्तरण हुने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सिंचाई उपसमूहको १ इन्जिनियर र २ सव इन्जिनियर, खानेपानी उपसमूहको १ इन्जिनियर र २ सव इन्जिनियर, हाइवे उपसमूहको १ इन्जिनियर र २ सव इन्जिनियर, विल्डिङ/सिभिल उपसमूहको इन्जिनियर १ र २ सव इन्जिनियर, सिभिल उपसमूहको २ इन्जिनियर र ४ सव इन्जिनियर गरी कुल कार्यालय प्रमुखसहित ७ इन्जिनियर र १४ सव इन्जिनियर गरी प्राविधिकतर्फ २१ जनाको दरबन्दी कायम गर्ने,

(घ) नवलपुर जिल्ला कार्यक्षेत्र रहने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा सिभिल उपसमूहको २ इन्जिनियर र ४ सव इन्जिनियरको स्थानमा १ हाइड्रोलोजी/जियोलोजी उपसमूहको इन्जिनियर १, सिभिल उपसमूहको इन्जिनियर १ र ४ सव इन्जिनियरको दरबन्दी कायम गर्ने,

(ङ) उल्लेखित (क) अनुसार रुपान्तरण हुने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयको लागि अन्य जनशक्ति साबिक पूर्वाधार विकास कार्यालयको दरबन्दी अनुसार कायम गर्ने,

(च) उल्लेखित (ग) अनुसार प्राविधिकतर्फ कायम दरबन्दीमा प्रकरण ७.२.३, ७.३.३, ७.४.३ र ७.५.३ अनुसार सरुवा भई आएका इन्जिनियर र सव इन्जिनियरलाई उल्लेखित दरबन्दी अनुसार कायम गरी बाँकीमा साबिक पूर्वाधार विकास कार्यालयमा कार्यरत रहेकालाई कायम गर्ने र नपुग भएमा पुल दरबन्दीमा रहेका प्रविधिकबाट उपसमूह मिलाई सरुवा गरी दरबन्दी पूर्ति गर्ने,

(छ) उल्लेखित (च) अनुसार साबिक पूर्वाधार विकास कार्यालयवाट कायम भई बाँकी रहेका वा उपसमूह नमिलेका प्राविधिक कर्मचारीलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ज) उल्लेखित (क) अनुसार साबिक पूर्वाधार विकास कार्यालयलाई भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा रुपान्तरण गर्ने कार्य मन्त्रालयले ७ दिनभित्र सम्पन्न गर्ने,

(झ) उल्लेखित (च) अनुसार सरुवा भई आएका इन्जिनियर र सव इन्जिनियरहरूलाई उल्लेखित (क) अनुसार स्थापना भएको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा पदस्थापन गरी परिचालन गर्ने व्यवस्था मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (छ) अनुसार बढी हुन आएका कर्मचारीहरूलाई पुल दरबन्दीमा सरुवा गर्ने कार्य मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ट) उल्लेखित (च) अनुसार प्राविधिक कर्मचारी नपुग भएको अवस्थामा पुलबाट सरुवा गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्ने,

(ठ) उल्लेखित (क) अनुसार जिल्लाको कार्यक्षेत्र भएको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय स्थापना भएपछि साबिक भौतिक पूर्वाधार विकास कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खानेपानी जलस्रोत तथा सिंचाई विकास सव डिभिजन कार्यालय, भूमिगत जलस्रोत तथा सिंचाई विकास कार्यालय, पर्यटन तथा उद्योग कार्यालय र सामाजिक विकास कार्यालयबाट सम्पादन हुँदै आएको भौतिक निर्माणका सम्पूर्ण काम तत् जिल्लाको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा स्थानान्तरण गर्ने,

(ड) उल्लेखित (ठ) अनुसार स्थानान्तरण गर्ने काम मन्त्रालयले सम्बन्धित मन्त्रालयको समन्वयमा ७ दिन भित्र सम्पन्न गर्ने ।

### ९.४ यातायात व्यवस्था कार्यालयहरू

गण्डकी प्रदेश सरकार अन्तरगत ५ वटा यातायात व्यवस्था कार्यालय रहेका छन् । यस मध्ये तनहुँको कार्यालय प्रदेश सरकारले २०७७ सालमा स्थापना गरेको थियो भने बाँकी ४ कार्यालय संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो । कास्कीमा रहेका २ कार्यालय मध्ये एकले सवारी सम्बन्धी र अर्कोले सवारी चालक अनुमति पत्रसम्बन्धी मात्र काम गर्दछन् भने बाँकी तीन कार्यालयले सवारी र सवारी चालक अनुमति पत्रसम्बन्धी दुवै किसिमका काम गर्दछन् । यी कार्यालयको दरबन्दी व्यवस्थामा अन्तर ठूलो छ । यी कार्यालयमा कर्मचारी दरबन्दीका संख्या १५ देखि ३३ सम्म रहेको छ । यो संरचना भित्र अधिकृतको पद २ देखि २१ सम्म, सहायकको २ देखि १२ सम्म र सहयोगीको ३ देखि ५ सम्म रहेको छ । यी कार्यालयमा प्रशासनिक कर्मचारीको बाहुल्यता रहेको छ । यहाँ प्राविधिक कर्मचारीका संख्या १ देखि ३ जनासम्म र प्रशासनिकको संख्या ९ देखि २० सम्म रहेको छ । दरबन्दीको वितरण अनुसार अधिकृत र सहायकको अनुपात १.२ देखि ५.५ सम्म, प्राविधिक र प्रशासनिकको अनुपात ०.०७ देखि ०.३३ सम्म रहेको छ । त्यसै गरी अरु कर्मचारी र सहयोगीको अनुपात ३.५ देखि ५.६ सम्म रहेको छ । यी कार्यालयमा रहेको दरबन्दी सबैमा पदपूर्ति भएको छैन । यस्तो पदपूर्ति ९ देखि २३ सम्म छ । पूर्ति भएको पदमा अधिकृतको १ देखि १६ सम्म, सहायकको १ देखि ७ सम्म रहेको छ । सहयोगीको दरबन्दी भने सबै कार्यालयमा पूर्ति रहेको छ ( विस्तृत विवरणको लागि तालिका - ९.४ हेर्नुहोस्) ।

**तालिका-९.४**

**यातायात व्यवस्था कार्यालयहरूको संक्षिप्त विवरण**

(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | नवलपुर | कास्की (सवारी) | बागलुङ्ग[४२] | कास्की (चालक अनुमति पत्र) | तनहुँ[४२] |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | | | | | |
| २. | कुल दरबन्दी | १६ | २८ | १५ | ३३ | १८ |
| | अधिकृत | ११ | १७ | १० | २१ | २ |
| | सहायक | २ | ६ | २ | ७ | १२ |
| | सहयोगी | ३ | ५ | ३ | ५ | ४ |
| | प्राविधिक | ३ | ३ | २ | ३ | १ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ९ | २० | ११ | २५ | १३ |
| | अधिकृत र सहायकको अनुपात | ५.५ | १.२ | ५ | ३ | ).१६७ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.३३ | ०.१५ | १.५ | ०.१२ | ०.०७ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.३ | ४ | ४ | ५.६ | ३.५ |
| | जम्मा पूर्ति दरबन्दी | १४ | १९ | १० | २३ | १२ |
| | अधिकृत | ६ | १३ | ५ | १६ | १ |
| | सहायक | ५ | १ | २ | २ | ७ |
| | सहयोगी | ३ | ५ | ३ | ५ | ४ |
| | जम्मा रिक्त दरबन्दी | २ | १३ | ७ | १० | ६ |
| | अधिकृत | २ | ५ | ५ | ३ | १ |
| | सहायक | ० | ५ | ० | २ | ५ |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ९१०५६ | १८७७८५ | २२५०० | १५५६७२ | ४०८७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चालु तर्फको विनियोजन | ८४२७६ | १३४५०२ | १८५०० | १२७५८३ | ३८६७७ |
| | पूँजीगततर्फको विनियोजन | ६७८० | ५३२८३ | ४००० | ८०५० | २२०० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १२.४३ | २.५२ | ४.६२५ | १५.८४ | १७.५८ |
| | चालु खर्च | ५५०८० | ११३६७१ | १४२१९ | १२२९४९ | २९१० |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६५ | ०.८४ | ०.७६८ | ०.९६ | ०.०८ |
| | पूँजीगत खर्च | ५६६२ | ४(१२१ | २६८५ | ७६४६ | २१५८ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८३ | ०.९२ | ०.६७ | ०९५ | ०.९८ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ९.७२ | २.३१ | ५.२९ | १६ | ०.७५ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | १६ | २८ | १५ | ३३ | १८ |
| | १ | सवारी जाँचपास | सवारी जाँचपास | सवारी जाँचपास | अनुमति पत्रको परीक्षा संचालन | सवारी दर्ता कार्य |
| | २ | सवारी नविकरण | सवारी नविकरण | सवारी नविकरण | अनुमति पत्र वितरण | सवारी चालक अनुमति पत्र |
| | ३ | सवारी/वर्कशप/कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | सवारी/वर्कशप/कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | सवारी/वर्कशप/कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | अनुमति पत्र नवीकरण | सवारी/वर्कशप/कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण |
| | ४ | राजश्व संकलन | राजश्व संकलन | राजश्व संकलन | राजस्व संकलन | सवारी जाँचपास तथा रुट इजाजत |
| ५. | आ. व. २०८१/८२ को कुल विनियोजन | २०९३४ | ३००७४ | १९८३९ | ४४१५१ | १९१५९ |
| | चालु विनियोजन | १(५३४ | २८४७५ | १८३८९ | ४२६५२ | १७७५९ |
| | पूँजीगत विनियोजन | १४०० | १५९९ | १४५० | १४९९ | १४०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १३.९५ | १७.८० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | १२.६८ | २८.४५ | १म).)८ | |
| | १ | सवारी साधनको जाँचपास | सवारी साधनको जाँचपास | सवारी साधनको जाँचपास | परीक्षा संचालन | सवारी दर्ता कार्य |
| | २ | सवारी साधनको नविकरण | सवारी साधनको नविकरण | सवारी साधनको नविकरण | अनुमति पत्र वितरण | सवारी चालक अनुमति पत्र |
| | ३ | सवारी/वर्कशप/ कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | सवारी/वर्कशप/ कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | सवारी/वर्कशप/ कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण | अनुमति पत्र नवीकरण | सवारी/ वर्कशप/ कारखाना प्रशिक्षण केन्द्रको निरिक्षण |
| | ४ | राजश्व संकलन | राजश्व संकलन | राजश्व संकलन | राजस्व संकलन | सवारी जाँचपास तथा रुट इजाजत |

स्रोत : यातायात व्यवस्था कार्यालयबाट प्राप्त विववरण संश्लेषण गरिएको ।

बितेको पाँच वर्षमा यी कार्यालयको लागि ४ करोड ८ लाखदेखि १८ करोड ७७ लाखसम्म रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ३ करोड ८६ लाखदेखि १३ करोड ४५ लाखसम्म रहेको थियो भने पूँजीगततर्फ २२ लाखदेखि ५ करोड ३२ लाखसम्म रकम रहेको थियो । यो पाँच वर्षको अवधिमा यसबाट यी कार्यालयले कुल ५० लाख ६८ हजारदेखि १६ करोड २७ लाखसम्म रकम खर्च गरेका थिए । खर्चतर्फ चालु खर्चको हिस्सा २ करोड ९१ लाखदेखि ११ करोड ३६ लाखसम्म रहेको थियो भने पूँजीगतको हिस्सा २१ लाख ५८ हजारदेखि ४ करोड ५१ लाखसम्म रहेको थियो । यसरी खर्चिएको रकमबाट कार्यालयले मुख्य रूपमा सवारी दर्ता र जाँच पास, सवारी नवीकरण, चालक अनुमति पत्रको परीक्षा संचालन, अनुमति पत्र वितरण र नवीकरण, सवारी वर्कशप, कारखाना वा प्रशिक्षण केन्द्रको निरीक्षण अनुगमन, सवारीको रुट इजाजत र सवारी कर लगायतका राजस्व संकलनको कार्य गरेका थिए (विस्तृत विवरणको लागि तालिका -९.४ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा यी कार्यालयको लागि १ करोड ९१ लाखदेखि ४ करोड ४१ लाखसम्म रकम विनियोजन गरिएको छ। विनियोजनमा चालुतर्फ १ करोड ७७ लाख देखि ४ करोड २६ लाखसम्म र पूँजीगत १४ लाखदेखि १५ लाख ९९ हजारसम्म रहेको छ। यसरी विनियोजित रकमबाट कार्यालयले यस अगडिका वर्षमा जस्तै सवारी दर्ता र जाँच पास, सवारी नवीकरण, चालक अनुमति पत्रको

परीक्षा संचालन, अनुमति पत्र वितरण र नवीकरण, सवारी वर्कशप, कारखाना वा प्रशिक्षण केन्द्रको निरीक्षण अनुगमन, सवारीको रुट इजाजत र सवारी कर लगायतका राजस्व संकलनको कार्य गर्ने लक्ष्य लिएका छन् (विस्तृत विवरणको लागि तालिका -९.४ हेर्नुहोस्) ।

### ९.४.१ विश्लेषण :

प्रत्यक्ष सेवा प्रवाहमा संलग्न यातायात कार्यालयहरूमा १६ अधिकृत र १२ सहायकको दरबन्दी रिक्त रहेको छ । यस सन्दर्भमा भईरहेको संरचनालाई निर्धारित दरबन्दी अनुसार जनशक्ति आपूर्ति गरी निरन्तरता दिनुपर्ने देखिन्छ ।

### ९.४.२ सिफारिस :

यी संरचनामा रिक्त रहेका पदहरू पूर्ति गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

### ९.४.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) यातायात कार्यालयमा रिक्त रहका १६ अधिकृत र १२ सहायक पदमा पुलमा रहेकालाई सरुवा गरी पूर्ति गर्ने ।

(ख) उल्लेखित (क) अनुसार सरुवा गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १ महिनाभित्र सम्पन्न गर्ने ।

## ९.५ ग्रामिण सडक सञ्जाल सुधार आयोजना

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका ग्रामिण सडक सञ्जाल सुधार गर्ने उद्देश्यले यो आयोजना सुरु गरेको थियो । आयोजनामा कुल १२ जनाको दरबन्दी रहेको छ । यीमध्ये अधिकृत ६, सहायक १ र सहयेगी ५ दरबन्दी रहेको छ । आयोजनामा प्रशासनिक कर्मचारीको संख्या ३ र प्राविधिक कर्मचारीको संख्या ४ रहेको छ । यसरी आयोजनामा अधिकृत र सहायकको अनुपात ६, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात १.३३ र अरु कर्मचारी र सहयोगीको अनुपात १.४ रहेको छ । आयोजनाको लागि विनियोजित दरबन्दी मध्ये ९ पद पूर्ति भएको छ । पूर्तिमा अधिकृततर्फ ५, सहायकतर्फ १ र सहयोगीतर्फ ३ पद पूर्ति भएको देखिन्छ । रिक्त ३ पद मध्ये अधिकृत १ र सहयोगी २ रहेको छ (विस्तृत विवरणको लागि तालिका -९.५ हेर्नुहोस्) ।

## तालिका-९.५

## ग्रामिण सडक सञ्जाल सुधार आयोजनाको संक्षिप्त विवरण

## (आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ सम्म)

| कम | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | १२ | |
| | अधिकृत | ६ | |
| | सहायक | १ | |
| | सहयोगी | ५ | |
| | प्राविधिक | ४ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ३ | |
| | अधिकृत र सहायकको अनुपात | ६ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १.३३ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | १.४ | |
| | जम्मा पूर्ति दरबन्दी | ९ | |
| | अधिकृत | ५ | |
| | सहायक | १ | |
| | सहयोगी | ३ | |
| | जम्मा रिक्त दरबन्दी | ३ | |
| | प्रविधिक | १ | |
| | अधिकृत | १ | |
| | सहायक | | |
| | सहयोगी | २ | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ७१९९०० | |
| | चालु तर्फको विनियोजन | १९१०० | |
| | पूँजीगततर्फको विनियोजन | ७००८०० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०२७ | |
| | चालु खर्च | ५२४७ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२७ | |
| | पूँजीगत खर्च | ११८७०९ | |

| | | | |
|---|---|---|---|
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.१६ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०४ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | ३ सडकको ठेक्काको भएको | |
| | २ | १ सडकको बोलपत्र आह्वान भएको | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ८८०३७६ | |
| | चालु विनियोजन | २२९३६ | |
| | पूँजीगत विनियोजन | ८५७४५० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०२६ | |
| ६. | आ. व. २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | उल्लोख नभएको | |

स्रोत : ग्रामिण सडक सञ्जाल सुधार आयोजनाबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

वितेको दुई आर्थिक वर्षमा आयोजनाको लागि चालुतर्फ १ करोड ९१ लाख (२.६ प्रतिशत) र पूँजीगततर्फ ७० करोड ८ लाख (९७.४प्रतिशत) गरी कुल ७१ करोड ९९ लाख रकम विनियोजन गरिएको थियो । विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.०२७ रहेको थियो । यसरी विनियोजित रकम मध्ये आयोजनाले चालुतर्फ ५२ लाख ४७ हजार (४ प्रतिशत) र पूँजीगततर्फ ११ करोड ८७ लाख (९६ प्रतिशत) गरी कुल १२ करोड ३९ लाख रकम खर्च गरेको थियो । खर्चतर्फ चालु खर्च र विनियोजनको अनुपात ०.२७ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.१६ रहेको छ । यसै गरी चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.०४ रहेको छ । यो रकमबाट बितेको एक वर्षमा आयोजनाले ३ वटा सडकको ठेक्का लगाएको थियो भने १ वटा सडकको वोलपत्र आह्वान गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ९.५ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा आयोजनाको लागि ८८ करोड ३ लाख विनियोजन गरिएको छ । यो विनियोजनमा चालुतर्फ २ करोड २९ लाख (२.६ प्रतिशत) र पूँजीगततर्फ ८५ करोड ७४ लाख (९७.४ प्रतिशत) रहेको छ । आयोजनाको कामकारवाहीको सम्बन्धमा नीति तथा कार्यक्रममा केही उल्लेख नभएकोले यो रकम आयोजनाको नियमित काममा खर्च गरिने छ (विस्तृत विवरणको लागि तालिका -९.५ हेर्नुहोस्) ।

**९.५.१ विश्लेषण :**

आयोजनाको काममा प्रभावकारिता देखिदैन तर दाताको शर्तको रूपमा स्थापना गरिएको निकाय भएकोले हाल केही नगर्ने ।

### ९.५.२ सिफारिस :

हाल केही नगर्ने, यथावत रहन दिने ।

### ९.५.३ निर्णय हुनुपर्ने व्यहोरा :

नभएको ।

## ९.६ शहरी विकास तथा भवन कार्यालय

यो कार्यालय प्रदेश सरकार मातहत २०७५ सालमा स्थापना भएको हो । यो कार्यालयको कार्य क्षेत्र प्रदेशभर रहेको छ । यो कार्यालयमा १२ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ८, सहायक १ र सहयोगीको संख्या ३ रहेको छ । कार्यालयमा प्राविधिकको संख्या ४ र प्रशासनिक कर्मचारीको संख्या ५ रहेको छ । यो दरबन्दी संरचना अनुसार अधिकृत र सहायकको अनुपात ८, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३ र अरु कर्मचारी र सहयोगीको अनुपात २.६६ रहको देखिन्छ । कार्यालयमा स्वीकृत १२ मध्ये ७ पद पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा अधिकृत ४ र सहयोगी ३ पद रहेको छ । रिक्त रहेका ५ पदमा अधिकृत ४ र सहायकको १ पद रहेको छ (विस्तृत विवरणको लागि तालिका-९.६ हेर्नुहोस्)।

**तालिका - ९.६**

**शहरी विकास तथा भवन कार्यालयको संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७९/८० देखि २०८१/८२ सम्म)**

| **कम** | **विषय** | | **कैफियत** |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | १२ | |
| | अधिकृत | ८ | |
| | सहायक | १ | |
| | सहयोगी | ३ | |
| | प्राविधिक | ६ | |
| | प्रशासनिक र लेखा समेत ( सहयोगी वाहेक) | २ | |
| | अधिकृत र सहायकको अनुपात | ८ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | |

| | | | |
|---|---|---|---|
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.६६ | |
| | जम्मा पूर्ति दरबन्दी | ७ | |
| | अधिकृत | ४ | |
| | सहायक | ० | |
| | सहयोगी | ३ | |
| | जम्मा रिक्त दरबन्दी | ५ | |
| | अधिकृत | ४ | |
| | सहायक | १ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १७८०५५० | |
| | चालु तर्फको विनियोजन | ५६३२८ | |
| | पूँजीगततर्फको विनियोजन | १७२४२२२ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.०३ | |
| | चालु खर्च | ४१३३४ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७३ | |
| | पूँजीगत खर्च | १००७७६५ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.५८ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.०४ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | सरकारी तथा सार्वजनिक भवन निर्माण तथा मर्मत | |
| | २ | सरकारी कार्यालयलाई प्राविधिक सहयोग | |
| | ३ | सहरी सडक निर्माण सुरु | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | | |
| | चालु विनियोजन | ११००० | |
| | पूँजीगत विनियोजन | २६९००० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.०४ | |

| | | | |
|---|---|---|---|
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | ११००० | |
| | १ | सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत | |
| | २ | सरकारी कार्यालयहरूलाई प्राविधिक सहयोग | |

स्रोत : शहरी विकास तथा भवन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षमा कार्यालयको लागि १ अर्ब ७८ करोड ५ लाख रकम विनियोजन गरिएको थियो । यसरी विनियोजित रकममा चालु ५ करोड ६३ लाख (३.१६ प्रतिशत) र पूँजीगत १ अरव ७२ करोड (९६.८३ प्रतिशत) रहेको थियो । विनियोजित रकममा चालु र पूँजीगत विनियोजनको अनुपात ०.०३ रहेको थियो । कार्यालयले यस अवधिमा विनियोजिन रकमबाट चालुतर्फ ४ करोड १३ लाख ( २९ प्रतिशत) र पूँजीगततर्फ १ अरव ७ लाख (७१ प्रतिशत) गरी कुल १ अरव ४२ करोड रकम खर्च गरेको थियो । यो खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.७३ तथा पूँजीगत खर्च र पूँजीगत विनियोजनको अनुपात ०.५८ रहेको थियो । साथै, चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.०४ रहेको थियो । यसरी खर्च भएको रकमबाट कार्यालयले विशेष गरी सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार, सरकारी कार्यालयहरूलाई प्राविधिक सहयोग र शहरी सडक निर्माणको काम सुरु गर्ने जस्ता कामहरू गरेको थियो (विस्तृत विवरणको लागि तालिका-९.६ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा कार्यालयको लागि २८ करोड रकम विनियोजन गरिएको छ । यो विनियोजित रकममा चालुतर्फ १ करोड १० लाख (४ प्रतिशत) र पूँजीगततर्फ २६ करोड ९० लाख (९६ प्रतिशत) रहेको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.०४ रहेको छ । यो रकमबाट कार्यालयले चालु आर्थिक वर्षमा सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार, सरकारी कार्यालयहरूलाई प्राविधिक सहयोगको काम गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका-९.६ हेर्नुहोस्)।

### ९.६.१ विश्लेषण :

प्रकरण ९.३.३ मा जिल्लाको कार्य क्षेत्र रहने गरी सम्पूर्ण भौतिक पूर्वाधार निर्माण र सम्भारको लागि एकीकृत कार्यालयको रूपमा भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय रहने र यो कार्यालयमा भवन निर्माण सम्बन्धी इन्जिनियर र सव इन्जिनियरहरू रहने भएकोले यो संरचना अब सान्दर्भिक नभएकोले हटाउन उपयुक्त हुने ।

### ९.६.२ सिफारिस :

कास्की जिल्लामा रहेको शहरी विकास तथा भवन कार्यालयको सान्दर्भिकता नयाँ बन्ने संरचनाको सन्दर्भमा समाप्त हुने भएकोले यो कार्यालय खारेज गर्न उपयुक्त हुन्छ । हाल

यसले संचालन गरी आएको कामलाई कास्की जिल्ला कार्य क्षेत्र भएको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा स्थानान्तरण गर्दा काममा अवरोध आउने अवस्था पनि रहदैन ।

**९.६.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) कास्की जिल्लामा रहेको शहरी विकास तथा भवन कार्यालय खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार गर्दा साबिक शहरी विकास तथा भवन कार्यालयबाट हाल संचालनमा रहेको सबै काम कास्की जिल्ला कार्य क्षेत्र रहने गरी स्थापना गरिने भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयमा स्थानान्तरण गर्ने,

(ग) उल्लेखित (क) अनुसार खारेज भएको साबिक शहरी विकास तथा भवन कार्यालयमा कार्यरत ४ अधिकृतलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक शहरी विकास तथा भवन कार्यालयमा रिक्त रहेका ४ अधिकृत र १ सहायकको पद स्वतः खारेज हुने,

(ङ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक शहरी विकास तथा भवन कार्यालयमा कार्यरत ३ कार्यालय सहयोगीलाई अवकास दिने,

(ङ) उल्लेखित (ख) अनुसार स्थानान्तर गर्ने, (ग) अनुसार पुलमा सरुवा गर्ने र (ङ) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(च) उल्लेखित (क) अनुसार खारेज भएको साबिक शहरी विकास तथा भवन कार्यालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अध्याय-१०

# वन तथा वातावरण

## १०.१ वन तथा वातावरण मन्त्रालय

प्रदेश स्थापनासँगै अस्तित्वमा आएको यो मन्त्रालयमा प्रदेश सचिवको नेतृत्वमा ३४ जना विभिन्न विधाका कर्मचारी दरबन्दीको व्यवस्था रहेको मा ६ दरबन्दी रिक्त रहेको देखिन्छ । यो मन्त्रालय अधिकृत प्रधान छ । यहाँ ३.५ अधिकृतको लागि १ जना सहायक कर्मचारीको दरबन्दी रहेको छ । त्यसै गरी यो मन्त्रालयमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ। प्रविधिक ४ कर्मचारीको लागि १ प्रशासनिक कर्मचारीको दरबन्दी रहेको छ। कार्यालयमा ठूलो संख्यामा सहयोगी कर्मचारीहरूको उपस्थिति रहेको छ । मन्त्रालयका अरु कर्मचारी र सहयोगीको अनुपात २.४ अर्थात प्रत्येक २.४ कर्मचारीको लागि १ जना सहयोगी कर्मचारीको दरबन्दी रहेको छ। अधिकृततर्फ १४ दरबन्दी मध्ये १३ जना पूर्ति रही १ पदमात्र रिक्त छ भने सहायकतर्फ ५ पद रिक्त रहेको छ। सहयोगी कर्मचारीको सबै दरबन्दी पूर्ति रहेको छ (विस्तृत विवरणको लागि तालिका - १०.१ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा मन्त्रालयको लागि ६९ करोड ३१ लाख रकम विनियोजन गरिएकोमा चालुतर्फ ४९ करोड ६५ लाख (७२ प्रतिशत) र पूँजीगततर्फ १९ करोड ६५ लाख (२८ प्रतिशत) रहेको थियो । यसरी विनियोजन भएको रकम मध्ये उक्त अवधिमा मन्त्रालयले आफ्नो जिम्मेवारी अन्तरगतको कार्यसम्पादन गर्न कुल २३ करोड ३१ लाख खर्च गरेकोमा चालुतर्फ १७ करोड ९२ लाख (७६ प्रतिशत) र पूँजीगततर्फ ५ करोड ३९ लाख (२४ प्रतिशत) रहेको थियो । यस अवधिमा विनियोजनको तुलनामा चालुतर्फ ३६ प्रतिशत र पूँजीगततर्फ २७ प्रतिशत खर्च भएको थियो । यो रकमबाट मन्त्रालयले विशेष गरी शहरी, राष्ट्रिय र सामुदायिक वन विकास कार्यकम, पन्चासे संरक्षण क्षेत्र व्यवस्थापन, जडिबुटी र गैरकाष्ठ वनपैदावार खेती विकास र विस्तार, वन क्षेत्रका चुनौति व्यवस्थापन, विपद जोखिम न्यूनीकरण र प्रकोप व्यवस्थापनका कार्यहरू गरेको थियो (विस्तृत विवरणको लागि तालिका - १०.१ हेर्नुहोस्)।

यस आर्थिक वर्षमा मन्त्रालयको लागि ५ करोड २३ लाख बजेट विनियोजन गरिएकोमा चालुतर्फ ४ करोड ९३ लाख (९४ प्रतिशत) र पूँजीगततर्फ ३० लाख (६ प्रतिशत) छुट्याइएको थियो । यो रकमबाट मन्त्रालयको लागि वन क्षेत्र व्यवस्थापन गरी आय आर्जनसँग जोडने, एक सामुदायिक वन, एक पोखरी कार्यकम, डढेलो न्यूनीकरण, प्रदूषणका तत्व कम गरी हरियाली प्रवर्धन गर्ने र वातावरणीय कार्यक्रम संचालन गर्ने विषय प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ( विस्तृत विवरणको लागि तालिका - १०.१ हेर्नुहोस्) ।

## तालिका - १०.१

## वन तथा वातावरण मन्त्रालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ३४ | |
| | अधिकृत | १४ | |
| | सहायक | १० | |
| | सहयोगी | १० | |
| | प्राविधिक | ६ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ६ | |
| | अधिकृत र सहायकको अनुपात | ३.५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.४ | |
| | जम्मा पूर्ति दरबन्दी | २८ | |
| | अधिकृत | १३ | |
| | सहायक | ४ | |
| | सहयोगी | १० | |
| | जम्मा रिक्त दरबन्दी | ६ | |
| | अधिकृत | १ | |
| | सहायक | ५ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ६९३१५६ | |
| | चालुतर्फको विनियोजन | ४९६५६६ | |
| | पूँजीगततर्फको विनियोजन | १९६५९० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | २.५२५८ | |
| | चालु खर्च | १७९२०३ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.३६०८ | |
| | पूँजीगत खर्च | ५३९४० | |

| | | | |
|---|---|---|---|
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.२७४३ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.३२२२ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | शहरी, राष्ट्रिय र सामुदायिक वन विकास कार्यक्रम | |
| | २ | पञ्चासे संरक्षण क्षेत्र व्यवस्थापन | |
| | ३ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार खेती विकास र विस्तार | |
| | ४ | वन क्षेत्रका चुनौति व्यवस्थापन | |
| | ५ | विपद् जोखिम न्यूनीकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ५२३०५ | |
| | चालु विनियोजन | ४९३०५ | |
| | पूँजीगत विनियोजन | ३००० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १६.४३५ | |
| ६. | यस आ को प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | वन क्षेत्र व्यवस्थापन गरी आयआर्जनसँग जोड्ने | |
| | २ | एक सामुदायिक वन एक पोखरी कार्यक्रम | |
| | ३ | डढेलो न्यूनीकरण | |
| | ४ | प्रदूषक तत्व कम गरी हरियाली प्रवर्धन कार्यक्रम | |
| | ५ | वातावरणीय कार्यक्रम संचालन | |

स्रोत : वन तथा वातावरण मान्त्रालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

**१०.१.१ विश्लेषण :**

नीतिगत कार्य गर्ने, आफै कार्यान्वयनस्तरको काम नगर्ने मन्त्रालयमा अधिकृत र सहायक कर्मचारी दुबैको संख्या धेरै छ । त्यसै गरी कर्मचारीको अनुपातमा सहयोगीको संख्या पनि

अत्यधिक छ । मन्त्रालयमा शाखाको संख्या पनि धेरै देखिन्छ । मन्त्रालयको खर्च गर्न सक्ने क्षमता भने सीमित छ । छुट्याइएको रकमको थोरै हिस्सा मात्र खर्च भएको छ । यस अर्थमा मन्त्रालयको वर्तमानको संरचना भद्दा र कम प्रभावकारी देखिएको छ ।

**१०.१.२ सिफारिस :**

नीतिगत, समवन्यात्मक, अनुगमन र सहजीकरणको काम गर्ने मन्त्रालयलाई प्रविधिमा आधारित बनाएर आधिकृतमुखी र छरितो बनाउन उपयुक्त हुन्छ । त्यसै गरी एक महाशाखा अन्तर्गत एक शाखा मात्र राख्ने र महाशाखा वा शाखामा एक  एक अधिकृत मात्र रख्न उपयुक्त हुन्छ । मन्त्रालयको अभिलेखन प्रणालीलाई सुदृढ गरी संस्थागत स्मरण बलियो बनाउन सवै महाशाखा र शाखाको साझा रहने गरी एकीकृत अभिलेख व्यवस्थापन केन्द्र स्थापना गर्न उपयुक्त हुन्छ । अत्यधिक देखिएको सहयोगीको संख्यालाई घटाउन उपयुक्त हुन्छ ।

**१०.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने,

.ख) मन्त्रालयमा सचिवको नेतृत्वमा तीन महाशाखा र तीन शाखा मात्र कायम गरी जम्मा ७ अधिकृत दरबन्दी कायम गर्ने ,

(ग) मन्त्रालयमा प्रशासनिक कर्मचारीको संख्या ३ अधिकृत मात्र कायम गरी बाँकी ३ जनालाई पुल दरबन्दीमा सरुवा गर्ने ,

(घ) सबै महाशाखा र शाखाको प्रयोजनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ङ) उल्लेखित (ख) र (ग) अनुसार गर्दा बढी हुन आउने ६ अधिकृत र २ सहायकलाई पुलमा सरुवा  गर्ने,

(च) मन्त्रालयमा रिक्त रहेका १ अधिकृत र ५ सहायकको दरबन्दी खारेज गर्ने,

(छ) सवारी चालक २ र अन्य सहयोगी ३ जनाको दरबन्दी कायम गरी बाँकी ५ सहयोगीको दरबन्दी खारेज गर्ने,

(ज) दरबन्दी खारेजमा परेका सहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने नीति अनुसार ५ जना सहयोगीलाई अवकास दिने ,

(झ) उल्लेख भए अनुसार मन्त्रालयमा रहने र पुलमा सरुवा हुने गरी कर्मचारीको व्यवस्थापन ७ दिन भित्र मन्त्रालयले गर्ने ।

## १०.२ वन निर्देशनालय र वन अनुसन्धान तालिम केन्द्र

### १०.२.१ वन निर्देशनालय

प्रदेश सरकार स्थापनासँगै संघीय सरकारबाट २०७५ सालमा हस्तान्तरण भई आएको संरचना मध्येको एक हो वन निर्देशनालय । यो निर्देशनालयमा २९ जनाको दरबन्दी रहेकोमा अधिकृत ११ सहायक १२ र सहयोगी ६ जनाको दरबन्दी रहेको छ । दरबन्दी संरचनातर्फ विचार गर्दा अधिकृत र सहायकको अनुपात ०.९१ अर्थात अधिकृत एक जनाको लागि सहायक कर्मचारी एकभन्दा बढी पर्न आउने देखिन्छ । कार्यलयमा प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात २.८३ अर्थात २ जना प्राविधिक कर्मचारीमा १ जनाभन्दा कम मात्र प्रशासनिक कर्मचारी भएको देखिन्छ । कार्यालयका अरु कर्मचारी र सहयोगी कर्मचारीको अवस्था हेर्दा करिब ५ कर्मचारीको लागि १ कार्यालय सहयोगी पर्न आउछ । पदपूर्तितर्फ विचार गर्दा अधिकृततर्फ १० जना (९० प्रतिशत), सहायकतर्फ ८ जना (६६ प्रतिशत) र सहयोगीतर्फ १०० प्रतिशत पूर्ति भएको देखिन्छ । कार्यालयमा हाल ५ दरबन्दी रिक्त रहेकोमा अधिकृततर्फ १ र सहायकतर्फ पद ४ रिक्त रहेको छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - १०.२) ।

गत पाँच आर्थिक वर्षमा कार्यालयको लागि २० करोड ३५ लाख विनियोजन भएकोमा चालुतर्फ १४ करोड ८७ लाख (७३ प्रतिशत) र पूँजीगततर्फ ५ करोड ४७ लाख (२७ प्रतिशत) विनियोजन भएको थियो । विनियोजनमा चालु खर्चको हिस्सा पूँजीगतको भन्दा तेब्बर जस्तै रहेको थियो । यसरी विनियोजन भएको रकम मध्ये आफनो जिम्मेवारी अन्तरगतका कार्य गर्न चालुतर्फ १० करोड ९० लाख (७९ प्रतिशत) र पूँजीगततर्फ २ करोड ८६ लाख (२१ प्रतिशत) गरी जम्मा  १३ करोड ७६ लाख खर्च भएको थियो । विनियोजनको तुलनामा चालुतर्फ ७३ प्रतिशत र पूँजीगततर्फ ५२ प्रतिशत मात्र खर्च भएको थियो । खर्चको संरचना नियाल्दा पनि चालुतर्फ बढी खर्च भएको र पूँजीगततर्फ विनियोजनको खाली आधाआधी मात्र खर्च भएको देखिन्छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - १०.२) ।

विगत पाँच वर्षमा कार्यालयको उपलब्धि नियाल्दा ५ पटक योजना तर्जुमा तथा योजना तर्जुमा गोष्ठी भएको, पञ्चासे वन क्षेत्रको संरक्षणको लागि भौतिक पूर्वाधार निर्माण गरिएको, विकास आयोजनाहरूले ओगटेको वन क्षेत्र र वन्य जन्तुले पुऱ्याएको क्षतिको अनुगमन गरिएको, भू तथा जलाधार व्यवस्थापनको कार्य तथा कटान भएका रुखमा टाँचा लगाउने काम गरिएको देखिन्छ । चालु आर्थिक वर्षको लागि कार्यालयको निम्ती चालुतर्फ ४ करोड ७५ लाख (८९ प्रतिशत) र पूँजीगततर्फ ५७ लाख (११ प्रतिशत) गरी ५ करोड ३२ लाख विनियोजन गरिएको छ । यसबाट कार्यालयले वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने, वन र आय आर्जन वृद्धि गर्ने, एक वन एक पोखरीको नीति कार्यान्वयन गर्ने र वायो

इन्जिनियरिङ प्रविधिको विकास गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - १०.२) ।

**१०.२.१.१ विश्लेषण** :

कार्यालयमा विद्यामान जनशक्ति नियाल्दा कार्यालयमा अझै पनि ठूलो संख्यामा काम गर्ने जनशक्तिको पदपूर्ति हुन नसकेको, प्राविधिक जनशक्तिको बाहुल्यता रहेको, अधिकृतको संख्या धेरै रहेको, सहयोगी कर्मचारी र अन्य कार्मचारीको अनुपात बढी रहेको देखिन्छ । साधन स्रोतको उपयोगमा भने कार्यालयको अधिकांश विनियोजन चालुतर्फ भएको पूँजीगततर्फको विनियोज कम र घटदै गएको अवस्था रहेको देखिन्छ । कार्यालयको विनियोजित रकम खर्च गर्ने क्षमता पनि चालुतर्फ धेरै र पूँजीगततर्फ अत्यन्त न्यून रहेको देखिन्छ । कार्यालयको खर्चको संरचना र कामलाई नियाल्दा कार्यालयको अधिकांश खर्च कार्यालय संचालनमा लागेको र पूँजी निर्माणमा खासै खर्च हुन सकेको देखिदैन । कार्यालयको प्रमुख काम भनेको समन्वय र अनुगमन गर्ने जस्तो मात्र देखिन्छ । ठूलो परिमाणको प्राविधिक जनशक्तिको परिचालन प्रभावकारी हुन नसकी साधन स्रोतको क्षति भईरहेको अवस्था देखिन्छ ।

**१०.२.१.२ सिफारिस :**

नीति निर्माण गर्ने मन्त्रालय र कार्यान्वयन गर्ने डिभिजन र सव डिभिजन कार्यालयहरू भएको अवस्थामा र अनुगमन, समन्वय र सहजीकरण गर्नु पर्ने ११ जिल्ला मात्र रहेको सन्दर्भमा मन्त्रालय र फिल्ड तहका संरचना बीच दोश्रो तहको संरचना सान्दर्भिक देखिदैन । यो निकायवाट भईआएको अनुगमन, समन्वय र सहजीकरणको कार्य नीति र योजना आयोग तथा मन्त्रालयवाट गर्ने व्यवस्था मिलाई यो निर्देशनालयलाई खारेज गर्न उपयुक्त हुन्छ ।

**१०.२.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) वन निर्देशनालय खारेज गर्ने ।

(ख) वन निर्देशानालयवबाट हुदै आएको अनुगमन र सुपरीवेक्षणको कार्य मन्त्रालयबाट र सुपरीवेक्षण र मूल्यांकनको कार्य नीति तथा योजना आयोगवाट गर्ने व्यवस्था मिलाउने,

(ग) मन्त्रालयको अनुगमन र सुपरीवेक्षण सम्बन्धी क्षमता बढाउन मन्त्रालयमा अर्को एक महाशाखा र शाखा थप गरी वन निर्देशनालयमा रहेका २ अधिकृतलाई थपिएको महाशाखा र शाखामा सरुवा गर्ने,

(घ) उल्लेखित (ग) अनुसार सरुवा गरेपछि वन निर्देशानालयमा कार्यरत रहेका ८ अधिकृत र ८ सहायकलाई पुलमा सरुवा गर्ने,

(ङ) वन निर्देशनालयमा रिक्त रहेका १ अधिकृत र १ सहायक दरबन्दी खारेज गर्ने,

(च) वन निर्देशनालय खारेज भएपछि त्यहाँ रहेका ५ सहयोगी कर्मचारीलाई अवकास दिने,

(छ) उल्लेखित (ग) र (घ) अनुसार कर्मचारी व्यवस्थापनको कार्य वन मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएको साबिक वन निर्देशनालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

### १०.२.२ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

वि.सं २०७५ सालमा स्थापित यो संरचनामा कुल १० जना जनशक्तिको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ३, सहायक ४ र सहयोगीको संख्या ३ रहेको छ । केन्द्रमा अधिकृतभन्दा सहायक कर्मचारीको संख्या बढी छ । यस्तो अनुपात ०.७५ रहेको छ । यहाँ प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ । प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात २.२५ रहेको छ । संख्यात्मक हिसाबले यहाँ प्रत्येक करिब ३ अन्य कर्मचारीको लागि १ जना सहयोगी कर्मचारीको दरबन्दी रहेको छ । पदपूर्तितर्फ नियाल्दा अधिकृत ३ मध्ये २, सहायक ४ मध्ये ३ र सहयोगी ३ मध्ये २ पद पूर्ति भएको देखिन्छ । अधिकृत १, सहायक १ र सहयोगी १ गरी ३ कर्मचारी दरबन्दी रिक्त रहेको देखिन्छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका -१०.२) ।

वितेको पाँच आर्थिक वर्षमा केन्द्रको लागि चालुतर्फ ८ करोड २५ लाख (८१ प्रतिशत) र पूँजीगततर्फ १ करोड ८२ लाख (१९ प्रतिशत) गरी  कुल १० करोड ८ लाख रकम विनियोजन गरिएको थियो । यसरी विनियोजन गरिएको रकम मध्ये केन्द्रबाट संचालित गतिविधिमा चालुतर्फ ७ करोड ७ लाख (८० प्रतिशत) र पूँजीगततर्फ १ करोड ७६ लाख (२० प्रतिशत) गरी कुल ८ करोड ८३ लाख खर्च भएको देखिन्छ । विनियोजनको तुलनामा चालुतर्फ विनियोजनको ७३ प्रतिशत खर्च भएको थियो भने पूँजीगततर्फ ५२ प्रतिशत मात्र खर्च हुन सकेको थियो । यो खर्चबाट केन्द्रले बितेको पाँच वर्षको अवधिमा विशेष गरी विभिन्न ११ अध्ययन अनुसन्धान र विभिन्न १२ किसिमका तालिमहरू संचालन गरेको थियो (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका १०.२) ।

चालु आर्थिक वर्षको लागि केन्द्रबाट मर्स्याङ्दी, काली गण्डकी सेती र मादी जलाधार क्षेत्रलाई औद्योगिक कोरिडोरको रूपमा विकास गर्नको लागि सम्भाव्यता अध्ययन गर्ने, वातावरणीय अध्ययन प्रक्रियालाई सरलीकरण गर्ने तथा तथ्यांक संकलन र जैविक विविधता प्रोफाइल तयार गर्ने कार्यक्रम राखिएको छ । यस प्रयोजनको लागि केन्द्रलाई चालुतर्फ १ करोड ७० लाख (७३ प्रतिशत ) र पूँजीगततर्फ ६६ लाख (२७ प्रतिशत) गरी कुल २ करोड ३६ लाख विनियोजन गरिएको छ(विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका- १०.२) ।

**तालिका - १०.२**

**वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | वन निर्देशनालय | वन अनुसन्धान प्रशिक्षण केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा) | ११ जिल्ला | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | २९ | १० | |
| | अधिकृत | ११ | ३ | |
| | सहायक | १२ | ४ | |
| | सहयोगी | ६ | ३ | |
| | प्राविधिक | ७ | ५ | |
| | प्रशासनिक लेखा समेत<br>(सहयोगी वाहेक) | ५ | २ | |
| | अधिकृत र सहायकको अनुपात | ०.९१ | ०.७५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | २.८३ | २.५ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.८३ | २.३३ | |
| | जम्मा पूर्ति दरबन्दी | २८ | ६ | |
| | अधिकृत | १० | २ | |
| | सहायक | ८ | ३ | |
| | सहयोगी | ६ | २ | |
| | जम्मा रिक्त दरबन्दी | ५ | ३ | |
| | अधिकृत | १ | १ | |
| | सहायक | ४ | १ | |
| | सहयोगी | ० | १ फरेष्ट गार्ड | |

| | | | | |
|---|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | २०३५०१ | १००८०३ | |
| | चालु तर्फको विनियोजन | १४८७९६ | ८२५९३ | |
| | पूँजीगततर्फको विनियोजन | ५४७०५ | १८२०१ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | २.७१९९ | ४.५३७८ | |
| | चालु खर्च | १०९०६१ | ७०७२३ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७३२९ | ०.८५६२ | |
| | पूँजीगत खर्च | २८६११ | १७६०१ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.५२३ | ०.९६७ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.८११ | ४.०१८१२ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १ | प्रगति समीक्षा र योजना तर्जुमा गोष्ठी ५ | विभिन्न ११ किसिमका अध्ययन र अनुसन्धान | |
| | २ | पंचासे वन क्षेत्र व्यवस्थापन पूर्वाधार निर्माण | वैज्ञानिक वन व्यवस्थापन तालिम २ | |
| | ३ | प्राथमिकता प्राप्त आयोजनाको वन क्षेत्र र वन्य जन्तु क्षतिको अनुगमन ३ | सेवाकालीन र सेवा प्रवेश तालिम ४ | |
| | ४ | भू तथा जलाधार व्यवस्थापन | भौगोलिक सूचना तालिम ३ | |
| | ५ | वन क्षेत्रमा कटान भएका रुखको टांचा लगाउने कार्य | अन्य तालिम ६ | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ५३२०० | २३६०० | |
| | चालु विनियोजन | ४७४५० | १७००० | |
| | पूँजीगत विनियोजन | ५७५० | ३६०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ८.२५२१ | ४.७२ | |
| ६. | यस आ. व. को प्रस्तावित मुख्य पाँच काम | | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | वन क्षेत्रको उत्पाकदकत्व वृध्दि | मर्स्याङदी,सेती र कालीगण्डकी क्षेत्रलाई औद्योगिक कोरिडरको रूपमा विकास गर्ने | |
| | २ | वन र आय आर्जन वृध्दि | जैविक विविधता प्रोफाईल | |
| | ३ | एक वन एक पोखरी नीति | | |
| | ४ | स्थानीयको उत्पादनशिल क्षमता वृध्दि | | |
| | ५ | वायो ई. प्रविधिको विकास | | |

स्रोत : वन निर्देशनालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### १०.२.२.१ विश्लेषण :

विगत पाँच वर्षको अवधिमा अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा २० भन्दा पनि कम तालिम भएको र अनुसन्धानको नाममा अनुसन्धान भन्दा पनि साधारण अध्ययनहरू भएको देखिएको छ । केन्द्रको अधिकांश खर्च चालु खर्च रहेको छ । केन्द्रको दरबन्दी पनि कम छ । त्यसमा पनि कर्मचारी दरबन्दी पनि पूर्ण रूपमा पूर्ति भएको देखिदैन । यसरी सानो दरबन्दी भएको र थोरै मात्र काम गर्ने छुट्टै संरचना बनाउदा चालु खर्च बढी हुन जाने हुन्छ । त्यस कारण यस्ता संरचनाको चालु खर्च कम गरी दक्षता हासिल गर्नको लागि समान किसिमको काम गर्ने अर्को संरचनामा गाभ्नु उपयुक्त हुन्छ । कृषि र वनको घनिष्ठ सम्बन्ध रहेकोले यो केन्द्रलाई कृषि सम्बन्धी तालिम प्रदान गर्ने प्रादेशिक संरचनामा गाभ्नु सान्दर्भिक हुन्छ ।

### १०.२.२.२ सिफारिस :

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई कृषि सम्बन्धी तालिम सञ्चालन गर्ने निकायमा गाभेर एकै व्यवस्थापन अन्तरगत संचालन हुने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । यसरी गाभ्दा यहाँ कार्यरत अधिकृतस्तरका सबै कर्मचारीलाई

उक्त संस्थामा समायोजन गर्ने र सेवाको हिसाबले वरिष्ठ अधिकृतले यस्तो तालिम संरचनाको नेतृत्व गर्ने व्यवस्था मिलाउने ।

**१०.२.२.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) वन अनुसन्धान तथा तालिम केन्द्रलाई कृषि सम्बन्धी तालिम सञ्चालन गर्ने संरचनामा गाभेर एकै प्रशासकीय संरचना अन्तरगत वनको तालिम र अनुसन्धानको कार्य गर्ने व्यवस्था मिलाउने,

(ख) यसरी गाभिएको तालिम सम्वन्धी संरचनाको नाममा वन र अनुसन्धान पनि समावेश गर्ने,

(ग) यसरी कृषि सम्बन्धी तालिम दिने संरचनामा गाभ्दा कार्यरत अधिकृत कर्मचारी मात्र नयाँ संरचनामा समायोजन गर्ने,

(घ) उल्लेखित (ग) अनुसार गर्दा बाँकी रहेका सहायक ३ जना कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(ङ) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा रिक्त रहेका १ अधिकृत र १ सहायकको दरबन्दी स्वतः खारेज हुने । फरेष्ट गार्डको दरबन्दी सव डिभिजन कार्यालमा सरुवा गर्ने,

(च) गाभिएर समायोजनमा नपरेका करार सेवाका सहयोगी कर्मचारी २ जनालाई अवकास दिने,

(छ) उल्लेखित (क) अनुसार गाभिएको साबिक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापनको कार्य मन्त्रालयले गर्ने ।

## १०.३ डिभिजन वन कार्यालयहरू

गण्डकी प्रदेशभित्रका ११ जिल्लाको भौगोलिक क्षेत्रभित्र काम गर्ने गरी ११ वटा डिभिजन वन कार्यालयहरू रहेका छन् । यस मध्ये गोरखाको केही भाग मकालु क्षेत्र संरक्षण क्षेत्र र मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, लमजुङ र कास्कीका केही भाग अन्नपूर्ण संरक्षण क्षेत्रको कार्यक्षेत्र अन्तरगत पर्दछ । जिल्लाको क्षेत्रफल, भूगोल, संरक्षण क्षेत्र, वन क्षेत्रका चुनौतिहरूलाई विचार गरेर यी डिभिजन वन कार्यालयहरूमा जनशक्ति र बजेटको बेग्ला बेग्लै व्यवस्था गरिएको देखिन्छ । साथै डिभिजन वन कार्यालय मातहत प्रत्येक जिल्लामा बढीमा ९ वटासम्म सबडिभिजन कार्यालयहरू पनि रहेका छन् ।

जनशक्तिको हिसाबले सबैभन्दा धेरै दरबन्दी नवलपुरमा ११३ रहेको देखिन्छ भने तनहुँमा ६२, बागलुङ र स्याङजामा ५८, कास्कीमा ५२,म्यग्दीमा ४७, मनाङ र मुस्ताङमा १७ दरबन्दी गरी कुल ४२४ जनाको दरबन्दी रहेको छ । त्यसै गरी अधिकृत, सहायक र सहयोगी कर्मचारीको वितरणमा पनि व्यापक विविधता रहेको देखिन्छ। यी कार्यालयहरूमा कुल १२१ अधिकृतको दरबन्दी रहेकोमा सबैभन्दा धेरै १५ देखि थोरै मुस्ताङमा १ जनको मात्र दरबन्दी छ । सहायकतर्फ कुल ९३ दरबन्दी रहेकोमा धेरै नवलपुरमा २६ र थोरै मुस्ताङमा १ जनाको दरबन्दी रहेको छ । त्यसै गरी सहयोगीतर्फ वन रक्षकसमेत गरी कुल ३५४ जनाको दरबन्दी रहेकोमा धेरै नवलपुरमा ७२ र थोरैमा मुस्ताङ र मनाङमा ९ जना रहेको छ । सहयोगीको कुल दरबन्दीमा वन रक्षको संख्या ३१५ रहेको छ । वन रक्षकको दरबन्दी सबैभन्दा धेरै नवलपुरमा ६५ र थोरै मनाङमा ५ जनामात्र रहेको छ । त्यसै गरी अन्य सहयोगीको दरबन्दी सबै जिल्लामा ४ जना रहेको देखिन्छ (विस्तृत विवरणको लागि तालिका - १०.३-१ र १० ३-२ हेर्नुहोस्)।

जनशक्ति वितरणको संरचना अनुसार अधिकृत र सहायक कर्मचारीको अनुपात सबैभन्दा धेरै मुस्ताङमा ७ रहेको छ भने सबैभन्दा कम कास्कीमा ०.०८३ रहेको छ । त्यसै गरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात सबैभन्दा धेरै तनहुँ, बागलुङ, र स्याङजामा १७ रहेको छ भने सबैभन्दा थोरै मनाङ र मुस्ताङमा ३, ३ रहेको छ । त्यसै गरी वन रक्षकलाई बाहेक गर्दा अन्य कर्मचारी र सहयोगीको अनुपात सबैभन्दा धेरै नवलपुरमा १५.१४ र तनहुँमा सबैभन्दा थोरै १.५ रहेको छ (विस्तृत विवरणको लागि तालिका -१०.३-१ र १० ३-२ ) ।

विद्यमान जनशक्ति अनुसार पदपूर्तितर्फ हेर्दा ४०५ जना पूर्ति भएको देखिन्छ जुन कुल दरबन्दीको हिसाबले ९५ प्रतिशत हुन आउँछ । यसमा पनि अधिकृततर्फ १०६ र सहायकतर्फ ६८ पूर्ति भई क्रमशः ८८ प्रतिशत र ७३ प्रतिशत पूर्ति भएको देखिन्छ । वन रक्षक बाहेकका सबै कार्यालय सहयोगीको पदपूर्ति भएको पाइन्छ। वन रक्षकतर्फ १३२ पद रिक्त रहेको देखिन्छ। वन रक्षकको पद धेरै रिक्त रहेको जिल्ला नवलपुरमा ५५ पद रिक्त छ भने पर्वतको सबै पद पूर्ति भएको देखिन्छ ( विस्तृत विवरणको लागि तालिका -१०.३-१ र १० ३-२ हेर्नुहोस्) ।

**तालिका - १०.३-१**

**डिभिजन वन कार्यालयहरूको संक्षिप्त विवरण**

**(आ. व. २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.स | विषय | कास्की | गोरखा | लमजुङ | म्यागदी | मुस्ताङ | तनहुँ |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र जिल्ला, पालिका वा | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यको संख्यामा ) | | | | | | |
| २. | कुल दरबन्दी | ५२ | ४८ | ४८ | ४७ | १७ | ६२ |
| | अधिकृत | १२ | १० | १० | ११ | ७ | १५ |
| | सहायक | ७ | ९ | ९ | ७ | १ | ६ |
| | सहयोगी | ३३ (२५ वर) | २९ (२५ वर) | २९ (२५ वर) | २९ (२५ वर) | ९ ( ५ वर) | ४१ (३३ वर) |
| | प्राविधिक | ४०(२५ वर) | ४१(२५ वर) | ४१ (२५ वर) | ४०(२५ वर) | १० | ५१(३३ वर) |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | ४ | ३ | ३ | ३ | ३ | ३ |
| | अधिकृत र सहायकको अनुपात | १.७१ | १.११ | १.११ | १.५७ | ७.० | २.५ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १० | १३.६६ | १३.६६ | १३.३३ | १३.३३ | १७ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ६.५ | १०.५ | १०.५ | १०.७५ | ३ | १.५ |
| | जम्मा पूर्ति दरबन्दी | ३५ | ३५ | ३४ | ३६ | १० | ४६ |
| | अधिकृत | १२ | १० | १० | ११ | ४ | १२ |
| | सहायक | ५ | २१ | ० | ६ | १ | ४ |
| | सहयोगी | २१ | ४ | २४(२० वर) | १९ (१५ वर) | ५ (१ वर) | ३० |
| | जम्मा रिक्त दरबन्दी | १४ | १३ | १४ | ११ | ६ | १६ |
| | अधिकृत | ० | ० | ० | ० | ३ | ३ |
| | सहायक | २ | ३ | ५ | १ | ० | २ |
| | सहयोगी | १२ वर | १० वर | ९ वर | ११ (१०वर) | ४ वर | ११ वर |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३६०९२८ | २२७४४१ | ६६३४३ | २५९४२१ | १२१०७८ | ३५३९४४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु तर्फको विनियोजन | २४३९४० | २०१४६५ | ३८१२५ | १४०७३५ | ९३५६३ | २७४९३६ |
| | पूँजीगततर्फको विनियोजन | ११६९८८ | २५९७६ | २८२१८ | ११८६८६ | २७५१५ | ७९००८ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | २.०८५१ | ७.७५ | १.३५ | १.१८ | ३.४० | ३.४७ |
| | चालु खर्च | १८३५५४ | १३०५३९ | २९०३६ | १०९६८८ | ५४१९६ | १६४७८५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७५२४ | ०.६४ | ०.५७ | ०.४२ | ०.४४ | ०.४६ |
| | पूँजीगत खर्च | १११७८७ | २३७७५ | २८२१८ | ६३०७१ | २५८०० | १२३२७२ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.९५५५ | ०.९१ | ०.४२५ | ०.२४ | | ०.३४८ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | १.६४१९ | ५.४ | १.०२ | १.७३ | ०.१९ | १.३३६ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १ | अपराध अनुसन्धन र जन चेताना अभिवृद्धि | विरुवा उत्पादन र वितरण विस्तार | जडीबुटी खेती विस्तार | वन डढेलो नियन्त्रण | वन डढेलो नियन्त्रण | सामुदायिक वन व्यवस्थापन |
| | २ | वन संरक्षण, विकास र सम्वर्धन | वन डढेलो नियन्त्रण | वन डढेलो नियन्त्रण | जडीबुटी खेती विस्तार | जडीबुटी खेती विस्तार | अपराध अनुसन्धन र जन चेताना अभिवृद्धि |
| | ३ | उपभोक्ता समुहको नियमन | पोखरी निर्माण | पोखरी निर्माण | विरुवा उत्पादन वितरण | विरुवा उत्पादन वितरण | एक वन एक पोखरी |
| | ४ | काठ दाउरा उत्पादन र राजस्व संकलन | काठ दाउरा उत्पादन र व्यवस्थापन | काठ दाउरा उत्पादन र व्यवस्थापन | सामुदायीक वनमा पोखरी निर्माण | पोखरी निर्माण | विरुवा उत्पादन र वितरण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५ | वन्यजन्तुको उद्धार र प्राणी उद्यानको व्यवस्थापन | जडिबुटी खेती विस्तार | विरुवा उत्पादन र वितरण | काठ दाउरा व्यवस्थापन | काठ दाउरा व्यवस्थापन | काठ दाउरा व्यवस्थापन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७१६६५ | ४२५३५ | ४५५९४ | ४१०६५ | १५७८५ | ५५३२३ |
| | चालु विनियोजन | ५०७९२ | ३७६३५ | ६३०० | ३३५५५ | १३२०५ | ५०८८८ |
| | पूँजीगत विनियोजन | २०८७३ | ४९०० | ३२९९४ | ७५१० | २५८० | ४४३५ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.४३ | ७.६८ | ०.१९ | ४.४६ | ५१.१८ | ११.४७ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १ | जडिबुटि खेती प्रशोधन र प्रवर्धन | कृषि वन प्रणाली | वन क्षेत्रको उत्पाकदकत्व बृध्दि | बनको आय आर्जन बृध्दि | बनको आय आर्जन बृध्दि | जडिबुटि खेती प्रशोधन र प्रवर्धन |
| | २ | प्रदूषक न्यूनिकरण र हरीयाली प्रवर्धन | वन आय आर्जन बृध्दि | वन आय आर्जन बृध्दि | वनको उत्पादकत्व बृध्दि | वनको उत्पादकत्कत्व बृद्धि | वनको आय आर्जन बृध्दि |
| | ३ | उत्पादनशिल क्षमता अभिबृध्दि | एक वन एक पोखरी नीति | एक वन एक पोखरी नीति | उत्पादनशिल क्षमता बृध्दि | उत्पादनशिल क्षमता बृध्दि | एक वन एक पोखरी |
| | ४ | एक वन एक पोखरी | जडिबुटी खेती प्रवर्धन | उत्पादनशिल क्षमता बृध्दि | एक वन एक पोखरी | एक वन एक पोखरी | कृषि प्रणालीको विकाश |
| | ५ | कृषि प्रणालीको विकास | वन व्यवस्थापन | वन व्यवस्थापन | वन व्यवस्थापन | वन व्यवस्थापन | वन व्यवस्थापन |

स्रोत : डिभिजन वन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको

विगत पाँच वर्षमा यी डिभिजनलाई तोकिएको जिम्मेवारी पूरा गर्न चालुतर्फ १ अरब ८५ करोड ९८ लाख (७४ प्रतिशत) र पूँजीगततर्फ ६४ करोड ९२ लाख (२६ प्रतिशत) रकम गरी कुल २ अरब ५० करोड ९० लाख रकम विनियोजन गरिएको थियो । यस मध्ये सबैभन्दा धेरै विनियोजन नवलपुर जिल्लाको लागि ५४ करोड ५१ लाख र पर्वत जिल्लाको लागि सबैभन्दा थोरै ४ करोड ९९ लाख विनियोजना गरिएको थियो । चालु र पूँजीगततर्फको विनियोजन हेर्दा चालुतर्फ नवलपुरमा सबैभन्दा धेरै ४४ करोड ८२ लाख र पर्वत जिल्लामा सबैभन्दा थोरै ३ करोड ५ लाख विनियोजन गरिएको थियो भने पूँजीगततर्फ सबैभन्दा धेरै नवलपुरमा ९ करोड ६९ लाख र थोरै पर्वतमा १ करोड ९४ लाख विनियोजन गरिएको थियो । चालु र पूँजीगत विनियोजनको अनुपात सबैभन्दा धेरै गोरखा जिल्लामा ७.७५ रहेको थियो भने सबैभन्दा थोरै म्यग्दीमा १.१८ रहेको थियो (विस्तृत विवरणको लागि तालिका -१०.३-१ र १० ३-२ हेर्नुहोस्)।

खर्चतर्फ वितेको पाँच वर्षको अवधिमा चालु खर्च १ अरब २१ लाख ( ६४ प्रतिशत) रहेको थियो भने पूँजीगत खर्च ५७ करोड ५४ लाख (३६ प्रतिशत) गरी जम्मा १ अरब ५७ करोड ७६ लाख खर्च भएको थियो । सबैभन्दा धेरै खर्च चालु खर्च नवलपुरमा ३१ करोड १६ लाख र सबैभन्दा थोरै खर्च पर्वतमा २ करोड २१ लाख भएको थियो । पूँजीगततर्फ सबैभन्दा धेरै खर्च कास्की जिल्लामा ११ करोड ७८ लाख भएको थियो भने थोरै खर्च पर्वत जिल्लामा १ करोड ७१ लाख खर्च भएको थियो । यो रकमबाट डिभिजन कार्यालयहरूले वन अपराध अनुसन्धान र तहकिकात, सामुदायिक वनको नियमन, डढेलो नियन्त्रण, विरुवा उत्पादन र वितरण, काठ दाउरा उत्पादन र वितरण, पोखरी, पार्क र उद्यान निर्माण, जडिबुटी खेती विस्तार, वन संरक्षण, विकास र सम्वर्धन, वन्यजन्तु मानव द्वन्द्व तथा घाइते वन्यजन्तुको उद्धार र व्यवस्थापनको काम गरेका थिए (विस्तृत विवरणको लागि तालिका -१०.३-१ र १० ३-२ हेर्नुहोस्)।

चालु आर्थिक वर्षको लागि डिभिजन वन कार्यालयहरूको चालुतर्फ ४० करोड २३ लाख (७८ प्रतिशत) र पूँजीगततर्फ १० करोड ७३ लाख (२२ प्रतिशत) गरी कुल ५० करोड ९६ लाख रकम विनियोजन गरिएको थियो । विनियोजनतर्फ सबैभन्दा बढी रकम कास्कीमा र सबैभन्दा कम रकम मुस्ताङ जिल्लामा १ करोड ५७ लाख विनियोजन गरिएको छ । यो रकमबाट यी कार्यालयहरूले वनबाट हुने आय वृद्धि, जडिबुटी खेती विस्तार, विरुवा उत्पादन र वितरण, फलफूल र कृषि प्रणालीको विकास, पोखरी निर्माण, वन व्यवस्थापन र संरक्षण, उत्पदनशिलता अभिवृद्धि र जनचेतना फैलाउने जस्ता कार्य गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका - १०.३-१ र १० ३-२ हेर्नुहोस्) ।

## तालिका - १० ३-२

## डिभिजन वन कार्यालयहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | मनाङ | बागलुङ | पर्वत | स्याङ्जा | नवलपुर |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्या) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १७ | ५८ | ४८ | ५८ | ११३ |
| | अधिकृत | १ | १५ | १३ | १२ | १५ |
| | सहायक | ७ | ६ | ६ | ९ | २६ |
| | सहयोगी | ९ (५ वर) | ३७ (३३ वर) | २९ (२५ वर) | ३७ (३३ वरं) | ७२(६५ वर) |
| | प्राविधिक | १० (५ वर) | ५१ (३३ वर) | ४१ | ५१ | ९८ |
| | प्रशासनिक र लेखासमेत ( सहयोगी बाहेक) | ३ | ३ | ३ | ३ | ८ |
| | अधिकृत र सहायकको अनुपात | ०.०८३ | २.५ | २.३८ | १.३३ | ०.५७ |
| | प्राविधिक र प्रशासनिकको अनुपात | ३.३३ | १७ | १३.६६ | १७ | ९ |
| | अरु कर्मचारी र सहयोगी कर्मचारीको अनुपात | ३.२५ | १४.५ | ११ | १४.५ | १५.१४ |
| | जम्मा पूर्ति दरबन्दी | ८ | ४६ | ३५ | ४६ | ७५ |
| | अधिकृत | १ | १२ | १२ | १० | १२ |
| | सहायक | ३ | ३ | ५ | ८ | १२ |
| | सहयोगी | ६ (२ वर) | २८ (२४ वर ) | १८ (१४ वर) | २८ (२४ वर) | ५२(४४ वर) |
| | जम्मा रिक्त दरबन्दी | ९ | १५ | १३ | १२ | ४० |
| | अधिकृत | ० | ३ | १ | २ | ३ |
| | सहायक | ४ | ३ | १२ | १ | १५ |
| | सहयोगी | ३ वर | ९ वर | ० | ९ वर | ५६(५५वर) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १११९३४ | १११८८२ | ४९९४३ | ३०६००६ | ५४५१३० |
| | चालुतर्फको विनियोजन | ८६९७५ | ७५४२५ | ३०५१३ | २२५९३१ | ४४८२०१ |
| | पूँजीगततर्फको विनियोजन | २४९५९ | २८३५५ | १९४३० | ८००७५ | ९६९२९ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.४८ | २.६६ | १.५७० | २.८२ | ४.६२ |
| | चालु खर्च | ६७२६२ | ५०४५३ | २४२१८ | १५६७७६ | ३११६८९ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६० | ०.४५ | ०.४८ | ०.५१२ | ०.५७ |
| | पूँजीगत खर्च | २०९१६ | २१०१३ | १७१४५ | ५८९९७ | ८१५२१ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.१८ | ०.१८७ | ०.३४३ | ०.१९२ | ०.१४९ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.२१ | २.४० | १.४१२ | २.६६१ | ३.८२३ |
| ४. | विगत पाँचको पाँच मुख्य काम | | | | | |
| | १ | विरुवा उत्पादन र वितरण | विरुवा उत्पादन र वितरण | विरुवा उत्पादन र वितरण | जडिबुटी खेती विस्तार | राष्टिय, सामुदायिक र कवुलियती वन विकास |
| | २ | जडिबुटी खेती विस्तार | हरित पार्क र उद्यान निर्माण | जडिबुटी खेती विस्तार | कृषि वन | जडिबुटी खेती विकास |
| | ३ | पोखरी निर्माण | पोखरी निर्माण | डढेलो नियन्त्रण | पोखरी निर्माण | अतिक्रमण नियन्त्रण |
| | ४ | डढेलो नियन्त्रण | जडिबुटी खेती विस्तार | सामुदायिक वन नियमन | सामुदायिक वन नियमन | सीमसार क्षेत्र संरक्षण |
| | ५ | मानव वन्य जन्तु द्वन्द व्यवस्थापन | डढेलो नियन्त्रण | पोखरी निर्माण | पार्क उद्यान निर्माण | विरुवा उत्पादन र वितरण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १८३९७ | ५६६०९ | ३६४६५ | ५६७८४ | १०५९३४ |
| | चालु विनियोजन | १४३४७ | ४३७८९ | ३३७५५ | ४१०९८ | ७६९३४ |
| | पूँजीगत विनियोजन | ४०५० | १२८२० | २७१० | १५६८६ | २९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.५४ | ३.४१५ | १२.४५५ | २.६२ | ३.६५ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य ५ काम | | | | | |
| | १ | वन व्यवस्थापन गरी उत्पादकत्व वृद्धि | वन संरक्षण | जडिबुटी खेती विस्तार | वन उद्यमको प्रवर्धन र विकास | एक वन एक पोखरी |
| | २ | वनबाट आय आर्जन वृद्धि | वतावरण संरक्षण | हरित रोजगारी श्रृजना | वनबाट आय आर्जन | वतावरण संरक्षण |
| | ३ | एक वन एक पोखरी | जैविक विविधता संरक्षण | वनको दिगो व्यवस्थापन | एक वन एक पोखरी नीति | वन संरक्षण र आय आर्जन |
| | ४ | कृषि वन प्रणाली | जलाधार संरक्षण | जैविक विविधता संरक्षण | कृषि वन प्रणाली | जैविक विविधता र जलाधार संरक्षण |
| | ५ | जडिबुटी खेती | वन व्यवस्थापन | | दिगो वन व्यवस्थापन | कृषि वन प्रणाली विकास |

स्रोत : डिभिजन वन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

**१०.३.१ विश्लेषण :**

साविकको जिल्ला वन कार्यालयहरूलाई नै जिल्लाको कार्य क्षेत्र रहने गरी डिभिजन वन कार्यालयमा परिवर्तन गरिको जस्तो अवस्था देखिन्छ । यी डिभिजन वन कार्यालय सबैमा नै जनशक्तिको अभाव छ, दरबन्दीहरू पूर्ति हुन सकेका छैनन् । यिनीहरूको खर्च गर्न सक्ने क्षमता पनि सीमित छ । यी सबै कार्यालय अन्तरगत अधिकृतको नेतृत्वमा सव डिभिजन कार्यालयहरू पनि छन् । यी सव डिभिजनहरू आआफनो इलाकाको लागि उत्तरदायी पनि छन् । संघीय सरकारले वन ऐन अन्तरगत अर्धन्यायिक प्रकृतिको वन इजलासबाट न्यायिक निरुपण हुनसक्ने, तोकिए बमोजिम दण्ड जरिवाना हुने अपराधमा अनुसन्धान गर्नको लागि यी डिभिजनलाई अख्तियारी पनि छैन । यसले जिल्ला तहमा रहेका कार्यालयको अपरिहार्यता पनि दर्शाउदैन । बरु प्रवर्धनात्मक काम गर्न र अपराध अनुसन्धान गरी अदालतमा मुद्दा पेश गर्न जिल्लागत कार्य क्षेत्रको निकाय पनि चाहिदैन । फेरि, सव डिभिजनलाई सक्षम बनाउन सक्दा यो काम सवडिभिजनवाट पनि हुन सक्ने देखिन्छ । हाल सव डिभिजनहरूमा एक जना

मात्र अधिकृत रहदा सव डिभिजनहरू त्यति प्रभावकारी हुन पनि सकेका छैनन् । यस परिस्थितिमा जिल्लाको कार्यक्षेत्र भएको निकाय आवश्यक देखिदैन । सव डिभिजनलाई बलियो बनाउन सक्दा वन संरक्षण र प्रवर्धनको काम प्रभावकारी हुने देखिन्छ ।

**१०.३.२ सिफारिस :**

जनशक्ति पनि दरबन्दी अनुसार नभएका, खर्च गर्ने क्षमता पनि कमजोर रहेका र कानुनी रूपमा पनि कुनै बाधा अवरोध नहुने कुरालाई दृष्टिगत गर्दा जिल्लागत कार्य क्षेत्र रहेका डिभिजन वन कार्यालयहरू खारेज गरी एकभन्दा बढी जिल्लाको कार्य क्षेत्र भएका सुदृढ डिभिजन वन कार्यालय बनाउने र भईरहेका सव डिभिजन कार्यालयहरूलाई सुदुढ गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।

**१०.३.३ निर्णय गर्नुपर्ने व्यहोरा :**

(१) तनहुँ, बागलुङग र कास्की जिल्ला बाहेक अन्यत्र जिल्लामा रहेका डिभिजन वन कार्यालय खारेज गर्ने,

(२) तनहुँ, बागलुङ र कास्की जिल्लामा रहेका डिभिजन वन कार्यालयलाई देहाय बमोजिमको कार्य क्षेत्र रहने गरी डिभिजन कार्यालयमा परिवर्तन गर्ने,

(क) डिभिजन वन कार्यालय तनहुँ - तनहुँ, गोरखा, नवलपुर, लमजुङ र मनाङ जिल्ला

(ख) डिभिजन वन कार्यालय कास्की - कास्की, स्याङजा र पर्वत

(ग) डिभिजन वन कार्यालय बागलुङ - बागलुङ, म्याग्दी र मुस्ताङ

(३) उल्लेखित (१) अनुसार गर्दा देहाय वमोजिम कर्मचारीको व्यवस्थापन गर्ने,

(क) तनहुँ, बागलुङग र कास्की डिभिजन वन कार्यालयका सवै कर्मचारीलाई सम्बन्धित जिल्लामा रहने डिभिजन कार्यालयमा समाहित गर्ने,

(ख) डिभिजन वन कार्यालय खारेजीमा परेका सवै कार्यालयका अधिकृत र सहायक कर्मचारी मध्ये ६ अधिकृत र ७ सहायक कर्मचारीलाई नयाँ बन्ने डिभिजन वन कार्यालय तनहुँ, बागलुङ र कास्कीको रिक्त पदमा सरुवा गर्ने,

(ग) खारेजीमा परेका ८ जिल्लाका डिभिजन वन कार्यालयका अधिकृत वा सहायक कर्मचारीलाई एक एक जनाको दरले थप हुने गरी सम्बन्धित क्षेत्रको सव डिभिजन कार्यालयमा दरबन्दीसहित पदस्थापन गर्ने,

(घ) खारेजीमा परेका ८ जिल्लाका डिभिजन वन कार्यालयका वन रक्षकलाई सम्बन्धित क्षेत्रको सव डिभिजन कार्यालयमा एक एक जनाको दरले दरबन्दीसहित पदस्थापन गर्ने,

(ङ) उल्लेखित (क) (ख) र (ग) अनुसार गरेर बाँकी हुन आएका अधिकृत र सहायकलाई पुलमा सरुवा गर्ने,

(च) उल्लेखित (१) अनुसार खारेज भएका ८ डिभिजन वन कार्यालयमा रिक्त रहेका अधिकृत र सहायक पद स्वतः खारेज हुने,

(छ) खारेजीमा परेका सवै डिभिजन वन कार्यालयमा सहयोगी कर्मचारीलाई अवकास दिने,

(ज) खारेजीमा परेका कार्यालयबाट उल्लेखित संख्यामा अधिकृत र सहायक कर्मचारी एवं वन रक्षकहरूलाई डिभिजन र सव डिभिजन कार्यालयमा सरुवा गर्ने कार्य सम्बन्धित मन्त्रालयले ७ दिनभित्र गर्ने,

(झ) खारेजमा परेका कार्यालयले गरिआएको काम उल्लेखित डिभिजन कार्यालयबाट हुने अन्तरिम कानुनी व्यवस्था मन्त्रालयले मिलाई आवश्यक कानुन संशोधनको प्रकृया तत्काल सुरु गर्ने,

(ञ) उल्लेखित (१) अनुसार खारेज भएका सविकका ८ डिभिजन कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

## १०.४ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

गण्डकी प्रदेशमा २०७५ श्रावण महिनामा तनहुँ र पर्वत गरी दुई जिल्लामा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना गरिएको थियो । तनहुँको कार्य क्षेत्रमा ५ जिल्ला र पर्वतको कार्यक्षेत्रमा ६ जिल्ला पर्दछन् । गोरखामा १ साइट कार्यालय पनि रहेको छ । यी दुई कार्यालयमा कुल ३४ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत १४, सहायक १० र सहयोगीको ५ दरबन्दी रहेको छ । दरबन्दी मध्ये प्राविधिकतर्फको दरबन्दी २० रहेको छ भने प्रशासनिक ४ रहेको छ । तनहुँमा अधिकृत र सहायकको अनुपात १ अर्थात १ अधिकृतको लागि १ सहायक रहेको छ भने पर्वतमा यस्तो अनुपात २ रहेको छ अर्थात २ अधिकृतको लागि १ सहायक दरबन्दी रहेको छ । दरबन्दी संरचना अनुसार प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात तनहुँमा ५ रहेको छ भने पर्वतमा ६ रहेको छ । कार्यालयमा रहेका अरु कर्मचारी र सहयोगीको अनुपात दुवै कार्यालयमा समान २.२४ रहेको छ ।

दुवै कार्यालयमा पदपूर्तिको अवस्था समान १२ रहेको छ । यस मध्ये अधिकृततर्फ तनँहुमा ४ पदपूर्ति भई २ पद खाली रहेको छ भने पर्वतमा ७ पदपूर्ति भई १ पद खाली रहेको छ । त्यसै गरी

सहायकतर्फ तनहुँमा ४ पदपूर्ति भई २ पद रिक्त रहेको छ भने पर्वतमा ३ पद पूर्ति भई १ पद रिक्त रहेको छ। त्यसै गरी कार्यालय सहयोगीतर्फ तनहुँमा ४ पदपूर्ति भई १ रिक्त रहेको छ भने पर्वतमा २ पद पूर्ति भई २ पद नै रिक्त रहेको छ।

गण्डकी प्रदेशले निर्धारण गरेको कार्य जिम्मेवारी पूरा गर्नको लागि विगत पाँच वर्षमा तनहुँको कार्यालयको लागि चालुतर्फ ३२ करोड ६२ लाख (३६ प्रतिशत) र पूँजीगततर्फ ५७ करोड ३ लाख (६४ प्रतिशत) गरी कुल ८९ करोड ६५ लाख रकम विनियोजन गरिएको थियो। त्यसै गरी पर्वतको लागि चालुतर्फ ७ करोड ३ लाख (८ प्रतिशत) र पूँजीगततर्फ ७६ करोड ९१ लाख (९२ प्रतिशत) गरी कुल ८३ करोड ९५ लाख रकम विनियोजन गरिएको थियो। यसरी विनियोजन गरिएको रकम मध्येबाट तनहुँमा चालुतर्फ २८ करोड ७७ लाख (३६ प्रतिशत) र पूँजीगततर्फ ५१ करोड ११ लाख (६४ प्रतिशत) गरी कुल ७९ करोड ८८ लाख खर्च भएको थियो भने पर्वतमा चालुतर्फ ५ करोड ३४ लाख (८ प्रतिशत) र पूँजीगततर्फ ६० करोड ६६ लाख (९२ प्रतिशत) गरी कुल ६६ करोड खर्च भएको थियो। विनियोजन र खर्चको अनुपातलाई हेर्दा तनहुँमा चालु खर्च र विनियोजनको अनुपात ०.७५ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.५६ रहेको छ। त्यसै गरी पर्वतमा चालु खर्च र विनियोजनको अनुपात ०.७६ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.९५ रहेको छ। यी रकम खर्च गरेर तनहुँ र पर्वतको कार्यालयहरूले कुवा, पोखरी तथा वस्ती संरक्षण, जलाधार क्षेत्र संरक्षण, गल्छी पहिरो नियन्त्रण, खोला किनार संरक्षण र नदी उकास तथा जग्गा संरक्षण जस्ता कामहरू सम्पन्न गरेका थिए (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - १०.४)।

**तालिका - १०.४**

**भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूको संक्षिप्त विवरण**

**(आ. व. २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| **कम** | **विषय** | **तनहुँ** | **पर्बत** | **कैफियत** |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा) | ५ जिल्ला | ६ जिल्ला | |
| २. | कुल दरबन्दी | १७ | १७ | |
| | अधिकृत | ६ | ८ | |
| | सहायक | ६ | ४ | |
| | सहयोगी | ५ | ५ | |
| | प्राविधिक | १० | १० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | |
| | अधिकृत र सहायकको अनुपात | १ | २ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ५ | ६ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.४ | २.४ | |
| | जम्मा पूर्ति दरबन्दी | १२ | १२ | |
| | अधिकृत | ४ | ७ | |
| | सहायक | ४ | ३ | |
| | सहयोगी | ४ | २ | |
| | जम्मा रिक्त दरबन्दी | ५ | ५ | |
| | अधिकृत | २ | १ | |
| | सहायक | २ | १ | |
| | सहयोगी | १ | २ | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ८९६५७१ | ८३९५२८ | |
| | चालु तर्फको विनियोजन | ३२६२३१ | ७०३९१ | |
| | पूँजीगततर्फको विनियोजन | ५७०३४० | ७६९१३७ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.५७ | ०.११ | |
| | चालु खर्च | २८७७६१ | ५३४१९ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.३२ | ०.०६ | |
| | पूँजीगत खर्च | ५१११७५ | ६०६६७६ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.५६ | ०.९५ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.५६ | ०.७२ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १ | कुवा पोखरी तथा वस्ती संरक्षण | गल्छी /पहिरो नियन्त्रण | |
| | २ | जलाधार क्षेत्र संरक्षण | खोला किनारा संरक्षण | |

| | | | | |
|---|---|---|---|---|
| | ३ | गल्छी /पहिरो नियन्त्रण | कुवा पोखरी तथा वस्ती संरक्षण | |
| | ४ | खोला किनार संरक्षण | जलाधार क्षेत्र संरक्षण | |
| | ५ | नदी उकाश तथा जग्गा संरक्षण | नदी उकाश तथा जग्गा संरक्षण | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १०७८४० | १०५७९६ | |
| | चालु विनियोजन | १५९४० | १५६९६ | |
| | पूँजीगत विनियोजन | ९१९०० | ९०१०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.१७ | १.७४ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | पानी मुहान संरक्षण | खोला किनारा संरक्षण | |
| | १ | संरक्षण पोखरी निर्माण | नदी उकाश तथा जग्गा संरक्षण | |
| | २ | खोला किनारा संरक्षण | पहिरो नियन्त्रण | |
| | ३ | नदी उकाश तथा जग्गा संरक्षण | पानी मुहान संरक्षण | |
| | ४ | पहिरो नियन्त्रण तथा वस्ती संरक्षण | संरक्षण पोखरी निर्माण | |

| | | | | |
|---|---|---|---|---|
| | ५ | विकास पूर्वाधार संरक्षण | विकास पूर्वाधार संरक्षण | |

स्रोत : भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षको लागि तनहुँको चालुतर्फ १ करोड ५९ लाख (१५ प्रतिशत) र पूँजीगततर्फ ९ करोड १९ लाख (८५ प्रतिशत) गरी कुल १० करोड ७८ लाख रकम विनियोजन गरिएको थियो भने पर्वतको लागि चालुतर्फ १ करोड ५६ लाख (१५ प्रतिशत) र पूँजीगततर्फ ९ करोड १ लाख (८५ प्रतिशत) गरी कुल १० करोड ५७ लाख रकम विनियोजन गरिएको थियो । यो रकमबाट कार्यालयहरूले पानीको मुहान संरक्षण, खोला किनार संरक्षण, पोखरी निर्माण, विकास पूर्वाधारको संरक्षण, गल्छी पहिरो नियन्त्रण र वस्ती संरक्षण गर्ने जस्ता लक्ष्यहरू राखेका छन् । (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका १०.४) ।

### १०.४.१ विश्लेषण :

यी कार्यालयहरू समग्र जलाधार क्षेत्रकोभन्दा पनि स-साना खुद्रे जाली भर्ने भू संरक्षणको कार्यमा संलग्न भएको पाइएको छ। फेरि, कार्य क्षेत्र पनि पाँच जिल्ला र छ जिल्ला रहेकोले काम प्रभावकारी ढंगबाट हुन समस्या उत्पन्न हुने गरेको पाइएको छ । पहिरो नियन्त्रण गर्ने, नदि र बस्ती नियन्त्रण गर्ने आदि जस्ता स-साना संरक्षणको काम स्थानीय तह र प्रदेशकै पनि सिंचाई, खानेपानी र पूर्वाधार कार्यालयहरूले पनि गरिरहेका छन् । विकास अयोजना संचालन गर्दा आयोजना भित्र पनि यस प्रकारका कार्य समावेश भएकै हुन्छ । यसले कार्यालयको पहिचानलाई पनि सीमित गरेको छ। यस अवस्थामा यी कार्यालयहरूलाई राजनीतिक सीमानामा आवद्ध गराई स-साना र अन्यत्रबाट हुन सक्ने काममा संलग्न गराउदा विशेषज्ञता सहितका यी कार्यालयबाट प्रदेशले अत्यधिक लाभ लिन नसक्ने भएकोले यी कार्यालयहरूलाई जलाधार क्षेत्र तोकी सोही अनुसारको जिम्मेवारी भएको कार्यालयको रूपमा स्थापित गर्ने र तोकिएको जलाधार क्षेत्रमा मात्र यिनीहरूको गतिविधि सीमित गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

### १०.४.२ सिफारिस :

यी कार्यालयहरूलाई भू तथा जलाधार व्यवस्थापन कार्यालयको सट्टा जलाधार क्षेत्र स्पष्ट देखिने गरी नाम परिवर्तन गर्न र कार्य क्षेत्रको रूपमा जलाधार क्षेत्र निर्धारण गर्न उपयुक्त हुन्छ । यीनीहरूलाई स-साना खुद्रे काममा नलगाई समग्र जलाधार क्षेत्रको संरक्षणमा लगाउने गरी पुनर्संरचना गर्न उपयुक्त हुन्छ । यसरी निश्चित जलाधार क्षेत्रको संरक्षणमा लगाउँदा ५ वर्षको अवधि तोकी संरक्षण गर्ने र त्यसपछि स्थानीय निकायलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने र कार्यालयहरूलाई अर्को जलाधार क्षेत्रको जिम्मेवारी दिई

स्थानान्तरण गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । यसबाट यी निकायको विशेषज्ञताको उपयोग मात्र हुदैन काम पनि देखिने अवस्थासमेत आउँछ ।

### १०.४.३ निर्णय हुनुपर्ने व्यहोरा

(क) हाल विद्यमान जिल्लागत कार्यक्षेत्र भएका भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्य क्षेत्रलाई जलाधार क्षेत्र अनुसार कार्य विभाजन गर्ने,

(ख) उल्लेखित (क) को प्रयोजनको लाग भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँलाई मर्स्याङदी जलाधार संरक्षण कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतलाई काली गण्डकी जलाधार संरक्षण कार्यालयमा नाम परिवर्तन गरी रुपान्तरण गर्ने,

(ग) मर्स्याङदी जलाधार संरक्षण कार्यालयको कार्य क्षेत्र मनाङदेखि तनहुँ र नवलपुरसम्मको मर्स्याङदी नदीको जलाधार क्षेत्र र काली गण्डकी जलाधार संरक्षण कार्यालयको कार्य क्षेत्र मुस्ताङ देखि स्याङजासम्मको काली गण्डकीको जलाधार क्षेत्र कायम गर्ने,

(घ) यी कार्यालयलाई पाँच वर्षसम्म ती जलाधार क्षेत्र संरक्षणका कार्यमा लगाउने र पाँच वर्षपछि अरु जलाधार क्षेत्रमा स्थानान्तरण गर्ने,

(ङ) यी कार्यालयको नयाँ भूमिका अनुसार सम्बन्धित जालाधार क्षेत्र संरक्षणको योजना तर्जुमा गर्न लगाउने र योजना कार्यान्वयनको लागि साधन स्रोतको व्यवस्था मन्त्रालयले मिलाउने,

(च) यसरी तोकिएको जलाधार क्षेत्रमा काम गर्न अनुकुल हुने गरी कार्यालयहरू स्थानान्तरण गर्ने । यसको आवश्यक व्यवस्था मन्त्रालयले मिलाउने ।

# अध्याय - ११

# सामाजिक विकास, युवा तथा खेलकुद

## ११.१ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

यो मन्त्रालय प्रदेश सरकारसँगै २०७४।१०।२८ मा स्थापना भएको हो । यो मन्त्रालयमा साविकमा स्वास्थ्यको विषय पनि समावेश भएता पनि २०८१ सालमा स्वास्थ्य मन्त्रालय स्थापना भईसकेपछि भने यसको कार्य क्षेत्र शिक्षा, युवा तथा खेलकुदमा सीमित भएको छ। आफ्नो जिम्मेवारी अनुसारको कार्य जिम्मेवारी निर्वाह गर्न मन्त्रालयमा सचिवको नेतृत्वमा ५१ कर्मचारीको दरबन्दी रहेको छ। यो दरबन्दी संरचनामा २० अधिकृत, १३ सहायक र १८ सहयोगीको व्यवस्था छ । यो मन्त्रालयको दरबन्दीमा प्राविधिक दरबन्दी रहेको छैन, सबै नै प्रशासनिक मात्र छन् । दरबन्दी वितरणलाई हेर्दा मन्त्रालय अधिकृत प्रधान देखिन्छ । यहाँ अधिकृत र सहायक कर्मचारीको अनुपात १.५३ रहेको छ । मन्त्रालयमा सहयोगी कर्मचारीको दरबन्दी अत्यधिक रहेको छ। अरु कर्मचारी र सहयोगीको अनुपात १.८३ अर्थात २ जना भन्दा कम कर्मचारीको लागि १ सहयोगीको दरबन्दी रहेको छ। मन्त्रालयमा सबै दरबन्दी पूर्ति भएको छैन, ४२ पद (८२ प्रतिशत) मात्र पूर्ति भएको छ। पूर्ति भएको दरबन्दीमा अधिकृत १८ (९० प्रतिशत) , सहायक ८ (६१ प्रतिशत) र सहयोगी १६ पद (८९ प्रतिशत) पूर्ति भएको देखिन्छ । रिक्त ९ दरबन्दीको वितरणलाई नियाल्दा अधिकृततर्फ २, सहायकतर्फ ५ र सहयोगीतर्फ २ पद पूर्ति हुन नसकेको देखिन्छ। पूर्ति हुन नसकेको पदमा सहायकको पदको हिस्सा सबैभन्दा बढी छ (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका -११.१) ।

विगत पाँच वर्षको रकम परिचालनलाई नियाल्दा मन्त्रालयको लागि यो अवधिमा कुल ७ अरव ४९ करोड बजेट विनियोजन भएको थियो । यसरी विनियोजित बजेट मध्ये चालुतर्फ ४ अरव ९ करोड (५५ प्रतिशत) र पूँजीगततर्फ ३ अरव ४० करोड (४५ प्रतिशत) रहेको थियो । यसरी चालु र विनियोजनको अनुपात १.२० रहन गएको थियो। यस अवधिमा मन्त्रालयले कार्यगत दायित्व निर्वाहको लागि चालुतर्फ २ अरव ५३ करोड (५० प्रतिशत) र पूँजीगततर्फ २ अरव ५२ करोड (५० प्रतिशत) खर्च गरी कुल ५ अरव ५ करोड खर्च गरेको थियो । खर्च रकम कुल विनियोजनको ६७ प्रतिशत मात्र रहेको थियो । यसमा चालुतर्फको खर्च र विनियोजनको अनुपात ०.६१ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.७४ रहेको थियो भने चालु र पूँजीगत खर्चको अनुपात १ रहेको थियो अर्थात बराबर जस्तै थियो (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका -११.१) ।

## तालिका - ११.१

## सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ५१ | |
| | अधिकृत | २० | |
| | सहायक | १३ | |
| | सहयोगी | १८ | |
| | प्राविधिक | ० | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ३३ | |
| | अधिकृत र सहायकको अनुपात | १.५३ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ० | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | १.८३ | |
| | जम्मा पूर्ति दरबन्दी | ४२ | |
| | अधिकृत | १८ | |
| | सहायक | ८ | |
| | सहयोगी | १६ | |
| | जम्मा रिक्त दरबन्दी | ९ | |
| | अधिकृत | २ | |
| | सहायक | ५ | |
| | सहयोगी | २ | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ७४९८४८९ | |
| | चालु तर्फको विनियोजन | ४०९७९३७ | |
| | पूँजीगततर्फको विनियोजन | ३४००५५२ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १.२० | |
| | चालु खर्च | २५३९७८९ | |

| | | | |
|---|---|---|---|
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६१ | |
| | पूँजीगत खर्च | २५२४२८१ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.७४ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | १.० | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | प्रदेश क्षिक्षा नीति निर्माण | |
| | २ | विद्यार्थीलाई छात्रवृत्ति र अन्य राहत सहयोग | |
| | ३ | विद्यालयको स्तरोन्नति र विशेष कक्षा संचालनको लागि सहयोग | |
| | ४ | साक्षर गण्डकी प्रदेश घोषणा | |
| | ५ | सक्षम महिला समानान्तर पाईला कार्यक्रम | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ४३५६७० | |
| | चालु विनियोजन | ४११७२४ | |
| | पूँजीगत विनियोजन | २३९४६ | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १७.१९ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | सामुदायिक विद्यालयको गुणस्तर सुधार | |
| | २ | गण्डकी विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र बनाउने | |
| | ३ | सबै वर्गका विद्यार्थीको लागि उच्च शिक्षमा पहुँच विस्तार गर्ने | |
| | ४ | पूर्व सिकाइ सीप परीक्षण कार्यक्रम | |
| | ५ | गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार निर्माण | |

स्रोत : सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त विवरण संश्लेषण गरिएको

यो रकमबाट पाँच वर्षको अवधिमा मन्त्रलयले विशेष रूपमा  प्रदेश शिक्षा नीति निर्माण, विद्यार्थीलाई छात्रवृत्ति एवं अन्य राहत सहयोग, विद्यालयको स्तरोन्नती लगायत विशेष कक्षा संचालनको लागि

सहयोग, साक्षर गण्डकी प्रदेश घोषणा र सक्षम महिला समानान्तर पाइला कार्यक्रम आदि जस्ता कार्यहरू सम्पन्न गरेको थियो (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - ११.१) ।

चालु आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयको लागि ४ अरव ३५ करोड विनियोजन गरिएको छ । यसमा चालुतर्फ ४ अरव ११ करोड (९५ प्रतिशत) र पूँजीगततर्फ २३ करोड ९४ लाख (५ प्रतिशत) रहेको छ । मन्त्रालयको यो बजेटमा चालु र पूँजीगत विनियोजनको अनुपात १७. १९ रहेको छ । विनियोजित रकमबाट मन्त्रालयले चालु आर्थिक वर्षमा सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार, गण्डकी विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र बनाउने, सबै वर्गका विद्यार्थीको लागि उच्च शिक्षामा पहुँच विस्तार, पूर्व सिकाई सीप परीक्षण कार्यक्रम र गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार निर्माण गर्ने जास्ता कार्यहरू सम्पादन गर्ने लक्ष्य लिएको छ । (विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका - ११.१) ।

### ११.१.१ विश्लेषण :

मन्त्रालयमा अधिकृत कर्मचारीहरूको संख्या अत्यधिक छ । सहायक कर्मचारीको संख्या पनि विचित्रको छ । एकजना अधिकृतलाई एकजना सहायक पर्ने गरी पनि छैन । भएको सहायक कर्मचारी दरबन्दी पनि अत्यधिक संख्यामा रिक्त रहेको छ । मन्त्रालयमा रहेका १६ जना कार्यालय सहयोगीको संख्या त झन् असाधारण नै छ । दुईजनाभन्दा पनि कम कर्मचारीका लागि १ जना सहयोगीको दरले पर्न आएको अवस्था छ । सहयोगी कर्मचारीमा पनि सवारी चालकको संख्या ९ जना छ । यसले मन्त्रालयमा सवारी साधनको प्रयोग अत्यधिक रहेको देखाउँछ । मन्त्रालयमा चालु खर्चको हिस्सा अत्यधिक रहेको र यो वृद्धि हुदै गईरहेको छ । मन्त्रालयको पूँजीगत खर्च गर्ने क्षमता कम रहेको सन्दर्भ र पछिल्लो समय पूँजीगत रकममा भएको भारी कटौतिले आगामि दिनमा मन्त्रालयले पूँजी निर्माणमा खेल्न सक्ने भूमिकालाई सीमित गरी दिएको छ । यस अवस्थामा मन्त्रालयको संरचनालाई चुस्त र छरितो बनाउन उपयुक्त हुने देखिन्छ ।

### ११.१.२ सिफारिस :

यस परिप्रेक्ष्यमा मन्त्रालयलाई अन्य मन्त्रालय जस्तै नीति निर्माण, अनुगमन, मूल्यांकन, समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्ने अधिकृतमूलक बनाउन उपयुक्त हुन्छ । मन्त्रालयलाई प्रविधिमा आधारित बनाइ छरितो बनाउनु पर्दछ । सवारी साधन पाउने हैसियत भएकाका लागि र एक जगेडा सवारीको लागि मात्र सवारी चालकको व्यवस्था गर्न उपयुक्त हुन्छ । त्यसै गरी मन्त्रालयको स्मरण क्षमता सुदृढ बनाउन एकीकृत अभिलेख व्यवस्थापन केद्रको स्थापना र संचालन गर्नु उपयुक्त हुन्छ ।

### ११.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

क) मन्त्रालयको काम कारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने,

ख) मन्त्रालयमा सचिवको नेतृत्वमा पाँच महाशाखा र पाँच शाखा मात्र कायम गरी महाशाखा वा शाखामा एक एक जना अधिकृत मात्र रहने गरी जम्मा ११ अधिकृतको दरबन्दी कायम गर्ने,

ग) सबै महाशाखा र शाखाको प्रयोजनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

घ) उल्लेखित (ख) र (ग) अनुसार गर्दा बढी हुन आउने ७ अधिकृत र ६ सहायकलाई पुलमा सरुवा गर्ने,

ङ) मन्त्रालयमा रिक्त रहेका २ अधिकृत र ५ सहायकको दरबन्दी खारेज गर्ने,

च) सवारी चालक २ र अन्य सहयोगी ३ जनाको दरबन्दी मात्र कायम गरी बाँकी १३ सहयोगीको दरबन्दी खारेज गर्ने,

छ) दरबन्दी खारेजमा परेकासहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने नीति अनुसार १२ जना सहयोगीलाई अवकास दिने,

ज) उल्लेखित (ख) अनुसार मन्त्रालयमा रहने कर्मचारीको व्यवस्थापन र (घ) अनुसार पुलमा सरुवा गर्ने कार्य मन्त्रालयले ७ दिन भित्र गर्ने,

झ) उल्लेखित (च) अनुसार कार्यालय सहयोगीलाई मन्त्रालयले ७ दिन भित्र अवकास दिने ।

### ११.२ शिक्षा विकास निर्देशनालय

यो निर्देशनालय २०७५ साल असार ३२ गते स्थापना भएको हो । गण्डकी प्रदेशका ११ जिल्ला कार्य क्षेत्र भएको यो निर्देशनालयमा ३५ जना कर्मचारीको दरबन्दी रहेको छ । दरबन्दी संरचनामा अधिकृत १६, सहायक १४ र सहयोगी ५ पदको व्यवस्था छ । यहाँ प्राविधिक कर्मचारीको उपस्थिति छैन, सबै नै प्रशासनिक कर्मचारीको दरबन्दी छ । निर्देशनालयमा अधिकृत र सहायक कर्मचारीको अनुपात १.१४ अर्थात दुवै थरी कर्मचारी करिब बराबरको संख्यामा रहेका छन् । यहाँका अरु कर्मचारी र सहयोगी कर्मचारीको अनुपात ६ अर्थात ६ जनाको लागि १ जना सहयोगी पर्न आउने अवस्था छ । यहाँ रहेको दरबन्दी मध्ये २७ पद (७७ प्रतिशत) मात्र पूर्ति भएको छ । पूर्ति रहेको पदमा अधिकृततर्फ १३ जन (८१ प्रतिशत), सहायकतर्फ १० जना (७१ प्रतिशत) र सहयोगीतर्फ ४ जना (८० प्रतिशत) रहेका छन् । निर्देशनालयमा ८ पद रिक्त रहेको छ । यस मध्ये अधिकृत ३, सहायक ४ र सहयोगी १ रहेका छन् (विस्तृत विवरणको लागि तालिका - ११.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षको अवधिमा निर्देशनालयको जिम्मेवारी निर्वाहको लागि ३४ करोड ५१ लाख रकम विनियोजन गरिएको थियो । यो रकममा चालुतर्फ २९ करोड ४२ लाख (८५ प्रतिशत) र पूँजीगततर्फ ५ करोड ८ लाख (१५ प्रतिशत) रहेको थियो । यस प्रकार विनियोजित रकममा चालु र पूँजीगत

विनियोजनको अनुपात ५.८७ रहेको थियो । यस अवधिमा निर्देशानालयले विभिन्न कार्य सम्पादनको लागि चालु ७ करोड २० लाख (७८ प्रतिशत) र पूँजीगततर्फ २ करोड ४ लाख (२२ प्रतिशत) गरी कुल ९ करोड २४ लाख रकम खर्च गरेको थियो । यस अवधिमा चालु खर्च र विनियोजनको अनुपात ०.२४ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.४० रहेको थियो । चालु खर्च र पूँजीगत खर्चको अनुपात भने ५.५२ रहेको थियो (विस्तृत विवरणको लागि तालिका - ११.२.हेर्नुहोस्) ।

**तालिका - ११.२**

**शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | शिक्षा विकास निर्देशनालय | शिक्षा तालिम केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र ( जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ३५ | १९ | |
| | अधिकृत | १६ | ८ | |
| | सहायक | १४ | ५ | |
| | सहयोगी | ५ | ६ | |
| | प्राविधिक | ० | ० | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ३० | १३ | |
| | अधिकृत र सहायकको अनुपात | १.१४ | १.६ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ० | ० | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ६ | २.१४ | |
| | जम्मा पूर्ति दरबन्दी | २७ | १९ | |
| | अधिकृत | १३ | ८ | |
| | सहायक | १० | ५ | |
| | सहयोगी | ४ | ६ | |
| | जम्मा रिक्त दरबन्दी | ८ | ० | |

| | | | | |
|---|---|---|---|---|
| | अधिकृत | ३ | ० | |
| | सहायक | ४ | ० | |
| | सहयोगी | १ | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३४५१६२ | १४३४१४ | |
| | चालु तर्फको विनियोजन | २९४२६३ | १२८८१४ | |
| | पूँजीगततर्फको विनियोजन | ५०८९९ | १४६०० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ५.७८ | ८.८२ | |
| | चालु खर्च | ७२०१४ | १००५७८ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२४ | ०.७० | |
| | पूँजीगत खर्च | २०४२२ | १२५९३ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४० | ०.८६ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.५२ | ७.९८ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |
| | १ | एकीकृत शैक्षिक सूचना प्रणाली व्यवस्थापन | टीपीडी प्रमाणीकरण तालिम | |
| | २ | माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन | मनोसामाजिक परामर्श तालिम | |
| | ३ | स्थायी अनुमति पत्र परीक्षा संचालन | प्र अ र कर्मचारी तालिम | |
| | ४ | परम्परागत विद्यालय लगायतका विद्यालय सुधार | विषयगत र सेवाकालिन तालिम | |
| | ५ | विद्यार्थी छात्रवृत्ति वितरण | बालविकास सहजकर्ता तालिम | |

| | | | | |
|---|---|---|---|---|
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १३३९७३ | ३०२८० | |
| | चालु विनियोजन | १०३२३५ | २७७८० | |
| | पूँजीगत विनियोजन | ३०७३८ | २५०० | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३६.८६ | ११.११२ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | |
| | १ | सिक्दै कमाउदै,कमाउदै सिक्दै कार्यक्रम | शिक्षकको पेशागत विकास | |
| | २ | शिक्षालयको गुणस्तर र शिक्षकको क्षमता विकास | सूचना प्रविधिको प्रयोग कार्यक्रम | |
| | ३ | सबै वर्ग र समुदायको उच्च शिक्षामा पहुँच विस्तार | अभिभावक शिक्षा शैक्षिक जागरण पहिचान | |

स्रोत : शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केद्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

यो रकमबाट निर्देशनालयले विशेष गरी एकीकृत शैक्षिक सूचना प्रणाली व्यवस्थापन, माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन, स्थायी अनुमति पत्र परीक्षा संचालन, परम्परागत विद्यालय लगायतका विद्यालय सुधार र विद्यार्थी छात्रवृत्ति जस्ता कार्य सम्पन्न गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ११.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा निर्देशनालयको लागि चालुतर्फ १० करोड ३२ लाख (७७ प्रतिशत) र पूँजीगततर्फ ३ करोड ७ लाख (२३ प्रतिशत) गरी कुल १३ करोड ३९ लाख रकम विनियोजन गरिएको छ । यो रकमबाट निर्देशनालयले सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम, शिक्षालयको गुणस्तर, शिक्षकको क्षमता विकास र सबै वर्ग र समुदायको उच्चशिक्षामा पहूँच विस्तार गर्ने लक्ष्य लिएको छ (विस्तृत विवरणको लागि तालिका - ११.२ हेर्नुहोस्) ।

### ११.२.१ विश्लेषण :

गण्डकी प्रदेशको शिक्षा विकास निर्देशनालाय शिक्षा सेवा अधिकृत र सहायकको अत्यधिक दरबन्दी रहेको निकाय हो । संघीयता अनुसार शिक्षामा प्रदेशको प्रत्यक्ष जिम्मेवारी भनेको उच्च शिक्षा मात्र हो । त्यसदेखि तल शिक्षाको जिम्मेवारी स्थानीय तहमा निहीत छ । उच्च शिक्षामा निर्देशनालयको खास भूमिका नहुने तलको शिक्षामा उसको जिम्मेवारी नै नहुने अवस्थाले निर्देशनालयको भूमिकालाई अत्यन्त सीमित गरेको छ । अझ पनि निर्देशनालयमा

दरबन्दी अनुसार कर्मचारी पूर्ति हुन नसकेको र निर्देशनालयको खर्च गर्ने क्षमता अत्यन्त सीमित देखिनुले पनि निर्देशनालयको भूमिका एकदम सीमित रहेको पुष्टि गर्दछ । फेरि, प्रदेशले गर्ने शैक्षिक सुधारका भौतिक पूर्वाधार निर्माण सम्बन्धी काम सम्बन्धित निकायले गरिहाल्छन् । नीति निर्माण भईसकेको छात्रवृत्ति व्यवस्थापन पनि कार्यान्वयन गर्ने निकायले नै गर्न सकिहाल्छन् । यसरी हेर्दा निर्देशनालयको मुख्य काम भनेको विद्यार्थी र शिक्षकको परीक्षा व्यवस्थापन र एकीकृत शैक्षिक सूचना प्रणालीको संचालन हो । यो दुई काम कुनै निकायवाट गराउने व्यवस्था मिलाउनसक्ने हो भने निर्देशनालयको सान्दर्भिकता देखिदैन । यसरी सीमित भूमिकाको लागि बेग्लै र त्यसमा पनि यति ठूलो संरचना राख्नु शासकीय दक्षता र प्रभावकारिताको हिसाबले उपयुक्त हुदैन ।

**११.२.२ सिफारिस :**

विकास वा सेवा प्रवाहमा प्रत्यक्ष भूमिका नरहको दोस्रो तहको संरचनाको अपरिहार्य आवश्यकता नहुने भएकोले हाल शिक्षा विकास निर्देशनालयले गरिआएको विद्यार्थी र शिक्षकको परीक्षा संचालन र शैक्षिक सूचना प्रणालीका व्यवस्थापनको जिम्मेवारी केही कर्मचारी थप गरी शिक्षक तालिम केन्द्रलाई सुम्पिई शिक्षा विकास निर्देशनालय खारेज गर्न उपयुक्त हुन्छ ।

**११.२.३ निर्णय हुनुपर्ने व्यहोरा**

(क) शिक्षा विकास निर्देशनालय खारेज गर्ने,

(ख) साबिक शिक्षा विकास निर्देशनालयवाट शिक्षा सेवाका ५ अधिकृतहरू दरबन्दीसहित शिक्षक तालीम केन्द्रमा सरुवा गरी निर्देशनालयबाट हुदै आएको शिक्षक र विद्यार्थीको परीक्षा, एकीकृत शैक्षिक सूचना प्रणालीको संचालन लगायतका काम केन्द्रबाट गराउने व्यवस्था मिलाउने,

(ग) साविक शिक्षा तालिम केन्द्रको नाम परीक्षा व्यवस्थापन तथा शिक्षा तालिम केन्द्र राख्ने,

(घ) उल्लेखित (ख) र (ग) अनुसारको व्यवस्था मन्त्रालयले ७ दिन भित्र मिलाउने,

(ङ) साविक शिक्षा विकास निर्देशालायबाट उल्लेखित (ख) अनुसार सरुवा भई बाँकी रहेका ८ अधिकृत र १० सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(च) साविक शिक्षा विकास निर्देशनालयमा रिक्त रहेका ३ अधिकृत र ४ सहायकको दरबन्दी स्वतः खारेज हुने,

(छ) साविक शिक्षा विकास निर्देशनालयमा कार्यरत ४ कार्यालय सहयोगीलाई अवकास दिने,

(ज) साविक शिक्षा विकास निर्देशाालयवाट उल्लेखित (क) र (ग) अनुसार सरुवा गर्ने र (छ) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(झ) यो निर्णयबाट कानुनी अवरोध आउन नदिन मन्त्रालयले तत्कालै अन्तरिम र दीर्घकालिन कानुनी व्यवस्था मिलाउने,

(ञ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक शिक्षा विकास निर्देशनालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

### ११.३ शिक्षा तालिम केन्द्र

गण्डकी प्रदेशभित्रका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षकहरूको क्षमता विकासमा समर्पित यो तालिम केन्द्र वि. सं. २०५० सालमा स्थापना भई प्रदेश सरकार बनिसकेपछि प्रदेश सरकारलाई हस्तान्तरण भई आएको हो । केन्द्रमा कुल १९ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत ८, सहायक ५ र सहयोगी ६ दरबन्दी रहेको छ । केन्द्रमा प्राविधिकतर्फ दरबन्दी रहेको छैन । दरबन्दी संरचना अनुसार केन्द्रमा अधिकृत र सहायकको अनुपात १.६ रहेको छ अर्थात केन्द्रमा १.६ अधिकृतको लागि १ सहायकको दरबन्दी पर्न आउछ । त्यसै गरी केन्द्रका कर्मचारी र सहयोगीको अनुपात २.१४ अर्थात करिब २ जनाको लागि १ जना सहयोगीको दरबन्दी रहेको देखिन्छ । केन्द्रका सबै पदहरू पूर्ति भएको छ कुनै पनि पद खाली छैन (विस्तृत विवरणको लागि तालिका - ११.२.हेर्नुहोस्) ।

केन्द्रलाई विगत पाँच वर्षमा आफनो जिम्मेवारी अन्तरगतका कार्य सम्पादनको लागि चालुतर्फ १२ करोड ८८ लाख (९० प्रतिशत) र पूँजीगततर्फ १ करोड ४६ लाख (१० प्रतिशत) गरी कुल १४ करोड ३४ लाख रकम विनियोजन गरिएको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ८.८२ रहेको थियो । यसरी विनियोजन गरिएको् रकम मध्ये पाँच वर्षमा कुल ११ करोड ३० लाख (७९ प्रतिशत) खर्च भएको थियो । खर्च मध्ये चालुतर्फ १० करोड ५ लाख (९० प्रतिशत) र पूँजीगततर्फ १ करोड २५ लाख (१० प्रतिशत) रहेको थियो । यस प्रकार पाँच वर्षको अवधिमा चालु खर्च र चालु विनियोजन तथा पूँजीगत खर्च र पूँजीगत विनियोजनको अनुपात क्रमश ०.७० र ०.८६ रहेको थियो । यो रकमबाट केन्द्रले उक्त पाँच वर्षको अवधिमा विभिन्न किसिमका तालिम संचालन गरेको थियो । केन्द्रले विशेष गरी टीपीडी प्रमाणीकरण तालिम, मनोसामाजिक पराशर्म तालिम, व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र विद्यालय कर्मचारीको तालिम, विभिन्न विषयगत र सेवाकालीन तालिम र बालविकास सहजकर्ताको तालिम जस्ता विभिन्न तालिमसम्पन्न गरेको थियो (विस्तृत विवरणको लागि तालिका - ११.२.हेर्नुहोस्) ।

आर्थिक वर्ष २०८१/८२ मा केन्द्रको लागि ३ करोड २ लाख रकम विनियोजन गरिएको छ । यस मध्ये चालुतर्फ २ करोड ७७ लाख (९३ प्रतिशत) र पूँजीगततर्फ २५ लाख (७ प्रतिशत) रहेको छ । यो रकमबाट केन्द्रले शिक्षकको पेशागत विकास, शैक्षिक कार्यमा सूचना प्रविधिको प्रयोग सम्बन्धी तालिम र अभिभावक शिक्षा शैक्षिक जागरण पहिचान जस्ता कार्यक्रम संचालन गर्ने लक्ष्य लिएको छ (विस्तृत विवरणको लागि तालिका - ११.२.हेर्नुहोस्) ।

### ११.३.१ विश्लेषण :

प्रदेशभित्र ठूलो संख्यामा शैक्षिक संस्थाहरू रहेकोले व्यवस्थपन समितिका पदाधिकारी, कर्मचारी र शिक्षकहरूको संख्या ठूलो हुने भएकोले यिनीहरूको क्षमता विकासको लागि तालिम केन्द्रको अपरिहार्यता रहेको छ। तर, यस तालिम केन्द्रलाई प्रकरण ११.२.३ अनुसार पुनर्संरचना गरी थप काम र तालिम समेत गर्ने गरी पुनर्संरचना गर्न उपयुक्त हुन्छ।

### ११.३.२ सिफारिस :

प्रकरण ११.२.३ अनुसार शिक्षक तालिम केन्द्रलाई परीक्षा व्यवस्थापन तथा शिक्षक तालिम केन्द्र नामकरण गरी उक्त प्रकरणमा उल्लेख भए अनुसारको जिम्मेवारीमा संचालन गर्न उपयक्त हुने देखिन्छ।

### ११.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

शिक्षक तालिम केन्द्रलाई माथि प्रकरण ११.२.३ अनुसार पुनर्संरचना गरी संचालन गर्ने व्यवस्था मिलाउने।

## ११.४ प्रदेश संग्रहालय/रोजगार सूचना केन्द्र /व्यावसायिक सीप विकास तालिम केन्द्र कास्की र पर्वत

### ११.४.१ प्रदेश संग्रहालय :

वि सं २०४१ सालमा स्थापित प्रदेश संग्रहालय २०७५ सालदेखि प्रदेश सरकार मातहत संचालन हुदै आएको छ। संग्रहालयमा १० जनाको दरबन्दी रहेको छ। दरबन्दी संरचना अनुसार अधिकृत ३, सहायक ५ र सहयोगी २ रहेका छन्। संग्रहालयमा १ जना प्राविधिक कर्मचारी छन् बाँकी सबै कर्मचारी प्रशासनिक छन्। दरबन्दीको संरचना अनुसार संग्रहालयमा अधिकृत र सहायकको अनुपात ३, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ०.१४ र अरु कर्मचारी र सहयोगीको अनुपात ४ रहेको छ। संग्रहालयका सबै पद पूर्ति भएका छैनन् खाली ८ पद मात्र पूर्ति भएको छ। पूर्ति भएका पदमा अधिकृत ३, सहायक ३ र सहयोगी २ रहेका छन्। यसरी यहाँ २ पद रिक्त रहेकोमा २ पद नै सहायकको छ (विस्तृत विवरणको लागि तालिका - ११.४ हेर्नुहोस्)।

विगत पाँच वर्षको अवधिमा संग्रहालयको लागि १७ करोड ८३ लाख रकम विनियोजन गरिएको थियो। यसरी विनियोजन गरिएको रकममा चालुतर्फ ५ करोड ९५ लाख (३३ प्रतिशत) र पूँजीगततर्फ ११ करोड ८५ लाख (६७ प्रतिशत) विनियोजन गरिएको थियो। यो विनियोजन रकममा चालु र पूँजीगतको अनुपात ०.५० रहेको थियो। यस अवधिमा संग्रहालयले आफ्नो जिम्मेवारी पूरा गर्ने सिलसिलामा चालुतर्फ ४ करोड ४० लाख(३६ प्रतिशत) र पूँजीगततर्फ ७ करोड ६२ लाख (६४ प्रतिशत) गरी कुल १२ करोड २ लाख रकम खर्च गरेको थियो। यो खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.७४ र पूँजीगत

खर्च र विनियोजनको अनुपात ०.६४ र चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.५७ रहेको थियो । यो रकम खर्च गरेर विगत पाँच वर्षको अवधिमा संग्रहालयले विशेष गरी सामग्री संकलन, संरक्षण सम्बन्धी कार्यक्रम र संग्रहालयको स्तरोन्नती गर्ने काम गरेको थियो ( विस्तृत विवरणको लागि तालिका - ११.४ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा संग्रहालयको लागि २ करोड ७६ लाख रकम विनियोजन गरिएको छ । यसमा चालुतर्फ १ करोड ४० लाख (५० प्रतिशत) र पूँजीगततफ१ करोड ३६ लाख (५० प्रतिशत) रकम रहेको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात १.०३ रहेको छ । यो रकमबाट संग्रहालयले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ (विस्तृत विवरणको लागि तालिका - ११.४ हेर्नुहोस्) ।

**तालिका-११.४**

**प्रदेश संग्रहालय, रोजगार सूचना केन्द्र, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्की र पर्वतको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | प्रदेश संग्रहालय | रोजगार सूचना केन्द्र | व्यवसायिक तथा सीप विकास तालिम केन्द्र कास्की | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वत |
|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | | |
| २. | कुल दरबन्दी | १० | ४ | १० | १३ |
| | अधिकृत | ३ | १ | ३ | ३ |
| | सहायक | ५ | २ | ५ | ८ |
| | सहयोगी | २ | १ | २ | २ |
| | प्राविधिक | १ | ० | ० | ० |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ७ | ३ | ८ | ११ |
| | अधिकृत र सहायकको अनुपात | ३ | ०.५ | ०.६ | ०.३७ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.१४ | ० | ८ | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४ | ३ | ४ | ५.५ |
| | जम्मा पूर्ति दरबन्दी | ८ | २ | ८ | ११ |
| | अधिकृत | ३ | ० | २ | २ |
| | सहायक | ३ | १ | ४ | ७ |
| | सहयोगी | २ | १ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | २ | २ | २ | २ |
| | अधिकृत | ० | १ | १ | १ |
| | सहायक | २ | १ | १ | १ |
| | सहयोगी | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १७८३६७ | २९८४२ | १५२७२९ | १०९०७६ |
| | चालु तर्फको विनियोजन | ५९५८७ | २६०७२ | १५१७६४ | १०५५२१ |
| | पूँजीगततर्फको विनियोजन | ११८५८७ | ३७७० | ८१५ | ३५५५ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.५० | ६.९ | १८७.२ | २९.६८ |
| | चालु खर्च | ४४०२५ | ७०३७ | १११०८७ | ८९३७२ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७४ | ०.२३ | ०.७३ | ०.८५ |
| | पूँजीगत खर्च | ७६२१० | २१६२ | २४२४ | २६४१ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.६४ | ०.०७ | २.९७ | ०.७५ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.५७ | ३.२५ | ६४.४९ | ३३.८४ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | |
| | १ | प्रदर्शनीमा राख्ने सामग्री संकलन | रोजगारीको लगत संकलन | विभिन्न व्यावसायिक तथा सीममूलक तालिम संचालन | विभिन्न व्यावसायिक तथा सीममूलक तालिम संचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| | २ | संरक्षण सम्बन्धी कार्यकम | वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम | | |
| | ३ | संग्रहालयको स्तरोन्नती | रोजगार दाताहरूसँग अन्तरक्रिया | | |
| | ४ | | सूचनामूलक स्टल संचालन | | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २७६४३ | ६५६१ | २८०९६ | १३५५० |
| | चालु विनियोजन | १४०४३ | ६४८१ | २७८१६ | १३०२१ |
| | पूँजीगत विनियोजन | १३६०० | ८० | २८० | ५२९ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १.०३ | ८१.० | १००.० | २४.६१ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | केही उल्लेख नभएको |
| | १ | संग्रहालयको भौतिक पूर्वाधार निर्माण कार्यमा प्राथमिकता | रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाउने । | नागरिकलाई व्यावसायिक सीप दिइ दक्ष बनाउने | |

स्रोत : प्रदेश संग्रहालय/रोजगार सूचना केन्द्र/व्यवसायिक सीप विकास केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### ११.४.१.१ विश्लेषण :

प्रदेशको संस्कृति र परम्पराको संरक्षण र प्रवर्धनको लागि प्रदेश संग्रहालयको आवश्यकता रहेकोले यो संरचनाको विषयमा केही गर्न नपर्ने ।

### ११.४.१.२ सिफारिस :

प्रदेश संग्रहालयको विषयमा केही नगरी, यथावत संचालन गर्न उपयुक्त हुने ।

#### ११.४.१.३ निर्णय हुनुपर्ने व्यहोरा :

निर्णय गर्नु नपर्ने ।

### ११.४.२ रोजगार सूचना केन्द्र

नेपाल सरकारले २०६५ सालमा स्थापना गरेको यो केन्द्र गण्डकी प्रदेश सरकार निर्माण भएपछि प्रदेश सरकार मातहत आएको हो । प्रदेशभर कार्य क्षेत्र भएको यो केन्द्रमा कुल ४ जनाको दरबन्दी रहेको छ । यस मध्ये अधिकृत १, सहायक २ र सहयोगी १ दरबन्दी रहेको छ । केन्द्रमा प्राविधिक कर्मचारी छैनन् भने प्रशासनिक कर्मचारीको संख्या ३ रहेको छ । यसरी केन्द्रमा अधिकृत र सहायकको अनुपात ०.५, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात र अरु कर्मचारी र सहयोगीको अनुपात ३, ३ रहेको छ । थोरै मात्र कर्मचारी रहेको भए पनि केन्द्रका २ पद मात्र पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा सहायक १ पद र सहयोगी १ पद रहेको छ । रिक्त २ पदमा अधिकृत र सहायकको १, १ पद रहेको छ (विस्तृत विवरणको लागि तालिका-११.४ हेर्नुहोस्) ।

बितेको पाँच वर्षमा केन्द्रको लागि २ करोड ९८ लाख विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ २ करोड ६० लाख (८७ प्रतिशत) र पूँजीगततर्फ ३८ लाख (१३ प्रतिशत) विनियोजन गरिएको थियो । विनियोजनमा चालु र पूँजीगतको अनुपात ६.९ रहेको थियो । यस अवधिमा केन्द्रले चालुतर्फ ७० लाख ३७ हजार (७६ प्रतिशत) र पूँजीगततर्फ २१ लाख ६२ हजार (२४ प्रतिशत) गरी कुल ९१ लख ९९ हजार रकम खर्च गरेको थियो । यो खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.२३ र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.०७ रहको थियो । साथै, चालु खर्च र पूँजीगत खर्चको अनुपात ३.२५ थियो । केन्द्रले विगत पाँच वर्षको अवधिमा बेरोजगारको लगत संकलन, वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रम, रोजगारदातासँग अन्तरक्रिया र सूचनामूलक स्टल संचालन गर्ने जस्ता कामहरू गरेको थियो (विस्तृत विवरणको लागि तालिका -११.४ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा केन्द्रको लागि ६५ लाख ६१ हजार विनियोजन गरिएको छ । यो विनियोजनमा चालुतर्फ ६४ लाख ८१ हजार (९९ प्रतिशत) र पूँजीगततर्फ ८० हजार ( १ प्रतिशत) छुट्याइएको छ । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ८१.० रहेको छ । यो रकमबाट केन्द्रले प्रशिक्षार्थीहरूको तालिम गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -११.४ हेर्नुहोस्) ।

#### ११.४.२.१ विश्लेषण :

रोजगारी सम्बन्धमा यस प्रकारको सूचना केन्द्रको सीमित मात्र भूमिका रहने भएकोले केन्द्रलाई छुटटै निकायको रूपमा संचालन गर्नु वाञ्छनीय नभएकोले प्रदेश सरकार मातहत रहेका अन्य निकायवाट नै सूचना प्रविधिको प्रयोग गरी

रोजगारीको लागि इच्छुकहरूको विवरण तयार गरी रोजगार दातालाई उपलब्ध गराउन सकिने हुन्छ। फेरि, हिजोआज निजी क्षेत्रवाट पनि यस प्रकार विवरणहरू तयार गरी रोजगारी प्रयोजनको लागि उपलब्ध गराउने मनग्य रूपमा भईरहेकोले यसमा सार्वजनिक प्रयासको खासै महत्व पनि छैन ।

**११.४.२.२ सिफारिस :**

हाल संचालनमा रहेको रोजगार सूचना केन्द्रले गरिआएको काम प्रकरण ६.३.३ मा प्रस्ताव गरिए अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालयबाट गराउने गरी रोजगार सूचना केन्द्र खारेज गर्न उपयुक्त हुन्छ ।

**११.४.२.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) रोजगार सूचना केन्द्र खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार खारेजीमा परेको साविक रोजगार सूचना केन्द्रले गरिआएको काम प्रकरण ६.३.३ मा प्रस्ताव गरिए अनुसार पुनर्संरचना भई तनहुँ, कास्की र बाग्लुङमा स्थापना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालयवाट गर्ने गराउने व्यवस्था मिलाउने,

(ग) उल्लेखित (ख) अनुसारको व्यवस्था सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालयसँग समन्वय गरी पर्यटन तथा उद्योग मन्त्रालयले ७ दिनभित्र मिलाउने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिकको रोजगार सूचना केन्द्रमा कार्यरत १ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(ङ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक रोजगार सूचना केन्द्रमा कार्यरत १ कार्यालय सहयोगीलाई अवकास दिने,

(च) उल्लेखित (क) अनुसारको सरुवा र (ग) अनुसार अवकास गर्ने काम मन्त्रालयले ७ दिनभित्र गर्ने,

(छ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक रोजगार सूचना केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

### ११.४.३ व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (कास्की र पर्वत)

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरूको स्थापना धेरै अगाडि भएको थियो । केन्द्र कास्कीमा २०४२ साल र पर्वतमा २०४९ सालमा स्थापना भएका थिए । वि. सं. २०७५ सालमा यी केन्द्रहरू प्रदेश सरकार मातहत आएका थिए । कास्कीको केन्द्रमा १० र पर्वतको केन्द्रमा १३ जना दरबन्दी रहेको छ । कास्कीमा अधिकृत ३, सहायक ५ र सहयोगी २ को दरबन्दी रहेको छ भने पर्वतमा अधिकृत ३, सहायक ८ र सहयोगीको दरबन्दी २ रहेको छ । यी दुवै केन्द्रमा प्राविधिक कर्मचारीको दरबन्दी छैन खाली प्रशासनिक कर्मचारी मात्र रहेका छन् । कास्कीमा प्रशासनिक कर्मचारीको संख्या ८ छ भने पर्वतमा ११ छ । दरबन्दी संरचना अनुसार कास्की र पर्वतमा अधिकृत र सहायक कर्मचारीको अनुपात क्रमशः ०.६ र ०.३७ रहेको छ । प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात क्रमश ८ र ११ रहेको छ । कास्की र पर्वतमा अरु कर्मचारी र सहयोगीको अनुपात क्रमशः ४ र ५.५ रहेको छ । कास्कीको केन्द्रमा ८ पद पूर्ति रहेको छ भने पर्वतमा ११ पद । यसरी पूर्ति भएका पदमा कास्कीमा अधिकृत २, सहायक ४ र सहयोगी २ छन् भने पर्वतमा अधिकृत २, सहायक ७ र सहयोगी २ रहेको छ । यी दुवै केन्द्रमा रिक्त रहको २, २ पद मध्ये १, १ पद अधिकृत र १, १ पद सहायक रहेको छ (विस्तृत विवरणको लागि तालिका -११.४ हेर्नुहोस्)।

बितेको पाँच वर्षमा कास्की र पर्वतको लागि क्रमशः १५ करोड २७ लाख र १० करोड ९० लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा कस्कीमा चालुतर्फ १५ करोड १७ लाख (९९ प्रतिशत) र पूँजीगततर्फ ८ लाख १५ हजार (१ प्रतिशत) विनियोजन गरिएको थियो भने पर्वतमा चालुतर्फ १० करोड ५५ लाख (९७ प्रतिशत) र पूँजीगततर्फ ३५ लाख ५५ हजार (३ प्रतिशत) विनियोजन गरिएको थियो । चालु र पूँजीगत विनियोजनको अनुपात कास्की र पर्वतमा क्रमश १८७.२ र २९.६८ रहेको थियो । यो अवधिमा कास्की र पर्वतको केन्द्रले क्रमशः चालु खर्चमा ११ करोड १० लाख र ८ करोड ९३ लाख तथा पूँजीगत खर्चमा २४ लाख २४ हजार र २६ लाख ४१ हजार खर्च गरेका थिए । कास्की र पर्वतको कुल खर्च क्रमशः ११ करोड ३४ लाख र ९ करोड १९ लाख रहको थियो । यसरी विगत पाँच वर्षमा कास्की र पर्वतको चालु खर्च र वनियोजनको अनुपात क्रमश ०.७३ र ०.८५ रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः २.९७ र ०.७५ रहेको थियो । त्यसरी नै कास्की र पर्वतले गरेको खर्चमा चालु खर्च र पूँजीगत खर्चको अनुपात क्रमश ६४.४९ र ३३.८४ रहेको थियो । यी केन्द्रले यस अवधिमा यो रकमबाट विशेष गरी विभिन्न किसिमका व्यवसायिक तथा सीपमूलक तालिम संचालन गरेका थिए (विस्तृत विवरणको लागि तालिका-११.४ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा कास्की र पर्वतको लागि क्रमशः २ करोड ८० लाख र १ करोड ३५ लाख रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा कास्की र पर्वतको चालुतर्फ क्रमशः २ करोड ७८ लाख र १ करोड ३० लाख तथा पूँजीगततर्फ क्रमशः २ लाख ८०

हजार र ५ लाख २९ हजार रकम छुट्याइएको छ । चालु वर्षको विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात कास्की र पर्वतको लागि क्रमशः १०० र २४.६१ रहेको छ । यो रकमबाट केन्द्रले गत वर्षहरूमा जस्तै व्यावसायिक तथा सीपमूलक तालिम संचालन गर्ने लक्ष्य राखेका छन (विस्तृत विवरणको लागि तालिका - ११.४ हेर्नुहोस्) ।

**११.४.३.१ विश्लेषण :**

धेरै लामो समयदेखि वर्तमानको भौगोलिक अवस्थितिमा रही व्यावसायिक विकास तथा सीप विकासमा समर्पित यी तालिम केन्द्रको सान्दर्भिकता अहिले पनि उत्तिकै रहेको सन्दर्भमा तालिम केन्द्रहरूले नवीनतम् व्यावसायिक विकास तथा सीप विकासका तालिम कार्यकमहरू थप विस्तार गर्न उपयुक्त हुन्छ । दक्षता तथा प्रभावकारिता अभिवृद्धिको लागि पर्वतको केन्द्रलाई प्रकरण ६.३.३ मा प्रस्ताव गरिए अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालय बागलुङमा र कास्कीको केन्द्र लाई पर्यटन तथा उद्योग डिभिजन कार्यालय कास्कीमा समाहित गर्न उपयुक्त हुन्छ ।

**११.४.३.२ सिफारिस :**

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरूलाई प्रकरण ६.३.३ मा प्रस्ताव गरिए अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालय बागलुङ र कास्कीमा समायोजन गरी ती निकाय मार्फत व्यावसायिक विकास तथा सीप विकास तालिम कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउन उपयुक्त देखिन्छ ।

**११.४.३.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) व्यावसायिक तथा सीप विकास तालिम केन्द्र बागलुङलाई प्रकरण ६.३.३ अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालय बागलुङमा र व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीलाई प्रकरण ६.३.३ अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालय कास्कीमा समायोजन गर्ने,

(ख) उल्लेखित (क) अनुसार समायोजन गर्दा साबिक व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वतमा कार्यरत २ अधिकृत र २ सहायक कर्मचारीलाई दरबन्दीसहित प्रकरण ६.३.३ अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालयमा सरुवा गर्ने र यही डिभिजन कार्यालयवाट तालिम संचालनको व्यवस्था मिलाउने,

(ग) उल्लेखित (क) अनुसार समायोजन गर्दा साबिक व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीमा कार्यरत २ अधिकृत र २ सहायक

कर्मचारीलाई दरबन्दीसहित प्रकरण ६.६.३ अनुसार पुनर्संरचना गरिने पर्यटन तथा उद्योग डिभिजन कार्यालयमा सरुवा गर्ने र यही डिभिजन कार्यालयबाट तालिम संचालनको व्यवस्था मिलाउने,

(घ) उल्लेखित (ख) र (ग) अनुसार सरुवा गर्दा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरी उद्योग तथा पर्यटन मन्त्रालयले ७ दिनभित्र सरुवा गर्ने,

(ङ) उल्लेखित (ख) र (ग) अनुसार सरुवा गरी साविक व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वतमा कार्यरत ५ सहायक तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीमा कार्यरत २ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(च) उल्लेखित (क) अनुसार समायोजन गर्दा साबिक व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वतमा रिक्त रहेका १ अधिकृत र १ सहायकको दरबन्दी तथा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीमा रिक्त रहेका १ अधिकृत र १ सहायकको दरबन्दी स्वतः खारेज हुने,

(छ) उल्लेखित (क) अनुसार समायोजन भएका साबिक व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वतमा कार्यरत २ कार्यालय सहयोगी र व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कास्कीमा कार्यरत २ कार्यालय सहयोगीलाई अवकास गर्ने,

(ज) उल्लेखित (ङ) अनुसार सरुवा गर्ने र (छ) अनुसार अवकास गर्ने कार्य मन्त्रालयले ७ दिनभित्र सम्पन्न गर्ने,

(ञ) उल्लेखित (क) अनुसार समायोजन भएका साबिक व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको नगदी , जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

**११.५ सामाजिक विकास कार्यालयहरू**

गण्डकी प्रदेशमा हाल ११ जिल्लामा सामाजिक विकास कार्यालय छन् । यी कार्यालयहरू प्रदेश सरकारको निर्णयबाट २०७८ सालमा स्थापना भएका हुन् । यी कार्यालयमा चार किसिमको दरबन्दी संरचना देखिन्छ, दुई जिल्लामा ७, एक जिल्लामा ८, सात जिल्लामा ९ र एक जिल्लामा १० छ । यो दरबन्दी संरचना अनुसार अधिकृत दरबन्दी १ देखि ६ सम्म, सहायक १ देखि ५ सम्म र सहयोगी २ र ३ दरबन्दी रहेको देखिन्छ । यी कार्यालय मूलतः अधिकृतमूलक छन् केही अपवाद बाहेक । त्यसै गरी कार्यालयमा प्रशासनिक कर्मचारीको बाहुल्यता देखिन्छ । दरबन्दीमा प्रशासनिक कर्मचारीको

संख्या ४ देखि ८ सम्म रहेको छ भने प्राविधिक कर्मचारी कतिपयमा छैनन् भने कतिपयमा १ जना रहेका छन् । यसरी यी कार्यालयमा अधिकृत र सहयोगीको अनुपात ०.२ देखि ६ सम्म रहेको छ । प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ०.१२ देखि ८ सम्म र अरु कर्मचारी र सहयोगीको अनुपात १.३ देखि ४.५ सम्म रहेको छ (विस्तृत विवरणको लागि तालिका-११.५-१ र ११.५-२ हेर्नुहोस्) ।

कार्यालयमा दरबन्दी अनुसार पदपूर्ति भएको छैन, यद्यपि कुनैमा धेरै र कुनैमा थोरै मात्र पदपूर्ति हुन बाँकी रहेको देखिन्छ । पदपूर्तितर्फ नियाल्दा ३ देखि १० पदसम्म पूर्ति भएको देखिन्छ । यसरी पूर्ति भएको पदमा अधिकृत तर्फ १ देखि ४ पद, सहायकमा पूर्ति नै नभएको अवस्था देखि ३ पदसम्म र सहयोगीमा १ देखि ३ पदसम्म पूर्ति भएको देखिन्छ । रिक्ततर्फ १ देखि ४ पदसम्म रिक्त रहेको देखिन्छ भने यसमा अधिकृततर्फ रिक्त नभएको अवस्था देखि ३ पदसम्म, सहायकमा रिक्त नभएको अवस्थादेखि ३ पदसम्म र सहयोगीमा रिक्त नभएको अवस्थादेखि १ पद मात्र रिक्त रहेको अवस्था छ (विस्तृत विवरणको लागि तालिका - ११.५-१ र ११.५-२ हेर्नुहोस्)

**तालिका-११.५-१**

**सामाजिक विकास कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७८।०७९ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | बागलुङ | कास्की | म्याग्दी | लमजुङ | मनाङ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १० | ८ | ९ | ९ | ७ |
| | अधिकृत | ६ | ५ | १ | २ | ४ |
| | सहायक | २ | ० | ५ | ४ | ० |
| | सहयोगी | २ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | १ | ० | १ | ० | ० |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ८ | ५ | ५ | ६ | ४ |
| | अधिकृत र सहायकको अनुपात | २ | ५ | ०.२ | ६ | ४ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.१२ | ५ | ०.२ | ६ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.५ | २.६६ | २ | २ | १.३ |
| | जम्मा पूर्ति दरबन्दी | ७ | ६ | ६ | ५ | ३ |
| | अधिकृत | ३ | ५ | १ | २ | १ |
| | सहायक | २ | ० | ३ | १ | ० |
| | सहयोगी | २ | ३ | २ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | ३ | २ | ३ | ४ | ४ |
| | अधिकृत | ३ | २ | ० | ० | ३ |
| | सहायक | ० | ० | २ | ३ | ० |
| | सहयोगी | ० | ० | १ | १ | १ |
| ३. | विगत तीन वर्षको कुल विनियोजन | २०८०१६ | ४९३६५८ | १२८४४६ | १४६८७६ | १०५५२२ |
| | चालु तर्फको विनियोजन | १२०७९१ | ९५०५७ | ६०८९६ | ५०१२६ | ३३६२२ |
| | पूँजीगततर्फको विनियोजन | ८७२२५ | ३९८६०१ | ६७५५० | ९६७५० | ७१९०० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १.३८ | ०.५२ | ०.९० | ०.५१ | ०.४६ |
| | चालु खर्च | ४२३८२ | ७०९४० | ४०४४३ | २८१६२ | १५४८० |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.४९ | ०.७४ | ०.३१ | ०.५६ | ०.४६ |
| | पूँजीगत खर्च | १२३१५३ | ३५८०९३ | ६५९५१ | ७८९४१ | ७०९१६ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | १.४१ | ०.९० | ०.९७ | ०.८१ | ०.६७ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.४८ | ०.१९ | ०.६१ | ०.३५ | ०.१४ |
| ४. | विगत तीन वर्षको पाँच मुख्य काम | | | | | |
| | १ | सचेतना मुलक कार्यक्रम | सचेतना मुलक कार्यक्रम | सामुदायिक भवन निर्माण | CED लाई प्रविधि हस्तान्तरण | महिला हिंसा विरुद्ध कार्यक्रम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २ | विद्यालय पूर्वाधार निर्माण | विद्यालय पूर्वाधार निर्माण | सास्कृतिक सम्पदाको निर्माण | सिमान्तकृत दिवस मनाउने | विद्यालय पूर्वाधार निर्माण |
| | ३ | सामुदायिक भवन निर्माण | सामुदायिक भवन निर्माण | निशुल्क लो.से.आ. तयारी कक्षा | लैगिंक हिंसा दिवस मनाउने | सचेतना मुलक कार्यक्रम |
| | ४ | सांस्कृतिक सम्पदाको निर्माण | सांस्कृतिक सम्पदाको निर्माण | महिला हिंसा विरुद्ध कार्यक्रम | ज्येष्ठ नागरिक स्याहार सचेतना | विद्यालय पूर्वाधार निर्माण |
| | ५ | सभाहल निर्माण | सभाहल निर्माण | विद्यालय पूर्वाधार निर्माण | सांस्कृतिक कार्यक्रमको संरक्षण | विद्यालय पूर्वाधार निर्माण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ११२४०१ | १६६६०३ | ५७०१३ | ७३००५ | ३२७८९ |
| | चालु विनियोजन | ६५८४६ | ६३९८६ | ४१९६९ | ३५८४५ | १६७८९ |
| | पूँजीगत विनियोजन | ४६५५५ | १०२६१७ | १५०४४ | ३७१६० | १६००० |
| | | | | | | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १.४१ | ०.६२ | २.७८ | ९.६४ | १.०४ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | नभएको |
| | १ | सिमान्तीकृत वर्ग लक्षित कार्यक्रम | सिमान्तीकृत वर्ग लक्षित कार्यक्रम | उत्पादनसँग युवा | उत्पादनसँग युवा | |
| | २ | सबै तहका शिक्षा सम्बन्धी कार्यक्रम | सबै तहका शिक्षा सम्बन्धी कार्यक्रम | लैङ्गिक हिंसा न्यूनीकरण | लैङ्गिक हिंसा न्यूनीकरण | |
| | ३ | पूरातात्विक सम्पदाको संरक्षण | पूरातात्विक सम्पदाको संरक्षण | बालमैत्री प्रवर्धन | बालमैत्री प्रवर्धन | |
| | ४ | औद्योगिक तथा श्रम सम्बन्धी विवाद निरुपण | औद्योगिक तथा श्रम सम्बन्धी विवाद निरुपण | Ict BOOT | Ict BOOT | |

स्रोत : सामाजिक विकास कार्यालयहरूबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत तीन वर्षको अवधिमा कार्यालयको लागि ८ करोड ५४ लाखदेखि ४९ करोड ३६ लाखसम्म रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ३ करोड ३६ लाखदेखि १८ करोड ६७ लाख सम्म र पूँजीगततर्फ ४ करोड ६२ लाखदेखि २८ करोड ६३ लाखसम्म विनियोजन भएको देखिन्छ । यसरी चालु विनियोजन र पूँजीगत विनियोजनको अनुपात ०.१९ देखि ४.०३ सम्म रहेको थियो । यस अवधिमा कार्यालयहरूले चालुतर्फ १ करोड ५४ लाखदेखि ७ करोड ९ लाखसम्म र पूँजीगततर्फ ४ करोड १९ लाखदेखि ३५ करोड ८० लाख सम्म खर्च गरेका थिए । यसरी खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.०८ देखि ०.७४ सम्म रहेको थियो भने पूँजीगत खर्च र विनियोजनको अनुपात ०.४१ देखि १.४१ सम्म रहको थियो । त्यसै गरी खर्चमा चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.११ देखि ३.४८ सम्म रहन गएको थियो । यो खर्चबाट कार्यालयले विशेषत विभिन्न सचेतनामूलक कार्यक्रम, विद्यालय र सामुदायिक भवन निर्माण, खेल मैदान निर्माण, सांस्कृतिक सम्पदाको संरक्षण, विभिन्न लक्षित वर्गको कार्यक्रम, दिवस र सांस्कृतिक कार्यक्रम आयोजना गर्ने जस्ता कार्य गरेका थिए(विस्तृत विवरणको लागि तालिका ११.५-१ र ११.५-२ हेर्नुहोस्) ।

## तालिका - ११.५-२

## सामाजिक विकास कार्यालयहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र. सं. | विषय | गोरखा | स्याङजा | तनहुँ | पर्वत | मुस्ताङ | नवलपुर |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | ९ | ९ | ९ | ९ | ७ | ९ |
| | अधिकृत | ५ | ६ | १ | ६ | २ | ४ |
| | सहायक | १ | ० | ५ | ० | २ | २ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | १ | १ | १ | ० | ० | १ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | ५ | ५ | ५ | ६ | ४ | ५ |
| | अधिकृत र सहायकको अनुपात | ५ | .६ | ०.२ | ६ | १ | २ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.२ | ०.२ | ०.२ | ६ | ४ | ०.२ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २ | २ | २ | २ | १.३ | २ |
| | जम्मा पूर्ति दरबन्दी | ५ | ६ | ८ | ६ | ५ | ५ |
| | अधिकृत | २ | ४ | १ | ४ | १ | ३ |
| | सहायक | १ | ० | ४ | ० | १ | ० |
| | सहयोगी | २ | २ | ३ | २ | ३ | २ |
| | जम्मा रिक्त दरबन्दी | ४ | १ | १ | ३ | २ | ४ |
| | अधिकृत | ३ | २ | ० | २ | १ | १ |
| | सहायक | ० | ० | १ | ० | १ | २ |
| | सहयोगी | १ | १ | ० | १ | ० | १ |
| ३. | विगत तीन वर्षको कुल विनियोजन | २६९७०३ | २३२९९४ | २११२०९ | १८०५२१ | ८५४२३ | ३४०८९१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु तर्फको विनियोजन | ८५७६३ | १८६७०० | ४९४०९ | ४७७२१ | ४१२७३ | ५४५८९ |
| | पूँजीगततर्फको विनियोजन | १८३९४० | ४६२९४ | १६१८०० | १३२८०० | ३९०५० | २८६३०२ |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.४६ | ४.०३ | ०.३० | ०३६ | १.०५ | ०.१९ |
| | चालु खर्च | ४००४६ | २७१५८ | ४४२३० | २६२९४ | २१९३३ | २७३९३ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.३१ | ०.११ | ०.४१ | ०.५५ | ०.२३ | ०.०८ |
| | पूँजीगत खर्च | १२४६८१ | १६८०२२ | ८७६०३ | १२०४१४ | ४१९८७ | २३१३१५ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४६ | ०.७२ | ०.४१ | ०.९० | ०.४९ | ०.६७ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.३२ | ०.१६ | ०.४४ | ०.२१ | ०.५२ | ०.११ |
| ४. | विगत तीन वर्षको पाँच मुख्य काम | | | | | | |
| | १ | विद्यालय सुधार कार्यक्रम | विभिन्न खेल मैदान निर्माण | कुनै उल्लेख नभएको | लक्षित वर्ग सम्बन्धी विनियोजित बजेट कार्यान्वयन | गुम्बाहरू संरक्षण | बाल अधिकार संरक्षण |
| | २ | बाल सञ्जाल पुनर्गठन | विभिन्न सामुदायिक भवन निर्माण | कुनै उल्लेख नभएको | विनियोजन भएका योजना कार्यान्वयन | विद्यालय परिसर घेराबारा | महिला तथा दलितका तोकिएका कार्यहरू |
| | ३ | किशोरी आत्मरक्षा तालिम | प्रदेशबाट विनीयोजित बजेट कार्यान्वयन | कुनै उल्लेख नभएको | अन्य प्रशासनिक कार्य | ताङवे समाज भवन मर्मत | शिक्षा युवा खेलकुद सम्बन्धी |
| | ४ | हिंसा प्रभावित पुनर्स्थापन | अल्पसंख्यक वर्गको वार्षिक कार्यक्रम कार्यान्वयन | कुनै उल्लेख नभएको | | खेल मैदान निर्माण | सांस्कृतिक पूर्वाधार निर्माण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५ | अल्पसंख्यक वर्गको तथ्याङक संकलन | विभिन्न मन्दिर निर्माण | कुनै उल्लेख नभएको | | | ज्येष्ठ नागरिक अपाङ्गता भएका सम्बन्धी लक्षित कार्यहरू |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ९७२१४ | ८५६३७ | १२६३४६ | ७३०९५ | ३८७५६ | ३४०८९१ |
| | चालु विनियोजन | ४५४७४ | ४१६३७ | ३८६२६ | ४०८९५ | २३७५६ | ५४५८९ |
| | पूँजीगत विनियोजन | ५१७४० | ४४००० | ८७७२० | ३२२०० | १५०० | २८६३०२ |
| | | | | | | | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.८७ | ०.९४ | ०.४४ | १.२७ | १५.८३ | ०.१९ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १ | सिकाउनका लागि पढौ | बिउ पूँजी कार्यक्रम | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | Ict BOOT कार्यक्रम |
| | २ | लड्ैगिक हिंसा शून्य | महिला उद्यमी यूवा कार्यक्रम | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | खेल मैदान स्तरोन्नति |
| | ३ | बालमैत्री स्थानीय शासन प्रवर्धन | सडक मानव मुक्त | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन |
| | ४ | ज्येष्ठ नागरिक सेवा केन्द्र | ICT BOOT कार्यक्रम | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | बालमैत्री स्थानीय शासन प्रवर्धन |
| | ५ | सिर्जनशील तथा उद्यमी युवा | वालमैत्री स्थानीय शासन प्रवर्धन | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | कुनै उल्लेख नभएको | ठूला विद्यालय विकास |

स्रोत : सामाजिक विकास कार्यालयहरूबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा कार्यालयलाई ३ करोड २७ लाख देखि ३४ करोड ८ लाखसम्म रकम विनियोजन गरिएको छ । विनियोजित रकममा चालुतर्फ १ करोड ६७ लाखदेखि ६ करोड ५८ लाखसम्म र पूँजीगततर्फ १ करोड ६० लाखदेखि २८ करोड ६३ लाखसम्म रहको छ । विनियोजनमा चालु र पूँजीगतको अनुपात ०.१९ देखि १५.८३ सम्म रहेको छ । यो रकमबाट कार्यालयले सीमान्तकृत वर्ग लक्षित कार्यक्रम, सबै तहका विद्यालय सुधार कार्यक्रम, पूरातात्विक सम्पदाको संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, बालमैत्री स्थानीय शासन प्रवर्धन, उत्पादनमा युवा, सडक मानव मुक्त, महिला उद्यमी, खेल मैदानको स्तरोन्नती, ICT BOOT जस्ता कार्यक्रम संचालन गर्ने लक्ष्य राखेका छन् ( विस्तृत विवरणको लागि तालिका-११.५-१ र ११.५-२ हेर्नुहोस्) ।

**८.५.१ विश्लेषण :**

सामाजिक विकास कार्यालयहरूले खास गरी पुरातात्विक, धार्मिक र विद्यालयहरूको भौतिक सुधारको लागि स-साना भौतिक निर्माणका कार्य तथा वर्ग, लिङ्ग, समूह र समुदायको कल्याणकारिणी कार्यहरू गरिरहेका छन् । भौतिक निर्माणका कार्य गर्न कार्यालयमा करारमा इन्जिनियर वा सव इन्जिनियर राखिएको छ भने वर्ग, लिङ्ग, समूह र समुदाय लक्षित कल्याणकारिणी कामहरू स्थानीय सामाजिक संघ संस्था मार्फत कार्यान्वयन गरी गर्ने गरिएको छ । संघ, संस्था मार्फत कार्य गराउन कार्यालयको जिल्लागत भौतिक उपस्थिति अपरिहार्य हुदैन । त्यसै गरी भौतिक पूर्वाधार निर्माण र मर्मत सभार गर्ने काम जिल्लामा रहेका अरु पूर्वाधार निर्माणका कार्यालयहरूबाट गराउन सकिन्छ । यस अवस्थामा यी कार्यालयहरूको जिल्लागत उपस्थिति उपयुक्त देखिदैन । कार्यालयमा विद्यमान न्यून दरबन्दी र भएको दरबन्दी पनि पूर्ति नभएको अवस्थाले पनि यो कुराको पुष्टि हुन्छ ।

**८.५.२. सिफारिस :**

सामाजिक विकास कार्यालयबाट भइरहेको भौतिक निर्माण र मर्मत संभारको काम प्रदेश सरकार मातहतका पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यालयहरूबाट गराउने र समाज कल्याणका काममा स्थानीय सामाजिक संघ सस्था परिचालन गर्ने व्यवस्था मिलाई सामाजिक विकास कार्यालयहरूको जिल्लागत उपस्थिति अन्त गर्न मनासिव देखिन्छ ।

**८.५.३. निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रदेशभित्र ११ जिल्लामा रहेका सामाजिक विकास कार्यालय खारेज गर्ने,

(ख) साविक जिल्ला स्थित सामाजिक विकास कार्यालयले गरिआएको भौतिक पूर्वाधार निर्माण र मर्मत सम्भारको काम जिल्लास्थित पूर्वाधार निर्माणको काम गर्ने निकायबाट गराउने र समाज कल्याणको काम जिल्ला स्थित सामाजिक संघ संस्थामार्फत गराउने गरी समाज कल्याणको काममा सहजीकरण गर्नको लागि प्रकरण ६.३.३ अनुसार पुनर्संरचना हुने पर्यटन तथा उद्योग डिभिजन कार्यालयबाट गर्ने व्यवस्था मिलाउने,

(ग) तनहुँ, कास्की र बाग्लुङमा रहेका साबिक सामाजिक विकास कार्यालयमा कार्यरत अधिकृत मध्ये ६ जना अधिकृतलाई २।२ जनाको दरले प्रकरण ६.३.३ अनुसार पुनर्संरचना हुने पर्यटन तथा उद्योग डिभिजन कार्यालय तनहुँ, कास्की र बागलुङमा दरबन्दीसहित सरुवा गर्ने ।

(घ) उल्लेखित (ग) अनुसार सरुवा गरी सकेपछि प्रकरण ६.३.३ अनुसार पुनर्संरचना हुने डिभिजन कार्यालयको नाम प्रस्तावित पर्यटन तथा उद्योग डिभिजन कार्यालयबाट पर्यटन, उद्योग तथा समाज कल्याण डिभिजन कार्यालय कायम गर्ने।

(ङ) उल्लेखित (ग) अनुसार गरी सकेपछि कार्यालयमा बाँकी रहेका २१ अधिकृत र १२ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(च) उल्लेखित (क) अनुसार खारेज भएपछि साविक सामाजिक विकास कार्यालयमा रिक्त रहेका कुल १७ अधिकृत र ८ सहायकको दरबन्दी स्वतः खारेज हुने,

(छ) उल्लेखित (क) अनुसार खारेज भएपछि साबिक सामाजिक विकास कार्यालयमासबै कार्यालय सहयोगीलाई अवकास दिने,

(ज) उल्लेखित (ख) अनुसारको व्यवस्था सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालयसँग समन्वय गरी उद्योग तथा पर्यटन मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले ७ दिनभित्र मिलाउने,

(झ) उल्लेखित (ग) अनुसारको सरुवा गर्ने काम सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालयसँग समन्वय गरी उद्योग तथा पर्यटन मन्त्रालयले ७ दिनभित्र गर्ने,

(ञ) उल्लेखित (ङ) अनुसार साबिक सामाजिक विकास कार्यालयबाट पुल दरबन्दीमा सरुवा गर्ने र (छ) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(ट) उल्लेखित (क) अनुसार खारेज भएको साबिक सामाजिक विकास कार्यालयको नगदी, जिन्सी तथा अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अध्याय-१२

# स्वास्थ्य

## १२.१ स्वास्थ्य मन्त्रालय

गण्डकी प्रदेश स्थापना हुँदा वि सं २०७४ माघ २२ गते सामाजिक विकास मन्त्रालयको नाममा स्थापित प्रदेशको स्वास्थ्य क्षेत्रको दायित्व भएको निकायलाई २०८१ भाद्र १६ गते स्वास्थ्य मन्त्रालय नामकरण गरिएको थियो । पछिल्लो अवस्थाअनुसार यो मन्त्रालयमा सचिवको नेतृत्वमा ३३ जनशक्तिको दरबन्दी रहेको छ। मन्त्रालयको संरचना अधिकृतमूलक रहेको छ। यहाँ २२ अधिकृतको लागि १ जना मात्र सहायक कर्मचारीको दरबन्दी रहेको देखिन्छ। मन्त्रालयमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ। कुल दरबन्दीमा २२ जना प्राविधिक कर्मचारीको छ भने प्रशासनिक कर्मचारीको दरबन्दी १ जनामात्र छ । मन्त्रालयमा श्रेणी विहीन कार्यालय सहयोगीको दरबन्दी संख्या अन्य मन्त्रालयको तुलनामा धेरै छ। यो मन्त्रालयमा प्रत्येक २.२ जना कर्मचारीको लागि १ जना कार्यालय सहयोगीको दरबन्दी पर्दछ । मन्त्रालयमा पदपूर्तिको अवस्था भने राम्रो देखिदैन, खाली ७५ प्रतिशत अर्थात २५ पदमात्र पूर्ति भएको छ । रिक्त रहेको ८ पद सबै नै अधिकृत दरबन्दीको रहेको छ । सहायक र सहयोगीतर्फ सबै पद पूर्ति भएको छ।

यस मन्त्रालय र अन्तरगतका निकायको लागि विगत तीन[38] वर्षमा ८ अरव ५३ करोड रकम विनियोजन गरिएकोमा ५ अरव ७९ करोड खर्च भएको थियो । यो खर्च कुल विनियोजनको करिब ६३ प्रतिशत रहेको छ। यो रकमबाट मन्त्रालय र मातहतका निकायबाट सर्पदंश उपचार केन्द्र र उच्च उचाईको विरामी उपचार केन्द्रको स्थापना र संचालन, स्वास्थ्य संस्थाहरूमा औषधिको आपूर्ति, स्वास्थ्य उपचार सम्बन्धी नीति निर्माण, स्वास्थ्य बीमा कार्यक्रम, डायलाइसिस् सेवा र विद्यालय नर्स जस्ता कामहरू संचालन गरिएको थियो। यस बाहेक मन्त्रालय मातहतका निकायहरूबाट नियमित रूपमा गरिने उपचारात्मक, प्रतिकारात्मक र प्रवर्धनात्मक सेवा उपलव्ध गराउने काम पनि भईरहेको थियो ।

चालु आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायको लागि चालुतर्फ २ अरव ३५ करोड (८५प्रतिशत) र पूँजीगततर्फ ४१ करोड १२ लाख (१५ प्रतिशत) गरी कुल २ अरव ७६ करोड रकम विनियोजन गरिएको छ । यसबाट मन्त्रालय र मातहतका निकायले तालिम रणनीति प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने, स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउने, क्यान्सर उपचार र डायलाइसिस् सेवालाई सुदृढ गराउने, डिजिटल स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि

[38] स्वास्थ्य मन्त्रालयवाट प्राप्त विवरणमा तीन आर्थिक वर्षको विवरण मात्र रहेको ।

गर्ने र कम्प्रिहेन्सिभ इमरजेन्सी अब्सट्रेटिक र नियोनेटल सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ। ( विस्तृत विवरणको लागि हेर्नुहोस् तालिका १२.१)

**तालिका-१२.१**

**स्वास्थ्य मन्त्रालयको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र. सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ३३ | |
| | अधिकृत | २२ | |
| | सहायक | १ | |
| | सहयोगी | १० | |
| | प्राविधिक | २२ | |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | १ | |
| | अधिकृत र सहायकको अनुपात | २२ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | २२ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २.२ | |
| | जम्मा पूर्ति दरबन्दी | २५ | |
| | अधिकृत | १४ | |
| | सहायक | १ | |
| | सहयोगी | १० | |
| | जम्मा रिक्त दरबन्दी | ८ | |
| | अधिकृत | ८ | |
| | सहायक | ० | |
| | सहयोगी | ० | |
| ३. | विगत तीन वर्षको कुल विनियोजन | ८५३१६७३ | |
| | चालु तर्फको विनियोजन | उपलब्ध नभएको | |

| | | | |
|---|---|---|---|
| | पूँजीगततर्फको विनियोजन | उपलव्ध नभएको | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | चालु खर्च | उपलव्ध नभएको | |
| | चालु खर्च र विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | पूँजीगत खर्च | उपलव्ध नभएको | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | उपलव्ध नभएको | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | उपलव्ध नभएको | |
| | कुल खर्च | ५७९८०४३ | |
| | खर्च र विनियोजनको अनुपात | ०.६७९ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | सर्पदंश उपचार केन्द्र स्थापना | |
| | २ | स्वास्थ्य संस्थामा औषधि आपूर्ति | |
| | ३ | स्वास्थ्य नीति निर्माण | |
| | ४ | स्वास्थ्य बीमा | |
| | ५ | विद्यालय नर्स र डयलाइसिस् सेवा | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २७६३२०१ | |
| | चालु विनियोजन | २३५१९५६ | |
| | पूँजीगत विनियोजन | ४११२४५ | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | तालिम रणनीति कार्यान्वयन | |
| | २ | सेवालाई गुणस्तरीय, सर्वसुलभ र | |

| | | | |
|---|---|---|---|
| | | पहुँचयोग्य बनाउने | |
| | ३ | डायलाइसिस् सेवा सुदृढीकरण | |
| | ४ | डिजिटल स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि | |
| | ५ | कम्प्रिहेन्सिभ इमरजेन्सी अव्सट्रेटिक एन्ड नियोनेटल सेवा | |

स्रोत : स्वास्थ्य मन्त्रालयबाट प्राप्त विवरणको संश्लेषण गरिएको ।

## १२.१.१ विश्लेषण :

स्वास्थ्य मन्त्रालय प्राविधिक मन्त्रालय हो । मन्त्रालयको काम भनेको स्वास्थ्य सम्बन्धी प्रादेशिक नीति निर्माण गर्ने, सोको कार्यान्वयनको व्यवस्था मिलाउने, मातहत निकायहरूलाई र स्वास्थ्य संस्थाहरूलाई आवश्यकता अनुसार प्राविधिक र अन्य सहायता उपलव्ध गराउने र सेवाको समन्वय र सहजीकरण गर्ने हो । स्वास्थ्य मन्त्रालयको यो कामलाई नियाल्दा मन्त्रालयमा ठूलो मात्रामा अधिकृतस्तरको दरबन्दी रहेको देखिन्छ भने अधिकांश दरबन्दी खाली पनि छ । यसले विशिष्टिकृत सीपयुक्त जनशक्तिको अभाव रहेको स्पष्ट देखाउँछ । यस अवस्था पनि मन्त्रालय संचालन भई रहेको छ भन्नुको तात्पर्य मन्त्रालयको संरचना भद्दा छ । मन्त्रालयको कामको लागिभन्दा कर्मचारीको लागि दरबन्दीहरू श्रृजना गरिएको छ भन्न सकिने अवस्था छ । सहायक र प्रशासनिक कर्मचारीको एक्लो उपस्थितिले जनशक्ति व्यवस्थासँग तालमेल राख्दैन । काम अनुसार जनशक्तिको विनियोजन भएको छैन । साथै, मन्त्रालयमा देखिएको सहयोगी कर्मचारीहरूको अत्यधिक उपस्थितिले पनि मन्त्रालयको कामसँग दरबन्दी संरचनाको तालमेल नमिलेको देखाउँछ । प्राविधिक मन्त्रालयमा यस प्रकार सीप विहीन कर्मचारीको उपस्थितिलाई विवेकसम्मत भन्न सकिदैन । फेरि मन्त्रालयको अधिकांश खर्च चालुतर्फ रहेकोले नियमित काम नै प्राथमिकतामा रहेको देखाउँछ । चालु विनियोजनको हिस्सा अत्यधिक हुँदा हुँदै पनि मन्त्रालयसँग खर्च गर्ने क्षमता सीमित मात्र रहको देखिन्छ ।

## १२.१.२ सिफारिस :

मन्त्रालयबाट गरिने कामको प्रकृतिलाई दृष्टिगत गर्दा उपचारात्क सेवा, प्रतिरोधात्मक एवं प्रवर्धनात्मक र व्यवस्थापकीय महाशाखा गरी तीन महाशाखा र प्रत्येक महाशाखा मातहत

एक एक शाखा रहने गरी व्यवस्थित गर्न उपयुक्त हुन्छ । साथै, मन्त्रालयको संरचनालाई अधिकृतमूलक बनाउन सबै महाशाखा र शाखामा एक एक अधिकृतस्तरको दरबन्दी राख्न उपयुक्त हुन्छ । यसरी हुन आउने ६ जना बाहेक सबै अधिकृत दरबन्दी खरेज गर्नु ठीक हुन्छ । यसको लागि रिक्त रहेका सबै र अन्यलाई उपयुक्त स्वास्थ्य संस्थामा सरुवा गर्न उपयुक्त हुन्छ । सबै महाशाखा र शाखाको दर्ता चलानी फाइलिङ र अन्य अभिलेखनको कामसमेत गर्नको लागि एक प्रशासिनक कर्मचारीको नेतृत्वमा दुई कार्यालय सहयोगी भएको अभिलेख व्यवस्थापन केन्द्र संचालन गर्न उपयुक्त हुन्छ । त्यसै गरी सहयोगी कर्मचारीको आकार उपयुक्त राख्न सवारी साधन पाउने हैसियत भएको एकजना र एक अतिरिक्त सवारी साधनको लागि एकजना गरी दुईजना सवारी चालक मात्र राख्ने । यसरी दुई सवारी चालक र दुई सहयोगीसमेत गरी ४ जना मात्र सहयोगी कर्मचारी कायम गरी बढी हुन आउने ६ जनालाई जेष्ठताको आधारमा अवकास दिने व्यवस्था मिलाउने ।

### १२.१.३ निर्णय हुनुपर्ने व्यहोरा

(क) मन्त्रालयको कामकारवाहीलाई प्रविधिमा आधारित बनाएर अधिकृतमुखी बनाउने,

(ख) मन्त्रालयमा सचिवको नेतृत्वमा तीन महाशाखा र तीन शाखा मात्र कायम गरी महाशाखा वा शाखामा एक एक जना अधिकृतमात्र रहने गरी जम्मा ७ अधिकृत दरबन्दी कायम गर्ने,

(ग) मन्त्रालयमा प्रशासनिक कर्मचारीको संख्या २ अधिकृत मात्र कायम गरी बाँकी २ जनालाई पुल दरबन्दीमा सरुवा गर्ने,

घ) सबै महाशाखा र शाखाको प्रयोजनको लागि दुई सहायक कर्मचारी रहने गरी अभिलेख व्यवस्थापन केन्द्र स्थापना गरी संचालनमा ल्याउने,

(ङ) उल्लेखित (ख) र (ग) अनुसार गर्दा बढी हुन आउने ७ अधिकृतलाई पुलमा सरुवा गर्ने,

(च) मन्त्रालयमा रिक्त रहेका ८ अधिकृतको दरबन्दी खारेज गर्ने,

(छ) सवारी चालक २ र अन्य सहयोगी ३ जनाको दरबन्दी मात्र कायम गरी बाँकी ५ सहयोगीको दरबन्दी खारेज गर्ने,

(ज) दरबन्दी खारेजमा परेकासहयोगीलाई जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास दिने नीति अनुसार ६ जना सहयोगीलाई अवकास दिने,

(झ) एकजना सहायक कर्मचारीको दरवन्दी थप गर्ने र यसरी थपिएको दरवन्दीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले ७ दिन भित्र पुलवाट सरुवा गरेर पूर्ति गर्ने,

(ञ) माथि उल्लेख भएअनुसार मन्त्रालयमा रहने र पुलमा सरुवा हुने कर्मचारीको व्यवस्थापन ७ दिन भित्र मन्त्रालयले गर्ने ।

## १२.२ स्वास्थ्य निर्देशनालय र सो सरहका अरू निकाय

### १२.२.१ क्षयरोग नियन्त्रण केन्द्र

क्षयरोगको पहिचान, उपचार र नियन्त्रण गर्ने उद्देश्यले २०४६ सालमा स्थापित यो केन्द्र प्रदेश सरकार स्थापनासँगै प्रदेश सरकारको मातहत आएको थियो । प्रदेशभर कार्य क्षेत्र भएको केन्द्रमा कुल २३ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ४, सहायक १३ र सहयोगी ६ पद रहेको छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी १४ छ भने प्रशासनको २ छ । केन्द्रमा अधिकृत र सहायकको अनुपात ०.३०, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ७ र अरु कर्मचारी र सहयोगीको अनुपात ६.६६ रहेको छ । केन्द्रमा अधिकृत ३, सहायक १० र सहयोगी ६ गरी १९ पद पूर्ति रहेको छ भने अधिकृत १ र सहायक ३ गरी ४ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका - १२.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा केन्द्रको लागि कुल १८ करोड १८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ १७ करोड ६ लाख (९४ प्रतिशत ) र पूँजीगततर्फ १ करोड १२ लाख (६ प्रतिशत ) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात १५.१२ रहेको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल १३ करोड १८ लाख रकम खर्च गरको थियो । यो खर्चमा चालु १२ करोड २६ लाख (९६ प्रतिशत) र पूँजीगत ९२ लाख ८८ हजार (४ प्रतिशत) रहेको थियो । यसरी केन्द्रको चालु खर्च र विनियोजन तथा पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः ०.७१ र ०.८२ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात १३.२६ रहेको थियो । केन्द्रमा उपलव्ध जनशक्ति र यो रकमबाट वितेको पाँच वर्षमा वहिरङ्ग सेवा (६४३८ जना) जेनएक्सपर्ट र एच आई भी परीक्षण सेवा (४३२६ वटा ) र वि एस एल ल्याबको स्थापना गरिएको थियो (विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा केन्द्रको लागि चालुतर्फ ४ करोड ५८ लाख (९३ प्रतिशत ) र पूँजीगततर्फ ३५ लाख (७ प्रतिशत) गरी कुल ४ करोड ९३ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात १३.०९ रहेको छ । यो रकमबाट केन्द्रले क्षयरोगको रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाउने, औषधि र उपकरणको उपलव्धता सुनिश्चित गर्ने र क्षयरोग अस्पताल तथा अनुसन्धान केन्द्रको व्यवस्था गर्ने जस्ता लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

**१२.२.१.१ विश्लेषण :**

क्षयरोगको पहिचान र उपचारप्रति समर्पित यो संस्था धेरै अगाडि स्थापना भई संचालनमा रहेको र हाल क्षयरोगीको संख्या पनि क्रमशः घटदै गएको तथा उपचार विधि पनि थप प्रभावकारी हुँदै गएको र क्षय रोगको उपचारको लागि छुटटै निकायको अपरिहार्यता देखिदैन । फेरि, पहिचान सम्वन्धी सम्पूर्ण काम प्रयोगशाला सेवा मार्फत हुने भएको र औषधि खरीद र स्वास्थ्य संस्थासम्म पुऱ्याउने काम स्वास्थ्य आपूर्ति केन्द्रबाट गरिने भएबाट केद्रको भूमिका धेरै हदमा समन्वयकारी मात्र देखिन्छ । प्रयोगशाला सेवा बाहेक अन्य कामको लागि केन्द्रबाट प्रदान भईरहेको विशिष्टिकृत सेवालाई निरन्तरता दिई अन्य उपयुक्त निकायमा केन्द्रलाई समायोजन गर्दा खर्च बचाई सेवामा अवरोध नआउने अवस्था श्रृजना गर्न सकिन्छ ।

**१२.२.१.२ सिफारिस :**

केन्द्रले गर्ने मुख्य काम प्रयोगशाला मार्फत नै गराउनुपर्ने हुनाले केन्द्रबाट प्रदान हुँदै आएको विशिष्टिकृत सेवा अवरुद्ध नहुने गरी केन्द्रलाई प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा गाभेर संचालन गर्न उपयुक्त हुन्छ ।

**१२.२.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्रलाई प्रादेशिक जनस्वास्थ प्रयोगशालामा गाभेर प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग नियन्त्रण केन्द्र बनाउने,

(ख) उल्लेखित (क) प्रयोजनको लागि क्षयरोग नियन्त्रण केन्द्रको सम्पूर्ण स्वास्थ्य सेवासँग सम्बन्धित प्राविधिक जनशक्ति २ अधिकृत र १० सहायकलाई प्रयोगशालामा समाहित गर्ने,

(ग) उल्लेखित (क) अनुसार गाभ्ने कामको व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र सम्पन्न गर्ने,

(घ) यसरी (ख) अनुसार समाहित गरी बाँकी रहेका प्रशासनतर्फका १ अधिकृत र १ सहायकलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ङ) क्षयरोग नियन्त्रण केन्द्रमा दरबन्दी भई कार्यरत ६ सहयोगीलाई अवकास दिने,

(च) क्षयरोग नियन्त्रण केन्द्रमा रिक्त रहेका १ अधिकृत र ३ सहायकको दरवन्दी स्वतः खारेज हुने,

(छ) उल्लेखित (ख) अनुसार जनशक्तिको समायोजन गर्ने, माथि (ग) अनुसार पुल दरवन्दीमा सरुवा गर्ने र (घ) अनुसार अवकास गर्ने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(ज) उल्लेखित (क) अनुसार गभिएको प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्रको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभत्रि गर्ने ।

**तालिका-१२.२**

**स्वास्थ्य निर्देशनालय र सो सरहका निकायको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | क्षयरोग नियन्त्रण केन्द्र | जनरल तथा सरुवा रोग अस्पताल | जन स्वास्थ्य प्रयोग शाला | स्वास्थ आपूर्ति व्यवस्थापन केन्द्र | स्वास्थ्य निर्देशनालय | स्वास्थ्य तालिम केन्द[39]\| |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला | ११ जिल्ला |
| २. | कुल दरबन्दी | २३ | आफ्नै दरबन्दी नभएको | १४ | १७ | ३२ | १५ |
| | अधिकृत | ४ | | ९ | ९ | २६ | १२ |
| | सहायक | १३ | | २ | २ | ० | ० |
| | सहयोगी | ६ | | ३ | ६ | ६ | ३ |
| | प्राविधिक | १४ | | ९ | ९ | २१ | १० |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | | २ | २ | ५ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.३० | | ४.५ | ४.५ | ० | १२ |

[39] आर्थिक वर्ष २०८०।८१ को खर्चको विवरण मात्र प्राप्त भएको विनियोजनको विवरण प्राप्त नभएको ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राविधिक र प्रशासनिकको अनुपात | ७ | | ४.५ | ४.५ | ४.२ | ५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ६ .६६ | | ३.६६ | १.८३ | ४.३३ | ४ |
| | जम्मा पूर्ति दरबन्दी | १९ | | १३ | १६ | २८ | १५ |
| | अधिकृत | ३ | | ८ | ८ | २२ | १२ |
| | सहायक | १० | | २ | २ | ० | ० |
| | सहयोगी | ६ | | ३ | ६ | ६ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ४ | | १ | १ | ४ | ० |
| | अधिकृत | १ | | १ | १ | ४ | ० |
| | सहायक | ३ | | ० | ० | ० | ० |
| | सहयोगी | ० | | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | १८१८४६ | ४३२८६१ | | ७३३८३१ | ११२९७७ | ४६०८४४ |
| | चालु तर्फको विनियोजन | १७०६१६ | | १८४८९४ | २५८२४१ | १११४७७ | ४१२६९४ |
| | पूँजीगततर्फको विनियोजन | ११२३० | | | ५०५६४० | १५०० | ४८१५० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १५.१२ | ३०१५६६ | | ०.५१ | ७४.३ | ८.५७ |
| | चालु खर्च | १२२६४१ | | १५२०७८ | २०८०७७ | ७५३६२ | २७०२८५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ० .७१ | | | ०.८१ | ०.६८ | ०.६५ |
| | पूँजीगत खर्च | ९२८८ | १३१०२५ | | २६५८६२ | १४७७ | २८१९७ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८२ | ०.३८ | ० ५१ | ०.५३ | ०.९३ | ०.५८ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | १३.२६ | ३.८ | ५.६१ | ०.१० | ५३.७८ | ९.५८ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | २९८४८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | OPD मा ६४३८ जनाले सेवा लिएका | | | | | तालिम संचालन |
| | २ | | निशुल्क हेमोडायलायसिस | | | | कोभिड १९ हेल्थ डेस्क संचालन |
| | ३ | | NCd\ Screening | | | | वार्षिक योजना तर्जुमा |
| | ४ | | IMNC कार्यक्रम | | | | प्रशिक्षक छनौट |
| | ५ | | | | | | अनुगमन तथा सुपरिवेक्षण |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | | स्वास्थ्य शिविर संचालन | | | | |
| | चालु विनियोजन | ३९४६ वटा जेनएक्सपर्ट परीक्षण | स्वास्थ्य बीमा | | | | ७३२३० |
| | पूँजीगत विनियोजन | | डेङ्गी महामारी | मानसिक रोग औषधि खरिद | प्राविधिक सिप हस्तानन्तरण | | ३५००४ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | 380 TV-HIV परीक्षण गरिएको | जनरल तथा आकस्मिक उपचार सेवा | | | | २.०९ |
| ६ | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | हेपाटाइटिस बि भाइरल लोड को सेवा | अत्यावश्यक आयूर्वेद औषधि खरिद | क्षमता विकास तालिम र | | |
| | १ | 380 TV-HIV परीक्षण गरिएको | | | | | तालिम सामाग्री निर्माण, छपाई र वितरण |
| | २ | | | | | | अस्पताल तथा बर्थिङ सेन्टरमा तालिम प्राप्त मार्फत सेवा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३ | उपकरणको अविछिन्न उपलब्धता सुनिश्चित | ( पर्याप्त औषधि, | शिविरहरु संचालन | | | चिकित्सक तथा स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि |
| | ४ | | औषधिजन्य सामग्री तथा बायोमेडिकल औजार | | | | पेशागत विकास तथा चिकित्सा शिक्षा कार्यक्रम |
| | ५ | | पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप | | | | जनस्वास्थ्य शिक्षा कार्यक्रम |
| | | पर्याप्त औषधि, औषधिजन्य समाग्री, खोप समाग्री, कोल्डचेन | | | | | अस्पताल तथा बर्थिङ सेन्टरमा तालिम प्राप्त मार्फत सेवा |

स्रोतः क्षयरोग नियन्त्रण केन्द्र, जनरल तथा सरुवा रोग नियन्त्रण अस्पताल, जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तालिम केन्द्रबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### १२.२.२ जनरल तथा सरुवा रोग अस्पताल :

यो अस्पतालको स्थापना प्रदेश सरकारको निर्णयबाट २०७७।४।१ मा गरिएको थियो । यो अस्पताल कोभिडको महामारी फैलिएको बेला उपचार र रोकथामको लागि भएको थियो । प्रदेशभर कार्य क्षेत्र भएको केन्द्रको लागि स्वीकृत दरबन्दी रहेको छैन, काजमा कर्मचारीको व्यवस्था गरी संचालन हुदै आएको छ (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा अस्पतालको लागि कुल ४३ करोड २८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ३० करोड १५ लाख (७० प्रतिशत) र पूँजीगततर्फ १३ करोड १० लाख (३० प्रतिशत ) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात २.३० रहेको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल २४ करोड ६१ लाख रकम खर्च गरको थियो । यो खर्चमा चालु १९ करोड  ५१ लाख (८० प्रतिशत) र पूँजीगत ५ करोड १० लाख (२० प्रतिशत) रहेको थियो । यसरी केन्द्रको चालु खर्च र विनियोजन र पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः ०.६४ र ०.३८ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ३.८ रहेको थियो । अस्पतालमा उपलव्ध जनशक्ति र यो रकमबाट बितेको पाँच वर्षमा विशेष गरी कोभिडका विरामीको पहिचान र उपचार, कोभिड विरुद्ध खोप सेवा, आकस्मिक उपचार सेवा, निःशुल्क होमोडायलाईसिस् सेवा, र स्वास्थ्य बीमा जस्ता गतिविधि संचालन गरेको थियो (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा अस्पतालको लागि चालुतर्फ ६ करोड ८२ लाख (९४ प्रतिशत) र पूँजीगततर्फ ४० लाख (६ प्रतिशत) गरी कुल ७ करोड २२ लाख रकम विनियोजन गरिएको छ। यो विनियोजनमा चालु र पूँजीगतको अनुपात १७.०५ रहेको छ। यो रकमबाट अस्पतालले हाल संचालन गरी आएका गतिविधिलाई निरन्तता दिने लक्ष्य राखेको छ ( विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

**१२.२.२.१ विश्लेषण :**

कोभिड महामारीको बेला स्थापना भएको यो अस्पातालबाट हाल डायलाइसिस सेवा बाहेक अन्य खासै गतिविधि संचालन भएको देखिदैन। फेरि, यो अस्पतालको लागि छुटटै दरबन्दीको व्यवस्था पनि हालसम्म गरिएको छैन । हाल कोभिडको महामारी नरहेको र अवस्था समान्य भईसकेको अवस्थामा यस प्रकारको अस्पताललाई निरन्तरता दिनु आवश्यक छैन । यसले हाल दिईरहेका सेवा अरु प्रदेश अस्पतालबाट प्रदान भईरहेको पनि छ । यो स्थितिमा यो अस्पातालको अस्तित्वलाई हालको अवस्थामा औचित्यपूर्ण ठहऱ्याउन सकिदैन । त्यस कारण यो अस्पतालले हाल दिइरहेको डायलाइसिस सेवालाई अन्य अस्पतालमा स्थानान्तरण गरेर यो अस्पताललाई खारेज गर्नु मनासिव देखिन्छ ।

**१२.२.२.२ सिफारिस :**

यो अस्पतालले हाल दिइरहेको सेवालाई अरु अस्पतालमा स्थानान्तरण गरी दरबन्दीको समेत व्यवस्था नभएको यो जनरल तथा सरुवा रोग अस्पातालाई खारेज गर्न उपयुक्त हुन्छ ।

**१२.२.२.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) जनरल तथा सरुवा रोग अस्पतालले हाल प्रदान गरिआएको डायलाइसिस सेवालाई उपकरणसहित प्रदेश अस्पताल कास्कीमा स्थानान्तरण गरी जनरल तथा सरुवा रोग अस्पताल खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार जनरल तथा सरुवा रोग अस्पतालमा रहेका डायलाइसिस सेवा सम्बन्धी उपकरण प्रदेश अस्पताल कास्की मा स्थानान्तरण गर्ने व्यवस्था मन्त्रालयले ७ दिन भित्र मिलाउने,

(ग) उल्लेखित (क) अनुसार खारेज भएको अस्पतालको लागि कर्मचारी दरबन्दीको व्यवस्था नरहेकोले कर्मचारी दरबन्दी सम्वन्धमा केही गरी रहन परेन,

(घ) हाल उक्त जनरल तथा सरुवा रोग अस्पतालमा कार्यरत स्थायी जनशक्तिलाई स्वास्थ्य मन्त्रालयले काज फिर्ता गरी सम्वन्धित संस्थामा पठाउने वा प्रदेश अस्पताल कास्की लगायत अन्य स्वास्थ्य संस्थामा ७ दिनभित्र व्यवस्थापन गर्ने,

(ङ) उल्लेखित (क) अनुसार खारेज भएको साविक जनरल तथा सरुवा रोग अस्पतालको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

### १२.२.३ जनस्वस्थ्य प्रयोगशाला

यो निकाय गण्डकी प्रदेश सरकार मातहत २०७६।६।१५ मा स्थापना भएको थियो । प्रदेशभर कार्य क्षेत्र भएको प्रयोगशालामा कुल १४ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ९, सहायक २ र सहयोगी ३ पद रहेको छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी ९ छ भने प्रशासनको २ छ । केन्द्रमा अधिकृत र सहायकको अनुपात ४.५, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ४.५ र अरु कर्मचारी र सहयोगीको अनुपात ३.६६ रहेको छ । केन्द्रमा अधिकृत ८, सहायक २ र सहयोगी ३ गरी १३ पद पूर्ति रहेको छ भने अधिकृत १ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा केन्द्रको लागि कुल १८ करोड ४८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ १५ करोड २० लाख (८२ प्रतिशत) र पूँजीगततर्फ ३ करोड २८ लाख (१८ प्रतिशत ) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ४.६३ रहेको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल ११ करोड १४ लाख  रकम खर्च गरेको थियो । यो खर्चमा चालु ९ करोड ४६ लाख (८५ प्रतिशत) र पूँजीगत १ करोड ६८ लाख (१५ प्रतिशत) रहेको थियो । यसरी प्रयोगशालाको चालु खर्च र विनियोजन एवं पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः ०.६२ र ०.५१ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ५.६१ रहेको थियो । यस अवधिमा प्रयोगशालाले विशेष गरी निजीस्तरमा स्थापना भएका प्रयोगशालको दर्ता र अनुगमन, ११ जिल्लाबाट प्राप्त नमूना परीक्षण, विभिन्न किसिमका तालिम र पीसीआर ल्याब स्थापना र संचालन जस्ता कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका - १२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा प्रयोगशालाको लागि चालुतर्फ ४ करोड २ लाख ( ६५ प्रतिशत ) र पूँजीगततर्फ २ करोड १५ लाख (३५ प्रतिशत) गरी कुल ६ करोड १७ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात १७.०५ रहेको छ । यो रकमबाट प्रयोगशालाले नमूना संकलन र प्रशोधन एकाई निर्माण, उपकरण र कन्जुमेबल खरीद, विभिन्न किसिमका तालिम र गुणस्तर नियन्त्रण सामग्री निर्माण गर्ने प्रयोगशाला स्थापना जस्ता कार्य गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्)

**१२.२.३.१ विश्लेषण :**

यो प्रयोगशालाको पुनर्संरचनाको विषय माथि क्षयरोग नियन्त्रण केन्द्रको महलमा परिसकेकोले त्यहाँ उल्लेख भए बमोजिमको व्यवस्था कार्यान्वयन गर्न यो प्रयोशालाले सहयोग र सहजीकरण गर्नु पर्ने देखिन्छ ।

**१२.२.३.२ सिफारिस :**

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा क्षयरोग नियन्त्रण केन्द्र समायोजन गर्नको लागि माथि प्रकरण १२.२.१.३ मा सिफारिस भईसकेकोले नाम र समायोजन सम्बन्धी विषय मिलान गर्न उपयुक्त हुने ।

**१२.२.३.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) माथि प्रकरण १२.२.१.३ मा उल्लेख भए बमोजिम क्षयरोग नियन्त्रण केन्द्र जनस्वास्थ्य प्रयोगशालामा गाभी  प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला तथा क्षयरोग नियन्त्रण केन्द्र नामकरण गर्नेबारे सोही प्रकरणमा उल्लेख भइसकेको,

(ख) हाल प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा रिक्त रहेको १ अधिकृतको दरबन्दी खारेज गर्ने ।

### १२.२.४ स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

यो निकाय गण्डकी प्रदेश सरकार मातहत २०७६ चैत्रमा स्थापना भएको थियो । प्रदेशभर कार्य क्षेत्र भएको केन्द्रमा कुल १७ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत ९ सहायक २ र सहयोगी ६ पद रहेको छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी ९ छ भने प्रशासनको २ छ । केन्द्रमा अधिकृत र सहायकको अनुपात ४.५, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ४.५ र अरु कर्मचारी सहयोगीको अनुपात १.८३ रहेको छ । केन्द्रमा अधिकृत ८, सहायक २ र सहयोगी ६ गरी १६ पद पूर्ति रहेको छ भने अधिकृत १ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका - १२.२ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा केन्द्रको लागि कुल ७३ करोड ३८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ २५ करोड ८२ लाख (३५ प्रतिशत) र पूँजीगततर्फ ५० करोड ५६ लाख (६५ प्रतिशत ) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.५१ रहेको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल ४७ करोड ३९ लाख रकम खर्च गरको थियो । यो खर्चमा चालु २० करोड ८० लाख (४४ प्रतिशत) र पूँजीगत २६ करोड ५८ लाख (५६ प्रतिशत) रहेको थियो । यसरी केन्द्रको चालु खर्च र विनियोजन एवं पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमश: ०.८१ र ०.५३ रहेको थियो

भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ०.१ रहेको थियो । यस अवधिमा केन्द्रले विशेष गरी औषधि र उपकरण खरिदको योजना, खरिद र प्रदेशभरका स्वास्थ्य संस्थामा वितरण, एच आईभी पिडीतको लागि पौष्टिक आहार खरिद र वितरणको कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा केन्द्रको लागि चालुतर्फ ९ करोड २३ लाख (४९ प्रतिशत ) र पूँजीगततर्फ १२ करोड ७७ लाख (८१ प्रतिशत) गरी कुल २२ करोड २ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात ४.५ रहेको छ । यो रकमबाट केन्द्रले औषधि र उपकरण खरिदको योजना, खरिद र प्रदेशभरका स्वास्थ्य संस्थामा वितरण, एचआईभी पिडीतको लागि पौष्टिक आहार खरिद गरी वितरण जस्ता कार्य गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका - १२.२ हेर्नुहोस्)

### १२.२.४.१ **विश्लेषण :**

प्रदेश सरकार मातहतका सम्पूर्ण स्वास्थ्य संस्थामा औषधि आपूर्ति गर्ने यो निकाय हालकै संरचनामा अझ प्रभावकारी ढंगबाट संचालन गर्नु उपयुक्त हुन्छ । केन्द्रमा लामो समयदेखि पदपूर्ति नभएको तर केन्द्रको काममा खासै यसबाट फरक नपरेको अवस्थामा हाल पूर्ति रहेको दरबन्दी नै पर्याप्त रहेको देखिन्छ । साथै केन्द्रमा कर्मचारी र सहयोगीको अनुपात न्यून रहेकोले सहयोगीको संख्यालाई उपयुक्त आकारमा ल्याउन उपयुक्त हुन्छ ।

### १२.२.४.२ **सिफारिस :**

केन्द्रको काम कारवाहीलाई प्रभावकारी पार्न वार्षिक खरिद योजनासहित आपूर्तिको तालिका बनाउन लगाई सोही अनुसार उत्तरदायी बनाएर परिचालन गर्नु पर्दछ । पूर्ति नभएको दरबन्दी खारेज गर्न उपयुक्त हुन्छ । त्यसै गरी केन्द्रमा सहयोगीको दरबन्दीमा सवारी चालकको संख्या यथावत राखी बाँकीलाई घटाउन मनासिव देखिन्छ ।

### १२.२.४.३ **निर्णय हुनुपर्ने व्यहोरा :**

(क) स्वास्थ्य औषधि व्यवस्थापन केन्द्रलाई वार्षिक रूपमा खरिद योजना र वितरण योजना बनाई मन्त्रालयबाट स्वीकृत गराई उत्तरदायित्वपूर्वक कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(ख) केन्द्रमा रिक्त रहेको १ अधिकृत दरबन्दी खारेज गर्ने,

(ग) केन्द्रमा रहेको कार्यालय सहयोगीको ६ दरबन्दी मध्ये सवारी चालक २ र अन्य ३ कायम गरी १ सहयोगी दरबन्दी खारेज गर्ने,

(घ) उल्लेखित (ग) अनुसार खारेज भएको कार्यालय सहयोगीको दरबन्दी अनुसार कार्यालय सहयोगीको संख्या मिलान गर्न जेष्ठताको आधारमा कम जेष्ठलाई पहिला अवकास गर्ने नीति लिई एक सहयोगीलाई अवकास दिने।

### १२.२.५ स्वास्थ्य निर्देशनालय

यो निर्देशनालय २०७५ सालमा स्थापना भएको हो। प्रदेश सरकार गठनपूर्व संघीय सरकारले प्रदेश तहमा आवश्यक पर्ने निकाय भनी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर यो निकायको स्थापना गरिएको हो । प्रदेशभर कार्य क्षेत्र भएको यो निर्देशनालयमा कुल ३२ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत २६, सहायक ० र सहयोगी ६ पद रहेको छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी २१ छ भने प्रशासनको दरबन्दी ५ छ । केन्द्रमा अधिकृत र सहायकको अनुपात २६ प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ४.२ र अरु कर्मचारी र सहयोगीको अनुपात ४.३३ रहेको छ । निर्देशनालयमा अधिकृत २२ र सहयोगी ६ गरी २८ पद पूर्ति रहेको छ भने अधिकृत ४ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्)।

विगत पाँच वर्षमा निर्देशनालयको लागि कुल ११ करोड २९ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ११ करोड १४ लाख ७७ हजार (९९ प्रतिशत) र पूँजीगततर्फ १५ लाख (१ प्रतिशत) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ७४.२ रहेको थियो । यो विनियोजनबाट निर्देशनालयले पाँच वर्षमा कुल ७ करोड ७९ लाख रकम खर्च गरेको थियो । यो खर्चमा चालु ७ करोड ५३ लाख (९७ प्रतिशत) र पूँजीगत १४ लाख (३ प्रतिशत) रहेको थियो । यसरी यो निकायको चालु खर्च र विनियोजन र पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः ०.६८ र ०.९३ रहेको थियो । चालु खर्च र पूँजीगत खर्चको अनुपात ५३.७८ रहेको थियो । यस अवधिमा निर्देशनालयले विशेष गरी विभिन्न स्थानामा विभिन्न किसिमका स्वास्थ्य शिविर, आधुनिक र वैकल्पिक स्वास्थ्य सेवाको एकीकरण, सरकारी र गैरसरकारी संस्थासँग समन्वय, निजी अस्पताल, डेन्टल ल्किनिक र इमेजिङ सेन्टर संचालनको स्वीकृति र नवीकरण र स्वास्थ्य सूचना प्रणालीको संचालन र व्यवस्थापन जस्ता कार्यहरू सम्पादन गरेको थियो (विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा निर्देशनालयको लागि चालुतर्फ १२ करोड ५२ लाख (९७ प्रतिशत ) र पूँजीगततर्फ ३२ लाख ९० हजार (३ प्रतिशत) गरी कुल १२ करोड ८५ लाख रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात ३९.१२ रहेको छ । यो रकमबाट निर्देशनालयले विशेष गरी स्वास्थ्य अभिलेख प्रणाली सुधार, खोप सेवाको प्रभावकारिता वृद्धि, महिला स्वयं सेविकाको आत्मसम्मान अभिवृद्धि र जनस्वास्थ्य प्रवर्धन कार्यक्रम संचालन गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्)

१२.२.५.१ **विश्लेषण :**

स्वास्थ्य निर्देशनालय प्रदेश सरकारको नीति निर्माण गर्ने मन्त्रालय र सेवा प्रवाह गर्ने जिल्लाका स्वास्थ्य सस्थाहरूको बीचमा रहेको देस्रो तहको संरचना हो । मन्त्रालय बाहेक प्रदेश तहका अन्य संरचनामा निर्देशनालय दरबन्दीका हिसावले सबैभन्दा धेरै दरवन्दी भएको निकाय हो । यसलाई अधिकृतमुखी बनाइएको छ । अधिकृतको दरबन्दी मात्र यहाँ २६ छ । यो निकायले प्रत्यक्ष सेवा दिने काम गर्दैन । यसको मुख्य काम भनेको अनुगमन र सुपरीवेक्षण मात्र हो । त्यो काममा पनि विद्यमान प्रशासनिक व्यवस्थाले यो निकाय प्रभावकारी छैन ।

प्रदेशभित्र ११ वटामात्र जिल्ला रहेको, प्रदेश र जिल्ला बीचको दुरी पनि त्यति धेरै छैन । मन्त्रालय वा अन्य उपयुक्त निकायबाट यो कार्य गराउन सकिने नै हुन्छ । भद्दा संरचना भएको कारण यो निकायको संचालनमा वर्षेनी ठूलो परिमाणको चालुखर्च भईरहेछ । यी सब कारणहरूवाट यो निकायको उपादेयता पुष्टि हुदैन । त्यसकारण अन्य निकायको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन क्षमता सुदृढ गरेर यो निकायलाई खारेज गर्दा उपयुक्त हुने देखिन्छ ।

१२.२.५.२ **सिफारिस :**

नीति निर्माण र कार्यान्वयन तहको बीचमा रहेर प्रभावकारी हुन नसकेको यो निकायले गरिआएको अनुगमन, निरीक्षण र मूल्यांकनको कार्यमा मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगलाई परिचालन गर्ने व्यवस्था मिलाई यो निकायलाई खारेज गर्न उपयुक्त हुन्छ ।

१२.२.५.३ **निर्णय हुनुपर्ने व्यहोरा :**

(क) स्वास्थ्य निर्देशनालय खारेज गर्ने,

(ख) स्वस्थ्य निर्देशनालयबाट २ अधिकृत मन्त्रालयमा सरुवा गरी मन्त्रालयमा योजना तथा अनुगमन महाशाखा र मूल्यांकन शाखाको व्यवस्था गर्ने,

(ग) प्रदेश नीति तथा योजना आयोगको सुपरीवेक्षण र मूल्यांकन क्षमता अभिवृद्धि गर्ने,

(घ) उल्लेखित (ख) अनुसार गरी बाँकी रहेका २० अधिकृतलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ङ) स्वास्थ्य निर्देशनालय खारेज भएकोले रिक्त रहेका ४ अधिकृत दरबन्दी स्वतः खारेज हुने,

(च) उल्लेखित (क) अनुसार हुँदा तात्कालिक स्वास्थ्य निर्देशनालयमा ६ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (ख) र (घ) अनुसार सरुवा र (च) अनुसार अवकास दिने व्यवस्था मन्त्रालयले ७ दिन भित्र मिलाउने,

(ज) उल्लेखित (क) अनुसार खारेज भएको साबिक स्वास्थ्य निर्देशनालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

### १२.२.६ स्वास्थ्य तालिम केन्द्र

यो केन्द्र वि. सं. २०३४ सालमा स्थापना भएको हो । स्वास्थ्य सम्बन्धी कार्य जिम्मेवारीको प्रदेश तहमा नियोजन भएसँगै यो केन्द्र गण्डकी प्रदेश सरकार मातहत आएको हो । प्रदेशभरका स्वास्थ्य जनशक्तिको क्षमता विकासको कार्य क्षेत्र भएको यो केन्द्रमा कुल १५ जनाको दरबन्दी रहेको छ । दरबन्दीमा अधिकृत १२ र सहयोगी ३ पद रहेको छ । यहाँ प्राविधिक जनशक्तिको दरबन्दी १० छ भने प्रशासनको २ छ। केन्द्रमा अधिकृत र सहायकको अनुपात १२, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ५ र अरु कर्मचारी सहयोगीको अनुपात ४ रहेको छ। केन्द्रमा व्यवस्थित सबै दरबन्दी पूर्ति भएको छ, कुनै पद रिक्त रहेको छैन (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस) ।

विगत पाँच वर्षमा तालिम केन्द्रको लागि कुल ४६ करोड ०८ लाख रकम विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ४१ करोड २४ लाख (८९ प्रतिशत) र पूँजीगततर्फ ४ करोड ८१ लाख (११ प्रतिशत) रकम रहेको थियो । यसमा चालु र पूँजीगत विनियोजनको अनुपात ८.७ रहेको थियो । यो विनियोजनबाट केन्द्रले पाँच वर्षमा कुल २९ करोड ८३ लाख रकम खर्च गरेको थियो । यो खर्चमा चालु २७ करोड २ लाख (९० प्रतिशत) र पूँजीगत २ करोड ८१ लाख (१० प्रतिशत) रहेको थियो । यसरी यो निकायको चालु खर्च र विनियोजन, पूँजीगत खर्च र विनियोजनको अनुपात क्रमशः ०.६५ र ०.५८ रहेको थियो भने चालु खर्च र पूँजीगत खर्चको अनुपात ९.५८ रहेको थियो । यस अवधिमा केन्द्रले विशेष गरी विभिन्न किसिमका तालिम, कोभिड हेल्थ डेस्क, वार्षिक योजना तर्जुमा, प्रशिक्षार्थी छनोट, तालिम हल निर्माण, र अनुगमन तथा सुपरीवेक्षण जस्ता कार्यहरू गरेको थियो ( विस्तृत विवरणको लागि तालिका -१२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा केन्द्रले विनियोजित रकम मध्ये हालसम्म चालुतर्फ ७ करोड २३ लाख (६७ प्रतिशत) र पूँजीगततर्फ ३ करोड ५० लाख (३३ प्रतिशत) गरी १० करोड ७३ लाख रकम खर्च गरेको छ। यो खर्चमा चालु र पूँजीगतको अनुपात १.२ रहेको छ। यो रकमबाट केन्द्रले तालिम सामग्री निर्माण, छपाई तथा वितरण, अस्पताल र वर्थिङ सेन्टरमा तालिम प्राप्त जनशक्तिको उपलव्धता, चिकित्सक तथा स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धि, पेशागत विकास तथा चिकित्सा शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ (विस्तृत विवरणको लागि तालिका-१२.२ हेर्नुहोस्)।

**१२.२.६.१ विश्लेषण :**

स्वास्थ्य जस्तो संवेदनशील विषयमा जनशक्तिको क्षमता विकास एकदमै महत्वपूर्ण विषय हुन्छ। फेरि, नवीन प्रविधि र विधिहरूले निरन्तरता पाइरहने यो क्षेत्रमा विद्यमान जनशक्तिलाई नवीन प्रविधि र विधिबारे समयानुकुल ज्ञान र सीप दिइरहनु पर्दछ। हाल गण्डकी प्रदेश सरकार मातहत प्रशस्त स्वास्थ्य जनशक्ति कार्यरत भएको अवस्थामा तालिम केन्द्रको भूमिका महत्वपूर्ण हुन्छ। प्राथमिक स्वास्थ्य सेवा दिने स्वास्थ्य संस्थाहरू स्थानीय तहमा रहेको सन्दर्भमा यी संस्थामा कार्यरत जनशक्तिको क्षमता विकासलाई पनि प्रदेश सरकारले स्थानीय तहसँग संयुक्त रूपमा खर्च व्यहोर्ने योजनामार्फत प्रोत्साहित गर्न मनासिव हुन्छ। यसको लागि तालिम केन्द्रले अग्रिम रूपमा वार्षिक तालिम योजना बनाउने र सार्वजनिक गर्ने कार्य गर्न मनासिव हुन्छ।

**१२.२.६.२ सिफारिस :**

प्रत्येक वर्ष प्रदेशभित्र कार्यरत कुल जनशक्तिको २० प्रतिशतलाई (१० प्रदेश सरकार र १० प्रतिशत स्थानीय सरकार) अनिवार्य तालिम दिने लक्ष्य सहित तालिमको वार्षिक योजना बनाई कार्यान्वयन गर्न उपयुक्त हन्छ।

**१२.२.६.३ निर्णय हुनुपर्ने व्यहोरा :**

प्रत्येक वर्ष स्वास्थ्य तालिम केन्द्रले श्रावण महिनामा कुल स्वास्थ्य जनशक्तिको २० प्रतिशतलाई अनिवार्य तालिम दिने गरी तालिमको कार्ययोजना बनाई मन्त्रालयबाट स्वीकृत गराउने र मन्त्रालयले कार्ययोजना बमोजिम भए नभएको अनुगमन गरेर केन्द्रलाई उत्तरदायी बनाउने व्यवस्था मिलाउने।

## १२.३ प्रदेश जनस्वास्थ्य कार्यालय

गण्डकी प्रदेशमा जिल्लागत रूपमा कार्य क्षेत्र रहने गरी ११ वटा प्रदेश जनस्वास्थ्य कार्यालय छन्। यी कार्यालय प्रदेश सरकार गठनसँगै संघीय सरकारबाट प्रदेश सरकार मातहत सरेका हुन्। यी कार्यालयको दरबन्दी संरचनामा संख्या र बनावटमा पनि व्यापक अन्तर छ। यी ११ कार्यालयमा

कर्मचारी दरबन्दीको संख्या ११ देखि १५ सम्म फैलिएको छ । यो संरचनामा अधिकृत कर्मचारीको संख्या १ देखि १० सम्म र सहायकको १ देखि ८ सम्म रहेको छ । सहयोगीको दरबन्दी भने सबै कार्यालयमा समान ३ रहेको छ । स्वास्थ्य सम्बन्धी प्राविधिक काम गर्ने यी कार्यालयमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ । यी कार्यायलमा प्राविधिक कर्मचारी दरबन्दी ६ देखि १० सम्म रहेको छ । प्रशासनिक कर्मचारी सबै कार्यालयमा समान २ दरबन्दी रहेको छ (विस्तृत विवरणको लागि तालिका - १२.३-१ र १२.३-२ हेर्नुहोस्)।

यी कार्यालयको दरबन्दी संरचना अनुसार अधिकृत र सहायकको अनुपात ०.१४ देखि १० सम्म, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३ देखि ५ सम्म र अरु कर्मचारी र सहयोगीको अनुपात २.६६ देखि ४ सम्म रहेको छ । दरबन्दी अनुसार पदपूर्तिमा पनि कार्यालय बीच अन्तर रहेको छ । यी कार्यालयमा ७ देखि १५ वटासम्म पदपूर्ति भएको देखिन्छ । यसरी पूर्ति भएको पदमा अधिकृतको १ देखि ९ पद सम्म र सहायकमा १ देखि ८ पदसम्म रहेको छ । सहयोगीका सबै पद पूर्ति भएको देखिन्छ । यी कार्यालयमा अधिकृतको १ पद र सहायकको १ देखि ४ पदसम्म पद पूर्ति हुन नसकेको देखिन्छ (विस्तृत विवरणको लागि तालिका- १२.३-१ र १२.३-२ हेर्नुहोस्) ।

**तालिका-१२.३-१**

**प्रदेश जनस्वास्थ्य कार्यालयहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क.सं. | विषय | कास्की | गोरखा | बागलुङ्ग | मनाङ[४०] | म्याग्दी | लमजुङ[४१] |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र ( जिल्ला, पालिका वा अन्यको संख्यामा ) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १४ | १४ | १५ | ११ | १५ | १२ |
| | अधिकृत | ५ | ३ | ९ | ४ | ५ | ६ |
| | सहायक | ६ | ८ | ३ | ४ | ७ | ३ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | ९ | ९ | १० | ६ | १० | ७ |

[40] आर्थिक वर्ष २०८०।८१ को मात्र आर्थिक विवरण प्राप्त ।
[41] पाँच बार्थिक वर्षमा गरेको कामको विवरण प्राप्त नभएको ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रशासनिक र लेखा समेत ( सहयोगी वाहेक) | २ | २ | २ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.८३ | ०.३७ | ३ | १ | ०.७१ | २ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४.५ | ४.५ | ५ | ३ | ५ | ३.५ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.६६ | ३.६६ | ४ | २.६६ | ४ | ३ |
| | जम्मा पूर्ति दरबन्दी | १० | १४ | १३ | ९ | १५ | १२ |
| | अधिकृत | ४ | ३ | ८ | ४ | ५ | ६ |
| | सहायक | ५ | ८ | २ | २ | ७ | ३ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | ४ | ० | २ | २ | ० | ० |
| | अधिकृत | १ | ० | १ | ० | ० | ० |
| | सहायक | १ | ० | १ | २ | ० | ० |
| | सहयोगी | ० | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३५३१४५ | ३५७८२९ | ३१३०३७ | ३४८१४ | १५६७१९ | ४४४४०४ |
| | चालु तर्फको विनियोजन | ३४८७५२ | ३०४९४४ | ३०७०८७ | ३३५६४ | १५२०६९ | ३३५८४२ |
| | पूँजीगत तर्फको विनियोजन | ४३९३ | ११२३८ | ५९५० | १२५० | ४६५० | १०८५६२ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ७९.३८ | २७.१३ | ५१.६१ | २६.८५ | ३२.७० | ३.०९ |
| | चालु खर्च | २३११२४ | २२०६८१ | २१८०८१ | १९३४० | ९३३१८ | २४०४२५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६६ | ०.७२ | ०.७१ | ०.५७ | ०.६१ | ०.७१ |
| | पूँजीगत खर्च | ३८७६ | १०६८४ | ५७२६ | १२३३ | ३०३७ | ६१०८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८८ | ०.९५ | ०.९६ | ०.९८ | ०.६५ | ०.५६ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ५९.६० | २०.६५ | ३८.०७ | १५.६८ | ३०.७२ | ३.९३ |
| | कुल खर्च | २३५००० | २५७९३७ | २२३८०८ | २०५७३ | ९६३५६ | ३०१५०८ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १. | कोभिड १९ रोगको कन्ट्याक्ट ट्रेसिङ | कोभिड महामारीको व्यवस्थापन | सरुवा रोग तथा महामारी नियन्त्रण | पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन | महामारी रोग नियन्त्रण | नियमित रूपमा खोप कार्यक्रम संचालन |
| | २. | नियमित खोप कार्यक्रम | टि.बी. एच.आई.भी. परीक्षण | डेंगु रोकथाम कार्यक्रम | नियमित रूपमा खोपहरू संचालन | सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम | निशुल्क औषधीहरू को व्यवस्थापन |
| | ३. | एच.आई.भी. परिक्षण | पूर्ण खोप सुनिश्चितता र दिगोपना | पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा | मातृशिशु कार्यक्रम संचालन | परिवार नियोजन एवं किशोर किशोरी लक्षित स्वास्थ्य कार्यक्रम | कोभिड १९ खोप अभियान |
| | ४. | हात्तीपाइले रोगको मविलिटी म्यापिङ तथा रोकथाम | सरुवा रोग तथा महामारी नियन्त्रण | पानीको गुणरस्तर निरीक्षण | उच्च भेगीय स्वास्थ्य कार्यक्रम संचालन | मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी कार्यक्रम | निजी स्वास्थ्य संस्थाहरूको संचालन अनुमति तथा अनुगमन |
| | ५. | पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा | स्वास्थ्य सम्बन्धी विभिन्न तालिम संचालन | स्वास्थ्य सम्बन्धी विभिन्न तालिम संचालन | महामारी रोगको औषधी भण्डारण | विद्यालय नर्स कार्यक्रम संचालन | प्रजनन् स्वास्थ्य समन्वय समिति कार्यसम्पादन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६८०१० | ६५१०९ | ६१५४२ | ३५४२४ | ४७०४० | ५०२४२ |
| | चालु विनियोजन | ६७०१० | ६११०९ | ५९५४२ | ३४४२४ | ४५०४० | ४८९९२ |
| | पूँजीगत विनियोजन | १००० | ४००० | २००० | १००० | २००० | १२५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ६७.०१ | १५.२७ | २९.७७ | ३४.४२ | २२.५२ | ३९.१९ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १. | विपद् तथा महामारी न्यूनीकरण | संक्रामक र नर्सने रोगको नियन्त्रण रोकथाम | महामारीजन्य रोगको नियन्त्रण तथा रोकथाम | क्षयरोग निवारण रणनीति योजना | नभएको | |
| | २. | संस्थागत सुत्केरीयुक्त प्रदेश बनाउने | मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुधार | मानसिक रोग तथा आत्महत्या रोकथाम | खोप सामाग्री तथा औषधीजन्य आपूर्ति | | |
| | ३. | पूर्ण खोपयुक्त प्रदेश | स्वास्थ्य सुचना प्रणालीको सुधार | पूर्ण खोप कार्यक्रम | स्वास्थ्यकर्मीको दक्षता अभिवृद्धिमा जोड दिने | | |
| | ४. | पाठेघरको क्यान्सर विरुद्धको खोप कार्यक्रम | विद्यालय स्वास्थ्य शिक्षा र नर्स कार्यक्रम | प्रजनन स्वास्थ्य प्रर्वधन कार्यक्रम | तथ्यमा आधारित योजना निर्माण | | |
| | ५. | नसर्ने रोगको भार कम गर्न जनसस्वास्थ्य प्रर्वधन कार्यक्रम | खोप कार्यक्रमको प्रभावकारिता | स्वास्थ्यसँग सम्बन्धित डाटा सर्भरको स्थापना | पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश अभियान | | |

स्रोत : प्रदेश जनस्वास्थ्य कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षको अवधिमा यी कार्यालयको लागि ५ करोड ८१ लाख देखि ४४ करोड ४४ लाख सम्म बजेट विनियोजन गरिएको थियो । यो विनियोजनमा चालुतर्फ ४ करोड ५४ लाखदेखि ३४ करोड ८७ लाख रहेको थियो भने पूँजीगततर्फ ४३ लाख ९३ हजारदेखि १० करोड ८५ लाखसम्म रहेको थियो । यसरी विनियोजित रकमबाट कार्यालयले ९ करोड ३५ लाखदेखि ३० करोड १५ लाखसम्म खर्च गरेका थिए । यस्तो खर्चमा चालुतर्फ ७ करोड ८८ लाखदेखि २४ करोड ४ सम्म र पूँजीगततर्फ ३८ लाख ७६ हजारदेखि ७ करोड ४२ लाखसम्म रहेको थियो । यस अवधिमा कार्यालयले उपलब्ध जनशक्ति र यो रकमबाट विशेष गरी कोभिड लगायतका महामारी नियन्त्रण, नियमित खोप, पोषण सम्बन्धी कार्यक्रम, मातृ शिशु कार्यक्रम, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य, टीवी र एच्आईभी परीक्षण, हात्ती पाइले रोग म्यापिङ, विभिन्न तालिम, परिवार नियोजन र किशोर किशोरी सेवा, उच्च भेगीय स्वास्थ्य कार्यक्रम र निजी स्वास्थ्य संस्था दर्ता र अनुगमन जस्ता काम गरेका थिए (विस्तृत विवरणको लागि तालिका - १२.३-१ र १२.३-२ हेर्नुहोस्) ।

**तालिका-१२.३-२**

**प्रदेश जनस्वास्थ्य कार्यालयको संक्षिप्त विवरण**

**(आ व २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | स्याङ्जा | तनहुँ | नवलपुर | पर्वत | मुस्ताङ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला | १ जिल्ला |
| २. | कुल दरबन्दी | १४ | १४ | ११ | ११ | ११ |
| | अधिकृत | ५ | १० | १ | १ | १ |
| | सहायक | ६ | १ | ७ | ७ | ७ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ |
| | प्राविधिक | ९ | ९ | ६ | ६ | ६ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | २ | २ | २ | २ |
| | अधिकृत र सहायकको अनुपात | ०.८३ | १० | ०.१४ | ०.१४ | ०.१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधिक र प्रशासनिकको अनुपात | ४.५ | ४.५ | ३ | ३ | ३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.६६ | ३.६६ | २.६६ | २.६६ | २.६६ |
| | जम्मा पूर्ति दरबन्दी | १३ | १३ | ८ | ११ | ७ |
| | अधिकृत | ५ | ९ | १ | १ | १ |
| | सहायक | ५ | १ | ४ | ७ | ३ |
| | सहयोगी | ३ | ३ | ३ | ३ | ३ |
| | जम्मा रिक्त दरबन्दी | १ | १ | ३ | ० | ४ |
| | अधिकृत | ० | १ | ० | ० | ० |
| | सहायक | १ | ० | ३ | ० | ४ |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३०५६०४ | २७४०६५ | २८१०१८ | १८०२३१ | ५८१९९ |
| | चालु तर्फको विनियोजन | २९८१०४ | २६७०२२ | २६३८६८ | १६१५८१ | ४५४१३ |
| | पूँजीगत तर्फको विनियोजन | ७५००० | ७०४३ | १७१५० | १८६५० | १२७८६ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३९.७४ | ३७.९१ | १५.३८ | ८.६६ | ३.५५ |
| | चालु खर्च | २०६१८५ | १७३९३५ | १५६३७८ | १३८२१७ | ७८८३१ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.६९ | ०.६५ | ०.५९ | ०.८५ | १.७३ |
| | पूँजीगत खर्च | ७४२३५ | ११४८५ | ४२६० | १२३२६ | ४४०४९ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.९८ | १.६३ | ०.२४ | ०.६६ | ३.४४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | २७.७७ | १५.१४ | ३६.७० | ११.२१ | १.७८ |
| | कुल खर्च | २१३६०८ | १८५४२० | १६०६३८ | १५०५४३ | १२२८८० |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १. | कोभिड १९ रोगको नियन्त्रण | कोभिड १९ खोप प्रदान | नियमित खोप कार्यक्रम | महामारी रोग नियन्त्रण | कोरोना महामारी रोग नियन्त्रण |
| | २. | कोभिड १९ विरुद्ध खोप अभियान | सुत्केरी पोषण कार्यक्रम | निशुल्क औषधी व्यवस्थापन | नियमित खोप संचालन | स्थानीय तहमा खोप औषधी वितरण |
| | ३. | घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम संचालन | औषधी तथा औषधीजन्य मालसामानको आपूर्ति | निजी स्वास्थ्य संस्थाहरूको संचालन अनुमति तथा अनुगमन | सुरक्षित मातृत्व कार्यक्रम | खानेपानी गुणस्तर निगरानी |
| | ४. | टाईफाइड खोप अभियान संचालन | नियमित खोप कार्यक्रम | जिल्लास्तरीय समितिहरूमा निममानुसार कार्यसम्पादन | दादुरा रुवेला खोप अभियान | स्वीकृत कार्यक्रमहरू संचालन |
| | ५. | पूर्ण संस्थागत सुत्केरी कार्यक्रम कार्यान्वयन | मातृ शिशु स्वास्थ्य सेवा कार्यक्रम | संघीय तथा प्रदेश अर्न्तगतका स्वीकृत कार्यक्रम | हात्तीपाईले रोगको औषधी सेवन कार्यक्रम | स्वास्थ्यका तथ्यांक व्यवस्थापन र गुणस्तर निगरानी |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ६४४०० | ७०४९२ | ५३२८४ | ५०८३६ | ३२८८८ |
| | चालु विनियोजन | ५८९०० | ६९४९२ | ५०७८४ | ४८८३६ | ३१८८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पूँजीगत विनियोजन | ५५०० | १००० | २५०० | २००० | १००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | १०.७० | ६९.४९ | २०.३१ | २४.४१ | ३१.८८ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | |
| | १. | मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरणमा निगरानी | महामारी रोग नियन्त्रण कार्यक्रम | महामारीजन्य रोगको नियन्त्रण कार्यक्रम | क्षयरोग नियन्त्रण | विद्यालय स्वास्थ्य शिक्षा |
| | २. | सर्ने तथा नर्सने रोग रोकथाम र नियन्त्रण | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | महामारी जन्य रोग नियन्त्रण कार्यक्रम | पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश अभियान |
| | ३. | खोप सामग्री तथा औषधीजन्य आपूर्ति | एड्स तथा यौन रोग नियन्त्रण | एड्स तथा यौन रोग नियन्त्रण | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | स्वास्थ्य संस्थामा EHMIS लागू |
| | ४. | पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश अभियान | क्षयरोग निवारण कार्यक्रम | अपाङ्गता तथा कुष्ठरोग नियन्त्रण रोकथाम कार्यक्रम | उपचारात्मक सेवा कार्यक्रम | |
| | ५. | स्वास्थ्यसँग सम्बन्धित डाटा सर्भरको स्थापना | परिवार कल्याण कार्यक्रम | क्षयरोग निवारण कार्यक्रम | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | |

स्रोत : प्रदेश जनस्वास्थ्य कार्यालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा यी कार्यालयलाई ३ करोड २८ लाखदेखि ७ करोड ४ लाखसम्म रकम विनियोजन गरिएको छ । यसरी विनियोजित रकममा चालु ३ करोड १८ लाखदेखि ६ करोड ९४ लाखसम्म र

पूँजीगत १० लाखदेखि ५५ लाखसम्म रहेको छ। यो बजेटबाट यी कार्यालयले महामारी रोग नियन्त्रण, मातृ र शिशु मत्यु दरको निगरानी, सर्ने र नसर्ने रोगको रोकथाम, खोप र औषधि आपूर्ति, संस्थागत सुत्केरी अभियान, परिवार कल्याण, विद्यालय स्वास्थ्य सेवा, कुष्ठरोग नियन्त्रण, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा र एडस् तथा यौन रोग नियन्त्रण जस्ता कार्यहरू सम्पादन गर्ने लक्ष्य राखेका छन् ( विस्तृत विवरणको लागि तालिका -१२.३-१ र १२.३-२ हेर्नुहोस्) ।

**१२.३.१ विश्लेषण :**

अस्पताल संचालनको जिम्मेवारी प्रदेशको र स्थानीय तहमा रहेका स्वास्थ्य चौकी संचालनको जिम्मेवारी स्थानीय तहमा रहेको सन्दर्भमा जिल्ला जनस्वास्थ्य कार्यालयको भूमिका एकदम साँघुरिएको छ । यी निकाय प्रत्यक्ष स्वास्थ्य सेवा दिने भूमिकामा छैनन् । मुख्य रूपमा यी निकायको वर्तमानको काम भनेको स्थानीय तहका स्वास्थ्यकर्मीले सल्लाह मागेको अवस्थामा सल्लाह दिने, महामारी नियन्त्रणमा सहजीकरण गर्ने, केही हदसम्म औषधि आपूर्तिमा सहजीकरण गर्ने र खोपको लागि कोल्ड चेन कायम गर्ने रहेको छ। फेरि कोल्ड चेन कायम गर्ने भूमिकामा स्थानीय तह सक्षम भएपछि जनस्वास्थ्यको यो भूमिका पनि रहदैन । यस प्रकार स्वास्थ्यकर्मीहरूको बाहुल्यता रहेका यी निकायमा हाल जनशक्तिको न्यून उपयोगमात्र भईरहेको छैन भविष्यमा पनि यो भूमिका परिवर्तनभन्दा पनि अझ साँघुरो हुने अवस्था छ । चालु खर्चको हिस्सा ठूलो रहेका यी निकाय काम कम र खर्च धेरै भएका निकाय जस्ता देखिन्छन् । यस अर्थमा यी निकायलाई यही रूपमा राखिरहन सान्दर्भिक देखिदैन । यी निकायबाट भईआएको अत्यावश्यक कोल्ड चेन कायम गर्ने र स्थानीय स्वास्थ्यकर्मीको सम्पर्क निकायको काम जिल्लाका अरु स्वास्थ्य निकायबाट हुने व्यवस्था मिलाई यी निकायलाई खारेज गर्न वाञ्छनीय हुन्छ ।

**१२.३.२ सिफारिस :**

प्रत्यक्ष सेवा दिने भूमिका नभएका खाली स्थानीय तहलाई सल्लाह दिने र खोपको कोल्ड चेन कायममा सहयोग गर्ने निकाय को रूपमा रहेका प्रदेश जनस्वास्थ्य कार्यालयको यो सीमित भूमिका प्रदेश अस्पतालवाट निर्वाह हुने व्यवस्था मिलाई जनस्वास्थ्य कार्यालय खारेज गर्न उपयुक्त हुन्छ। विषेश गरी खोपको कोल्ड चेन कायम गर्ने काम र स्थानीय निकायको सम्पर्क विन्दुको कामको लागि यी निकायबाट केही कर्मचारी स्थानीय प्रदेश अस्पतालमा सरुवा गरी अस्पतालमा जनस्वास्थ्यशाखा स्थापना गरेर मिलाई जनस्वास्थ्य कार्यालयहरूलाई खारेज गर्दा हालको सेवामा कुनै अवरोध आउने देखिदैन ।

**१२.३.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रदेश जनस्वास्थ्य कार्यालय खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार खारेज भएको कार्यालयमा कार्यरत जनशक्ति मध्ये प्रत्येक प्रदेश जनस्वास्थ्य कार्यालयवाट २ जना अधिकृतस्तरका कर्मचारीलाई दरबन्दीसहित सम्बन्धित स्थानीय प्रदेश अस्पतालमा सरुवा गर्ने,

(ग) उल्लेखित (ख) अनुसार सरुवा भई आएका कर्मचारी कार्यरत हुने गरी स्थानीय प्रदेश अस्पतालमा जनस्वास्थ्य शाखा स्थापना गरी सो शाखाबाट हाल प्रदेश जनस्वास्थ्य कार्यालयले गरिआएका कोल्ड चेन कायम गर्ने लगायतका अत्यावश्यक काम गर्ने व्यवस्था मिलाउने,

(घ) उल्लेखित (क) अनुसार सरुवा गरी बाँकी रहेका १५ अधिकृत र ४७ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(ङ) साबिक प्रदेश जनस्वास्थ्य कार्यालयमा कार्यरत ३३ सहयोगी कर्मचारीलाई अवकास दिने,

(च) साबिक प्रदेश जनस्वास्थ्य कार्यालयमा रिक्त रहेका ८ अधिकृत र १० सहायक पद स्वतः खरेज हुने,

(छ) उल्लेखित (ख) अनुसार साबिक प्रदेश जनस्वास्थ्य कार्यालयबाट सम्बन्धित स्थानीय प्रदेश अस्पतालमा र (घ) अनुसार पुलमा सरुवा गर्ने र (ङ) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिन भित्र सम्पन्न गर्ने,

(ज) उल्लेखित (ग) अनुसार सम्वन्धित स्थानीय प्रदेश अस्पतालमा जनस्वास्थ्य शाखा स्थापना गरी साबिक प्रदेश जनस्वास्थ्य कार्यालयबाट भईआएका कोल्ड चेन कायम गर्ने लगायतका अत्यावश्यक सेवामा अवरोध आउन नदिने व्यवस्था मन्त्रालयले ७ दिन भित्र मिलाउने,

(झ) उल्लेखित (क) अनुसार खारेज भएको साबिक प्रदेश जनस्वस्थ्य कार्यालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

**१२.४ प्रदेश अस्पताल**

गण्डकी प्रदेशमा ११ वटा प्रादेशिक अस्पताल छन् । प्रदेश अस्पताल भनिए पनि यी अस्पतालको स्तर र यिनले दिने सेवामा ठूलो अन्तर छ । यी अस्पतालमा १९ देखि ७८ जनासम्मको दरबन्दी रहेको छ । यो दरबन्दी संरचनाभित्र अधिकृत २ देखि ३२ सम्म, सहायक ५ देखि ३६ सम्म र सहयोगी ७ देखि १२ पदसम्म रहेको छ । अस्पताल भएकोले यहाँ प्राविधिक जनशक्तिको बाहुल्यता रहेको छ । यी अस्पतालमा प्राविधिक जनशक्तिको पद ११ देखि ६० सम्म र प्रशासनिक जनशक्तिको पद १ देखि ६ सम्म रहेको पाइन्छ । यसरी वितरण भएको दरबन्दीमा अधिकृत र सहायकको अनुपात ०.११ देखि २.८ सम्म, प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ८.५ देखि १७.६६ सम्म र अरु कर्मचारी र

सहयोगीको अनुपात १.३ देखि ५.५ सम्म रहेको छ । यसरी वितरित दरबन्दीमा पद पूर्तितर्फ नियाल्दा १६ देखि ६८ पदसम्म पूर्ति भएको देखिन्छ । यसरी पूर्ति भएका पदमा अधिकृत २ देखि २४ पदसम्म , सहायक २ देखि ३६ पद सम्म र सहयोगी ७ देखि १२ पदसम्म पूर्ति भएको देखिन्छ । अस्पतालमा ३ देखि १७ वटासम्म पद रिक्त छन् । यसरी रिक्त भएका पदमा अधिकृत १ देखि ८ पदसम्म र सहायक ३ देखि १० पदसम्म पद छ भने सहयोगी १ अस्पतालमा १ पद मात्र रिक्त छ ( विस्तृत विवरणको लागि तालिका - १२.४-१ र १२.४-२ हेर्नुहोस्)।

**तालिका - १२.४-१**

**प्रदेश अस्पतालहरूको संक्षिप्त विवरण**

**(आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)**

| क्र.सं. | विषय | पर्वत | तनहुँ | मुस्ताङ | स्याङ्जा | बागलुङ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | | | | |
| २. | कुल दरबन्दी | २३ | ३० | २७ | २७ | ७८ |
| | अधिकृत | २ | ३ | २ | १४ | ३२ |
| | सहायक | ११ | १६ | १८ | ५ | ३४ |
| | सहयोगी | १० | ११ | ७ | ८ | १२ |
| | प्राविधिक | १२ | १७ | १८ | १७ | ६० |
| | प्रशासनिक लेखा समेत ( सहयोगी वाहेक) | १ | २ | २ | २ | ६६ |
| | अधिकृत र सहायकको अनुपात | ०.१८ | ०.१८ | ०.११ | २.८ | ०.९४ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १२ | ८.५ | ९ | ८.५ | १० |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | १.३ | १.७२ | २.८५ | २.३७ | ५.५ |
| | जम्मा पूर्ति दरबन्दी | २० | २५ | २२ | २३ | ६१ |
| | अधिकृत | २ | २ | १ | १३ | २४ |
| | सहायक | ८ | १२ | १४ | २ | २५ |
| | सहयोगी | १० | ११ | ७ | ८ | १२ |
| | जम्मा रिक्त दरबन्दी | ३ | ५ | ५ | ४ | १७ |
| | अधिकृत | ० | १ | १ | १ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहायक | ३ | ४ | ४ | ३ | ९ |
| | सहयोगी | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३६१२८१ | नभएको | ३९०४६० | २०३७६२ | ९३८८२४ |
| | चालु तर्फको विनियोजन | २४९६५० | | १६२४०० | १५२९३८ | ७७५०७४ |
| | पूँजीगत तर्फको विनियोजन | १११६३१ | | २२८०६० | ५०८४८ | १६३७५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.२३ | | ०.७१ | ३.०० | ४.७३ |
| | चालु खर्च | २०७६४४ | | ९७५२२ | ९१७४७ | ५८४९९७ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.८३ | | ०.६० | ०.३३ | ०.७५ |
| | पूँजीगत खर्च | ५४३०२ | | ९१७५४ | २५४६६ | १२०९३९ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.४८ | | ०.४० | ०.५० | ०.७३ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ३.८२ | | १.०६ | ३.६० | ४.८३ |
| | कुल खर्च | २६१९४६ | | १८९२७६ | ११७२१३ | ७०५९३६ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १. | डेन्टल सेवा विस्तार | नभएको | नयाँ भवन निर्माण | अक्सिजन प्लान्ट निर्माण | मर्चरी च्याम्बरको शुरुवात |
| | २. | डायलायसिस सेवा सुरुवात | | SSU सेवा सुरुवात | फोहोरमैला व्यवस्थापनकक्ष निर्माण | PCR ल्याव संचालन |
| | ३. | अक्सिजन प्लान्ट निर्माण | | चमेना गृह निर्माण | डायलायसिस शाखा विस्तार | ठूलो Oxygen Plant संचालन |
| | ४. | फोहोरमैला व्यवस्थापनको कक्ष निर्माण | | फोहोरमैला व्यवस्थापनसंरचना तयार | कार्यालयको लागि फर्निचर खरिद | आँखा सोवा उपचार विस्तार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५. | ओ.पी.डि. सेवाको विस्तार | | ऋऋत्व जडान | ल्यावमा मेशिनरी खरिद | डायलासीस सेवा विस्तार |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ७९०३७ | १०६२७६ | ८७६४४ | ६७०४४ | १८५५२४ |
| | चालु विनियोजन | ६६५३७ | ८४२७६ | ३९१४४ | ५३५४४ | १५९८२४ |
| | पूँजीगत विनियोजन | १२५०० | २२००० | ४८५०० | १३५०० | २०५०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ५.३२ | ३.८३ | ०.८० | ३.९६ | ७.७९ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | नभएको | नभएको | नभएको | नभएको | बाँखा शिविर सञ्चालन, EMR लागु, फोहोर घर निर्माण |

स्रोत : अस्पतालबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षमा यी अस्पतालको लागि कुल २० करोड ३७ लाखदेखि ९३ करोड ८८ लाखसम्म रकम विनियोजन गरिएको थियो । यो विनियोजित रकममा चालुतर्फ १५ करोड २९ लाखदेखि ७७ करोड ५० लाखसम्म र पूँजीगततर्फ २६ लाख देखि २७ करोड ३ लाखसम्म रहेको थियो । चालु र पूँजीगत विनियोजनको अनुपात ०.७१ देखि ३०.५३ सम्म रहेको थियो । विनियोजित रकम मध्ये यस अवधिमा अस्पतालले कुल ११ करोड ७१ लाखदेखि ७० करोड ५९ लाखसम्म खर्च गरेका थिए । यसरी खर्चिएको रकममा चालुतर्फ ९ करोड ८ लाखदेखि ७७ करोड ५० लाखसम्म र पूँजीगततर्फ २ करोड ५४ लाख देखि १७ करोड ९९ लाखसम्म रहेको थियो । यो खर्चमा चालु खर्च र विनियोजनको अनुपात ०.३० देखि ०.८३ सम्म, पूँजीगत खर्च र विनियोजनको अनुपात ०.४ देखि ०.७५ सम्म र चालु खर्च र पूँजीगत खर्चको अनुपात १.०६ देखि ६.३३ सम्म रहेको थियो । उपलब्ध जनशक्ति र यो रकमबाट अस्पतालले विशेषतः डेन्टल, आँखा, एक्सरे, आई सी यु, सी सी यु, ओ पी डी, डायलाईसिस जस्ता विविध सेवाको सुरु र विस्तार, फोहर मैला व्यवस्थापन, अक्सिजन प्लान्ट निर्माण, मेसिनरी औजार खरिद, प्रयोगशाला भवन निर्माण, स्वास्थ्य शिविर संचालन, अस्पताल भवन निर्माण जस्ता कार्य सम्पन्न गरेका थिए (विस्तृत विवरणको लागि तालिका - १२.४-१ र १२.४-२ हेर्नुहोस्) ।

## तालिका - १२.४-२

## प्रदेश अस्पतालहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र.सं. | विषय | कास्की | गोरखा | नवलपुर | मनाङ | म्याग्दी | लमजुङ |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | | | | | |
| २. | कुल दरबन्दी | ३८ | ५९ | ३३ | १९ | ५९ | ६८ |
| | अधिकृत | ७ | २४ | ३ | २ | १७ | २० |
| | सहायक | २४ | २३ | १८ | १० | ३० | ३६ |
| | सहयोगी | ७ | १२ | १२ | ७ | १२ | १२ |
| | प्राविधिक | २९ | ४३ | १९ | ११ | ४४ | ५३ |
| | प्रशासनिक लेखा समेत ( सहयोगी वाहेक) | २ | ४ | २ | १ | ३ | ३ |
| | अधिकृत र सहायकको अनुपात | ०.२९ | १.०४ | ०.१६ | ०.२ | ०.५६ | ०.५५ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | १४.५ | १०.७५ | ९.५ | ११ | १४.६६ | १७.६६ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.४२ | ३.९१ | १.७५ | १.७१ | ३.६६ | ४.६६ |
| | जम्मा पूर्ति दरबन्दी | ३३ | ४७ | १६ | १६ | ४२ | ६८ |
| | अधिकृत | ७ | १८ | २ | २ | ११ | २० |
| | सहायक | १९ | १८ | १४ | ७ | २० | ३६ |
| | सहयोगी | ७ | ११ | १२ | ७ | ११ | १२ |
| | जम्मा रिक्त दरबन्दी | ५ | ११ | ५ | ३ | १७ | ० |
| | अधिकृत | ० | ६ | १ | ० | ६ | ० |
| | सहायक | ५ | ५ | ४ | ३ | १० | ० |
| | सहयोगी | ० | ० | ० | ० | १ | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ५१९२३२ | ८१९९० | ३८२०६९ | ४५५२६७ | ४०२६०२ | २२५७७० |
| | चालु तर्फको विनियोजन | ३८०५१३ | ७९३९० | २२३९३७ | १८४८८७ | ३१४३३३ | २०२२७० |
| | पूँजीगत तर्फको विनियोजन | १३८७१९ | २६०० | १५८१३२ | २७०३८० | ८८२६९ | २३५०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | २.७४ | ३०.५३ | १.४१ | ०.६८ | ३.५६ | ८.६० |
| | चालु खर्च | ३०८३०३ | ५१११८ | १४०८५३ | ९०८२१ | २०३२०९ | ६१९५७ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.८१ | ०.६४ | ०.६२ | ०.४९ | ०.६४ | ०.३० |
| | पूँजीगत खर्च | १२०६४० | १०४८१ | ९३१५७ | १७९९५३ | ६६५५१ | ९९३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८६ | ०.४३ | ०.५८ | ०.६६ | ०.७५ | ०.४२ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | २.५५ | ४.८७ | १.५१ | ०.५० | ३.०५ | ६.२३ |
| | कुल खर्च | ४२८९४४ | ६१५९९ | २३४०१० | २७०७७४ | २६९७६० | ७१८९५ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १. | हाडजोर्नी तथा नशा रोग सेवाको सुरुवात | डेन्टल सेवा विस्तार | गैर आवासीय भवन निर्माण शुभारम्भ | नियमित कार्यक्रमहरू संचालन गरेको | डायलायसिस सेवा सुरुवात | डायलायसिस सेवा संचालन |
| | २. | प्रयोगशाला भवन निर्माण | सेवा प्रवाहमा सुदृढिकरण | आँखा उपचार सेवा | अस्पतालका लागि नयाँ भवन निर्माण कार्य शुरु | फिजियोथेरापी सेवाको | DR X-RAY मेशिन जडान |
| | ३. | डेन्टल सेवा | फिजियोथेरापी सेवाको सुरुवात | सर्पदंश उपचार सेवा | सम्पूर्ण औषधीहरू निशुल्क रूपमा उपलब्ध | अक्सिजन प्लान्ट स्थापना | ICU सेवा |
| | ४. | शिविर संचालन | फोहोरमैला व्यवस्थापनकक्ष निर्माण | अक्सिजन प्लान्ट स्थापना | सुरक्षित गर्भपतन सेवा | जेष्ठ नागरिक वार्ड स्थापना | BLOOD BANK स्थापना |
| | ५. | चमेना गृह संचालन | खानेपानी व्यवस्था | डायलायसिस सेवा विस्तार | २४ सै घण्टा आकस्मिक सेवा | EMR सुरुवात | ओ.पी.डि. सेवाको विस्तार |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १४६८६५ | ५८६२८७ | १२६८११ | ६९५५२ | ९९११५ | २४६२७१ |
| | चालु विनियोजन | ११९३६५ | ५३७६०९ | ६६८११ | ४४५५२ | ८०६१५ | २२६२७१ |
| | पूँजीगत विनियोजन | २७५०० | ४८६७८ | ६०००० | २५००० | १८५०० | २०००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४.३४ | ११.०४ | १.११ | १.७८ | ४.३५ | ११.३१ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | नभएको | नभएको |
| | १. | मातृशिशु मितेरी अस्पताललाई ५० शैयाको अस्पतालमा स्तरोन्नति गर्ने | कर्मचारी आवास गृह निर्माण | डायलायसिस सेवा | MSS कार्यक्रम | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. | | | OCMC SSU सेवा संचालन | स.शुल्क फार्मेसी | | |
| | ३. | | | SSU कार्यक्रम | एक स्वास्थ्य संस्था कार्यक्रम | | |
| | ४. | | | क्षयरोग नियन्त्रण कार्यक्रम | CME, CPD सर्भिस | | |
| | ५. | | | बिमा कार्यक्रम | आकस्मिक महामारी विपदको आवश्यक कार्य | | |

स्रोत : प्रादेशिक अस्पतालहरूबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा अस्पतालको लागि कुल ६ करोड ७० लाखदेखि ५८ करोड ६२ लाखसम्म रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालुतर्फ ३ करोड ९१ लाख देखि ५३ करोड ७६ लाख सम्म, पूँजीगततर्फ १ करोड ३५ लाखदेखि ६ करोडसम्म रहेको छ भने चालु र पूँजीगत विनियोजनको अनुपात ०.८ देखि ११.३१ सम्म रहेको छ । यो बजेटबाट अस्पतालले नियमित दिने सेवा बाहेकका कर्मचारी आवास गृह निर्माण, MSS,SSU,CME/CPD कार्यक्रम संचालन, क्षयरोग नियन्त्रण, स्वास्थ्य बीमा, फार्मेसी सेवा र डायलाइसिस सेवा जस्ता कार्य गर्ने लक्ष्य राखेका छन् (विस्तृत विवरणको लागि तालिका-१२.४.हेर्नुहोस्) ।

### १२.४.१ विश्लेषण :

अस्पतालहरूबाट प्राप्त विवरणको आधारमा हेर्दा अधिकांश अस्पतालको बेड अक्युपेन्सी दर कम रहेको, स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य जनशक्ति उपलव्ध हुन नसकेको, प्रदेश सरकार मातहतका अस्पतालमा बेड विस्तारको कार्य भईरहेको र कतिपय सुविधा रहेका जिल्लामा मेडिकल कलेजसँगको सम्झौता अनुसार इन्टर्नसीपमा आएका चिकित्सकको संख्या अत्यधिक रहने गरेको देखिएको छ । अस्पताललाई विनियोजन भएको रकममा पनि असाधारण अन्तर देखिन्छ । साथै, अस्पतालले दिई आएको सेवामा पनि व्यापक अन्तर रहेको छ । प्रदेश सरकारले अस्पताललाई वर्गीकरण गरी सोही अनुसार सेवाको मापदण्ड निर्धारण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने कार्य प्रभावकारी रूपमा हुन सकेको देखिएको छैन । मेडिकल कलेजबाट चाहिनेभन्दा बढी इन्टर्न चिकित्सक जम्मा हुने प्रवृत्ति रोक्न सम्बन्धित अस्पतालले आवश्यकता अनुसार मात्र इन्टर्न चिकित्सक लिनसक्ने गरी अधिकार दिनु पर्ने र संझौतालाई पनि सोही अनुसार संशोधन गर्नु पर्दछ ।

### १२.४.२ सिफारिस :

अस्पतालहरूमा बेड विस्तारले अतिरिक्त जनशक्ति र आर्थिक भार श्रृजना गर्ने हुनाले बेड विस्तारमा सावधानी आवश्यक हुन्छ । खास गरेर भईरहेको बेडको अक्युपेन्सी दरका आधारमा बेड विस्तार गर्ने वा नगर्ने निर्धारण गर्न उपयुक्त हुन्छ । यसको लागि प्रदेश सरकारले अक्युपेन्सी दरसमेतलाई समेटेर बेड विस्तार मापदण्ड बनाई सोही अनुसार मात्र विस्तार गर्ने अभ्यास गर्नु आवश्यक हुन्छ। सबै अस्पतालको सेवालाई बढाउदै लैजानेभन्दा पनि केही अस्पताललाई रिफेरल अस्पताल तोकी त्यहाँ विस्तारित र निश्चित सेवा प्रभावकारी ढङ्गबाट प्रदान गर्न उपयुक्त हुन्छ। अस्पतालमा सेवा दिने प्राविधिक जनशक्तिले हो । त्यसकारण स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य जनशक्तिको पदपूर्ति गर्ने कार्य प्राथमिकतामा पर्नु पर्दछ। स्वास्थ्य सेवाको महत्व दर्शाउन र टाढा रहेका, स्वास्थ्य समस्या भएका तर अत्यावश्यक नभइ सेवा नलिएकाहरुलाई सेवा दिन अस्पतालहरूले नियमित रूपमा  कार्यतालिका बनाएर स्वास्थ्य शिविरहरू संचालन गर्नु उपयुक्त हुन्छ । स्वास्थ्य शिविर संचालन गर्ने कार्यलाई प्रदेश सरकारले प्राथमिकतामा राख्न मनासिव हुन्छ। इन्टर्न चिकित्सकको सेवा बारेमा उपयुक्त नीति बनाएर मात्र कार्यान्वयन गर्नु राम्रो हुन्छ ।

### १२.४.३ निर्णय हुनुपर्ने व्यहोरा :

माथि प्रकरण १२.४.२ मा उल्लेख भएअनुसार आवश्यक व्यवस्था मन्त्रालयले मिलाउने ।

## १२.५ प्रदेश आयुर्वेदिक चिकित्सालय

गण्डकी प्रदेश सरकार अन्तरगत प्रत्येक जिल्लामा १, १ वटा पर्ने गरी ११ वटा प्रदेश आयुर्वेद चिकित्सालय छन् । यी चिकित्सालय गण्डकी प्रदेश सरकारले आफैं स्थापना गरेको नभई प्रदेश स्थापना हुनुभन्दा आगाडिदेखि नै नेपाल सरकारबाट स्थापना भई संचालनमा रहेका थिए । प्रदेशको स्वास्थ्य सम्बन्धी जिम्मेवारी अन्तरगत यी चिकित्सालय प्रदेश स्थापना भएपछि प्रदेश सरकार मातहत रहन पुगेका हुन् । कास्कीमा रहेको गण्डकी आयुर्वेद अस्पतालमा २९ कर्मचारी दरबन्दी छ भने अन्य बाँकी चिकित्सालयमा ६ वा ७ जनाको दरबन्दी रहेको छ। यो दरबन्दी संरचनामा कास्कीमा अधिकृत दरबन्दी ९ छ भने बाँकीमा १ देखि ४ सम्म छ । सहायकतर्फ पनि कास्कीमा १५ छ भने बाँकीमा १ देखि ४ जनाको दरबन्दी छ। त्यसै गरी सहयोगी दरबन्दी २ देखि ५ जनासम्म रहेको छ। वैकल्पिक स्वास्थ्य उपचार उपलब्ध गराउने यी निकायमा प्राविधिक कर्मचारीको बाहुल्यता रहेको छ। कास्कीमा २२ जना प्राविधिक कर्मचारीको दरबन्दी छ भने बाँकीमा ३ देखि ४ जनासम्म छ, प्रशासनिक कर्मचारीको संख्या भने १ वा २ रहेको छ । यो संरचना अनुसार अधिकृत र सहायकको अनुपात कास्कीमा ०.६ छ भने बाँकीमा ०.२५ देखि ४ सम्म रहेको छ । त्यसै गरी प्राविधिक र प्रशासनिक कर्मचारीको अनुपात ३ देखि ७.३३ सम्म र अरु कर्मचारी र सहयोगीको अनुपात  २ देखि  ४.८ सम्म रहेको छ.(विस्तृत विवरणको लागि तालिका-१२.५-१ र १२.५-२ हेर्नुहोस्) ।

यी निकायमा दरबन्दी व्यवस्था अनुसार पदपूर्ति भएको छैन । चिकित्सालयमा ४ देखि ७ पदसम्म पूर्ति भएको छ । यसरी पूर्ति भएको पदमा अधिकृततर्फ १ देखि ४ सम्म, सहायकतर्फ १ देखि ३ पद सम्म र सहयोगीमा २, २ को दरले पूर्ति भएको देखिन्छ । रिक्ततर्फ कास्कीमा २३ र बाँकी १० वटा कार्यालय मध्ये २ वटामा कुनै पद रिक्त रहेको छैन भने अरु ८ वटामा १ देखि ३ पदसम्म रिक्त रहेको छ । रिक्त रहेको पदमा अधिकृततर्फ कास्कीमा ८ र बाँकी १० चिकत्सिालय मध्ये ८ वटामा रिक्त छैन भने २ वटामा १ वा २ पद रिक्त छ.(विस्तृत विवरणको लागि तालिका-१२.५-१ र १२.५-२ हेर्नुहोस्) ।

## तालिका-१२.५-१

## प्रदेश आयुर्वेद चिकित्सालयको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र.सं. | विषय | कास्की | गोरखा | लमजुङ | म्याग्दी | मनाङ | मुस्ताङ |
|---|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | | | | | |
| २. | कुल दरबन्दी | २९ | ७ | ७ | ७ | ७ | ७ |
| | अधिकृत | ९ | ४ | १ | १ | ४ | ४ |
| | सहायक | १५ | १ | ४ | ४ | १ | १ |
| | सहयोगी | ५ | २ | २ | २ | २ | २ |
| | प्राविधिक | २२ | ४ | ४ | ४ | ४ | ४ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | २ | १ | १ | १ | १ | १ |
| | अधिकृत र सहायकको अनुपात | ०.६ | ४ | ०.२५ | ०.२५ | ४ | ४ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ७.३३ | ४ | ४ | ४ | ४ | ४ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ४.८ | २.५ | २.५ | २.५ | २.५ | २.५ |
| | जम्मा पूर्ति दरबन्दी | ६ | ६ | ५ | ६ | ५ | ५ |
| | अधिकृत | १ | ४ | १ | १ | ३ | ३ |
| | सहायक | ३ | ० | २ | ३ | ० | ० |
| | सहयोगी | २ | २ | २ | २ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | २३ | १ | २ | १ | २ | २ |
| | अधिकृत | ८ | ० | ० | ० | १ | १ |
| | सहायक | १२ | १ | २ | १ | १ | १ |
| | सहयोगी | ३ | ० | ० | ० | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ८१८०३ | ४९३४२ | ६५७६२ | ७११६३ | ५५३२२ | ५४५५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु तर्फको विनियोजन | ६३८२० | ४३८९२ | ६२५६२ | ६४८१३ | ४८७७२ | ४९६०४ |
| | पूँजीगत तर्फको विनियोजन | १७९८३ | ५४५० | ३२०० | ६३५० | ६५५० | ४८५० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.५५ | ८.०५ | १९.५५ | १०.२० | ७.४४ | १०.२२ |
| | चालु खर्च | ५००१९ | ३२५७७ | ४९९८१ | ५५४४२ | ३९४३७ | ३२६२९ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.७८ | ०.७४ | ०.७९ | ०.८५ | ०.६७ | ०.६५ |
| | पूँजीगत खर्च | ६४२० | ५४२८ | ३१९४ | ५९८० | ६५१७ | ४८१० |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.३५ | ०.९९ | ०.९९ | ०.९४ | ०.९९ | ०.९९ |
| | चालु खर्च र पुँजीगत खर्चको अनुपात | ७.७९ | ६.०० | १५.६४ | ९.२७ | ५.०५ | ६.७८ |
| | कुल खर्च | ५६४४० | ३८००५ | ५३१७५ | ७६६६४ | ३९४३७ | ३७४४० |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | | |
| | १. | रोग निदान, उपचार र परामर्श | रोग निदान, उपचार र परामर्श | जेष्ठ नागरिक आरोग्य सेवा | जेष्ठ नागरिक आरोग्य सेवा | पूर्व कर्म, पंच कर्म लगायतका उपक्रम संचालन | ल्याब सेवा संचालन |
| | २. | निशुल्क औषधी वितरण | निशुल्क औषधी वितरण | धनवन्तरी मन्दिर निर्माण | स्वास्थ्य जीवन | निशुल्क औषधी वितरण | नसर्ने रोगको स्किनिङ |
| | ३. | पूर्व कर्म, पञ्च कर्म लगायतका उपक्रमहरू संचालन | पूर्व कर्म, पञ्च कर्म लगायतका उपक्रम संचालन | कर्पोरेट योग कार्यक्रम | कर्पोरेट योग कार्यक्रम | दैनिक योग अभ्यास | दैनिक योग अभ्यास |
| | ४. | | | विद्यालय आयुर्वेद तथा योग शिक्षा | भान्सा सुधार आरोग्यको आधार | प्रबन्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवा | प्रबन्धनात्मकप्रतिकारात्मक र उपचारात्मक सेवा |
| | ५. | | | स्वस्थ्कर जीवनशैली प्रर्वधन | प्रबन्धनात्मक, प्रतिकारातक र उपचारात्मक सेवा | स्वस्थ्कर जीवनशैली प्रर्वधन | पूर्व कर्म, पञ्च कर्म लगायतका उपक्रम संचालन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २९११४ | १४४३७ | १३५७४ | १४३१९ | १२२१४ | १७०३५ |
| | चालु विनियोजन | २३५१४ | १३४३७ | १२५७४ | १३३१९ | ११३६४ | १३०३५ |
| | पूँजीगत विनियोजन | ५६०० | १००० | १००० | १००० | ८५० | ४००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४.१९ | १३.४३ | १२.५७ | १३.३१ | १३.३६ | ३.२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | | | | | |
| | १. | आयूर्वेद संस्थाहरूको सुदृढिकरण | आयूर्वेद संस्थाहरू सुदृढीकरण | नभएको | नभएको | आयूर्वेद संस्थाहरूको सुदृढीकरण | आयूर्वेद संस्थाहरूको सुदृढीकरण |
| | २. | मेरो स्वास्थ्य मेरो जिम्वेवारी | मेरो स्वास्थ्य मेरो जिम्मेवारी | | | मेरो स्वास्थ्य मेरो जिम्मेवारी | मेरो स्वास्थ्य मेरो जिम्मेवारी |
| | ३. | नागरिक आरोग्य अभियान | नागरिक आरोग्य अभियान | | | नागरिक आरोग्य अभियान | नागरिक आरोग्य अभियान |
| | ४. | भान्सा सुधार आरोग्यको आधार | भान्सा सुधार आरोग्यको आधार | | | भान्सा सुधार आरोग्यको आधार | भान्सा सुधार आरोग्यको आधार |

स्रोत : प्रदेश आयुर्वेद चिकित्सालयबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

विगत पाँच वर्षमा चिकित्सालयको लागि ४ करोड ९३ लाखदेखि ८ करोड १८ लाखसम्म रकम विनियोजन गरिएको थियो । यस्तो विनियोजनमा चालुतर्फ ४ करोड ३८ लाखदेखि ६ करोड ४८ लाख  सम्म र पूँजीगततर्फ ४८ लाख ५० हजारदेखि ६ करोड ४८ लाखसम्म रकम रहेको थियो । यो विनियोजनमा चालु र पूँजीगतको अनुपात ३.५५ देखि १९.५५ सम्म रहेको थियो । यस अविधिमा चिकित्सालयले कुल ३ करोड ७४ लाखदेखि ९ करोड ५४ लाखसम्म खर्च गरेका थिए । यो खर्चमा चालुतर्फ ३ करोड ५० लाखदेखि ५ करोड ५५ लाखसम्म र पूँजीगततर्फ ३१ लाख ९४ हजारदेखि २ करोड ११ लाखसम्म रहेको थियो । यसमा चालु खर्च र विनियोजनको अनुपात ०.६५ देखि ०.८५ सम्म र पूँजीगत खर्च र विनियोजनको अनुपात ०.८१ देखि ०.९९ सम्म रहेको थियो । साथै, चालु खर्च र पूँजीगत खर्चको अनुपात २.६२ देखि १५.६४ सम्म रहेको थियो । यस प्रकारको खर्चबाट चिकित्सालयले विशेष गरी रोगको उपचार, निदान तथा परामर्श सेवा, औषधि वितरण, पूर्वकर्म र पञ्चकर्म उपक्रम सेवा, विद्यालय आयुर्वेद तथा योग शिक्षा, जेष्ठ नागरिक आरोग्य सेवा, स्वस्थ्य जीवन शैली प्रवर्धन, भान्सा सुधार, क्षमता अभिवृद्धि तालिम र जडिबुटी पहिचान जस्ता कार्यहरू सम्पादन गरेका थिए (विस्तृत विवरणको लागि तालिका १२.५-१ र १२.५-२ हेर्नुहोस्) ।

## तालिका-१२.५-२

## प्रदेश आयुर्वेद चिकित्सालयहरूको संक्षिप्त विवरण

## (आव २०७६।०७७ देखि २०८१।०८२ सम्म)

| क्र.सं. | विषय | बागलुङ्ग | तनहुँ | नवलपुर | पर्वत | स्याङ्गजा |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षे (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | | | | |
| २. | कुल दरबन्दी | ६ | ७ | ७ | ७ | ७ |
| | अधिकृत | ४ | १ | ४ | ४ | १ |
| | सहायक | ० | ४ | १ | १ | ४ |
| | सहयोगी | २ | २ | २ | २ | २ |
| | प्राविधिक | ३ | ४ | ४ | ४ | ४ |
| | प्रशासनिक र लेखा समेत (सहयोगी वाहेक) | १ | १ | १ | १ | १ |
| | अधिकृत र सहायकको अनुपात | २ | ०.२५ | ४ | ४ | ०.२५ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ३ | ४ | ४ | ४ | ४ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | २ | २.५ | २.५ | २.५ | २.५ |
| | जम्मा पूर्ति दरबन्दी | ६ | ४ | ७ | ६ | ६ |
| | अधिकृत | ४ | ० | ४ | ४ | १ |
| | सहायक | ० | १ | १ | ० | ३ |
| | सहयोगी | २ | २ | २ | २ | २ |
| | जम्मा रिक्त दरबन्दी | ० | ३ | ० | १ | १ |
| | अधिकृत | ० | ० | ० | ० | ० |
| | सहायक | ० | १ | ० | १ | १ |
| | सहयोगी | ० | २ | ० | | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ६००७५ | ३७६१६ | ६२६३९ | ५१६६६ | |
| | चालु तर्फको विनियोजन | ५४९७५ | ३४१६६ | ६२६३९ | ४४३१६ | |
| | पूँजीगततर्फको विनियोजन | ५१०० | ३४५० | ६३५० | ७३५० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | १०.७७ | ९.९ | ९.६ | ६.०२ | |
| | चालु खर्च | ४४८४१ | २२०९ | ५३६४० | ३५०९६ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.१ | ०.३ | ०.५ | ०.७९ | |
| | पूँजीगत खर्च | ५०६८।३ | ३३९२ | ५६९८ | | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | | ६०२३ | | | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.९९ | ०.९ | ०.९ | ०.१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | | | |
| | १ | रोग निदान,उपचार ,परामर्श | विद्यालय आयुर्वेद तथा योग शिक्षा | २४४६० जनालाई ओ।पी।डी। सेवा | पूर्वकर्म पञ्चकर्म उपक्रमहरु | प्रयोगशाला संचालन |
| | २ | निःशुल्क औषधि वितरण | महिला स्वास्थ्य स्वयंसेविकाहरुको अभिमुखीकरण | २७२१ जनालाइ पंचाकर्म पुर्वाकर्म सेवा | कम्पाउण्ड वाल निर्माण | |
| | ३ | वाल र पानी टंकी निर्माण | आयुर्वेद सेवा क्षमता अभिबृद्धि तालिम | | | |
| | ४ | पुर्वकर्मरपञ्चकर्म उपक्रमहरु | | जडिबुटी उद्धान निर्माण | रोग निदान, उपचार, परामर्श | स्थानीय जडीबुटीहरुको पहिचान, |
| | ५ | अकुपंचर सेवा | | निशुल्क स्वास्थ्य मार्फत ३१६ जनालाइ | निशुल्क औषधी वितरण | भान्सा सुधार आरोग्यको आधार कार्यक्रम |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २७६१९ | | १५४३१ | २३३२४ | १४५९१ |
| | चालु विनियोजन | २१२१९ | १६९०५ | १२४३१ | १९०१२ | १३५९१ |
| | पूँजीगत विनियोजन | ६४०० | ३२०० | ३००० | १२४१२ | १००० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ३.३१ | ५.२८ | ४.१४ | ०.८७ | १४.५९ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | नभएको | नभएको | नभएको | नभएको |
| | १ | आयुर्वेद संस्थाको सुदृढीकरण | | आयुर्वेद संस्थाहरुको सुदृढीकरण | | |
| | २ | मेरो स्वास्थ्य मेरो जिम्बेबारी | | भान्सा सुधार आरोग्यको आधार | | |
| | ३ | स्वास्थ्य जिबनशैली अपनाउन अभिप्रेरित | | | | |
| | ४ | आरोग्य अभियान | | | | |
| | ५ | भान्सा सुधार अरोग्यको आधार | | | | |

स्रोत : प्रदेश आयुर्वेद चिकित्सालयहरूबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

चालु आर्थिक वर्षमा यी चिकित्सालयलाई १ करोड २२ लाखदेखि २ करोड ९१ लाखसम्म रकम विनियोजन गरिएको छ । यो विनियोजनमा चालुतर्फ १ करोड ९ लाखदेखि २ करोड ३५ लाखसम्म र पूँजीगततर्फ ८ लाख ५० हजारदेखि १ करोड २४ लाखसम्म रकम रहेको छ । यो विनियोजनमा चालु र पूँजीगत विनियोजनको अनुपात ०.८७ देखि १४.५९ सम्म रहेको छ । यो रकमबाट चिकित्सालयले नियमित रूपमा संचालन गरिरहेका गतिविधि संचालन गर्ने लक्ष्य राखेका छन्, नीति तथा कार्यक्रममा चिकित्सालयको लागि छुट्टै उल्लेख भएको छैन.(विस्तृत विवरणको लागि तालिका -१२.५-१ र १२.५-२ हेर्नुहोस्) ।

### १२.५.१ विश्लेषण :

प्रदेश आयुर्वेद चिकित्सालायहरू अत्यन्त न्यून जनशक्तिमा संचालित छन् । स्वीकृत दरबन्दी अनुसारका पदहरू पनि पूर्ति हुन सकेका छैनन् । यिनीहरूको सेवा पनि खास प्रभावकारी नभएको मात्र हैन सेवामा एकरुपाता पनि छैन । चिकित्सालयहरू मापदण्ड अनुसारको सेवा दिनभन्दा चिकित्सकको इच्छा अनुसारका सेवा दिईरहेका छन् । अधिकांश चिकित्सालयले स्थान केन्द्रित चिकित्सकीय सेवाभन्दा पनि चिकित्सालय बाहिर ध्यान, योग, भान्सा सुधार जस्ता गतिविधिलाई प्राथमिकतामा राखेका छन् । हालकै रूपमा चिकित्सालय संचालन गर्नु भनेको स्वास्थ्य सेवा पुऱ्याउनेभन्दा पनि वैकल्पिक चिकित्साको एक विधिलाई अस्तित्वमा राख्ने जस्तो मात्र देखिएको छ ।

आयुर्वेद चिकित्सालाई एक वैकल्पिक विधिको रूपमा प्रतिस्पर्धी रूपमा विकास गर्न आयुर्वेद चिकित्सालयहरूलाई सम्बन्धित प्रदेश अस्पतालमा आयुर्वेद उपचार कक्ष स्थापना गरी संचालन गर्न उपयुक्त हुन्छ । यसवाट अस्पतालमा आएका मानिसहरूले आफ्नो आवश्यकता अनुसार दुई उपचार विधिमा कुनै एक विधि छनोट गर्ने वा दुवै प्रयोग गर्न पनि पाउँछन् । हिजोआज आधुनिक चिकित्सा विज्ञानले पनि आयुर्वेद वा अन्य वैकल्पिक उपचार विधिलाई एक अर्काको प्रतिस्पर्धीभन्दा पनि परिपूरकको रूपमा लिने प्रवृत्ति स्थापित हुदै गएको सन्दर्भमा यस्तो व्यवस्था प्रभावकारी हुन जाने पनि देखिन्छ । यस्तो व्यवस्थाले विरामीको उपचारमा एक अर्कालाई सघाउने संस्कारको विकास गर्न पनि मद्दत गर्दछ ।

### १२.५.२ सिफारिस :

हालकै अवस्थामा प्रदेश आयुर्वेद अस्पतालहरूलाई संचालन गरिराख्नु औचित्यपूर्ण नभएकोले प्रदेश आयुर्वेद चिकित्सालयलाई सम्बन्धित प्रदेश अस्पतालमा गाभेर अस्पतालमा आयुर्वेद उपचार कक्ष स्थापना गरी आयुर्वेद सेवालाई वैकल्पिक चिकित्सकीय सेवाको रूपमा उपलव्ध गराउन उपयुक्त हुन्छ ।

### १२.५.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) प्रदेश आयुर्वेद चिकित्सालयलाई सम्बन्धित जिल्लाको स्थानीय प्रदेश अस्पतालमा गाभ्ने,

(ख) उल्लेखित (क) अनुसार गर्नको लागि प्रदेश आयुर्वेद चिकित्सालय प्रत्येकबाट २ जना आयुर्वेद विधाको अधिकृतलाई दरबन्दीसहित सम्बन्धित जिल्लाको प्रदेश अस्पतालमा सरुवा गर्ने,

(ग) उलेखित (ख) अनुसारको जनशक्ति रहने गरी सम्बन्धित जिल्लाको प्रदेश अस्पतालमा आयुर्वेद उपचार कक्ष स्थापना गरी सोही जनशक्तिबाट कक्ष संचालनमा ल्याउने,

(घ) उल्लेखित (क) र (ग) अनुसारको आवश्यक व्यवस्था मन्त्रालयले ७ दिनभित्र मिलाउने,

(ङ) साबिक प्रदेश आयुर्वेद चिकित्सालयहरू उल्लेखित (क) अनुसार गभिई (ख) अनुसार सरुवा भई बाँकी रहेका १ अधिकृत र १३ सहायकलाई पुल दरवन्दीमा सरुवा गर्ने,

(च) साबिक प्रदेश आयुर्वेद चिकित्सालयमा कार्यरत २३ सहयोगीलाई अवकास दिने,

.छ) साबिक प्रदेश आयुर्वेद चिकित्सालयमा रिक्त रहेका १० अधिकृत र २२ सहायक दरबन्दी स्वतः खारेज हुने,

(ज) उल्लेखित (ख) अनुसार साबिक आयुर्वेद चिकित्सालयबाट अस्पतालमा र (ङ) अनुसार पुलमा सरुवा र (छ) अनुसार अवकास गर्ने कार्य मन्त्रालयले ७ दिनभित्र गर्ने,

(झ) उल्लेखित (क) अनुसार गभिएको साविक आयुर्वेद चिकित्सालयको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अध्याय-१३

# अन्य निकाय

## १३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्पर्क कार्यालय तोकिएका निकाय

### १३.१.१ गण्डकी प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०७५ अनुसार पहिलो पटक २०७५।४।६ मा आयोगको स्थापना भएको थियो । हाल गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०८१ अनुसार आयोगको पुनर्गठन भई कार्य संचालन हुदै आएको छ । आयोगमा कुल २३ जनाको दरबन्दी रहेको छ। दरबन्दीमा अधिकृत ११, सहायक ४ र सहयोगी ८ पद रहेको छ। आयोग अधिकृतमूलक छ । यहाँ ३ पद प्राविधिकको छ भने बाँकी १२ पद प्रशासनिक कर्मचारीको छ । दरबन्दी अनुसारका १७ पदमात्र पूर्ति भएको छ भने ६ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -१३.१ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा आयोगको लागि २४ करोड ३७ लाख रकम विनियोजन गरिएको थियो। यसबाट आयोगले १४ करोड ७८ लाख (६१ प्रतिशत) खर्च गरेको थियो। यो रकमबाट आयोगले विशेष गरी नीति तथा योजना सम्बन्धी दस्तावेज प्रकाशन, आयोजना बैंक निर्माण, विकास कार्यक्रमको अनुगमन मूल्यांकन, विभिन्न अध्ययन अनुसन्धान, मध्यकालीन खर्च संरचना सम्बन्धी निर्देशिका निर्माण र दोस्रो पञ्च वर्षिय योजना तर्जुमा जस्ता कामहरू गरेको थियो । चालु आर्थिक वर्षमा अयोगलाई ९ करोड ५६ लाख विनियोजन गरिएको छ । यसबाट नियमित गतिविधि बाहेक आयोगले विशेष गरी एकीकृत तथ्यांक प्रणालीको विकास र तथ्यांक वैक स्थापना गर्ने लक्ष्य निर्धारण गरेको छ (विस्तृत विवरणको लागि तालिका-१३.१ हेर्नुहोस्) ।

#### १३.१.१.१ विश्लेषण :

हाल आयोगमा उपाध्यक्ष मात्र रहेको अवस्था छ । यस अगाडिका आयोगमा उपाध्यक्ष र केही सदस्यहरू रहने गरेको बुझिएको छ। कामको प्रकृतिको हिसाबले आयोगले गर्ने सीमित कामको लागि पदाधिकारी पनि सीमित हुनु वाञ्छनीय हुन्छ । त्यसै गरी आयोगमा पदाधिकारी भई आउने उपाध्यक्ष र सदस्यहरूको पृष्ठभूमि पनि आयोगको कामसँग तादाम्यता राख्ने हुनु पर्दछ । यो आयोगको मुख्य काम भनेको आवधिक र वार्षिक योजना तर्जुमा, अनुगमन, सुपरीवेक्षण र मूल्यांकन प्रविधिको विकास गर्ने र प्रभावकारी ढंगवाट कार्यान्वयन गर्ने हो । त्यस कारण आयोगको विकास आयोजना अनुगमनमा संलग्नता बढाउनु पर्दछ । त्यसै गरी

आयोजनाको सुपरीवेक्षण गर्ने र मूल्यांकन गर्ने क्षमतालाई विस्तार गर्नु आवश्यक छ ।

**१३.१.१.२ सिफारिस :**

प्रदेश नीति तथा योजना आयोगमा काम अनुसार पदाधिकारीको संख्या सीमित गर्न उपाध्यक्ष र एकजना सदस्य मात्र राख्ने विषयलाई सरकारले ध्यान दिनु उपयुक्त हुन्छ । त्यसै गरी आयोगमा आउने पदाधिकारीको योग्यता पनि आयोगको कामसँग तादाम्यता हुने गरी गठन आदेशमा व्यवस्थित गर्नु उपयुक्त हुन्छ । आयोगलाई विकास निर्माणसम्बन्धी कामको अनुगमन र मूल्यांकनमा बढी भन्दा बढी संलग्न बनाई सक्रिय बनाउन जरुरी हुन्छ भने आयोगको अनुगमन र मुल्यांकन क्षमता बढाउन थप जनशक्तिको व्यवस्था गर्न उपयुक्त हुन्छ ।

**१३.१.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्ष र एक जना मात्र सदस्य राख्ने विषयमा गण्डकी प्रदेश सरकारले ध्यान पु¥याउने,

(ख) प्रदेश नीति तथा योजना आयोगमा नियुक्त हुने पदाधिकारीको योग्यता र अनुभवलाई आयोगको कामसँग तदात्म्य मिलाउने गरी प्रदेश नीति तथा योजना आयोग गठन आदेशमा व्यवस्थित गर्ने,

(ग) सम्वन्धित मन्त्रालयहरूले आयोजना गर्ने विकास निर्माण गतिविधिको समिक्षामा प्रदेश नीति तथा योजना आयोगको प्रतिनिधित्व अनिवार्य गर्न सबै मन्त्रालयलाई निर्देशन दिने,

(घ) प्रदेशमा संचालन हुने विकास निर्माणका गतिविधिको सुपरीवेक्षण र मूल्यांकनमा प्रदेश नीति तथा योजना आयोगलाई सक्रिय हुन निर्देशन दिने,

(ङ) प्रदेश नीति तथा योजना आयोगको अनुगमन, सुपरीवेक्षण र मूल्यांकन क्षमता अभिवृद्धिको लागि आयोगमा बसेर काम गर्न एकजना अधिकृत इन्जिनियर र एकजना शिक्षा वा स्वास्थ्य सेवाको अधिकृतलाई पुल दरबन्दीवाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश नीति तथा योजना आयोगमा खटाउने ।

### १३.१.२ मुख्य न्यायाधिवक्ताको कार्यालय

संविधानको धारा १६० को व्यवस्था अनुसार प्रदेश सरकारलाई कानुनी राय परामर्श दिन, प्रतिरक्षा गर्न, प्रतिनिधित्व गर्न तथा अन्य कार्य गर्नको लागि २०७४ सालमा यो कार्यालय स्थापना भएको हो । कार्यालयमा मुख्यमन्त्रीबाट नियुक्त हुने मुख्य न्ययाधिवक्ता लगायत ११ जनाको दरबन्दी रहेको छ । दरबन्दी संरचना अनुसार अधिकृत ७, सहायक १ र सहयोगी ३ पदको व्यवस्था गरिएको छ । कार्यालय अधिकृतमूलक छ भने सबै प्रशासनिक कर्मचारी मात्र छन् । कार्यालयका सबै दरबन्दी पदपूर्ति भएको अवस्था छ (विस्तृत विवरणको लागि तालिका-१३.१ हेर्नुहोस्)

विगत पाँच वर्षमा कार्यालयको लागि ९ करोड ३३ लाख विनियोजन गरिएको थियो । यस मध्येबाट कार्यालयले ६ करोड ३३ लाख (६८ प्रतिशत) खर्च गरेको थियो । उपलब्ध जनशक्ति र यो रकमबाट कार्यालयले विशेष रूपमा ४३८ थान रिट निवेदनमा प्रतिरक्षा, कानुन व्यवसायी दक्षता अभिमुखीकरण कार्यक्रम र अभिलेखको डिजिटाइजेसन, स्थानीय तहको क्षमता अभिवृद्धि र विभिन्न समूहहरूसँग अन्तरक्रिया जस्ता काम सम्पादन गरेको थियो । चालु आर्थिक वर्षमा कार्यालयको लागि २ करोड ४८ लाख विनियोजन गरिएको छ । यसबाट कार्यालयले नियमित काम बाहेक कानुन निर्माण र संशोधनको कार्यमा सहयोग गर्ने, कैदी बन्दी उपचार कोष तथा बालबालिका शैक्षिक कोष स्थापना, सरोकारवालाहरूसँग अन्तरक्रिया समुदायमा कानुनी सचेतना विस्तार जस्ता लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१३.१ हेर्नुहोस्)।

#### १३.१.२.१ विश्लेषण :

यो कार्यालयमा कार्यबोझको तुलनामा अधिकृत कर्मचारीको दरबन्दी बढी देखिएको छ । यसलाई घटाउन उपयुक्त हुन्छ ।

#### १३.१.२.२ सिफारिस :

कार्यालयमा अधिकृत दरबन्दी कम गर्न मनासिव देखिन्छ ।

#### १३.१.२.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) मुख्य न्यायाधिवक्ताको कार्यालयमा विद्यमान ७ अधिकृतको दरबन्दी घटाई ५ कायम गर्ने,

(ख) उल्लेखित (क) अनुसार दरबन्दी घटेपछि कार्यालयमा बढी हुन आएका कार्यरत २ अधिकृतलाई पुल दरबन्दीमा सरुवा गर्ने,

(ग) उल्लेखित (ख) अनुसार सरुवा गर्ने काम मुख्य न्यायाधिक्ताको कार्यालयले ७ दिनभित्र गर्ने ।

**तालिका -१३.१**

**प्रदेश नीति तथा योजना आयोग/ मुख्य न्यायाधिवक्ताको कार्यालय/ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान / प्रदेश लोक सेवा आयोगको संक्षिप्त विवरण**

**(अर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म)**

| क्र.सं. | विषय | प्रदेश नीति तथा योजना आयोग | मुख्य न्यायाधिवक्ताको कार्यालय | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | प्रदेश लोकसेवा आयोग |
|---|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्या) | प्रदेशभर | प्रदेशभर | प्रदेशभर | प्रदेशभर |
| २. | कुल दरबन्दी | २३ | ११ | २० | ४९ |
| | अधिकृत | ११ | ७ | १२ | १४ |
| | सहायक | ४ | १ | ४ | २२ |
| | सहयोगी | ८ | ३ | ४ | १३ |
| | प्राविधिक | ३ | ० | १ | ७ |
| | प्रशासनिक र लेखासमेत (सहयोगी बाहेक) | १२ | ७ | १५ | २९ |
| | अधिकृत र सहायकको अनुपात | २.७५ | ७ | ३ | ०.६३ |
| | प्राविधिक र प्रशासनिकको अनुपात | ०.२५ | ७ | ०.०७ | ०.२४ |
| | अरु कर्मचारी र सहयोगी कर्मचारीको अनुपात | १.८७ | २.६६ | ४ | २.७७ |
| | जम्मा पूर्ति दरबन्दी | १७ | ११ | ८ | ३४ |
| | अधिकृत | ७ | ७ | ५ | १० |
| | सहायक | २ | १ | ० | ११ |
| | सहयोगी | ८ | ३ | ३ | १३ |
| | जम्मा रिक्त दरबन्दी | ६ | ० | १२ | १५ |
| | अधिकृत | ४ | ० | ७ | ४ |
| | सहायक | २ | ० | ४ | ११ |
| | सहयोगी | ० | ० | १ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | २४३७१२ | ९३३७६ | ६३६८८३ | ४८११८० |
| | चालुतर्फको विनियोजन | २०५११३ | ८९३७६ | ६१०७१८ | ४३४८२० |
| | पूँजीगततर्फको विनियोजन | ३८५९९ | ४००० | २६१६५ | ४६३६० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ५.३१ | २२.३४४ | २३.३४ | ९.३८ |
| | चालु खर्च | ११५४१६ | ६७४३९ | २३१२३८ | २९२१८५ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.५६ | ०.७५ | ०.३८ | ०.६७ |
| | पूँजीगत खर्च | ३२४२८ | २३८६ | ७०९४ | ३६२२३ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.८४ | ०.६० | ०.२७ | ०.७८ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.५६ | २८.२६ | ३२.६ | ८.०७ |
| ४. | विगत पाँचको पाँच मुख्य काम | | | | |
| | १ | नीति तथा योजना सम्बन्धी दस्तावेज निर्माण र प्रकाशन, कोभिड-१९ र अर्थतन्त्र सम्बन्धी अध्ययन | प्रदेश सरकार र मातहत निकायलाई विपक्षी बनाइ दायर भएका ४८३ थान रिट निवेदनहरूमा प्रतिरक्षा गरिएको। | प्रशिक्षण कार्यक्रम | पाठ्यक्रम परिमार्जन तथा निर्माण |
| | २ | विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कन। स्थानीय तहको योजना तर्जुमा र मध्यमकालीन खर्च संरचना सम्बन्धी निर्देशिका निर्माण। आयोजना बैकं र निर्देशिका निर्माण | कानुन व्यवशायी दक्षता अभिमुखीकरण कार्यक्रम सञ्चालन | सबाल केन्द्रित संवाद | रिक्त पदको माग संकलन,प्रतिशत निर्धारण र विज्ञापन प्रकाशन |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | दोस्रो पञ्चवर्षीय योजना तर्जुमा (२०८१।०८२-२०८५।०८६) | मुद्दाको अभिलेखीकरणको डिजिटाइजेसन | अध्ययन तथा अनुसन्धान | परीक्षा सञ्चालन, नतिजा प्रकाशन, २९८३ उम्मेदवार सिफारिस |
| | ४ | विभिन्न चार अध्ययन प्रतिवेदन तयार | स्थानीय तहको लागि क्षमता अभिवृद्धि कार्यक्रम | ज्ञान व्यवस्थापन | १२४८ कच्चा सेट संकलन |
| | ५ | मध्यमकालीन खर्च संरचना ( २०८१।०८२-२०८३।०८४) तर्जुमा। | सरोकारवालासँग अन्तरक्रिया कार्यकम सञ्चालन | संस्थागत विकास र मानव संसाधन विकास | बढुवा समितिको अध्यक्षता |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | ९५६०० | २४८४५ | ९५९३३ | १२५८२४ |
| | चालु विनियोजन | ७७६०० | २३३४५ | ७२९३३ | ११४९२४ |
| | पूँजीगत विनियोजन | १८००० | १५०० | २३००० | १०९०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ४.३१ | १५.५६ | ३.१७ | १०.५४ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य ५ काम | | | | |
| | १ | एकीकृत तथ्याङ्क विकास गरी प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क बैंक स्थापना गर्ने<br>सूचना तथा तथ्याङ्कहरूको अभिलेखीकरण गर्ने | नयाँ कानून निर्माण र ससोधन | प्रतिष्ठानको सबलीकरण | उपयुक्त उम्मेदवार छनौट तथा आपूर्ति गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | १ | | सरोकारवाला निकायसँग छलफल | संवाद चलाउन | |
| | २ | | कानूनी सचेतना | अध्ययन, अनुसन्धान | |
| | ३ | | कार्यालय तथा अदालत बीच अन्तरक्रिया | | |
| | ४ | | उपचार तथा शैक्षिक कोषको स्थापना | | |

स्रोत : प्रदेश नीति तथा योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठन र प्रदेश लोक सेवा आयोगबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### १३.१.३ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ जारी भएपछि २०७५।१२।०५ मा यो प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठान परिषद् र कार्यकारी समिति प्रतिष्ठानका शासकीय अंगहरू हुन् । प्रतिष्ठानमा कार्यकारी निर्देशक लगायत २० कर्मचारी दरबन्दीको व्यवस्था छ । दरबन्दी संरचना अनुसार यहाँ अधिकृत १२  सहायक ४ र सहयोगीको ४ पद कायम गरिएको छ । प्रतिष्ठानलाई अधिकृतमूलक निकाय बनाइएको छ । यहाँ प्राविधिकतर्फ १ जनाको दरबन्दी छ भने बाँकी सबै १५ जना प्रशासनिक कर्मचारी रहने व्यवस्था छ । प्रतिष्ठानमा ८ पद पूर्ति भई १२ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका-१३.१ हेर्नुहोस्)।

बितेको पाँच वर्षमा प्रतिष्ठानको लागि ६३ करोड ८८ लाख रकम विनियोजन गरिएको थियो । यस अवधिमा प्रतिष्ठानले २३ करोड ८२ लाख (३८ प्रतिशत) रकम खर्च गरेको थियो । यो रकमबाट प्रतिष्ठानले मुख्य रूपमा विभिन्न प्रशिक्षण कार्यक्रम, अध्ययन अनुसन्धान, सबाल केन्द्रीत सम्वाद, ज्ञान व्यवस्थापन र संस्थागत र मानव संसाधनको विकास जस्ता कार्यहरू सम्पादन गरेको थियो । यो आर्थिक वर्षमा प्रतिष्ठानको लागि ९ करोड ५९ लाख रकम विनियोजन गरिएको छ । यो रकमबाट प्रतिष्ठानले प्रतिष्ठानबाट सञ्चालन गरिने नियमित प्रशिक्षण कार्यक्रम बाहेक प्रतिष्ठानको सबलीकरण, स्थानीय निकायलाई पृष्ठपोषण, अध्ययन अनुसन्धान गर्ने लक्ष्य निर्धारण गरेको छ (विस्तृत विवरणको लागि तालिका-१३.१ हेर्नुहोस्) ।

### १३.१.३.१ विश्लेषण :

प्रदेशमा कार्यरत जनशक्तको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न कार्यरत प्रतिष्ठान न्यून जनशक्तिमा संचालित छ । दरबन्दी मध्ये अधिकांश पद रिक्त रहेका छन् । प्रतिष्ठानमा रिक्त रहेका पद अविलम्व पूर्ति गर्ने र प्रदेशमा कार्यरत कर्मचारीका निश्चित अंशलाई हरेक वर्ष तालिम गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

### १३.१.३.२ सिफारिस :

प्रतिष्ठानमा रिक्त रहेका अधिकृत पद यथाशिघ्र पूर्ति गर्ने र कर्मचारीको पूर्व निर्धारित संख्यालाई अनिवार्य रूपमा व्यवस्थापकीय तालिम दिने व्यवस्था मिलाउन उपयुक्त हुन्छ ।

### १३.१.३.३ निर्णय हुनुपर्ने व्यहोरा :

(क) प्रतिष्ठानमा रिक्त रहेका ७ अधिकृत र ४ सहायक दरबन्दीमा प्रतिष्ठान ऐन अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउने । यसरी पदपूर्ति नहुदासम्म पुल दरबन्दीवाट ७ अधिकृत र ४ सहायक कर्मचारी खटाउने व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ७ दिनभित्र गर्ने,

(ख) प्रतिष्ठानले प्रत्येक वर्ष प्रदेशमा कार्यरत कुल कर्मचारीको १० प्रतिशतलाई अनिवार्य रूपमा तालिम दिने,

(ग) उल्लेखित (ख) अनुसार गर्न प्रतिष्ठानले हरेक वर्ष श्रावणमा तालिमको वार्षिक योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने ।

## १३.१.४ प्रदेश लोक सेवा आयोग

वि सं २०७६।४।२४ मा गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भएपछि २०७७।२।११ मा आयोग गठन भई संचालनमा आएको हो । आयोगमा ४९ जना कर्मचारीको दरबन्दी छ । यो दरबन्दी अधिकृत १४, सहायक २२ र सहयोगी १३ पदमा वितरण भएको छ । आयोग अधिकृतमूलक र प्रशासनिक कर्मचारीको बाहुल्यता रहको निकाय हो । यहाँ प्राविधिक कर्मचारीको दरबन्दी १ छ । कुल दरबन्दी मध्ये ३३ पद पूर्ति भएको छ भने १५ पद रिक्त छ (विस्तृत विवरणको लागि तालिका-१३.१ हेर्नुहोस्)।

बितेको पाँच वर्षमा आयोगको लागि कुल ४८ करोड ११ लाख रकम विनियोजन गरिएको थियो । विनियोजित रकमबाट आयोगले कुल ३२ करोड ८३ लाख (६८ प्रतिशत) खर्च गरेको थियो । उपलब्ध जनशक्ति र रकमबाट आयोगले प्रदेश र स्थानीय तहको लागि उपयुक्त उम्मेदवार छनोट गरी उपलब्ध गराएको थियो । यसको लागि आयोगले पाठ्यक्रम निर्माण,

माग संकलन र विज्ञापन, प्रश्नपत्र निर्माण, परीक्षा संचालन, उम्मेदवार सिफारिस, बढुवा समितिमा संलग्नता जस्ता गतिविधि संचालन गरेको थियो । यो आर्थिक वर्षमा आयोगको लागि १२ करोड ५८ लाख रकम विनियोजन गरिएको छ । यो रकमबाट आयोगले प्रदेश र स्थानीय निकायलाई उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिको लागि सिफारिस गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१३.१ हेर्नुहोस्) ।

**१३.१.४.१ विश्लेषण :**

आयोगमा अझ पनि ठूलो संख्यामा दरबन्दी अनुसार पदपूर्ति हुन सकेको नदेखिएकोले पदपूर्ति गर्न उपयुक्त भएको ।

**१३.१.४.२ सिफारिस :**

आयोगमा रिक्त रहेका सबै दरवन्दी पूर्ति गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

**१३.१.४.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) आयोगमा रिक्त रहेका ४ अधिकृत र ११ सहायक पद पूर्ति गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले यथाशिघ्र प्रकृया सुरु गर्ने,

(ख) उल्लेखित (क) अनुसार पदपूर्ति नहुदासम्म ४ अधिकृत र ११ सहायक कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आयोगमा पुलबाट ७ दिनभित्र खटाउने ।

## १३.२ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय सम्पर्क कार्यालय तोकिएका निकाय

### १३.२.१ विकास समिति

#### १३.२.१.१ त्रिवेणी गजेन्द्र मोक्ष दिव्यधाम

यो विकास समिति त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समिति गठन आदेश,२०७८ अनुसार बनेको हो । यो विकास समितिमा नियुक्त नवौं तहको कार्यकारी निर्देशक मात्र रहेको अन्य कर्मचारी नरहेको देखिन्छ । लेखासम्बन्धी कामको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, नवलपुरबाट सहायता लिने गरेको र प्रविधिक काम नगरपालिकाको सहयोगमा वा निजी क्षेत्रबाट प्राप्त गर्ने गरिएको छ भने एक सहयोगी कन्टिन्जेन्सी रकमबाट राखिएको छ (विस्तृत विवरणको लागि तालिका -१३.२.१ हेर्नुहोस् ।

यो समितिको लागि विगत दुई वर्षमा ३ करोड ४९ लाख रकम विनियोजन गरिएको देखिन्छ । विकास समितिले यस मध्ये ३ करोड ३७ लाख (९७ प्रतिशत) खर्च गरेको

देखिन्छ । यो रकमबाट समितिले विशेष गरी त्रिवेणी क्षेत्रका मन्दीर,गुम्वा, विहार, गेट र शौचालय निर्माण तथा मेला पर्वको व्यवस्थापन गर्ने काम गरेको देखिन्छ । यस आर्थिक वर्षको लागि समितिलाई १ करोड ८ लाख रकम विनियोजन गरिएको छ । यसबाट समितिले त्रिवेणी गजेन्द्र मोक्ष धार्मिक विकास कार्यक्रम संचालन गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१३.२.१ हेर्नुहोस्) ।

**तालिका - १३.२.१**

**मनकामना विकास समिति र त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समितिको संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म)**

| क्र.सं. | विषय | त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समिति | मनकामना क्षेत्र विकास समिति |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्या) | त्रिवेणी क्षेत्र | मनकामना क्षेत्र |
| २. | कुल दरबन्दी | कार्यकारी निर्देशक मात्र रहेको | १६ |
| | अधिकृत | | १ |
| | सहायक | | ७ |
| | सहयोगी | | ८ |
| | प्राविधिक | | ० |
| | प्रशासनिक लेखासमेत (सहयोगी बाहेक) | | ८ |
| | अधिकृत र सहायकको अनुपात | | ०.१४ |
| | प्राविधिक र प्रशासनिकको अनुपात | | ० |
| | अरु कर्मचारी र सहयोगी कर्मचारीको अनुपात | | १ |
| | जम्मा पूर्ति दरबन्दी | लेखा राख्ने कर्मचारी कोलेनिकाले तोकिदिएको/ प्राविधिक सहयोग पालिकाबाट या out sourcing गर्ने गरेको, सहयोगी कर्मचारी १ जना कन्टिन्जेन्सीबाट राखेको ( कार्यकारी निर्देशकबाट प्राप्त जानकारी) | १४ |
| | अधिकृत | | १ |
| | सहायक | | ६ |
| | सहयोगी | | ७ |
| | जम्मा रिक्त दरबन्दी | | २ |
| | अधिकृत | | ० |
| | सहायक | | १ |

| | | | |
|---|---|---|---|
| | सहयोगी | | १ |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ३४९८५ | ५२४९१ |
| | चालुतर्फको विनियोजन | ३२५० | १८४०० |
| | पूँजीगततर्फको विनियोजन | ३१७३५ | ३४०९१ |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.१० | ०.५३ |
| | चालु खर्च | २९९८ | १७२७९ |
| | चालु खर्च र विनियोजनको अनुपात (चालु विनियोजन) | ०.९२ | ०.३२ |
| | पूँजीगत खर्च | ३०७४३ | २९५३५ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात ( पूँजीगत) | ०.९७ | ०.५६ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.१० | ०.५८ |
| ४. | विगत पाँचको पाँच मुख्य काम | २ आर्थिक वर्षको | |
| | १ | अधुरो धर्मशाला ढलान | सिढीं निर्माण कार्य सम्पन्न |
| | २ | गढी मन्दिर कम्पाउण्ड वाल, रानी नगर मन्दिरको गेट निर्माण र टायल,कोटी होम मन्दिरमा शौचालय निर्माण | मन्दिर परिसरमा पूर्वाधार निर्माण |
| | ३ | स्नानघाट सौन्दर्यकरण, वृद्धाश्रमको शौचालय निर्माण | सचेतना वोर्डहरू निर्माण |
| | ४ | माघे औंसी, शिवरात्री, रामनवमी मेला व्यवस्थापन | मन्दिर प्रवेश द्वार निर्माणम |
| | ५ | ज्योति गुम्बा विहारको अधुरो भवन निर्माण | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १०८०० | ६१०० |
| | चालु विनियोजन | १८५० | ११०० |
| | पूँजीगत विनियोजन | ८९,५० | ५१०० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.२१ | ०.२१ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य ५ काम | | |
| | १ | धार्मिक कार्यक्रम | |
| | २ | | |
| | ३ | | |
| | ४ | | |

| | | | |
|---|---|---|---|
| | ५ | | |

स्रोत : त्रिवेणी विकास समिति र मनकामना विकास समितिबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

**१३.२.१.१.१ विश्लेषण :**

यस प्रकार आस्थासँग जोडिएको विषयमा सार्वजनिक क्षेत्रवाट संरचना निर्माण गरी कार्य गराउन भन्दा स्थानीय सामाजिक संघ संस्थालाई संलग्न गराई सामाजिक काम गराउन उपयुक्त हुन्छ । यस्ता समाजिक संघ संस्थाले स्थानीय साधन स्रोत जुटाउन सक्षम पनि हुन सक्दछन् । फेरि यसरी निर्माण गरिएको संरचनाको कार्यकारीमा एक जना व्यक्ति मात्र रहेकोले समितिले संस्थागत स्वरूप पाएको पनि देखिएन । यसवाट आर्थिक अनुशासनमा जोखिमको अवस्था आउन सक्दछ । यो क्षेत्रमा गरिने भौतिक पूर्वाधार निर्माण र सम्भारको काम प्रदेश सरकारको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयबाट गराउन मनासिव हुन्छ। धार्मिक परिसरमा भौतिक पूर्वाधार निर्माणको काम व्यवस्थित रूपमा गर्न आवश्यक हुन्छ । त्यस कारण यो क्षेत्रको लागि एक गुरु योजना निर्माण गरी भौतिक पूर्वाधार निर्माणको काम गराउन उपयुक्त हुन्छ ।

**१३.२.१.१.२ सिफारिस :**

त्रिवेणी धाम क्षेत्रमा पूर्वाधार निर्माणको कार्य गुरु योजना बनाएर प्रदेश सरकारकै भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय मार्फत निर्माण गर्ने र सांस्कृतिक र सामाजिक गतिविधिमा प्रदेशले सहयोग गर्नको लागि स्थानीय सामाजिक संघ सस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्ने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । यस्तो व्यवस्था मिलाइ सकेपछि हालको त्रिवेणी गजेन्द्र मोक्ष धाम विकास समितिलाई निरन्तता दिइरहन आवश्यक हुदैन ।

**१३.२.१.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) त्रिवेणी धाम क्षेत्रको गुरु योजना बनाउन भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय नवलपुरलाई निर्देशन दिने,

(ख) उल्लेखित (क) अनुसार बनेको गुरु योजना अनुसार भौतिक पूर्वाधार निर्माणको काम भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय नवलपुरवाट गराउने,

(ग) त्रिवेणी क्षेत्रमा संचालन हुने धार्मिक तथा सांस्कृतिक गतिविधिमा प्रदेश सरकारले सहयोग गर्नको लागि स्थानीय सामाजिक संघ संस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्ने,

(घ) उल्लेखित (क), (ख) र (ग) बमोजिम भएपछि हालको त्रिवेणी गजेन्द्र मोक्ष दिव्य धाम विकास समिति विघटन गर्ने,

(ङ) उल्लेखित (घ) अनुसार विघटन भएको त्रिवेणी गजेन्द्र मोक्ष धाम विकास समितिको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने ।

**१३.२.१.२ मनकामना विकास समिति**

मनकामना विकास समिति २०५३ सालमा नै स्थापना भएको भएता पनि हालको समिति गण्डकी प्रदेश सरकारबाट मनकामना क्षेत्र विकास समिति गठन आदेश २०८१ जारी भएपछि २०८१।३।२० मा औपचारिक रूपमा स्थापना भएको हो । यो विकास समितिमा कार्यकारी निर्देशक सहित १६ जना कर्मचारीको दरबन्दी रहको छ । समितिमा १ जना अधिकृत र ७ जना सहायक तथा ७ जना सहयोगी कर्मचारीको दरबन्दी रहेको छ । यस मध्ये १४ पद पूर्ति भएको छ भने २ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -१३.२.१ हेर्नुहोस्) ।

विगत पाँच वर्षमा समितिको लागि ५ करोड २४ लाख रकम विनियोजन गरिएको थियो । यसबाट ४ करोड ६८ (८८ प्रतिशत) खर्च भएको थियो । यो रकम विशेषतः सिंढी निर्माण, मन्दिर परिसरका पूर्वाधार निर्माण, मन्दिर प्रवेशद्वार निर्माण र प्रचार प्रसार कार्यमा खर्च भएको थियो । यस आर्थिक वर्षमा समितिको लागि ६१ लख रकम विनियोजन गरिएको छ । यो रकमबाट समितिले नियमित रूपमा गरिआएको काम मात्र गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१३.२ हेर्नुहोस् )।

**१३.२.१.२.१ विश्लेषण :**

समाजको आस्था र विश्वाससँग जोडिएका धार्मिक क्षेत्रको निर्माण सुधारमा सार्वजनिकभन्दा स्थानीयकै संलग्नता महत्वपूर्ण हुन्छ । स्थानीयको सहभागितालाई स्थानीय संघ सस्थाहरूले राम्रोसँग परिचालन गर्न सक्दछन् । यस अर्थमा मनकामना क्षेत्रको विकास निर्माणको लागि स्थानीय संघ सस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्दा स्थानीयको सहभागिता मात्र वृद्धि हुदैन साधन स्रोत परिचालनमा पनि मद्दत पुग्दछ । भौतिक पूर्वाधार निर्माण र सम्भार भनेको प्राविधिक विषय हो । यसकारण यो कार्य यसमै प्रतिवद्ध निकायहरूबाट

गराउदा प्रभावकारी हुन्छ। प्रदेश सरकार मातहत यस प्रकारको भौतिक निर्माण तथा सम्भारको जिम्मेवारी रहेको निकाय पनि रहेकोले यसलाई नै भौतिक निर्माणमा संलग्न गराउनु उपयुक्त हुन्छ। धार्मिक क्षेत्रमा विभिन्न किसिमका संघ, सस्था लगायत व्यक्तिहरूले पनि भौतिक निर्माणमा चासो देखाउन सक्ने भएको र आ-आफनो हिसाबले काम गर्दै जादा क्षेत्रको स्वरुप र सौन्दर्यमासमेत प्रभाव पर्ने हुनाले यस्ता क्षेत्रमा गरिने भौतिक पूर्वाधार निर्माणको लागि गुरु योजना आवश्यक हुन्छ।

**१३.२.१.२.२ सिफारिस :**

मनकामना धार्मिक क्षेत्रको विकासको लागि सार्वजनिकभन्दा स्थानीय संघ संस्थाको परिचालन प्रभावकारी हुनसक्ने हुनाले प्रतिस्पर्धाको आधारमा स्थानीय सघ संस्थालाई परिचालन गर्नु वाञ्छनीय हुन्छ। साथै यहाँ गरिने भौतिक निर्माणको लागि गुरु योजना तयार गरी प्रदेश सरकार मातहतको भौतिक पूर्वाधार निर्माण तथा सम्भार निकायलाई संलग्न गराउनु उपयुक्त हुन्छ। यस अवस्थामा हालको विकास समितिलाई निरन्तता दिइरहनु आवश्यक हुदैन।

**१३.२.१.२.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) मनकामना क्षेत्रको धार्मिक र सांस्कृतिक विकासको लागि स्थानीय संघ सस्थालाई प्रतिस्पर्धाको आधारमा परिचालन गर्ने व्यवस्था यथाशिघ्र मिलाउने,

(ख) मनकामना क्षेत्रको भौतिक पूर्वाधार विकासको लागि गुरु योजना तयार गर्न भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय गोरखालाई निर्देशन दिने,

(ग) गुरु योजनाअनुसार गरिने भौतिक निर्माणको कार्य भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालय, गोरखाबाट गराउने।

(घ) उल्लेखित (क), (ख) र (ग) अनुसारको व्यवस्था मिलाएपछि हालको मनकामना विकास समिति विघटन गर्ने।

(ङ) उल्लेखित (घ) अनुसार विघटन भएको मनकामना विकास समितिको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले ७ दिनभित्र गर्ने।

## १३.२.२ अरू निकाय

### १३.२.२.१ गण्डकी प्रज्ञा प्रतिष्ठान

यो प्रतिष्ठानको स्थापना गण्डकी प्रज्ञा प्रतिष्ठन ऐन, २०७६ जारी भए पछि २०७८।१।१५ मा स्थापना भई संचालनमा आएको हो । प्रतिष्ठानको मुख्य शासकीय अंगको रूपमा प्राज्ञ परिषद र प्राज्ञ सभा रहेको छ । प्रतिष्ठानमा उपकुलपति लगायत पदाधिकारीहरू भए पनि संगठन तथा व्यवस्थापन सर्भेक्षण हुन नसक्दा कर्मचारीको दरबन्दी स्वीकृत भएको छैन । प्रतिष्ठानमा कर्मचारीको रूपमा कार्यालय सहयोगी ३ जना कार्यरत छन् (विस्तृत विवरणको लागि तालिका-१३.२.२ हेर्नुहोस्) ।

विगत तीन वर्षमा प्रतिष्ठानको लागि ८ करोड ९९ लाख विनियोजन गरिएको थियो । प्रष्ठिानले यसरी विनियोजित रकमबाट ६ करोड ८० लाख (७६ प्रतिशत) खर्च गरेको थियो । यो रकमबाट प्रतिष्ठानले विशेष गरी श्रव्य-दृश्य कक्ष निर्माण, मगर र ब्राम्हण संस्कृतिको पुस्तक प्रकाशन, स्रष्टाको बायोग्राफी निर्माण, जाति अनुसन्धान र गण्डकी नाट्य दर्पण पुस्तक प्रकाशन गरेको थियो (विस्तृत विवरणको लागि तालिका -१३.२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा प्रतिष्ठानको लागि २ करोड ३६ लाख रकम विनियोजन गरिएको छ । यो रकमबाट प्रतिष्ठानले प्रदेशका भाषा, साहित्य, संस्कृति, ललितकला, सङ्गीत, नाट्यकलाको विकास र सम्वर्धन गर्ने लक्ष्य राखेको छ ( विस्तृत विवरणको लागि तालिका -१३.२.२ हेर्नुहोस्) ।

#### १३.२.२.१.१ विश्लेषण :

यस किसिमको कला, संस्कृति र भाषा सहित्यको विकासमा सार्वजनिक निकाय प्रभावकारी भएको अनुभवले देखाउदैन । सार्वजनिक कोषवाट तलब, भत्ता खाने पदाधिकारीबाट यस प्रकारको भावना प्रधान कार्य प्रभावकारी हुन सक्दैन । धेरै खर्चमा थोरै मात्र काम हुने अवस्था आउँछ । फेरि, प्रतिष्ठानका कर्मचारीको बन्दोवस्तसमेत हालसम्म नभएको अवस्थाले त यसको प्रभावकारिता झन् सीमित भएको छ । यसको लागि स्वस्फूर्त रूपमा स्थापित सामाजिक संघ सस्थाहरू नै उपयोगी देखिएका छन् । यो यथार्थलाई दृष्टिगत गरी प्रदेश सरकारले यस क्षेत्रमा कार्य गर्न स्थापित सामाजिक संघ सस्थाहरूलाई उपयुक्त प्रोत्साहन (Incentives) मार्फत परिचालन गर्नु उपयुक्त हुन्छ । यस अवस्थामा यस्ता संघ,

संस्था मार्फत अतिरिक्त साधन स्रोतको परिचालन पनि सम्भव हुन्छ । त्यस कारण यो क्षेत्रमा प्रदेश सरकारले काम गर्न छुट्टै निकाय बनाएर काम गर्ने भन्दा सामाजिक संघ संस्था परिचालन गर्ने वैकल्पिक उपायहरू अवलम्बन गर्न उपयुक्त हुन्छ । यसबाट प्रदेशको साधन स्रोतको उपयोग मितव्ययी र प्रभावकारी हुन जान्छ ।

**१३.२.२.१.२ सिफारिस :**

यस प्रकारको कला, संस्कृति, भाषा र सहित्यको संरक्षण र विकासको लागि उपयुक्त प्रोत्साहन विधिद्वारा स्थानीय सामाजिक संघ संस्था परिचालन गर्न उपयुक्त हुन्छ । यस क्षेत्रमा स्थापित व्यक्तित्वहरूलाई बरु परिचालन गरिने सामाजिक संघ सस्थाको सल्लाहकारको रूपमा संलग्न गराउन मनासिव हुन्छ । यस परिप्रेक्षमा हाल भईरहेको गण्डकी प्रज्ञा प्रतिष्ठानलाई निरन्तरता दिन उपयुक्त हुदैन ।

**१३.२.२.१.३ निर्णय हुनुपर्ने व्यहोरा :**

(क) प्रदेशको कला, संस्कृति, भाषा र सहित्यको संरक्षण र विकासको लागि सामाजिक संघ, संस्था परिचालन गर्ने नीति अवलम्वन गर्ने,

(ख) उल्लेखित (क) अनुसार सामाजिक संघ, संस्था परिचालनको लागि उपयुक्त प्रोत्साहन विधिसहितको परिचालन खाका तयार गरी सोही अनुसार मन्त्रालयले कार्यान्वयन गर्ने,

(ग) हाल नियुक्त पदाधिकारीको अवधि सकिएपछि नयाँ नियुक्ति नगरी प्रतिष्ठानको विघटन गर्ने व्यवस्था मन्त्रालयले मिलाउने ।

(घ) यसरी (ग) अनुसार विघटन भएको प्रतिष्ठानको नगदी, जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापन मन्त्रालयले गर्ने ।

**१३.२.२.२ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान**

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठन ऐन, २०७६ जारी भए पछि २०७७।३।१ गते यो प्रतिष्ठान स्थापना भएको हो । प्रतिष्ठानमा कुल १६ कर्मचारीको दरबन्दी छ । यसमा अधिकृत ९, सहायक ३ र सहयोगी ४ दरबन्दी छ । प्रतिष्ठान अधिकृतमूलक छ । प्रतिष्ठानमा १ जना प्राविधिक दरबन्दी रहेको छ भने बाँकी ११

प्रशासनिक दरबन्दी छन् । प्रतिष्ठानको लागि स्वीकृत दरबन्दी मध्ये ८ पद पूर्ति भएको छ भने ८ पद रिक्त रहेको छ ।

विगत तीन वर्षको अवधिमा प्रतिष्ठानको लागि ९९ करोड १८ लाख रकम विनियोजन गरिएको थियो । प्रतिष्ठानले यो रकमबाट ५ करोड ५१ लाख (६ प्रतिशत) खर्च गरेको थियो । यस अवधिमा प्रतिष्ठानले परामर्शदाता छनोट,पाठ्यक्रम निर्माण, तालिम संचालन र प्रचार सामग्री निर्माण गरेको थियो ।

चालु आर्थिक वर्षमा प्रतिष्ठानको लागि ९ करोड ११ लाख विनियोजन गरिएको छ । यसबाट प्रतिष्ठानले सीप, पूंजी र व्यावसायिक तालिम प्रदान गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका-१३.२.२ हेर्नुहोस्) ।

**१३.२.२.२.१ विश्लेषण :**

कोरियन सहयोग नियोग (कोइका)को सहयोग प्रतिवद्धता अनुरुप यस प्रकारको संरचना निर्माण गरिएको देखिएकोले यस सम्वन्धमा हाल केही नगर्ने ।

**१३.२.२.२.२. सिफारिस :**

यो संरचनाको विषयमा हाल केही नगर्ने ।

**१३.२.२.२.३ निर्णय हुनु पर्ने व्यहोरा :** नभएको ।

**तालिका-१३.२.२**

**गण्डकी प्रज्ञा प्रतिष्ठान/गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठन/प्रदेश खेलकुद परिषद्को संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म)**

| **क्र.सं.** | **विषय** | **गण्डकी प्रज्ञा प्रतिष्ठान** | **गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान** | **प्रदेश खेलकुद परिषद** |
|---|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा ) | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | कुल दरबन्दी | संगठन तथा व्यवस्थापन सर्भेक्षण नभएको | १६ | १७ |
| | अधिकृत | | ९ | ६ |
| | सहायक | | ३ | ७ |
| | सहयोगी | | ४ | ४ |
| | प्राविधिक | | १ | ३ |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | | ११ | १० |
| | अधिकृत र सहायकको अनुपात | | ३ | ०.८ |
| | प्रविधिक र प्रशासनिकको अनुपात | | ०.१ | ०.३ |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | | ३ | १.२ |
| | जम्मा पूर्ति दरबन्दी | | ८ | १२ |
| | अधिकृत | | १ | ३ |
| | सहायक | | ३ | ५ |
| | सहयोगी | | ४ | ४ |
| | जम्मा रिक्त दरबन्दी | | ८ | ५ |
| | अधिकृत | | ८ | ३ |
| | सहायक | | ० | २ |
| | सहयोगी | | ० | ० |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ८९९८१ | ९९१८५३ | ३००६०० |
| | चालु तर्फको विनियोजन | ७३६२३ | १४६१८६ | २७७०५० |
| | पूँजीगततर्फको विनियोजन | १६५३८ | ६४४६७ | २३५५० |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ४.५ | २.२६ | ११.७६ |
| | चालु खर्च | ५३९०३ | ३७८४४ | २१२०८४ |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.५९ | ०.०३ | ०.७० |
| | पूँजीगत खर्च | १४४०९ | १७३१० | १५६३८ |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.१६ | ०.१७ | ०.०५ |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ३.७४ | २.१८ | १३.५६ |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | श्रव्य दृष्य कक्ष निर्माण | परामर्स दाता छनौट | अभिमुखिकरण तालिम |
| | २ | मगर र ब्रम्हण संस्कृतिको पुस्तक प्रकाशन | पाठ्यक्रम निर्माण | रनिङ सिल्ड प्रतियोगिता |
| | ३ | १२ जना स्रष्टाको वायोग्राफि निर्माण | तालिम संचालन | दौड प्रतियोगिता |
| | ४ | ७ वटा जातिको अनुसन्धान सम्पन्न | प्रचार सामग्री निर्माण | शिक्षकलाई अभिमसखिकरण तालिम |
| | ५ | गण्डकी नाट्य दर्शन दर्पण पुस्तक प्रकाशन | | खेलाडी उत्पादन |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | २३६१२ | ९११४९ | १०९४६७ |
| | चालु विनियोजन | २०९६९ | २४६२९००० | १०२५८७ |
| | पूँजीगत विनियोजन | २६४३ | ६६५२०००० | ६८८० |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ७.९३ | ०.३७ | १४.९१ |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | नभएको | | |
| | १ | | सीप, पूँजी, र व्यवसायिक तालिमको व्यवस्था | सबैका लागि खेलकुद कार्यक्रम |
| | २ | | | High altitude खेल तालिम संचालन |
| | ३ | | | क्रिकेट रंगशाला निर्माण |

**स्रोत : गण्डकी प्रज्ञा प्रतिष्ठान, गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठन र प्रदेश खेलकुद परिषदबाट प्राप्त विवरण संश्लेषण गरिएको ।**

### १३.२.२.३ प्रदेश खेलकुद परिषद् :

यो परिषद प्रदेश खेलकुद विकास ऐन ,२०७७ जारी भएपछि २०७७।१२।२० मा स्थापना भएको हो । परिषद्मा कुल १७ जना कर्मचारी दरबन्दीको व्यवस्था

छ । यो दरबन्दीमा अधिकृत ६, सहायक ७ र सहयोगी ४ पद कायम गरिएको छ । यहाँ ३ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ, बाँकी प्रशासनिक कर्मचारी छन् । परिषद्मा व्यवस्थित दरबन्दी मध्ये १२ पद पूर्ति भएको छ भने ५ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -१३.२.२ हेर्नुहोस्) ।

विगत तीन वर्षको अवधिमा परिषद्को लागि ३० करोड ६ लाख रकम विनियोजन गरिएको थियो । यस मध्येबाट परिषद्ले २२ करोड ७६ लाख (७६ प्रतिशत) रकम खर्च गरेको थियो । यस अवधिमा परिषदले यो रकम र उपलब्ध जनशक्तिबाट मुख्य रूपमा  अभिमुखीकरण तालिम, रनिङ सिल्ड प्रतियोगिता, दौड प्रतियोगिता, शिक्षक अभिमुखीकरण र खेलाडी उत्पादन जस्ता कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका- १३.२.२ हेर्नुहोस्) ।

चालु आर्थिक वर्षमा परिषदलाई १० करोड ९४ लाख रकम विनियोजन गरिएको छ । यसबाट परिषदले नियमित गतिविधि बाहेका सबैका लागि खेलकुद, उच्च उचाई खेल तालिम र क्रिकेट रंगशाला निर्माण गर्ने लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका -१३.२.२ हेर्नुहोस्) ।

**१३.२.२.२.१ विश्लेषण :**

खेलकद क्षेत्रमा काम गर्न राष्ट्रिय खेलकुद परिषद अन्तरगत जिल्ला जिल्लामा जिल्ला खेलकुद विकास समिति छन् । त्यसै गरी खेलकुदको विधागत क्षेत्रमा संघ, महासंघ कार्यरत छन् । निजी क्षेत्रबाट पनि खेलकुदमा चासो बढ्दै गएको छ । ठूला ठूला खेलकुदको आयोजना र खेलाडी उत्पादन समेत निजी क्षेत्रले गरिरहेको छ । फेरि, स्थानीय निकायहरूले पनि विभिन्न खेलकुदका गतिविधि गरिरहेकै छन् । खेलकुदमा मुख्यतः दुई आयाम हुन्छ खेलका भौतिक पूर्वाधार र खेलाडीको उत्पादन, विकास र कल्याण । खेल पूर्वाधार निर्माण र सम्भार गर्ने विषय प्राविधिक इन्जिनियरिङको विषय हो । यस अवस्थामा प्रदेशस्तरमा खेलकुद प्रतियोगिताकै आयोजना गर्न छुटटै र स्थायी निकाय बनाउने कुरा सान्दर्भिक देखिदैन । खेलकुद क्षेत्रमा पहिलेदेखि कार्यरत सार्वजनिक र निजी क्षेत्रका निकायहरूसँग सहकार्य गरेर खेलकुद प्रतियोगिताहरू आयोजना गर्न सकिन्छ भने खेलकुद पूर्वाधार निर्माणमा प्रदेश मातहतका भौतिक पूर्वाधार निर्माण र सम्भारको लागि स्थापित निकायलाई परिचालन गर्न सकिन्छ ।

**१३.२.२.२.२ सिफारिस :**

प्रदेश मातहत खेलकुदका गतिविधि अगाडि बढाउनको लागि यस अगाडि स्थापना भई संचालनमा रहेका खेलकुदसँग सम्बन्धित सार्वजनिक निकाय, संघ, संस्था र निजी क्षेत्रसँगको सहकार्यलाई जोड दिन उपयुक्त हुन्छ । त्यसै गरी ठूला प्रतियोगिता आयोजनको बेला आवश्यकता अनुसारको आवधिक संरचना बनाएर गर्न उपयुक्त हुन्छ । खेलकुद पूर्वाधार निर्माणमा प्रदेश सरकार मातहतका भौतिक पूर्वाधार निर्माण र सम्भार निकायलाई परिचालन गर्न मनासिव हुन्छ । यस अवस्थामा प्रदेशस्तरमा छुट्टै र स्थायी प्रदेश खेलकुद परिषद जस्तो निकायलाई निरन्तता दिनु औचित्यपूर्ण देखिदैन ।

**१३.२.२.२.३ निर्णय हुनु पर्ने व्यहोरा :**

(क) खेलकुदका भौतिक पूर्वाधार निर्माण र सम्भारमा प्रदेश सरकार मातहतको सम्बन्धित भौतिक पूर्वाधार निर्माण र सम्भार कार्यालयलाई परिचालन गर्ने,

(ख) खेलाडीको उत्पादन, विकास, कल्याण र खेलकुद प्रतियोगिताहरू आयोजना गर्न यस क्षेत्रमा कार्यरत सार्वजनिक र निजी क्षेत्रसँग सहकार्य गर्ने र ठूला खेलकुद प्रतियोगिता आयोजना गर्दा आवश्यकता अनुसार आवधिक संरचना बनाएर गर्ने नीति अख्तियार गर्ने,

(ग) प्रदेश खेलकुद परिषद् खारेज गर्ने,

(घ) उल्लेखित (ग) अनुसार खारेज भएको साबिक प्रदेश खेलकुद परिषदमा कार्यरत ३ अधिकृत र ५ सहायक कर्मचारीलाई पुलमा सरुवा गर्ने,

(ङ) उल्लेखित (ग) अनुसार खारेज भएको साबिक प्रदेश खेलकूद परिषदमा रिक्त रहेको ३ अधिकृत र २ सहायकको दरबन्दी स्वतः खारेज हुने,

(च) उल्लेखित (ग) अनुसार खारेज भएको साबिक प्रदेश खेलकुद परिषदमा कार्यरत ४ कार्यालय सहयोगीलाई अवकास दिने,

(छ) उल्लेखित (ग) अनुसार खारेज भएको साबिक प्रदेश खेलकुद परिषदबाट (घ) अनुसार पुलमा सरुवा गर्ने र (च) अनुसार

कार्यालय सहयोगीलाई अवकास गर्ने काम मन्त्रालयले ७ दिन भित्र गर्ने,

(ज) उल्लेखित (ग) अनुसार खारेज भएको साबिक प्रदेश खेलकुद परिषदको नगदी जिन्सी र अन्य सम्पत्तिको व्यवस्थापन मन्त्रालयले गर्ने ।

**१३.२.२.४ गण्डकी विश्वविद्यालय**

यो विश्वविद्यालय गण्डकी विश्वविद्यालय ऐन,२०७६ जारी भएपछि २०७६।११।४ मा स्थापना भएको हो । विश्वविद्यालयमा शिक्षण कार्यमा संलग्न हुने ४७ र अन्य ८४ गरी कुल १३१ जनाको दरबन्दी व्यवस्था छ । यो दरबन्दीमा प्राध्यापक ४९, शिक्षण सहायक १०, प्रशासनिक १५ र सहयोगीको संख्या २७ रहेको छ । यहा १ जना प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ भने बाँकी प्रशासनिक र शैक्षिक कर्मचारी छन् । विश्व विद्यालयमा रहेको दरबन्दी मध्ये ७५ पद पूर्ति भएको छ भने ५६ पद रिक्त रहेको छ ।

विगत तीन वर्षको अवधिमा विश्वविद्यालयको लागि ७० करोड ७२ लाख रकम विनियोजन गरिएको थियो । यस मध्येबाट विश्वविद्यालयले ६४ करोड ५१ लाख (९१ प्रतिशत ) रकम खर्च गरेको थियो । यस अवधिमा विश्वविद्यालयले यो रकम र उपलबध जनशक्तिबाट मुख्य रूपमा विभिन्न भवन र ल्याब निर्माण, जग्गा प्राप्ति र संरक्षण, विभिन्न विषयको पाठ्यक्रम निर्माण, विभिन्न विषयको शैक्षिक कार्यक्रम संचालन र मेसिनरी औजार खरिद जस्ता काम गरेको थियो ।

चालु आर्थिक वर्षमा विश्वविद्यालयलाई १५ करोड रकम विनियोजन गरिएको छ । यसबाट विश्वविद्यालयले विभिन्न भवन, हल, र खेल मैदान निर्माण, शैक्षिक सामग्री खरिद, कम्प्युटर र सफटवेयर खरिद, निर्माण आयोजनको डि.पी.आर. तयार गर्ने आदि लक्ष्य राखेको छ । विस्तृत विवरणको लागि तालिका-१३.२.२.४ हेर्नुहोस्)

**तालिका - १३.२.२.४**

**गण्डकी विश्वविद्यालयको संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म)**

| **क्र. सं.** | **विषय** | | **कैफियत** |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र<br>(जिल्ला, पालिका वा अन्यको संख्यामा ) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | १३१ | |

| | | | |
|---|---|---|---|
| | अधिकृत | ७३ | |
| | सहायक | ३१ | |
| | सहयोगी | २७ | |
| | प्राविधिक | १ | |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक)[42] | १३० | |
| | अधिकृत र सहायकको अनुपात | २.३५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | ०.००७६ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३.८५ | |
| | जम्मा पूर्ति दरवन्दी | ७५ | |
| | अधिकृत | ३४ | |
| | सहायक | १४ | |
| | सहयोगी | २७ | |
| | जम्मा रिक्त दरवन्दी | ५६ | |
| | अधिकृत | ३७ | |
| | सहायक | १९ | |
| | सहयोगी | ० | |
| ३. | विगत पाँच वर्षको कुल विनियोजन | ७०७२७० | |
| | चालु तर्फको विनियोजन | २१४४०५ | |
| | पुजिगत तर्फको विनियोजन | ४०२८६५ | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.५३ | |
| | चालु खर्च | २१४४०५ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.३० | |
| | पुजीगत खर्च | ४३०७४४ | |
| | पुजीगत खर्च र विनियोजनको अनुपात | ०.६० | |
| | चालु खर्च र पुजीगत खर्चको अनुपात | ०.४९ | |
| ४. | विगत पाँच वर्षको पाँच मुख्य काम | | |
| | १ | भवन र ल्याव निर्माण | |
| | २ | जग्गा प्राप्ती र संरक्षण | |

[42] अध्यापन गर्ने प्राध्यापकहरु र शिक्षण सहायक पनि यसमा समावेश गरिएको । प्राध्यपकको संख्या ४९ र शिक्षण सहायकको संख्या १० रहेको ।

| | | | |
|---|---|---|---|
| | ३ | विभिन्न विषयको पाठ्यकम निर्माण | |
| | ४ | विभिन्न शैक्षिक कार्यक्रम संचालन | |
| | ५ | मेसिनरी औजार खरीद | |
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १५,०००० | |
| | चालु विनियोजन | ५०००० | |
| | पुजीगत विनियोजन | १००००० | |
| | | | |
| | चालु र पुजीगत विनियोजनको अनुपात | ०.५० | |
| ६. | आ. व. २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | विभिन्न भवन, हल, र खेल मैदान निर्माण | |
| | २ | शैक्षिक सामग्री खरीद | |
| | ३ | कम्प्युटर र सफटवेयर खरीद | |
| | ४ | निर्माण आयोजनको डि पि आर तयार | |

स्रोत : गण्डकी विश्वविद्यालयवाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### १३.२.२.२.१ विश्लेषण :

प्रदेश सरकारले आफैं विश्वविद्यालय स्थापना गर्नेभन्दा भईरहेका विश्व विद्यालयहरूसँग आफूलाई चाहिएको क्षेत्रमा शैक्षिक जनशक्ति उत्पादन गर्न र अरु शैक्षिक गतिविधि गर्न संझौता गरेर साधन स्रोत उपलब्ध गराई काम गर्नु उत्तम बाटो हुन्थ्यो । ऐन बनेर, पदाधिकारी र कर्मचारीहरूको पदपूर्तिसमेत भईसकेको अवस्थामा विश्वविद्यालयलाई अधिकतम् र प्रभाकारीढंगबाट सञ्चालन गर्ने मात्र विकल्प रहन्छ। यस अवस्थामा विश्वविद्यालयलाई अरु विश्वविद्यालयमा नभएको तर अवसरको हिसाबले राम्रो रहेको शैक्षिक गतिविधि मात्र सञ्चालन गर्न लगाउनु मनासिव हुन्छ । अन्यत्र भईरहेको कामको लागि अर्को निकायको स्थापना औचित्यपूर्ण हुदैन । साथै, दीर्घकालमा विश्वविद्यालयलाई वहुउद्देश्यीय प्राविधिक जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय (Polytechnic University) का रूपमा विकास गर्नु उपयुक्त हुन्छ ।

### १३.२.२.२.२ सिफारिस :

गण्डकी विश्वविद्यालयको प्रभावकारिता बढाई उपादेयता स्थापित गर्न विश्व विद्यालयले अरु विश्वविद्यालयलाई संचालनमा नरहेका तर गण्डकी प्रदेशका युवाहरूको रोजगारीको अवसरको हिसावले महत्वपूर्ण रहेका शैक्षिक गतिविधिमा संलग्न गराउन मनासिव हुन्छ । त्यसै गरी दीर्घकालमा विश्वविद्यालयलाई वहुउद्देश्यीय प्राविधिक विश्वविद्यालयको रूपमा परिणत गरी गण्डकी प्रदेशलाई प्राविधिक जनशक्ति उत्पादनको एक प्रमुख केन्द्रको रूपमा स्थापना गर्नु उपयुक्त हुन्छ ।

**१३.२.२.२.३ निर्णय हुनु पर्ने व्यहोरा :**

(क) गण्डकी विश्वविद्यालयलाई अरु विश्वविद्यालयलबाट संचालनमा नरहेका तर प्रदेशका युवाहरूको रोजगारीको अवसरको लागि महत्वपूर्ण रहेको क्षेत्रमा शैक्षिक कार्यक्रमहरू मात्र संचालन प्रदेश सरकारको प्राथमिकताको विषय रहेको व्यहोरा विश्वविद्यालयलाई लेखी पठाउने,

(ख) अरु विश्वविद्यालयवाट संचालनमा रहेका कार्यकम विश्वविद्यालयले संचालन गर्दा कार्यक्रमबाट नै संचालन खर्च उठाउने गरी संचालन गर्ने र यस्तो कार्यक्रममा प्रदेश सरकाबाट उपलब्ध गराएको रकम खर्च नगर्न विश्वविद्यालयलाई लेखी पठाउने,

(ग) उल्लेखित (क) अनुसार संचालन गरिने नवीन शैक्षिक कार्यकमको लागि प्रदेश सरकार थप रकम उपलब्ध गराउन तयार रहेको जानकारी विश्वविद्यालयलाई दिने,

(घ) गण्डकी विश्वविद्यालयलाई ५ वर्षभित्र वहुउद्देश्यीय प्राविधिक विश्वविद्यालयमा रुपान्तरण गर्ने विस्तृत योजना प्रस्तुत गर्न निर्देशन दिने ।

**१३.३ वन तथा वातावरण मन्त्रालय सम्पर्क कार्यालय तोकिएको निकाय**

१३.३.१ ताल संरक्षण तथा विकास प्राधिकरण

गण्डकी प्रदेश सरकारद्वारा संवत् २०७५।१२।२५ मा ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५, जारी भएपछि २०७७५।१७ मा यो प्राधिकरण स्थापना भएको हो । प्राधिकरणमा शासकीय अंगको रूपमा कार्यकारी समिति रहेको छ । यो प्राधिकरणमा कुल ८ जना कर्मचारीको दरबन्दी छ । दरबन्दी अनुसार अधिकृत २, सहायक ४ र सहयोगी २ पद रहेको छ । प्राधिकरणमा ३ जना प्राविधिक र २ जना प्रशासनिक कर्मचारीको दरबन्दी छ

। यहाँ रहेका ८ दरबन्दी मध्ये ६ पद पूर्ति भएको छ भने, अधिकृत १ र सहायक १ गरी २ पद रिक्त रहेको छ (विस्तृत विवरणको लागि तालिका -१३.३ हेर्नुहोस्) ।

बितेको चार आर्थिक वर्षमा प्राधिकरणको लागि ९ करोड ९३ लाख रकम विनियोजन गरिएको थियो । यस अवधिमा प्राधिकरणले ७ करोड १० लाख (७२ प्रतिशत) खर्च गरेको थियो । यो रकमबाट प्राधिकरणले मुख्य रूपमा फेवा तालको संरक्षण तथा सौन्दर्यीकरण तथा पदमार्ग निर्माण, २० भन्दा बढी दह,पोखरी र तालहरूको संरक्षण मर्मत संभार र सौन्दर्यीकरण, प्रदेशभित्रका ताल र हिमतालहरूो भौगोलिक सूचना प्रणाली तयार गरी प्रमाणीकरण, सीमसार पुनर्भरणको योजना निर्माण र ताल सूचना वोर्ड र प्रणाली स्थापना गर्ने जस्ता कार्य गरेको थियो (विस्तृत विवरणको लागि तालिका-१३.३ हेर्नुहोस्)।

चालु आर्थिक वर्षमा प्राधिकरणको लागि १ करोड ८२ लाख विनियोजन गरिएको छ । यसबाट प्राधिकरणले प्रदेशभित्रका सीमसार क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने र विगतदेखि गरी आएका कामलाई नै निरन्तरता दिने र लक्ष्य राखेको छ (विस्तृत विवरणको लागि तालिका-१३.३ हेर्नुहोस्) ।

**तालिका-१३.३**

**ताल संरक्षण तथा विकास प्राधिकरणको संक्षिप्त विवरण**

**(आर्थिक वर्ष २०७६।७७ देखि २०८१।८२ सम्म)**

| क्र.सं. | विषय | | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक कार्यक्षेत्र (जिल्ला, पालिका वा अन्यको संख्यामा) | ११ जिल्ला | |
| २. | कुल दरबन्दी | ८ | |
| | अधिकृत | २ | |
| | सहायक | ४ | |
| | सहयोगी | २ | |
| | प्राविधिक | ४ | |
| | प्रशासनिक लेखा समेत (सहयोगी वाहेक) | २ | |
| | अधिकृत र सहायकको अनुपात | ०.५ | |
| | प्रविधिक र प्रशासनिकको अनुपात | २ | |
| | अरु कर्मचारी र सहयोगीको अनुपात | ३ | |
| | जम्मा पूर्ति दरबन्दी | ६ | |
| | अधिकृत | १ | |

| | | | |
|---|---|---|---|
| | सहायक | ३ | |
| | सहयोगी | २ | |
| | जम्मा रिक्त दरबन्दी | २ | |
| | अधिकृत | १ | |
| | सहायक | १ | |
| | सहयोगी | ० | |
| ३. | विगत चार वर्षको कुल विनियोजन | ९९६२७ | |
| | चालु तर्फको विनियोजन | ३८३९७ | |
| | पूँजीगततर्फको विनियोजन | ६१२३० | |
| | चालु र पूजीगत विनियोजनको अनुपात | ०.६२ | |
| | चालु खर्च | २३९३५ | |
| | चालु खर्च र विनियोजनको अनुपात | ०.२४ | |
| | पूँजीगत खर्च | ४१७२७ | |
| | पूँजीगत खर्च र विनियोजनको अनुपात | ०.६१ | |
| | चालु खर्च र पूँजीगत खर्चको अनुपात | ०.५७ | |
| ४ | विगत चार वर्षको पाँच मुख्य काम | | |
| | १ | फेवा तालाको संरक्षण तथा सौन्दर्यीकरण र पदमार्ग निर्माण | |
| | २ | २० भन्दा बढी दह, पोखरी र तालहरूको संरक्षण मर्मत संभार र सौन्दर्यीकरण | |
| | ३ | प्रदेशभित्रका ताल र हिमतालहरूो भौगोलिक सूचना प्रणाली तयार गरी प्रमाणीकरण गरिएको | |
| | ४ | सीमसार पुनर्भरणको योजना तयार गरिएको | |
| | ५ | ताल सूचना बोर्ड र प्रणाली स्थापना | |

| | | | |
|---|---|---|---|
| ५. | आ व २०८१/८२ को कुल विनियोजन | १८२०३ | |
| | चालु विनियोजन | ९०७३ | |
| | पूँजीगत विनियोजन | ९१३० | |
| | | | |
| | चालु र पूँजीगत विनियोजनको अनुपात | ०.९९ | |
| ६. | आ व २०८१/८२ का प्रस्तावित मुख्य पाँच काम | | |
| | १ | प्रदेश भित्रका सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | |

स्रोत : ताल संरक्षण तथा विकास प्राधिकरणबाट प्राप्त विवरण संश्लेषण गरिएको ।

### १३.३.१.१ विश्लेषण :

गठन भएको ६ वर्ष भईसक्दा पनि ताल संरक्षण तथा विकास प्राधिकरण न्यून जनशक्ति र न्यून बजेटमा संचालित छ । प्राधिकरण खाली १ जना अधिकृत र ३ जना सहायक कर्मचारीको भरमा संचालित छ । स्थापना गर्न जुन काम गर्ने उद्देश्य राखिएको थियो त्यो अनुसार प्राधिकरणले काम गर्न सकेको छैन । प्रधिकरणले प्रदेश भर छरिएर रहेका तालहरूमा स-साना भौतिक निर्माण र प्रचार प्रसारको काम गरेको देखिन्छ । तालको प्रचार प्रसार स्थानीय तह वा प्रदेश मातहतको पर्यटन तथा उद्योग डिभिजन कार्यालयबाट गराउन सकिन्छ भने ताल क्षेत्रमा गरिने भौतिक निर्माणको काममा सम्बन्धित विषेशज्ञ (वन प्राविधिक) को सल्लाहमा प्राविधिक (इन्जिनियरिङ) संयन्त्रलाई परिचालन गर्न सकिन्छ । यस प्रकारको व्यवस्था मिलाएर खासै प्रभावकारी नदेखिएको र कम क्षमताको प्राधिकरण खारेज गर्न उपयुक्त देखिन्छ ।

### १३.३.१.२ सिफारिस :

वन प्रविधिकको सल्लाह सम्बन्धित सव डिभिजन वा डिभिजनमा कार्यरत जनशक्तिबाट प्राप्त गरी भौतिक निर्माणको काममा सम्बन्धित जिल्लाको भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयलाई र प्रचार प्रसारको काममा पर्यटन, उद्योग तथा समाज कल्याण डिभिजनलाई परिचालन गर्ने व्यवस्था मिलाएर यो प्राधिकरणलाई खारेज गर्न उपयुक्त देखिन्छ ।

**१३.३.१.३ निर्णय हुनु पर्ने व्यहोरा :**

(क) ताल संरक्षण तथा विकास प्राधिकरण खारेज गर्ने,

(ख) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक ताल संरक्षण तथा विकास प्राविधिकरणबाट ताल संरक्षण सम्बन्धमा भईआएको भौतिक निर्माणको काम सम्बन्धित वन डिभिजन वा सव डिभिजनमा कार्यरत वन प्राविधिकको सल्लाहमा सम्बन्धित भौतिक पूर्वाधार निर्माण तथा सम्भार कार्यालयबाट र प्रचार प्रसारको काम सम्बन्धित पर्यटन, उद्योग तथा समाज कल्याण डिभिजन कार्यालयबाट गराउने व्यवस्था मन्त्रालयले ७ दिनभित्र मिलाउने,

(ग) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक ताल संरक्षण तथा विकास प्राविधिकरणमा कार्यरत १ अधिकृत र ३ सहायकलाई पुलमा सरुवा गर्ने,

(घ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक ताल संरक्षण तथा विकास प्राविधिकरणमा रिक्त रहेका १ अधिकृत र १ सहायकको पद स्वतः खारेज हुने,

(ङ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक ताल संरक्षण तथा विकास प्राविधिकरणमा कार्यरत २ कार्यालय सहयोगीलाई अवकास दिने,

(च) उल्लेखित (ख) अनुसारको व्यवस्था, (ग) अनुसारको सरुवा र (ङ) अनुसार अवकास दिने काम मन्त्रालयले ७ दिनभित्र गर्ने,

(छ) उल्लेखित (क) अनुसार खारेजीमा परेको साबिक ताल संरक्षण तथा विकास प्राविधिकरणको नगदी जिन्सी र अन्य सम्पत्तिको उचित व्यवस्थापनको काम मन्त्रालयले ७ दिनभित्र गर्ने ।

# अनुसूची - १

## विवरण प्राप्त भएका निकाय

| क्रम | कार्यालय र मन्त्रालय | जम्मा निकाय | मन्त्रालय मातहतका निकाय | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यालयरमन्त्रालय | निर्देशनालय र सरहका | डिभिजन, सव डिभिजन | जिल्लास्तर | आयोजना | विकास समिति | अन्य कार्यालय | सवैधिनक व्यवस्था अनुसार | प्रदेश ऐन, गठन आदेश बमोजिम गठन भएका |
| १ | ९ | ५ | १ | ० | ० | ० | ० | ० | ० | १ | ३ |
| २ | आर्थिक मामिला | २ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | उद्योग तथा पर्यटन | १३ | १ | १ | ११ | ० | ० | ० | ० | ० | |
| ४ | उर्जा जलस्रोत तथा खानेपानी | १७ | १ | १६ | ० | ० | ० | ० | ० | ० | |
| ५ | कृषि भूमि व्यवस्था तथा सहकारी | ३६ | १ | ३ | ३१ | १ | ० | ० | ० | ० | |
| ६ | भौतिक पूर्वाधार विकास तथा याव्य | २) | १ | १ | | ११ | १ | ० | ६ | ० | ० |
| ७ | वन तथा वातावरण | १७ | १ | २ | ११ | २ | ० | ० | ० | ० | १ |
| ८ | सामाजिक विकास युवा तथा खेलकुद | २४ | १ | २ | ० | ११ | ० | ० | ४ | ० | ६ |
| ९ | | स्वास्थ्य | ४० | १ | ६ | | ३३ | ० | ० | ० | ० |

**अनुसूची - २**
**विवरण सङ्कलन फारामको नमूना**
**Gandaki-OCMCM-081-001**

**गण्डकी प्रदेश प्रशासन पुनर्संरचना कार्यदल,२०८१ को अध्ययन प्रयोजनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको विवरण सङ्कलन फाराम**

(विवरण युनिकोड फन्टमा भर्नुहोस । निर्दिष्ट स्थान नपुग भएमा आवश्यकतानुसार थप गर्नुहोस् । फारामको अन्तिम पेजमा दिइएको इमेल ठेगानामा विवरणको विद्युतीय कपी पठाउनुहोस् । विद्युतीय कपी पठाउँदा अनिवार्य रूपमा वर्ड र पिडिएफ् दुवै पठाउनुहोस् ।)

(सङ्कलित विवरणहरू गण्डकी प्रदेश प्रशासन पुनर्संरचना कार्यदलबाट गरिने अध्ययन बाहेक अरू प्रयोजनका लागि उपयोग गरिने छैन । )

(जम्मा प्रश्नावली (१३ वटा)

१. कार्यालयको नाम : ..........................................................................

२. ठेगानाः पोखरा महानगरपालिका, वडा नं. : ............

३. कार्यालय स्थापना भएको मिति : ........................................................

४. कार्यालयको कार्य विवरण (गण्डकी प्रदेश कार्य विभाजन नियमावली, २०७४ (संशोधन भएको भए सोसहित) बमोजिमका काम उल्लेख गर्नुहोस् ।)

- ........................................................
- ........................................................
- ........................................................
- ........................................................

५. कार्यालयमा रहेका महाशाखार शाखाको सङ्ख्या :

(क) महाशाखा ................. (ख) शाखा ............

६. कार्यालय मातहत जनशक्ति, बजेट, कार्यक्रम र भौगोलिक कार्यक्षेत्र तोकी सञ्चालनमा रहेका आयोजनार परियोजनार कार्यक्रम वा अन्य कुनै निकाय भए सोको विवरण :

| **क्रम** | **आयोजना र परियोजना र कार्यक्रम र अन्य निकायको नाम** | **ठेगाना** | **भौगोलिक कार्यक्षेत्र** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ... | | | |

७. प्रदेश ऐन वा गठन आदेश वा कार्यकारी आदेशबाट स्थापित निकायमध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्पर्क कार्यालय रहेका र तोकिएका निकाय

| क्रम | निकायको नाम | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| .... | | |

८. जनशक्ति विवरण (कार्यालयको स्वीकृत दरबन्दी बमोजिमको विवरणमात्र उल्लेख गर्नु होला ।)

| क्रम | पदको नाम | तह | सेवा | समूह | उप समूह | कुल दरबन्दी | पदपूर्ति सङ्ख्या | | | रिक्त | क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | जम्मा | | |
| **अधिकृतस्तर** | | | | | | | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ... | | | | | | | | | | | |
| **अधिकृत स्तरको जम्मा** | | | | | | | | | | | |
| **सहायकस्तर** | | | | | | | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ... | | | | | | | | | | | |
| **सहायक स्तरको जम्मा** | | | | | | | | | | | |
| **सहयोगी स्तर ( हलुका सवारी चालक र कार्यालय सहयोगी, माली आदि)** | | | | | | | | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ... | | | | | | | | | | | |
| **सहयोगीस्तरको जम्मा** | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

*द्रष्टव्यः कृपया उल्लिखित तालिका अनुसार अधिकृतस्तर, सहायकस्तर र सहयोगीस्तरको अलग अलग जोड जम्मा गरी कुल जम्मा निकाल्नु होला । कुल जम्मा दरबन्दी, पदपूर्ति र रिक्त सङ्ख्या मिले नमिलेको यकिन गर्नुहोला ।*

९. आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ को अवधिमा सम्पादित मुख्य मुख्य कामको विवरण (वार्षिक प्रगति विवरणमा उल्लेख भए अनुसार)

| आर्थिक वर्ष | क्रम | सम्पादित प्रमुख काम |
|---|---|---|
| २०७६/७७ | १ | |
| | २ | |
| | ३ | |
| | ४ | |
| | ..... | |
| २०७७/७८ | १ | |
| | २ | |
| | ३ | |
| | ४ | |
| | .... | |
| २०७८/७९ | १ | |
| | २ | |
| | ३ | |

| | | |
|---|---|---|
| | ४ | |
| | .... | |
| २०७९/८० | १ | |
| | २ | |
| | ३ | |
| | ४ | |
| | .... | |
| २०८०/०८१ | १ | |
| | २ | |
| | ३ | |
| | ४ | |
| | .... | |

## **१०. आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको वार्षिक विनियोजन, खर्च र प्रगति प्रतिशत**

| **आ. व.** | **बजेट विनियोजन (रु. हजारमा)** | | | **खर्च (रु. हजारमा)** | | | **वित्तीय प्रगति प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| | चालुतर्फ | पूँजीगततर्फ | जम्मा | चालुतर्फ | पूँजीगततर्फ | जम्मा | |
| २०७६।७७ | | | | | | | |
| २०७७।७८ | | | | | | | |
| २०७८।७९ | | | | | | | |
| २०७९।८० | | | | | | | |
| २०८०।८१ | | | | | | | |
| कुल जम्मा | | | | | | | |

द्रष्टव्यः विनियोजन र खर्चको विवरण हजारमा मात्रै उल्लेख गर्नुहोस विवरण अनिवार्य रुपमा जोड जम्मा गर्नुहोस् । वार्षिक विवरणको जम्मा र कुल जम्मा रुजु गरेर मिलेको यकिन गर्नुहोस वित्तीय प्रगति प्रतिशत उल्लेख गर्दा कुल जम्मामा औसत प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुहोस् ।

११. कार्यालयको लागि आर्थिक वर्ष २०८१।८२ को निम्ति विनियोजित कुल बजेट सम्बन्धी विवरण

| क्रम | बजेट खर्च शीर्षक नं | विनियोजित रकम | | |
|---|---|---|---|---|
| | | चालु खर्चतर्फ | पूँजीगत खर्चतर्फ | जम्मा |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| | **जम्मा** | | | |

१२. कार्य सम्पादनको क्रममा आइपरेका बाधा अड्चन वा महसुस गरिएका समस्या केही भए बुँदागत रूपमा उल्लेख गर्नुहोस् :

- ..............................................................
- ................................................................
- ..............................................................
- ...............................................................

१३. अन्य थप केही भए उल्लेख गर्नुहोस् :

- ..............................................................
- ................................................................
- ..............................................................
- ...............................................................

उल्लिखित विवरण प्रमाणित गर्ने

नाम : ......................................

पद : ......................................

मिति : ......................................

**विवरण पठाउने ठेगाना :** deshbandhu22@gmail.com

यसबारे थप बुझ्नु परेमा सम्पर्क व्यक्तिहरू : देशबन्धु अधिकारी (मो. ९८५११६६६७९), शम्भु चालिसे (मो. ९८४१५८६६३५

## अनुसूची-३

### मिति २०८२/०१/१५ मा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूको उपस्थितिमा प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाब समितिका पदाधिकारीसँगको अन्तरक्रियामा उपस्थित महानुभावहरूको विवरण

| क्र. सं. | पद | नाम | कार्यालय |
|---|---|---|---|
| १. | मा.मुख्यमन्त्री | श्री सुरेन्द्रराज पाण्डे | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| २. | मा.मन्त्री | श्री पदमा जि.सी.श्रेष्ठ | कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ३. | मा.मन्त्री | श्री विन्दु कुमार थापा | सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय |
| ४. | मा.मन्त्री | श्री कृष्णप्रसाद पाठक | स्वास्थ्य मन्त्रालय |
| ५. | मा.मन्त्री | श्री मित्रलाल वस्याल | उद्योग तथा पर्यटन मन्त्रालय |
| ६. | मा.मन्त्री | श्री फणीन्द्र देवकोटा | उर्जा,जलश्रोत तथा खानेपानी मन्त्रालय |
| ७. | मा.मन्त्री | श्री प्रकाश बहादुर के.सी | भौतिक पूर्वाधार विकाश तथा यातायात मन्त्रालय |
| ८. | मा.मन्त्री | श्री भेष  बहादुर पौडेल | वन तथा वातावरण मन्त्रालय |
| ९. | प्रमुख सचिव | श्री रघुराम विष्ट | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| १०. | उपाध्यक्ष | डा.कृष्णचन्द्र देवकोटा | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| ११. | संयोजक | श्री शरद चन्द्र पौडेल | प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समिति |
| १२. | प्रदेश सचिव | श्री हरिराज पौडेल | प्रदेश सभा सचिवालय |
| १३. | प्रदेश सचिव | श्री बाबुराम गौतम | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १४. | प्रदेश सचिव | श्री केशवराज ढकाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १५. | प्रदेश सचिव | श्री ध्रुव गिरी | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| १६. | प्रदेश सचिव | श्री राजेन्द्रदेव पाण्डे | आर्थिक मामिला मन्त्रालय |
| १७. | प्रदेश सचिव | श्री इन्द्रप्रसाद वस्याल | उद्योग तथा पर्यटन मन्त्रालय |
| १८. | प्रदेश सचिव | श्री राजन भट्टराई | उर्जा,जलश्रोत तथा खानेपानी मन्त्रालय |
| १९. | प्रदेश सचिव | श्री वासुदेव रेग्मी | कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| २०. | प्रदेश सचिव | श्री जीवनाथ पौडेल | वन तथा वातावरण मन्त्रालय |
| २१. | प्रदेश सचिव | श्री कमलकुमार अधिकारी | भौतिक पूर्वाधार विकाश तथा यातायात मन्त्रालय |
| २२. | प्रदेश सचिव | श्री नवराज ढकाल | सामाजिक विकास,युवा तथा खेलकूद मन्त्रालय |
| २३. | प्रदेश सचिव | डा.विश्वबन्धु बगाले | स्वास्थ्य मन्त्रालय |
| २४. | प्रदेश सचिव | श्री रुद्रप्रसाद पण्डित | प्रदेश लोकसेवा आयोग |
| २५. | प्रदेश सचिव | श्री टंकप्रसाद पाण्डे | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| २६. | | श्री देशबन्धु अधिकारी | प्रदेश प्रशासनिक संरनचा पुनरावलोकन अध्ययन तथा सुझाव समिति |

| | | | |
|---|---|---|---|
| २७. | प्रेस रजिष्ट्रार | श्री बिमला भण्डारी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २८. | उपसचिव | श्री प्रवीण ढकाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २९. | उपसचिव | श्री राजेन्द्र क्षेत्री | निजी सचिव,मा.मुख्यमन्त्री |
| ३०. | नि.निर्देशक | श्री रामकुमार श्रेष्ठ | पूर्वाधार विकाश निर्देशनालय |
| ३१. | सि.डी.ई. | श्री महेन्द्र बानिया | भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय |
| ३२. | उपसचिव | श्री नवराज पोखरेल | उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय |
| ३३. | उपसचिव | श्री प्रेम सुवेदी | भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय |
| ३४. | उपसचिव | श्री दिवाकर पौडेल | भू तथा जलाधार व्यवस्थापन कार्यालय |
| ३५. | उपसचिव | श्री पार्वती लामिछाने | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ३६. | उपसचिव | श्री लक्ष्मीभद्र वाग्ले | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| ३७. | शाखा अधिकृत | श्री सृजना खनाल | आर्थिक मामिला मन्त्रालय |
| ३८. | शाखा अधिकृत | श्री चिनबहादुर रानाभाट | आर्थिक मामिला मन्त्रालय |

## अनुसूची - ४

### स्थलगत अवलोकन र छलफल गरिएका निकाय र अधिकारीको विवरण

**मिति : २०८२/०१/२१**
**जिल्ला : गोरखा**

| क्र.सं | कार्यालयको नाम | पद | कर्मचारीको नाम |
|---|---|---|---|
| १ | भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | वरिष्ठ पशु चिकित्सक | डा. अनन्त कोइराला |
| २ | खानेपानी तथा तथा सरसफाई डिभिजन कार्यालय | इन्जिनियर. | विक्रम प्रसाद शाह |
| ३ | जनस्वास्थ्य कार्यालय | तथ्यांक सुपरभाईजर | सुकुमेल बराल |
| ४ | सामाजिक विकास कार्यालय | कार्यालय प्रमुख. | दशरथ शर्मा |
| ५ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | इन्जिनियर | कृष्ण शर्मा |
| ६ | कृषि ज्ञान केन्द्र | कार्यालय प्रमुख | प्रकाश वस्ताकोटी |
| ७ | पूर्वाधार विकास कार्यालय | इन्जिनियर. | कपिल काप्री |
| ८ | पर्यटन तथा उद्योग कार्यालय | सव इन्जिनियर | समसुद्धिन मिया |

**मिति २०८२/०१/२२**
**जिल्ला तनहुँ**

| क्र.सं | कार्यालयको नाम | पद | कर्मचारीको नाम |
|---|---|---|---|
| १ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | कार्यालय प्रमुख | मोहनराज आचार्य |
| २. | डिभिजन वन  कार्यालय | वन अधिकृत | नविन वि.के. |
| ३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ना.सु | श्रीकान्त न्यौपाने |